(कार्यालय प्रयोजनको लागि मात्र)

भन्सार कार्यविधि, २०६७
(अद्यावधिक)

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं ।

भूमिका

विदेशबाट नेपालभित्र मालवस्तु आयात गर्दा र नेपालबाट विदेशी मुलुकमा मालवस्तु निर्यात गर्दा निश्चित प्रक्रियाहरू अवलम्वन गर्नुपर्ने हुन्छ । यस्ता प्रक्रियाहरूमध्ये कतिपय प्रक्रियाहरू सम्वद्ध ऐन नियमहरूले निर्धारित गरेका हुन्छन् भने कतिपय प्रक्रियाहरू विभागीय निर्णयबाट निर्धारित गरिन्छ । यसरी तोकिएका प्रक्रियाहरू पूरा गर्नको लागि मालवस्तु आयात/ निर्यातकर्ताहरूले निश्चित ढाँचाका कागजातहरू सम्वन्धित भन्सार कार्यालयमा पेश गर्नु पर्ने हुन्छ । यिनै कागजातको आधारमा पैठारी या निकासी गर्न खोजिएको मालवस्तुको समग्र परीक्षण गरी निर्धारित राजस्व असुल गरी माल सामान पैठारी या निकासी गर्न दिने कार्य नै भन्सार जाँचपास प्रक्रिया हो ।

मालवस्तु निकासी या पैठारी गर्दा के कस्ता कागजातहरू आवश्यक पर्दछन, पेश भएका कागजातहरूमा के के कुरा अनिवार्य उल्लेख भएको हुनु पर्छ, भन्सारमा खटिएका कर्मचारीहरूले के कस्ता कागजातहरूमा ध्यान दिनु पर्ने हो सो को मार्गनिर्देशन एवं सबै भन्सार कार्यालयहरूको कार्यमा एकरूपता ल्याई कार्यविधिमा सरलता ल्याउन भन्सार कार्यविधि, २०६० लाई अध्यावधिक गरी यो भन्सार कार्यविधि, २०६७ तयार गरिएको छ ।

भन्सारमा मालवस्तु जाँचपास गर्दा कतिपय समस्याहरू उत्पन्न हुन्छन्, जसको समाधान गर्ने यथेष्ठ उपायहरू विद्यमान ऐन कानूनमा स्पष्ट नहुन पनि सक्छन् । भन्सार प्रशासनको उद्देश्य आयात निर्यातकर्ताहरूको मालवस्तु यथासमयमा जाँचपास गरी व्यापारलाई सहजीकरण गर्ने साथै राजस्व चुहावट हुन नदिन पर्याप्त नियन्त्रणको उपायहरू अवलम्वन गर्नुपर्ने पनि हो । यो दुईको सन्तुलित कार्यान्वयन भएमा मात्र हाम्रो भन्सार प्रशासन सक्षम ठहर्छ । भन्सारमा सामान जाँचपास गर्दा आइपरेका समस्याहरूको निराकरण जति सक्यो छिटो र पारदर्शी ढंगले गरिनु पर्ने हुन्छ । यस उद्देश्यले भन्सार निर्देशिका, २०५७ र भन्सार कार्यविधि, २०६० लाई परिमार्जन गरी भन्सार कार्यविधि, २०६७ कार्यान्वयनमा ल्याइएको हो ।

यस कार्यविधिलाई प्रचलित कानून सम्मत गराउन विशेष प्रयत्न गरिएको छ । यद्यपी, कानूनी शासन (Rule of law) मा कानूनको सर्वोच्चता हुने कुरा बिदितै छ । यस कार्यविधिमा उल्लेखित कुनै कुरा कानूनसँग बाझिएमा वा कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा यस विभागमा लेखी पठाउनु हुने नै छ । यसमा कुनै किसिमको त्रुटी र कमजोरी भए औल्याईदिन र कार्यान्वयनको क्रममा देखिएका उपयुक्त सुझावहरू उपलब्ध गराउन हुन भन्सार प्रशासन संग सम्वद्ध सबैसँग अनुरोध गर्दछु ।

अन्तमा, यो कार्यविधि तयार गर्न प्रेरणा प्रदान गर्ने तत्कालीन उप-महानिर्देशक श्री कृष्णप्रसाद देवकोटा तथा यसको तयारीमा सक्रिय योगदान पुऱ्याउन हुने उप-महानिर्देशकद्वय श्री आनन्दराज ढकाल तथा श्री विष्णुप्रसाद पाण्डे प्रति आभार ब्यक्त गर्दछु । साथै, यो कार्यविधिलाई पूर्णता प्रदान गर्न योगदान दिनुभएका निर्देशक श्री डिकरदेव भट्ट, अच्युतप्रसाद शिवाकोटी, कुलराज ज्ञवाली तथा कम्प्यूटर सम्बन्धी सम्पूर्ण काम गर्ने श्री रामकृष्ण श्रेष्ठलाई समेत धन्यबाद दिन चाहन्छु ।

(**नवराज भण्डारी**)
महानिर्देशक

माघ, २०६७ ।

विषय सूची

सि.नं.	विवरण		पाना नं.

परिच्छेद - १
पैठारी सम्बन्धी कार्यविधि १-६२

१. तेस्रो मुलुकबाट हुने पैठारी १

१.१. मालवस्तुको भन्सार क्षेत्रमा प्रवेश गर्दा गर्नुपर्ने कार्यहरु १

१.२ मालवस्तु गोदाम दाखिला गर्दा र गोदामबाट निकाल्दा गर्नुपर्ने कार्यहरु २

१.३ मालवस्तु धनी वा भन्सार एजेण्टहरूलाई आवश्यक सहयोग गर्ने ३

१.४ प्रज्ञापनपत्र सम्बन्धी व्यवस्था ३

१.५ कागजातहरूको विस्तृत जाँच र मालवस्तुको भौतिक परीक्षण ९

१.६ मालवस्तुको वर्गीकरण १९

१.७ मालवस्तुको मूल्याङ्कन १९

१.८ राजस्व निर्धारण २०

१.९ मालवस्तु जाँचपास गर्ने २१

१.१० ढुवानी साधनमा सिलवन्दी गर्ने २१

१.११ गेटपास जारी गर्ने २१

१.१२ गेटपास २२

१.१३ कूटनीतिक तथा महसुल सुविधा अन्तर्गत गरिने पैठारी २३

१.१४ अस्थायी पैठारी २४

१.१५ आयोजनाले गर्ने पैठारी २८
१.१६ नेपालबाट निकासी भएको मालवस्तु पैठारी गर्ने व्यवस्था ३०
१.१७. तिब्बतबाट हुने पैठारी ३०
१.१८ भारतबाट हुने पैठारी ३३
१.१९ भारतबाट मालवस्तु पैठारी गर्दा भन्सार महसुल छुट पाउने व्यवस्था ४९
१.२० यात्रु शाखाबाट गरिने पैठारी ५२
१.२१ वण्डेड वेयर हाउस अन्तर्गत गरिने पैठारी ५४
१.२२ पासवुक अन्तर्गत गरिने पैठारी ५७
१.२३ हुलाक पुलिन्दा तथा कुरियरबाट गरिने पैठारी ५९

परिच्छेद - २
निकासी सम्बन्धी कार्यविधि ६३-८७

२. **तेस्रो मुलुकमा हुने निकासी** ६३
२.१ मालवस्तुको भन्सार क्षेत्रमा प्रवेश ६३
२.२ मालवस्तु गोदाम दाखिला गर्ने र गोदामबाट निकाल्ने ६३
२.३ प्रज्ञापनपत्रका साथ पेश गर्नुपर्ने कागजातहरू ६४
२.४. प्रज्ञापनपत्र दर्ता ६७
२.५ कम्प्युटर प्रवृष्टि (आशिकुडा लागू भएको कार्यालयमा मात्र) ६७
२.६. कागजातको विस्तृत जाँच ६८
२.७. मालवस्तुको मूल्याङ्कन ७२
२.८. मालवस्तुको भौतिक परीक्षण ७३
२.९ महसुल निर्धारणको आधार मिति ७५

२.१०	विनिमय दर निर्धारणको आधार	७६
२.११	मालवस्तु गेटपास जारी गर्ने	७७
२.१२	नेपालमा पैठारी भएको मालवस्तु निकासी (फिर्ता) सम्बन्धी व्यवस्था	७७
२.१३	मर्मतका लागि गरिने निकासी	८१
२.१४	भारतमा गरिने निकासी	८३
२.१५	तिब्बतमा गरिने निकासी	८३
२.१६	अस्थायी निकासी	८५

परिच्छेद - ३
वस्तु वर्गीकरण सम्बन्धी व्यवस्था **८८-१०५**

३.१	मालवस्तुको वर्गीकरण	८८
३.२.	हार्मोनाइज्ड प्रणाली अनुसार मालवस्तुको वर्गीकरण गर्ने प्रक्रिया	८८
३.३	हार्मोनाइज्ड प्रणालीको व्याख्या सम्बन्धी सामान्य नियमहरू (General rules for the interpretation of the Harmonized System)	९१
३.४	मालवस्तुको वर्गीकरण गर्दा भन्सार कार्यालयले अपनाउनु पर्ने प्रक्रिया	१०२
३.५	मालवस्तुको वर्गीकरण गर्दा सम्झनु पर्ने कुराहरू (Things to remember at the time of classification)	१०४
३.६	मालवस्तु वर्गीकरणको लागि अध्ययन सामग्रीहरू	१०५

परिच्छेद - ४
मालवस्तुको भन्सार मूल्याङ्कन **१०६-१३०**

४.१	मालवस्तुको भन्सार मूल्याङ्कन सम्बन्धी कानूनी व्यवस्था	१०६
४.२	कारोबार मूल्यको आधारमा मूल्य निर्धारण	१०७

४.३ कारोवार मूल्यमा भाडा तथा बीमाको रकम जोड्नु पर्ने १०९
४.४ कारोवार मूल्यमा समावेश गर्नु नपर्ने रकमहरू १०९
४.५ सम्बन्ध पार्टीबीच भएको कारोवारमा छानविन गर्नुपर्ने ११०
४.६ कारोवार मूल्य अस्वीकृत गर्न सकिने १११
४.७ समरूपका मालवस्तु (Identical Goods) को कारोवार मूल्यको आधारमा मूल्य निर्धारण गर्ने विधि १११
४.८ मिल्दोजुल्दो मालवस्तु (Similar Goods) को आधारमा कारोवार मूल्य निर्धारण गर्ने विधि ११२
४.९ घटाएर भन्सार मूल्य निर्धारण गर्ने पद्धति (Deductive Value method) ११३
४.१० लागत गणना मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्ने पद्धति (Coputed Value method) ११५
४.११ अवशिष्ट (Fallback), वा उपयुक्त तरिका (Reasonable means method) बाट मूल्य निर्धारण गर्ने तरिका ११७
४.१२ पुराना मालवस्तुको मूल्य निर्धारण ११८
४.१३ हवाई मार्गबाट पैठारी गरिने मालवस्तुको मूल्य निर्धारण १२०
४.१४ निजी गुण्टा भिटी भारी सूचना अन्तर्गत आयात गरिने मालवस्तुको मूल्य निर्धारण १२०
४.१५ ब्यक्तिगत प्रयोगका निजी मालवस्तु, नमूना वा उपहारका मालवस्तुको भन्सार मूल्य निर्धारण १२१
४.१६ हुलाक पुलिन्दा वा कुरियरबाट आयात गरिने मालवस्तुको मूल्य निर्धारण १२१
४.१७ न्यून विजकीकरण गरिएका मालवस्तु सम्बन्धी कारवाही १२१
४.१८. पैठारीकर्ताले न्यूनविजकीकरण गरी घोषणा गरेको मालवस्तु

	खरिद गर्ने गराउने सम्वन्धी निर्देशिका, २०६६	१२२
४.१९	अस्थायी मूल्य निर्धारण	१२७
४.२०	भन्सार मूल्याङ्कन उपर पुनरावलोकन र पुनरावेदनको व्यवस्था	१२८
४.२१	निकासी गरिने मालवस्तुको भन्सार मूल्य निर्धारण	१३०
	परिच्छेद - ५ **भन्सार एजेन्ट सम्बन्धी व्यवस्था**	**१३१-१३६**
५.१	भन्सार एजेन्ट	१३१
५.२	भन्सार एजेन्ट नियुक्त गर्नुपर्ने	१३१
५.३	भन्सार एजेन्टले प्रतिनिधि राख्न सक्ने	१३१
५.४	भन्सार एजेन्ट वा भन्सार प्रतिनिधिको आवश्यक योग्यता	१३१
५.५	भन्सार एजेन्टको इजाजतपत्र नवीकरण गराउनु पर्ने	१३२
५.६	भन्सार एजेन्टको इजाजतपत्र लिंदा धरौटी वा वैङ्क जमानत राख्नुपर्ने	१३३
५.७	एकभन्दा बढी प्रतिनिधि नियुक्त गर्दा थप धरौटी राख्नुपर्ने	१३३
५.८	भन्सार एजेन्टले आफूले नियुक्त गरेको प्रतिनिधिले गरेको काम कारवाहीप्रति पूर्ण जिम्मेवारी लिनुपर्ने	१३३
५.९	भन्सार कार्यालयले भन्सार एजेन्टका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरू	१३३
५.१०	भन्सार एजेन्ट राख्नु नपर्ने अवस्थाहरू	१३५
५.११	सरकारी निकाय वा संगठित संस्थाको मालवस्तु छुटाउने व्यवस्था	१३६
५.१२.	निजी फर्म, कम्पनी, संगठित सँस्था वा निकायको सम्बन्धमा	१३६
५.१३	भन्सार एजेन्टको नामावली र नवीकरणको विवरण अद्यावधिक गर्ने	१३६
	परिच्छेद - ६ **चोरी पैठारी तथा चोरी निकासी सम्बन्धी कारवाही**	**१३७-१८२**

६.१	चोरी पैठारी तथा चोरी निकासी सम्बन्धमा कानूनी व्यवस्था	१३७
६.२	पुरस्कार सम्बन्धी व्यवस्था	१४१
६.३	चोरी पैठारी तथा चोरी निकासी अभियोगको मुद्दा (प्रतिवेदन) दर्ता	१४६
६.४	मुद्दा दर्ता गर्दा ध्यान दिनुपर्ने कुरा	१४८
६.५	दरपीठ गर्ने	१४९
६.६	खानतलासी	१५०
६.७	बरामदी मुचुल्का र मालवस्तु दाखिला	१५१
६.८	हकदावीको सूचना प्रकाशन गर्ने	१५२
६.९	अभियुक्तको बयान	१५२
६.१०	हिरासतमा राख्ने वा धरौटी लिई छाड्ने	१५४
६.११	जमानी सम्बन्धी कार्यविधि	१५७
६.१२	फरार अभियुक्तका नाममा म्याद जारी गर्ने	१५८
६.१३	प्रमाण र साक्षी बुझ्ने	१६१
६.१४	वारिस राख्न नपाउने	१६३
६.१५	तारीख सम्बन्धी व्यवस्था	१६३
६.१६	मुद्दाको निर्णय	१६५
६.१७	निर्णय कार्यान्वयन	१७६
६.१८	पुनरावेदन सम्बन्धी व्यवस्था	१७८
६.१९	कागजातको नक्कल दिने व्यवस्था	१८१
६.२०	विविध	१८२

परिच्छेद - ७
मालवस्तु जफत र लिलाम सम्बन्धी व्यवस्था **१८३-२०८**

७.१	मालवस्तु जफत हुने अवस्था र जफत हुने मालवस्तु	१८३
७.२	मालवस्तु लिलाम सम्बन्धी कार्यविधि	१८६
	परिच्छेद - ८	
	गलत घोषणा सम्बन्धमा गरिने कारवाही	**२०९-२१४**
८.१	गलत घोषणा भएको मानिने	२०९
८.२	गलत घोषणामा गरिने दण्ड सजाय	२१०
	परिच्छेद - ९	
	प्रयोगशाला परीक्षण सम्बन्धी व्यवस्था	**२१५-२१७**
९.१	प्रयोगशाला परीक्षणको आवश्यकता	२१५
९.२	नमूना पठाउँदा ध्यान दिनुपर्ने कुराहरू	२१५
९.३	परीक्षणको लागि पठाउँदा आवश्यक पर्ने कागजातहरू	२१७
९.४	परीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू	२१७
	परिच्छेद - १०	
	वैङ्क जमानत फुकुवा गर्ने प्रक्रिया	**२१८-२३३**
१०.१	वैङ्क जमानतमा मालवस्तु पैठारी गर्न सकिने कानूनी व्यवस्था	२१८
१०.२	वैङ्क जमानत फुकुवा गर्ने प्रक्रिया	२१९
१०.३	पासवुक फुकुवा सम्बन्धी कार्यविधि	२३०
	परिच्छेद - ११	
	प्रज्ञापनपत्रको आन्तरिक लेखा परीक्षण	**२३४-२३६**
११.१	जाँचपास भएको मालवस्तुको प्रज्ञापनपत्रको पुनरावलोकन	२३४

११.२ प्रज्ञापनपत्रहरूको पुनरावलोकन गर्ने समय २३४
११.३ प्रज्ञापनपत्र पुनरावलोकन गर्दा ध्यान दिनुपर्ने विषयहरू २३४
११.४ पुनरावलोकन गरिएका प्रज्ञापनपत्रको अभिलेख राख्ने २३४
११.५ छुट राजस्व अविलम्व असुल गर्ने र गल्ती सच्याउने २३४

परिच्छेद - १२
कागजात धुल्याउने व्यवस्था **२३७-२४०**
१२.१ काम तामेल भएको एकवर्षपछि धुल्याउने कागजातहरू २३७
१२.२ काम तामेल भएको पाँच वर्षपछि धुल्याउने कागजातहरू २३८
१२.३ काम तामेल भएको दश वर्षपछि धुल्याउने कागजातहरू २३८
१२.४ कहिल्यै नधुल्याउने कागजातहरु २३९
१२.५ कागजात धुल्याउने कार्यविधि २३९

परिच्छेद - १३
बौद्धिक सम्पत्तिको संरक्षण २४१

परिच्छेद - १४
ट्रान्जिट सुविधा सम्बन्धी व्यवस्था **२४२-२४५**
१४.१ नेपालबाट नेपालमै मालवस्तु निकासी पैठारी गर्ने प्रक्रिया २४२
१४.२ विदेशबाट नेपालको बाटो गरी पुनः सोही मुलुकमा
मालवस्तु ल्याउने लैजाने प्रक्रिया २४३
१४.३ विदेशी मुलुकलाई ट्रान्जिट सुविधा प्रदान गर्ने व्यवस्था २४४

परिच्छेद - १५
भन्सार विन्दु परिवर्तन गरिएको मालवस्तुको
जाँचपास गर्ने व्यवस्था **२४६-२४८**

१५.१ आयात प्रतीतपत्रमा भन्सार विन्दु उल्लेख गर्नुपर्ने २४६

१५.२ तेस्रो मुलुकबाट आयात गरेको मालसामानहरूको प्रवेश विन्दु संशोधन सम्बन्धमा मिति २०४८।१।६ को भन्सार विभागको परिपत्र २४६

१५.३ भन्सार विन्दु परिवर्तन बारे मिति २०६१।८।३ को भन्सार विभागको परिपत्र २४७

१५.४ भन्सार विन्दु परिवर्तन गरी आयात गरिएको मालवस्तु जाँचपास गर्दा ध्यान दिनुपर्ने विषयहरू २४७

परिच्छेद - १६
जाँचपास पछिको परीक्षण कार्यविधि - २०६६ २४९-२७२

परिच्छेद - १७
आशिकुडा प्रणाली सम्बन्धी व्यवस्था २७३-२८३

१७.१ आशिकुडा प्रणाली संचालन कार्यविधि २७३

१७.२ ब्रोकर मोड्यूल कार्यान्वयन व्यवस्था (STANDARD OPERATING PROCEDURE (SOP) for Broker Module) २७३

१७.३ छनौट मोड्यूल कार्यान्वयनको व्यवस्था २७९

परिच्छेद - १८
वण्डेड वेयर हाउसको इजाजतपत्र जारी गर्ने र नवीकरण सम्बन्धी व्यवस्था २८४-२९०

१८.१ वण्डेड वेयर हाउसको इजाजत लिन सक्ने व्यवस्था २८४

१८.२ वण्डेड वेयर हाउसको इजाजत पत्र लिनको लागि निवेदन दिनुपर्ने २८४

१८.३ विभागले निरीक्षण गर्नुपर्ने २८६

१८.४ वण्डेड वेयर हाउसको इजाजत पत्र जारी गर्ने २८६

१८.५ वण्डेड वेयर हाउसको इजाजत लिएका उद्योग वा व्यक्तिको अभिलेख अद्यावधिक गर्ने २८८

१८.६ वण्डेड वेयर हाउसको इजाजत पत्रको नवीकरण गराउनु पर्ने २८८

१८.७ वण्डेड वेयर हाउसको इजाजतपत्रको नवीकरणको लागि निवेदन दिनुपर्ने २८८

१८.८ वण्डेड वेयर हाउसको इजाजतपत्र नवीकरण गरिदिने २९०

१८.९ वण्डेड वेयर हाउसको इजाजतपत्र नवीकरण भएको जानकारी दिने २९०

१८.१० म्याद नाघेको वण्डेड वेयर हाउसको इजाजतपत्र नवीकरण गर्ने व्यवस्था २९०

परिच्छेद - १९
भन्सार एजेन्टको इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्था **२९१-२९३**

१९.१ भन्सार एजेन्टको इजाजतपत्र नवीकरण गर्न निवेदन दिनुपर्ने २९१

१९.२ भन्सार एजेन्टको इजाजतपत्रको नवीकरण गर्ने २९२

१९.३ एक वर्षभित्र थप दस्तुर तिरी नवीकरण गराउन सकिने २९२

१९.४ तीन आर्थिक वर्षका लागि एकैपटक नवीकरण गर्न सकिने २९२

१९.५ म्यादभित्र नवीकरण नगरिएमा इजाजतपत्र स्वत रद्द हुने २९२

१९.६. नवीकरण नगरिएको अवधिमा काम गर्न नपाइने २९३

परिच्छेद - २०
तथ्याङ्क सम्प्रेषण **२९४-३०९**

२०.१ निकासी पैठारी सम्बन्धी तथ्याङ्क सम्प्रेषण २९४

२०.२ इन्टेलिजेन्स सम्बन्धी तथ्याङ्क सम्प्रेषण ३०३

परिच्छेद - २१
ऐन, नियमहरू **३११-४५८**

२१.१ भन्सार ऐन, २०६४ ३११

२१.२ भन्सार नियमावली, २०६४ ३५३

२१.३ निकासी/पैठारी (नियन्त्रण) ऐन, २०१३ ४१४

२१.४ मिति २०६६।७।१६ को वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना ४१९

२१.५ निजी गुण्टा भारी सम्बन्धी अर्थ मन्त्रालयको २०६५।७।१ को सूचना ४५२

परिच्छेद - १
पैठारी सम्बन्धी कार्यविधि

नेपालमा आयात हुने मालवस्तुहरूलाई भन्सार महसुलमा दिइने सुविधा अनुसार मुख्य रूपमा ३ वर्गमा विभाजन गरिएको छ । (क) तेस्रो मुलुकबाट गरिने पैठारी, (ख) भारतबाट गरिने पैठारी र (ग) तिब्बतबाट गरिने पैठारी । यस प्रकार मालवस्तु पैठारी हुँदा भन्सार दरमा दिइने भन्सार छुटको प्रतिशत फरक फरक भएकोले भन्सार जाँचपास गर्दा त्यस्ता कागजातहरूमा विशेष ध्यान दिनु पर्ने हुन्छ । आयातमा भन्सार महसुल दरमा छुट प्रदान गर्दा कानूनले निर्दिष्ट गरेका कागजातहरू पेश भएको र सोही प्रक्रिया अन्तर्गत आयात गरिएको हुनु पर्दछ ।

यसर्थ यस कार्यविधिमा मालवस्तु पैठारी गर्दा भन्सार कार्यालयमा पेश हुनुपर्ने कागजातहरू एवं भन्सार महसुल असुल गर्दा एवं छुट सुविधा प्रदान गर्दा अपनाइने प्रक्रियागत भिन्नता बमोजिम वर्गीकरण गरी कार्यविधिको उल्लेख गरिएको छ ।

१. तेस्रो मुलुकबाट हुने पैठारीः

तेस्रो मुलुकबाट हुने पैठारी भन्नाले भारत तथा चीनको स्वशासित क्षेत्र तिब्बतबाट गरिने पैठारी बाहेक अन्य सबै मुलुकहरूबाट नेपालमा गरिने पैठारी भन्ने बुझिन्छ । तेस्रो मुलुकबाट मालवस्तु पैठारी गर्दा मालवस्तु भन्सार क्षेत्रमा प्रवेश गर्ने देखि लिएर जाँचपास भई मालवस्तु भन्सार गेट बाहिर निस्कंदासम्म भन्सार कार्यालयले अपनाउनु पर्ने प्रक्रियाहरू यस अन्तर्गत पर्दछन् ।

१.१. मालवस्तुको भन्सार क्षेत्रमा प्रवेश गर्दा गर्नुपर्ने कार्यहरूः

भन्सार ऐन, २०६४ को परिच्छेद ७ को दफा १७ अनुसार पैठारी गरिने मालवस्तु ढुवानी गर्ने सवारी साधनको चालकले त्यस्तो सवारी साधन भन्सार कार्यालयमा प्रवेश गर्नु अघि सो साधनमा रहेको मालवस्तुको तोकिएबमोजिमको विवरण भन्सार कार्यालयमा दिनु पर्ने व्यवस्था छ । भन्सार नियमावली २०६४ को नियम २० मा यस्तो विवरण भन्सार नियमावली २०६४ को अनुसूची-२ को ढाँचामा हुनुपर्ने गरी तोकेको छ । त्यसैले भन्सार गेटमा खटिएका कर्मचारीहरूले मालवस्तुहरू तेस्रो मुलुकबाट

आयात भई जाँचपासको लागि भन्सार क्षेत्रमा प्रवेश गर्नु अघि निम्न बमोजिमको कार्य गर्नु पर्दछ:

- मालवस्तु ढुवानी गर्ने सवारी चालकबाट मालवस्तुको विवरण (मेनिफेष्ट) माग गरी रजिष्टरमा दर्ता गर्ने ।
- कुनै सवारी चालकले त्यस्तो विवरण भरी दिन नसकेमा भन्सारका कर्मचारीहरूले नै निर्धारित ढाँचामा विवरण भरी चालकको दस्तखत गराई दर्ता गरी राख्ने ।
- मालवस्तुको नाम, ढुवानी साधनको प्रकार र नम्बर, चालकको नाम र लाइसेन्स नम्बर एवं मालवस्तुका धनीको नाम रजिष्टरमा लेखी सवारी चालकको रजिष्टरमा सहीछाप गराएर मात्र मालवस्तु भन्सार क्षेत्रभित्र प्रवेश गर्न दिने ।
- त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा आयात हुने सामानको कार्गो मेनिफेष्ट र एयर वे विल माग गरी सो मेनिफेष्ट अनुसार रजिष्टरमा विवरण भरी मेनिफेष्ट अनुसार सामान दाखिला गर्न ल्याउने सम्बन्धित एयरलाइन्सका कर्मचारीको रजिष्टरमा दस्तखत गराएर मात्र मालवस्तु कार्गो कम्प्लेक्समा प्रवेश गर्न दिने ।
- एयरलाइन्सले पेश गर्ने मालवस्तुको Cargo menifest मा मालवस्तुको नाम र Consignee को नाम अनिवार्य उल्लेख भएको हुनु पर्दछ । त्यस्तो उल्लेख नभएमा सम्बन्धित एयरलाइन्सबाट खुलाउन लगाउने ।
- कुनै मालसामानको प्याकिङ्ग टुटफुट भै आएको रहेछ भने त्यस्तो माल सामानको तौल गराई कति तौलको छ, सो रजिष्टरको कैफियत महलमा उल्लेख गरी एयरलाइन्सको कर्मचारीको समेत दस्तखत गराउने ।
- यात्रुले ल्याएको सामान डिपोजिट गर्दा डिपोजिट रसिदमा सामानको स्पष्ट नाम र अदत उल्लेख गरी डिपोजिट गर्नेको सहीछाप र बुझि लिने कर्मचारीको समेत सहीछाप गराई सामान धनीलाई रसिद दिने ।

१.२ मालवस्तु गोदाम दाखिला गर्दा र गोदामबाट निकाल्दा गर्नुपर्ने कार्यहरू:

भन्सारको गोदाममा खटिएका कर्मचारीले मालवस्तु गोदाम दाखिला गर्दा र गोदामबाट निकाल्दा निम्नानुसार गर्नु पर्दछः

- मालवस्तु गोदाम या यार्डमा दाखिला गर्दा गोदाममा राखिएको रजिष्टरमा मालवस्तुको नाम, परिमाण, प्रतीतपत्र नम्बर, वी. एल. नम्बर वा एयर वे विल नम्बर सी. टी. डी. बाट आयात भएकोमा सी. टी. डि. नम्बर समेत उल्लेख गरी गोदाम या भन्सार यार्डमा दाखिला गर्न ल्याउने मालवस्तु धनी वा भन्सार एजेण्ट वा एयरलाइन्सका स्टाफको दस्तखत गराई मालवस्तु गोदाम या यार्डमा राखिएको रसिद दिनु पर्दछ । यसरी दर्ता गरिएको रजिष्टरमा मालवस्तु गोदाम या यार्डको कुन ठाउँमा छ भन्ने कुरा समेत खुलाउनु पर्दछ ।
- गोदाममा मालवस्तु दाखिला गर्दा कम्प्यूटरको सुविधा भएको भन्सार कार्यालयहरूमा यस्तो विवरण कम्प्यूटरमा समेत Entry गरी राख्नु पर्नेछ ।
- गोदाम या यार्डबाट मालवस्तु निकाल्न प्रज्ञापन पत्र दर्ता भएपछि मात्र उक्त रजिष्टरमा प्रज्ञापन पत्र दर्ता नम्बर र मिति समेत लेखी कुन दिन गोदाम या यार्डबाट मालवस्तु निकालिएको हो सो मिति लेखी गोदाम या यार्डबाट वुभ्ने मालवस्तु धनी वा एजेण्टको सहिछाप गराउनु पर्दछ ।
- गोदाम या यार्डमा राखिएको मालवस्तु ३ महिना काटेपछि सो को विवरण तयार गरी कार्यालय प्रमुख समक्ष पेश गरिहाल्नु पर्दछ ।
- एक आर्थिक वर्षबाट अर्को आर्थिक वर्षमा प्रवेश गर्दा अघिल्लो आर्थिक वर्षमा गोदाम या यार्डमा दाखिला भई जाँचपास हुन बाँकी मालवस्तुको विवरण नयाँ आर्थिक वर्षमा जिम्मेवारी सारी भन्सार अधिकृतबाट प्रमाणित गराई राख्नु पर्दछ ।
- गोदाम या यार्डमा मालवस्तु राख्दा प्रत्येक Consignment छुट्टिने गरी उक्त Consignment को कुनै एक अदतमा गोदाम दर्ता नम्बर र अदत संख्या उल्लेख गरिदिनु पर्दछ ।

- मालवस्तु गोदाम या यार्डबाट जाँचपासको लागि निकाल्दा अन्य भन्सारको हकमा गोदाम या यार्डमा दाखिला भएको रसिद र प्रज्ञापन पत्र दर्ता भएपछि मात्र सो हेरी निकाल्न दिने र त्रि. वि. स्थल भन्सार कार्यालयको हकमा सम्बन्धित एयरलाइन्सको डेलिभरी अर्डर हेरेपछि मात्र गोदामबाट मालवस्तु निकाल्न दिनु पर्दछ ।
- पारवहन गोदाम या स्वीकृति प्राप्त निजी गोदाममा मालवस्तु दाखिला गर्दा पनि उपर्युक्त विवरण खोली राख्ने र गोदाम या यार्डमा राखेको मितिले ३ महिना अवधि काटेपछि सो को विवरण अनिवार्य रूपले भन्सार कार्यालयको प्रमुखलाई उपलव्ध गराउनु पर्ने व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउनु पर्नेछ ।

१.३ मालवस्तु धनी वा भन्सार एजेण्टहरूलाई आवश्यक सहयोग गर्नेः

कुनै मालवस्तु धनी वा भन्सार एजेण्टले भन्सारमा पेश गरिने प्रज्ञापन पत्रमा विवरण भर्ने वा मालवस्तुको भन्सार शीर्षक, उपशीर्षक एवं राजस्वका दरहरू सम्बन्धी वा भन्सार सम्बन्धी अन्य सूचनाको जानकारी लिन चाहेमा त्यस्तो सूचना उपलव्ध गराउने गरी भन्सार कार्यालयहरूले आवश्यक संख्यामा कर्मचारीहरू खटाई सोधपुछ कक्ष वा Help Desk वा Face Vet कक्ष स्थापना गर्नु पर्दछ । उक्त कक्षमा खटिने कर्मचारीहरूले प्रज्ञापनपत्र दर्ता/प्रविष्टि हुनु अघि प्रज्ञापनपत्रमा भरिएको विवरण, प्रज्ञापन पत्र साथ संलग्न हुनुपर्ने कागजातहरू, मालवस्तुहरूको शीर्षक/उपशीर्षक एवं राजस्वका दरहरू ठीक सँग भरिए नभरिएको विषयमा हेरी ठीक देखिएमा मात्र प्रज्ञापन पत्र दर्ता/प्रविष्टि गर्न पठाउनु पर्दछ । कुनै कागजात नपुगेको वा प्रज्ञापन पत्रमा भर्नुपर्ने विवरण नभरिएको देखिएमा रीतपुऱ्याई ल्याउन आवश्यक जानकारी उपलव्ध गराउनु पर्दछ ।

१.४ प्रज्ञापन पत्र सम्बन्धी व्यवस्थाः

१.४.१ <u>प्रज्ञापनपत्र पेश गर्नुपर्ने व्यवस्थाः</u>

विदेशबाट मालवस्तु पैठारी गर्दा भन्सार ऐन, २०६४ को दफा १८ अनुसार प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार

अधिकृत समक्ष पेश गर्नु पर्दछ । प्रज्ञापनपत्रको ढाँचा भन्सार नियमावली, २०६४ को अनुसूची-३ बमोजिमको हुनुपर्दछ ।

१.४.२ प्रज्ञापनपत्रसाथ संलग्न हुनुपर्ने कागजातहरू:

भन्सार नियमावली, २०६४ को नियम २१ अनुसार तेस्रो मुलुकबाट मालवस्तु पैठारी गर्दा प्रज्ञापनपत्रसाथ निम्न कागजातहरू संलग्न गरिएको हुनुपर्दछ :

- भुक्तानी प्रक्रियासम्बन्धी बैङ्किङ कागजात,
- बीजक (इन्भ्वाइस),
- प्याकिङ्ग लिष्ट,
- बिल अफ लेडिङ्ग वा एयरवे बिल,
- उत्पत्तिको प्रमाणपत्र,
- विदेशी विनिमय नियन्त्रण (वि.वि.नि.) फाराम,
- भारतमा ट्रान्जिट भई पैठारी गरिने मालवस्तुको हकमा भन्सार पारवहनसम्बन्धी कागजात (सी.टी.डी.),
- हवाई मार्गबाट पैठारी हुनेमा सम्बन्धित एयरलाइन्सको डेलिभरी अर्डर,
- भन्सार कार्यालयमा कुनै टर्मिनल सञ्चालक भएकोमा त्यस्तो टर्मिनल सञ्चालकले जारी गरेको डेलिभरी अर्डर,
- प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात ।

प्रचलित कानूनबमोजिम चाहिने सिफारिस, इजाजत वा प्रमाणपत्र भन्नाले निम्न अवस्थामा निम्न बमोजिमका कागजातहरू आवश्यक पर्ने हुनाले अवस्था अनुसार त्यस्ता कागजातहरू समेत प्रज्ञापनपत्रका साथमा पेश गर्नु पर्दछ :

- सवारी साधनहरूको सम्बन्धमा Type Aproval र Confirmity of Production को प्रमाणपत्र ।
- रासायनिक मलको सम्बन्धमा मान्यता प्राप्त सर्भेयरको लोडपोर्ट र अनलोड पोर्टको सर्टिफिकेट ।
- रसायनहरूको सम्बन्धमा विश्लेषण प्रतिवेदन
- इजाजत लिएर मात्र पैठारी गर्न पाउनेमा इजाजत पत्र ।
- कुनै निकायको सिफारिसमा मात्र पैठारी गर्न पाउनेमा त्यस्तो निकायको सिफारिस ।
- नेपाल सरकारद्वारा पूर्ण वा आंशिक महसुल छुट दिएको भए त्यस्तो छुट दिएको पत्र ।
- बैङ्क ग्यारेण्टीमा मालवस्तु पैठारी गरिनेमा नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त बैङ्क या वित्तीय कम्पनीको बैङ्क ग्यारेण्टी ।
- वण्डेड वेयर हाउस अन्तर्गत पैठारी गरिनेमा वण्डेड वेयर हाउसको इजाजत पत्र ।
- भन्सार मूल्याङ्कनका लागि आवश्यक परेमा बीमा गरिएको कागज (Insurance Policy)

उपर्युक्त कागजात सहित प्रज्ञापनपत्र दर्ताको लागि पेश भएपछि प्रज्ञापनपत्र दर्ता गर्न खटिएका कर्मचारीहरूले निम्न कुराहरूमा ध्यान दिनु पर्दछ :

- प्रज्ञापनपत्रमा भरिनु पर्ने विवरण पूरा भरिएको छ, छैन ?
- मालवस्तुको नाम एकाइ र मूल्य स्पष्ट छ, छैन ?
- मालवस्तुको वर्गीकरण शीर्षक/उपशीर्षक उल्लेख भएको छ, छैन ?
- मालवस्तु धनी वा इजाजत प्राप्त भन्सार एजेण्टको सही छ, छैन ?

- प्रज्ञापनपत्रसाथ संलग्न राख्नु पर्ने सबै कागजातहरू छन्, छैनन् ?

१.४.३ प्रज्ञापनपत्र दर्ता गर्नेः

निर्धारित ढाँचामा भरिएको र प्रज्ञापनपत्रमा उल्लिखित सम्पूर्ण महलहरू भरिएको एवं संलग्न गरिनुपर्ने कागजातहरू संलग्न गरेको, भन्सार एजेन्ट वा मलावस्तु धनीले दस्तखत गरेको देखिएमा सो प्रज्ञापनपत्रलाई प्रज्ञापनपत्र दर्ता रजिष्टरमा दर्ता गरी प्रज्ञापनपत्रमा नम्बर राखी दिने र दर्ता रजिष्टरमा मालवस्तु धनी र मालवस्तुको नाम, परिमाण एवं मूल्य समेतको सम्पूर्ण विवरण चढाई एजेण्टको समेत सहिछाप गराउने । प्रज्ञापनपत्र दर्ता रजिष्टरमा थपघट वा केरमेट गरी सच्याउनु हुँदैन । सामान्य गल्तीले सच्याउनु पर्ने भएमा भन्सार अधिकृतको स्वीकृति लिनु पर्नेछ । रीत नपुगेको प्रज्ञापनपत्र दर्ता गर्नु हुँदैन । रीत पु¥याई ल्याउन भनी सम्बन्धित एजेण्ट वा माल धनीलाई फिर्ता गरिदिनु पर्दछ ।

१.४.४ कम्प्यूटरमा प्रवृष्टि (आशिकुडा लागू भएको कार्यालयहरूमा मात्र):

दर्ता भएको प्रज्ञापनपत्र कम्प्यूटरमा इण्ट्रिको लागि प्राप्त भएपछि डाटा इन्ट्री गर्ने कर्मचारीहरूले निम्न कुराहरूमा ध्यान दिनु पर्दछ ।

- प्रज्ञापनपत्रमा अनिवार्य रूपले उल्लेख गर्नुपर्ने सबै विवरण भरिएको छ, छैन ?
- मालवस्तुको विवरण, परिमाण, मूल्य र एकाइ भरिएको छ, छैन ?
- प्रतीतपत्र नम्बर, मिति र प्रतीतपत्रमा उल्लिखित विदेशी मुद्रा ठीकसँग भरिएको छ, छैन ?
- वस्तु वर्गीकरण शीर्षक/उपशीर्षक भरिएको छ, छैन ?
- स्थायी लेखा नम्बर उल्लेख गरिएको छ, छैन ?

- मालसामान जाँचपास हुने दिनको नेपाल राष्ट्र बैङ्कबाट तोकिएको विनिमय दर ठीकसँग लेखिएको छ, छैन ?
- सि. टि. डि. नम्बर ठीकसँग लेखिएको छ, छैन ?
- मालवस्तुको एकाइ आशिकुडाद्वारा तयार गरिएको निर्देशिका बमोजिम घोषणा गरिएको छ छैन । (तौलमा, जोडामा, गोटामा, लिटरमा आदि कुन वस्तुको एकाइ कसरी घोषणा गर्नु पर्ने हो सो अनुसार) ?

उपर्युक्त बमोजिमको विवरण पूरा नभरिएको देखिएमा उक्त प्रज्ञापनपत्र कैफियत टिपोट साथ Face Vet/Help Desk मा फिर्ता पठाई सो विवरण प्रज्ञापनपत्रमा पूरा उल्लेख गर्न लगाएर मात्र कम्प्यूटर प्रवृष्टि गरी सोको नम्बर प्रज्ञापनपत्रमा लेख्ने र कम्प्यूटर प्रवृष्टि गर्ने कर्मचारीले उक्त प्रज्ञापनपत्रको निर्दिष्ट स्थानमा सही गर्नु पर्दछ ।

ब्रोकर मोड्यूल लागू गरिएको भन्सार कार्यालयहरूमा मालवस्तु धनी वा भन्सार एजेन्टले सिधै भन्सार अधिकृतकहाँ निर्धारित ढाँचामा विवरण भरी कम्प्यूटरको माध्यमबाट पठाउने भएकोले प्रत्रापनपत्रमा अनिवार्य रूपमा भरिनु पर्ने विवरण भरिएको छ, छैन हेरी जाँची पूरा विवरण नभरिएको प्रज्ञापन पत्रलाई पूरा विवरण भर्न लगाएर मात्र कारवाही अगाडि बढाउनु पर्दछ ।

१.४.५ भन्सार अधिकृतले प्रज्ञापनपत्र जाँच गर्ने:

आफू समक्ष पेश गरिएको प्रज्ञापनपत्र उल्लिखित मालवस्तु कानून बमोजिम पैठारी गर्न पाइने हो, होइन भनी भन्सार अधिकृतले जाँच गर्नुपर्दछ । आफूले स्पष्ट पहिचान गर्न नसक्ने मालवस्तु वा रसायन आदि भएमा र पेश गरेका कागजातबाट सन्तुष्ट हुन नसकेमा त्यस्ता मालवस्तुको आवश्यकता अनुसार प्रयोगशाला परीक्षण समेत गराई एकीन गर्नुपर्दछ । यसरी जाँच गर्दा प्रतिबन्धित मालवस्तु भएको पाइएमा प्रचलित कानून बमोजिम

अनुसन्धान कार्यवाहीको लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष पठाउनु पर्छ ।

१.४.६ <u>मालवस्तु भौतिक परीक्षणको निमित्त जाँचकी तोक्ने</u>:

भन्सार अधिकृतले मालवस्तु भौतिक परीक्षणको लागि जाँचकी तोक्दा निम्नानुसार गर्नु पर्दछ :

- एकै प्रकृतिको मालवस्तु भएमा १ जना र मालवस्तु विभिन्न प्रकृतिको भएमा बढीमा ४ जनासम्म जाँचकी तोक्ने ।
- सबै जाँचकीलाई बरावर कार्य भार पर्ने गरी तोक्ने ।
- मालवस्तुको भौतिक परीक्षण गर्न तोकिएका जाँचकीहरूको दैनिक अभिलेख राख्ने ।
- जाँचकीको तोक लागि सकेपछि प्रज्ञापनपत्र सम्बन्धित जाँचकीको जिम्मा दिने ।

१.५ **कागजातहरूको विस्तृत जाँच र मालवस्तुको भौतिक परीक्षण** :

१.५.१ <u>कागजातहरूको विस्तृत जाँच गर्ने</u>:

भन्सार जाँचपास प्रक्रियाको यो महत्वपूर्ण तह हो । यसमा प्रज्ञापनपत्रमा उल्लिखित विवरण, पेश भएका कागजातको विस्तृत परीक्षण र सो कागजात अनुसार मालवस्तु भिडाउने र राजस्व निर्धारणको कार्य पर्दछ ।

आफ्नो नाममा तोक लागेको प्रज्ञापनपत्र जाँचकीले प्राप्त गरेपछि सर्वप्रथम पैठारीको निमित्त आवश्यक सबै कागजातहरू प्रज्ञापनपत्र साथ संलग्न भए नभएको हेरी पेश भएका कागजातहरूमा निम्न कुराहरूमा विशेष ध्यान दिनु पर्दछ ।

(क) <u>प्रतीतपत्रमा</u> :

- पैठारीकर्ता एवं माल सामान पठाउने (बिक्री गर्ने) निर्यातकर्ताको नाम र ठेगाना स्पष्ट उल्लेख छ, छैन ?

- मालवस्तु चलान (Shipment) भई सक्नु पर्ने अन्तिम मिति, मालवस्तु चलान हुने स्थान, नेपालको भन्सार विन्दु उल्लेख गरिएको छ, छैन ?
- मालवस्तुको परिमाण, प्रकृति (तौल, साइज, मोडेल आदि) प्रति एकाइ मूल्य उल्लेख गरिएको छ, छैन ?
- मालवस्तुको भन्सार दरवन्दीको शीर्षक/उपशीर्षक उल्लेख छ, छैन ?
- सामान बिक्री गरेको मूल्यमा भाडा एवं बीमा समावेश भएको वा नभएको (जस्तै FOB, CIF, CFR, C & F आदि) उल्लेख गरिएको छ, छैन ?
- मालवस्तु वनेको मुलुक उल्लेख गरिएको छ, छैन ?
- प्रतीतपत्र खोलेको मिति अगावै सामान चलान भएको छ कि ?
- प्रतीतपत्रमा बैङ्कको आधिकारिक अधिकृतको सही र बैङ्कको छाप छ, छैन ?
- प्रतीतपत्रमा सामानको विवरण "as per proforma invoice" भनिएकोमा प्रोफर्मा इन्भ्वाइस र प्रतीतपत्र भिडाएर हेर्ने
- मालवस्तु पटक पटक गरी पैठारी हुने या ट्रान्स सिपमेण्ट भई पैठारी भएको अवस्थामा सो गर्न पाइने शर्त प्रतीतपत्रमा उल्लेख छ, छैन ?

(ख) <u>टी.टी. वा ड्राफ्ट</u> :

- निर्यातकर्ताको नाम ठेगाना स्पष्ट उल्लेख छ, छैन ?
- बीजक (Invoice) बमोजिमको विदेशी मुद्रा उल्लेख भएको छ, छैन ?

- सम्बन्धित बैङ्कबाट प्रमाणित गरिएको छ, छैन ?
- भारतको कलकत्ता वन्दरगाह भई स्थल मार्गबाट टी. टी. वा ड्राफ्टद्वारा पैठारी गरिने मालवस्तुहरूको हकमा वाणिज्य विभागको इजाजत पत्र आवश्यक पर्ने भएकोले त्यस्तो इजाजत पत्र पेश गरिएको छ, छैन ?
- टी.टी. वा ड्राफ्टबाट मालवस्तु आयात गर्दा वाणिज्य विभागको इजाजतपत्र लिन नपर्ने स्थानका भन्सार कार्यालयहरूले टी.टी. वा ड्राफ्टबाट मालवस्तु आयात गर्दा टी.टी. वा ड्राफ्टमा उल्लिखित रकम अनुसारको इजाजत दस्तुर बुझाउनु पर्ने भएकोले त्यस्तो दस्तुर भन्सार कार्यालयहरूले नै असुल गर्नुपर्दछ ।

(ग) <u>DAP (Document Against Payment:</u>

मालवस्तु तेस्रो मुलुकबाट ड्राफ्ट, टी.टी. वा प्रतीतपत्रको माध्यमबाट आयात गर्ने व्यवस्था रहेकोमा DAP को माध्यमबाट पनि आयात गर्न सकिने गरी नेपाल राष्ट्र बैङ्कद्वारा मिति २०६४।४।२२ मा परिपत्र भएको छ । यसरी आयात गर्दा निम्नलिखित शर्तहरू पूरा गरिएको हुनुपर्दछः

- मालवस्तुहरूसँग सम्बन्धित सम्पूर्ण कागजातहरू बैङ्क तथा वित्तीय संस्था मार्फत आएको हुनुपर्ने,
- CIF बाहेक अन्य आधारमा आयात गर्दा मालवस्तुको परिमाण, एकाइ मूल्य, ढुवानी भाडा र वीमा दस्तुरको छुट्टाछुट्टै मूल्य देखिने इन्भ्वाईस हुनुपर्ने,
- वि.वि.नि. फाराम ४ अनिवार्य रूपमा जारी गरिएको हुनुपर्ने,
- भारतको कलकत्ता बन्दरगाह भई आउने मालवस्तुको हकमा वाणिज्य विभागको इजाजतपत्र अनिवार्य रूपमा पेश गर्नु पर्दछ ।

(घ) <u>बीजक (Invoice) मा</u>:

बिक्री गर्नेको नाम, ठेगाना र पैठारीकर्ताको नाम ठेगाना प्रतीतपत्र अनुसार छ, छैन ।

- मालवस्तुको नाम, परिमाण एवं एकाइ मूल्य प्रतीतपत्र अनुसार छ, छैन ?
- प्रतीतपत्रको नम्बर र मिति बीजकमा उल्लेख छ, छैन ?
- बीजक जारी गरिएको मिति, स्थान, बीजक जारी गर्नेको दस्तखत र सो संस्थाको छाप लागेको छ, छैन ?

- प्रतीतपत्र खोलिएको बैङ्कद्वारा आधिकारिक अधिकृतको सही र बैङ्कको छापद्वारा बीजक प्रमाणित गरिएको छ, छैन ?
- मालवस्तु बिक्री गरिंदाको विदेशी विनिमयको प्रकार प्रतीत पत्र अनुसार छ, छैन ?

(ङ) प्याकिङ्ग लिष्टमा :

- पैठारीकर्ता एवं निर्यातकर्ताको नाम उल्लेख छ, छैन ?
- प्याकिङ्ग लिष्टमा बीजक नम्बर र मिति उल्लेख गरिएको छ, छैन ?
- प्याकिङ्ग लिष्टमा प्रत्येक अदतको नम्बर र प्रत्येक अदतमा भएको मालवस्तुको नाम एवं परिमाण उल्लेख गरिएको छ, छैन ?
- प्याकिङ्ग लिष्ट सम्बन्धित बैङ्कबाट प्रमाणित गरिएको छ, छैन ?

(च) उत्पत्तिको प्रमाणपत्र (Country of Origin) मा :

- सामान निर्यात गर्ने र पैठारी गर्नेको नाम र ठेगाना उल्लेख छ, छैन ?
- सामानको नाम र परिमाण उल्लेख छ, छैन ?
- निर्यात गर्ने देशको आधिकारिक निकायद्वारा जारी गरिएको छ, छैन ?
- प्रतीतपत्रको नम्बर र मिति उल्लेख भएको छ, छैन ?
- उत्पत्तिको प्रमाणपत्र प्रतिलिपि नभई सक्कल प्रति नै पेश भएको छ, छैन ?
- उत्पत्तिको प्रमाण पत्र एल.सी. खोलिएको बैङ्कबाट प्रमाणित (Endorse) गरिएको छ, छैन ?

उत्पत्तिको प्रमाणपत्र निर्यातकर्ताले जारी गर्न सक्ने गरी प्रतीतपत्रमा शर्त राखिएको अवस्थामा निर्यातकर्ताले जारी गरेको उत्पत्ति प्रमाण पत्रलाई पनि मान्यता दिन सकिन्छ । तर यस्तो प्रमाणपत्रको आधारमा सार्क मुलुकबाट पैठारी हुने मालवस्तुहरूमा SAFTA अन्तर्गतको छुट प्रदान गर्नु हुँदैन ।

(छ) <u>बीमाको कागज (Insurance Policy) मा</u> (पेश भएको अवस्थामा):

- बीमा लेख नम्बर (Policy number) र मिति उल्लेख छ, छैन ?
- पैठारीकर्ता र निर्यातकर्ताको नाम र ठेगाना प्रतीतपत्र बमोजिम मिल्छ, मिल्दैन ?
- मालवस्तुको नाम र परिमाण प्रतीतपत्र अनुसार मिल्छ, मिल्दैन ?
- बीमा गरिएको रकम र प्रिमियम तिरेको रकम उल्लेख छ, छैन ।
- बीमा गरिएको रकम र बीजक मूल्य ज्यादै फरक भए सोको कारण बुझ्नु पर्दछ ?

बीमाको कागजात पेश गर्दा बीमा Policy को पत्र र प्रिमियम तिरेको रसिद समेत पेश गराउनु पर्दछ ।

(ज) <u>भन्सार पारवहन घोषणा पत्र (CTD)</u> :

- पैठारी एवं निर्यातकर्ताको नाम ठेगाना प्रतीतपत्र बमोजिम उल्लेख गरिएको छ, छैन ?
- मालवस्तुको नाम, परिमाण र मूल्य प्रतीतपत्र र बीजक बमोजिम मिल्छ, मिल्दैन ?

- प्रतीतपत्र वा टी.टी. वा ड्राफ्टको नम्बर मिति उल्लेख गरिएको छ, छैन ?
- वि.एल. (Bill of Lading) को नम्बर र मिति उल्लेख गरिएको छ, छैन ?
- वन्द कन्टेनरमा आएकोमा कन्टेनर नम्बर र सील नम्बर उल्लेख गरिएको छ, छैन ?
- सि.टि.डि. नम्बर र मिति तथा भन्सार विन्दुको नाम मिल्छ, मिल्दैन ?
- नेपालमा मालवस्तु प्रवेश गरेको मिति (Boarder Crossing Date) उल्लेख गरिएको छ, छैन ?
- कलकत्तास्थित भारतीय भन्सार एवं सीमावर्ती भारतीय भन्सार कार्यालयले प्रमाणित गरेको छ, छैन ?

(झ) <u>विदेशी विनिमय नियन्त्रण फाराम (वि.वि.नि. फा.नं ४):</u>

- पैठारीकर्ताको नाम र ठेगाना प्रतीतपत्र बमोजिम मिल्छ, मिल्दैन ?
- प्रतीतपत्र नम्बर वा टी.टी. वा ड्राफ्टको नम्बर र विदेशी मुद्रा प्रतीतपत्र वा टी.टी. वा ड्राफ्ट बमोजिम मिल्छ, मिल्दैन ?
- बीजक बमोजिम भुक्तानी गरिएको रकम ठीक छ, छैन ?
- मालवस्तुको नाम र शीर्षक/उपशीर्षक प्रतीतपत्र बमोजिम मिल्छ, मिल्दैन ?
- प्रतीतपत्र खोलिएको बैङ्कको आधिकारिक व्यक्तिको दस्तखत र बैङ्कको छाप छ, छैन ?

- नेपाल राष्ट्र बैङ्कबाट निर्धारित गरिएको ढाँचा बमोजिम छ, छैन ?

(ञ) स्थायी लेखा नम्बर (PAN) मा :

- पैठारीकर्ताको नाम र ठेगाना मिल्छ, मिल्दैन ?
- फर्म या कम्पनीको उद्देश्य स्पष्ट उल्लेख गरिएको छ, छैन ?
- उक्त स्थायी लेखा नम्बरमा मू.अ. कर दर्ता मिति स्पष्ट उल्लेख गरिएको छ, छैन ?
- लेखा नम्बर स्थायी/अस्थायी कस्तो प्रकारको हो अस्थायी भए म्याद बाँकी छ, छैन ?

(ट) बैङ्क ग्यारेण्टीमा जाँचपास हुने सामानका सम्बन्धमा निम्न कुराहरूमा विशेष ध्यान दिने :

- बैङ्क ग्यारेण्टीमा सामान जाँचपास गर्नु पूर्व उक्त सामान बैङ्क ग्यारेण्टीको सुविधा अन्तर्गत जाँचपास हुने हो, होइन भए सन्धी/सम्झौता, आर्थिक ऐन, वा नेपाल सरकारको निर्णय के कुन आधारमा पाउने हो ।
- वण्डेड वेयर हाउसको इजाजत अनुसार बैङ्क ग्यारेण्टीमा जाँचपास हुनेमा वण्डेड वेयर हाउसको इजाजत पत्रको म्याद बाँकी छ, छैन र नवीकरण गरिएको छ, छैन ?
- बैङ्क ग्यारण्टी पत्र नेपाल राष्ट्र बैङ्कद्वारा इजाजत प्राप्त बैङ्क वा वित्तीय कम्पनीबाट जारी गरिएको हो, होइन ?
- बैङ्क ग्यारेण्टी पत्रमा तोकिएको अधिकारीले सही गरेको छ, छैन र उक्त दस्तखत भन्सार कार्यालयमा रहेको दस्तखत नमूनासँग मिल्छ, मिल्दैन ?
- बैङ्क ग्यारेण्टी पत्रमा पैठारीकर्ताको नाम ठेगाना एवं पैठारी गरिने मालवस्तुको नाम स्पष्ट उल्लेख छ, छैन ?

- बैङ्क ग्यारेण्टीमा उल्लिखित शर्त महसुल असुल गर्न सकिने किसिमको छ, छैन ?
- जुन बैङ्कले बैङ्क ग्यारेण्टी जारी गरेको हो उक्त बैङ्कले यस पूर्व बैङ्क ग्यारेण्टी दिएवापत भन्सारले दावी गरेको समयमा भुक्तानी नदिई कुनै रकम भन्सारलाई तिर्न वुभ्काउन बाँकी छ कि ?
- उक्त पैठारीकर्ताले यस पूर्व वैंङ्क ग्यारेण्टीमा मालवस्तु पैठारी गरेकोमा त्यस्तो बैङ्क ग्यारेण्टी समयमा फुकुवा नगराएको कारणले भन्सारलाई कुनै कर महसुल बुभ्काउन बाँकी छ, छैन ?

(ठ) <u>औद्योगिक सुविधामा जाँचपास हुने मालवस्तु सम्बन्धमा</u> :

- उद्योगको दर्ता र उद्देश्य पैठारी भएको मालवस्तुसँग मेल खान्छ, खांदैन ?
- कुनै उद्योग विशेषलाई कुनै मालवस्तु परिमाण तोकी सुविधा दिएकोमा यस पूर्व पनि त्यस्तो सामान पैठारी गरिसकेको छ कि ?

(ड) <u>प्रयोगशाला परीक्षण प्रतिवेदन अनुसार जाँचपास गरिने मालवस्तु सम्बन्धमा</u> :

- प्रयोगशाला परीक्षण प्रतिवेदनमा भन्सार कार्यालयले पठाएको नमूनाको विषय वा सन्दर्भ नम्बर या चलानी नम्बर उल्लेख छ, छैन ?
- परीक्षणको निमित्त पठाइएका सबै विषयमा परीक्षण भएको छ, छैन ?
- परीक्षणको नतिजा सकारात्मक या नराकात्मक के छ ?

(ढ) <u>सवारी साधनका सम्बन्धमा</u> :

- पैठारीकर्ताले पेश गरेको Type approval र Confirmity of production नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ भित्र पर्छ, पर्दैन ?
- पैठारीकर्ताले पेश गरेको Type approval र Confirmity of production जाँचपास गर्न लागिएको सवारी साधनसँग सम्बन्धित हो, होइन ?
- Confirmity of production र Type Approval सम्बन्धित निकायबाट जारी गरिएको छ, छैन ?

(ण) <u>महसुल छुटमा जाँचपास गरिने मालवस्तुका सम्बन्धमा</u> :

- कुन ऐन नियमले के कति प्रतिशत छुट पाउने हो ?
- नेपाल सरकारबाट निर्णय भई आएकोमा कुन मालवस्तुको के कति मूल्यमा कुन राजस्व छुट दिन भनिएको छ ?
- मालवस्तुको नाम, परिमाण र मूल्य स्पष्ट उल्लेख भएको र बीजक प्रमाणित भई आएको छ, छैन ?

(त) <u>महसुल सुबिधा वा कूटनीतिक सुबिधामा जाँचपास हुने मालबस्तुका सम्बन्धमा</u>:

- महसुल सुबिधामा जाँचपास गरिने मालवस्तुको लागि महसुल सुबिधा दिने बिषयमा परराष्ट्र मन्त्रालयको सिफारिस एवं भन्सार बिभागको आदेश प्राप्त भएको छ, छैन ?
- महसुल सुबिधा दिइने मालवस्तुको नाम, परिमाण एवं मूल्य खुलेको कागजात परराष्ट्र मन्त्रालय एवं भन्सार विभागबाट प्रमाणित भई आएको छ, छैन ?
- कूटनीतिक सुबिधामा जाँचपास गरिने मालवस्तु भएमा परराष्ट्र मन्त्रलयबाट भन्सार नियमावलीको अनुसूची-१

बमोजिमको ढाँचामा त्यस्तो सुविधा दिने सिफारिस भन्सार विभाग मार्फत प्राप्त भएको छ, छैन ?

- कूटनीतिक सुविधा दिने मालवस्तुको हकमा भन्सार नियमावलीको अनुसूची-१ बमोजिमको ढाँचामा सिफारिस प्राप्त भएको छ, छैन ?

१.५.२ मालवस्तुको भौतिक परीक्षणः

१.५.२.१ छनौट प्रणाली लागू नभएको भन्सार कार्यालयमा: कागजातको विस्तृत जाँच गरिसकेपछि मालवस्तुको भौतिक परीक्षण गर्ने र भौतिक परीक्षण गर्दा निम्न बमाजिम गर्ने:

- ड्युटीमा रहेका भन्सार अधिकृत र उपलब्ध भएसम्म प्रमुख भन्सार अधिकृत समेतको रोहवरमा मालवस्तुको भौतिक निरीक्षण गर्ने ।
- मालवस्तुको परिमाण र एकाइ पेश भएको कागजातसँग भिडाउने ।
- व्यापारिक सामानहरू सबै अनलोड गराइ सामानको प्रकृति अनुसार छुट्टाछुट्टै राख्न लगाई बीच बीचबाट नमूना झिकी प्याकिङ्ग लिष्ट अनुसार गणना गरी भिडाउने ।
- नमूना जाँच गरिएको अदतमा परीक्षण गरिएको मार्क लगाउने र प्रज्ञापनपत्रमा समेत जनाउने ।
- नमूना जाँच गर्दा प्याकिङ्ग लिष्टसँग नभिडेमा शतप्रतिशत अदत नै जाँच र गणना गर्ने ।
- मालवस्तुको भौतिक परीक्षण गर्दा छिटो विग्रन सक्ने वा सम्वेदनशील मालवस्तुलाई प्राथमिकता दिने ।
- सवारी साधनहरूको इन्जीन नम्बर, चेसिस नम्बर, सीट संख्या र मोडेल भिडाउने ।
- महुल सुबिधामा जाँचपास गरिने मालवस्तुहरूको भौतिक परीक्षण माथि लेखिए बमोजिम सामान्य प्रक्रियाद्वारा गर्नु पर्दछ ।

- कूटनीतिक सुबिधामा जाँचपास गर्ने मालवस्तुहरूको कागजातको परीक्षण गरी सकेपछि कन्टेनरको सील नम्बर वा अन्य सील दुरूस्त भए नभएको हेरी, दुरूस्त भेटिएमा सामान जाँचपास गर्नु पर्दछ ।

उपर्युक्त बमोजिम कागजातको परीक्षण र मालस्तुको भौतिक परीक्षण गर्दा पेश भएको कागजातमा टाइप गल्ती वा अन्य कुनै कारणले सामान्य त्रुटि देखिएको, जसले गर्दा राजस्व निर्धारणमा कुनै असर नपार्ने देखिएमा कार्यालय प्रमुखको निर्देशन अनुसार गर्न सकिनेछ । पेश भएका कुनै कागजातमा रीत नपुगेको वा कुनै कागजात तत्काल पेश गर्न नसकेको अवस्थामा कार्यालय प्रमुखले ऐनको दफा १८ बमोजिम त्यस्तो कागजात पेश गर्ने निश्चित अवधि तोकी मालवस्तु जाँचपास गर्न आदेश दिन सक्ने व्यवस्था छ ।

१.५.२.२ <u>छनौट प्रणाली लागू भएको भन्सार कार्यालयमा</u>ः छनोट प्रणाली लागू भएको भन्सार कार्यालयले मालवस्तुको भौतिक परीक्षण गर्ने र जाँचपास गर्ने प्रक्रिया परिच्छेद १२ मा दिइएको छ ।

१.६ मालवस्तुको वर्गीकरणः

मालवस्तु भन्सार दरवन्दीको कुन भागको कुन शीर्षक/ उपशीर्षकबाट वर्गीकरण हुने हो, सोको निर्क्योल गर्नु ज्यादै महत्वपूर्ण हुन्छ । भन्सार दरवन्दीको शीर्षक/उपशीर्षकमा मालवस्तुको भन्सार दर फरक फरक हुने भएकोले यसबाट राजस्व असुलीमै प्रभाव पर्दछ । भन्सार दरवन्दीमा सबै मालवस्तुको स्पष्ट नाम उल्लेख नहुने भई सामानको प्रकृति अनुसार वर्गीकरण हुने भएकोले त्यस्तो प्रकृति अनुसार कुन शीर्षक/ उपशीर्षकमा पर्दछ भन्ने कुराको निर्धारण बढी सावधानीपूर्वक गर्नुपर्दछ । वर्गीकरण सम्बन्धी विस्तृत जानकारी परिच्छेद-३ मा दिइएको छ ।

१.७ मालवस्तुको मूल्याङ्कनः

पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दा विश्व भन्सार सङ्गठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (WTO/GATT Valuation) १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौतामा उल्लिखित भन्सार मूल्याङ्कन सम्बन्धी नियमहरू, अनुसूची र व्याख्या अवलम्वन गरिने कानूनी व्यवस्था भएकोले सोही अनुसार मालवस्तुको मूल्याङ्कन गर्नुपर्दछ । मालवस्तुको मूल्याङ्कन सम्बन्धी विस्तृत जानकारी परिच्छेद-४ मा दिइएको छ ।

१.८ राजस्व निर्धारणः

पैठारी हुन आएका मालवस्तुको भौतिक परीक्षण, वर्गीकरण एवं मूल्याङ्कन भईसकेपछि त्यसमा के कति महसुल आयातकर्ताले बुझाउनु पर्ने हो, सोको यकिन गरिदिने काम नै राजस्व निर्धारण हो । भन्सार ऐन, २०६४ को दफा २२ मा भन्सार मूल्य निर्धारण भएपछि भन्सार अधिकृतले मालवस्तुमा लाग्ने महसुल निर्धारण गर्नेछ भन्ने व्यवस्था छ । मालवस्तुको राजस्व निर्धारण ज्यादै महत्वपूर्ण र संवेदनशील पक्ष भएकोले यसमा भन्सार अधिकृतले विशेष सावधानी अपनाउनु पर्दछ ।

महसुल निर्धारण गर्दा मुख्य २ पक्ष महत्वपूर्ण हुन्छ । पहिलो महसुल दर कुन दिनको लागू हुन्छ, दोस्रो विनिमय दर कुन दिनको लागू हुन्छ । भन्सार ऐन, २०६४ को दफा ८ अनुसार पैठारी हुने मालवस्तुको महसुल सो मालवस्तुको प्रज्ञापनपत्र भन्सार कार्यालयमा दर्ता भएको मितिमा कायम रहेको महसुल दर बमोजिम निर्धारण गर्नुपर्ने हुन्छ । भन्सार कार्यालयमा कतिपय अवस्थामा प्रज्ञापनपत्र दर्ता भएको दिन मालवस्तु जाँचपास नभई त्यसको भोलिपल्ट वा केही दिन लाग्न सक्दछ । यस्तो अवस्थामा प्रज्ञापनपत्र दर्ता हुने दिन र मालवस्तु जाँचपास हुने दिनमा महसुल दरमा परिवर्तन भएको खण्डमा प्रज्ञापनपत्र दर्ता हुने दिनकै महसुलदर लगाउनु पर्दछ । त्यसैगरी पैठारी गरिने मालवस्तुको मूल्य कायम गर्दा विदेशी मुद्रामा गर्नुपर्ने व्यवस्था भन्सार ऐनको दफा १३ को उपदफा (१६) मा छ । त्यसैगरी कूटनीतिक तथा महसुल सुविधा वा पूर्ण वा आंशिक महसुल छुटमा पहिले नै पैठारी भई पछि महसुल बुझाउने मालवस्तुको सम्बन्धमा भन्सार महसुल

दर तथा विदेशी विनिमय परिवर्तनको दर महसुल बुझाउने दिनकै लागू हुन्छ ।

१.९ मालवस्तु जाँचपास गर्नेः

मालवस्तु जाँचपास गर्दा महसुल लाग्ने मालवस्तु महसुल असुल भएपछि र महसुल नलाग्नेमा के कारणले महसुल नलाग्ने हो सो ब्यहोरा प्रज्ञापनपत्रमा स्पष्ट रूपमा उल्लेख गरेपछि मात्र जाँचपास गरिन्छ । यो भन्सार प्रक्रियाको अन्तिम चरण हो । मालवस्तु आयात गर्दा कुनै ऐन कानून वा निर्णयबाट महसुल नलाग्ने भएपनि त्यस्ता सामानहरूको प्रज्ञापनपत्र भरी भन्सारमा घोषणा गरिएको र भन्सार महसुल नलाग्नेमा सो ब्यहोरा उल्लेख गरेर मात्र जाँचपास गर्नु पर्दछ ।

१.१० ढुवानी साधनमा सिलवन्दी गर्नेः

प्रज्ञापनपत्रमा भन्सार अधिकृतले दस्तखत गरी जाँचपास गरिसकेपछि त्यस्ता वस्तु गन्तब्य स्थलसम्म पुऱ्याउन जुन ढुवानी साधनबाट ढुवानी गरिने हो सो साधनमा संभव भएसम्म भन्सार कार्यालयको नाम अङ्कित सीलछाप लगाउनु पर्दछ । मालवस्तु सीलछाप लगाउँदा ढुवानी साधनमा Falls bottom भए, नभएको, सिलवन्दी गरिएको स्थानबाट वा अन्यत्रबाट मालवस्तु झिक्न वा राख्न सकिने नसकिने के कस्तो अवस्थाको छ, सो भन्सार अधिकृत एवं जाँचकीले ध्यान दिनु पर्दछ । सिलवन्दी गर्न नमिल्ने ढुवानी साधनमा मालवस्तु लोड गरी लैजान दिनु हुँदैन । तर सिलवन्दी गर्न संभव एवं ब्यवहारिक नभएका मालवस्तुहरूमा सिलवन्दी गर्नु पर्दैन । तर तातोपानी भन्सार कार्यालयबाट जाँचपास गरिएका ब्यापारिक मालवस्तु सिलवन्दी नगरी छाड्नु हुँदैन ।

१.११ गेटपास जारी गर्नेः

मालवस्तुको जाँचपास भई ढुवानी साधनमा सिलवन्दी गरेपछि गेटपास जारी गरिन्छ । गेटपास जारी गर्दा निम्न कुराहरू ध्यान दिनुपर्दछः

- मालवस्तु जाँचपास गरिएको प्रज्ञापनपत्र एवं राजस्व बुझाएको रसिद जाँच गर्ने,
- ढुवानी साधन (गाडी नम्बर) को एवं मालवस्तु ढुवानी गरी लैजाने सवारी साधन सिलवन्दी गरिसकिएको छ, छैन राम्रोसँग हेर्ने,

- प्रज्ञापनपत्रमा उल्लिखित ढुवानी साधनको नम्बर एवं सँख्यामा जाँचपास भएको प्रज्ञापनपत्र हेरी यकिन गर्ने, र
- जाँचपास भएको प्रज्ञापनपत्रको आधारमा गेटपासमा ढुवानी साधनको नम्बर लेखी ढुवानी साधनको संख्यालाई अङ्क र अक्षर दुवैमा लेखी गेटपास जारी गर्नेले सहीछाप गर्ने ।

१.१२ **गेटपास जाँच गर्ने**:

मालवस्तु भन्सार गेटबाट वाहिर निकाल्दा गेटमा खटिएका कर्मचारीहरूले गेटबाट वाहिर निकाल्न दिनुभन्दा अगाडि निम्न कुराहरू बढी सतर्कतापूर्वक हेर्नु पर्दछः

- गेटपासमा उल्लिखित ढुवानी साधनको रजिष्ट्रेशन नम्बर र संख्या प्रज्ञापनपत्र र गेटपासमा स्पष्ट लेखिएको छ छैन ?
- प्रज्ञापनपत्र तथा गेटपासमा लेखिएको ढुवानी साधनको दर्ता रजिष्ट्रेशन नम्बर र संख्या करेमेट गरिएको, थपिएको वा सच्याइएको छ कि ?
- महसुल बुझाएको रसिद प्रज्ञापनपत्रसाथ संलग्न छ छैन ?
- प्रज्ञापनपत्रमा भन्सार अधिकृतको दस्तखत तथा भन्सार कार्यालयको छाप लागेको छ छैन ?
- भन्सार नबुझाएको मालवस्तु भन्सार गेटबाट लैजान खोजिएको छ कि ?
- कुनै व्यक्तिले आफ्नो साथमा, वा सवारी साधन मार्फत कुनै मालवस्तु लुकाई लैजान लागेको छ कि ?
- भन्सार गेटमा प्रज्ञापनपत्रमा उल्लिखित मालवस्तु र गेटबाट बाहिर लैजान खोजिएको मालवस्तु मेल नखाएमा ढुवानी साधनको रजिष्ट्रर नम्बर वा संख्या फरक परेमा वा कसैले जोर जुलुम गर्न खोजेमा मालवस्तु वा व्यक्तिलाई रोकी तुरून्त कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्दछ ।

१.१३ कूटनीतिक तथा महसुल सुविधा अन्तर्गत गरिने पैठारीः

१.१३.१ कूटनीतिक सुविधामा गरिने पैठारीः

"कूटनीतिक सुविधा" भन्नाले कुनै मालवस्तु जाँच नगरी, महसुल नलिई लगत मात्र राखी पैठारी गर्न दिइने सुविधा हो । यस प्रक्रियामा मालवस्तु पैठारी गर्दा निश्चित प्रक्रिया अवलम्वन गर्नुपर्ने भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली २०६४ मा व्यवस्था गरिएको छ । कुनै पनि व्यक्ति वा निकायलाई कूटनीतिक सुविधामा मालवस्तु आयात गर्न दिनको लागि नेपाल सरकार, परराष्ट्र मन्त्रालयले भन्सार नियमावली, २०६४ को अनुसूची-१ बमोजिमको ढाँचामा भन्सार विभागमा सिफारिस गर्नुपर्ने र भन्सार विभागले सोही सिफारिसको आधारमा सम्बन्धित भन्सार कार्यालयमा उक्त सिफारिस पठाउने गर्दछ । यसरी सिफारिस प्राप्त भएपछि सो सिफारिसमा भन्सार विभाग एवं परराष्ट्र मन्त्रालयका अधिकृतहरूको दस्तखत एवं परराष्ट्र मन्त्रालय एवं भन्सार विभागको छाप भिडाएर हेर्नुपर्दछ । त्यस्तो सिफारिस पत्रसाथ मालवस्तुको बीजक संलग्न गरिएको हुन्छ र सो बीजकमा परराष्ट्र मन्त्रालय एवं भन्सार विभागको छाप लगाइएको छ, छैन हेर्नु पर्दछ । संलग्न बीजकमा उल्लिखित मालवस्तुको नाम र परिमाण एवं मूल्य सिफारिस पत्रमा उल्लिखित मालवस्तुको नाम र परिमाण एवं मूल्य भिडाएर हेर्नुपर्दछ । सिफारिस पत्रमा आयात (Import) को लागि I र दर्ता नम्बर उल्लेख गरिएको हुन्छ सो नम्बर पनि ख्याल गर्नुपर्दछ ।

कूटनीतिक सुविधामा आयात गरिएका मालवस्तु खोल्ने र जाँच गर्ने गरिंदैन तर कागजातहरूको भने राम्रो जाँच गरी मालवस्तुको सिलवन्दी ठीक छ छैन हेरेर मात्र छाड्नु पर्दछ ।

कूटनीतिक सुविधामा आयात गरिने मालवस्तु यदि कुनै निकायको इजाजतपत्रको आधारमा मात्र पैठारी गर्न पाइने भएमा त्यस्तो इजाजतपत्र विना जाँचपास गर्नु हुँदैन । यसरी आयात गरिने मालवस्तुको लागि प्रतीतपत्र वा कुनै बैङ्किङ कागजात पेश गर्नु पर्दैन । कूटनीतिक सुविधामा पुरानो वा प्रयोग गरिएका सवारी

साधनहरू पनि परराष्ट्र मन्त्रालयको निर्णयको आधारमा पैठारी गर्न पाउने व्यवस्था छ । यस्तो सवारी साधन पैठारी गर्दा सिफारिस पत्रमा अनिवार्य फिर्ता लैजाने शर्त उल्लेख गरिएको हुनुपर्दछ र त्यस्तो सवारी साधन उत्पादन मितिले ७ वर्षभन्दा पुरानो हुन नहुने व्यवस्था छ । यस प्रकारको सिफारिस प्राप्त भएपछि प्रज्ञापनपत्रमा पनि अनिवार्य रूपले फिर्ता लैजान पर्ने ब्यहोरा जनाई जाँचपास गर्नुपर्दछ ।

१.१३.२ <u>महसुल सुविधामा गरिने पैठारीः</u>

"महसुल सुविधा" भनेको कुनै मालवस्तु महसुल नलिई जाँच गरी वा नगरी लगतमा राखी पैठारी गर्न दिइने सुविधा हो । यस व्यवस्था अन्तर्गत मालवस्तु पैठारी गर्न कूटनीतिक सुविधामा पैठारी गर्न अपनाईने सम्पूर्ण प्रक्रिया अपनाइन्छ । कूटनीतिक सुविधामा मालवस्तु जाँच गरिदैन भने महसुल सुविधामा मालवस्तु जाँच गर्न सकिन्छ ।

कूटनीतिक सुविधा वा महसुल सुविधामा आयात गरिएका र खपत भएर नजाने मालवस्तुहरू नेपालमा निस्पादन (Disposal) गर्दा महसुल लाग्ने भएकोले पैठारीको अवस्थामा मालवस्तुको विवरण र मूल्यको अभिलेख दुरूस्त राखी राख्नु पर्दछ ।

१.१४ अस्थायी पैठारीः

अस्थायी पैठारी भन्नाले केही निश्चित अवधि वा निश्चित प्रयोजनको लागि पछि फिर्ता लैजाने शर्तमा गरिने पैठारीलाई बुझिन्छ । यसरी गरिने पैठारीमध्ये आयोजनाले गर्ने नेपालमा खपत नहुने मालवस्तु पनि पर्दछ । आयोजनाले गर्ने अस्थायी पैठारीको विषयमा नं. १.१५ मा उल्लेख गरिएकाले यसमा सो बाहेकको पैठारीको विषयमा उल्लेख गरिएको छ । अस्थायी पैठारीलाई तीनको प्रयोजन र प्रक्रियाको आधारमा निम्नबमोजिम वर्गीकरण गर्न सकिन्छः

१.१४.१ <u>सवारी साधनको अस्थायी पैठारी</u>

मालवस्तु लोड गरी ल्याएका ढुवानीका साधन, नेपालमा लोड गर्न आयात गरिने ढुवानीका साधन, ट्याक्टर, कार, जीप, भ्यान एवं मोटरसाइकल नेपालमा अस्थायी पैठारी गर्न पाउने व्यवस्था प्रत्येक वर्षको आर्थिक ऐनले गरेको हुन्छ । मालवस्तु ढुवानी गरी ल्याएका ढुवानीका साधनहरूलाई नेपालमा त्यस्तो मालवस्तु अनलोड गरी फर्किनको लागी ७२ घण्टासम्म निःशुल्क अनुमति दिइन्छ । त्यसैगरी नजिकको वजार पुगी फर्कने सवारी साधनहरूलाई पनि निःशुल्क प्रवेशको व्यवस्था छ । सो बाहेकक्का सवारी साधनहरू पैठारी गर्दा दैनिक रूपले महसुल लाग्ने हुन्छ र त्यस्तो शुल्क प्रत्येक वर्षको आर्थिक ऐनले गरेको हुन्छ । यसप्रकार पैठारी गरिने ढुवानी एवं सवारी साधनहरूको पैठारीको अवस्थामा भन्सार कार्यालयहरूले अभिलेख राखी फिर्ता गए पछि अभिलेखमा फिर्ता जनाउने र फिर्ता नगएका यस्ता सवारी साधनहरूको अनुगमन गर्नुपर्दछ । यसरी पैठारी गरिने सवारी साधन पैठारीको अवस्थामा सवारी धनीको प्रमाणपत्र राम्रोसँग हेरी भिडाई अभिलेखमा चढाई राख्नु पर्दछ । नजिकको बजारमा पुगी सोही दिन फर्कने सवारी साधनहरूको पनि अनुमति पूर्जी दिई फिर्ता गएपछि त्यस्तो अनुमति पत्र भन्सार कार्यालयले खिची राख्नु पर्दछ । त्यस्तो अनुमति पत्रमा जान पाउने नजिकका बजारको नाम तथा फर्की सक्नुपर्ने अवधि तोकिदिनु पर्दछ ।

अस्थायी पैठारी हुने सवारी साधनलाई दिइने अनुमतिपत्रको ढाँचा निम्न बमोजिम छः

नेपाल सरकार
अर्थ मन्त्रालय

भन्सार विभाग

. . . . . . भन्सार कार्यालय

सवारी साधन अस्थायी पैठारी

अनुमति-पत्र

१.	सवारी साधनको रजिष्ट्रेशन नम्बर	:
२.	सवारी साधनको किसिम	:
३.	सवारी साधनका धनीको नाम र ठेगाना	:
४.	सवारी चालकको नाम र लाइसेन्स नं.	:
५.	सवारी साधनको इञ्जीन नम्बर	:
६.	सवारी साधनको चेसिस नम्बर	:
७.	प्रवेश गरेको मिति र समय	:
८.	नेपालको गन्तब्य स्थान	:
९.	फिर्ता जानु पर्ने मिति	:
१०.	विदेश फिर्ता गएको मिति र समय	:

नोटः

१. यो अनुमति पत्र सवारी साधन फिर्ता जांदा अनिवार्य रूपले सम्बन्धित भन्सार कार्यालयमा फिर्ता गर्नुपर्नेछ ।

२. यो अनुमति-पत्र नेपाल प्रवेश गरी प्रवेश विन्दूबाट नजिकको बजारसम्म पुगी सोही दिन फिर्ता जाने सवारी साधनहरूको लागि मात्र हो ।

(भन्सार अधिकृतको दस्तखत)

१.१४.२ कार्ने अन्तर्गत गरिने पैठारी:

"Carnet" भनेको भन्सार अनुमति पत्र हो । "Carnet" लाई ATA Carnet पनि भनिन्छ । ATA को पूर्ण रूप "Admission Temporary Admission" हो जुन अंग्रेजी तथा फ्रेन्च शब्द मिली बनेको छ । ATA Carnet भन्नाले अन्तर्राष्ट्रिय भन्सार सम्बन्धी कागजात (Customs Document) भन्ने बुझिन्छ जस अन्तर्गत मालवस्तु कुनै महसुल नतिरी अस्थायी रूपमा आयात गरिन्छ र तोकिएको समयावधिभित्र फिर्ता लैजानु पर्दछ । यसमा तेस्रो पक्ष जमानतमा बसेको हुन्छ । यो व्यवस्था सन् १९६१ देखि विश्व भन्सार परिषद् (हालको विश्व भन्सार सँगठन द्वारा Convention को रूपमा कार्यान्वयनमा आएको हो । हाल यसको प्रशासन ICC ले WCO को सहयोगमा गर्दछ । र अक्टोवर २००७ सम्म ६५ राष्ट्रहरू यसका सदस्य छन् ।

सम्झौताको प्रावधान अनुसार मेला प्रदर्शनीमा ल्याउने लैजाने मालवस्तुहरू, नमूनाहरू (Samples) एवं सवारी साधनहरू यसै अनुमतिपत्र (ATA Carnet) को माध्यमबाट आयात निर्यात गरिन्छ, त्यस्ता मालवस्तुहरू आयात गरिने देशमा खपत हुने खालका हुनु हुँदैन । ATA Carnet को सदस्य राष्ट्रहरूले Convention मा उल्लिखित उपर्युक्त व्यवस्था पालना गर्नुपर्ने हुन्छ ।

नेपालले ATA Carnet को सदस्यता लिएको छैन । तर आर्थिक अध्यादेशमा पर्यटकहरूले आफूले प्रयोग गरेको सवारी साधन कार्ने फारमको माध्यमबाट नेपालमा १ वर्षमा ६ महिनामा नबढाई अस्थायी पैठारी गर्न दिने व्यवस्था गरिएको छ । यसरी पैठारी गरिएको सवारी साधनमा ६ महिनासम्म कुनै महसुल लाग्दैन । ६ महिनाभित्र त्यस्ता सवारी साधन अनिवार्य रूपले फिर्ता लैजानु पर्दछ, नेपालमा बिक्री वा कसैलाई दान, उपहार दिन पाउँदैन ।

यस प्रकार सवारी साधन पैठारी गर्दा कार्ने फारममा जुन देशबाट नेपालमा प्रवेश गर्न खोजेको हो सो देशबाट विधिवत Exit गरिएको ब्यहोरा फाराममा हुनुपर्दछ । कार्ने फाराममा भ्रमण गर्ने मुलुकमा नेपालको नाम छ छैन त्यो हेर्नुपर्दछ । नेपाल ATA को सदस्य नभएकोले कतिपय अवस्थामा नेपालको नाम नलेखिएको पनि हुन सक्दछ तर विधिवत नेपाल प्रवेश गर्नुभन्दा अघिल्लो देशको विधिवत Exit गरेको कार्ने फाराममा देखिएमा नेपालमा प्रवेश गर्न दिनु पर्दछ । कार्ने फाराममा नेपालमा प्रवेश गर्न लागेको सवारी साधनको इञ्जिन तथा चेसिस नम्बर रजिष्ट्रेशन नम्बर आदि सवारी साधनको पूर्ण विवरण लेखिएको हुन्छ । सो भिडाएर मात्र नेपालमा प्रवेश गर्न दिनु पर्दछ । कार्ने अन्तर्गत पैठारी हुने सवारी साधनमा अन्य मालवस्तु टि.भि., फर्निचर आदि भएमा सो ब्यहोरा समेत कार्ने फाराममा उल्लेख गरिदिनु पर्दछ । कार्ने फाराममा नेपालमा प्रवेश गरेको तारिख स्पष्ट उल्लेख गरी नेपालमा बस्ने अवधि लेखी भन्सार अधिकृतले दस्तखत गरी कार्यालयको छाप लगाउनु पर्दछ । कार्ने फाराम विवरण भरी एक प्रति भन्सार कार्यालय नै अभिलेखको लागि राख्नु पर्दछ ।

१.१५ **आयोजनाले गर्ने पैठारीः**

वैदेशिक ऋण सहयोग वा अनुदान सहयोगबाट सञ्चालित आयोजनाहरूले उक्त आयोजनाको निर्माणको लागि विभिन्न मालवस्तु ठेकेदारको माध्यमबाट पैठारी गरिन्छ । यस्तो पैठारीमा अन्य ब्यापारिक पैठारी सरह नेपालबाटै विदेशी मुद्रा भुक्तानी गरी आयात गरेकोमा बैङ्कद्वारा जारी गरिएका कागजात पनि हुन्छन् । यस्तो आयोजनामा विदेशबाट विदेशमा भुक्तानी गरी आयात भएकोमा बैङ्किङ कागजात हुँदैन ।

सम्बन्धित मन्त्रालयको सिफारिसमा नेपालमा संचालित आयोजनाहरूले पैठारी गर्ने सम्झौतामा उल्लिखित Bill of Quantity मा उल्लिखित मालवस्तुहरू पैठारी गर्दा प्रतीतपत्र विना पैठारी गर्न पाइने

व्यवस्था वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६६।७।१६ को राजपत्रमा उल्लेख गरिएको छ । आयोजनाले पैठारी गर्ने मालवस्तुहरूको लागि नेपाल सरकार, अर्थ मन्त्रालयले मालवस्तुहरूको सूची तथा त्यसमा लाग्ने महसुल के कति प्रतिशत छुट दिने, फिर्ता लैजान (नेपालमा खपत नहुने) मालवस्तु पैठारी गर्दा के गर्ने जस्ता विषयहरूमा निर्णय गरेको हुन्छ । यस प्रकार नेपालमा वैदेशिक ऋण तथा अनुदान सहयोगमा संचालित आयोजनाहरूले पैठारी गर्ने मालसामान जाँचपास गर्दा निम्न कुराहरूमा विशेष ध्यान दिनुपर्दछः

- महसुल छुट दिने भनी भन्सार विभागबाट स्पष्ट रूपमा मालवस्तुको मूल्य, मालवस्तुको नाम तथा के कति प्रतिशत छुट दिने भनिएको छ सो कुरा आयात हुन आएको मालवस्तुसँग मेल खान्छ, खादैन,
- फिर्ता जाने मालवस्तुहरूमध्ये सवारी तथा ढुवानीका साधनहरू भएमा पुराना वा सेकेण्ड ह्याण्ड छन् कि ? कारखाना वा डिलरबाट सिधै आयात गरिएको छ कि छैन, सवारी साधनको Type Approvel र conformity of production certificate छ, छैन,
- फिर्ता जाने मालवस्तुहरू नेपालमा कति अवधिसम्म रहने हो र बैङ्क जमानत दिनु पर्नेमा सो अवधि सम्मको लागि बैङ्क जमानत पेश गरिएको छ, छैन,
- बैङ्क जमानतको सत्यता र विश्वसनीयता वारेमा सम्बन्धित बैङ्कसँग टेलिफोन गरी निश्चित गर्नुपर्दछ,
- नेपालबाट फिर्ता जाने मालवस्तुको जाँचपास गर्दा लगतमा मालवस्तुको मूल्य सहितको पूरा विवरण र बैङ्क जमानतको विवरण अभिलेख राखेर मात्र जाँचपास गर्नुपर्दछ,
- प्रज्ञापनपत्रमा कुन अवधिभित्र फिर्ता लगिसक्नु पर्ने हो सो मिति र बैङ्क जमानतको नम्बर रकम, जारी गर्ने बैङ्क तथा बैङ्क जमानतको अवधि स्पष्ट उल्लेख गर्नुपर्दछ,

- नेपालमा खपत गरिने मालवस्तु जुन महसुल छुट/सुविधामा पैठारी गरिएको हुन्छ सोको अभिलेख प्रत्येक आयोजनाको अलग अलग राखिनु पर्दछ,
- पेश गरिएको बीजक भन्सार विभागबाट endorse भएको proformainvoice वा commercial invoice सँग मिल्छ, मिल्दैन हेर्नुपर्दछ ।

१.१६ **नेपालबाट निकासी भएको मालवस्तु पैठारी गर्ने व्यवस्थाः**

नेपालमा उत्पादन भएको मालवस्तु विदेशबाट पुनः नेपालमा पैठारी गरेमा त्यस्ता मालवस्तुहरू विदेशमा उत्पादन भई पैठारी गरेका मालवस्तु सरह महसुल लाग्ने व्यवस्था छ । तर त्यसरी पुनः पैठारी गर्नुपर्ने कारणमा निम्न कुराहरू विद्यमान भएमा भन्सार महसुल नलाग्ने व्यवस्था भन्सार ऐन, २०६४ को दफा ६ मा उल्लेख गरिएकोले भन्सार महसुल लिनु पर्दैन तर मूल्य अभिवृद्धि कर लाग्ने मालवस्तु भएमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ :

(क) नेपालबाट हुलाकमार्फत पठाएकोमा सम्बन्धित व्यक्तिलाई बुझाउनु नसकी फिर्ता आएको ।

(ख) विदेशमा पुगी सकेपछि सम्बन्धित व्यक्तिले लिन अस्वीकार गरी फिर्ता आएको ।

(ग) दुर्घटना वा कुनै प्राकृतिक प्रकोपमा परी गुणस्तर कायम रहन नसकी फिर्ता आएको ।

यस प्रकार फिर्ता आएका मालवस्तु जाँचपास गर्दा त्यसको कच्चा पदार्थ पैठारी गर्दा महसुल नबुझाइएको रहेछ भने त्यसमा लागेको कच्चा पदार्थको भन्सार महसुल समेत असुल गर्नुपर्दछ । यसरी फिर्ता आएका मालवस्तु जाँचपास गर्दा निकासी गर्दा पेश गरेको प्रज्ञापनपत्र एवं बीजकसँग भिडाउँदा दुरूस्त मिले भिडेको हुनुपर्दछ । माथि (ख) तथा (ग) अनुसार फिर्ता भएकोमा सोको प्रमाण पनि पेश गरिएको हुनुपर्दछ ।

१.१७. **तिब्बतबाट हुने पैठारीः**

१.१७.१ सामान्य प्रक्रिया अन्तर्गत हुने पैठारीः यस अन्तर्गतको पैठारीमा अन्य तेस्रो मुलुकबाट गरिने पैठारी सरह प्रतीतपत्र खोली वा प्रचलित बैङ्किङ कागजातको माध्यमबाट गरिने पैठारी पर्दछ । यसरी गरिने पैठारीमा अन्य तेस्रो मुलुकबाट पैठारी गर्दा अपनाइने प्रक्रिया नै अपनाउनु पर्दछ ।

१.१७.२ क्रेडिट अन्तर्गत गरिने पैठारी : चीनको स्वशासित क्षेत्र तिब्बतबाट मालवस्तु आयात गर्दा उधारो (क्रेडिट) मा पनि पैठारी गर्न सकिने व्यवस्था रहेकोमा क्रेडिट सुविधा अन्तर्गत भएको आयातको भुक्तानी गर्न पाइनेछैन भनी नेपाल राष्ट्र बैङ्क, विदेशी विनिमय व्यवस्थापन विभागबाट इ.प्रा. परिपत्र संख्या ५२० मिति २०६६।१०।२१ मा परिपत्र भएकोले क्रेडिट सुविधा अन्तर्गत आयात गरिएको मालवस्तुको भुक्तानी नहुने भएकोले पैठारी गर्न दिन हुँदैन ।

१.१७.३ नगद विदेशी विनिमय अन्तर्गत गरिने पैठारीः तिब्बतबाट गरिने पैठारीको लागि आयातकर्तालाई अमेरिकी डलर ३०००।- सम्म नगदै उपलब्ध गराउने व्यवस्था नेपाल राष्ट्र बैङ्कले गरेको छ । यसरी पैठारी गर्दा आयात गरिने मालवस्तुको बीजक सम्बन्धित बैङ्कद्वारा Endorse गरिएको र वि.वि.नि. फाराम जारी गरिएको हुन्छ । भन्सार कार्यालयमा यस प्रकारको बीजक र वि.वि.नि. फाराम साथ प्रज्ञापनपत्र पेश गरेपछि मालवस्तुको मूल्य एवं परिमाण बीजकसँग भिडाई भन्सार कार्यालयले जाँचपास गरिदिनुपर्दछ ।

यसमा विशेष ध्यान दिनुपर्ने कुरा के छ भने एउटै आयातकर्ताले अमेरिकी डलर ३०००।- भन्दा बढी मूल्य पर्ने मालवस्तु टुक्राई विभिन्न बैङ्कबाट यस्तो नगद सुविधा एकै पटक ल्याएकोमा जाँचपास गरिदिनु हुँदैन । यो व्यवस्था एक आयातकर्ताको एउटा Consignment को लागि उपलब्ध गराइएको हुँदा त्यसको दुरूपयोग गर्न दिनु हुँदैन ।

१.१७.४ <u>वस्तु विनिमय अन्तर्गत गरिने पैठारी</u>: तिब्बतबाट गरिने पैठारीमध्ये सबैभन्दा पुरानो र विश्व इतिहास मै परम्परागत ब्यापारको रूपमा चिनिएको वस्तु विनिमय प्रणाली (Barter system) हाल पनि नेपाल र तिब्बत बीच गरिने ब्यापारमा अस्तित्वमा रहेको छ । यस प्रणालीमा नेपालबाट मालवस्तु निकासी गरी सोही मूल्य वरावरको मालवस्तु चीनको तिब्बतबाट पैठारी गरिन्छ । यस प्रणाली अनुसार पैठारी गर्दा निम्न मालवस्तुहरू पैठारी गर्न पाइनेगरी आर्थिक ऐनले व्यवस्था गरेको छ:

(क) कच्चा ऊन

(ख) जीवित भेडा च्यांग्रा,

(ग) नून

(घ) चौरी गाई र चौरी गाइको पुच्छर

(ङ) गलैंचा

(च) जडीवुटी ।

यस प्रणाली अन्तर्गत निकासी गर्दा प्रज्ञापनपत्रमा वस्तु विनिमय प्रणाली अन्तर्गत भएको निकासी भनी उल्लेख गर्नुपर्दछ । कूल मूल्यको कति परिमाणमा मालवस्तु निकासी भएको हो, सो परिमाण र मूल्य एवं निकासी गर्ने ब्यक्ति वा फर्मको अभिलेख छुट्टै रजिष्टरमा राख्नु पर्दछ । उक्त ब्यक्ति वा फर्मले सो प्रणाली अन्तर्गत पैठारी गरेकोमा माथि उल्लिखित खण्ड (क) देखि (च) सम्मका मालवस्तु हुन् होइनन् सो यकिन गरी निकासी गर्दाको मूल्यले पुग्छ पुग्दैन यकिन गरी कति मूल्यको कुन मितिमा कति सामान पैठारी गऱ्यो भन्ने ब्यहोरा स्पष्ट देखिने गरी अभिलेखमा जनाई राख्नु पर्दछ । वस्तु विनिमय प्रणाली अनुसार निकासी गर्दा मूल्य बढी देखाउने संभावना भएकोले निकासी कर्ताले अस्वभाविक मूल्य घोषणा गरेको छ छैन सो र मालवस्तुको परिमाण बढी घोषणा गरेको छ कि ध्यानपूर्वक जाँच गर्नुपर्दछ ।

१.१७.५ <u>ने.रू.१६,०००।- सम्मको पैठारी</u>: यस अन्तर्गत पैठारी गर्दा मूल्य रू.१६,०००।- सम्मको मालवस्तुको लागि बैङ्किङ भुक्तानी सम्बन्धी कागजात आवश्यक पर्दैन । यो व्यवस्था ३० कि.मि.भित्रका वासिन्दाहरूलाई व्यक्तिगत उपभोग्य वस्तुहरू आयात गर्न झन्झट नहोस् भनी प्रदान गरिएको सुविधा हो । तर सोभन्दा टाढाका व्यक्तिले निजी प्रयोग गर्ने गरी (व्यापारिक प्रयोजन वाहेक) आफूसाथ ल्याएका मालवस्तुहरूमा औचित्य हेरी लाग्ने महसुल लिई छाडिदिन आर्थिक ऐनले बाधा पारेको देखिंदैन ।

१.१८ <u>भारतबाट हुने पैठारी</u>:

१.१८.१ <u>मूल भन्सार कार्यालयबाट हुने पैठारी</u>: भारतबाट नेपालमा मालवस्तु पैठारी गर्दा नेपालको दक्षिण सिमानामा रहेका भन्सार कार्यालयहरूबाट तथा त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट गर्न सकिने व्यवस्था छ । अक्टुवर २००९ मा भारतसँग गरिएको सम्झौता बमोजिम त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई पनि भारतबाट व्यापारिक रूपमा मालवस्तु आयात गर्न पाइने भन्सार विन्दूको रूपमा स्वीकृत भएको छ । भारतबाट मालवस्तु आयात गर्दा तेस्रो मुलुकबाट आयात गरिने मालवस्तुको तुलनामा पेश गर्नुपर्ने कागजातहरू केही फरक तथा कमी हुन्छन् । भारतबाट मालवस्तु आयात गर्ने क्रममा भन्सार क्षेत्रमा प्रवेश गर्दा, मालवस्तु गोदाम दाखिला गर्दा र गोदामबाट जाँचपासको लागि निकाल्दा एवं जाँचपास भई गेटबाट छाड्दा अपनाउनु पर्ने कार्यविधि एवं कागजातको विस्तृत जाँच गर्ने प्रक्रिया तेस्रो मुलुकबाट आयात हुने मालवस्तुको जस्तै गरी अपनाउनु पर्दछ । भारतबाट आयात गरिने मालवस्तुमा तेस्रो मुलुकबाट आयात हुने मालवस्तुको आयात प्रक्रियाभन्दा केही भिन्नै प्रक्रियाहरू छन् । भारतबाट मालवस्तु आयात गर्दा निम्न ३ प्रक्रियाद्वारा आयात गरिन्छः

(क) डी.आर.पी. अन्तर्गत गरिने पैठारी,

(ख) इन्वण्ड अन्तर्गत गरिने पैठारी, र

(ग) लोकल पैठारी ।

(क) डी.आर.पी. अन्तर्गत गरिने पैठारी:

नेपाल-भारत बीच भएको व्यापार सन्धि अनुसार भारतमा अन्तःशुल्क लाग्ने मालवस्तु नेपालमा पैठारी गर्दा आयातकर्ताले भारतमा जति अन्तःशुल्क बुझाएको छ सो बरावरको रकम उक्त मालवस्तु नेपालमा पैठारी हुँदा लाग्ने भन्सार महसुलबाट कट्टा गरिन्छ । यसरी कट्टा गरिएको रकम भारत सरकारले सोझै नेपाल सरकारको खातामा नेपालमा भुक्तानी पठाउँछ । यसरी भारतमा असुल गरेको अन्तःशुल्क नेपाल सरकारलाई फिर्ता (Refund) गरिने भएकोले यस प्रक्रियालाई डी.आर.पी. (Duty Refund Procedure) भनिएको हो ।

डी.आर.पी. अन्तर्गत नेपालमा मालवस्तु पैठारी गर्दा कारखानाबाट सिधै आयात हुने भएकोले नेपालमा निकासी गर्ने निकासीकर्ताले नेपाल इन्भ्वाइस भरी सोही इन्भ्वाइसमा भारतीय अन्तःशुल्क भुक्तानी गरेको हुन्छ । नेपाल इन्भ्वाइसलाई डी.आर.पी. फाराम पनि भन्ने गरिन्छ । यो फाराम भारतीय भन्सारले सिलवन्दी गरी भारतको सीमावर्ती भन्सार कार्यालयमा पठाउने भएकोले भारतको सीमावर्ती भन्सार कार्यालयले त्यसमा सिरियल नम्बर लेखी रातो मसीले गोलाकार गर्ने भएकोले यो नम्बरलाई लालक्रमाङ्क Red Circle number भन्ने गरिन्छ ।

डी.आर.पी. अन्तर्गत मालवस्तु आयात भएकोमा सोको जाँचपास गर्ने क्रममा भन्सारका कर्मचारीले निम्न कुराहरूमा ध्यान पुऱ्याउनु पर्दछ:

(अ) प्रज्ञापनपत्रसाथ निम्न कागजातहरू संलग्न भएको हुनुपर्दछ:

- ब्यापारिक बीजक (Commercial Invoice),
- नेपाल इन्भ्वाइस (डि आर पी फाराम),

- प्याकिङ्ग लिष्ट,
- विमाको कागज,
- ढुवानीको कागज,
- विल अफ एक्स्पोर्ट,
- स्थायी लेखा नम्बर प्रमाणपत्र,
- कुनै निकायको सिफारिसमा पैठारी गर्नुपर्ने मालवस्तु भएमा त्यस्तो सिफारिस,
- सवारी साधनहरू पैठारी भएकोमा त्यसका Type approval र Confirmity of production को प्रमाणपत्र,
- प्रतीतपत्र वा अन्य बैङ्किङ कागजातको माध्यमबाट आयात गरेको भएमा प्रतीतपत्र/ड्राफ्ट/टी.टी. र बैङ्कबाट जारी गरिएको वि.वि.नि. फाराम,
- फर्म रजिष्ट्रेशनको प्रमाणपत्र, र
- उद्योग भएमा उद्योग दर्ताको प्रमाण पत्र ।

उपर्युक्त कागजातमध्ये स्थायी लेखा नम्बरको प्रमाणपत्र, उद्योग दर्ताको प्रमाणपत्र, फर्म रजिष्ट्रेशनको प्रमाणपत्र एवं भन्सार एजेन्ट नियुक्ति गरेकोमा भन्सार एजेन्ट नियुक्तिको प्रमाणपत्र एक पटक पेश गरेपछि पछि प्रत्येक Consignment मा पेश गर्नुपर्दैन । एकपटक पेश गरेपछि त्यसैलाई अभिलेख राखी त्यस्ता कागजातको Validity को आधारमा एक आर्थिक वर्ष या निश्चित अवधिको लागि कायम गर्न सकिन्छ ।

(आ) डी.आर.पी. अन्तर्गत पैठारी गरिएको मालवस्तुमा कागजात जाँच गर्दा निम्न विषयमा विशेष ध्यान दिनुपर्दछ:

- नेपाल इन्भ्वाइस (डी.आर.पी. फाराम) मा लालक्रमाङ्क (Red Circle) लागेको छ, छैन ?
- लाल क्रमाङ्क (Red Circle) यसपूर्व पैठारी गरिएको मालवस्तुको नेपाल इन्भ्वाइसको लाल क्रमाङ्कसँग दोहोरो परेको छ कि ?
- नेपाल इन्भ्वाइसमा भारतमा असुल गरिएको अन्तःशुल्क रकमको दर एवं रकम उल्लेख गरिएको छ, छैन ?
- नेपाल इन्भ्वाइसमा PLA नम्बर वा RG नम्बर वा CENVAT वा Duty payble भनी लेखिएको छ, छैन ?
- नेपाल इन्भ्वाइसमा Duty under protest भनी लेखिएको छ कि ?
- नेपाल इन्भ्वाइस भारतीय अन्तःशुल्क अधिकारीद्वारा प्रमाणित गरिएको छ, छैन ?

नेपाल इन्भ्वाइसमा लालक्रमाङ्क दोहोरिएको **Duty under protest** लेखिएको, **RG** नम्बर वा PLA नम्बर वा **duty payble** नलेखिएको, नेपाल इन्भ्वाइस भारतीय अन्तःशुल्क अधिकारीले प्रमाणित नगरेको र भारतीय अन्तःशुल्कको छाप नलागेको अवस्थामा भारतमा असुल भएको अन्तःशुल्क फिर्ता नआउने भएकोले यस्तो अवस्थामा मालवस्तु जाँचपास गर्दा भारतमा बुझाएको अन्तःशुल्क कट्टा नगरी पुरै महसुल असुल गर्नुपर्दछ ।

- नेपाल इन्भ्वाइसहरूमा आयातकर्ताको नाम, ठेगाना एवं निर्यातकर्ताको नाम, ठेगाना उल्लेख गरिएको छ छैन ?
- नेपाल इन्भ्वाइसमा मालवस्तुको नाम परिमाण, भन्सार शीर्षक, उपशीर्षक उल्लेख भएको छ, छैन ?
- अन्तःशुल्क लगाउने प्रयोजनको लागि कायम गरिएको मूल्य (Assessable value) भारतीय अन्तःशुल्क दर र असुल भएको अन्तःशुल्क स्पष्ट उल्लेख भएको र मिलेको छ, छैन ?

नेपाल इन्भ्वाइसमा उल्लेख गरिएको मूल्यमा भन्सार उपशीर्षक बमोजिम लाग्ने दर हिसाव गर्दा भारतमा असुल गरिएको अन्तःशुल्क कम देखिएमा नेपाल इन्भ्वाइसमा उल्लिखित मूल्यमा भन्सार उपशीर्षक बमोजिम लाग्ने दर हिसाव गरी बाँकी रकम भन्सार कार्यालयले असुल गर्नुपर्दछ ।

- भारतीय अन्तःशुल्क असुल गर्दा कुनै छुट दिइएको भएमा त्यस्तो छुट एम.आर.पी मूल्यमा दिइएको कुरा उल्लेख गरिएको छ, छैन ?

एम.आर.पी. उल्लेख नगरी नेपाल इन्भ्वाइसमा भारतीय अन्तःशुल्क छुट दिइएको देखिएमा त्यस्तो छुटलाई मान्यता नदिई उल्लिखित मूल्यमा लाग्ने दरबमोजिम हिसाव गर्दा असुल भएको भारतीय अन्तःशुल्क कमी देखिएमा त्यस्तो फरक रकम असुल गर्नुपर्दछ ।

- नेपाल इन्भ्वाइस र व्यापारिक इन्भ्वाइसमा उल्लिखित मूल्य फरक छ कि?

नेपाल इन्भ्वाइस र व्यापारिक इन्भ्वाइसमा मूल्य फरक देखिएकोमा नेपाल इन्भ्वाइसमा मूल्य बढी देखिए केही गर्नु पर्दैन तर व्यापारिक इन्भ्वाइसमा मूल्य बढी देखिएमा फरक मूल्यमा महसुल असुल गर्नुपर्दछ ।

- नेपाल इन्भ्वाइसमा Duty nil अथवा Duty exempted लेखिएको छ कि ?

नेपाल इन्भ्वाइसमा Duty nil अथवा duty exempted लेखिएकोमा पुरै महसुल असुल गरी जाँचपास गर्नु पर्दछ ।

डी.आर.पी. अन्तर्गत पैठारी हुने मालवस्तुको नेपाल इन्भ्वाइसमा साधारण कैफियत देखिएमा पनि भारतबाट अन्तःशुल्क रकम फिर्ता नहुने भई राजस्वमै घाटा लाग्ने भएकोले यसमा विशेष गंभीर भएर हेरिनु पर्दछ । भारतमा असुल गरिएको कस्ता कस्ता रकम नेपालको भन्सार विन्दूमा कट्टा गर्न मिल्छ अर्थात् भारत सरकारले फिर्ता दिन्छ भने विषयमा परिपत्र सँग्रह लगायत विभागले समय समयमा गरेका परिपत्र एवं निर्देशनहरू अध्ययन गर्न जरूरी छ ।

नेपाल इन्भ्वाइसहरू छुट्टै रजिष्टरमा सिलसिलेवार नम्बर लेखी दर्ता गर्ने र यथासमयमा प्रमाणित गरी भारतीय भन्सारमा फिर्ता पठाउनु पर्दछ ।

डी.आर.पी. अन्तर्गत पैठारी हुने मालवस्तुको महसुल हिसाव गर्ने उदाहरणः

भारतबाट भा.रू.२,००,००० को मार्वल स्ल्याव पैठारी भएको छ । त्यसमा भाडा तथा विमावापत भा.रू.४०,०००।- लागेको छ । भारतीय अन्तःशुल्क भा.रू.२०,०००।- र एजुकेशन सेस वापत भा.रू.१२८०।- लागेको छ । उक्त मालवस्तुको महसुल हिसाव गर्दा निम्नानुसार गरिन्छः

मालवस्तुको मूल्य ने.रू.	३,२०,०००।-
○ भाडा वीमा तथा सेस रकम रू	६६,११०।-
○ कायम हुने जम्मा मूल्य रू	**३,८६,११०।-**
○ भन्सार दर ३०% ले हुने रू	१,१५,८३३।-
○ भारतबाट पैठारी भएकोले ७% छुट	८,१०८।-
वाँकी भन्सार महसुल	**१,०७,७२५।-**
○ कट्टा गर्नुपर्ने भारतीय अन्तःशुल्क रू	३२,०३०।-
○ वाँकी भन्सार महसुल रू	७५,६९५।-
○ नेपालमा अन्तःशुल्क प्रयोजनको लागि कायम हुने मूल्य रू (मालवस्तुको मूल्य+भाडा, वीमा तथा सेस रकम+ नेपालमा लाग्ने भन्सार महसुल, भारतीय, अन्तःशुल्क समेत)	४,९३,८३५।-
○ अन्तःशुल्क ५% ले हुने रू.	२४,६९२।-
○ भन्सार सेवा दस्तुर रू.	५००।-
○ मू.अ.करको लागि कायम हुने मूल्य रू	५,१९,०२७।-
○ मू.अ. कर १३% ले हुने रू	६७,४७४।-
जम्मा लाग्ने कर महसुल रू	**१,६८,३६१।-**

माथिको उदाहरणमा नेपालमा लाग्ने महसुल हिसाव गर्दा निम्न कुराहरूमा विशेष ध्यान दिनु पर्दछः

१. नेपालमा भन्सार महसुल हिसाव गर्दा आर्थिक ऐन बमोजिम लाग्ने दरवन्दी बमोजिमको दरले हिसाव गरी उक्त रकममा भारतबाट आयात गर्दा दिइने छुट कटाउने ।

२. भारतबाट पैठारी गरेवापत प्रदान गरिने छुट कट्टि गरेपछि बाँकी रहने रकममा भारतीय अन्तःशुल्क रकम कटाउने ।

३. मालवस्तुको मूल्य कायम गर्दा मालवस्तुको मूल्य, भारतमा लागेको अन्तःशुल्क वाहेकका सबै रकम र भाडा, बीमा, जोड्नु पर्दछ ।

४. भारतबाट पैठारी गरिने मालवस्तुमा आर्थिक ऐनले अन्य छुट दिएकोमा भारतबाट पैठारी गर्दा दिइने छुट वा सार्क मुलुकबाट पैठारी गर्दा पाउने छुट र अन्य छुट भएकोमा कुनै एक छुट मात्र कटाउने दोहोरो छुट नदिने ।

५. भारतमा अन्तःशुल्क (BED वा CVD) वा CENVAT बाहेक अन्य शुल्क लागिआएकोमा त्यस्ता शुल्कहरू र भाडा वीमा जोडी सो मूल्यमा लाग्ने महसुल दर हिसाव गरी आर्थिक ऐन, बमोजिमको पाउने कुनै एक छुट घटाउने ।

६. नेपालमा लाग्ने अन्तःशुल्कको लागि मूल्य कायम गर्दा मालवस्तुको मूल्य + भाडा, वीमा तथा अन्य शुल्क वापतको रकम+भन्सारमा तिर्नुपर्ने भन्सार महसुल र भारतीय अन्तःशुल्क रकम समेत जोड्नु पर्दछ ।

७. मूल्य अभिवृद्धि करको लागि मूल्य कायम गर्दा मालवस्तुको मूल्य, भन्सार महसुल, भारतीय अन्त:शुल्क रकम, नेपालमा लागेको अन्त:शुल्क, भाडा, वीमा तथा अन्य शुल्कहरू भए सो रकम र सो मा लागेको भन्सार महसुल समेत जोड्नु पर्दछ ।

८. भारतमा लागेको अन्त:शुल्कको रकम नेपालमा लाग्ने भन्सार महसुल दरभन्दा बढी भएमा भारतीय अन्त:शुल्क कट्टा गर्दा मालवस्तुको कारखाना मूल्यमा लाग्ने महसुल हिसाव गरी भारतीय अन्त:शुल्क कट्टा गरिदिने र भाडा, वीमा तथा भारतमा लागेका सेस रकमहरू, मूल्यमा देखिएको भिन्नता आदि रकम जोडी महसुल असुल गर्ने ।

(ख) इन्वण्ड अन्तर्गत गरिने पैठारी

भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी गरिने पैठारीलाई इन्वण्ड अन्तर्गत गरिने पैठारी भनिन्छ । यस प्रक्रियामा भारतमा परिवर्त्य विदेशी मुद्रामा प्रतीतपत्र खोली सोको माध्यमबाट आयात गरिन्छ । परिवर्त्य विदेशी मुद्रामा आयात गर्दा भारतमा कुनै कर एवं अन्त:शुल्क लाग्दैन । यस प्रकार नेपालमा आयात हुने सामान कारखानाबाट निकाल्दा निर्यातकर्ताले भारतको बजारमा बिक्री गर्न निकालिने मालवस्तुमा लाग्ने अन्त:शुल्क एवं स्थानीय कर रकमको लागि कबुलियत (Bond) गर्दछ । नेपालमा उक्त मालवस्तु आयात भएको कुरा भन्सार अधिकृतले प्रमाणित गरेको फाराम (AR4) फिर्ता प्राप्त भएपछि यो रकम फुकुवा गरिन्छ । भारतमा लाग्ने कर शुल्कको वण्ड गरी नेपालमा आयात गरिने भएकोले यसलाई इन्वण्ड प्रक्रिया भनिएको हो ।

भारतबाट परिवर्त्य विदेशी मुद्रामा कसले आयात गर्न पाउने र कुन प्रक्रिया अन्तर्गत आयात गर्ने एवं कुन

कुन मालवस्तु आयात गर्न पाउने भन्ने विषयमा नेपाल राष्ट्र बैङ्क विदेशी विनिमय विभागले समय समयमा परिपत्र जारी गरेको हुन्छ । यस सम्बन्धमा नेपाल राष्ट्र बैङ्क, विदेशी विनिमय विभागबाट जारी गरिएको इ.प्रा. परिपत्र संख्या ३८३ एवं ४४५ विशेष महत्वपूर्ण छन् । यस परिपत्रमा आयात प्रतीतपत्र खोल्दा अपनाउनु पर्ने प्रक्रिया, आयात प्रतीतपत्र अन्तर्गत भुक्तानी प्रक्रिया, आयात प्रतीतपत्र सम्बन्धी अन्य अनिवार्य व्यवस्थाहरू उल्लेख गरिएका छन् ।

भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी आयात गर्ने व्यवस्थाका सम्बन्धमा विस्तृत जानकारीको लागि परिपत्र संग्रह, २०६५, भन्सार विभाग, एवं नेपाल राष्ट्र बैङ्कको विदेशी विनिमय व्यवस्थापनद्वारा जारी गरिएको परिपत्रहरूको संग्रह र नेपाल राष्ट्र बैङ्कको website: www.nrb.org.np हेर्नुहोस् ।

इन्वण्डद्वारा मालवस्तु पैठारी भएकोमा भन्सार कार्यालयले निम्न विषयहरूमा ध्यान दिनुपर्दछः

(अ) प्रज्ञापनपत्रसाथ निम्न कागजातहरू संलग्न छन्, छैनन् ?

- प्रतीतपत्र (Letter of Credit),
- नेपाल इन्भ्वाइस (AR4 फाराम),
- वि.वि.नि. फाराम ४,
- प्याकिङ्ग लिष्ट,
- विमाको कागज,
- ढुवानीको कागज,
- विल अफ एक्स्पोर्ट,
- संस्था दर्ता गरेको प्रमाणपत्र,

- स्थायी लेखा नम्बर,
- उद्योग भए उद्योग दर्ताको प्रमाण पत्र,
- भन्सार एजेण्ट नियुक्ति गरेकोमा त्यस्तो नियुक्ति गरेको पत्र,
- कुनै निकायको सिफारिसबाट मात्र पैठारी गर्न पाउनेमा त्यस्तो निकायको सिफारिस,
- सवारी साधनहरू पैठारी गर्दा Type Approval र Confirmity of production को प्रमाण पत्र ।

माथि उल्लिखित कागजातहरूको विस्तृत जाँच गर्ने प्रक्रिया तेस्रो मुलुकबाट आयात गरिने मालवस्तुको सम्बन्धमा अपनाउनु पर्ने प्रक्रिया सरह नै हुन्छ ।

(आ) भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी ल्याउन पाउने भनी नेपाल राष्ट्र बैङ्कले जारी गरेका परिपत्रहरूमा उल्लिखित मालवस्तुहरूको लिष्टमा उक्त मालवस्तु परेको छ, छैन ।

> **परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट पैठारी गर्न पाइने वस्तुहरूको सूचीमा नपरेका मालवस्तु यस प्रकार इन्वण्डद्वारा पैठारी भएमा नेपाल राष्ट्र बैङ्कको स्वीकृति पेश गरेमा सोही अनुसार र यस्तो स्वीकृति पेश नगरेमा परिवर्त्य विदेशी मुद्रा फिर्ता गर्ने र भारतीय रूपैयाँमा भुक्तानी हुने भनी सम्बन्धित बैङ्कले लेखिदिएमा वि.वि.नि. फाराम ४ प्रमाणित नगरी फिर्ता पठाउने र मालवस्तु जाँचपास गरिदिनु पर्दछ ।**

(इ) निम्न प्रक्रिया अन्तर्गत आयात गरिएको छ, छैन :

- प्रतीतपत्र मार्फत मात्र आयात गरिएको,

- भारतको उत्पादनकर्ता फर्म कम्पनीबाट मात्र आयात गरिएको,
- नेपालमा दर्ता भएका उत्पादनमूलक औद्योगिक फर्म, बढीमा ५ मेघाबाट क्षमतासम्मको ऊर्जामूलक उद्योगले मात्र आयात गरेको,
- ढुवानी तथा वीमा शुल्क भारतीय रूपैयामा भुक्तानी गर्ने कुरामा उल्लेख गरिएको, र
- जेनरेटर सेट, स्कूल, कलेज, युनिभर्सिटी, हस्पीटल, नर्सिङ्ग होम लगायतका सँगठित निकायले आफ्नो प्रयोजनको लागि आयात गरेको ।

(ई) नेपाल इन्भ्वाइस (AR4) फाराममा निम्न कुरा उल्लेख छ, छैनः

- लाल क्रमाङ्क,
- मालवस्तुको नाम, परिमाण, र मूल्य,
- आयातकर्ता एवं निर्यातकर्ताको नाम ठेगाना,
- मूल्यमा परिवर्तित विदेशी मुद्रा उल्लेख भएको, र
- भारतीय अन्तःशुल्क अधिकारीबाट प्रमाणित गरिएको ।

नेपाल इन्भ्वाइसमा परिवर्त्य विदेशी मुद्रा उल्लेख नभएकोमा वाणिज्य बीजकमा सो बरावरको परिवर्त्य विदेशी मुद्रा उल्लेख भएको र त्यस्तो विजक एवं नेपाल इन्भ्वाइस सम्बन्धित वाणिज्य बैङ्कले प्रमाणित गरिएको हुनुपर्दछ ।

(उ) नेपाल स्टील रोलिङ मिल्स संघका सदस्य रहेका उद्योगहरूले प्रचलित व्यवस्था अन्तर्गत परिवर्त्य

विदेशी मुद्रा भुक्तान हुने गरी भारतबाट आयात गर्ने एम. एस. विलेट र एम. एस. वायर रडको भन्सार विन्दूमा सामान जाँचपास गर्दा वि.वि.नि. फाराम ४ बढीमा ६० दिनभित्र पेश गर्ने शर्तमा मालवस्तु छाड्न सकिने गरी नेपाल राष्ट्र बैङ्कबाट परिपत्र भएकोले मालवस्तु जाँचपास गर्दाका वखत पेश गर्नु पर्दैन ।

(ऊ) भारतबाट पेट्रोलियम पदार्थ आयात गर्दा इन्वण्डबाटै पैठारी गरिन्छ । पेट्रोलियम पदार्थ नेपाल आयल निगमले मात्र पैठारी गर्ने भएकोले पैठारी गर्दा नेपाल इन्भ्वाइस र व्यापारिक बीजक पेश गरे पुग्दछ ।

(ग) <u>भारतबाट गरिने लोकल पैठारी</u>

लोकल पैठारी भन्नाले भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी इन्वण्ड प्रक्रियाबाट गरिने पैठारी र डी.आर.पी. अन्तर्गत गरिने पैठारी बाहेक भारतीय स्थानीय बजारमा खरिद गरी पैठारी गरिने वा भारतीय रूपैयाँमा प्रतीतपत्र खोली गरिने आयातलाई लोकल पैठारी सम्झिने गरिएको छ । यसरी गरिने पैठारी कारखाना वा उत्पादकबाट सिधै आयात गरिएको पनि हुन सक्छ तर यसको भुक्तानी भारतीय रूपैयाँमा नै गरिने गरिन्छ । भारतबाट लोकल पैठारी गर्दा भन्सार कार्यालयमा निम्न कागजहरू पेश गर्नुपर्दछः

१. प्रज्ञापनपत्र,
२. वीजक (इन्भ्वाइस),
३. प्याकिङ्ग लिष्ट,
४. बैङ्किङ कागजातबाट पैठारी गरिएकोमा प्रतीतपत्र/ड्राफ्ट/टी.टी./वि.वि.नि. फाराम,
५. वीमाको कागजात,

६. कुनै निकायको इजाजत वा सिफारिसमा पैठारी गर्नुपर्नेमा त्यस्तो सिफारिस वा इजाजत,
७. स्थायी लेखा नम्बर प्रमाणपत्र,
८. फर्म/कम्पनी/उद्योग दर्ताको प्रमाणपत्र, र
९. भन्सार एजेन्ट नियुक्ति गरिएकोमा त्यस्तो नियुक्ति पत्र ।

माथि सि.नं ७, ८ र ९ मा उल्लिखित कागजात भन्सार कार्यालयमा पहिलो पटक पैठारी गर्दा पेश गरेपछि प्रत्येक Consignment मा पेश गर्नु नपर्ने गरी भन्सार कार्यालयले अभिलेखवद्ध गरी राख्नुपर्दछ ।

भारतबाट लोकल पैठारी गर्दा पेश भएका कागजातको विस्तृत जाँच, मालवस्तुको भौतिक परीक्षण, महसुल निर्धारण लगायतका प्रक्रियाहरू तेस्रो मुलुकबाट मालवस्तु आयात गर्दा अपनाउनु पर्ने प्रक्रिया जस्तै अपनाउनु पर्दछ ।

भारतबाट लोकल पैठारी गर्दा बैङ्किङ प्रणाली अन्तर्गत नगरिएको र कुनै निकायको सिफारिस आवश्यक पर्ने मालवस्तु नभए पनि प्रज्ञापनपत्र साथ बीजक अनिवार्य रूपमा पेश गरिएको हुनु पर्दछ र एकपटक नेपाली रूपैयाँ १० हजार भन्दा बढीको ब्यापारिक मालवस्तु (निजी उपभोगको वाहेक) पैठारी गर्दा मू.अ. करमा दर्ता गरिएको स्थायी लेखा नम्बर अनिवार्य रूपमा पेश गरिएको हुनुपर्दछ ।

भारतमा रोजगार गरी फर्केका नेपाली नागरिकहरूले आफूले प्रयोग गरेका मालवस्तु पैठारी गर्दा बीजक पेश गर्नु पर्दैन ।

१.१८.२ <u>छोटी भन्सार कार्यालयबाट हुने पैठारी:</u>

नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै भन्सार क्षेत्रमा भन्सार कार्यालय वा छोटी भन्सार कार्यालय स्थापना गर्न सक्ने ब्यवस्था भन्सार ऐन,२०६४ को दफा ४ मा गरिएको छ । नेपालमा भन्सार ऐन, २०१९ बमोजिम स्थापना गरिएका १४३ वटा छोटी भन्सार कार्यालय रहेका छन् । यी छोटी भन्सार कार्यालयहरू

मूल भन्सार कार्यालय अन्तर्गत रहेका छन् । मूलभन्सार कार्यालयबाट यी छोटी भन्सार कार्यालयहरूको प्रशासन, रेखदेख एवं नियन्त्रण हुने गरेको छ । यी छोटी भन्सार कार्यालयहरूलाई भारत सरकारसँग भएको ब्यापार सम्झौता बमोजिम भारतसँग मालवस्तु आयात निर्यात गर्न पाउने हिसावले २ वर्गमा बाडिएको छ:

(१) भन्सार नियमावली, २०६४ को नियम ६२ बमोजिमका अनुसूची १२ मा उल्लिखित निम्न छोटी भन्सार कार्यालयहरू:

- भद्रपुर छोटी भन्सार कार्यालय
- सुठौली छोटी भन्सार कार्यालय
- पृथ्वीपुर छोटी भन्सार कार्यालय
- सती छोटी भन्सार कार्यालय
- दार्चुला छोटी भन्सार कार्यालय

(२) अन्य छोटी भन्सार कार्यालयहरू:

नेपाल भारतसँग अक्टुवर २००९ मा भएको नयाँ वाणिज्य सन्धि अनुसार नेपालका भिस्वा, महेशपुर, ठांडी तथा गुलरिया छोटी भन्सार कार्यालयहरू र त्रि.वि. स्थल भन्सार कार्यालयलाई भारतसँग हुने ब्यापारिक मार्गको रूपमा स्वीकार गरिएको छ ।

भन्सार ऐन, २०६४ को नियम ६२ बमोजिम छोटी भन्सार कार्यालयहरूबाट गरिने पैठारीलाई निम्नबमोजिम ब्यवस्थित गरिएको छ:

माथि पहिलो वर्गमा उल्लिखित ५ वटा छोटी भन्सार कार्यालयहरू बाहेक अन्य छोटी भन्सार कार्यालयहरूबाट एक पटकमा पाँच हजार रूपैयाँसम्म मूल्यको मालवस्तु मात्र पैठारी गर्न पाइने ब्यवस्था छ । यी भन्सार कार्यालहयरूबाट मालवस्तु पैठारी गर्दा सिमाना जोडिएका छिमेकी मुलुकहरूबाट मात्र पैठारी गर्न पाइने हुन्छ । यी भन्सार

कार्यालयहरूबाट सवारी साधनहरूको स्थायी वा अस्थायी पैठारी गर्न पाइदैन । यस्ता भन्सार कार्यालयहरूबाट महानिर्देशकले स्वीकृति दिएमा सिमावर्ती छिमेकी मुलुकबाट अस्थायी सवारी साधन पैठारी गर्न दिने व्यवस्था छ ।

१.८.३ छोटी भन्सार कार्यालयबाट मालवस्तु पैठारी गर्दा ध्यान दिनुपर्ने कुराहरू:

- प्रज्ञापनपत्रमा मालवस्तुको नाम स्पष्ट रूपमा घोषणा गर्न लगाउने,
- प्रज्ञापनपत्रसाथ मालवस्तुको बीजक अनिवार्य रूपले राख्ने,
- पैठारी गरिने मालवस्तु प्रतिवन्धित हुन् होइनन् सो यकिन गर्ने,
- मालवस्तु स्वास्थ्य वा वातावरणीय दृष्टिकोणले हानिकारक देखिएमा वा प्रयोगशाला परीक्षण गरेर मात्र छाड्नु पर्ने देखिएमा त्यस्ता मालवस्तु पैठारी गर्न नदिने,
- कुनै निकायको सिफारिसबाट मात्र आयात गर्न पाइने मालवस्तु देखिएमा त्यस्ता मालवस्तु छोटी भन्सार कार्यालयबाट पैठारी गर्न नदिने,
- भन्सार एजेन्टको उलब्धता नहुने भएकोले जसले मालवस्तु पैठारी गर्न ल्याएको छ प्रज्ञापनपत्र एवं बीजक उसैको नाउँमा हुनुपर्ने,
- पाँचहजार रूपैयाँभन्दा बढीको वस्तु टुकयाएर पटक पटक पैठारी गर्न सक्ने भएकोले एक दिनमा एक ब्यक्तिलाई रू. पाँच हजारभन्दा बढीको मालवस्तु पैठारी गर्न नदिने,
- मालवस्तुको मूल्य यथार्थपरक गर्नुपर्ने भएकोले सन्दर्भ मूल्य पुस्तिकालाई पनि आधार मानी मूल भन्सार कार्यालयसँग एकरूपता हुने गरी मूल्य कायम गर्ने,
- छोटी भन्सार कार्यालयबाट भएको मालवस्तुको पैठारीको पूर्ण विवरण प्रत्येक ७/७ दिनमा मूल भन्सार कार्यालयमा पठाउने,
- मालवस्तु पैठारी गर्दा भन्सार सम्बन्धी कुनै समस्या आई परेमा मूल भन्सार कार्यालयका प्रमुखको निर्देशानुसार गर्ने,

- पैठारी गर्न नपाइने मालवस्तुहरूको सूची तथा पैठारी गर्न पाइने मालवस्तुहरूको मूल्याङ्कनको सीमा सबैले देख्ने गरी भन्सार कार्यालयमा राख्ने,
- प्रज्ञापनपत्रमा छोटी भन्सार कार्यालयका प्रमुखले हस्ताक्षर गरी जाँचपास गर्ने । निजको अनुपस्थितिमा सो मुनिका कर्मचारीले जाँचपास गर्ने,
- कार्यालय सहयोगी वा श्रेणीविहिन कर्मचारीहरूले मालवस्तु जाँचपास नगर्ने,
- स्थानीय प्रशासनसँग समन्वय गरी चोरी पैठारीलाई विशेष निगरानी एवं नियन्त्रण गर्ने,
- मूल भन्सार कार्यालयलाई चोरी पैठारी सम्बन्धमा सूचना उपलब्ध गराई नियन्त्रण गर्न विशेष पहल गर्ने ।

१.१९ **भारतबाट मालवस्तु पैठारी गर्दा भन्सार महसुल छुट पाउने ब्यवस्थाः**

भारतबाट मालवस्तु पैठारी गर्दा आर्थिक अध्यादेश, २०६७ बमोजिम विभिन्न छुट पाउने ब्यवस्था गरिएको छ । उक्त ऐलने दिएको छुट प्रदान गर्दा निम्नानुसार प्रक्रिया पुगेको अवस्थामा मात्र त्यस्तो छुट दिई महसुल निर्धारण गर्नुपर्दछः

१.१९.१ आर्थिक अध्यादेश, २०६७ को अनुसूची-१ को दफा ३ बमोजिमको छुटः

भारतमा उत्पादित मालवस्तु भारतबाटै नेपालभित्र पैठारी हुँदा मूल्यगत दर लाग्ने मालवस्तु डी.आर.पी. वा बैङ्किङ प्रणाली अनुसार पैठारी गरिएको अवस्थामा मात्र ३० प्रतिशतसम्म भन्सार महसुल दर भएकोमा सात प्रतिशत र सोभन्दा बढी भन्सार महसुल दर भएकोमा पाँच प्रतिशत भन्सार महसुल दरमा छुट दिने ।

> उदाहरणको लागि शीर्षक ८७०३ मा पर्ने कार, जीप एवं भ्यानहरूमा भन्सार दर ८० प्रतिशत तोकिएको छ । यस्ता सवारी साधनहरू भारतबाट डी.आर.पी. वा बैङ्किङ प्रणालीबाट पैठारी भएमा ८० प्रतिशत मा ५ प्रतिशत छुट दिँदा ४ प्रतिशत विन्दूले छुट भई ७६ प्रतिशत भन्सार महसुल दर लाग्दछ । त्यसैगरी भारतबाट शीर्षक १७०१ मा पर्ने चिनीमा भन्सार दर १५ प्रतिशत तोकिएको छ । यस्तो चिनी भारतबाट डी.आर.पी. वा बैङ्किङ प्रणाली अनुसार पैठारी भएमा ७ प्रतिशत छुट दिँदा १.०५ प्रतिशत विन्दूले छुट हुने भई १३.९५ प्रतिशत मात्र लाग्दछ ।

१.१९.२ <u>आर्थिक अध्यादेश, २०६७ को अनुसूची-१ को दफा ६ बमोजिमको छुटः</u>

नेपाल सरकारको संवेदनशील सूचीमा परेका वाहेकका सार्क मुलुकमा उत्पादित मालवस्तु सोही मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकबाटै विल/बीजक बनी सोही मुलुकबाटै पैठारी भएमा २०६२ साल पौष १७ गते कायम रहेको दरमा आंशिक छुट दिने व्यवस्था दफा ६ मा गरिएको छ । यसरी पैठारी हुने मालवस्तुमा कुन दरमा भन्सार महसुल दर लाग्दछ भन्ने कुरा प्रत्येक मालवस्तुको उपशीर्षकमै सार्क मुलुकबाट पैठारी हुँदा लाग्ने दर भन्सार महसुल दरवन्दी २०६७/६८ मा तोकिएको छ । भारत पनि सार्क मुलुक भएकोले यो छुट प्रदान गर्नुपर्ने हुन्छ । यस्तो छुट प्रदान गर्दा निम्न बमोजिमको शर्त पूरा भएको मालवस्तुहरूमा मात्र प्रदान गर्नुपर्दछः

- आर्थिक अध्यादेश, २०६७ को दफा २० मा उल्लिखित संवेदनशील सूचीको उपशीर्षकहरूमा नपरेका,
- भारतबाट प्रतीतपत्रको माध्यमबाट पैठारी भएको,
- भारतमै उत्पादन भएको वा बनाइएको प्रमाणित हुने साफ्टा सम्झौता बमोजिमको ढाँचामा अधिकार प्राप्त अधिकारी वा निकायबाट जारी गरिएका साफ्टा उत्पत्तिको प्रमाणपत्र पेश गरिएको,
- भारतबाटै चलान (Shipment) भई आएको ।

१.१९.३ आर्थिक अध्यादेश, २०६७ को अनुसूची- १ को दफा १४ को खण्ड (ञ) बमोजिमको छुटः

यस प्रावधान बमोजिम छुट प्रदान गर्दा भारतमा उत्पादन भएका र भारतबाटै पैठारी गरेका भन्सार दरवन्दीको भाग २५ र २६ मा पर्ने उक्त खण्डमा तोकिएका उपशीर्षकमा पर्ने मालवस्तुमा भन्सार महसुल पूर्ण छुट दिनु पर्दछ ।

१.१९.४ आर्थिक अध्यादेश, २०६७ को अनुसूची- १ को दफा १४ को उपदफा (३) को खण्ड (ट) बमोजिमको छुटः

यस अन्तर्गतका छुट प्रदान गर्दा भन्सार दरवन्दीको शीर्षक ५२०८, ५२०९ र ५२१२ मा पर्ने सूती कपडा भारतबाटै पैठारी गरी ल्याएको अवस्थामा मात्र पाँच प्रतिशत भन्सार महसुल लाग्दछ । सूती कपडा सार्क मुलुकबाट पैठारी हुँदा भन्सार महसुल दरवन्दीमा पनि भन्सार दर पाँच प्रतिशत नै उल्लेख भएको छ । सार्क मुलुकबाट पैठारी हुँदा साफ्टा (SAFTA) सम्झौता बमोजिम छुट दिनको लागि प्रतीतपत्रको माध्यमबाट पैठारी भएको र SAFTA सम्झौता बमोजिमको ढाँचामा आधारित निकायबाट जारी गरिएको उत्पत्तिको प्रमाणपत्र लगायतको विधि पुगेको हुनुपर्ने हुन्छ । तर यस प्रावधान (दफा १४(३)(ट)) बमोजिम छुट दिँदा प्रतीतपत्र वा बैङ्किङ प्रणालीबाट पैठारी गरेको हुनुपर्ने व्यवस्था छैन । यसैगरी सुतीको भित्री कट्टु, सुतीको ब्रेसियर तथा सुतीको पेन्टी पनि भारतबाट पैठारी गरेको अवस्थामा मात्र यस प्रावधान बमोजिमको छुट (भन्सार महसुल १० प्रतिशत लिई बाँकी छुट) दिन मिल्छ, तेस्रो मुलुकबाट पैठारी भएकोमा यो छुट दिन मिल्दैन, दिन हुँदैन ।

१.१९.५ आर्थिक अध्यादेश, २०६७ को अनुसूची- १ को दफा १६ बमोजिमको छुटः

आर्थिक अध्यादेश, २०६७ को अनुसूची-१ को दफा १६ मा भारत तथा तिब्बतबाट पैठारी गरेको अवस्थामा मात्र भन्सार महसुल छुट पाउने गरी खण्ड १ देखि खण्ड १५ सम्म विभिन्न शीर्षक तथा उपशीर्षकहरू तोकिएका छन् । यी शीर्षक उपशीर्षक अन्तर्गत पर्ने मालवस्तु भारत तथा तिब्बतबाट पैठारी हुँदा पूर्णरूपले भन्सार महसुल छुट हुन्छ । तर यो दफा आर्थिक अध्यादेश, २०६७ को दफा ४ सँग आवद्ध छ । आर्थिक अध्यादेश, २०६७ को दफा ४ मा अनुसूची -१ को दफा १६ मा उल्लिखित मालवस्तु पैठारी हुँदा पाँच प्रतिशतका दरले कृषि सुधार शुल्क

लाग्ने व्यवस्था भएकोले यस प्रावधान बमोजिम भन्सार महसुल छुट भएपनि ५ प्रतिशतका दरले कृषि सुधार शुल्क असुल गर्नुपर्दछ । दफा १६ मा पर्ने मालवस्तुहरू भारत तथा तिब्बत बाहेकका मुलुकहरूबाट पैठारी भएकोमा भने भन्सार महसुल दर नै लाग्दछ र भन्सार महसुल दर लाग्ने मालवस्तुमा कृषि सुधार शुल्क लाग्दैन ।

१.२० **यात्रु शाखाबाट गरिने पैठारीः**

भन्सार कार्यालयहरूको मुख्य गेटहुँदै विदेशबाट आएका यात्रुहरूले ल्याउने मालवस्तुहरूलाई अन्य ब्यापारिक मालवस्तुहरू सरह प्रक्रियामा लैजांदा झन्झटिलो र लामो समय लाग्ने भएकोले यस प्रकार विदेश गएका नेपाली यात्रुहरू वा सिमानाका वासिन्दाहरूले आफ्नै प्रयोगको लागि आयात गरेका मालवस्तुहरूलाई भन्सार कार्यालयको मूल गेटमा खटिएका यात्रु शाखाका कर्मचारीहरूद्वारा जाँचपास गरिन्छ । यस प्रकार जाँचपास गरिने मालवस्तुहरूको लागि भन्सार नियमावली, २०६४ को नियम ६०क मा संक्षित प्रज्ञापनपत्रको ब्यवस्था गरिएको छ । यो प्रज्ञापनपत्रको ढाँचा उक्त नियमावलीको अनुसूची-१० क मा दिइएको छ र यो प्रज्ञापनपत्र भर्दा ध्यान दिनुपर्ने कुराहरू पनि उक्त अनुसूचीमा दिइएको छ ।

यो संक्षिप्त प्रज्ञापनपत्रबाट निजी प्रयोगका रू.५,०००।- सम्म भन्सार मूल्य भएका मालवस्तु वा निजी गुण्टा झिटी भारी सम्बन्धी सूचनामा समदरमा महसुल तिरी ल्याउन पाउने भनी उल्लेख भएका मालवस्तुहरू मात्र पैठारी गर्न सकिने ब्यवस्था भएकोले यसबाट ब्यापारिक प्रयोजनका मालवस्तुहरू पैठारी गर्न पाइदैन । यस प्रज्ञापनपत्रबाट पैठारी गरेका मालवस्तुहरू ब्यापारिक कारोवारका सम्बन्धमा प्रमाणको रूपमा लिन मिल्दैन ।

यस प्रकार यात्रु शाखाबाट जाँचपास गर्दा यात्रु शाखामा खटिएका कर्मचारीहरूले निम्न कुराहरूमा ध्यान दिनुपर्दछः

१. रू.५०००।- मूल्यभन्दा बढीको मालवस्तु यात्रु शाखाबाट जाँचपास नगर्ने,
२. ब्यापारिक उद्देश्यले पैठारी गरेका मालवस्तु जाँचपास नगर्ने,

३. यात्रुले ल्याएका मालवस्तु पैठारीको निमित्त प्रतिवन्ध लागेका वा परिमाणात्मक वन्देजमा परेका मालवस्तु हुन होइनन् यकिन गरेर त्यस्तो भएको नपाइएमा मात्र नं. १ मा उल्लिखित मूल्यसम्मका निजी प्रयोगका मालवस्तु जाँचपास गर्ने,

४. यात्रुले मालवस्तुको बीजक पेश गरेमा सो बीजक जाँचवुझ गर्ने र सन्दर्भ मूल्य पुस्तिका, अभिलेख मूल्य, वा उक्त मालवस्तुको बजार मूल्यलाई समेत विचार गरी मूल्य कायम गरी जाँचपास गर्ने ।

५. यात्रुले बीजक पेश गर्न असमर्थ भएमा वा यात्रुसँग नभएको अवस्थामा पनि माथि नं. ४ बमोजिम मूल्य कायम गर्ने,

६. प्रज्ञापनपत्रमा मालवस्तुको नाम एवं परिमाण स्पष्टसँग उल्लेख गर्न लगाउने वा उल्लेख गर्ने,

७. मालवस्तुमा भन्सार महसुल, मूल्य अभिवृद्धि कर दुवै गर्दा जम्मा लाग्ने दर एकीकृत रूपमा उल्लेख गर्ने,

८. महसुल रकम लेखिएको महलमा भन्सार महसुल मूल्य अभिवृद्धि कर एकमुष्ट रूपमा उल्लेख गर्ने,

९. मालवस्तुको नाम, परिमाण, मूल्य महसुल (कम्प्यूटर को सुविधा भएको भन्सार कार्यालयमा) कम्प्यूटर इन्ट्री गरी दैनिक तथ्याङ्क भन्सार कार्यालयको सर्भरमा पठाउने,

१०. सवारी साधनको अस्थायी पैठारी गर्दा सवारी धनीको व्ल्यू बुकको प्रतिलिपि प्रज्ञापनपत्रसाथ अनिवार्य राख्ने र त्यस्ता सवारी साधनहरूको विवरण छुट्टै रजिष्टर खडा गरी राख्ने, कम्प्यूटर सुविधा भएकोमा कम्प्यूटरमा इन्ट्री गरी राख्ने,

११. नजिकको बजारसम्म फिर्ता हुनेगरी अस्थायी पैठारी गरेका सवारी साधनहरू सोही दिन फिर्ता भए पछि अभिलेखमा “फिर्ता” भनी उल्लेख गर्ने र फिर्ता नभएमा सवारी साधनहरूको अभिलेख तयार गरी प्रमुखले भन्सार अधिकृत समक्ष पेश गर्ने,

१२. मालवस्तु खन्याई रित्तै फर्केका सवारी साधनहरूमा कुनै मालवस्तु राखी वा लुकाई छिपाई लैजान लागिएको छ कि जाँच गरेर मात्र छाड्ने,

१३. भन्सार जाँचपास नगराई कुनै पनि मालवस्तु, सवारी साधन वा ढुवानी साधन जान नदिन यात्रु शाखाका कर्मचारीहरूले विशेष निगरानी गरी नियन्त्रण गर्नु पर्दछ । कसैले जवरजस्ती गर्न खोजेमा प्रमुख भन्सार अधिकृत/भन्सार अधिकृतलाई तुरून्त जानकारी गराई नियन्त्रणमा लिनु पर्दछ,

१४. विदेशी नम्बर प्लेटका वा स्वदेशी नम्बर प्लेटका सवारी साधनहरू ओहोर दोहोर गर्दा त्यस्ता सवारी साधनहरूको भन्सार कागजात माग गरी भिडाउने र सवारी साधनभित्र कुनै मालवस्तु भए नभएको जाँच गरेर मात्र छाड्ने,

१५. कार्नेे सुविधामा पैठारी गरिएका सवारी साधनहरू यस कार्यविधिको १.१४.२ मा उल्लिखित प्रक्रिया बमोजिम मात्र जाँचपास गर्ने ।

१.२१ **वण्डेड वेयर हाउस अन्तर्गत गरिने पैठारीः**

विदेशमा निकासी गरिने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ वा करमुक्त पसलमा बिक्री गरिने मालवस्तु बैङ्क जमानत सुविधामा पैठारी गरी राख्न विभागबाट इजाजत प्राप्त गोदाम नै वण्डेडवेयर हाउस हो । यस अन्तर्गत विदेशमा निकासी गर्ने उद्योगहरूले निकासी गर्ने मालवस्तु तयार गर्न कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल पैठारी गर्न पाउँछन् । त्यसैगरी नेपालमा करमुक्त पसल सञ्चालन गर्न स्वीकृति लिएका फर्म वा एजेन्सीहरूले करमुक्त पसलमा बिक्री गर्ने मालवस्तु पनि वण्डेड वेयर हाउसको स्वीकृति लिएर बैङ्क जमानतमा आयात गर्दछन् ।

वण्डेडवेयर हाउसमा राख्ने मालवस्तु पैठारी गर्दा त्यस्ता मालवस्तुमा पैठारीको अवस्थामा लाग्ने सम्पूर्ण कर महसुल बराबरको रकमको नेपाल राष्ट्र बैङ्कबाट जमानत जारी गर्न स्वीकृति पाएका वाणिज्य बैङ्कहरू वा वित्तीय कम्पनीको बैङ्क जमानत पत्र भन्सार कार्यालयमा पेश

गर्नुपर्दछ । यसप्रकार पैठारी हुने मालवस्तुको सम्पूर्ण प्रक्रिया अन्य मालवस्तु पैठारी गर्दा अपनाउनु पर्ने प्रक्रिया सरह नै अपनाउनु पर्दछ । प्रज्ञापनपत्रसाथ पेश गरिनुपर्ने सम्पूर्ण कागजातहरू पेश गर्नुपर्दछ । यस अन्तर्गत पैठारी गर्ने मालवस्तुमा विशेष गरी निम्न कुराहरूमा थप ध्यान दिनुपर्ने हुन्छः

- वण्डेड वेयर हाउसको इजाजत पत्रमा उल्लिखितको नाम, ठेगाना, आयातकर्ता उद्योग वा कम्पनीसँग मेल खान्छ, खाँदैन ?
- वण्डेड वेयर हाउस म्यादभित्रैको अर्थात् नवीकरण गरिएको छ, छैन ?
- आयात गर्न लागिएको मालवस्तु वण्डेड वेयर हाउसको उद्देश्यसँग मेल खान्छ, खादैन ?
- प्याकिङ्ग मेटेरियल पैठारी गर्न लागेकोमा ती प्याकिङ्ग मेटेरियल नेपालमा उत्पादन हुने हुन् कि होइनन् ?
- नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलमा नेपालमा उत्पादन नहुने भनी उद्योग विभागले मालवस्तुको नाम एवं परिमाण आयात गर्न सिफारिस गरेको छ, छैन ?
- यस पूर्व पैठारी गर्दा राखेको बैङ्क जमानतको समयमै फुकुवा गरेको वा बैङ्कसँग दावी गरेकोमा समयमा प्राप्त भएको छ, छैन ?
- बैङ्क जमानत अधिकार प्राप्त बैङ्क वा वित्तीय निकायबाट जारी भएको हो, होइन ?
- बैङ्क जमानतमा उल्लिखित रकम पैठारी गर्न लागिएको मालवस्तुमा लाग्ने कर महसुल एवं सोको २५ प्रतिशत थप गर्दा पुग्छ, पुग्दैन ?
- बैङ्क जमानत जारी गर्ने बैङ्क वा वित्तीय संस्था भएमा पूर्व जारी गरिएको बैङ्क जमानतको रकम भन्सार कार्यालयले माग गर्दा दिन नसकेको (Defaulter) हो कि ?
- करमुक्त पसलमा बिक्री गर्न आयात गरिने मालवस्तुको नाम, मूल्य र परिमाण भन्सार विभागले स्वीकृति दिएको नाम मूल्य र परिमाणसँग मिल्छ, मिल्दैन ?

- करमुक्त पसलमा बिक्री गर्न आयात गरिएको मालवस्तु आयात गर्ने निकायले करमुक्त पसलमा बिक्री गर्ने स्वीकृति प्राप्त गरेको छ, छैन ?
- बैङ्क जमानतमा आयातकर्ताको नाम, मालवस्तुको विवरण मूल्य एवं बैङ्क जमानत दिइएको ब्यहोरा तथा रकम स्पष्ट उल्लेख छ, छैन ?
- बैङ्क जमानतमा भन्सार ऐन एवं नियमावलीमा उल्लेख नभएका कुनै शर्त राखी अर्थात् सशर्त दिइएको छ कि ? यसरी शर्त राखिएको भएमा त्यस्तो बैङ्क ग्यारेण्टी स्वीकार गर्नु हुदैन ।

  उदाहरणको लागि कावु बाहिरको परिस्थिति परी समयमा निकासी गर्न वा करमुक्त पसलमा बिक्री गर्न नसकेकोमा दैवी विपत्ती आदिको कारणले शर्त पूरा गर्न नसकेको आदि ।

> भन्सार कार्यालयको पक्षमा जारी भएको बैङ्क जमानत बराबरको रकम सम्बन्धित भन्सार कार्यालयले माग गरेमा त्यस्तो बैङ्क जमानत जारी गर्ने बैङ्क वा वित्तीय संस्थाले पन्ध्र दिनभित्र सम्बन्धित भन्सार कार्यालयको नाममा भुक्तानी दिनुपर्दछ । यसरी भुक्तानी नगर्ने बैङ्क वा वित्तीय संस्थाबाट जारी भएको वैङ्क जमानत त्यस्तो भुक्तानी प्राप्त नभएसम्म भन्सार कार्यालयले स्वीकार गर्न हुँदैन । (भन्सार नियमावली, २०६४ को नियम १७०) ।

> भन्सार कार्यालयको पक्षमा जारी गरिएको वैङ्क जमानत सम्बन्धित भन्सार कार्यालयबाट फुकुवा भएको लिखित जानकारी प्राप्त नभएसम्म वैङ्क जमानत जारी गर्ने वैङ्क तथा वित्तीय संस्थाले त्यस्तो वैङ्क जमानत बमोजिमको रकम सम्बन्धित भन्सार कार्यालयलाई बुझाउने दायित्वबाट उन्मुक्ति पाएको मानिने छैन । (भन्सार नियमावली, २०६४ को नियम १८ को उपनियम ५क) ।

- बैङ्क जमानतमा मालवस्तु पैठारी गरेपछि भन्सार कार्यालयले बैङ्क जमानतको अभिलेख छुट्टै रजिष्टरमा खडा गरी राख्नु पर्दछ । कम्प्यूटर

सुविधा भएको भन्सार कार्यालयले सो विवरण कम्प्यूटरमा समेत इन्ट्री गरी राख्नुपर्दछ,

- समय समयमा बैङ्क जमानतको म्याद हेर्नु पर्दछ र समय जान लागेका बैङ्क जमानत सम्बन्धमा आयातकर्ताको ध्यानाकर्षण गराउनु पर्दछ,
- बैङ्क जमानतमा उल्लिखित शर्त पूरा गर्नुपर्ने अवधि समाप्त भएको ७ दिनभित्र फुकुवाको कारवाहीमा नरहेका बैङ्क जमानतको दावी सम्बन्धित बैङ्कमा गरिसक्नु पर्दछ,
- बैङ्क जमानतको रकम माग गरेपछि म्यादभित्र भुक्तानी नगर्ने बैङ्क तथा वित्तीय संस्थाको नामावली अद्यावधिक गरी सम्बन्धित भन्सार कार्यालयले मासिक रूपमा भन्सार विभागको अनुगमन एवं इन्टेलीजेन्स शाखामा अनिवार्य रूपमा दिनु पर्दछ ।

१.२२ <u>पासबूक अन्तर्गत गरिने पैठारीः</u>

वण्डेड वेयर हाउसको इजाजतपत्र नलिएका उद्योगहरूले निकासी गर्ने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्ने प्रयोजनको लागि मालवस्तु तयार गर्न लाग्ने कच्चापदार्थ, सहायक कच्चा पदार्थ वा नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल्समा लाग्ने भन्सार महसुल नगद धरौटी राखी पासबूकमा सो विवरणलाई अभिलेखवद्ध गरी पैठारी गर्न पाउने सुविधालाई पासबूक सुविधा वा पासबूक अन्तर्गतको पैठारी भनिन्छ ।

यस अन्तर्गत पैठारी गर्दा भन्सार कार्यालयमा राख्ने र आयातकर्तालाई दिने गरी २ वटा पासबूक (विभागले निर्धारित गरेको ढाँचाको) तयार गर्नुपर्दछ । सो पासबूकमा मालवस्तु आयात गर्दा मालवस्तुको विवरण, परिमाण, मूल्य तथा भन्सार महसुलको विवरण एकातर्फ र अर्कोतर्फ सो कच्चा पदार्थबाट तयारी मालवस्तु निकासी वा स्वदेशमा बिक्री भएपछि त्यसको विवरण भरिन्छ ।

पासबूक अन्तर्गत गरिने पैठारीमा भन्सार महसुल मात्र नगद धरौटीमा राखिन्छ, तर मूल्य अभिवृद्धि कर असुल गरिन्छ । पासबूकमा आयात गरिएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थबाट तयारी मालवस्तु निकासी वा परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिसकेपछि त्यस्तो

पासबूक फुकुवा गरी सम्बन्धित उद्योगलाई फुकुवा गरिएको रकमको पत्र दिइन्छ । यो फुकुवा पत्रमा उल्लिखित रकम बराबर आयातकर्ता उद्योगले पुनः कच्चा पदार्थ आयात गर्न सक्ने भएकोले त्यस्तो पत्रमा कति रकम प्रयोग गरिएको हो, सो जनाई प्रज्ञापनपत्रसाथ सोको प्रतिलिपि राखी पासबूक अद्यावधिक गरिन्छ । यस प्रकार एकपटक पासबूकमा उल्लिखित धरौटी रकम धेरै पटक प्रयोग Revolve हुन सक्दछ ।

१.२२.१ पासबूक अन्तर्गत मालवस्तु जाँचपास गर्दा अपनाउनु पर्ने प्रक्रियाः

- आयातकर्ता उद्योगले वण्डेड वेयर हाउसको सुविधा नलिएको ब्यहोरा समेत उल्लेख गरी पासबूक अन्तर्गत कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल पैठारी गर्नको लागि निवेदन दिएको हुनुपर्दछ ।
- प्रज्ञापनपत्रसाथ संलग्न गरिनु पर्ने सम्पूर्ण कागजात पेश गरेको हुनु पर्दछ ।
- वण्डेड वेयर हाउसको सुविधा लिएको उद्योग हुनु हुँदैन ।
- पासबूकको सुविधामा पैठारी गर्न दिने गरी भन्सार विभागले तोकेको भन्सार कार्यालय हुनु पर्दछ र एउटा उद्योगले यस्तो पासबूकको सुविधा तोकिएको भन्सार कार्यालयमध्ये एउटा भन्सार कार्यालयबाट मात्र लिन पाउने भएकोले यस्तो पासबूकको सुविधा अन्य भन्सार कार्यालयबाट लिए नलिएको जाँचवुझ गरी निवेदनमा पनि अन्य भन्सार कार्यालयबाट पासबूकको सुविधा नलिएको ब्यहोरा उल्लेख गर्न लगाउनु पर्दछ ।
- प्याकिङ्ग मेटेरियल पासबूक सुविधामा जाँचपास गर्दा त्यस्तो प्याकिङ्ग मेटेरियल नेपालमा उत्पादन नहुने भनी उद्योग विभागले प्याकिङ्ग मेटेरियलको विवरण एवं परिमाण सहित प्रमाणित गरी सिफारिस गरेको हुनुपर्दछ ।

- प्रज्ञापनपत्रमा पैठारी गरेको मितिले १२ महिनाभित्र तयारी वस्तु निकासी गरिसक्ने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिसक्ने शर्त उल्लेख गरिएको हुनुपर्दछ ।
- स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्ने भनी कच्चा पदार्थ आयात गरिएकोमा नेपालमा कुन आयोजनालाई बिक्री गर्ने हो सो आयोजना नेपाल सरकारबाट पूर्व वा आंशिक महसुल सुविधा पाउने आयोजना हो होइन निश्चित गर्नुपर्दछ ।
- पासबूक फुकुवा गरिएको पत्रको आधारमा पासबूकमा मालवस्तु जाँचपास गर्दा उक्त पत्रमा उल्लिखित रकम धरौटीमा रहेको छ छैन भिडाउनु पर्दछ । धरौटीमा रहेको रकम सदरस्याहा भईसकेकोमा यसलाई पुनः प्रयोग गर्नु हुँदैन ।
- पैठारी गर्न लागेको मालवस्तु तयारी मालवस्तु नभई कच्चा पदार्थ वा सहायक हुनुपर्दछ र त्यस्तो मालवस्तु जस्ताको तस्तै प्रयोग भई निकासी गरिने प्रकारको हुनुहुँदैन ।
- मालवस्तु पैठारी गर्न कच्चा पदार्थको विवरण मूल्य एवं धरौटी रहेको महसुल भन्सार कार्यालय एवं उद्योगसँग रहने पासबूकमा चढाई भन्सार अधिकृतले प्रमाणित गरिदिनु पर्दछ ।
- निकासी गर्ने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गर्ने म्याद समाप्त भएको ७ (सात) दिनभित्र उद्योगको ध्यानाकर्षण गराउनु पर्दछ ।

१.२३ हुलाक पुलिन्दा तथा कुरियरबाट गरिने पैठारी:

१.२३.१ हुलाक पुलिन्दाबाट गरिने पैठारी:

मालवस्तुहरू हुलाकबाट पुलिन्दाको रूपमा पनि आयात गरिन्छ । हुलाकबाट आयात गरिने मालवस्तुको परिमाण सानो हुन्छ । विदेशमा बसेका मानिसहरूले नेपालमा रहेका आफन्तहरूलाई पठाउने साना साना उपहारका मालवस्तु हुलाकबाट प्राप्त हुन्छन् । त्यसैगरी नेपाल स्थित विदेशी नियोगमा कार्यरत

व्यक्ति वा निकायले कूटनीतिक तथा महसुल सुविधामा आयात गर्ने मालवस्तुहरू पनि हुलाक पुलिन्दाबाट आयात हुने गरेको पाइन्छ ।

हुलाक पुलिन्दाबाट के कति मूल्य एवं परिमाणमा मालवस्तु पैठारी गर्न पाइन्छ भन्ने सम्बन्धमा कानूनी व्यवस्था नियाल्दा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार अन्तर्गत प्रकाशित मिति २०६६।७।१६ को राजपत्रको दफा ७ मा "स्वीकृत बैङ्किङ प्रणाली अन्तर्गत भुक्तानी हुने गरी अमेरिकी डलर ५०० मूल्य सम्मको मालवस्तु र विना भुक्तानी अमेरिकी डलर २०० मूल्य सम्मको सामान हुलाक पुलिन्दाबाट पैठारी गर्न सकिनेछ । बैङ्किङप्रणाली अन्तर्गत भुक्तानी भई पैठारी भएको सामानको हकमा माथि उल्लिखित मूल्यभन्दा बढी मूल्यको पैठारीका लागि वाणिज्य विभागबाट इजाजत लिनु पर्नेछ । विना भुक्तानी पैठारी भएको सामानको हकमा माथि तोकिएभन्दा बढी मूल्यको वस्तु पैठारी भएमा बढी मूल्य जतिमा शतप्रतिशत पैठारी इजाजत दस्तुर लिई वाणिज्य विभागले सो वस्तु लैजान स्वीकृति दिन सक्नेछ" भन्ने उल्लेख भएको छ ।

राजपत्रमा उल्लिखित उपर्युक्त प्रावधानलाई ध्यानमा राख्दा हुलाक पुलिन्दाबाट प्राप्त भएको मालवस्तु जाँचपास गर्दा निम्नविषयमा ध्यान दिनुपर्दछः

- हुलाक पुलिन्दाबाट पैठारी भएका मालवस्तु अमेरिकी डलर २०० भित्रका वा सोभन्दा बढी मूल्यका छन् कि छैनन् यकिन गर्ने ।
- नेपालमा आयात गर्न प्रतिवन्धित या इजाजतपत्र लिएर मात्र पैठारी गर्ने मालवस्तु हुन होइनन्, जाँचवुझ गर्ने ।
- अमेरिकी डलर २०० भन्दा बढी मूल्यका र अमेरिकी डलर ५०० सम्मका भएमा बैङ्किङ प्रणालीबाट भुक्तानी पठाएको भुक्तानी सम्बन्धी कागजात पेश गरिएको छ, छैन ? वि.वि.नि. फाराम ४ जारी भएको छ, छैन, हेर्ने ।

- पेश गरिएका विल बीजक सम्बन्धित बैङ्कबाट प्रमाणित गरिएको छ, छैन ? हेर्ने ।
- अमेरिकी डलर २०० भन्दा बढी तर अमेरिकी डलर ५०० मूल्य ननाघेका मालवस्तुहरूमा माथि लेखिएबमोजिम बैङ्किङ भुक्तानी सम्बन्धी कागजात एवं वि.वि.नि. फाराम ४ समेत पेश भएको र नेपालमा पैठारी गर्दा प्रतिवन्धित भएको नदेखिएकोमा प्रज्ञापनपत्र भरी/भराई नियमानुसारको महसुल लिइ जाँचपास गर्ने ।
- स्वीकृत बैङ्किङ प्रणाली अन्तर्गत भुक्तानी हुने गरी पैठारी गरिएका अमेरिकी डलर ५०० मूल्य भन्दा बढीको मालवस्तु देखिएमा वा अमेरिकी डलर २०० भन्दा बढीको मालवस्तु स्वीकृत बैङ्किङ प्रणाली अन्तर्गत भुक्तानी हुने गरी पैठारी नगरिएको देखिएमा वाणिज्य विभागको स्वीकृति पेश गरेमा मात्र नियमानुसार लाग्ने महसुल लिई जाँचपास गर्ने ।
- प्रयोगशाला परीक्षण गराएर मात्र जाँचपास गर्नुपर्ने मालवस्तु देखिएमा विभागको प्रयोगशाला शाखामा पठाउने ।
- वहुमूल्य मालवस्तुहरूको घटी मूल्य राखी पैठारी गर्न सक्ने संभावना तर्फ विशेष ध्यान दिने र वहुमूल्य तथा संवेदनशील मालवस्तु पैठारी भएको देखिएमा मूल भन्सार कार्यालयको निर्देशन माग गरी सोही बमोजिम गर्ने ।
- वैदेशिक हुलाक भन्सार कार्यालयबाट जाँचपास गरिएका मालवस्तुको विवरण मूल्य तथा महसुल दैनिक रूपमा मूल भन्सार कार्यालयमा अनिवार्य रूपले पठाउने ।

कुटनीतिक सुविधा वा महसुल सुविधा अन्तर्गत आयात गरिएको मालवस्तुहरू तथा गुण्टा भिुटी भारी अन्तर्गत मिति २०६५।७१ को अर्थ मन्त्रालयको सूचना बमोजिमका मालवस्तुहरू पैठारी गर्दा बैङ्किङ भुक्तानी सम्बन्धी कागजातहरू वा वाणिज्य विभागको इजाजतपत्र पेश गर्नु पर्दैन ।

१.२३.२ कुरियरबाट गरिने पैठारीः

नेपालमा कुरियर सेवा सञ्चालन गर्न पाउने गरी स्वीकृति लिएका संस्थाहरूको माध्यमबाट पनि कागजात (Documents) तथा मालवस्तुहरू पैठारी गर्ने गरिएको छ । कुरियरबाट के कति मूल्यका वा के कस्ता मालवस्तु पैठारी गर्न पाइने हो भन्ने विषयमा वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६६।७।१६ गतेको प्रकाशित राजपत्रमा कुनै कुरा उल्लेख भएको देखिँदैन । कुरियर सेवाले नेपालको सरकारी हुलाक सेवाले प्रदान गरेको प्रकृतिका सेवाहरू प्रदान गर्ने भएकोले हुलाक पुलिन्दाबाट पैठारी गर्दा अपनाउनु पर्ने प्रक्रिया यसमा पनि अपनाउनु पर्ने हुन्छ । तसर्थ, प्रकरण ७.१ मा उल्लेख गरिए बमोजिमको प्रक्रिया कुरियर सेवाबाट पैठारी गरिने मालवस्तुहरूमा पनि अवलम्बन गर्नुपर्दछ । यसो गर्दा स्वीकृत बैङ्किङ प्रणाली अन्तर्गत भुक्तानी हुने गरी आयात गरिएकोमा अमेरिकी डलर ५०० मूल्यसम्मको र विना भुक्तानी पैठारी गरिएकोमा अमेरिकी डलर २०० सम्मका मालवस्तु कुरियर सेवाबाट पैठारी भएकोमा नियमानुसार लाग्ने महसुल लिई जाँचपास गरिदिनु पर्दछ ।

कुरियर सेवाबाट आयात गरिने मालवस्तुहरू सानो परिमाण तथा धेरै जना व्यक्तिको हुन सक्ने भएकोले को कस्को के के मालवस्तु हो Menifesto लिई एउटै प्रज्ञापनपत्रबाट पनि जाँचपास गर्न सकिन्छ । तर यसरी जाँचपास गर्दा त्यस्तो मालवस्तु अमेरिकी डलर २०० भन्दा बढी मूल्यको हुनु हुँदैन । यस्तो मालवस्तु जाँचपास गर्दा कुरियर सेवा प्रदायकबाट नै नियमानुसार लाग्ने महसुल असुल गर्नुपर्दछ ।

कुरियर सेवाबाट पैठारी गरिएको अमेरिकी डलर २०० मूल्यभन्दा बढीको मालवस्तुहरूको लागि भुक्तानी सम्बन्धी कागजातहरू अनिवार्य रूपले पेश गर्नुपर्ने भएकोले सम्बन्धित मालवस्तु धनी वा निजले नियुक्त गरेको एजेन्ट मार्फत मात्र जाँचपास गर्नुपर्दछ ।

विना बैङ्किङ भुक्तानी पैठारी गरिएको अमेरिकी डलर २०० भन्दा बढीको मालवस्तु वा बैङ्किङ भुक्तानी भए पनि अमेरिकी डलर ५०० भन्दा

बढीको मालवस्तु जाँचपास गर्दा वाणिज्य विभागको स्वीकृति वेगर जाँचपास गर्नु हुँदैन ।

कुरियर सेवाबाट आयात गरिने मालवस्तुहरूको जाँचपास छिटो छरितो हुने गरी भन्सार कार्यालयका प्रमुखले छुट्टै व्यवस्था गर्नुपर्दछ । कुरियर सेवाको माध्यमबाट पैठारी गरिने मालवस्तुहरूको प्रकृति, आवश्यकता, परिमाण एवं मूल्य समेतलाई विशेष ध्यान दिई राजस्व चुहावट हुन नपाउने उचित प्रवन्ध कार्यालय प्रमुखले गर्नुपर्दछ ।

परिच्छेद-२
निकासी सम्बन्धी कार्यविधि

२. तेस्रो मुलुकमा हुने निकासीः

२.१ मालवस्तुको भन्सार क्षेत्रमा प्रवेशः

नेपालबाट तेस्रो मुलुकमा मालवस्तु निकासी गर्दा सर्वप्रथम निकासीकर्ता वा निजको एजेन्टले निकासी गर्न चाहेको मालवस्तु भन्सार क्षेत्रभित्र ल्याउनु पर्दछ । भन्सार क्षेत्रमा प्रवेश गरेको मालवस्तु सोही दिन निकासी हुने अवस्थामा भन्सार गोदाममा दाखिला गर्नु पर्दैन तर सोही दिन निकासी नहुने अवस्थामा निकासीकर्ताले भन्सार गोदाममा दाखिला गरी पछि निकासी गर्न सक्दछन् ।

२.२ मालवस्तु गोदाम दाखिला गर्ने र गोदामबाट निकाल्नेः

भन्सार गोदाम दुई प्रकारका हुन्छन्; भन्सार कार्यालय आफैले सञ्चालन गरेको भन्सार गोदाम र निजी क्षेत्रबाट सञ्चालन गरेको भन्सार गोदाम । निकासी गर्ने प्रयोजनका लागि भन्सार क्षेत्रमा प्रवेश गरेको मालवस्तु सोही दिन निकासी नहुने भई भन्सार गोदाममा राख्नुपर्ने अवस्थामा निकासीकर्ताले जुन गोदाममा दाखिला गर्ने हो सो गोदाममा मालवस्तुको विवरण खुलाई अभिलेख कायम गरी दाखिला गर्नु पर्दछ । भन्सार कार्यालयले सञ्चालन गरेको भन्सार गोदाममा मालवस्तु दाखिला गर्दा भन्सार कर्मचारीको रोहवरमा भन्सार कार्यालयको स्वीकृति लिई दाखिला गर्नुपर्दछ । निजी क्षेत्रबाट संचालित भन्सार गोदाममा दाखिला गर्नुपर्दा गोदाम संचालकले नै आवश्यक अभिलेख उल्लेख गरेर दाखिला गर्दछन् ।

भन्सार नियमावली, २०६४ मा व्यवस्था भए अनुसार भन्सार गोदाममा राखेका मालवस्तु गोदाम दाखिला भएको मितिले ९० दिनभित्र सम्बन्धित मालवस्तु धनीले जाँचपास गराई छुटाउनु पर्नेछ । तर कुनै मालवस्तु स्वास्थ्यका लागि हानिकारक, छिटो नाश हुने, भन्सार गोदाममा राखिरहन उपयुक्त नहुने वा स्थानको अभावले गर्दा सो म्यादसम्म राखिरहन नसकिने अवस्थाको भएमा भन्सार कार्यालयको प्रमुखले सो म्याद समाप्त हुनु

अगावै पनि त्यस्तो मालवस्तु जाँचपास गराई लैजान मनासिव समय दिई मालवस्तुधनीलाई सूचना दिन सक्नेछ । यस्तो सूचनाको म्यादभित्र मालवस्तुधनीले मालवस्तु जाँचपास गराई नलगेमा भन्सार कार्यालयको प्रमुखले ऐनको दफा ४७ बमोजिमको कारबाही चलाउन सक्नेछ ।

उक्त म्यादभित्र जाँचपास गराई नलगेका मालवस्तुको विवरण त्यस्ता मालवस्तु अन्य व्यक्तिबाट सञ्चालित भन्सार गोदाममा रहेका भए त्यस्तो गोदामको संचालकले अबिलम्ब सम्बन्धित भन्सार कार्यालयमा पठाउनुपर्नेछ । भन्सार कार्यालयको प्रमुखले आफ्नै पहलमा पनि समय समयमा जानकारी लिई ९० दिनभन्दा बढी समयसम्म भन्सार गोदाममा रहिरहेका मालवस्तुका सम्बन्धमा ऐनको दफा ४७ बमोजिम अबिलम्ब कारबाही चलाउनु पर्नेछ ।

२.३ प्रज्ञापनपत्रकासाथ पेश गर्नुपर्ने कागजातहरू:

२.३.१ सामान्य ब्यापारिक मालवस्तुको सम्बन्धमा

भन्सार गोदाममा राखेका मालवस्तु म्यादभित्र निकासी गर्नका लागि मालधनीबाट प्रज्ञापनपत्रकासाथ निम्न कागजातहरू संलग्न गरी भन्सार अधिकृतसमक्ष पेश गरिएको हुनु पर्दछ ।

(क) बीजक (इन्भ्वाइस),

(ख) प्याकिङ्ग लिष्ट,

(ग) उत्पत्तिको प्रमाण पत्र,

(घ) भुक्तानी प्रक्रिया सम्बन्धी बैङ्किङ कागजात,

(ङ) प्रचलित कानूनबमोजिम कुनै निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात ।

प्रचलित कानूनबमोजिम चाहिने सिफारिस, इजाजत वा प्रमाणपत्र भन्नाले निम्न अवस्थामा निम्न बमोजिमका कागजातहरू आवश्यक पर्ने हुनाले अवस्था अनुसार त्यस्ता कागजातहरू समेत प्रज्ञापनपत्रका साथमा पेश गर्नु पर्दछः (**बुँदा २.१.६ को खण्ड (घ) हेर्नुहोस**)

- जि. एस. पी. सुविधा लिनु पर्नेमा जि. एस. पी. फाराम,
- भिसा (VISA) आवश्यक पर्नेमा भिसा,
- बैङ्क ग्यारेन्टी तथा पासबुक सुविधामा कच्चापदार्थ पैठारी गरी तयारी पोशाक निकासी गर्दा कपडाको खपत अनुपातको सिफारिस ।

निकासीकर्ता वा पैठारीकर्ता व्यापारिक फर्म भएमा फर्मदर्ताको प्रमाणपत्र, उद्योग भएमा उद्योग दर्ताको प्रमाणपत्र र त्यस्तो फर्म वा उद्योगको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पहिलोपटक मालवस्तु निकासी वा पैठारी गर्दा भन्सार कार्यालयमा पेश गर्नुपर्नेछ । यस्ता कागजात वा प्रमाणपत्रहरू एकपटक पेश गरेपछि सम्बन्धित कार्यालयले त्यसको अभिलेख राख्नु पर्नेछ र ती कागजातहरू मान्य रहेसम्म प्रत्येक पटक पेश गराउन पर्दैन ।

Cash against Ducument (CAD) को आधारमा निकासी गरिने मालवस्तुमा प्रतीतपत्र आवश्यक पर्दैन तर, यस्तो अनुमति नेपाल राष्ट्र बैङ्कले दिएको हुनु पर्दछ । साथै कुनै व्यक्तिले आफूले प्रयोग गरेका निजी प्रयोगका सामानहरू निकासी गर्दा वा महसुल सुविधा वा कूटनीतिक सुविधा अन्तर्गत निकासी गरिने मालवस्तुहरू वा आयोजनाहरूले आयोजनाको अवधि समाप्त भएपछि फिर्ता लैजाने सामानहरू एवं मर्मतको लागि विदेश लैजाने मालवस्तुहरू निकासी गर्दा माथि लेखिएका सबै कागजातहरू पेश गर्नु पर्दैन र निकासी हुने सामानको प्रकृति अनुसारका कागजातहरू पेश गर्नु पर्दछ । त्यसरी पेश गर्नुपर्ने कागजातहरूका सम्बन्धमा देहायमा उल्लेख गरिएको छ ।

२.३.२. <u>महसुल सुविधा वा कूटनीतिक सुविधामा निकासी हुने मालवस्तुको सम्बन्धमा</u> :

महसुल सुविधा वा कूटनीतिक सुविधा अन्तर्गत मालवस्तु निकासी गर्नका लागि निकासीकर्ताले

प्रज्ञापनपत्रकासाथ निम्न कागजातहरू संलग्न गरी भन्सार अधिकृतसमक्ष पेश गर्नु पर्दछ ।

(क) महसुल सुविधा वा कूटनीतक सुविधा प्रदान गरिएको परराष्ट्र मन्त्रालय र भन्सार विभागको आदेश,

(ख) बीजक वा मालवस्तुको मूल्य देखिने कागज, र

(ग) प्याकिङ्ग लिष्ट ।

२.३.३. आयोजनाले फिर्ता लैजाने मालवस्तुको सम्बन्धमा :

नेपालमा संचालित कुनै आयोजनाले त्यस्तो आयोजना सञ्चालन गर्नका लागि पछि फिर्ता लैजाने शर्तमा विभिन्न मालवस्तु पैठारी गरेका हुन्छन् र कार्य सम्पन्न भएपछि ती मालवस्तु निकासी गर्नुपर्दा निकासीकर्ताले निम्न बमोजिमका कागजातहरू प्रज्ञापनपत्रकासाथ संलग्न गरी भन्सार अधिकृतसमक्ष पेश गर्नुपर्दछ ।

(क) मालवस्तु पैठारी गरेको प्रज्ञापनपत्र,

(ख) मालवस्तु पैठारी गर्दाको बीजक (इन्भ्वाइस),

(ग) मालवस्तु फिर्ता लैजान दिने भन्सार विभागको आदेश, र

(घ) मालवस्तुको प्याकिङ्ग लिष्ट ।

२.३.४. मर्मतको लागि लैजाने मालवस्तुको सम्बन्धमा :

नेपालबाट कुनै मेशिनरी, यन्त्र, उपकरण आदि विदेशमा लगी मर्मत गरेर पुनः नेपालमा नै पैठारी गर्ने गरी निकासी गर्नु परेमा निकासीकर्ताले निम्न बमोजिमका कागजातहरू प्रज्ञापनपत्रकासाथ संलग्न गरी भन्सार अधिकृतसमक्ष पेश गर्नुपर्दछ ।

(क) मालवस्तु पैठारी गरेको भए सोको प्रज्ञापनपत्र,

(ख) मालवस्तु पैठारी गर्दाको बीजक,

(ग) पैठारी गरेको मालवस्तुमध्ये आंशिक मालवस्तु मर्मत गर्न लैजान लागेकोमा पैठारी गर्दाको विल पेश गर्न नसकेमा वा त्यसबाट मूल्य छुट्टिन नसक्ने भएमा निकासीकर्ताबाटै त्यस्तो मूल्यको विवरण खुलेको कागज पेश गराउनु पर्दछ ।

(घ) पैठारी हुँदाका वखतको प्रज्ञापनपत्र पेश गर्न नसकेमा निकासीकर्ताको तर्फबाट मूल्य र सामानको विवरण खुलेको कागज, र

(ङ) मर्मतमा लैजान दिने गरी कार्यालय प्रमुखले दिएको आदेश ।

२.४. <u>प्रज्ञापनपत्र दर्ता</u> :

प्रज्ञापनपत्र दर्ता गर्न खटिएको कर्मचारीले प्रज्ञापनपत्र दर्ता गर्नुपूर्व निम्न कुराहरूतर्फ ध्यान दिनु पर्दछ :

- त्यस्तो वस्तु निकासी गर्दा प्रज्ञापनपत्रसाथ संलग्न हुनुपर्ने भनिएका कागज संलग्न छन्, छैनन् ?
- प्रज्ञापनपत्रमा भरिनु पर्ने विवरण पूरा भरिएको छ, छैन ?
- मालवस्तुको नाम एकाइ र मूल्य स्पष्ट लेखिएको छ, छैन ?
- मालवस्तु धनी वा इजाजत प्राप्त भन्सार एजेण्टले सहिछाप गरेको छ, छैन ?

तर प्रज्ञापनपत्रको म्यानुअल दर्ता गर्नुनपर्ने व्यवस्था भएका र ब्रोकर मोड्युल लागू भएका भन्सार कार्यालयहरूले कागजी रजिस्टरमा प्रज्ञापनपत्र दर्ता गर्नुपर्दैन । त्यसरी दर्ता गर्नुनपर्ने भएपछि त्यस्तो अवस्थामा यो बुँदा आकर्षित हुँदैन ।

२.५ <u>कम्प्युटर प्रवृष्टि (आशिकुडा लागू भएको कार्यालयमा मात्र)</u> :

आशिकुडा प्रणाली लागू भएका भन्सार कार्यालयहरूले प्रज्ञापनपत्र दर्ता भइसकेपछि उक्त प्रज्ञापनको विवरण कम्प्यूटरमा इण्ट्री गर्नुपर्ने भएकोले

यस्तो इण्ट्रीमा खटिएका कर्मचारीहरूले प्रज्ञापनपत्र इण्ट्री गर्नुपूर्व निम्न लिखित कुराहरू हेरी रीत पुगेको देखिएमा मात्र कम्प्यूटर इण्ट्री गर्नु पर्दछ ।

- प्रज्ञापनपत्रमा भरिनु पर्ने विवरण पूरा भरिएको छ, छैन ।
- प्रज्ञापनपत्रमा मालवस्तुको विवरण परिमाण, मूल्य र एकाइ उल्लेख गरिएको छ, छैन ?
- प्रतीतपत्रबाट निकासी गरिनेमा प्रतीतपत्र नम्बर, मिति र प्रतीतपत्रमा उल्लिखित विदेशी मुद्रा ठीकसँग भरिएको छ, छैन ?
- निकासी गरिने मालवस्तुको वस्तु वर्गीकरण शीर्षक/उपशीर्षक भरिएको छ, छैन ?
- प्रज्ञापनपत्रमा स्थायी लेखा नम्बर उल्लेख गरिएको छ, छैन ?
- मालवस्तु निकासी गरिने दिनको विनिमय दर ठीकसँग उल्लेख गरिएको छ, छैन ?

उपर्युक्त बमोजिम कुनै विवरण अपूरो देखिएमा सो विवरण पूरा भर्न लगाएर मात्र कम्प्यूटर इण्ट्री गर्नु पर्दछ र कम्प्यूटर इण्ट्री गरेपछि इण्ट्री नम्बर प्रज्ञापनपत्रमा उल्लेख गरी इण्ट्री गर्नेले सहिछाप गर्नु पर्दछ ।

तर ब्रोकर मोड्युल लागू भएका भन्सार कार्यालयहरूमा सम्बन्धित मालधनीकै तर्फबाट कम्प्यूटर इण्ट्री भएकोमा इण्ट्रीमा खटिएका कर्मचारीहरूले उपरोक्त कुराहरू हेर्ने अवस्था हुँदैन । आफैले कम्प्यूटर इण्ट्री गर्न नसक्ने मालधनीको हकमा भने भन्सार कार्यालयका कर्मचारीहरूले नै कम्प्यूटर इण्ट्री गर्नुपर्ने भएकाले त्यस्तो अवस्थामा मात्र माथि उल्लेख भएका विषयहरूमा ध्यानदिनु पर्दछ ।

२.६. कागजातको विस्तृत जाँच :

छनोट प्रणाली लागू भएका भन्सार कार्यालयहरूमा कुन कुन मालवस्तुको कागजात जाँच गर्नुपर्ने र कुन कुन मालवस्तुको कागजात जाँच गर्न आवश्यक नपर्ने भन्ने कुरा कम्प्युटर प्रणालीबाट नै निर्देशित हुने भएकाले कागजात जाँच गर्नुपर्ने अवस्थामा मात्र निम्न बमोजिमका

विषयहरूलाई ध्यानमा राखी कागजात जाँच गर्नुपर्दछ । यदि प्रणालीबाट कागजात जाँच गर्नुनपर्ने निर्देश प्राप्त भएकोमा कागजातको जाँच गर्नुपर्ने चरणलाई छाडिदिनुपर्छ । यसरी कागजात जाँच नगरी मालवस्तु जाँचपास गर्नुपर्दाको अवस्थामा जाँचपास गर्ने अधिकृत वा कर्मचारीले सोही ब्यहोरा प्रज्ञापनपत्रको कैफियत महलमा उल्लेख गर्नुपर्दछ । तर छनोट प्रणाली लागू नभएका भन्सार कार्यालयहरूले भने तल उल्लेख भएबमोजिम राम्ररी कागजात जाँच गरेरमात्र जाँचपासका अन्य प्रक्रिया सुरू गर्नुपर्दछ । यसरी कागजात जाँच गर्नका लागि निकासी प्रज्ञापनपत्रमा भन्सार अधिकृतले जाँचकी तोकिदिनु पर्दछ । जाँचकी तोक्नका लागि छनोट प्रणाली लागू भएका भन्सार कार्यालयहरूमा कम्प्युटर प्रणालीबाट नै जाँचकीको नाम प्राप्त हुने भएकाले सोही जाँचकीलाई र सो प्रणाली लागू नभएका भन्सार कार्यालयहरूमा भन्सार अधिकृतले सबै जाँचकीलाई यथासंभव बराबरी कार्यबोझ पर्ने गरी तोकिदिनु पर्दछ । जाँचकीले आफ्नो नाममा तोक लागेको प्रज्ञापनपत्र प्राप्त गरेपछि निम्न कागजातहरूमा निम्न बमोजिम ध्यान दिई कागजातहरूको विस्तृत जाँच गर्नुपर्दछः

(क) <u>प्रतीतपत्रमा</u> :

- निकासीकर्ताको नाम र ठेगाना एवं विदेशस्थित पैठारीकर्ताको नाम र ठेगाना स्पष्ट छ, छैन ?
- निकासी गरिने मालवस्तुको नाम, परिमाण, मूल्य एवं प्रति एकाइ मूल्य उल्लेख गरिएको छ, छैन ?
- मालवस्तु चलान गरिसक्नु पर्ने अन्तिम अवधि र माल चलान गरिने ठाउँ स्पष्ट उल्लेख छ, छैन ?
- प्रतीतपत्र नम्बर र मिति उल्लेख भएको छ, छैन ?
- बैङ्कको आधिकारिक अधिकारीको दस्तखत र बैङ्कको छाप लागेको छ, छैन ?
- अग्रिम भुक्तानीको प्रमाणबाट निकासी गरिने भए निकासी गर्नेको नाम, ठेगाना र अग्रिम भुक्तानी पठाउनेको नाम ठेगाना स्पष्ट उल्लेख छ, छैन ?

- निकासी गरिन लागेको मालवस्तुको मूल्य र अग्रिम भुक्तानीमा उल्लिखित रकम पर्याप्त छ, छैन ?
- अग्रिम भुक्तानीको प्रमाणपत्र जारी भएको मितिले ६ महिना नाघेको छ, छैन ?
- अग्रिम भुक्तानीको प्रमाणपत्रमा निकासी गरिने सामानको नाम स्पष्ट उल्लेख गरिएको छ, छैन ?

(ख) <u>बीजक **(Invoice)** मा</u> :

- मालसामान निकासी गर्ने र मालसामान खरिद गर्ने विदेशी क्रेताको नाम, प्रतीतपत्र वा अग्रिम भुक्तानी बमोजिम छ, छैन ?
- मालवस्तुको नाम, परिमाण, कुल मूल्य एवं प्रति एकाइ मूल्य स्पष्ट उल्लेख छ, छैन ?
- प्रतीतपत्रको नम्बर र मिति बीजकमा उल्लेख गरिएको छ, छैन ?
- बीजक निकासीकर्ताबाट जारी गरिएको हो होइन र जारी गर्नेको दस्तखत एवं छाप लगाइएको छ, छैन ?

(ग) <u>उत्पत्तिको प्रमाणपत्र **(Certificate of Origin)**</u> :

- सामान निकासी गर्ने र पैठारी गर्नेको नाम र ठेगाना उल्लेख छ, छैन ?
- सामानको नाम र परिमाण उल्लेख गरिएको छ, छैन ?
- प्रतीतपत्रको माध्यमबाट निकासी हुनेमा प्रतीतपत्रको नम्बर र मिति उल्लेख गरिएको छ, छैन ?
- नेपालको उद्योग वाणिज्य महासंघ, उद्योग वाणिज्य संघ वा सो महसंघ वा संघले अधिकार दिएको निकाय वा च्याम्वर अफ कमर्सद्वारा निर्धारित ढाँचामा जारी गरिएको र तोकिएको अधिकारीले दस्तखत गरेको छ, छैन ?
- निकासी हुने मालवस्तुको वस्तु वर्गीकरण शीर्षक/उपशीर्षक उल्लेख गरिएको छ, छैन ?

(घ) **<u>सम्बन्धित निकायको इजाजत, सिफारिस वा प्रमाणपत्र</u>** :

निकासी हुने कतिपय मालवस्तुहरू सोझै निकासी गर्न नसकिने र सम्बन्धित निकायको सिफारिसका आधारमा मात्र निकासी गर्न पाइने भएकाले त्यस्तो सिफारिस संलग्न भए नभएको

कुरामा ध्यान दिनु पर्दछ । मूलतः निम्न मालवस्तु निकासी गर्न निम्न निकायको सिफारिस आवश्यक पर्दछ :

सि.नं	मालवस्तु	परीक्षण र सिफारिस आवश्यक पर्ने निकायहरू
१	हस्तकलाका सामानहरू	पुरातत्व विभाग, नेपाल हस्तकला संघ
२	वन्यजन्तु र वानस्पतिक उत्पादनहरू (जस्तै जडिबुटी, आदि)	वन विभाग, वन कार्यालय
३	खानीजन्य वस्तु (ढुंगा, चट्टान आदि)	खानी तथा भू-गर्भ विभागको सिफारिस
४	बालुवा, गिट्टी आदि	स्थानीय विकास मन्त्रालयले तोकेको जि.वि.स.
५	तयारी पोशाक	नेपाल तयारी पोशाक उद्योग संघ र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको भिसा सेल
६	वनस्पतिका लागि	कृषि विभाग, बाली रोग विज्ञान शाखाको प्रमाण पत्र
७	जडीबुटी, Extract /By-product	वनस्पति विभाग
८	घर पालुवा जीवजन्तुको अंगबाट निर्मित हस्तकलाका सामान	हस्तकला उद्योग संघ
९	ऊनी गलैचा	नेपाल गलैचा तथा ऊन विकास समिति
१०	जीवजन्तु,	सीमास्थित Animal क्वाराइन्टाइन कार्यालय
११	बिरूवा, खाद्यान्न	सीमास्थित Plant क्वाराइन्टाइन कार्यालय

(ङ) **जि.एस.पी. (Generalised System of Preferences) फाराम सम्बन्धमा** :

जि.एस.पी. फारामसहित निकासी गरिने मालवस्तुमा जि. एस. पी. प्रमाणित गर्नुपूर्व उक्त मालवस्तुको वस्तु वर्गीकरण शीर्षक/उपशीर्षक ठीकसँग उल्लेख भए नभएको, कच्चापदार्थ प्रयोग भएको आधारमा उल्लेख गर्नुपर्ने अल्फावेट ठीकसँग उल्लेख भए नभएको भन्ने कुराहरूमा ध्यान दिनुपर्दछ । अल्फावेटको प्रयोग कसरी गर्ने भन्ने कुराको जानकारी जी.एस.पी. को पृष्ठ भागमा हेरी उक्त नियमसँग मिल्ने किसिमले मात्र अल्फावेट उल्लेख गर्न विशेष ध्यान दिनु पर्दछ ।

(च) **भिसा सम्बन्धमा :**

तयारी पोशाक निकासी गर्न भिसा लिनु पर्ने मुलुकहरूको लागि जारी भएको भिसाको म्यादभित्रै उक्त सामान निकासी भई सकेको हुनुपर्ने भएकोले तयारी पोशाक उद्योगले उक्त मुलुकहरूमा निकासी गर्दा भिसा लिए नलिएको र भिसा लिएकोमा म्याद बाँकी छ, छैन हेर्नु पर्दछ ।

२.७ मालवस्तुको मूल्याङ्कनः

मालधनीबाट आवश्यक कागजातसहित पेश भएको प्रज्ञापनपत्र प्राप्त भई कागजातहरूको जाँच गर्दा ठीक पाइएमा सो मालवस्तुको मूल्याङ्कन गर्नुपर्दछ । निकासी हुने मालवस्तुको मूल्याङ्कन सम्बन्धमा नेपाल सरकारले कुनै खास मालवस्तुका सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मूल्य तोकेको अवस्थामा सो मूल्य र बीजक मूल्यमध्ये जुन बढी हुन्छ सो मूल्य र सो बाहेकको अवस्थामा सामान्यतया बीजक मूल्यलाई नै मान्यता दिनु पर्दछ । यसरी मूल्य निर्धारण गर्दा एफ.ओ.बी. आधारमा निर्धारण गर्नुपर्ने गरी भन्सार ऐन, २०६४ को दफा १६ मा व्यवस्था भएकाले सोही बमोजिम गर्नुपर्दछ । निकासी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण सम्बन्धमा ऐनको दफ १६ को व्यवस्था निम्न बमोजिम छः

१६. **निकासी गरिने मालवस्तुको भन्सार मूल्य निर्धारणः**

(१) निकासीकर्ताले घोषणा गरेको बीजक मूल्य नै निकासी गरिने मालवस्तुको भन्सार मूल्य हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले आवश्यक ठानेमा निकासी हुने कुनै खास प्रकृतिका मालवस्तुको छुट्टै भन्सार मूल्य नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गर्न सक्नेछ । त्यसरी छुट्टै भन्सार मूल्य निर्धारण भएकोमा निकासीकर्ताले घोषणा गरेको बीजक मूल्य र नेपाल सरकारले त्यसरी निर्धारण गरेको भन्सार मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्यलाई त्यस्तो मालवस्तुको भन्सार मूल्य मानिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको भन्सार मूल्य फ्रेट अन बोर्ड (एफ.ओ.बी.) मूल्य हुनेछ ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि “एफ.ओ.बी. मूल्य” भन्नाले निकासी गरिने मालवस्तुको कारखाना मूल्य र त्यस्तो मालवस्तु नेपालको सम्बन्धित भन्सार कार्यालयसम्म ल्याउँदा लाग्ने लागतसमेत जोडिएको मूल्य सम्झनु पर्छ ।

(४) यस दफाबमोजिम मालवस्तुको मूल्य कायम गर्दा विदेशी मुद्रामा गरिनेछ । त्यस्तो विदेशी मुद्रालाई नेपाली रूपैयाँमा परिवर्तन गर्दा मालवस्तु जाँचपास हुने दिनमा नेपाल राष्ट्र बैङ्कबाट तोकिएको विदेशी मुद्राको खरिद दरको आधारमा गरिनेछ ।

२.८ मालवस्तुको भौतिक परीक्षण

कागजात अध्ययन गर्ने र मूल्याङ्कन गर्ने कार्य पूरा भएपछि सबैकुरा ठीक पाइएमा तोकिएको जाँचकीले निम्न बमोजिम भौतिक परीक्षण सम्पन्न गर्नु पर्दछ ।

२.१.८.१ छनौट प्रणाली लागू भएको भन्सार कार्यालयमा

छनोट प्रणाली लागू भएका भन्सार कार्यालयहरूमा कुन मालवस्तुको भौतिक परीक्षण गर्ने, कुन मालवस्तुको आंशिक मात्र परीक्षण गर्ने, कुन मालवस्तुको कागजातमात्र जाँच गरी भौतिक परीक्षण नै नगरी जाँचपास गर्ने भन्ने सम्बन्धमा कम्प्युटर प्रणालीबाट नै निर्देशन प्राप्त हुने भएकाले सोही निर्देशन बमोजिम गर्नु पर्दछ । भौतिक परीक्षण नै नगरी

जाँचपास गर्नुपरेको वा आंशिक मात्र परीक्षण गरेको अवस्थामा जाँचपास गर्ने अधिकृत वा कर्मचारीले सोही ब्यहोरा प्रज्ञापनपत्रको कैफियत महलमा उल्लेख गर्नुपर्दछ ।

२.८.२ छनौट प्रणाली लागू नभएको भन्सार कार्यालयमा

छनोट प्रणाली लागू नभएका भन्सार कार्यालयहरूका निमित्त मालवस्तु जाँच गर्ने सम्बन्धमा विकल्पहरू नहुने हुँदा जाँचपास गर्ने कर्मचारीले आफूले जाँच गरेको मालवस्तु पूर्णरूपमा ठीक दुरूस्त छ भन्ने यकिन गर्नुपर्ने भएकाले आवश्यकता अनुसार पूर्णरूपमा भौतिक परीक्षण गर्नुपर्दछ ।

२.८.३ भौतिक परीक्षण गर्दा ठीक पाइएमा

भौतिक परीक्षण गर्दा मालवस्तुको विवरण ठीकसँग घोषणा गरेको पाइएमा जाँचकी र भन्सार अधिकृतले महसुल निर्धारण गरिदिई तोकिएको महसुल तिर्न सो प्रज्ञापनपत्र महसुल काउण्टरमा बुझाइदिनु पर्दछ । मालधनीले लाग्ने महसुल बुझाइसकेपछि प्रज्ञापनपत्रमा जाँचकी र भन्सार अधिकृतले दस्तखत गरी निकासीका लागि अनुमति दिनुपर्दछ । अर्थात् जाँचपास गरिदिनु पर्दछ ।

२.८.४ भौतिक परीक्षण गर्दा ठीक नपाइएमा

भौतिक परीक्षण गर्दा मालधनीले गरेको घोषणाअनुरूप नपाइएमा भन्सार ऐन, २०६४ अनुसार कारवाईको प्रक्रिया अघि बढाउनु पर्दछ । ऐनको दफा ५७ मा यस सम्बन्धी व्यवस्था गरिएको छ । निकासी हुने सामानमा मालधनीले विवरण फरक पारेको पाइएको अवस्थामा आकर्षित हुने सो दफाका उपदफाहरू निम्न बमोजिम छन्:

(५) कुनै निकासीकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तर सही भए पनि परिमाण घटी गरी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यसरी परिमाण घटी घोषणा गरिएजति मालवस्तुको मूल्यको शतप्रतिशत जरिवाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(६) कुनै निकासीकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर एवं परिमाण सही भएपनि उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यस्तो मालवस्तुमा लाग्ने महसुल बराबरको रकम जरिवाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(७) कुनै निकासीकर्ता वा भन्सार एजेन्टले निकासी हुने मालवस्तुको वास्तविक परिमाणभन्दा बढी परिमाण घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यसरी बढी घोषणा गरिएजति मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिवाना गरी सो ब्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गरी जाँचपास गर्न सक्नेछ ।

(८) कुनै निकासीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तरमध्ये सबै वा कुनै विवरण फरक पारी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी त्यस्तो मालवस्तुको धनीलाई बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

२.९ महसुल निर्धारणको आधार मितिः

निकासी हुने मालवस्तुको महसुल निर्धारण गर्दा कहिलेकाहीं कुन मितिलाई आधार मानेर गर्ने भन्ने कुरामा द्विविधा हुन सक्तछ । जस्तै आषाढ महिनाको २३ गते मालवस्तु भन्सार क्षेत्रमा प्रवेश गरेको, २६ गतेका दिन मालधनीले प्रज्ञापनपत्र दर्ता गराएको र २८ गतेका दिन मालवस्तु जाँचपास गर्नुपरेको अवस्थामा रहेछ र २७ गतेका दिन नयाँ आर्थिक विधेयक प्रस्तुत भएर सो मालवस्तुको महसुल दरमा परिवर्तन भएको रहेछ भने कुन दिनको महसुल दर आकर्षित हुने भन्ने कुरामा द्विविधा उत्पन्न हुन सक्दछ । यस्तो अवस्थामा प्रज्ञापनपत्र दर्ता भएको दिनमा कायम रहेको महसुल दर बमोजिम अर्थात यो उदाहरणमा आषाढ २६ गतेका दिन कायम रहेको महसुल दर लगाई मालवस्तु जाँचपास गर्नुपर्दछ । जाँचपास भएका दिनको

महसुल दर बढी भए पनि त्यो दर आकर्षित हुँदैन । पैठारीको हकमा समेत यही नियम लागू हुन्छ । यस सम्बन्धमा भन्सार ऐन, २०६४ को दफा ८ मा यस सम्बन्धी निम्न ब्यवस्था गरिएको छः

८. <u>महसुल निर्धारणको आधार मितिः</u> (१) निकासी वा पैठारी हुने मालवस्तुको महसुल सो मालवस्तुको प्रज्ञापनपत्र भन्सार कार्यालयमा दर्ता भएको मितिमा कायम रहेको महसुल दरबमोजिम निर्धारण गरिने छ ।

तर, मालवस्तु भन्सार कार्यालयमा आईपुग्नु अगावै प्रज्ञापनपत्र भन्सार कार्यालयमा दर्ता भएको रहेछ भने त्यस्तो मालवस्तु सो कार्यालयमा आइपुगेको मितिमा कायम रहेको महसुल दरबमोजिम महसुल निर्धारण गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका मालवस्तुको महसुल देहायबमोजिमको आधारमा निर्धारण गरिनेछः-

(क) कूटनीतिक सुविधा, महसुल सुविधा वा आंशिक वा पूर्ण महसुल छुटमा पैठारी भएका मालवस्तुको हकमा त्यस्तो मालवस्तुको महसुल बुझाउने मितिमा कायम रहेको महसुल दर बमोजिम,

(ख) बैङ्क जमानत सुविधा अन्तर्गत पैठारी भएका मालवस्तुको हकमा त्यस्तो मालवस्तु जाँचपास भएको मितिमा कायम रहेको महसुल दरबमोजिम ।

२.१० विनिमय दर निर्धारणको आधार मितिः

विदेशमा निकासी हुने मालवस्तुको मूल्य निकासीकर्ताले सामान्यतया विदेशी मुद्रामा उल्लेख गरेको हुन्छ । यस्तो मूल्य विदेशी मुद्रामा नै निर्धारण गर्नुपर्ने ब्यवस्था भन्सार ऐन, २०६४ को दफा १६ को उपदफा (४) मा गरिएको छ । तर महसुल असुल गर्ने प्रयोजनका लागि त्यस्तो मूल्यलाई नेपाली रूपैंयामा परिवर्तन गर्नुपर्ने हुन्छ । यसरी विदेशी मुद्रालाई नेपाली रूपैंयामा परिवर्तन गर्दा के आधारमा गर्ने भन्ने द्विविधा उत्पन्न हुन सक्दछ । भन्सार ऐन, २०६४ को दफा १६ को उपदफा (४) बमोजिम यसरी विदेशी

मुद्रालाई नेपाली रूपैयाँमा परिवर्तन गर्दा मालवस्तु जाँचपास हुने दिनमा नेपाल राष्ट्र बैङ्कबाट तोकिएको विदेशी मुद्राको खरिद दरको आधारमा गर्नुपर्दछ ।

२.११ मालवस्तु गेटपास जारी गर्नेः

मालवस्तु जाँचपास सम्बन्धी सबै प्रक्रिया पूरा भैसकेपछि निकासीका लागि अन्तिम अनुमति स्वरूप गेटपास जारी गर्न तोकिएको कर्मचारीले प्रज्ञापनपत्र र लाग्ने महसुल तिरेको नगदी रसिद हेरी गेटपास बनाइदिनु पर्दछ । गेटपास बनाउँदा प्रज्ञापनपत्रमा उल्लेख भएको सवारी साधनको दर्ता नम्बर मालवस्तुको छोटकरी विवरण गेटपासमा उल्लेख गर्नुपर्दछ । गेटमा बसेको कर्मचारीले सो गेटपास समेत हेरी जाँचपास भएको मालवस्तु बोकेको ढुवानी साधनलाई भन्सार क्षेत्रबाट बाहिर जान दिनु पर्दछ ।

२.१२ नेपालमा पैठारी भएको मालवस्तु निकासी (फिर्ता) सम्बन्धी व्यवस्थाः

नेपालभित्र पैठारी भएको वस्तु दुईवटा अवस्थामा फिर्ता हुनसक्ने कानूनी व्यवस्था छ ।

(क) परीक्षण गर्दा स्वास्थ्य वा वातावरणका दृष्टिले हानिकारक ठहरी फिर्ता गर्नेः

नेपालमा पैठारी गर्नका लागि भन्सार कार्यालयमा प्रस्तुत भएको मालवस्तु भन्सार अधिकृतले आवश्यक देखेमा प्रविधिक परीक्षण गरेर मात्र जाँचपास गर्न सक्ने भएकाले त्यसरी प्राविधिक परीक्षण गर्दा त्यस्तो मालवस्तु प्रयोगका लागि हानिकारक ठहरिएमा नेपालभित्र पैठारी गर्नका लागि अनुमति दिन मिल्दैन । त्यस्तो अवस्थामा सो मालवस्तु विदेशको निकासीकर्तालाई फिर्ता पठाउन सक्ने व्यवस्था छ । भन्सार ऐन, २०६४ को दफा ३० मा यस सम्बन्धी व्यवस्था गरिएकोले यस्तो अवस्थामा ऐनको सोही दफा बमोजिम भन्सार अधिकृतले आवश्यक कारवाई गर्नुपर्दछ । यस सम्बन्धी ऐनमा भएको व्यवस्था निम्न प्रकारको छः

३०. मालवस्तुको विशेष परीक्षण गर्न सकिनेः (१) कुनै मालवस्तु स्वास्थ्य वा वातावरणको दृष्टिकोणले विशेष रूपमा परीक्षण गर्नुपर्ने

देखिएमा भन्सार अधिकृतले सम्बन्धित निकाय वा प्रयोगशालाबाट त्यस्तो मालवस्तुको परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि भन्सार अधिकृतले त्यस्तो मालवस्तुको नमूना भारी वा पोकाबाट झिकी सम्बन्धित निकाय वा प्रयोगशालामा पठाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परीक्षणको लागि पठाइएको मालवस्तु सम्बन्धित निकाय वा प्रयोगशालाले यथाशीघ्र परीक्षण गरी सोको नतिजा यथाशीघ्र भन्सार कार्यालयमा पठाइदिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम परीक्षण गर्दा सो मालवस्तुले स्वास्थ्य वा वातावरणलाई हानि पुऱ्याउने वा प्रतिकूल असर पार्ने देखिएमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई त्यस्तो मालवस्तु विदेशी मुलुकको सम्बन्धित निकासीकर्तालाई तोकिएबमोजिम फिर्ता पठाउने आदेश दिनेछ ।

तर भन्सार अधिकृतले त्यसरी आदेश दिनुअघि निज पैठारीकर्ताबाट त्यस्तो मालवस्तुको लागि भुक्तानी गरेको बिदेशी मुद्रा फिर्ता ल्याएको प्रमाण पेश गर्न लगाउन वा त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याउने कवुलियतनामा पेश गर्न लगाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम दिइएको आदेशबमोजिम सम्बन्धित पैठारीकर्ताले त्यस्तो मालवस्तु फिर्ता नपठाएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी तोकिएबमोजिम सडाउन वा नष्ट गर्न सक्नेछ र त्यसरी सडाउन वा नष्ट गर्न लाग्ने वा लागेको खर्च सम्बन्धित पैठारीकर्ताबाट असुल गर्नेछ ।

माथि उल्लेख भएको ऐनको दफा ३० को उपदफा (४) मा भन्सार अधिकृतले तोकिए बमोजिम त्यस्तो मालवस्तु फिर्ता पठाउन आदेश दिनसक्ने व्यवस्था छ भने त्यसरी फिर्ता पठाउने प्रक्रिया भन्सार नियमावली, २०६४ को नियम २३ मा गरिएको छ । यसरी मालवस्तु फिर्ता पठाउन अनुमति दिँदा सोही नियम २३ लाई भन्सार अधिकृतले अनुशरण गर्नुपर्दछ । नियमावलीको उक्त व्यवस्था निम्न प्रकार छः

२३. <u>मालवस्तु फिर्ता पठाउन सकिने</u>: (१) ऐनको दफा ३० को उपदफा (४) बमोजिम मालवस्तु फिर्ता पठाउनु पर्ने भएमा त्यस्तो मालवस्तु पैठारी गर्ने ब्यक्तिले मालवस्तुको बीजक, प्रतीतपत्र खोली पैठारी भएको भए प्रतीतपत्र, बिल अफ लेडिङ वा एअर वे बिल र प्याकिङ लिष्टको प्रतिलिपि संलग्न गरी भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ । मालवस्तुको प्रकृति अनुसार अन्य कागजात आवश्यक पर्ने देखेमा भन्सार अधिकृतले पैठारीसँग सम्बन्धित अन्य कागजातसमेत पैठारीकर्तालाई पेश गर्न लगाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले सो सम्बन्धमा सम्पूर्ण ब्यहोरा र आफ्नो रायसमेत उल्लेख गरी महानिर्देशकसमक्ष लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखिआएको विषयका सम्बन्धमा महानिर्देशकले जाँचबुझ गर्दा त्यस्तो मालवस्तु फिर्ता लैजान दिन मनासिव देखेमा फिर्ता लैजान आदेश दिने गरी भन्सार अधिकृतलाई अनुमति दिन सक्नेछ । यस्तो अनुमति प्राप्त भएपछि भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई त्यस्तो मालवस्तु तीस दिनभित्र विदेशस्थित निकासीकर्तालाई फिर्ता पठाउन आदेश दिनेछ ।

(४) उपनियम (३) बमोजिम अनुमति दिँदा त्यस्तो मालवस्तु पैठारी गर्दा भुक्तानी गरेको विदेशी मुद्रा फिर्ता ल्याउने गरी भन्सार अधिकृतले मनासिव अवधि तोकी सम्बन्धित पैठारीकर्तालाई कबुलियत गराउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र विदेशी मुद्रा फिर्ता ल्याएको प्रमाण सम्बन्धित भन्सार कार्यालयमा पेश नगरेमा त्यस्तो पैठारीकर्तालाई विदेशी मुद्रा अपचलनमा प्रचलित कानूनबमोजिम कारबाही गर्नका लागि भन्सार कार्यालयले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(ख) पैठारी गर्नुको उद्देश्य पूरा हुन नसक्ने अवस्था परी फिर्ता गर्ने:

नेपालमा पैठारी भएको मालवस्तु जुन उद्देश्यका लागि पैठारी भएको हो सो उद्देश्य पूरा हुन नसकेको वा पैठारी भएको मालवस्तु

निर्दिष्ट गुणस्तर अनुकूलको नभएको अवस्थामा पनि पैठारी भएको मालवस्तु फिर्ता पठाउन सकिन्छ । यसरी फिर्ता पठाउँदा सम्बन्धित पैठारीकर्ताले सो मालवस्तु फिर्ता पठाएपछि सोको शोधभर्नास्वरूप सोही प्रकारको अर्को मालवस्तु विदेशको सोही निकासीकर्ताबाट बिना मूल्य पुनः पैठारी गर्ने वा सो मालवस्तु पैठारी गर्दा भुक्तानी गरेको विदेशी मुद्रा फिर्ता ल्याउनेमध्ये कुनै एक शर्त पूरा गर्नुपर्दछ । सामान्यतया यसरी मालवस्तु फिर्ता पठाइ शोधभर्ना प्राप्त गर्न पुनः पैठारी गर्दा एउटै भन्सार कार्यालयबाट गर्नुपर्ने र एउटै कार्यालयबाट गर्न नसकिने अवस्था भएमा भन्सार विभागको स्वीकृतिमा मात्र अर्को भन्सार कार्यालय प्रयोग गर्न सकिन्छ । यसरी मालवस्तु फिर्ता गर्ने र शोधभर्नास्वरूप अर्को मालवस्तु पैठारी गर्ने प्रक्रिया भन्सार नियमावली, २०६४ को नियम ८ मा उल्लेख गरिएकोले सोही बमोजिम गर्नुपर्दछ । नियमावलीको सो व्यवस्था तल दिइएको छः

८. **निकासी वा पैठारी भएको मालवस्तु पुनः निकासी वा पैठारी गर्ने सम्बन्धी व्यवस्थाः**

(१) नेपालभित्र पैठारी भएको मालवस्तु जुन उद्देश्यको लागि पैठारी गरेको हो सो उद्देश्य परिपूर्ति हुन नसकेको वा प्रयोगशाला परीक्षणबाट गुणस्तरहीन ठहरिएकोले त्यस्तो मालवस्तुको शोधभर्ना स्वरूप सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्ने वा सो वापत विदेशी मुद्रा भुक्तानी भइसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा भन्सार कार्यालयको प्रमुखले त्यस्तो मालवस्तु पैठारी भएको वा भन्सार कार्यालयमा आइपुगेको मितिले नब्बे दिनभित्र महसुल नलिई फिर्ता लैजान दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मालवस्तु फिर्ता भएकोमा त्यसरी फिर्ता भएको मितिले छ महिनाभित्र शोधभर्नास्वरूप सोही प्रकारको अर्को मालवस्तु पैठारी नगरेमा वा त्यस्तो मालवस्तु पहिले पैठारी गर्दा विदेशी मुद्रा भुक्तानी भइसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता नल्याएमा सम्बन्धित भन्सार अधिकृतले प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम फिर्ता पठाउनु पर्ने मालवस्तु फिर्ता गर्नु अगावै विदेशको आपूर्तिकर्ताले सोको शोधभर्ना स्वरूप सोही प्रकारको अर्को मालवस्तु पठाएको रहेछ भने पैठारीकर्ताको निवेदन र पेश भएका कागजातबाट त्यस्तो मालवस्तु शोधभर्ना स्वरूप पैठारी भएको देखिएमा लाग्ने महसुल लिई भन्सार अधिकृतले जाँचपास गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम शोधभर्नास्वरूप मालवस्तु पैठारी भइसकेपछि पहिले पैठारी भएको मालवस्तु उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ता पठाउदा भन्सार महसुल लाग्नेछैन र पहिले पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए त्यस्तो भन्सार महसुल फिर्ता दिइनेछ ।

तर उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ता नपठाई सो अवधिपछि फिर्ता पठाएमा सो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए पनि त्यस्तो भन्सार महसुल फिर्ता दिइने छैन ।

(९) यस नियमबमोजिम मालवस्तु पैठारी गर्दा र निकासी गर्दा एउटै भन्सार कार्यालयबाट गर्नु पर्नेछ ।

(१०) उपनियम (९) बमोजिम एउटै भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न नसकिने अवस्था भएमा कारण खोली सम्बन्धित व्यक्तिले विभागमा निवेदन दिन सक्नेछ । त्यस्तो निवेदनमा उल्लेख भएको कारण मनासिव देखिएमा विभागले कुनै अर्को भन्सार कार्यालयबाट समेत यस नियमको प्रयोजनका लागि त्यस्तो मालवस्तु निकासी वा पैठारी गर्न अनुमति दिन सक्नेछ ।

२.१३ मर्मतका लागि गरिने निकासीः

नेपालबाट कुनै मालवस्तु मर्मत गर्ने प्रयोजनका लागि विदेशमा निकासी गरी मर्मत गराई पुनः नेपालमा नै फिर्ता ल्याउन सकिन्छ । यसरी निकासी गर्दा अपनाउनुपर्ने प्रक्रिया, राख्नुपर्ने धरौटी, फिर्ता ल्याउनुपर्ने म्याद, म्याद थप हुन सक्ने अवस्था, लाग्ने महसुल

आदि विषयमा भन्सार नियमावली, २०६४ को नियम ७ मा उल्लेख गरिएको छ ।

७. मर्मत गर्नका लागि मालवस्तु लैजाने र ल्याउने सम्बन्धी व्यवस्था: (१) कुनै मालवस्तु मर्मतका लागि नेपालबाट विदेशमा लैजाँदा वा मर्मत गरी विदेशबाट ल्याउँदा सो मालवस्तुको भएसम्मको नम्बर, साइज र स्पेशिफिकेशन समेतको पूरा विवरण प्रज्ञापनपत्रमा भरी भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रज्ञापनपत्र प्राप्त हुन आएमा भन्सार अधिकृतले सो मालवस्तु हवाईजहाज वा हेलिकोप्टर वा तिनका पार्टपूर्जा भएमा मूल्यको शून्य दशमलव पाँच प्रतिशत र अन्य मालवस्तु भएमा मूल्यको पाँच प्रतिशत धरौटी लिई लैजान दिन सक्नेछ ।

(३) मर्मत गर्न विदेश निकासी गरेको मालवस्तु तीन महिनाभित्र फर्काई ल्याउनु पर्नेछ र सो म्यादभित्र फर्काइ ल्याएपछि मर्मत गर्दा लागेको खर्चबमोजिमको मूल्य र पार्टपूर्जा फेरिएको भए सो वापतको मूल्यलाई भन्सार मूल्य मानी धरौटी राखेको रकमबाट सो महसुल कट्टा गरी बाँकी धरौटी फिर्ता दिइनेछ ।

(४) उपनियम (३) मा उल्लिखित म्यादभित्र मर्मत गरी ल्याउने समय अपुग भएमा सो कुराको प्रमाणसहित भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ र भन्सार अधिकृतले मनासिव ठहराएमा तीन महिनामा नबढाई म्याद थप गरिदिन सक्नेछ । यसरी थप भएको म्यादसमेत नपुग हुने भएमा भन्सार अधिकृतले म्याद थप्नु पर्ने आधार र कारणसहित स्वीकृतिका लागि महानिर्देशक समक्ष लेखी पठाउनु पर्नेछ र महानिर्देशकले म्याद थप गरिदिने स्वीकृति दिएकोमा सोहीबमोजिम भन्सार अधिकृतले म्याद थप गर्न सक्नेछ ।

(५) यस नियमबमोजिम मर्मतको लागि विदेश निकासी गरिएका मालवस्तु उपनियम (३) र (४) मा उल्लिखित म्यादभित्र फिर्ता नल्याई सो अवधिपछि फिर्ता ल्याएमा पहिले राखिएको धरौटी जफत गरी नयाँ मालवस्तु पैठारी गरेसरह महसुल असुल गरिनेछ ।

२.१४ <u>भारतमा गरिने निकासीः</u>

नेपालबाट भारतमा मालवस्तु निकासी गर्दा सामान्यतया तेस्रो मुलुकमा निकासी गर्दा अपनाउनुपर्ने यस अघि उल्लेख भएका सबै प्रक्रिया अवलम्बन गर्नुपर्दछ । तर प्रज्ञापनपत्रसाथ पेश गर्नुपर्ने भनी बुँदा नं. २.१.३.१ को खण्ड (घ) मा उल्लेख भएको भुक्तानी प्रक्रिया सम्बन्धी बैङ्किङ कागजात पेश नभए पनि भारतमा निकासी गर्न बाधा पर्ने छैन । त्यसैगरी भारतमा हुने निकासीमा जी.एस.पी. फारामको आवश्यकता पर्दैन ।

२.१५ <u>तिब्बतमा गरिने निकासीः</u>

नेपालबाट चीनको स्वशासित क्षेत्र तिब्बतमा मालवस्तु निकासी गर्दा सामान्य बैङ्किङ प्रक्रियाबाट तथा वस्तु विनिमय प्रक्रियाबाट गर्न सकिन्छ ।

(क) **सामान्य प्रक्रियाबाट हुने निकासीः**

सामान्य बैङ्किङ प्रक्रियाबाट तिब्बतमा मालवस्तु निकासी गर्दा तेस्रो मुलुकमा निकासी गर्दा अपनाउनुपर्ने माथि खण्ड २.१ मा उल्लेख भएका सबै प्रक्रिया अवलम्बन गर्नुपर्दछ । आर्थिक ऐन, २०६६ को अनुसूची-१ को दफा १९ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश अनुसार तिब्बतमा पनि भारतमा सरह बैङ्किङ प्रणालीबिना मालवस्तु निकासी गर्न सकिने व्यवस्था गरिएको छ । यसरी बैङ्किङ प्रणालीबिना मालवस्तु निकासी गर्दा भुक्तानी प्रक्रिया सम्बन्धी बैङ्किङ कागजात पेश गर्न अनिवार्य नहुने भएकाले बीजक, प्याकिंग लिष्ट, उत्पत्तिको प्रमाणपत्र र कुनै निकायको सिफारिस आवश्यक पर्ने अवस्थामा (**बुँदा २.१.६ को खण्ड** (घ) **हेर्नुहोस**) त्यस्तो सिफारिस संलग्न गरी निकासी गर्न सकिन्छ ।

(ख) **वस्तु विनिमय अन्तर्गत हुने निकासीः**

नेपालबाट वस्तु विनिमय अन्तर्गत चीनको स्वशासित क्षेत्र तिब्बतमा मात्र मालवस्तु निकासी गर्न पाइन्छ तर अन्य मुलुकमा यो प्रणाली अन्तर्गत निकासी

गर्नसक्ने प्रावधान छैन । यो प्रणाली अन्तर्गत नेपालबाट तिब्बतमा भुक्तानी प्रक्रियाबिना नै भन्सार कार्यालयमा अभिलेख मात्र राखी मालवस्तु निकासी गर्न पाइने र जे जति मूल्यको मालवस्तु निकासी गरेको हो सो मूल्य बराबरको मालवस्तु तिब्बतबाट भुक्तानी प्रक्रियाबिना नै पैठारी गर्न सकिन्छ । तर यसरी वस्तु विनिमय अन्तर्गत निकासी भएको मालवस्तुको मूल्य बरावर तिब्बतबाट मालवस्तु पैठारी गर्दा सबै प्रकारका मालवस्तु पैठारी गर्न भने पाइदैन । यस प्रक्रिया अन्तर्गत निम्न बमोजिमका मालवस्तु मात्र पैठारी गर्न सकिने गरी आर्थिक ऐन, २०६६ को अनुसूची-१ को दफा १९ को उपदफा (३) मा उल्लेख गरिएको छ ।

(क) कच्चा ऊन
(ख) जीवित भेडा च्यांग्रा
(ग) नून
(घ) चौरी गाई र चौरी गाईको पुच्छर
(ङ) गलैंचा
(च) जडीबुटी

वस्तु विनिमय अन्तर्गत मालवस्तु निकासी गर्दा भन्सार कार्यालयले त्यसरी निकासी गर्ने प्रत्येक निकासीकर्ताको छुट्टाछुट्टै निम्न बमोजिमको विवरण स्पष्ट खुल्ने गरी अभिलेख राख्नुपर्दछ ।

- निकासीकर्ताको नाम, ठेगाना (पान नम्बर समेत),
- भन्सार एजेन्ट भए निजको नाम र एजेन्ट नम्बर,
- निकासी गरेको प्रज्ञापनपत्र नम्बर र मिति,
- निकासी भएको मालवस्तुको विवरण र परिमाण,
- निकासी भएको मालवस्तुको मूल्य (परिवर्त्य विदेशी मुद्रामा समेत खुल्ने गरी),

- वस्तु विनिमय अन्तर्गत सोही निकासीकर्ताले मालवस्तु पैठारी गर्दा त्यस्तो मालवस्तुको विवरण, परिमाण, मूल्य (परिवर्त्य विदेशी मुद्रामा), प्रज्ञापनपत्र नम्बर र मिति,
- पैठारी भएको मूल्य घटाई बाँकी रहन आउने निकासी मूल्य ।

२.१६ अस्थायी निकासी

भन्सार नियमावली, २०६४ को नियम ८ मा व्यवस्था भए बमोजिम कुनै खास प्रयोजनका लागि नेपालबाट विदेशमा निकासी गरी प्रयोजन समाप्त भएपछि पुनः नेपालमा फिर्ता ल्याउने गरी मालवस्तुको अस्थायी निकासी हुन सक्दछ । यसरी अस्थायी निकासी हुनसक्ने अवस्था निम्न बमोजिम छन् :

२.१६.१ मेला वा प्रदर्शनीका लागि हुने अस्थायी निकासीः

कुनै ब्यक्तिले हाटवजार, मेला वा प्रदर्शनीमा बिक्री वितरण गर्न कुनै मालवस्तुमा लाग्ने महसुल धरौटी राखी निकासी गर्न सक्दछ । यसरी निकासी गरिएको मालवस्तु हाटबजारको हकमा भोलिपल्ट र मेला वा प्रदर्शनीको हकमा त्यस्तो मेला वा प्रदर्शनी समाप्त भएको मितिले बाटाको म्यादवाहेक तीस दिनभित्र पुनः पैठारी गर्न भन्सार कार्यालयमा प्रज्ञापनपत्रकासाथ दाखिला गर्नु पर्दछ । यस्तो प्रज्ञापनपत्रमा मेला वा हाटबजार वा प्रदर्शनीका लागि कुन मितिको कुन प्रज्ञापनपत्रबाट निकासी गरेको भन्ने कुरा खुलाई निकासी प्रज्ञापनपत्रको प्रतिलिपि समेत संलग्न गर्नुपर्दछ । यसरी मालवस्तु दाखिला हुन आएको अवस्थामा भन्सार कार्यालयले पुनः पैठारी नभएको मालवस्तुमा लाग्ने महसुल धरौटी रहेको रकममध्येबाट कटाई बाँकी धरौटी रकम मालवस्तु धनीलाई फिर्ता गर्नु पर्नेछ ।

२.१६.२ खाली आधानपात्र (कन्टेनर) को अस्थायी निकासीः

कुनै मालवस्तु पैठारी हुँदा सो मालवस्तुको उपयोग र परिवहनका लागि त्यस्तो मालवस्तुसँगै आपूर्ति हुने, बारम्बार प्रयोगमा आउने र मालवस्तुको प्रयोग गर्दासम्म खाली गर्न नसकिने किसिमको आधानपात्र (कन्टेनर) कुनै उद्योगले स्वप्रयोजनको लागि मालवस्तु भरी ल्याउने गरी निकासी गर्न सक्दछ । यस्तो प्रयोजनका लागि आधानपात्र (कन्टेनर) निकासी गर्न चाहनेले सो ब्यहोरा खुलाई भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्दछ । यस्तो निवेदन प्राप्त

हुन आएमा सम्बन्धित भन्सार अधिकृतले त्यस्तो खाली आधानपात्रको मूल्यको पाँच प्रतिशतले हुने रकम नगद धरौटी वा सो रकम बराबरको कम्तीमा छ महिनाको बैङ्क जमानत लिई तीन महिनासम्मको म्याद दिई सो म्यादभित्र त्यस्तो आधानपात्रमा मालवस्तु भरी पुनः पैठारी गर्ने शर्तमा त्यस्तो आधानपात्र निकासी गर्न अनुमति दिनु पर्दछ । तर कुनै कारणले उपनियम सो म्यादभित्र त्यस्तो आधानपात्र पुनः पैठारी गर्न नसकेको कारण सहित सम्बन्धित उद्योगले म्याद थपका लागि निवेदन दिएमा र त्यस्तो निवेदन जाँचबुझ गर्दा निवेदनको ब्यहोरा मनासिव देखिएमा सम्बन्धित भन्सार कार्यालयको प्रमुखले बढीमा एक महिनाको म्याद थप गरिदिन सक्ने ब्यवस्था नियमावलीको नियम ८ को उपनियम (१४) मा उल्लेख भएको छ ।

माथि उल्लेख भए बमोजिमको म्यादभित्र सम्बन्धित उद्योगले त्यस्तो आधानपात्रमा मालवस्तु भरी पुनः पैठारी गरेमा सो मालवस्तुमा लाग्ने महसुल असुल गरी त्यस्तो उद्योगले निकासी गर्दाका बखत नगद धरौटी राखेको भए त्यस्तो धरौटी फिर्ता दिनु वा नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए त्यस्तो जमानत फुकुवा गरिदिनु पर्दछ । तर निर्धारित म्यादभित्र सम्बन्धित उद्योगले त्यस्तो आधानपात्र पुनः पैठारी गरी नल्याएमा भन्सार अधिकृतले त्यस्तो उद्योगले राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्दछ वा नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गर्नु पर्दछ । तोकिएको म्याद नाघे पछि त्यस्तो आधानपात्र पुनः पैठारी गरी ल्याएको भएमा भन्सार अधिकृतले त्यस्तो उद्योगले राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्दछ र नगद धरौटी नराखी बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गरी आधानपात्रमा ल्याएको

मालवस्तुमा लाग्ने महसुल लिई जाँचपास गर्न सक्ने व्यवस्था छ ।

२.१६.३ बस वा ट्रकको बडी बनाई ल्याउन गरिने चेसिसको अस्थायी निकासीः

कुनै पैठारीकर्ताले आफूले पैठारी गरेको बस वा ट्रकको चेसिस पैठारी गरेको मितिले तीन महिनाभित्र बडी बनाउनको लागि निकासी गर्न चाहेमा त्यस्तो चेसिस पैठारी गर्दाको प्रज्ञापनपत्र संलग्न गरी भन्सार अधिकृत समक्ष निवेदन दिन सक्दछ । यस्तो निवेदन प्राप्त हुन आएमा भन्सार अधिकृतले बस वा ट्रकको चेसिसको मूल्यको पाँच प्रतिशतले हुने रकम नगद धरौटी वा सो बराबरको बैङ्क जमानत लिई छ महिनाको म्याद दिई बडी बनाई पुनः पैठारी गर्ने शर्तमा निकासी गर्न अनुमति दिनु पर्दछ । यसरी निकासी भएको बस वा ट्रकको चेसिसबाट छ महिनाभित्र बडी बनाई पुनः पैठारी गरेमा भन्सार अधिकृतले बडी बनाई ल्याउँदा लागेको मूल्यमा लाग्ने महसुल असुल गरी पैठारीकर्ताले नगद धरौटी रकम राखेको भए त्यस्तो नगद धरौटी फिर्ता दिनुपर्दछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए त्यस्तो बैङ्क जमानत फुकुवा गर्नु पर्दछ ।

तर निर्धारित म्यादभित्र त्यस्तो बस वा ट्रकको बडी बनाई पुनः पैठारी गरी नल्याएमा भन्सार अधिकृतले निजले निकासी गर्दाका बखत राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्दछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गर्नु पर्दछ । त्यस्तो बस वा ट्रकको चेसिस म्याद नाघे पछि पुनः पैठारी गरी ल्याएकोमा भन्सार अधिकृतले निजले राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्दछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गरी बस वा ट्रकको

बडी बनाई ल्याउँदा लागेको मूल्यमा लाग्ने महसुल असुल गरी जाँचपास गर्नु पर्दछ ।

परिच्छेद - ३
वस्तु वर्गीकरण सम्बन्धी व्यवस्था

३.१ मालवस्तुको वर्गीकरणः

अन्तर्राष्ट्रिय ब्यापारको सिलसिलामा आयात निर्यात गरिने मालवस्तुहरूलाई समूहगत रूपमा विभाजन गरी विभिन्न शीर्षक/उपशीर्षकमा राख्ने पद्धति नै वस्तु वर्गीकरण पद्धति हो । यसमा मालवस्तुहरूको प्रकृति, चारित्रिक गुण, वनावटको तह एवं प्रयोगका आधारमा आयात निर्यात गरिने मालवस्तुहरूलाई निश्चित संकेत नम्बरहरूमा वर्गीकरण गरिन्छ । यो संकेत नम्बरहरूलाई भन्सार शीर्षक/उपशीर्षक भनिन्छ ।

नेपालमा आयात निर्यात गरिने मालवस्तुहरूको वर्गीकरण Harmonized Commodity Description and Coding System को आधारमा गरिन्छ । यो प्रणाली नेपालले आर्थिक वर्ष २०४९।५० देखि अपनाउँदै आएको छ । नेपालले सन् २००६ जुलाईमा HS Convention को सदस्यता लिएको हुँदा वस्तु वर्गीकरणमा Harmonized System का सिद्धान्तहरू र समय समयमा गरिने संशोधनहरूलाई कानून बनाई लागू गरी आएको छ । Harmonized System को पछिल्लो संस्करण जनवरी १, २००७ देखि लागू भएको हो र नेपालले पनि आर्थिक ऐन एवं भन्सार दरवन्दीमा सो अनुरूप संशोधन गरी कार्यान्व्यनमा ल्याएको छ ।

३.२. हार्मोनाइज्ड प्रणाली अनुसार मालवस्तुको वर्गीकरण गर्ने प्रक्रियाः

३.२.१ हार्मोनाइज्ड प्रणालीको वनावटः

हार्मोनाइज्ड प्रणालीमा मालवस्तुहरूलाई २१ परिच्छेद र ९७ भागमा ब्यवस्थित गरिएको छ । यस प्रणालीमा १२२१ शीर्षक तथा ५०५२ उपशीर्षक रहेका छन् । मालवस्तुहरूलाई तीनको वनावट, उत्पत्ति एवं गुणअनुसार भागहरूमा विभाजन गरी ती भागहरूलाई समेत मालवस्तुको प्रकृति अनुसार समूहवद्ध गरी परिच्छेदहरूमा राखिएको छ । मालवस्तुहरूको भागहरूमा विभाजन गर्दा मालवस्तुको वनावटको बढ्दो तह (Increasing degree of manufacture) को आधारमा भाग १ देखि सुरू गरी भाग ९७ सम्म राखिएको छ । कच्चा पदार्थ (Raw materials) तयारी नगरिएका

मालवस्तु (Unworked products) अर्ध तयारी उत्पादन (Semifinished products) हरूलाई तहवद्ध रूपमा व्यवस्थित गरिएको छ । उदाहरणको लागि जीवित जनावरहरू भाग १ मा, जनावरहरूको छाला भाग ४१ मा, छालाका जुत्ताहरू भाग ६४ मा पर्दछन् ।

यस्तै प्रकारले भागहरूको शीर्षक/उपशीर्षकहरूमा पनि मालवस्तुहरूको वर्गीकरण गरिएको छ ।

प्रत्येक परिच्छेद र भागहरूमा द्रष्टव्यहरूद्वारा मालवस्तुहरूको व्याख्या गरिएको छ भने ठाउँ ठाउँमा उपशीर्षक द्रष्टव्यहरूद्वारा के कस्ता मालवस्तुहरू उक्त उपशीर्षक अन्तर्गत पर्दछन् र के कस्ता मालवस्तुहरू उस्तै उस्तै लागेपनि उक्त उपशीर्षकहरूमा पर्दैनन् भन्ने टिप्पणी दिइएको छ ।

३.२.१.१ परिच्छेद (Section): एउटै वर्गमा पर्ने मालवस्तुहरूका भागहरू (Chapters) लाई समूहवद्ध गरी एउटै परिच्छेद अन्तर्गत राखिएको छ । परिच्छेदमा दिइएका द्रष्टब्य (Notes) ले उक्त परिच्छेद र सो परिच्छेद अन्तर्गतका भागहरू (Chapters) एवं शीर्षकरूहरूको क्षेत्र (Scope) लाई व्याख्या गरेको छः उदाहरणको लागिः

परिच्छेद १- जीवित जीवजन्तु; जीवजन्तुको उत्पादनः

यस परिच्छेदमा जीवित जीवजन्तु र जीवित जीवजन्तुबाट उत्पादन हुने मालवस्तुहरूलाई भाग १ देखि भाग ५ सम्म उत्पादनको बढ्दो तह अनुसार राखिएको छ ।

परिच्छेद ६- रसायन र सम्बन्धित उद्योगका उत्पादनहरूः यस परिच्छेदमा सम्पूर्ण प्रारम्भिक रसायनहरू (Pure chemicals) लाई प्रांगारिक र अप्रांगारिक गरी भाग २८ र २९ मा राखिएको छ ।

३.२.१.२ भाग (Chapter): प्रत्येक परिच्छेद अन्तर्गत मालवस्तुहरूलाई वनावटको तह अनुसार भागहरूमा विभाजन गरिएको छ ।

वस्तुहरूलाई अझ स्पष्ट पार्न द्रष्टब्यहरू समेत दिइएको छ । उदाहरणको लागि:

भाग १- जीवित जन्तु

भाग २- मासु र खान हुने कमसल मासु (अफल)

३.२.१.३ शीर्षक (Heading): प्रत्येक शीर्षकलाई ४ अङ्कमा राखिएको छ । उक्त शीर्षकमा उल्लिखित पहिलो २ अङ्कले हार्मोनाइज्ड प्रणालीको भाग बताउँछ भने पछिल्लो २ अङ्कले उक्त भाग अन्तर्गत त्यस मालवस्तुको स्थान (Position) बताउँछ । उदाहरणको लागि:

शीर्षक	मालवस्तुको विवरण
०१०१	जीवित घोडाहरू, गधाहरू, खच्चरहरू र हिनिजहरू

३.२.१.४ उपशीर्षक (Subheading): हार्मोनाइज्ड प्रणालीमा वस्तु वर्गीकरणका शीर्षकहरूलाई पनि आवश्यकतानुसार उपशीर्षकहरूमा विभाजन गरिएको छ । यसरी एउटा शीर्षकलाई विभाजन गर्दा ६ वटा अङ्क दिई उपशीर्षकहरू बनाईएका छन् । एउटा शीर्षकबाट विभाजन गरिएको उपशीर्षकको मालवस्तुहरूको नामको अगाडि उपशीर्षकको अङ्क अनुसार ड्यास (-) दिइएको छ । जुन शीर्षकलाई विभाजन गरिएको हुँदैन त्यसलाई ४ अङ्क पछि ०० दिई मालवस्तुहरूको नाम लेखिएको छ: उदाहरणको लागि :

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण
०१.०४		जीवित भेडा र बाख्रा ।
	०१०४.१०.००	-भेडा
	०१०४.२०.००	-बाख्रा
५२.०१	५२०१.००.००	नफड्केको वा नकोरेको कपास ।

यस प्रणालीमा उल्लिखित उपशीर्षकभन्दा बढी उपशीर्षकहरू सदस्य राष्ट्रहरूलाई आवश्यक पर्ने महसुस भयो भने उक्त उपशीर्षकलाई राष्ट्रिय आवश्यकता अनुसार थप विभाजन गर्न सकिने सुविधा दिइएको छ । यसरी विभाजन गर्दा शीर्षक तथा ६ अङ्कको उपशीर्षकमा कुनै परिवर्तन नगरी ६ अङ्कको उपशीर्षकहरूलाई थप विभाजन गर्न सकिन्छ । नेपालले पनि यस प्रणालीका उपशीर्षकरूमा थप विभाजन गरी ८ अङ्कको उपशीर्षक बनाएको छ, उदाहरणको लागि:

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण
१७.०१	१७०१.११.००	--उखुको चिनी (६ वटा अङ्कको हार्मोनाइज्ड प्रणालीको उपशीर्षक)
	१७०१.११.१०	---चिनी (८ वटा अङ्कको नेपालको राष्ट्रिय उपशीर्षक)
	१७०१.११.९०	---सख्खर (गुंड)/गुँडगट्टा समेत (८ वटा अङ्कको नेपालको राष्ट्रिय उपशीर्षक)

माथिको उदाहरणमा हार्मोनाइज्ड प्रणालीको उपशीर्षक १७०१.११ मा पर्ने ऊखुको चिनीलाई नेपाले थप विभाजन गरी ऊखुको चिनी र सख्खर बनाएको छ । यसरी यस प्रणालीको उपशीर्षकहरूमा देशको आवश्यकताहरू थप विभाजन गर्दा उपशीर्षकका ४ अङ्क पछाडि (Beyond the 6 digit level) मात्र गर्न सकिन्छ ।

३.३ <u>हार्मोनाइज्ड प्रणालीको ब्याख्या सम्बन्धी सामान्य नियमहरू (General Rules for the interpretation of the Harmonized System)</u>:

३.३.१ ब्याख्याका नियमहरू (General Rules of Interpretation): हार्मोनाइज्ड प्रणालीमा मालवस्तु वर्गीकरण सम्बन्धमा ६ वटा नियमहरू छन् । यी नियमहरू यो प्रणालीका सदस्य राष्ट्रहरूले मालवस्तुको वर्गीकरण गर्दा एकै

प्रकारले ब्याख्या भई एकै किसिमको र वास्तविक वर्गीकरण होस् भनी दिइएका हुन् । यी नियमहरू अनुसार मालवस्तुको ब्याख्या गर्दा नियम १ देखि ८ सम्म क्रमवद्ध रूपले नियम ५ तथा ६ आवश्यकता अनुसार लागू गरिन्छ ।

३.३.१.१ **नियम-१ (GRI-1):** यस नियमानुसार हार्मोनाइज्ड प्रणालीको परिच्छेद र भागहरूमा उल्लिखित शीर्षकहरू (मालवस्तुको नाम) सन्दर्भलाई सजिलो पार्नको लागि मात्र दिइएका छन् । कानूनी प्रयोजनका लागि वर्गीकरणका शीर्षकहरूका शव्दहरू (भाषा ब्यहोरा) र कुनै पनि सम्बन्धित परिच्छेद वा भागका द्रष्टब्यहरू अनुसार वर्गीकरणको निर्णय गर्नुपर्दछ । त्यस्ता शीर्षकहरू र द्रष्टब्यहरूमा अन्यथा लेखिएकोमा बाहेक निम्न लिखित ब्यवस्था अनुसार गरिनु पर्दछः

नियमको उदाहरणः

- परिच्छेद १५ मा अपधातु वा आधारभूत धातु र अपधातुका वस्तुहरू भन्ने उल्लेख छ । यसबाट के देखिन्छ भने भागको शीर्षकलाई मात्र हेर्ने हो भने सम्पूर्ण धातुबाट बनेका वस्तुहरू यसै परिच्छेद अन्तर्गत पर्नुपर्ने हो तर धातुबाट बनेका भएपनि सवारी साधनहरू परिच्छेद १७ मा र धातुका फर्निचरहरू परिच्छेद २० मा पर्दछन् । परिच्छेद १५ को शीर्षकमा धातुबाट बनेका वस्तुहरू भन्ने उल्लेख भएपनि उक्त परिच्छेदको ब्याख्या एवं द्रष्टब्यबाट सवारी साधन एवं फर्निचरहरू धातुबाट बनेका भएपनि यस परिच्छेदमा पर्दैनन् भनिएको छ ।
- भागहरूमा उल्लिखित शीर्षक हेर्दा भाग १ मा “जीवित जन्तु” भनिएको छ यस अनुसार सम्पूर्ण जीवित जन्तु भाग १ मा पर्नुपर्ने हो तर सर्कसको लागि प्रयोग गरिने जीवित हात्ती भाग ९५ मा पर्दछ । भाग १ को द्रष्टब्यमा भाग ९५०८ का जीवजन्तु यसमा पर्दैनन् भनिएकोले भाग ९५ बाट वर्गीकरण गर्नु परेको हो ।

- मालवस्तुको वर्गीकरण गर्दा सबभन्दा पहिले नियम १ अनुसार नै गर्नुपर्दछ र नियम १ अनुसार वर्गीकरण हुन नसकेमा मात्र क्रमशः नियम २,३,४ अनुसार गरिन्छ भने नियम ५ र ६ आवश्यकतानुसार लागू गरिन्छ ।

३.३.१.२ नियम-२ (GRI-2):

(क) यस नियमानुसार यदि कुनै मालवस्तु अपूर्ण वा पूर्ण रूपमा तयार नभएको (incomplete or unfinished) भए पनि त्यसले पूर्ण वा तयारी मालवस्तुकै सारभूत लक्षण दिन्छ भने त्यसलाई तयारी मालवस्तु सरह वर्गीकरण गर्नुपर्दछ । त्यसैगरी कुनै मालवस्तु पूर्ण रूपमा खोलखाल (Disassembled) गरिएको वा मालवस्तु पूर्ण रूपमा तयार भई जोडजाड मात्र गर्न बाँकी (Unassembled) भएपनि पूर्ण वा तयार भएको मालवस्तु सरह वर्गीकरण गरिनु पर्दछ ।

उदाहरण:

१. टायर नभएका साइकल,

२. चक्का नभएका गाडीहरू,

३. सी.के.डी.अवस्थामा पैठारी हुने अन्य मालवस्तुहरू ।

माथिको उदाहरणमा Incomplete अथवा Unfinished वस्तुको सारभूत लक्षण (Essantial chareter) हुन्छ भने Unassembled वस्तुको प्रस्तुतिको अवस्थामा सारभूत लक्षण नहुन सक्दछ ।

(ख) कुनै पनि शीर्षकमा भएको कुनै पनि पदार्थ वा द्रब्यको प्रसँगले त्यस्ता पदार्थ वा द्रब्यको अर्को थरी पदार्थहरू वा द्रब्यहरूसँगको मिश्रण वा योगको प्रसँगलाई समेत समावेश गरेको मानिन्छ । त्यसैगरी कुनै पनि पदार्थ वा द्रब्यबाट बनेको सामानको प्रसँगले पूर्णत: वा अंशत त्यस्ता पदार्थ वा त्यस्ता पदार्थ वा द्रब्यबाट बनेका सामानहरूको प्रसँगलाई समावेश गरेको मानिन्छ । एकभन्दा बढी पदार्थ वा द्रब्य मिली बनेको सामानको वर्गीकरण नियम ३ अनुसार गर्नुपर्दछ ।

उदाहरणको लागि भिटामिन वा खजिन राखिएको दूध ।

३.३.१.३ **नियम-३ (GRI-3)**: यस नियमानुसार नियम २(ख) को प्रयोगबाट वा अन्य कुनै कारणबाट वस्तुहरूलाई प्रथम दृष्टिमा दुई वा दुईभन्दा बढी शीर्षकहरूमा वर्गीकरण गर्न सकिने भएमा निम्नबमोजिम गरी वर्गीकरण गरिनेछः

(क) अतिब्यापक (More general) विवरण भएको शीर्षकलाई भन्दा विशिष्टतम् (Most specific) विवरण भएको शीर्षकलाई प्राथमिकता दिनु पर्दछ । तर दुई वा दुईभन्दा बढी शीर्षकहरू प्रत्येकले मिश्रित वा यौगिक वस्तुहरूमा भएको पदार्थ वा द्रब्यको अंशलाई मात्र जनाउँछन् वा खुद्रा बिक्रीमा राखिएका समूहगत (सेटमा भएका) वस्तुहरूको अंशलाई मात्र जनाउँछन् भने त्यस्ता शीर्षकहरूलाई त्यस्ता वस्तुहरूको सम्बन्धमा उत्तिकै विशिष्ट ठानिनु पर्दछ । यद्यपि तीमध्ये कुनै एउटाले त्यस वस्तुको पूर्णतः वा यथार्थ विवरण दिन्छ ।

मालवस्तुको वर्गीकरण गर्दा अति ब्यापक वा विशिष्टतम् विवरणलाई Hard and fast rules को रूपमा प्रयोग गर्न त्यति ब्यवहारिक हुँदैन । ता पनि सामान्य रूपले भन्दा मालवस्तुको वर्गीकरण गर्दा अति ब्यापक वा विशिष्टतम भनी भन्न सकिने प्रशस्त उदाहरणहरू भेट्टिन्छन् ।

उदाहरण-१:

कुनै मालवस्तुको विवरण (Description by class) भन्दा नामको विवरण (Description by name) विशिष्टतम् मानिन्छ । जस्तै शीर्षक ४९०३ मा पर्ने बालबालिकाको लागि चित्र सहितको किताव (Childrens picture book) लाई शीर्षक ४९०१ मा पर्ने मुद्रित कितावभन्दा विशिष्टतम् मानिन्छ ।

उदाहरण-२ः

कुनै मालवस्तुको स्पष्ट रूपमा दिइएको विवरण सामान्य रूपमा दिइएको विवरणभन्दा बढी विशिष्टतम् हुन्छ । जस्तैः शीर्षक ९४०३ मा पर्ने प्लाष्टिकको फर्निचर शीर्षक ३९२६ मा उल्लिखित प्लाष्टिकबाट बनेका अन्य सामानभन्दा बढी विशिष्ट (more specific) हुन्छ । त्यसैगरी भान्सामा प्रयोग हुने Steel fork (काँटा) शीर्षक ८२१५ मा स्पष्ट उल्लेख भएकोले शीर्षक ७३२३ अन्तर्गत फलाम वा इस्पातको भान्सा वा अन्य घरायसी सामानहरू अन्तर्गत वर्गीकरण गरिँदैन । किनकी शीर्षक ७३२३ मा मालवस्तुको वर्ग (Class) उल्लेख भएपनि शीर्षक ८२१५ मा मालवस्तुको नाम नै किटान गरिएको छ । त्यसैगरी मोटर गाडीका आसनहरू (Seats) (शीर्षक ८७०८) मा मोटर गाडीका पार्टपुर्जा अन्तर्गत वर्गीकरण नगरी विशिष्टतम् विवरण भएको शीर्षक ९४०१ अन्तर्गत वर्गीकरण गरिन्छ ।

(ख) यस नियमानुसार मिश्रणहरू विभिन्न पदार्थहरू मिलेर बनेको वा विभिन्न अवयवहरू मिलेर बनेका संयुक्त वस्तुहरू र समूह (सेट) मा खुद्रा बिक्रीका लागि राखिएका वस्तुहरू जसलाई नियम ३(क) को प्रसँगबाट वर्गीकरण गर्न सकिँदैन, यो आधार लागू हुने हदसम्म त्यस्ता वस्तुहरूलाई तिनको सारभूत लक्षण प्रदान गर्ने वस्तु वा अवयव सरह मानी वर्गीकरण गरिन्छ ।

नियम ३(क) प्रयोग गर्न नसकिने अवस्थाहरू निम्नानुसार हुन सक्छन्ः

- मिश्रणहरू
- विभिन्न पदार्थहरू मिलेर बनाइएका संयोगिक (Composite) वस्तुहरू

- विभिन्न अवयवहरू मिलेर बनेका संयोगिक वस्तुहरू
- खुद्रा बिक्रीको लागि सेटमा राखिएका वस्तुहरू ।

उपर्युक्त अवस्था विद्यमान भएमा उक्त मालवस्तु बनेको पदार्थ वा अवयव जसले सारभूत लक्षण प्रदान गर्दछ सोही आधारमा वर्गीकरण गरिन्छ ।

उदाहरण:

मिश्रण (mixtures):

- ब्रुअरीको लागि ७० प्रतिशत गहुँ (शीर्षक १०.११) र ३० प्रतिशत जौ (Barlye) (शीर्षक १०.०३) लाई गहुँकै शीर्षक १०.०१ बाट वर्गीकरण गरिन्छ ।

संयुक्त वस्तुहरू (composite goods):

- छालाको पेटी जसमा कपडाका पकेटहरू जुन विभिन्न औजारहरू जस्तै हथौडा, किला राखी बनाइएको हुन्छ लाई शीर्षक ४२०३ बाटै वर्गीकरण गरिन्छ ।

संयुक्त वस्तुहरू विभिन्न अवयवबाट निर्मित:

- काठको कोट झुण्डाउने ह्याङ्गर जस्मा फलामको हुक हुन्छ लाई काठकै भागको शीर्षक ४४२१ बाट वर्गीकरण गरिन्छ ।

३.३.१.४ सेटमा रहेका वस्तुहरूको वर्गीकरण:

(क) कपाल सजाउने सेट जसमा एक जोडा Hair clipper (शीर्षक ८५१०), एउटा कांगियो (शीर्षक ९६०३), एकजोडा कैंची (शीर्षक ८२१३), एउटा ब्रस (शीर्षक ९६०३) र कपडाको तौलिया (शीर्षक ६३०२) हुन्छ जसलाई एउटा छालाको थैलो (शीर्षक ४२०२) मा राखिएको हुन्छ लाई शीर्षक ८५१० अन्तर्गत Hair clipper बाटै वर्गीकरण

गरिन्छ । किनकी त्यसमा विभिन्न मालवस्तुको सेट भएपनि त्यसको सारभूत लक्षण Hair clipper को मानिन्छ ।

(ख) मालवस्तुको वर्गीकरणमा सेटका आधारहरूः

मालवस्तुलाई सेटमा वर्गीकरण गर्नको लागि निम्न आधार (Criteria) हुनुपर्दछः

- कम्तीमा २ वटा वस्तुहरू जुन विभिन्न शीर्षकमा वर्गीकरण गर्न योग्य छन् ।
- यी सेटमा भएका मालवस्तुले कुनै एउटा आवश्यकता (Particular need) अथवा कुनै विशेष काम सम्पन्न गर्न सक्ने हुनुपर्दछ ।
- खुद्रा बिक्रीको लागि सेटमा राखिएको अवस्था हुनुपर्दछ ।

उदाहरणः

कुनै वायुसेवाले यात्रुलाई उसको Baggage समयमा उपलव्ध नभएमा प्रदान गर्ने कपडाको ब्यागमा दिने मालवस्तुहरू निम्न बमोजिम हुन्छन्ः

- डिस्पोजेवल रेजर र सेभिङ्ग फोमको वट्टा
- टुथ व्रस र टुथ पेष्ट
- वास्नादार हेण्डकरचिफ
- प्रकाशबाट रक्षा गर्ने कपडाको Blind fold
- एयर (ear) प्लग १ जोडा ।

माथिका मालवस्तु हेर्दा वाथरूम (toilet) मा प्रयोग गरिने मालवस्तुहरू हुन् । यस प्रकारका मालवस्तुहरू मिलेर वाथरूमको आवश्यकता पूरा गर्ने भएकोले यीनलाई

भिन्दाभिन्दै शीर्षकमा वर्गीकरण नगरी Set मै अर्थात् शीर्षक ९६०५ अन्तर्गत Toilet set मा वर्गीकरण गरिन्छ ।

३.३.१.५ **नियम-३(ग) (GRI- 3(c))**: यदि मालवस्तु नियम ३(क) र ३(ख) अनुसार वर्गीकरण गर्न नसकिएमा त्यस्ता मालवस्तु जो दुई वा दुईभन्दा बढी शीर्षकमा वर्गीकरण गर्न सकिने किसिमको चारित्रिक गुण भएका हुन्छन्; तीनलाई संख्याको क्रमानुसार सबभन्दा पछिल्लो शीर्षकबाट वर्गीकरण गर्नुपर्दछ :

उदारहणको लागिः

५० प्रतिशत कपडा तथा ५० प्रतिशत छालाबाट बनेको वेल्टलाई छालाको वेल्ट (शीर्षक ४२०३) बाट वर्गीकरण नगरी पछिल्लो शीर्षक ६२१७ बाट वर्गीकरण गर्नुपर्दछ ।

फलाम वा इस्पात ५० प्रतिशत र तामा ५० प्रतिशत मिली बनेका भान्साको मालवस्तु जस्तैः Frying pan लाई फलाम वा इस्पातको शीर्षक ७३२३ बाट वर्गीकरण नगरी पछिल्लो शीर्षक तामाबाट बनेको भान्साको सामान अन्तर्गत शीर्षक ७४१८ बाट वर्गीकरण गर्नु पर्दछ ।

३.३.१.६ **नियम-४ (GRI-4)**: जब मालवस्तुहरू नियम १ देखि ३ सम्मको प्रयोगबाट वर्गीकरण गर्न नसकिने हुन्छ तब त्यस्ता मालवस्तुलाई त्यस्ता वस्तुहरूसँग सवभन्दा बढी मिल्दोजुल्दो (Most akin) वस्तुको शीर्षक अन्तर्गत वर्गीकरण गर्नुपर्दछ ।

उदाहरणको लागिः

उखु पेल्ने मेशिनलाई यससँग मिल्दो जुल्दो शीर्षक ८४३५ को Fruit juce cruser सँग मिल्दो जुल्दो भएकोले यसैबाट वर्गीकरण गर्नुपर्दछ ।

३.३.१.७ **नियम ५ (GRI-5)**: यो नियमानुसार माथि उल्लेख भएका व्यवस्थाका अतिरिक्त निम्नलिखित वस्तुहरूको सम्बन्धमा देहायबमोजिमका नियम लागू हुने व्यवस्था गरेको छः

(क) क्यामराका खोलहरू वाद्ययन्त्रका खोलहरू, वन्दुकका खोलहरू, रेखाचित्र सम्बन्धी औजारका खोलहरू, कण्ठाहार (Necklace) का खोलहरू र यस्तै किसिमका डिव्वा वा कन्टेनरहरू जसलाई खास किसिमको वस्तु वा समूह (Set) मा हुने वस्तु राख्न मिल्ने गरी आकार दिइएको वा मिल्ने गरी बनाइएका, लामो अवधिसम्म प्रयोग हुने र जुन वस्तुको लागि बनेको हो सो बस्तुसँगै पैठारी भएमा र त्यस वस्तुसँगै सामान्यतः बिक्री हुनेलाई ती वस्तुसँगै वर्गीकरण गरिने छ । तर त्यस्ता आधानपात्र (Container) हरूको हकमा जसले सम्पूर्ण (The whole) लाई त्यसको सारभूत लक्षण प्रदान गर्दछ, यो नियम लागू हुँदैन ।

माथिको नियमानुसार मालवस्तुको खोल वा कन्टेनरलाई सो मालवस्तुको शीर्षक अन्तर्गत वर्गीकरण गर्नको लागि निम्न शर्तहरू पूरा भएको हुनुपर्दछः

- त्यस्तै मालवस्तुको आकृति अनुसार नै बनाइएको वा त्यस्ता मालवस्तु मै फिट गरिएको
- लामो अवधिसम्म प्रयोग गर्न सकिने
- मालवस्तु प्रयोग नभएको अवस्थामा त्यस्तो खोल वा कन्टेनरले त्यस्ता मालवस्तुको सुरक्षा गर्ने, र
- मालवस्तुसँगै आयात गरिएको हुनुपर्ने ।

माथिको कुराहरूलाई निम्न उदाहरणबाट प्रष्ट पार्न सकिन्छः

गहनासँगै पैठारी भएको गहना वक्स पनि गहनाहरूको शीर्षक ७११३ बाट गहनासँगै वर्गीकरण गरिन्छ ।

बन्दुकका खोलहरू शीर्षक ९३०३ को वन्दुकको शीर्षक सँगै वर्गीकरण गरिन्छ ।

दाह्री काट्ने विद्युतीय सेभरको बट्टालाई शीर्षक ८५१० अन्तर्गत Electric shaver सँगै वर्गीकरण गरिन्छ ।

यस प्रकार सँगसँगै प्रस्तुत गरिएका मालवस्तुका खोल एवं बट्टाहरू आफैले सारभूत लक्षण (Essential character) दिने हुनु हुँदैन । यदि यस्ता बट्टा वा खोलहरू आफैले सारभूत लक्षण दिने भएमा त्यस्ता मालवस्तु सँगै वर्गीकरण नगरी सम्बन्धित शीर्षकमा वर्गीकरण गरिन्छ । जस्तैः सी.डी. राख्ने प्लाष्टिकको बट्टाहरूलाई सी.डी. को शीर्षक ८५२३ अन्तर्गत नगरी शीर्षक ३९२३ बाटै वर्गीकरण गर्नुपर्दछ । किनकि यस प्रकारको प्लाष्टिकको बट्टाको आफ्नै विशेषता अर्थात् सारभूत लक्षण (Essential character) हुन्छ ।

(ख) नियम ५(क) अनुसार मालवस्तु वर्गीकरण गर्दा के कुरा बिर्सनु हुँदैन भने कुनै मालवस्तु प्याक गर्ने मालवस्तु (Packing material) सोही मालवस्तुसँगै वर्गीकरण गरिन्छ । तर त्यस्तो प्याकिङ्ग मेटेरियल वारम्वार प्रयोग गर्न मिल्ने (Repetitive use) हुनु हुँदैन । यसको राम्रो उदारहण ग्यास सिलिण्डरलाई लिन सकिन्छ । जुन वारम्वार प्रयोग भएकोले ग्यास भरिएर आएको अवस्थामा पनि ग्यासलाई शीर्षक २७११ बाट र सिलिण्डरलाई शीर्षक ७३११ बाट वर्गीकरण गर्नु पर्दछ, गरिन्छ ।

३.३.१.८ **नियम-६(GRI-6)**: कानूनी उद्देश्यको लागि कुनै शीर्षकको उपशीर्षकमा भएका सामानको वर्गीकरण सामान स्तरका उपशीर्षकहरू मात्र तुलनीय हुन्छन् भन्ने समझदारीको आधारमा ती उपशीर्षक र सम्बन्धित उपशीर्षकको कुनै द्रष्टब्यको भाषा (शव्दावली) अनुसार र आवश्यक परिवर्तन सहित उपर्युक्त नियमानुसार गरिन्छ । सन्दर्भले अन्यथा निर्दिष्ट गरेकोमा बाहेक

यस नियमको उद्देश्यको लागि सम्बन्धित परिच्छेद तथा भागका द्रष्टव्यहरू पनि लागू हुनेछन् ।

उदाहरण:

भान्सामा प्रयोग हुने काठ र धातुबाट बनेका फर्निचरको वर्गीकरणलाई हेरौं :

यसमा प्रथम दृष्यमा २ वटा शीर्षक देखिन्छन्:

- 9403.20 - other metal furniture
- 9403.40 - wooden furniture at a kind used in the kitchen

माथिको मालवस्तुको वर्गीकरण गर्नको लागि हामीले नियम ३ (GIR -3) प्रयोग गर्दछौ, किनकि माथिका फर्निचर काठ तथा धातुबाट बनेका संयोगिक (Composite) वस्तुहरू देखिन्छन् । यस्ता Composite material बाट बनेका मालवस्तुहरूको वर्गीकरण गर्दा जुन उपशीर्षकले बढी स्पष्ट विवरण दिन्छ त्यसैमा वर्गीकरण गर्नुपर्दछ । माथिको उदाहरणमा उपशीर्षक ९४०३.२० ले भन्दा उपशीर्षक ९४०३.४० ले स्पष्ट विवरण दिएको छ । किनकि यसले मालवस्तु बनेको पदार्थको साथै त्यसको प्रयोग समेत उल्लेख गरी उपशीर्षकलाई बढी स्पष्ट गरेको छ ।

यस प्रकार हार्मोनाइज्ड प्रणालीले मालवस्तुको वर्गीकरणको लागि क्रमवद्ध (Step by step) आधार प्रदान गरेको छ । प्रत्येक मामलामा कुनै पनि उत्पादनलाई पहिले यसको योग्य ४ अङ्कको शीर्षकमा र त्यसपछि त्यस अन्तर्गतको ६ अङ्को उपशीर्षकबाट वर्गीकरण गरिन्छ । मालवस्तुको वर्गीकरण गर्दा उपशीर्षकहरूको क्रमवद्धतामा पहिले नै योग्य वा ठीक उपशीर्षक छाडेर त्यसभन्दा तल्लोमा फड्को मारेर जानु हुँदैन ।

हार्मोनाइज्ड प्रणालीलाई अध्ययन गर्दा मालवस्तुको वर्गीकरण २ वटा Criterial (आधार) लिएको देखिन्छ, (क)

मालवस्तु के बाट बनेको छ (material composition) र (ख) कुन प्रकारको मालवस्तु हो (Type) ।

मालवस्तुको बनौटको पदार्थको आधारमा वर्गीकरण गरिने भागहरू हेर्दा भाग १ देखि ६३ सम्म र भाग ६७ देखि ८३ सम्म देखिन्छ । यी भागहरू हेर्दा मालवस्तुहरूको वर्गीकरण त्यसको पदार्थहरूको संयोजन (Material composition) को आधारमा गरिएको छ ।

	मालवस्तुको नाम	**शीर्षक**
घरायसी प्लेटहरू (भान्सामा प्रयोग हुने)	कागजको प्लेट	४८.२२
	काँचको प्लेट	७०.१३
	आल्मुनियम प्लेट	७६.१५
	माटाका प्लेट	६९.११
	फलाम वा इस्पातको प्लेट	७३.२३
	तामाको प्लेट	७४.१८

मालवस्तुको प्रकारको आधारमा वर्गीकरण गरिएको भाग हेर्दा शीर्षक ६४ देखि ६६ र भाग ८४ देखि ९७ सम्म देखिन्छ । यी भागहरूमा मालवस्तुको वर्गीकरणको आधार Material composition लाई नलिएर मालवस्तुको प्रकार अर्थात् Type लाई लिइएको छ ।

	मालवस्तुको नाम	**शीर्षक**
खेलौना	काठको खेलौना	९५.०३
	प्लाष्टिकको खेलौना	९५.०३
	काँचको खेलौना	९५.०३
	रबरका खेलौना	९५.०३
	धातुका खेलौना	९५.०३

यस प्रकार मालवस्तुको वर्गीकरण गर्दा मालवस्तुको प्रकार (Type) को आधारमा वर्गीकरण हुने हो कि पदार्थको बनौट अर्थात् Material composition को आधारमा वर्गीकरण हुने हो, सोको निक्यौल गर्नुपर्दछ ।

३.४ <u>मालवस्तुको वर्गीकरण गर्दा भन्सार कार्यालयले अपनाउनु पर्ने प्रक्रियाः</u>

भन्सार कार्यालयमा मालवस्तु जाँचपास गर्दा भन्सारका कर्मचारीहरूले संवेदनशील भई हेर्नुपर्ने विषयहरूमध्ये मालवस्तुको वर्गीकरण पनि एक हो । मालवस्तुको वर्गीकरण अनुसार भन्सार दर फरक पर्न सक्ने भएकोले आयातकर्ताले मालवस्तुको शीर्षक/उपशीर्षक घोषणा गर्दा मिल्दोजुल्दो तर कम दर लाग्ने शीर्षक/उपशीर्षक घोषणा गर्न सक्दछन् । भन्सार कार्यालयले यसमा हेक्का नगरेमा राजस्व चुहावट हुने प्रशस्त संभावना रहन्छ । यसैले मालवस्तु जाँचपास गर्दा वर्गीकरण सही भयो भएन भनेर हेर्नु जाँचपास गर्ने अधिकारीको कर्तव्य ठहर्छ । मालवस्तुको वर्गीकरण सम्बन्धमा द्विविधा भएमा भन्सार कार्यालयका प्रमुखले निम्नानुसारको प्रक्रिया अवलम्वन गर्नुपर्दछः

१. आयातकर्ताले घोषणा गरेको शीर्षक/उपशीर्षक ठीक छ छैन आवश्यकतानुसार भन्सार दरवन्दी पुस्तक तथा ब्याख्या सम्बन्धी टिप्पणीहरू अध्ययन गर्ने । मालवस्तुको नामबाट त्यसको प्रयोग तथा वनावटको पदार्थ (Material composition) स्पष्ट नभएमा थप कागजात माग गरी यकिन गर्ने ।

२. त्यस्तो मालवस्तु अन्य कुनै भन्सार कार्यालयबाट आयात भईसकेको छ कि ? आयात भएको भए कुन शीर्षक/उपशीर्षकबाट वर्गीकरण गरिएको रहेछ बुझ्ने ।

३. त्यस्तो मालवस्तुको भन्सार विभागबाट यसपूर्व नै वर्गीकरण भईसकेको छ कि भनी भन्सार विभागबाट प्रकाशित मालवस्तुको वर्गीकरण निर्णय सँग्रह हेर्ने । उक्त निर्णय सँग्रहमा उल्लिखित मालवस्तुको विवरणसँग हुवहु मिल्न आएमा सोही अनुसार वर्गीकरण गरी जाँचपास गर्ने ।

४. प्रत्येक भन्सार कार्यालयमा मालवस्तुको वर्गीकरण सम्बन्धी कार्य हेर्ने समिति गठन गर्ने, यसमा राजपत्रांङ्कित अधिकृत भएका भन्सार कार्यालयमा कार्यालय प्रमुखले एकजना भन्सार अधिकृतको संयोजकत्वमा बढीमा ५ जनाको समिति बनाई द्विविधा भएका मालवस्तुको वर्गीकरण गर्दा उक्त समितिको राय लिई निर्णय गर्ने ।

५. १ जना मात्र राजपत्राङ्कित कर्मचारी कार्यालय प्रमुख भएको भन्सार कार्यालयमा राजपत्र अनंङ्कित कर्मचारीको संयोजकत्वमा वर्गीकरण समिति गठन गरी उक्त समितिको राय लिएर मात्र निर्णय गर्ने ।

६. वर्गीकरण समितिको राय एवं छलफलबाट निर्णय गर्न नसकिएका मालवस्तुहरूको वर्गीकरण सम्बन्धमा कार्यालयको यकिन राय सहित भन्सार शीर्षक/उपशीर्षक तोकिदिन भन्सार ऐन, २०६४ को दफा ८९ बमोजिम मालवस्तुको नमूना एवं प्राप्त कागजातहरू संलग्न गरी भन्सार विभागमा पठाउने ।

७. नमूनाहरू पठाउँदा बीचमा परिवर्तन हुन सक्ने संभावनालाई विचार गरी भरसक आयातकर्ता हस्ते नपठाउने र नमूना मालवस्तुमा भन्सार कार्यालयले सीलछाप लगाई पठाउने ।

८. भन्सार विभागमा नमूना पठाउनु पूर्व आयातकर्ताले प्रज्ञापनपत्र भरी घोषणा गरिसकेपछि मात्र पठाउने र मालवस्तु ब्यापारिक नामबाट मात्र पठाउने र मालवस्तु ब्यापारिक नामबाट पैठारी भएकोमा त्यस्तो वास्तविक नाम तथा के कार्यमा प्रयोग गरिने हो सो को विवरण माग गरी कागजात सहित पठाउने ।

९. भन्सार कार्यालयले गरेको वर्गीकरणको निर्णयमा चित्त नबुझी निवेदन दिने आयातकर्ताको निवेदन एवं मालवस्तु पुनः वर्गीकरणको लागि विभाग पठाउनु हुँदैन । भन्सार कार्यालयको प्रमुखलाई द्विविधा भएको अवस्थामा मात्र भन्सार विभागमा भन्सार ऐन, २०६४ को दफा ८९ बमोजिम पठाउनु पर्दछ । भन्सार कार्यालयलाई द्विविधा नभएको विषयमा अनावश्यक पत्राचार गर्नु हुँदैन । द्विविधा भएको विषयमा मात्र भन्सार प्रमुखले उचित ठहराएको शीर्षक/उपशीर्षकबाट वर्गीकरण गरी लाग्ने राजस्व धरौटीमा राखी द्विविधा हुनको कारण सहित भन्सार विभागमा पठाउनु पर्दछ ।

१०. मालवस्तुको वर्गीकरण गर्दा भन्सार महसुल दरवन्दी पुस्तकमा स्पष्ट नभएका कुराहरू हार्मोनाइज्ड प्रणालीको ब्याख्या सम्बन्धी टिप्पणीहरूमा सविस्तार वर्गीकरण गरिएको हुन्छ । यस्ता ब्याख्या सम्बन्धी टिप्पणीहरू विश्व भन्सार सँगठनबाट ५ वटा आयतनमा प्रकाशित गरिएका छन् । मालवस्तुको वर्गीकरणमा द्विविधा हुनासाथ यी ब्याख्या सम्बन्धी टिप्पणीहरू (Explanatory notes) को अध्ययन गर्नुपर्दछ ।

११. भन्सार विभागमा वर्गीकरणको लागि पठाउँदा हार्मोनाइज्ड प्रणालीको व्याख्या सम्बन्धी टिप्पणीमा भएको व्यवस्था सहित उल्लेख गरी राय पठाउनु पर्दछ । कतिपय विषयहरू व्याख्या सम्बन्धी टिप्पणीबाटै स्पष्ट हुने भएकोले विभागमा पठाउनु पर्ने अवस्था नआउन सक्छ ।

३.५ मालवस्तुको वर्गीकरण गर्दा सम्झनु पर्ने कुराहरू (Things to remember at the time of classification):

मालवस्तुको वर्गीकरण गर्दा निम्न कुराहरू विर्सनु हुँदैन:

- मालवस्तु के हो ?
- यो के बाट बनेको छ ?
- यो के मा प्रयोग गरिन्छ ?
- यो कुन रूपमा आयात गरिएको छ ?
- वर्गीकरण गर्ने यो एउटा मात्र शीर्षक/उपशीर्षक हो कि अन्यत्र पनि वर्गीकरण हुने संभावना देखिन्छ ।

उपर्युक्त कुराहरूरूलाई केन्द्रविन्दुमा राखेर निक्यौंल गरेपछि मात्र मालवस्तुको वर्गीकरणको आधार बन्दछ ।

३.६ मालवस्तु वर्गीकरणको लागि अध्ययन सामग्रीहरू:

- भन्सार महसुल दरवन्दी अंग्रेजी/नेपाली,
- हार्मोनाइज्ड प्रणालीका व्याख्या सम्बन्धी टिप्पणीहरू (Explanatory notes),
- विश्व भन्सार सँगठनले वर्गीकरण सम्बन्धमा गरेका निर्णयहरूको सँग्रह (Compendium of Decisions),
- विश्व भन्सार सँगठनका वर्गीकरण समितिले ब्यक्त गरेका विचारहरू (Compendium of opinions),
- विभिन्न देशका भन्सार महसुल दरवन्दी किताबहरू (Customs tariff books),
- भन्सार विभागबाट प्रकाशित वर्गीकरण निर्णय सँग्रह,
- विश्व भन्सार सँगठनले प्रकाशित गरेका वर्गीकरण सम्बन्धी तालिमका सामग्रीहरू ।

परिच्छेद - ४
मालवस्तुको भन्सार मूल्याङ्कन

४.१ मालवस्तुको भन्सार मूल्याङ्कन सम्बन्धी कानूनी व्यवस्था:

पैठारी भएका मालवस्तुको भन्सार मूल्याङ्कन सबै देशहरूले आ-आफ्नो राष्ट्रिय कानूनको आधारमा गर्ने प्रचलन रही आएकोमा विश्व ब्यापार सँगठनको मूल्याङ्कन पद्धति कार्यान्वयनमा आएपछि भन्सार मूल्याङ्कन सम्बन्धमा यसै सिद्धान्तलाई प्रमुख आधार बनाएको पाइन्छ । सन् २००४ मा नेपालले विश्व ब्यापार सँगठनको सदस्यता प्राप्त गरिसके पछि सन् २००७ को जनवरी १ देखि उक्त सँगठनको मूल्याङ्कन सम्बन्धी सिद्धान्त पूर्ण रूपमा कार्यान्वयन गर्ने प्रतिवद्धता जनाए अनुसार भन्सार ऐन, २०६४ तर्जुमा गरी लागू गरिएको छ । यस ऐनको परिच्छेद ५ मा उक्त सिद्धान्तका सम्पूर्ण प्रावधानहरू समेटिएकोले हाल नेपालको भन्सार प्रशासनले यसै सिद्धान्तको आधारमा भन्सार मूल्याङ्कन गर्ने गरेको छ ।

भन्सार ऐन, २०६४ को परिच्छेद ५ मा भन्सार मूल्य निर्धारण सम्बन्धी ब्यवस्था गरिएको छ । सो परिच्छेदको दफा १३ मा पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्ने आधार तोकिएको छ । सो दफाको उपदफा १ मा पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दा विश्व भन्सार सँगठनको भन्सार महसुल तथा ब्यापार सम्बन्धी सामान्य सम्झौता (जनरल एग्रिमेण्ट अन टेरिफ्स एण्ड ट्रेड), १९९४ को धारा ७ कार्यान्वयन गर्नका लागि सम्पन्न भएको सम्झौतामा उल्लिखित भन्सार मूल्याङ्कन सम्बन्धी नियमहरू अनुसूची र ब्याख्या अवलम्बन गरिनेछ भन्ने ब्यवस्था गरिएको छ र पैठारी गरिने मालवस्तुको भन्सार मूल्य सोही सम्झौतामा उल्लिखित भन्सार मूल्याङ्कन सम्बन्धी नियमहरू अनुसूची र ब्याख्याका अधिनमा रही कारोबार मूल्यको आधारमा मूल्य निर्धारण गरिने ब्यवस्था छ । पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तुको मूल्य प्रमाणित गर्ने विवरण तथा कागजात संलग्न गरी मूल्य घोषणा गर्नुपर्दछ र यसरी घोषणा गरिएको कारोबार मूल्य भन्सार महसुल तथा ब्यापार सम्बन्धी सामान्य सम्झौता, १९९४ को धारा ७ अनुरूप भएमा भन्सार अधिकृतले त्यस्तो कारोबार मूल्यको आधारमा मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दछ । त्यस्तो कारोबार मूल्यमा भाडा, बीमा तथा अन्य सम्बद्ध खर्च समावेश भएको नदेखिएमा भन्सार अधिकृतले सो का लागि लाग्न सक्ने अनुमानित रकम

जोडी कारोबार मूल्य निर्धारण गरिने व्यवस्था छ । अनुमानित रकम कायम गर्ने आधार भन्सार विभागका महानिर्देशकले तोक्न सक्ने व्यवस्था छ ।

पैठारीकर्ताले मूल्य प्रमाणित गर्ने विवरण तथा कागजात संलग्न गरी घोषणा गरिएको कारोबार मूल्य शंकास्पद छ भन्ने विश्वास गर्नुपर्ने मनासिब कारण भएमा भन्सार अधिकृतले पैठारीकर्तासँग त्यस्तो मूल्य वास्तविक कारोबार मूल्य हो भनी प्रमाणित गर्ने थप कागजात वा प्रमाण लिखित रूपमा माग गर्न सक्नेछ र त्यसरी माग भएका कागजातहरू सम्बन्धित पैठारीकर्ताले उपलब्ध गराउनु पर्नेछ । पैठारीकर्ताले कारोबार मूल्य प्रमाणित गर्ने बिल बिजक र कागजातका आधारमा कुनै मालवस्तुको भन्सार मूल्य निर्धारण हुन नसकेमा त्यसको कारण सहितको सूचना भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई दिनुपर्दछ ।

विश्व व्यापार सँगठनको महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (GATT), १९९४ को धारा ७ मा भन्सार मूल्याङ्कनका लागि ६ वटा विधिहरू उल्लेख भएका छन् । ती विधिहरूलाई समेटेर नेपालको भन्सार प्रशासनले भन्सार ऐन, २०१९ लाई प्रतिस्थापन गरी भन्सार ऐन, २०६४ को दफा १३ मा भन्सार मूल्य निर्धारण गर्ने विभिन्न तरिकाहरूको बारेमा उल्लेख गरिएको छ । पैठारी गरिने मालवस्तुहरूको मूल्य निर्धारण गर्दा निम्न कार्यविधि अपनाउनु पर्दछः

१. वस्तुको कारोबार मूल्य विधि (Transaction Value Method)

२. समरूपका वस्तुको कारोबार मूल्य विधि (Transaction Value of Identical goods Method)

३. मिल्दो जुल्दो मालवस्तुको कारोबार मूल्य विधि (Transaction Value of Similar Goods Method)

४. घटाउने मूल्य विधि (Deductive Value Method)

५. गणना मूल्य विधि (Computed Value Method)

६. अवशिष्ट वा मनासिव आधार विधि (Fallback or reasonable means Method)

४.२ कारोबार मूल्यको आधारमा मूल्य निर्धारणः

GATT Valuation Agreement, 1994 को धारा VII कार्यान्वयनको सामान्य सम्झौता परिचय शीर्षक अन्तर्गत भन्सार प्रयोजनको लागि वस्तुको मूल्य कायम गर्ने आधार सम्भव भएसम्म कारोबार मूल्य हुनुपर्ने सदस्य राष्ट्रहरूले प्रतिवद्धता जनाएको भनी उल्लेख गरिएको छ । तसर्थ भन्सार मूल्य निर्धारणको पहिलो र प्रमुख आधारभूत सिद्धान्त भनेको कारोबार मूल्य (Transaction Value Method) पद्धति नै हो । कारोबार मूल्य भनेको आयात गरिने देशमा निकासी वा बिक्री भएको मालवस्तुको लागि वास्तवमा तिरेको वा तिर्नुपर्ने मूल्य हो । कारोबार मूल्यका केही आधारभूत शर्तहरू रहेका छन् । ती हुन्:

(क) कारोबार आयातित मालवस्तुसँग सम्बन्धित हुनपर्दछ,

(ख) मालवस्तु निर्यातको लागि बिक्री भएको (Sale for export) हुनुपर्दछ,

(ग) मालवस्तु बिक्री हुँदाको समयसँग सम्बन्धित हुनुपर्दछ,

(घ) आयात गर्ने देशमा निर्यातका लागि बिक्री गरिएको हुनुपर्दछ ।

यसरी मूल्य कायम गर्ने पद्धति अनुसार कारोबार मूल्य कायम गर्दा विक्रेतालाई क्रेताले वास्तविक रूपमा तिरेको वा तिर्नुपर्ने रकममा निम्न बमोजिमका खर्चहरू समावेश गरी कारोबार मूल्य कायम गरिन्छ ।

(क) खरीद कमिशन बाहेकको कमिशन र दलाली खर्च,

(ख) भन्सार प्रयोजनको लागि सम्बन्धित वस्तुकै अङ्गका रूपमा मानिएका कन्टेनरको खर्च, ढुवानी खर्च,

(ग) भन्सार विन्दुसम्म ल्याउँदाको प्याकिङ्ग लागत,

(घ) भन्सार विन्दुसम्म ल्याउँदाको बीमा खर्च,

(ङ) भन्सार विन्दुसम्म ल्याउँदाको लोडिङ्ग, अनलोडिङ्ग खर्च लगायत अन्य खर्चहरू,

(च) पैठारी गरिएका मालवस्तुसँग आएका बिना मूल्य (Free of Cost) वा घटी मूल्यका सामानहरू र पार्टपूर्जाहरू,

(छ) पैठारी गरिएका मालवस्तुको उत्पादनमा प्रयोग हुने औजार, डाईज, मोल्डस् र यस्तै वस्तुहरू,

(ज) पैठारी भएका मालवस्तुको उत्पादनमा समावेश भएको पदार्थहरू,

(झ) पैठारी भएको मालवस्तुसँग सम्बन्धित तिर्नुपर्ने रोयल्टी र लाईसेन्स शुल्कहरू,

(ञ) मालवस्तु पैठारी हुने मुलुकभन्दा अन्य मुलुकमा लागेका ईञ्जिनियरिङ्ग, कला, डिजाईन र विकास जस्ता कार्यमा लागेका खर्चहरू,

(ट) वस्तुको पुनर्बिक्री, वितरण वा प्रयोगबाट भएको आयबाट विक्रेताले प्राप्त गर्ने प्राप्ति तथा लाभको अंश,

(ठ) बिजकमा नदेखिएको अग्रिम भुक्तानी ।

४.३ <u>कारोवार मूल्यमा भाडा तथा वीमाको रकम जोड्नु पर्नेः</u>

कारोवार मूल्यमा भाडा तथा वीमाको रकम जोड्ने/नजोड्ने विषयमा WTO मूल्याङ्कन पद्धतिले सदस्य राष्ट्रहरूलाई आफ्नै स्वविवेकमा छाडेको छ । नेपालको सन्दर्भमा भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ख) मा कारोवार मूल्यको परिभाषामा "नेपालको सीमासम्म लागेको वा लाग्न सक्ने भाडा वीमा तथा अन्य सम्वद्ध खर्च जोडी हुन आउने कूल रकम सम्झनु पर्दछ" भन्ने वाक्यांश समावेश भएकोले कारोवार मूल्य कायम गर्दा पैठारीकर्ताले विक्रेतालाई भुक्तानी गरेको रकममा भाडा वीमा तथा अन्य सम्वद्ध खर्च समावेश गर्नुपर्दछ ।

४.४ <u>कारोवार मूल्यमा समावेश गर्नु नपर्ने रकमहरूः</u>

कारोबार मूल्य कायम गर्दा केही खर्च वा रकमहरू समावेश गर्नुहुँदैन । ती समावेश नहुने वा घटाउनु पर्ने रकमहरू यस प्रकारका छन् :

(क) पूर्वप्रभावी छुट (Restrospective Discount) बाहेकका सबै छुटहरू

(ख) व्यापारिक बिजकमा छुट्टै घोषणा भएको भए निम्न शुल्कहरू

- पछि भुक्तानी गरिने रकमको ब्याज,
- आयात पश्चात् गरिएको आन्तरिक ढुवानीको शुल्क,
- आयातित देशमा भुक्तानी गर्नुपर्ने महसुल तथा करहरू ।

नेपालको सन्दर्भमा भन्सार ऐन, २०६४ को परिच्छेद ५ को दफा १३ मा कारोबार मूल्य कायम गर्ने सम्बन्धी व्यवस्था गरिएको छ । भन्सार ऐन, २०६४ मा

उल्लेख भएका प्रावधानहरू पनि विश्व व्यापार सङ्गठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (General Agreement on Tariffs and Trade), १९९४ को धारा ७ मा उल्लेख भएका प्रावधान अनुरूप छन् ।

४.५ **सम्बन्ध पार्टीबीच भएको कारोवारमा छानविन गर्नुपर्ने:**

भन्सार कार्यालयमा आयातकर्ताले घोषणा गरेको मूल्यमा सम्बद्ध पार्टीबीच अर्थात् आयातकर्ता र निर्यातकर्ताबीच सम्बन्ध (Relation) देखिएकोमा त्यस्तो सम्वद्ध पक्ष कारोवारले मूल्याङ्कनमा प्रभाव पारेको छ, छैन जाँचवुझ गर्नुपर्दछ । WTO मूल्याङ्कन सम्झौताको धारा १५ ले आयातकर्ता र निर्यातकर्ता एक आपसमा सम्बन्धित (Related) छन्, छैनन् भन्ने विषयमा सम्बद्ध पक्षको परिभाषा गरेको छ र देहायका व्यक्तिहरूलाई सम्बद्ध पक्ष मानेको छ:

(क) तिनीहरू अधिकारी र निर्देशक भई एक अर्काको व्यवसायमा संलग्न छन् भने,

(ख) तिनीहरू कानूनी रूपमा साझेदार हुन् भने,

(ग) तिनीहरू रोजागारदाता र रोजगार हुन् भने,

(घ) कुनै व्यक्तिले कुनै दुई निकायमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा स्वामित्व नियन्त्रण वा ५ प्रतिशत वा सोभन्दा बढीको मताधिकार वा अंश लिएको छ भने,

(ङ) तिनीहरूमध्ये एकले अर्कोलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नियन्त्रण गर्दछन् भने,

(च) तिनीहरू दुवै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा तेस्रो व्यक्तिबाट नियन्त्रित छन् भने,

(छ) ती दुवैले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा तेस्रो व्यक्तिलाई नियन्त्रण गर्दछन् भने,

(ज) तिनीहरू एउटै परिवारको सदस्य छन् भने ।

माथिको प्रसँगमा "एउटै परिवारको सदस्य" लाई सम्झौतामा उल्लेख गरिएको नभएतापनि नेपालको कानूनलाई हेर्दा निम्न सम्बन्ध भएका व्यक्तिहरूलाई एउटै परिवारको सदस्य मान्न सकिन्छ ।

- पति वा पत्नी,
- अविभावक र केटाकेटी,
- दिदी बहिनी र दाजुभाई,
- बाजेबज्यै र नाति नातिनीहरू,
- काका र भतिजा / भतिजी,
- साला भेना / जेठान,
- साली, जेठी सासु,
- जेठाजु, देवर, नन्द, आमाजु,
- सासु ससुरा आदि ।

४.६ **कारोवार मूल्य अस्वीकृत गर्न सकिने:**

भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (छ) मा पैठारीकर्ताले घोषणा गरेको मूल्य शंकास्पद छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा भन्सार अधिकृतले त्यस्तो मूल्य वास्तविक कारोवार मूल्य हो भनी प्रमाणित गर्ने थप कागजात वा प्रमाण लिखित रूपमा माग गर्ने ब्यवस्था रहेको छ । यस प्रकार कागजात माग गर्दा पनि आयातकर्ताले घोषणा गरेको मूल्य वास्तविक कारोवार मूल्यको रूपमा प्रमाणित नभएमा मूल्याङ्कन पद्धतिका अन्य पद्धतिहरू क्रमवद्ध रूपमा अवलम्वन गरी मूल्य निर्धारण गर्नुपर्दछ ।

४.७ **समरूपका मालवस्तु (Identical Goods) को कारोवार मूल्यको आधारमा मूल्य निर्धारण गर्ने विधि:**

भन्सार अधिकृतले आयातकर्ताले घोषणा गरेबमोजिम कारोबार मूल्यको आधारमा कुनै मालवस्तुको भन्सार मूल्य निर्धारण गर्न नसकेको अवस्थामा नेपालमा पहिले पैठारी भएका समरूपका मालवस्तुको कारोवार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्नुपर्दछ । समरूपका मालवस्तु (Identical Goods) भन्नाले भौतिक चरित्र, गुणस्तर तथा ख्याती लगायतका सम्पूर्ण कुरामा एउटै भएका मालवस्तुहरू हुन् । भौतिक स्वरूपमा सानातिना भिन्नता भएकै कारणले समरूपका वस्तुको परिभाषा गर्न वाधा पुग्दैन (WTO Valuation को धारा १५.२ (क)) । भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (८) मा समरूपका मालवस्तुको परिभाषा गरिएको छ । जस अनुसार बनोट, गुण, प्रकृति र विशेषता लगायत सम्पूर्ण कुरा एकै किसिमको भएको मालवस्तु हुनु पर्दछ ।

यस तरिकाबाट मूल्य निर्धारण गर्दा पैठारी भएका वस्तुको प्राविधिक कार्य, विकास कार्य, कला कार्य, डिजाईन कार्य, योजना वा खाका कोर्ने कार्य, वस्तु आयात गरिएको मुलुकमा नै सम्पन्न गरिएका छन् र सो कार्य पैठारीकर्ताले उत्पादकलाई कम मूल्यमा वा निःशुल्क प्रदान गरेको छ भने त्यस्तो वस्तुहरू समरूपका वस्तुमा गणना गर्न मिल्दैन । मूल्याङ्कन गरिने सामान समरूपको सामानसँग तुलना गर्दा यदि उही उत्पादकले उत्पादन गरेको समरूप सामान उपलब्ध छैन भने उही देशमा अन्य उत्पादकले उत्पादन गरेको उस्तै सामानलाई लिन सकिन्छ । समरूपको वस्तुसँग तुलना गर्दा सामान्य भिन्नताले समरूपको वस्तुको रूपमा तुलना गरी भन्सार मूल्य निर्धारण गर्न बाधा पर्दैन ।

मूल्याङ्कन हुने सामान र समरूपका सामानको बीचमा देहायका भिन्नता रहेका छन् भने ती भिन्नताहरूलाई समायोजना गरी गणना गर्नुपर्दछ :

(क) व्यापारिक स्तरको भिन्नता (Commercial Level Differences),

(ख) परिमाणको भिन्नता (Quantity Differences),

(ग) पारवहनको तरिका र दूरीका कारणले यातायात खर्च र वीमा खर्च आदिमा रहेको भिन्नता ।

समरूपको वस्तुमा आधारित कारोबार मूल्यको तरिकामा मूल्याङ्कन गरिने वस्तुसँग समरूपको वस्तुको तुलना गर्दा समरूपको वस्तु लगभग समान समयमा निर्यात गरिएको हुनुपर्छ । यदि समरूपका वस्तुको एकभन्दा बढी कारोवार मूल्य उपलब्ध भएमा र ती सबैले माथिका अवस्था पूरा गरेमा सबैभन्दा कम मूल्यलाई मान्यता दिनु पर्दछ । यदि समरूपको वस्तुको कारोवार मूल्य प्राप्त नभएमा भन्सार मूल्याङ्कन सम्झौताको धारा ३ को उस्तै वस्तुको मूल्य निर्धारण तरिका अनुसार मूल्य निर्धारण गर्नुपर्दछ ।

४.८ मिल्दोजुल्दो मालवस्तु (Similar Goods) को आधारमा कारोवार मूल्य निर्धारण गर्ने विधिः

WTO Valuation Agreement को धारा १ र २ अनुसारको कारोवार मूल्य तरिका लागू गर्न नसकिएको अवस्थामा उस्तै वस्तुको कारोवार मूल्य प्रयोग गरी मूल्याङ्कन भइरहेको वस्तुको भन्सार मूल्य निर्धारण गर्ने सम्बन्धमा धारा ३ ले व्यवस्था गरेको छ । धारा ३ अनुसार कारोबार मूल्य पद्धति र समरूप वस्तुको

मूल्याङ्कन पद्धति अनुसार भन्सार मूल्य निर्धारण गर्न नसकिएको अवस्थामा आयात गर्ने सोही देशलाई निर्यात प्रयोजनका लागि बिक्री गरिएका र मूल्याङ्कन भैरहेको समयमा वा सोही समयमा आसपासमा निर्धारण गरिएका उस्तै वस्तुको कारोबार मूल्य नै भन्सार मूल्य हुनेछ ।

भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (९) मा समरूपका मालवस्तुको कारोवार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य नेपालमा पहिले पैठारी भएको मिल्दो जुल्दो मालवस्तुको कारोवार मूल्यको आधारमा निर्धारण गरिने छ भन्ने व्यवस्था छ ।

भन्सार मूल्याङ्कन सम्झौताले पैठारी भएको कारोबार मूल्यमा आधारित वस्तु र मूल्याङ्कन गरिने वस्तु मिल्दोजुल्दो हुनका लागि देहायको अवस्था पूरा गरेको हुनुपर्छ ।

(क) पूर्ण रूपमा समान नभएतापनि चारित्रिक तत्व र आन्तरिक पार्टपूर्जा समान भएका सामानहरू,

(ख) मूल्याङ्कन हुन गईरहेको वस्तुले सम्पन्न गर्ने कार्य नै गर्न सक्ने र ब्यापारिक रूपले अन्तरपरिवर्तन (सट्टापट्टा) गर्न योग्य सामान,

(ग) मूल्याङ्कन भएको सामान झै उही देशमा उत्पादित भएका र

(घ) मूल्याङ्कन हुने सामानका उत्पादकद्वारा उत्पादन गरिएका ।

भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (९) मा मिल्दो जुल्दो मालवस्तुको परिभाषा गरिएको छ । जस अनुसार सबै कुरामा उस्तै नभएका तर उस्तै वनौट सामग्रीहरूको अंश र उस्तै उस्तै विशेषता भएको कारणले गर्दा उस्तै काम गर्न सक्ने र ब्यापारिक रूपमा साटफेर हुन सक्ने मालवस्तुलाई मिल्दो जुल्दो मालवस्तु (Similar goods) भनिएको छ ।

यदि उही उत्पादकद्वारा उत्पादन गरिएको उस्तै सामान उपलब्ध छैनन् भने भिन्न उत्पादकद्वारा उत्पादित उस्तै सामानलाई आधार लिन सकिन्छ । पैठारी भएका वस्तुको प्राविधिक कार्य, विकास कार्य, कला कार्य, डिजायन कार्य, योजना वा खाका कोर्ने कार्य वस्तु आयात गरिएको मुलुकमा नै सम्पन्न गरिएका छन् र सो कार्य पैठारीकर्ताले उत्पादकलाई कम मूल्यमा वा निःशुल्क प्रदान गरेको छ भने त्यस्तो वस्तुहरूलाई उस्तै वस्तुमा गणना गर्न मिल्दैन ।

४.९ घटाएर भन्सार मूल्य निर्धारण गर्ने पद्धति **(Deductive Value Method)**

WTO Valuation Agreement, 1994 को धारा २ र ३ मा उल्लिखित तरिकाबाट धारा १ को कारोबार मूल्य कायम गर्न सकिएन भने त्यस्तो अवस्थामा धारा ५ को घटाएर मूल्य निकाल्ने तरिकालाई वैकल्पिक तरिकाको रूपमा प्रयोग गरिन्छ । यस तरिका अनुसार मूल्य निर्धारण गर्दा आयात हुने मुलुकमा बिक्री मूल्यको आधारमा वा मिल्दो जुल्दो वस्तु वा समरूप वस्तु आयात गर्ने मुलुकमा हुने बिक्रीमा आयात वा बिक्री गर्दा लाग्ने सम्झौतामा तोकिएको खर्च कटाएर गरिन्छ ।

भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१०) मा मिल्दो जुल्दो मालवस्तुको कारोवार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तु अघि नै नेपालमा पैठारी भई बजारमा पैठारीकर्तासँग असम्बन्धित व्यक्तिलाई बिक्री भएको रहेछ भने त्यसरी बिक्री भएको अधिकतम् एकाइको प्रति एकाइ बिक्री मूल्यमा नेपालमा लागेको कर महसुल अन्य सम्वद्ध खर्च र मुनाफा कटाई त्यस्तो मालवस्तुको भन्सार मूल्य निर्धारण गर्नुपर्ने व्यवस्था छ ।

(क) **आयात हुने मुलुकमा हुने बिक्रीले निम्न शर्तहरू पूरा गर्नुपर्छ :**

आयात गरेकै अवस्थामा आयात गरिने मुलुकमा वस्तुहरू पुनः बिक्री गरिएको हुनुपर्छ,

- आयातित वस्तु वा समरूप वा मिल्दो जुल्दो वस्तुहरूको बिक्री समान अवस्था र एउटै समयमा वा हाराहारी समयमा हुनुपर्छ,
- यदि आयात गर्दाको समय वा हाराहारी समयमा कुनै बिक्री भएको छैन भने मूल्याङ्कन गरिने वस्तु आयात गरेको ९० दिन भित्रको सबैभन्दा छिटो समयमा सम्पन्न अधिकतम् समष्टिगत परिमाणमा भएको बिक्रीको ईकाईलाई प्रयोग गरिनु पर्दछ,
- यदि माथिका शर्तहरू पूरा गरेर समरूप वा उस्तै आयातित वस्तुहरूको आयात गर्दाको अवस्थामा कुनै बिक्री नभएमा आयातकर्ताले मूल्याङ्कन गरिने वस्तु प्रशोधन भएपछिको अनुरोधमा बिक्रीलाई पनि उपयोगमा ल्याउन सकिन्छ र प्रोसेसिँगमा भएको खर्चलाई सोही बमोजिम समायोजन गर्नुपर्दछ ।

- आयात गर्ने मुलुकको क्रेताले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै सहयोग (Assist) प्रदान नगरेको हुनुपर्दछ,
- आयात गरेपछि पहिलो वाणिज्यिक तहबाट खरीद गर्ने खरीदकर्ता र आयातकर्ता सम्बन्धित हुनुहुँदैन ।

(ख) अधिकत्तम् एकाइहरूमा बेचिएको एकाई मूल्य स्थापित हुनुपर्छ । ब्यापारिक बिजकले ती एकाई मूल्य स्थापित गर्ने प्राथमिक आधारको रूपमा काम गर्नेछन् ।

(ग) यस तरिकामा स्थापित अधिकत्तम् समष्टिगत प्रति एकाई मूल्यमा निम्न तत्वहरू घटाएर भन्सार मूल्य निर्धारण गर्नुपर्दछः

- उस्तै वर्ग र प्रकारका आयातित देशमा आयात भएको सामानको भुक्तानी भएको या भुक्तानी गर्न मञ्जुर गरिएको कमिशन वा बिक्रीसँग सम्बन्धित भएको अतिरिक्त नाफा र सामान्य खर्च ।
- पैठारी गर्ने मुलुकमा वस्तुहरू प्रवेश गरेपछि लाग्ने यातायात खर्च, बीमा, सम्बद्ध खर्चहरू ।
- आवश्यक देखिएका अवस्थामा धारा ८ को अनुच्छेद २ अनुसारको खर्च र दस्तुरहरू ।
- आयात गरिएको वा सामान बिक्री गरेको कारणले आयात गर्ने देशमा तिर्नुपर्ने भन्सार महसुल र अन्य राष्ट्रिय करहरू ।
- जडान गर्दा र प्रशोधन गर्दा हुने मूल्य अभिवृद्धि भएमा सो समेत ।

४.१० <u>लागत गणना मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्ने पद्धति (**Computed Value Method)**</u>

भन्सार कारोबार मूल्य निर्धारण गर्ने सिलसिलामा क्रमशः कारोबार मूल्य तरिका, समरूप वस्तुको कारोबार मूल्य तरिका, मिल्दो जुल्दो वस्तुको कारोवार मूल्य तरिका र घटाएर मूल्य निकाल्ने तरिकाको आधारमा भन्सार मूल्य निर्धारण गर्न सकिएन भने लागत गणना मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गरिन्छ । Valuation को धारा ६ अनुसार लागत गणना मूल्य भन्नाले निम्न रकमको योगलाई जनाउँछ :

(क) आयातित समान उत्पादनमा लागेको कच्चा पदार्थको मूल्य वा खर्च एवं उत्पादन खर्च वा लागेको अन्य प्रशोधन खर्च ।

(ख) आयात गर्ने मुलुकको लागि निर्यात गर्ने मुलुकको उत्पादकले मूल्याङ्कन गर्न लागिएका मालवस्तुका मिल्दो जुल्दो वर्ग वा एउटै प्रकारका सामानका लागि निर्धारित नाफा र अन्य साधारण खर्च बराबरको रकम ।

(ग) धारा ८ को अनुच्छेद २ अन्तर्गतका सदस्यले छनौट गरेको मूल्याङ्कन तरिका अनुसार उल्लिखित खर्च वा अन्य खर्च ।

भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (११) अनुसार डिडक्टिभ भ्यालु मेथड अनुसार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तु उत्पादन वा निर्माण गर्न लागेको खर्च र सो मालवस्तु पैठारीकर्तालाई बिक्री गर्दा विक्रेताले लिएको वा लिन सक्ने मुनाफा समेत गणना गरी भन्सार मूल्य निर्धारण गरिने व्यवस्था छ ।

लागत गणना मूल्य निर्धारण गर्ने प्रयोजनका लागि कुनै पनि सदस्यले आफ्नो मुलुक बाहिरका कुनै ब्यक्तिलाई परीक्षण गर्ने वा कुनै हिसाब वा अन्य रेकर्ड हेर्न जाँच्न वा बुझ्न दिनु भनी दबाव दिनुहुँदैन । तर यस दफा अन्तर्गत सामान उत्पादनकर्ताले भन्सार मूल्य निर्धारण गर्ने प्रयोजनका लागि उपलब्ध गराएका सूचना आयात गर्ने मुलुकका पदाधिकारीले उत्पादनकर्ताको स्वीकृति लिएर अन्य मुलुकसँग विवरण लिन सक्नेछन् । यसको लागि आयातकर्ता देशका पदाधिकारीले अर्को देशको सरकारलाई अग्रिम सूचना दिनुपर्नेछ । निर्यातकर्ता देशले जाँचबुझमा विरोध गर्दैन भने मात्र यस्तो कार्य गर्न सकिन्छ ।

- लागत गणना तरिका अनुसार भन्सार मूल्य मूल्याङ्कन हुनुपर्ने सामानको बिक्रीमा देखाएको उत्पादन लागत तथा नाफा रकम र साधारण खर्चको आधारमा निर्धारण गरिन्छ ।
- भन्सार मूल्यको हिसाब निम्नानुसार गर्नुपर्छ :
- सर्वप्रथम निम्नानुसारको खर्च समेतका आधारमा लागत शुल्क र खर्चको समष्टिगत मूल्य निर्धारण गर्ने,
  (क) आयातित सामान उत्पादन गर्दा प्रयोग भएका पदार्थको खर्च,
  (ख) आयातित सामानको उत्पादन र अन्य प्रशोधन खर्च प्रत्यक्ष वा अप्रत्यक्ष श्रम, कारखानाको अन्य खर्च ।

- यदि माथि (क) र (ख) मा नजोडेको भए निम्न खर्च जोड्ने ।
  - प्याकिङ्ग गर्दा लागेको खर्च र शुल्क
  - सहयोगी वस्तु/सेवा (साधारणया स्वीकृत लेखाका सिद्धान्त अनुसार तर्कपूर्ण ढंगले समष्टिगत गरेको)
  - आयातित मुलुकमा भएको र उत्पादकसित रकम लिएको ईन्जिनियरिङ्ग कार्य, कला कार्य आदि ।
- उत्पादनकर्ताले सामान निर्यात गर्ने मुलुकमा पठाउने त्यही वर्ग वा किसिमका सामानमा देखाउँदै आएको स्वामित्व निर्यात बिक्रीको नाफा र साधारण खर्चको रकम जोड्नु पर्छ,
- ढुवानी खर्च, बीमा र सम्बन्धित वन्दरगाह वा आयात हुने ठाउँमा ढुवानीमा लागेको खर्च जोड्नु पर्छ । नेपालमा यस्तो मूल्याङ्कन Cost, Freight र Insurance (CIF) पद्धतिमा आधारित छ ।
- सम्झौताको धारा १, २ र ३ को प्रक्रिया अनुसार आयातित वस्तुको भन्सार मूल्य निर्धारण गर्न नसकिएको अवस्थामा आयातकर्ताले धारा ५ र ६ को प्रयोग क्रम उल्टाउन माग गरेमा घटाएर मूल्य निकाल्ने तरिका प्रयोग गर्नु अगावै धारा ६ को लागत गणना गर्न पाउने गरी क्रम उल्टाउन पाउने छनौटको सुविधा प्रदान गरेको छ । यस प्रावधानले आयातकर्तालाई धारा ५ र धारा ६ को चयन गर्ने अवसर दिएको छ ।

४.११ अवशिष्ट (Fallback), वा उपयुक्त तरिका (Reasonable means Method) बाट मूल्य निर्धारण गर्ने तरिका:

WTO Valuation Agreement, 1994 को धारा १ देखि ५ सम्ममा उल्लेख गरिएका मूल्याङ्कन पद्धतिहरूबाट भन्सार मूल्य कायम गर्न नसकिएको अवस्थामा यो अवशिष्ट वा पछि फर्कने वा उपयुक्त तरिका प्रयोग गरी भन्सार मुल्य निर्धारण गर्नुपर्दछ । यो तरिकाबाट मूल्य कायम गर्दा सम्भव भएसम्म आयातित वस्तुहरूको पूर्व निर्धारित भन्सार मूल्यलाई आधार मान्नुपर्दछ । लचिलो मार्ग स्वीकार गरेको हुँदा पहिले गरेका तरिकाहरूको आवश्यकताहरूलाई पनि लचकताका साथ ब्याख्या गरी स्पष्ट पार्नुपर्छ । भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) अनुसार भन्सार मूल्य कायम गर्दा भन्सार घोषणालाई निम्नानुसार परीक्षण गरिनु पर्दछ ।

(क) Valuation Agreement को धारा १ देखि ५ सम्मको तरिकाबाट मूल्य निर्धारण गर्न नसकिएको अवस्था हुनुपर्दछ ।

(ख) घोषणा गरिएको मूल्य कसरी हिसाब गरिएको थियो भन्ने आधार खुल्नु पर्दछ ।

(ग) WTO Valuation Agreement ले आधार लिन नपाइने गरी निषेध गरेको मूल्यलाई आधार लिनु हुँदैन ।

(घ) सो मालवस्तुको ढुवानी खर्च, बीमा र अन्य शुल्कहरूलाई ध्यान दिईएको वा जोडिएको हुनुपर्दछ ।

(ङ) थप खर्चहरू छन् भने ती खर्चहरू पनि घोषणा गरिएको हुनुपर्दछ ।

माथि खण्ड (ग) मा उल्लिखित WTO Valuation Agreement ले आधार लिन निषेध गरेको भन्नाले निम्न कुराहरूलाई जनाउँछः

- आयात गर्ने देशमा उत्पादन गरिएको वस्तुको बिक्री मूल्य,
- भन्सार प्रयोजनको लागि दुई वैकल्पिक मूल्यमध्येको बढी मूल्य स्वीकार गर्ने पद्धति,
- वस्तु निर्यात गर्ने देशको आन्तरिक बजार मूल्य,
- वस्तुको उत्पादन लागत,
- आयात गर्ने देश बाहेक अन्यत्र निर्यात गरिने वस्तुको मोल,
- न्यूनतम भन्सार मूल्य,
- स्वेच्छाले तोकेको वा काल्पनिक मूल्यहरू ।

अवशिष्ट (Fallback) पद्धतिबाट मूल्य निर्धारण गर्दा स्वदेशमा उत्पादित उस्तै वस्तुको मूल्यलाई आधार लिन सकिदैन । आयातित वस्तुको भन्सार मूल्य सो वस्तुको यथार्थ मूल्यमा आधारित हुनुपर्दछ, जसबाट राजस्व निर्धारण गर्न सकियोस् । तर स्वदेशमा उत्पादित मिल्दोजुल्दो वस्तुको मूल्यले यथार्थ मूल्यलाई भने प्रतिनिधित्व गर्दैन । तसर्थ स्वदेशमा उत्पादित मिल्दोजुल्दो वस्तुको मूल्यलाई आधार बनाउन सकिंदैन ।

४.१२ <u>पुराना मालवस्तुको मूल्य निर्धारणः</u>

विकासोन्मुख देशहरूमा उपयोग भईसकेका पुराना मालवस्तुहरू, खासगरी यन्त्र उपकरण तथा मेशिनहरू आयात गर्नु सामान्य कुरा हो तर यस्ता मालवस्तुहरूको मूल्याङ्कन गर्ने कार्य एक जटिल कार्य बन्दै गईरहेको छ । मालवस्तु आयात हुनुभन्दा अघि नै प्रयोग भईसकेको अवस्थामा आयात भई आएमा त्यस्ता मालवस्तुको मूल्य निर्धारण गर्न समरूपका वस्तुहरू (Identical Goods) वा मिल्दोजुल्दो वस्तुहरू (Similar Goods) पाउन गाह्रो हुन्छ । त्यसैगरी यस्ता मालवस्तुको घट्दो मूल्य तरिकाबाट निर्धारण गर्न पनि सम्भव नहुन सक्छ । यस्तो अवस्थामा मूल्याङ्कन सिद्धान्तसित मेल खाने गरी मनासिव तरिका लागू गरिनु पर्दछ । हाम्रो देशको प्रचलनमा पुराना मालवस्तु यन्त्र उपकरणहरूको मूल्याङ्कन गर्दा त्यस्तो मालवस्तुको नयाँ हुँदाको मूल्य (Original Value) मा बढीमा ५ वर्षसम्मको प्रत्येक वर्ष १० प्रतिशतका दरले मूल्यमा ह्रास कट्टी गरी भन्सार मूल्य निर्धारण गर्ने व्यवस्था छ ।

४.१२.१ <u>पुराना मालवस्तुको मूल्य निर्धारण सम्बन्धी कानूनी व्यवस्था</u>ः पुराना मालवस्तुको मूल्य निर्धारण गर्ने सम्बन्धमा आर्थिक अध्यादेश, २०६७ मा निम्नानुसार व्यवस्था रहेको छः

> कूटनीतिक सुविधा, महसुल सुविधा, आंशिक महसुल सुविधा वा बैङ्क ग्यारेन्टी वा धरौटीमा पैठारी भएका सवारी साधन एवं यन्त्र उपकरण नेपालभित्र उपहार दिएमा वा बिक्री वितरण गरेमा वा पैठारी गर्नेले आफ्नै प्रयोजनका लागि राख्ने भएमा त्यस्ता साधनको भन्सार महसुल लिने प्रयोजनको लागि पैठारी हुँदाको अवस्थामा कायम भएको मूल्यमा (प्रत्येक वर्षको अवशिष्ट मूल्य) वार्षिक १०% का दरले अधिकतम् ५ वर्षको ह्रास कट्टी गरी मूल्य कायम गर्ने ।
>
> (दफा ९ को उपदफा (१))
>
> माथि उपदफा (१) बाहेक निजी प्रयोगका लागि आशिंक भन्सार महसुल छुटमा आयात गरिएका सवारी साधनहरू अन्य व्यक्तिलाई हक हस्तान्तरण वा बिक्री वितरण गरेमा भन्सार महसुल लिने प्रयोजनको लागि मूल्य कायम गर्दा वार्षिक दश प्रतिशत का दरले अधिकतम् पाँच वर्षको (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) ह्रास कट्टी गरी मूल्य कायम गरिने र उत्पादन भएको मितिले दश वर्ष ब्यतित भैसकेका सवारी साधनको हकमा

पैठारी हुँदा कायम भएको मूल्यमा साठी प्रतिशत ह्रास कट्टी गरी मूल्य कायम गर्ने ।

(दफा ९ को उपदफा (२))

उपदफा (१) वा उपदफा (२) बमोजिम पैठारी भएका सवारी साधनको पैठारी अवस्थामा कायम भएको मूल्य अन्य त्यस्तै सवारी साधनहरूको मूल्य भन्दा कम भएको अवस्थामा बाहेक सामान्यतया पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई आधार मानी उपदफा (१) र (२) बमोजिम मूल्य कायम गर्ने ।

(दफा ९ को उपदफा (३))

उपदफा (१) वा (२) बमोजिम सवारी साधनहरू ह्रास कट्टी गर्दा उक्त सवारी साधनको उत्पादन मितिदेखि गणना गरिने र पैठारी हुनुपूर्व विदेशमा ब्यतित भएको अवधि कटाई बाँकि अवधिको ह्रास कट्टी गर्ने ।

(दफा ९ को उपदफा (४))

४.१३ हवाई मार्गबाट पैठारी गरिने मालवस्तुको मूल्य निर्धारण:

हवाई मार्गबाट पैठारी हुने सामानको हकमा आर्थिक अध्यादेश २०६७ को दफा १० र भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम भन्सार कार्यालयमा मूल्य घोषणा गर्दा मालवस्तुको मूल्य भाडा र बिमा छुट्टा छुट्टै घोषणा गर्नुपर्ने, यसरी घोषणा गरेको भाडा र एयर वे बिलमा उल्लिखितमध्ये जुन बढी हुन्छ सोही रकम समावेश गर्नुपर्ने ब्यवस्था छ । एयर वे बिलमा भाडा उल्लेख नभएको अवस्थामा पैठारीकर्ताले घोषणा गरेकोभन्दा कम देखिएमा भन्सार अधिकृतले हवाई भाडा वापत अनुमानित रकम समायोजन गरी मूल्य निर्धारण गर्ने र भाडाको रकमको जानकारी भन्सार अधिकृतले सम्बन्धित हवाई सेवाबाट माग गर्न सक्ने र सोको जानकारी सम्बन्धित हवाई सेवाबाट उपलब्ध गराउनु पर्ने ब्यवस्था छ । विमाको हकमा नेपालमा वा विदेशमा विमा गरिएकोमा सो वापत प्रिमियम तिरेको बिललाई मान्यता दिनुपर्दछ ।

एयर वे बिलमा उल्लिखित भाडा रकमभन्दा सम्बन्धित हवाई सेवाले वास्तविक रूपमा असुल गरेको भाडा रकमभन्दा फरक भएमा सम्बन्धित हवाई सेवाले वास्तविक भाडा रकम असुल गरी जारी गरेको नगदी रसिदलाई मान्यता दिन सक्ने ब्यवस्था भएको पाइन्छ ।

४.१४ निजी गुण्टा भिटी भारी सूचना अन्तर्गत आयात गरिने मालवस्तुको मूल्य निर्धारणः

भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१४) मा गुण्टा भिटी भारी आदेश अन्तर्गत पैठारी भएको मालवस्तु वा विदेशी मुलुकबाट उपहार वा नमूना स्वरूप प्राप्त गरी पैठारी भएको मालवस्तुको कारोवार मूल्य खुलाउन नसक्ने कारण जनाई सो मालवस्तुको धनीले मूल्याङ्कन गरिदिन निवेदन दिएमा र सो ब्यहोरा भन्सार अधिकृतलाई उपयुक्त लागेमा निजले त्यस्तो मालवस्तुको मनासिव भन्सार मूल्य निर्धारण गर्न सक्नेछ भन्ने ब्यवस्था छ ।

तसर्थ, यस अन्तर्गत पैठारी हुने मालवस्तुको लागि कारोवार मूल्य निर्धारण गर्ने पद्धति एवं प्रक्रियाको अवलम्वन गर्न आवश्यक पर्दैन । तर "मनासिव भन्सार मूल्य" भन्ने उल्लेख भएकोले यस्ता मालवस्तुको मूल्य निर्धारण गर्दा प्रयोजनमा आयात गरिने सोही प्रकारको मालवस्तुसँग तादात्म्यता हुने गरी गर्नुपर्दछ ।

४.१५ ब्यक्तिगत प्रयोगका निजी मालवस्तु, नमूना वा उपहारका मालवस्तुको भन्सार मूल्य निर्धारणः

ब्यक्तिगत प्रयोगको लागि गुण्टा भिटी भारी आदेश अन्तर्गत वा नेपालमा रहेका आफन्तलाई विदेशमा बसेका नेपाली नातेदारले पठाएका मालवस्तुहरूको कारोवार मूल्य कायम गर्न त्यस्तो मालवस्तुको ब्यापारिक बीजकको अभाव हुने र कारोवार मूल्यका सिद्धान्त अनुरूपको कारोवार नमानिने भएकोले यस्ता मालवस्तुको मूल्याङ्कन गर्दा विश्व ब्यापार संगठनको मूल्याङ्कन पद्धति अवलम्वन गर्नु पर्दैन । तर यसो भन्दैमा हचुवा वा स्वेच्छाचारी मूल्य निर्धारण नगरी त्यस्तो मालवस्तु ब्यापारिक रूपमा पैठारी हुँदा निर्धारण गरिएको मूल्यलाई आधार मान्नु पर्दछ ।

४.१६ हुलाक पुलिन्दा वा कुरियरबाट आयात गरिने मालवस्तुको मूल्य निर्धारणः

कुरियर वा हुलाक पुलिन्दाबाट अमेरिकी डलर २०० भन्दा बढी ५०० सम्मको मालवस्तु आयात गर्दा भुक्तानीको प्रमाणपत्र लगायतका बैङ्किङ कागजात आवश्यक पर्ने ब्यवस्था वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०६६।७।१६ को राजपत्रको सूचनामा ब्यवस्था गरिएको छ । यसरी भुक्तानीको कागजात पेश गर्नुपर्ने मालवस्तुको मूल्याङ्कन गर्दा कारोवार मूल्य निर्धारण गर्ने पद्धति नै अवलम्वन गर्नुपर्दछ । तर अमेरिकी डलर २०० सम्मका नमूनाका वा उपहार स्वरूप प्राप्त हुने

मालवस्तुको मूल्य निर्धारण गर्दा मनासिव आधारमा मूल्य निर्धारण गर्न सकिन्छ । यसको लागि कारोवार मूल्य निर्धारण गर्ने पद्धतिको अवलम्वन गर्न जरूरी छैन ।

४.१७ **न्यून बीजकीकरण गरिएका मालवस्तु सम्बन्धी कारवाही:**

भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१५) मा आयातकर्ताले घोषणा गरेको मूल्यभन्दा भन्सार अधिकृतले निर्धारण गरेको मूल्य बढी भएमा निम्न बमोजिमका २ विकल्प दिइएको छः

(क) त्यसरी घटी भएको मूल्यजतिमा पचास प्रतिशत थप भन्सार महसुल असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्ने, वा

(ख) महानिर्देशकको पूर्व स्वीकृति लिई त्यसरी घोषित मूल्यमा पाँच प्रतिशत रकम थप गर्दा हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी त्यस्तो मालवस्तु खरिद गर्ने, गराउने ।

उपर्युक्त २ विकल्पमध्ये कुन विकल्प अपनाउने भन्ने विषयमा भन्सार अधिकृतलाई कानूनले स्वविवेकीय अधिकार दिएतापनि त्यस्तो स्वविवेकीय अधिकारको प्रयोग गर्दा निश्चित मापदण्डको आधारमा र सबैलाई समान व्यवहार गरिने किसिमले गरिएको हुनु पर्दछ । उदाहरणको लागि ५० प्रतिशत भन्दा बढी न्यून बीजकीकरणको मालवस्तु जाँचपास गरिदिने तर २५ प्रतिशत न्यूनबीजकीकरणको मालवस्तु खरिद गर्ने हो भने यसलाई समान व्यवहार वा निश्चित मापदण्ड भन्न मिल्दैन । अर्कोतर्फ मालवस्तु खरिद गर्दा त्यसले भावी आयातलाई के कस्तो प्रभाव पार्दछ भन्ने कुरा तर्फ पनि विचार गर्नुका साथै खरिद गरिएको मालवस्तुले सरकारलाई अतिरिक्त आर्थिक भार पार्ने पनि हुनुहुँदैन । पैठारीकर्ताले न्यून बीजकीकरण गरी आयात गरिएको मालवस्तु खरिद गर्ने गराउने विषयमा निश्चित कार्यविधि अवलम्वन गर्न जरूरी भएकोले सो सम्बन्धी कार्यविधि समेत तयार पारिएको छ । यसै कार्यविधिको अवलम्वन गरी न्यून बीजकीकरणका मालवस्तु खरिद गर्नु गराउनु पर्दछ ।

४.१८. **पैठारीकर्ताले न्यूनबीजकीकरण गरी घोषणा गरेको मालवस्तु खरिद गर्ने गराउने सम्बन्धी निर्देशिका, २०६६**

पैठारीकर्ताले घोषणा गरेको मूल्य, भन्सार अधिकृतले निर्धारण गरेको भन्सार मूल्यभन्दा घटी भएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुका सम्बन्धमा महा-निर्देशकको पूर्व स्वीकृति लिई पैठारीकर्ताले घोषणा गरेको मूल्यमा पाँच प्रतिशत रकम थप गर्दा हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी त्यस्तो मालवस्तु खरिद गर्ने गराउने व्यवस्था भन्सार ऐन, २०६४ का दफा १३ को उपदफा (१५)(ख) मा उल्लेख भएकोले न्यून बीजकीकरण भई आयात हुने सामानलाई भन्सार कार्यालयहरूले खरिद गरी सम्बन्धित पैठारीकर्तालाई रकम भुक्तानी दिन कार्यविधि बनाउन आवश्यक भएको र न्यून बीजकीकरण गर्ने प्रवृत्तिलाई निरूत्साहन गरी यथार्थपरक तथा वास्तविक कारोवार मूल्य घोषणा गर्ने प्रवृत्तिको विकास गरी स्वच्छ प्रतिस्पर्धात्मक ब्यापार ब्यवसाय सञ्चालन गर्न सघाउ पुगोस् भन्ने उद्देश्यले नेपाल सरकारबाट पैठारीकर्ताले न्यूनबीजकीकरण गरी घोषणा गरेको मालवस्तु खरिद गर्ने गराउने सम्बन्धी कार्यविधि, २०६६ बनाई लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस निर्देशिकाको नाम "पैठारीकर्ताले न्यूनबीजकीकरण गरी घोषणा गरेको मालवस्तु खरिद गर्ने गराउने सम्बन्धी निर्देशिका, २०६६" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "विभाग" भन्नाले भन्सार विभाग सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले भन्सार विभाग अन्तर्गतका कार्यालयहरू सम्झनु पर्दछ ।

(ग) "महानिर्देशक" भन्नाले भन्सार विभागका महानिर्देशकलाई सम्झनु पर्दछ ।

३. **मालवस्तु खरिद गर्न पूर्व स्वीकृति लिनुपर्ने सम्बन्धी ब्यवस्थाः-**

(१) पैठारीकर्ताले घोषणा गरेको मूल्य भन्सार अधिकृतले निर्धारण गरेको मूल्यभन्दा घटी भएमा महा-निर्देशकको पूर्व स्वीकृति लिई त्यस्तो

मालवस्तुको घोषित मूल्यमा पाँच प्रतिशत मुनाफा समेत जोडी हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी खरिद गर्न सकिनेछ ।

(२) खरिद गर्न लागिएको मालवस्तुको गुणस्तर, परिमाण, मूल्य, खरिद गर्नुपर्ने कारण, बिक्री हुन सक्ने नसक्ने अवस्था, लाग्ने समय र औचित्य समेतको विचार गरी सोही आधारमा कार्यालयले खरिद गर्नुअघि महानिर्देशकको पूर्व स्वीकृतिको लागि आफ्नो राय प्रतिकृया सहित पठाउनु पर्नेछ । यसरी स्वीकृतिका लागि प्राप्त राय प्रतिकृया उपर विभागबाट अध्ययन र छानवीन गर्दा मनासिव देखिएमा महानिर्देशकले पैठारीकर्ताले घोषणा गरेको मूल्यमा पाँच प्रतिशत रकम थप गरी हुन आउने मूल्य भुक्तानी दिई खरिद गर्न स्वीकृति दिन सक्नेछ । यसरी स्वीकति प्राप्त भए पश्चात् मात्र कार्यालयले खरिद सम्बन्धी प्रकृया अगाडि बढाउने छ ।

(३) कार्यालयले यसरी खरिद गर्न लागिएको मालवस्तुको सम्बन्धमा मालधनी वा निजको प्रतिनिधिलाई भन्सार नियमावली, २०६४ को अनुसूची -४ मा उल्लेख भए बमोजिमको ढाँचामा तुरून्त लिखित जानकारी दिनु पर्नेछ ।

४. **आवर्ती कोष (Revolving Fund) खडा गर्न सकिने:**

(१) दफा ३ बमोजिम मालवस्तु खरिद गर्ने प्रयोजनको लागि नेपाल सरकारद्वारा भन्सार विभागमा एक छुट्टै कोषको स्थापना गरिनेछ । सो कोषमा बाँकी रहेको रकम प्रत्येक आर्थिक वर्षको अन्तमा फ्रिज हुनेछ र प्रत्येक आर्थिक वर्षको प्रारम्भमा न्यूनविजकीकरणका सामग्री खरिदका लागि विनियोजित बजेट पुरै कोषमा जम्मा हुने गरी निकासा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा नेपाल सरकारको बजेटबाट विनियोजन हुने गरी पाँच करोड रूपैयाँसम्म रकम रहनेछ । नेपाल सरकारले आवश्यकता अनुसार उक्त कोषको रकम थपघट गर्न सक्नेछ । उक्त कोषमा रहने रकम बृद्धि गर्नु पर्ने भएमा विभागले आवश्यकता अनुसारको रकम अर्थ मन्त्रालयसँग निकासाको लागि

माग गर्न सक्नेछ र अर्थ मन्त्रालयले विभागबाट माग भए बमोजिमको रकम निकासा दिन सक्नेछ ।

(३) कोषबाट उपलब्ध गराईएको रकम दफा ३ बमोजिम खरिद गरिएको वा खरिद भएको सामानको भुक्तानी दिने प्रयोजनको लागि प्रयोग गरिने छ ।

(४) दफा ३ मा उल्लेख भए बमोजिम खरिद गरिएको मालवस्तुको भुक्तानी दिन आवश्यक पर्ने रकम कार्यालयले विभागसँग निकासा माग गर्नु पर्नेछ । यसरी भुक्तानी दिनुपर्ने भनी रकम माग भई आएको अवस्थामा विभागले पनि मौजुदा आवर्ती कोषबाट मालवस्तु खरिद गर्न सहमति दिएको ब्यहोरा समेतको आधारमा निकासा दिनेछ ।

(५) भन्सार नियमावली, २०६४ को नियम २९(३) बमोजिमको कोषको संञ्चालन तथा ब्यवस्थापन गर्नको निमित्त देहाय बमोजिमका पदाधिकारीहरू रहेको एक समिति रहनेछः

(क)	महानिर्देशक	–	अध्यक्ष
(ख)	विभागको मूल्यांकन सम्बन्धी विषय हेर्ने शाखाको निर्देशक	–	सदस्य
(ग)	विभागको लेखा प्रमुख	–	सदस्य सचिव

(६) उपदफा (५) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(७) कार्य ब्यस्तताको कारणले महानिर्देशकले अध्यक्षता गर्न संभव नभएको अवस्थामा निजले उप-महानिर्देशकलाई अध्यक्षता गर्ने गरी तोक्न सक्नेछ ।

(८) उपदफा (५) बमोजिम गठित समितिले आफ्नो कार्यबिधि आफै नियमित गर्न सक्नेछ ।

५. **आवर्ती कोषबाट रकम झिक्न र सो कोषमा रकम जम्मा गर्न सकिनेः**

(१) दफा ३ बमोजिम खरिद गर्ने मालवस्तुको भुक्तानी दिने प्रयोजनका निमित्त कोषबाट रकम झिक्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम रकम भुक्तानी गरी खरिद गरिएको मालवस्तु लिलाम बिक्रि गरी प्राप्त हुन आएको रकममध्ये त्यस्तो मालवस्तु खरिद गर्दा र कुनै ढुवानी खर्च लागेको रहेछ भने सो खर्च रकम भुक्तानी गर्न कोषबाट झिकिए जति रकम लिलाम गर्ने अधिकारीले सोही कोषमा सोधभर्ना स्वरूप जम्मा गर्नु पर्नेछ । लिलाम बिक्रिबाट प्राप्त रकम सो मालवस्तु खरिद गर्दा कोषबाट झिकिएको रकमभन्दा बढी भएमा त्यस्तो बढी भएको रकम राजस्व खातामा आम्दानी बाँधिनेछ ।

(३) दफा ३ बमोजिम खरिद गरिएको मालवस्तु नेपाल सरकारको निर्णयानुसार आवश्यक देखिएमा लिलाम बिक्री नगरी सरकारी प्रयोगमा ल्याउन सकिनेछ । यसरी सरकारी प्रयोगमा ल्याउँदा प्रयोग गर्ने सरकारी निकायले त्यस मालवस्तुको खरिद गर्दा कार्यालयबाट भुक्तानी भएको रकममा नियमानुसार लाग्ने सम्पूर्ण महसुलहरू जोडेर हुने रकम मालवस्तु प्रयोग गर्ने सरकारी निकायबाट भुक्तानी लिएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ । यसरी प्राप्त भएको रकममध्ये कार्यालयले खरिद गर्दा पैठारीकर्तालाई भुक्तानी गरेको कुल रकम उक्त आवर्ती कोषमा जम्मा गरी सो रकममा लाग्ने सम्पूर्ण महसुल वापतको रकम सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरिनेछ ।

६. **लिलाम बिक्री सम्बन्धी व्यवस्थाः-**

(१) दफा ३ बमोजिम सामान खरिद गरेपछि लिलाम बिक्रीको कार्य सम्बन्धित कार्यालयबाट गरिने छ । सम्बन्धित कार्यालयबाट लिलाम बिक्री हुन नसक्ने भएमा महा-निर्देशकको स्वीकृतिमा अन्य भन्सार कार्यालय वा राजश्व अनुसन्धान विभाग वा अन्तर्गतका एकाइ कार्यालयमा लिलाम बिक्रीको लागि पठाउन सकिनेछ ।

(२) लिलाम बिक्रीको लागि मालवस्तु अन्य भन्सार कार्यालय वा राजश्व अनुसन्धान विभाग वा एकाइ कार्यालयमा पठाउदा सो सामान पुऱ्याउनको लागि लाग्ने ढुवानी भाडा रकम कार्यालयको मौजुदा

जुनसुकै शीर्षकबाट भुक्तानी दिई दफा ४ बमोजिम खडा गरिएको कोषबाट भएको खर्चको सोधभर्ना माग गर्नु पर्नेछ ।

(३) राजश्व अनुसन्धान विभाग वा एकाइ कार्यालय वा अन्य भन्सार कार्यालय वा सम्बन्धित भन्सार कार्यालयले लिलाम बिक्री गरेपछि सो रकम दफा ४ मा उल्लेख भए बमोजिम आवर्ती कोषमा दाखिला गर्नु पर्नेछ ।

(४) मालवस्तुको लिलामको लागि मूल्य कायम गर्दा भन्सार विन्दु सम्मको सी.आई.एफ मूल्य र भन्सार विन्दुमा लाग्ने कर, शुल्क, जरिवाना, दस्तुर आदि र यस्तै प्रकृतिका अन्य मालवस्तुको हकमा कार्यालयले कायम गरेको कारोवार मूल्य समेतलाई आधार मानी न्यूनतम मूल्य कायम गर्नु पर्नेछ ।

(५) लिलाम बिक्री सम्बन्धी प्रकृया अपनाउदा भन्सार ऐन, २०६४, भन्सार नियमावली (संशोधन सहित), २०६४ र भन्सार कार्यविधिमा उल्लेख भए बमोजिमको प्रकृया अवलम्वन गर्नु पर्नेछ ।

(६) लिलाम बिक्री सम्पन्न भै सकेपछि सो को जानकारी विभागमा पठाउनु पर्नेछ ।

(७) उपदफा (३) बमोजिम लिलाम बिक्री गर्दा कायम गरिएको मालवस्तुको मोल, दफा ३ को उपदफा (१) बमोजिम भुक्तानी दिने मोलभन्दा कम हुने छैन ।

७. **कोषको लेखा तथा लेखा परीक्षण सम्बन्धी ब्यवस्था :-**

(१) दफा ४ बमोजिम खडा गरिएको कोषको खाता सञ्चालन केन्द्रियस्तरमा विभागका महा-निर्देशक वा निजले तोकेको ब्यक्ति र विभागका लेखा प्रमुखको संयुक्त दस्तखतबाट संञ्चालन गरिने छ ।

(२) कोषमा भएको आम्दानी र खर्चको लेखा नेपाल सरकारको लागि महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भई प्रचलनमा रहेको ढाँचामा राखिने छ ।

(३) कोषको आन्तरिक लेखा परीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

८. निर्देशिकामा थपघट र परिवर्तन गर्न सकिने : यस निर्देशिकामा उल्लिखित कुनै कुरा थपघट वा परिमार्जन गर्नु परेमा नेपाल सरकारबाट थपघट तथा परिमार्जन हुन सक्नेछ ।

४.१९ अस्थायी मूल्य निर्धारणः

पैठारीकर्ताले आयात गरेको मालवस्तुको मूल्य निर्धारण गरेपछि निजले घोषणा गरेको कारोवार मूल्यको सत्यता परीक्षण गर्न समयावधि लाग्ने देखिएको वा कारोवार मूल्य निर्धारण गर्न प्रयोगशाला परीक्षण लगायतका कार्यविधि अपनाउनु पर्ने अवस्थाको सिर्जना भई आयातकर्ताले अस्थायी मूल्य निर्धारण गरी मालवस्तु छुटाई लैजान चाहेमा यस प्रकार अस्थायी मूल्य निर्धारण गर्न सकिने व्यवस्था भन्सार ऐन, २०६४ को दफा १४ मा गरिएको छ । यस प्रकार अस्थायी रूपमा भन्सार मूल्य निर्धारण गर्दा पैठारीकर्ताले आवश्यक कागजात एवं जानकारी तत्काल उपलव्ध गराउन नसक्ने ब्यहोराको निवेदन दिएको वा प्रयोगशाला परीक्षण वा अन्य जाँच गरेपछि मात्र भन्सार मूल्य निर्धारण गर्न सकिने अवस्थाको सिर्जना हुनुपर्दछ । यस प्रकार मूल्य निर्धारण गर्दा तत्काल पैठारीकर्ताले उपलव्ध गराएको कागजात एवं जानकारीका सम्बन्धमा थप जाँचवुझ गर्नुपर्ने अवस्था सिर्जना भएको हुनुपर्दछ । यसरी मूल्य निर्धारण गर्दा तत्काल उपलव्ध कागजात एवं जानकारीका आधारमा मनासिव मूल्य निर्धारण गरी महसुल धरौटी लिई जाँचपास गरिदिनु पर्दछ ।

यसरी अस्थायी भन्सार मूल्य निर्धारण गरी जाँचपास भएकोमा ३० दिनभित्र भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम मूल्य निर्धारण गर्नु पर्दछ ।

४.२० भन्सार मूल्याङ्कन उपर पुनरावलोकन र पुनरावेदनको ब्यवस्थाः

भन्सार ऐन, २०६४ को दफा १३ बमोजिम गरेको निर्णय वा आदेश उपर चित्त नबुझेमा सोही ऐनको दफा ६१ बमोजिम मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निम्नानुसार निवेदन दिन सकिने ब्यवस्था छ ।

(क) भन्सार ऐन, २०६४ को दफा ६१ उपदफा (१) बमोजिम भन्सार अधिकृतले कायम गरेको कारोबार मुल्य उपर चित्त नबुझे ब्यक्तिले निर्णय भएको १५ दिनभित्र निवेदन दिनु पर्ने ।

(ख) दफा ६१ को उपदफा (१) बमोजिम निवेदन दिँदा दफा १३ बमोजिम गरेको मूल्यांकन अनुसार लाग्ने महसुल भन्सार कार्यालयमा धरौटी राख्नु पर्ने ।
(दफा ६१ (७))

(ग) पुनरावलोकन लागि मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिँदा भन्सार नियमावली, २०६४ को नियम ४१ मा उल्लेख भए बमोजिम सोही नियमावलीको अनुसूची ८ बमोजिमको ढाँचामा दिनु पर्ने ।

(घ) भन्सार नियमावली, २०६४ को नियम ४१ बमोजिम मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिँदा त्यस्तो निवेदनको प्रतिलिपि निवेदन दिएको ७ दिनभित्र सम्बन्धित भन्सार कार्यालयमा समेत दिनुपर्ने ।

४.२०.१ मूल्याङ्कन पुनरावलोकन समितिको गठन सम्बन्धी व्यवस्थाः

भन्सार ऐन, २०६४ को दफा ६१ को उपदफा (२) बमोजिम मूल्याङ्कन पुनरावलोकन समितिको गठन गर्ने व्यवस्था देहाय बमोजिम छः-

(क) राजस्व प्रशासन सम्बन्धी ज्ञान र अनुभव भएको निजामती सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत – अध्यक्ष

(ख) भन्सार प्रशासन सम्बन्धमा राजपत्राङ्कित पदमा कम्तीमा ३ वर्षको अनुभव प्राप्त कम्तीमा रा.प.द्वितीय श्रेणीको बहालवाला व्यक्ति वा सोही अनुभव प्राप्त गरी सोही श्रेणीको पदबाट अवकास प्राप्त एक जना – सदस्य

(ग) अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा राजपत्राङ्कित पदमा कम्तीमा ३ वर्षको अनुभव प्राप्त कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको बहालवाला एक जना – सदस्य

उपरोक्त समितिको अध्यक्ष र सदस्यको पदावधि ३ वर्षको हुने व्यवस्था छ ।

४.२०.२ मूल्याङ्कन पुनरावलोकन समितिको काम, कर्तब्य र अधिकारः

भन्सार नियमावली, २०६४ परिच्छेद ९ को नियम ४२ मा भएको व्यवस्था बमोजिम मूल्याङ्कन पुनरावलोकन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम छः

(क) निवेदकले पेश गरेको प्रमाण बुझ्ने ।

(ख) भन्सार अधिकृतले गरेको निर्णयलाई सदर गर्ने वा सो निर्णय बदर गरी तत्सम्बन्धमा भन्सार अधिकृतले गर्ने निर्णय आफै गर्ने ।

(ग) निवेदकबाट थप प्रमाण वा कागजात दाखिला गराउने ।

(घ) मालवस्तुको मुल्याङ्कनको लागि आवश्यक पर्ने सूचना संकलन गर्ने ।

त्यस्तै भन्सार ऐन, २०६४ को दफा ६१ को उपदफा ५ मा मूल्याङ्कन पुनरावलोकन समितिले यस दफा बमोजिम पुनरावलोकन गर्दा भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको मूल्याङ्कन ठीक भए नभएको सम्बन्धमा जाँचबुझ गरी भन्सार अधिकृतले गरेको मूल्याङ्कनलाई कायम गर्ने, बदर गर्ने वा त्यस्ता मालवस्तुको यस ऐन बमोजिम मूल्याङ्कन गरी दिन सक्दछ । मूल्याङ्कन पुनरावलोकन समितिले त्यसरी मूल्याङ्कन गर्दा, बदर गर्दा वा मूल्याङ्कन गर्दा स्पष्ट कारण र आधार समेत खुलाउनु पर्दछ ।

४.२१ निकासी गरिने मालवस्तुको भन्सार मूल्य निर्धारणः

विश्व भन्सार संगठनको भन्सार मूल्याङ्कन पद्धतिले पैठारी गरिने मालवस्तुको भन्सार मूल्याङ्कन कारोवार मूल्यविधि अनुसार गर्नुपर्ने उल्लेख गरेकोले निकासी गरिने मालवस्तुको भन्सार मूल्याङ्कनमा कारोवार मूल्यविधि वा यस पछाडिका विधिहरू अवलम्वन गर्नुपर्ने व्यवस्था गरेको छैन । भन्सार ऐन, २०६४ को दफा १६ को उपदफा (१) मा निकासीकर्ताले घोषणा गरेको बीजक मूल्य नै निकासी गरिने मालवस्तुको भन्सार मूल्य हुनेछ भन्ने व्यवस्था गरेकोले निर्यातकर्ताद्वारा घोषित मूल्य नै निकासी गरिने मालवस्तुको मूल्य हुन्छ ।

तर नेपाल सरकारले आवश्यक ठानेमा निकासी हुने खास प्रकृतिका मालवस्तुको छुट्टै भन्सार मूल्य नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गर्न सक्ने व्यवस्था छ । हालसम्म नपाल सरकारद्वारा कुनै मालवस्तुको निकासी मूल्य निर्धारण नगरिएकोले निकासीकर्ताले घोषणा गरेको मूल्य नै निकासी गरिने मालवस्तुको भन्सार प्रयोजनको मूल्य हुन्छ । यसरी मूल्य घोषणा गर्दा कारखाना मूल्य, र त्यस्तो मालवस्तु नेपालको सम्बन्धित भन्सार कार्यालयसम्म ल्याउँदा लाग्ने लागत समेत जोडिएको (एफ.ओ.वी.) मूल्य घोषणा गरिएको हुनुपर्छ ।

निकासी गरिने मालवस्तुमा कुनै निकासीकर्ताले गन्तब्य देशसम्मको भाडा, वीमा समेत समावेश गरी सी.आइ.एफ. मूल्य देखाइएकोमा नेपाल वाहिरका लागि ब्यहोरिएका भाडा वीमा घोषणा गराई सो रकम कट्टा गरी प्रज्ञापनपत्रमा एफ. ओ.वि. मूल्य नै कायम गरिदिनु पर्दछ । किनकि भन्सार ऐन, २०६४ को दफा १६(३) मा निकासी गरिने मालवस्तुको भन्सार मूल्य एफ.ओ.वी. हुने कुरा स्पष्ट उल्लेख गरेको छ ।

निकासी गरिने मालवस्तुको मूल्य निर्धारण वा घोषणा विदेशी मुद्रामा गरिएको हुनुपर्दछ । त्यस्तो विदेशी मुद्रालाई नेपाल राष्ट्र बैङ्कद्वारा मालवस्तु जाँचपास हुने दिनमा नेपाल राष्ट्र बैङ्कबाट तोकिएको खरिद दरको आधारमा गर्नुपर्दछ ।

कुनै निकासीकर्ताले निकासी गर्न ल्याएको मालवस्तुको मूल्य अस्वभाविक हुनुहुँदैन । त्यसतर्फ भन्सार अधिकृतले मालवस्तुको मूल्य घोषणा गरेपछि हेरी त्यस्तो शंकास्पद कारोवार देखिएमा छानवीन गर्ने वा तुरून्त विभागलाई जानकारी गराउनु पर्दछ ।

परिच्छेद - ५
भन्सार एजेन्ट सम्बन्धी ब्यवस्था

५.१ **भन्सार एजेन्टः**

निकासी वा पैठारी हुने मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग सम्बन्धित कामको लागि निकासी वा पैठारीकर्ताको तर्फबाट भन्सार एजेन्ट वा प्रतिनिधिको रूपमा काम गर्ने ब्यक्ति भन्सार एजेन्ट हो । भन्सार एजेन्ट हुनको लागि भन्सार विभाग वा भन्सार कार्यालयबाट भन्सार एजेन्टको इजाजत पत्र लिएको हुनुपर्दछ । (भन्सार ऐन, २०६४ को दफा ५१)

५.२ **भन्सार एजेन्ट नियुक्ति गर्नुपर्नेः**

निकासी वा पैठारी हुने मालवस्तुको धनीले भन्सार कार्यालयमा आफै उपस्थित भई मालवस्तु छुटाउन नसक्ने अवस्थामा भन्सार विभाग वा भन्सार कार्यालयबाट भन्सार एजेन्टको इजाजतपत्र प्राप्त ब्यक्तिलाई त्यस्तो मालवस्तु जाँचपास गराउन वा भन्सार सम्बन्धी अन्य काम गर्न नियुक्ति गर्नुपर्दछ । यसरी नियुक्ति गर्दा एक पटकको लागि कुनै मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा एक आर्थिक वर्षको लागि नियुक्ति गर्न सक्दछ ।

५.३ **भन्सार एजेन्टले प्रतिनिधि राख्न सक्नेः**

भन्सार विभाग वा भन्सार कार्यालयबाट भन्सार एजेन्टको इजाजतपत्र प्राप्त ब्यक्तिले भन्सार कार्यालयमा आफै उपस्थित भई भन्सार जाँचपास सम्बन्धी कार्य गराउन नसक्ने भएमा एउटा भन्सार कार्यालयमा एक जनामा नबढ्ने गरी प्रतिनिधि नियुक्ति गर्न सक्दछ । यसरी प्रतिनिधि नियुक्ति गरेकोमा कुनै एक भन्सार कार्यालयमा मात्र आफ्नो तर्फबाट काम गर्न पाउने गरी भन्सार कार्यालय तोकी प्रतिनिधि नियुक्ति गरी सो नियुक्ति पत्र भन्सार कार्यालयको प्रमुखबाट प्रमाणित गराउनु पर्दछ ।

५.४ **भन्सार एजेन्ट वा भन्सार प्रतिनिधिको आवश्यक योग्यताः**

भन्सार विभाग वा भन्सार कार्यालयबाट भन्सार एजेन्टको इजाजतपत्र लिन वा भन्सार एजेन्टको प्रतिनिधि भई काम गर्ने ब्यक्तिको निम्नानुसार योग्यता पुगेको हुनुपर्दछ ।

- २१ वर्ष उमेर पुगेको,
- कम्तीमा प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण गरेको वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको,
- नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने रकम बाँकी नभएको,
- कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार प्रमाणित नभएको ।

तर, २०६५ साल वैशाख १४ गतेसम्म कुनै भन्सार एजेन्टको प्रतिनिधि नियुक्ति भई २ वर्षदेखि भन्सार एजेन्टको प्रतिनिधिको रूपमा काम गरेको व्यक्तिलाई माथिको शैक्षिक योग्यता आवश्यक पर्दैन । त्यसरी काम गरेको व्यहोरा भन्सार कार्यालयको प्रमुखले कार्यालयको अभिलेखको आधारमा प्रमाणित गरेको हुनुपर्दछ । त्यसैगरी भन्सार एजेन्टको प्रतिनिधिको लागि पनि २०६४ साल वैशाख १४ गतेसम्म विगत २ वर्षदेखि कुनै भन्सार एजेन्टको कुनै प्रनिनिधिको रूपमा काम गरिरहेको व्यक्तिलाई उपर्युक्त शैक्षिक योग्यता आवश्यक नपर्ने व्यवस्था छ । त्यसरी काम गरेको व्यहोरा भन्सार कार्यालयका प्रमुखले कार्यालयको अभिलेखको आधारमा प्रमाणित गरिदिएको हुनुपर्दछ । (भन्सार नियमावली, २०६४ को नियम ३७) ।

५.५ भन्सार एजेन्टको इजाजतपत्र नवीकरण गराउनु पर्नेः

भन्सार एजेन्टको इजाजतपत्र प्राप्त व्यक्तिले भन्सार एजेन्ट इजाजतपत्र प्रत्येक आर्थिक वर्ष सुरू हुनु अगावै नवीकरणको लागि भन्सार विभागमा निवेदन दिनु पर्दछ । त्यसरी नवीकरणका लागि निवेदन दिँदा निम्न कागजातहरू समेत संलग्न गरिएको हुनुपर्दछः

- आयकर तिरेको प्रमाण,
- बैङ्क जमानत राखी भन्सार एजेन्टको इजाजतपत्र लिएको भए त्यस्तो इजाजतपत्र नवीकरण गराउन चाहेको अवधिसम्म म्याद भएको बैङ्क जमानत ।

यसरी नवीकरण गराउँदा तीन आर्थिक वर्षको लागि एकैपटक इजाजत दस्तुर एकमुष्ट तिरी नवीकरण गराउन सकिने व्यवस्था पनि भन्सार नियमावलीमा गरिएको छ । यस अवधिभित्र कुनै भन्सार एजेन्टले नवीकरण गराउन नसकेको अवस्थामा म्याद समाप्त भएको मितिले एक वर्षभित्र तीन हजार रूपैयाँ थप दस्तुर तिरी नवीकरण गराउन सक्दछ । यसरी म्याद समाप्त

भएको एक वर्षसम्म पनि नवीकरण नगराउने व्यक्तिको भन्सार एजेन्टको इजाजतपत्र स्वतः रद्द हुन्छ ।

५.६ भन्सार एजेन्टको इजाजतपत्र लिंदा धरौटी वा बैङ्क जमानत राख्नुपर्नेः

भन्सार विभागद्वारा भन्सार एजेन्टको रूपमा छनौट गरिएको व्यक्तिले यस्तो इजाजतपत्र लिंदा तीनलाख रूपैया नगद धरौटी वा सो वरावरको बैङ्क जमानत भन्सार विभागमा बुझाउनु पर्दछ । यसको साथै रू. तीन हजार इजाजत दस्तुर बुझाउनु पर्दछ । यसरी भन्सार एजेन्टको रूपमा छनोट गरिएको व्यक्तिलाई भन्सार विभागले भन्सार नियमावली, २०६४ को अनुसूची ६ बमोजिमको ढाँचामा भन्सार एजेन्टको इजाजत दिनुपर्दछ ।

५.७ एकभन्दा बढी प्रतिनिधि नियुक्त गर्दा थप धरौटी राख्नुपर्नेः

कुनै भन्सार एजेन्टले एउटा भन्सार कार्यालयमा एकजना मात्र प्रतिनिधि नियुक्त गर्न पाउँदछ । यसरी एउटा मात्र प्रतिनिधि नियुक्त गरेकोमा धरौटी राख्नु पर्दैन । तर एकभन्दा बढी भन्सार कार्यालयमा प्रतिनिधि नियुक्त गरेकोमा प्रत्येक प्रतिनिधिको लागि थप ३ लाख धरौटी वरावरको बैङ्क जमानत राख्नु पर्दछ । यसरी प्रतिनिधि नियुक्त गर्दा एउटा भन्सार कार्यालयमा एकभन्दा बढी प्रतिनिधि नियुक्त गर्न पाइदैन ।

५.८ भन्सार एजेन्टले आफूले नियुक्त गरेको प्रतिनिधिले गरेको काम कारवाहीप्रति पूर्ण जिम्मेवारी लिनुपर्नेः

भन्सार एजेन्टले कुनै व्यक्तिलाई भन्सार प्रतिनिधि नियुक्त गरेमा त्यस्तो प्रतिनिधिले भन्सार कार्यालयमा गरेको काम कार्यवाहीप्रति भन्सार एजेन्ट पूर्ण जिम्मेवार मानिन्छ । भन्सार एजेन्टको प्रतिनिधिले भन्सार कार्यालयमा कुनै दण्डनीय काम गरेमा निज प्रतिनिधि पनि सजाँयको भागी हुन्छ र सो दण्डनीय कार्यको भागीदार भन्सार एजेन्ट पनि हुन्छ । भन्सार एजेन्ट जिम्मेवार हुने भन्दैमा भन्सार कार्यालयमा कुनै प्रतिनिधिले अपराधिक क्रियाकलाप गरेमा निज प्रतिनिधिले सजायबाट उन्मुक्ति पाएको मानिदैन ।

५.९ भन्सार कार्यालयले भन्सार एजेन्टका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरूः

- भन्सार एजेन्टको इजाजतपत्र प्राप्त गरेको छ छैन र त्यस्तो इजाजतपत्र नवीकरण गराएको छ, छैन ?

- भन्सार एजेन्टको इजाजतपत्र जुन भन्सार कार्यालयमा काम गर्ने हो सो भन्सार कार्यालयको लागि लिएको छ छैन ?
- भन्सार कार्यालयले माग गरेका बखत इजाजतपत्र देखाउन सक्ने अवस्था छ छैन ?
- मालवस्तुको धनीले निजलाई रितपूर्वक नियुक्त गरेको, फर्म, कम्पनी, संगठित संस्था वा निकायको दर्ताको प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी पठाएको छ छैन ?
- भन्सार एजेन्ट नियुक्ति पत्रमा कुनै मालवस्तु मात्र जाँचपास गर्नसक्ने गरी दिइएको छ वा सामान्य किसिमले अवधि तोकिदिएको छ ?
- भन्सार एजेन्टको इजाजतपत्र निलम्वन वा रद्द भइसकेको छ कि ?
- भन्सार एजेन्टले प्रतिनिधि नियुक्त गर्दा त्यसरी नियुक्त गर्न खोजिएको प्रतिनिधि सहित आफै भन्सार अधिकृत समक्ष उपस्थिति भएको छ छैन ?
- भन्सार एजेन्टले प्रतिनिधि नियुक्त गर्न खोजिएको व्यक्ति योग्यता पुगेको हो होइन ?
- एउटै भन्सार कार्यालयमा एउटा भन्सार एजेन्टले एकभन्दा बढी प्रतिनिधि नियुक्त गरेको छ कि?
- प्रतिनिधि नियुक्त गर्दा नियमानुसार राख्नुपर्ने धरौटी वा बैङ्क जमानत राखेको छ छैन ?
- भन्सार एजेन्टको इजाजतपत्र नवीकरण गरेपछि प्रतिनिधि नवीकरण गरेको छ छैन ।
- भन्सार कार्यालयमा काम गर्दै आएको प्रतिनिधिलाई भन्सार एजेन्टले हटाइसकेको छ कि ?
- भन्सार एजेन्टले नियुक्त गरेको प्रतिनिधिले एकभन्दा बढी भन्सार कार्यालयमा काम गरिरहेको छ छैन ?
- मालवस्तु धनीले भन्सार एजेन्ट नियुक्त गर्दा एक आर्थिक वर्षको लागि गरेकोमा अर्को आर्थिक वर्ष सुरू हुनासाथ भन्सार एजेन्ट पुनः नियुक्त गर्नुपर्ने हुँदा सो गरेको छ, छैन ?

- मालवस्तु धनीले भन्सार एजेन्टलाई मालवस्तु छुटाउनको लागि मात्र नियुक्ति गरेको छ कि भन्सार सम्बन्धी अन्य काम गर्नको लागि पनि नियुक्त गरेको छ हेर्नुपर्दछ र मालवस्तु छुटाउनको लागि मात्र भन्सार एजेन्ट नियुक्ति गरेकोमा अन्य काम लगाए, नलगाएको ?
- मालवस्तु धनीले प्रज्ञापनपत्रमा दस्तखत गरेको तर भन्सार कार्यालयमा आफै उपस्थित नभई अन्य कुनै ब्यक्ति पठाएको छ कि ?

उपर्युक्त कुराहरू जाँचवुझ गरेपछि भन्सार एजेन्टलाई नियुक्ति पत्रमा लेखिएबमोजिमको काम गर्न दिन हुने देखिएमा भन्सार कार्यालयको प्रमुखले भन्सार एजेन्टको नियुक्तिमा भन्सार एजेन्टलाई आवश्यक विवरण भर्न लगाई दस्तखत गराई आफूले समेत प्रमाणित गरी अभिलेख राख्नु पर्दछ । मालवस्तु छुटाउन आवधिक रूपमा नियुक्त भएका एजेन्टले प्रज्ञापनपत्रमा एजेन्ट नम्बर मात्र उल्लेख गरी प्रत्येक पटक भन्सार एजेन्ट नियुक्ति पत्र संलग्न गर्न नपर्ने व्यवस्था गर्नुपर्दछ । यसको लागि आशिकुडा लागू भएका भन्सार कार्यालयहरूले कम्प्यूटरमै सो ब्यवस्था गर्ने र अन्य भन्सार कार्यालयले रजिष्टर खडा गरी अभिलेख राख्नु पर्दछ । कुनै भन्सार एजेन्टको नियुक्ति पत्र वा पेश भएका कागजात रितपूर्वक नभएको कारणले भन्सार एजेन्टको रूपमा काम गर्न दिन नहुने अवस्था देखिएमा भन्सार कार्यालयको प्रमुखले त्यसको कारण खोली नियुक्ति पत्र रद्द गरी त्यसको लिखित जानकारी भन्सार एजेन्ट मार्फत सम्बन्धित मालवस्तु धनीलाई तुरून्त दिनुपर्दछ ।

५.१० भन्सार एजेन्ट राख्नु नपर्ने अवस्थाहरूः

भन्सार कार्यालयबाट मालवस्तु छुटाउनको लागि मालवस्तु धनी आफै उपस्थित हुन सक्ने अवस्थामा भन्सार एजेन्ट नियुक्त गर्नु पर्दैन । त्यसैगरी गुण्टा झिटी भारी सूचना अन्तर्गत ल्याउने वा पठाउने मालवस्तु छुटाउन पनि भन्सार एजेन्ट नियुक्त गर्नुपर्दैन । त्यसैगरी हुलाक पुलिन्दाबाट आयात/निर्यात गरिने वा कुरियरबाट आयात/निर्यात गरिने बैङ्किङ भुक्तानीका कागजात आवश्यक नपर्ने हदसम्म वा मालवस्तु छुटाउन पनि भन्सार एजेन्ट नियुक्त गर्न आवश्यक पर्दैन । यस प्रकारका मालवस्तु धनी आफै वा कुरियर सेवा प्रदायकले भन्सार कार्यालयबाट छुटाउन सक्दछन् ।

भन्सार कार्यालयबाट मालवस्तु धनीले आफै मालवस्तु छुटाउँदा भन्सार प्रज्ञापनपत्र भर्ने लगायतका काममा भन्सारका कर्मचारीहरूले नै आवश्यक सहयोग गर्नुपर्दछ ।

५.११ सरकारी निकाय वा संगठित संस्थाको मालवस्तु छुटाउने व्यवस्थाः

५.१२.१ **सरकारी निकाय वा सार्वजनिक संस्थानका सम्बन्धमाः** निकासीकर्ता वा पैठारीकर्ता कुनै सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था वा निकाय भएमा त्यस्तो संस्था वा निकायको संचालक समिति वा कार्यकारी प्रमुख वा प्रशासकीय प्रमुखले निर्णय गरी तोकेको सोही संस्था वा निकायको वहालवाला कर्मचारीले भन्सार कार्यालयमा उपस्थित भई मालवस्तु जाँचपास गर्न वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य काम गर्न सक्दछन् । यस्ता संस्था वा निकायले यस प्रकार कर्मचारी नखटाइएको अवस्थामा भन्सार एजेन्ट नियुक्त गरी मालवस्तु छुटाउनु पर्दछ । (भन्सार नियमावली, २०६४ को नियम ३८(२))

५.१२ **निजी फर्म, कम्पनी, सँगठित संस्था वा निकायका सम्बन्धमाः** निकासीकर्ता वा पैठारीकर्ता प्रचलित कानूनबमोजिम दर्ता भएको कुनै फर्म, कम्पनी, सँगठित संस्था वा निकाय भएमा त्यसको संचालक वा साझेदार वा कार्यकारी प्रमुख वा प्रशासकीय प्रमुख तोकेको सो फर्म, कम्पनी, सँगठित संस्था वा निकायको अधिकृतस्तरको कर्मचारी प्रतिनिधिले भन्सार कार्यालयमा उपस्थित भई मालवस्तु छुटाउन वा अन्य काम गर्न सक्दछन् (भन्सार नियमावली २०६४ को नियम ३८(३)) । यसरी कर्मचारी प्रतिनिधि उपस्थित नभएमा भन्सार एजेन्ट नियुक्त गरी भन्सार एजेन्टद्वारा मालवस्तु छुटाउनु पर्दछ ।

५.१३. भन्सार एजेन्टको नामावली र नवीकरणको विवरण अद्यावधिक गर्नेः

विभागको अनुगमन तथा इन्जेलीजेन्स शाखाले भन्सार एजेन्टको इजाजतपत्र प्राप्त व्यक्तिहरूको नामावली र नवीकरणको विवरण सबै भन्सार कार्यालयमा प्रत्येक आर्थिक वर्ष प्रारम्भ भएको ३ महिनाभित्र उपलव्ध गराउनु पर्नेछ । सो अवधि पश्चात् नवीकरण गराएका भन्सार एजेन्टको नामावली नवीकरण गरिएको ३ दिनभित्र सम्बन्धित भन्सार कार्यालयमा पठाउनु पर्नेछ ।

परिच्छेद-६
चोरी पैठारी तथा चोरी निकासी सम्बन्धी कारवाही

विदेशबाट नेपालभित्र मालवस्तु पैठारी गर्दा वा नेपालबाट विदेशमा मालवस्तु निकासी गर्दा नेपाल सरकारले त्यसरी निकासी वा पैठारी गर्नका लागि तोकिदिएको बाटोबाट प्रचलित कानून बमोजिम लाग्ने महसुल बुझाएर निकासी वा पैठारी गर्नुपर्दछ । नेपाल सरकारले तोकिदिएको बाटो भनेको कानून बमोजिम खडा भएका भन्सार नाकाहरू हुन् । तोकिदिएको बाटो अर्थात् भन्सार नाकाभन्दा अन्यत्रबाट कसैले मालवस्तु निकासी वा पैठारी गरेमा त्यस्तो कार्य गैरकानूनी हुने भएकाले कानून बमोजिम दण्डनीय हुन्छ ।

आफूले निकासी वा पैठारी गर्ने मालवस्तु तोकिएको बाटोबाट प्रष्ट रूपमा घोषणा गरी लाग्ने महसुल तिरी निकासी वा पैठारी गर्नुपर्ने हुन्छ । यस्तो प्रक्रिया पूरा नगरी निकासी वा पैठारी भएमा त्यसलाई चोरी निकासी वा चोरी पैठारी गरेको मानिन्छ । भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ङ) मा चोरी निकासी र खण्ड (च) मा चोरी पैठारीको परिभाषा गरिएको छ । उक्त खण्डहरू तल उधृत गरिएको छः

(ङ) "चोरी निकासी" भन्नाले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी, लुकाई छिपाई वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भए पनि यस ऐनबमोजिम घोषणा नगरी नेपालवाहिर लैजाने कार्य सम्झनु पर्छ ।

(च) "चोरी पैठारी" भन्नाले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी, लुकाई छिपाई वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भए पनि यस ऐनबमोजिम घोषणा नगरी नेपालभित्र ल्याउने कार्य सम्झनु पर्छ ।

६.१ चोरी पैठारी तथा चोरी निकासी सम्बन्धमा कानूनी ब्यवस्थाः

कुनै ब्यक्तिले माथि उल्लेख गरिए झैं चोरी निकासी वा चोरी पैठारीको परिभाषा अन्तर्गत पर्ने कार्य गरेमा त्यसो गर्ने ब्यक्तिलाई त्यस्तो मालवस्तु जफत गरी जरिवाना र कैद समेत गर्न सकिने गरी भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) देखि (४) सम्म ब्यवस्था गरिएको छ । ऐनको सो ब्यवस्था निम्न बमोजिम छः

६.१.१. **दण्ड सजायः** (१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाटमात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी सो मालवस्तुको बिगोबमोजिमको जरिवाना वा देहायबमोजिमको कैद वा दुवै सजाय गर्न सक्नेछ :-

(क) पच्चीस हजारदेखि एक लाख रूपैयाँसम्मको बिगोमा दुई महिनासम्म,

(ख) एक लाखदेखि बढी पाँच लाख रूपैयाँसम्मको बिगोमा दुई महिनादेखि छ महिनासम्म,

(ग) पाँच लाखभन्दा बढी पच्चीस लाख रूपैयाँसम्मको बिगोमा चार महिनादेखि एक वर्षसम्म,

(घ) पच्चीस लाखभन्दा बढी पचास लाख रूपैयाँसम्मको बिगोमा आठ महिनादेखि दुई वर्षसम्म,

(ङ) पचास लाखभन्दा बढी एक करोड रूपैयाँसम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म,

(च) एक करोड रूपैयाँभन्दा बढी बिगोमा दुई वर्षदेखि पाँच वर्षसम्म ।

(२) उपदफा (१) बमोजिम जफत हुने मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो साधनको धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने भन्सार अधिकृतले त्यस्तो सवारी साधन जफत गरी निजलाई एक वर्षसम्म कैद गर्न सक्नेछ । सवारी साधनको धनीको सहमति वा जानकारी बिना सवारी चालकले जानाजानी त्यस्तो मालवस्तु ढुवानी गर्न सो सवारी साधन प्रयोग गरेको रहेछ भने त्यस्तो चालकलाई भन्सार अधिकृतले पाँच हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्न मद्दत गर्ने वा दुरूत्साहन दिने व्यक्तिलाई भन्सार अधिकृतले कसूरदारलाई सरह सजाय गर्न सक्नेछ ।

(४) कसैले चोरी निकासी वा चोरी पैठारीको मालवस्तु लुकाएमा वा जानाजानी राखेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी निजलाई दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

६.१.२ चोरी पैठारी/चोरी निकासी र गलत घोषणामा फरकः

भन्सार ऐनले चोरी निकासी वा चोरी पैठारीको परिभाषा गर्दा भन्सार महसुल लाग्ने मालवस्तु त्यस्तो महसुल नतिरी, लुकाई छिपाई वा बाटो छली ल्याउने लाने काम र भन्सार महसुल नलाग्ने मालवस्तु भए पनि ऐन बमोजिम घोषणा नगरी ल्याउने लाने कामलाई चोरी मानेको छ । यस प्रकारका कसूरलाई ऐनको दफा ५७ को उपदफा (१) देखि (४) सम्म दण्ड सजायको व्यवस्था गरेको छ । तर कुनै व्यक्तिले भन्सार कार्यालयमा मालवस्तु ल्याई प्रज्ञापनपत्र भरी जाँचपासको लागि प्रस्तुत गर्दा पनि मालवस्तुको नाम, प्रकृति, परिमाण, मूल्य, गुणस्तर जस्ता विवरणहरू फरक पारी वा एकभन्दा बढी प्रकारका मालवस्तु एकैपटक पैठारी वा निकासी गर्दा तीमध्ये कुनै मालवस्तु घोषणा नगरी वा आंशिक मालवस्तु मात्र घोषणा गरी राजस्व छल्ने उद्देश्यले गलत विवरण प्रस्तुत गर्न सक्दछन् । यस्तो अवस्थालाई गलत घोषणा गरेको मानिन्छ । यसरी गलत घोषणा भएकोमा भन्सार ऐनको दफा ५७ को उपदफा (५) देखि (९) सम्म उल्लेख गरिएका दण्ड सजायका व्यवस्थाहरू आकर्षित हुन्छन् । चोरीको कसूर र गलत घोषणाको कसूरमा दण्ड सजायको व्यवस्था फरक फरक भएकाले यी दुई कसूरको भिन्नता जान्नु भन्सार कर्मचारीका लागि आवश्यक हुन्छ । सामान्यतया निम्न आधारबाट यस्तो भिन्नता थाहा पाउन सकिन्छः

६.१.३ चोरी निकासी वा चोरी पैठारी मानिने अवस्था

- भन्सार नाका बाहेक अन्य बाटो प्रयोग गरेको अवस्था,
- भन्सार नाका प्रयोग गरेको भए पनि प्रज्ञापनपत्र नै नभरी ल्याउने लैजाने अवस्था,
- भन्सार नाका प्रयोग गरी प्रज्ञापनपत्र पेश गरेको भए पनि ढुवानी साधनमा अस्वाभाविक गुप्त स्थान बनाई त्यस्तो स्थानमा वा आफ्नो शरीरमा कुनै मालवस्तु लुकाई छिपाई सो मालवस्तु घोषणा नगरेको अवस्था ।

६.१.४ गलत घोषणा मानिने अवस्था

- भन्सार नाका प्रयोग गरी प्रज्ञापनपत्र पेश गरेको तर मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तरमध्ये सबै वा कुनै कुरा फरक पारी घोषणा गरेको अवस्था,
- मालवस्तुको परिमाण घटी वा बढी घोषणा गरेको अवस्था,
- मालवस्तुको उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेको अवस्था,
- एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी घोषणा गरेको अवस्था,
- एकभन्दा बढी प्रकारका मालवस्तु निकासी वा पैठारी गर्न लागेकोमा तीमध्ये कुनै मालवस्तु घोषणा नगरेको अवस्था ।

तर यसरी घोषणा नगरिएको मालवस्तु ढुवानी साधनमा अस्वाभाविक गुप्त स्थान बनाई त्यस्तो स्थानमा वा आफ्नो शरीरमा लुकाए छिपाएको अवस्थामा चोरी पैठारी गरेको मानी सोही बमोजिम कारवाई गर्नुपर्छ ।

६.१.५ भन्सार ऐन वा निकासी पैठारी (नियन्त्रण) ऐन लागू हुने अवस्थाः

कुनै व्यक्तिले भन्सार नाका बाहेक अन्यत्रबाट कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेको वा गर्न प्रयत्न गरेको अवस्थामा त्यस्तो मालवस्तुको प्रकृतिका आधारमा कुनै अवस्थामा भन्सार ऐन बमोजिम र कुनै अवस्थामा निकासी पैठारी (नियन्त्रण) ऐन बमोजिम कारवाई चलाउनु पर्ने हुन्छ । कसूर अनुसार उचित ऐनको प्रयोग गरिएन भने पुनरावेदन तहबाट भन्सार अधिकृतले गरेको निर्णय बदर भई अपराधीले उन्मुक्ति पाउने अवस्था हुने भएकाले आफूसमक्ष मुद्दा प्रस्तुत हुनासाथ मुद्दा हेर्ने भन्सार अधिकृतले कुन प्रकृतिको मुद्दा हो भन्ने यकिन गरी सुरूदेखि नै उपयुक्त ऐनको प्रयोग गरी कारवाही किनारा गर्नु पर्दछ ।

६.१.६ निकासी पैठारी (नियन्त्रण) ऐन प्रयोग हुने अवस्था

- नेपाल सरकारले सूचित आदेशबाट वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निकासी वा पैठारी गर्न प्रतिबन्ध लगाएका मालवस्तु निकासी वा पैठारी गरेको वा गर्ने प्रयत्न गरेको अवस्था,
- इजाजतपत्र लिएर मात्र निकासी वा पैठारी गर्न पाइने मालवस्तु इजाजतपत्र नलिइ निकासी वा पैठारी गरेको वा गर्ने प्रयत्न गरेको अवस्था,
- परिमाण वा मूल्य तोकी निकासी पैठारी गर्ने इजाजत प्राप्त भएका मालवस्तुको हकमा त्यस्तो मूल्य वा परिमाणभन्दा बढी मालवस्तु निकासी वा पैठारी गरेको वा गर्ने प्रयत्न गरेको अवस्था ।

६.१.७ भन्सार ऐन प्रयोग हुने अवस्था

निकासी पैठारी (नियन्त्रण) ऐन प्रयोग हुने भनी माथि उल्लेख भएका बाहेक अन्य अवस्थामा भन्सार ऐन बमोजिम कारवाही गरी किनारा लगाउनु पर्दछ ।

६.२ पुरस्कार सम्बन्धी व्यवस्थाः

कसैले भन्सार कार्यालयको प्रमुख वा महानिर्देशकलाई चोरी निकासी वा चोरी पैठारी गरेको वा गर्न लागेको भन्ने कुराको सूचना वा जानकारी दिएमा वा त्यसरी चोरी निकासी वा चोरी पैठारी भएको वा हुन लागेको मालवस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिल गरेमा त्यस्तो ब्यक्तिलाई भन्सार कार्यालयले पुरस्कार दिने व्यवस्था भन्सार ऐनले गरेको छ । यसरी पुरस्कार पाउने ब्यक्ति एकजनाभन्दा बढी भएमा दामासाहीले पुरस्कार रकम उपलब्ध गराउनु पर्दछ । सुराकी वापतको पुरस्कार दिँदा यस्तो पुरस्कार प्राप्त गर्ने ब्यक्ति कुनै कर्मचारी भएमा निजको परिचयपत्रको प्रतिलिपि र कर्मचारी नभई अन्य ब्यक्ति भएमा निजको परिचय खुल्ने प्रमाणको प्रतिलिपि भन्सार कार्यालयले भुक्तानी गरेको भरपाईका साथमा अनिवार्य रूपमा राख्नु पर्दछ । यसरी पुरस्कार प्राप्त गर्नका लागि अपनाउनुपर्ने कार्यविधि, पुरस्कारको दर, पुरस्कार प्रदान गर्ने शर्तहरू भन्सार नियमावली, २०६४ मा उल्लेख गरिएका छन् ।

६.२.१ पुरस्कारको दरः

भन्सार नियमावली, २०६४ को नियम ४७ को उपनियम (१) बमोजिम चोरी निकासी वा चोरी पैठारीको सूचना दिने वा त्यस्तो मालवस्तु पक्राउ गर्नेलाई पुरस्कार प्रदान गर्दा त्यस्तो मालवस्तु लिलाम गरी प्राप्त हुन आएको कबोल अंक (मूल्य अभिवृद्धि कर वा अरू कुनै कर लाग्ने अवस्थामा त्यस्तो कर रकम नजोडिएको कबोल अंक) को निम्न बमोजिमको दरमा नगद पुरस्कार दिनु पर्दछः

(क) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको सुराकी दिनेलाई पन्ध्र प्रतिशत,

(ख) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु मानिससहित पक्री पेश गरेकोमा तीस प्रतिशत,

तर त्यस्तो मालवस्तु सुन, चांदी वा जवाहिरात भएमा बीस प्रतिशत ।

(ग) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु मात्र पक्री पेश गरेकोमा बीस प्रतिशत ।

चोरी निकासी वा चोरी पैठारीको अभियोगमा कुनै ब्यक्तिले पक्राउ गरी दाखिला गरेको वा कुनै ब्यक्तिको सुराकीका आधारमा पक्राउ परेको मालवस्तु जफत गरे पनि लिलाम नगरी कुनै सरकारी निकायले प्रयोग गर्ने गरी नेपाल सरकारले निर्णय गर्न सक्दछ । यस्तो अवस्थामा लिलामीबाट प्राप्त मूल्यका आधारमा पुरस्कार दिनसक्ने अवस्था हुँदैन । त्यस्तो मालवस्तु नेपाल सरकारले नै प्रयोग गरे पनि सुराकी वा मालवस्तु पक्राउ गर्ने ब्यक्तिलाई भन्सार कार्यालयले पुरस्कार उपलब्ध गराउनु पर्दछ । यस्तो अवस्थामा त्यस्तो मालवस्तु नेपाल सरकारको जुन निकायले प्रयोग गर्ने हो सो निकायले तोकिएको समितिबाट सो मालवस्तुको मूल्य निर्धारण गराई सो मूल्यको आधारमा उपदफा (१) बमोजिमको पुरस्कारको रकम सम्बन्धित भन्सार कार्यालयलाई उपलब्ध गराउने र भन्सार कार्यालयले सो रकम सुराकी र पक्राउ गर्ने सम्बन्धित ब्यक्तिलाई उपलब्ध गराउने ब्यवस्था भन्सार ऐन, २०६४ को दफा ७१ को उपदफा (३) मा गरिएको छ । तसर्थ यस्तो अवस्थामा भन्सार कार्यालयले त्यस्तो मालवस्तुको मूल्याङ्कन

गराई सो मूल्यांकनका आधारमा सम्बन्धित व्यक्तिलाई दिनुपर्ने पुरस्कारको रकम त्यस्तो मालवस्तु प्रयोग गर्ने निकायबाट प्राप्त गरेर सो मालवस्तु सो निकायलाई हस्तान्तरण गर्नुपर्दछ । यस्तो अवस्थामा मालवस्तुको मूल्य कायम गर्नका निमित्त भन्सार नियमावली, २०६४ को नियम ५४ को उपनियम (१) मा उल्लेख भएको निम्न बमोजिमको समितिबाट मूल्य निर्धारण गर्नु गराउनु पर्दछः

(क) भन्सार कार्यालयको प्रमुख वा निजको अनुपस्थितिमा निजको कार्य गर्ने गरी तोकिएको ब्यक्ति - संयोजक

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि -सदस्य

(ङ) सवारी र ढुवानी साधनको हकमा मेकानिकल प्राविधिक - सदस्य

६.२.३ सुराकी लिंदा ध्यान दिनुपर्ने कुराः

जुनसुकै किसिमको वा जुनसुकै समयमा प्राप्त भएको सुराकीलाई पुरस्कार दिन हुँदैन । नेपाल सरकारको राजस्वको सही सदुपयोग गरी यथार्थ सुराकीले मात्र पुरस्कार पाउनुपर्दछ । यसका लागि निम्न कुराहरूमा भन्सार अधिकृतले ध्यान दिनुपर्दछः

- सुराकी सम्बन्धी प्रतिवेदन वा सूचना मालवस्तु पक्राउ पर्नुअगावै प्राप्त भएको हुनुपर्नेछ । मालवस्तु पक्राउ भइसकेपछि प्राप्त हुने सुराकी प्रतिवेदन वा सूचनालाई मान्यता दिनु हुँदैन ।
- सुराकी प्रतिवेदन वा सूचना सम्बन्धित भन्सार कार्यालयको प्रमुख वा महानिर्देशकलाई दिएको हुनुपर्दछ ।
- मालवस्तु पक्राउ पर्नुअगावै एउटै विषयमा दुई वा दुईभन्दा बढी सुराकी प्रतिवेदन वा सूचना प्राप्त भएमा पहिले प्राप्त भएको प्रतिवेदन वा सूचनालाई मान्यता दिई त्यसपछि प्राप्त सूचनालाई भन्सार कार्यालयको प्रमुखले कैफियत जनाई राखिदिनु पर्नेछ ।

- सुराकी दिने ब्यक्तिले आफ्नो वास्तविक नाम नदिई कुनै काल्पनिक नामबाट पनि सुराकी दिन सक्नेछ । त्यस्तो काल्पनिक नामबाट सुराकी दिएको अवस्थामा त्यस्तो सुराकीको वास्तविक नाम एवं निजको स्पष्ट पहिचान हुने प्रमाणहरू (नागरिकताको प्रमाणपत्र वा परिचय पत्र वा राहदानी) को प्रतिलिपि सुराकीले भन्सार कार्यालयको प्रमुखलाई तुरून्तै उपलब्ध गराउनुपर्नेछ । त्यस्तो प्रमाण प्राप्त गरेपछि भन्सार कार्यालयको प्रमुखले प्रमाणित गरी उक्त प्रतिलिपिमा सुराकी दर्ता नं. र मिति उल्लेख गरी खामभित्र राखी खामबाहिर सुराकी रजिष्टरको दर्ता नम्बर र मिति मात्र उल्लेख गरी सो खामलाई सिलबन्दी गरी राख्नुपर्नेछ ।

६.२.४ सुराकी दिँदा खुलाउनु पर्ने विवरणः

कुनै चोरी निकासी वा चोरी पैठारी भएको वा हुन लागेको कुराको सूचना वा सुराकी दिने ब्यक्तिले निम्न बमोजिमको विवरण स्पष्ट रूपमा उल्लेख गर्नुपर्दछ ।

६.२.४.१ <u>हवाई जहाजबाट हुने चोरीका सम्बन्धमा</u>

(क) हवाइ जहाजको उडान नं. र समय,

(ख) चोरी निकासी वा चोरी पैठारी गर्ने ब्यक्तिको सम्भव भएसम्म नाम, नभए निजको हुलिया र मालवस्तु लुकाई छिपाई ल्याउने तरिका,

(ग) हवाई जहाजभित्र लुकाई छिपाई ल्याएकोमा त्यसरी लुकाई छिपाई राखिएको स्थान,

(घ) कार्गोभित्र लुकाई छिपाई ल्याएकोमा सो कार्गोको एयर वे बिल नं. वा मालवस्तुको नाम र मालवस्तुधनीको नाम, मालवस्तु लुकाई छिपाई ल्याएको तरिका एवं मालवस्तु रहेको स्थान ।

६.२.४.२ <u>स्थलमार्गबाट हुने चोरीका सम्बन्धमा</u>

(क) मालवस्तु ढुवानी गर्ने साधन भएमा सोको किसिम र नम्बर भएकोमा त्यस्तो नम्बर,

(ख) चोरी निकासी वा चोरी पैठारी हुन लागेको मालवस्तुको नाम,

(ग) चोरी निकासी वा चोरी पैठारी हुन लागेको स्थान, मिति र समय,

(घ) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु अन्य कुनै मालवस्तुभित्र लुकाई छिपाई लैजान लागेकोमा कुन मालवस्तुभित्र कसरी लुकाई छिपाई लैजान लागेको छ भन्ने कुरा ।

चोरी निकासी वा चोरी पैठारी प्रतिवेदन वा सूचना दिन महानिर्देशक वा सम्बन्धित भन्सार कार्यालयको प्रमुखसमक्ष उपस्थित हुन समयको अभाव वा अन्य कारणले सम्भव नभएमा टेलिफोन वा फ्याक्स वा इ-मेल वा अन्य कुनै छिटो संचार माध्यमबाट पनि पठाउन सकिनेछ । यस्तो सूचना प्राप्त हुनासाथ भन्सार कार्यालयको प्रमुखले अबिलम्व सुराकी सम्बन्धी रजिष्टरमा दर्ता गरी मालवस्तु पक्राउ गर्ने सम्बन्धमा कारबाही गर्नु पर्नेछ । पछि सम्बन्धित ब्यक्तिबाट निजको वास्तविक पहिचान हुने प्रमाण माग गरी उपनियम (६) बमोजिम सिलबन्दी गरी सुराकी रजिष्टरको दर्ता नम्बर खामबाहिर उल्लेख गरी राख्नु पर्नेछ । यस्तो सूचना महानिर्देशकलाई प्राप्त भएकोमा आफूले अभिलेख राखी अबिलम्व आवश्यक कारबाहीको लागि सम्बन्धित भन्सार कार्यालयको प्रमुखकहाँ पठाइदिनु पर्नेछ ।

६.२.५ गोपनीयता कायम गर्नुपर्नेः

भन्सार ऐन, २०६४ को दफा ७१ को उपदफा (४) र (५) मा उल्लेख भएबमोजिम भन्सार कार्यालयले चोरी निकासी वा पैठारीको सुराकी दिने सुराकीको नाम, थर र विवरण गोप्य राख्नु पर्ने बाध्यात्मक ब्यवस्था छ । प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि भन्सार ऐनबमोजिमको सुराकीको नाम, थर र विवरण कानूनबमोजिम अनुसन्धान गर्ने निकायले अनुसन्धानको सिलसिलामा वा अदालतबाट माग भएकोमाबाहेक कुनै ब्यक्ति वा निकायलाई उपलब्ध गराउन भन्सार अधिकृत वाध्य नहुने भएकाले उल्लिखित दुई अवस्थामा बाहेक अन्य कुनै ब्यक्ति वा निकायलाई सुराकीको विवरण उपलब्ध गराउनु हुँदैन ।

६.३ चोरी पैठारी तथा चोरी निकासी अभियोगको मुद्दा (प्रतिवेदन) दर्ता :

भन्सार अधिकृतलाई भन्सार ऐन, २०६४ तथा निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ ले मुद्दा हेर्ने अधिकार प्रदान गरेको छ । मुद्दा हेर्ने अधिकारीले यो अधिकारको प्रयोग गर्दा न्यायिक, विवेकपूर्ण र सन्तुलित ढंगले गर्नुपर्दछ । कानूनको पूर्ण पालना र विवेकपूर्ण ढंगले मुद्दा सम्बन्धी कारवाही नगर्दा पुनरावेदन तहबाट मुद्दा उल्टी हुने, अपराधीले उन्मुक्ति पाइने तथा नेपाल सरकारलाई हानी नोक्सानी हुने अवस्था हुन्छ । तसर्थ मुद्दाका सम्बन्धमा मुद्दा हेर्ने अधिकारीले आधारभूत कानूनी सिद्धान्तको पूर्ण परिपालन र ऐन कानूनले तोकेको कार्यविधि पूर्ण रूपमा अवलम्बन गर्नु पर्दछ । भन्सार सम्बन्धी मुद्दाहरू शुद्ध न्यायिक प्रकृतिका हुन्छन् तर बिषय बस्तुको दृष्टिकोणले चांडो टुंगो लगाउनु पर्ने भएकोले बिधायिकाले भन्सार अधिकृतलाई न्यायिक अधिकारीको हैसियतमा काम गरी निर्णय दिनुपर्ने गरी मुद्दा हेर्ने अधिकार दिएको हो । तसर्थ मुद्दा हेर्ने अधिकारीले अभियुक्तलाई शुद्ध एवं निष्पक्ष सुनुवाइको मौका दिई आवश्यकता अनुसार साक्षी सवुत परीक्षण गरी न्यायिक निष्कर्षमा पुग्नु पर्दछ ।

प्रत्येक मुद्दा हेर्ने अधिकारीले आफू समक्ष दर्ता हुन आउने मुद्दाको बिषयमा सर्वप्रथम निम्न २ वटा कुराहरू हेर्नु पर्दछ ।

(क) अधिकार क्षेत्र ।

(ख) हद म्याद ।

(क) अधिकार क्षेत्र:

भन्सार सम्बन्धी अपराधका मुद्दाहरू कुनठाउँको अपराध कुन भन्सार कार्यालयबाट हेर्नुपर्दछ भनी इलाका बिभाजन गरिएको छैन । चोरी पैठारी या निकासीको घटना एउटा इलाकामा र पक्राउ अर्को इलाकामा पनि हुन सक्छ । जहाँ अपराधी या मालसामान पक्राउ हुन्छ सोही ठाउँ नजिक पर्ने भन्सार कार्यालयले उक्त मुद्दा हेर्नुपर्ने हुन्छ । चोरी निकासी या चोरी पैठारीका सम्बन्धमा भन्सार ऐन, २०६४ तथा निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ ले भन्सार अधिकृतलाई मुद्दा हेर्ने अधिकार प्रदान गरेकोले यी ऐनमा उल्लिखित बिषयका मुद्दा बाहेक अन्य मुद्दाहरू निकासी पैठारीसँग सम्बद्ध भए पनि भन्सार अधिकृतको कार्य क्षेत्र भित्र पर्दैनन् । निकासी पैठारी

(नियन्त्रण) ऐन, २०१३ वा यस ऐन अन्तरगतका सूचित आदेशले मनाही या नियन्त्रण गरेको वस्तु वा यस ऐन अन्तरगत बनेको नियम बमोजिम निकासी या पैठारी गर्न जारी गरिएको इजाजत पत्रमा तोकिएको वस्तु वा त्यसको मूल्य वा परिमाणमा मनासिव कारण बिना फरकपारी कसैले कुनै मालवस्तु निकासी या पैठारी गरेमा निकासी पैठारी (नियन्त्रण) ऐन अन्तरगत सुरू कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित भन्सार अधिकृतलाई तोकेको छ । नियन्त्रण या मनाही नभएको अन्य मालवस्तु चोरी निकासी या पैठारी भएको सम्बन्धमा भन्सार ऐन, २०६४ अन्तर्गत सुरू कारवाही र किनारा भन्सार अधिकृतले गर्नु पर्दछ । नियन्त्रण या मनाही गरिएको मालवस्तु चोरी निकासी वा चोरी पैठारी भएको सम्बन्धमा पनि अन्य त्यस बिषयसँग सम्बन्धित विशेष ऐनले मुद्दा हेर्ने सम्बन्धमा विशेष ब्यवस्था गरेको छ छैन त्यो हेर्नुपर्दछ । लागू औषध चोरी निकासी या चोरी पैठारी गर्दाको अवस्थामा पक्राउ परेमा लागू औषध (नियन्त्रण) ऐन अन्तरगत र विदेशी मुद्रा पक्राउ परेमा विदेशी बिनिमय (नियन्त्रण) गर्ने ऐन अन्तरगत सुरू कारवाही र किनारा गरिने भएकोले निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ अन्तरगत कारवाही गर्न मिल्दैन । आफ्नो अधिकार क्षेत्रभित्र नपर्ने मालवस्तु चोरी निकासी या पैठारीको अवस्थामा भन्सार कार्यालयमा पक्राउ परेमा भन्सार कार्यालयले आफूले कारवाही सुरू नगरी अविलम्ब उक्त मुद्दाको अनुसन्धान एवं तहकिकात गर्ने निकायलाई जिम्मा लगाइदिनु पर्दछ ।

(ख) <u>मुद्दा हेर्न नहुने</u>:

मुलुकी ऐन, अदालती बन्दोवस्तको ३० नं मा उल्लेख भए अनुसार मुद्दा हेर्ने अधिकारीले आफ्नो आर्थिक हित निहित भएको र आफ्ना नजिकको नाता सम्बन्ध पर्ने ब्यक्ति सम्मिलित भएको मुद्दा पनि हेर्नु हुदैन । जस अनुसार आफ्ना हाडमा अपुताली परे खान पाउने नाता र मामा माइज्यू, सानी आमा, ठुली आमा, सानो बाबु, ठूलो बाबु, सासु, ससुरा, फुपू फुपाज्यू , साला, जेठान, मित, आफ्ना दिदी, बहिनी, छोरी र यिनै दिएका जुवाइ, भाञ्जा, भाञ्जी, भाञ्जी बुहारी, आमाका बाबु या आमा, मन्त्र सुनाउने गुरू या गुरूआमा, मन्त्र सुनाएका शिष्य, शिष्यनी, आफूले लेनदेन कारोवार गरेका र नोकर चाकर तथा उल्लिखित मानिससँग एकाघरमा सँगै बसेका

जाहानको र झगडिया मानिसको मुद्दा आफूले हेर्न हुदैन । कानून बमोजिम आफूले हेर्न हुने मुद्दा बाहेक अरू मुद्दा हेर्न नहुने कुरा मुलुकी ऐन, अदालती बन्दोबस्तको ३५ नं.मा उल्लेख गरिएको छ । अधिकार क्षेत्र बाहिर गई गरेको निर्णय बदर हुने भएकोले मुद्दाको अधिकार क्षेत्रका बिषयमा मुद्दा हेर्ने अधिकारी सुरूमा नै बिशेष सजग हुनु पर्दछ ।

(ग) <u>हद म्याद:</u>

भन्सार सम्बन्धी अपराधका मुद्दाहरू पक्राउ भएको कति अवधिभित्र दर्ता गर्नु पर्दछ भन्ने कानूनमा स्पष्ट हद म्यादको ब्यवस्था छैन । भन्सार ऐन, २०६४ मा हदम्याद सम्बन्धमा कुनै ब्यवस्था नभएकाले अपराध भएको प्रमाणित भएमा जतिसुकै समयपछि पनि कारवाही र किनारा गर्न सकिन्छ । तर भन्सार सम्बन्धी कसूरमा पक्राउ परेको ब्यक्तिलाई बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र भन्सार अधिकृतसमक्ष पेश गर्नुपर्ने र भन्सार अधिकृतले पनि तुरून्त कारवाही प्रारम्भ गर्नुपर्ने भन्ने ब्यवस्था भन्सार ऐन, २०६४ को दफा ४० मा गरिएकोले कारवाही नगरी २४ घण्टाभन्दा बढी राख्न भने हुँदैन । निकासी पैठारी (नियन्त्रण) ऐन अन्तरगत चल्ने मुद्दाका सम्बन्धमा पक्राउ परेको अभियुक्तलाई यही ब्यवस्था लागू हुन्छ ।

६.४ मुद्दा दर्ता गर्दा ध्यान दिनुपर्ने कुरा:

भन्सार सम्बन्धी मुद्दाहरू भन्सार कार्यालयमै खटिएका कर्मचारीहरूबाट पक्राउ परी प्रतिबेदन सहित दाखिला हुन सक्ने र अन्य ब्यक्ति वा निकायबाट पनि सम्बन्धित भन्सार कार्यालयमा प्रतिबेदन सहित दाखिला हुन सक्छन् । मुद्दा दर्ता गर्न प्रतिबेदन सहित मानिस पक्राउ भएको अवस्थामा मानिससहित र मालसामान मात्र पक्राउ परेको अवस्थामा मालसामानसहितको प्रतिबेदन सम्बन्धित भन्सार कार्यालयमा दाखिला हुन आएमा मुद्दा हेर्ने अधिकारीले उक्त मुद्दा दर्ता गर्नुपूर्व प्रतिबेदनमा निम्न कुराहरू स्पष्ट रूपले उल्लेख भए नभएको र प्रतिबेदनसाथ अनिबार्य रूपले रहनु पर्ने कागजात भए नभएको बारेमा हेर्नु पर्दछ ।

- प्रतिबेदकको नाम, थर, वतन,
- अभियुक्तको पूरा नाम, थर, वतन,
- अभियुक्तले कहिले, कहाँ, कसरी, कस्तो अपराध गरेको हो,

- निज दोषी हो भन्ने सवुद प्रमाण,
- निजले गरेको अपराध कुन कानूनले अपराध घोषित गरेको छ । निजलाई कुन कानूनले कति सजाय हुनु पर्ने हो ऐनको नाम, दफा, उपदफा आदि स्पष्ट खुले नखुलेको,
- प्रतिबेदनसाथ दाखिला हुन आएको सामान प्रतिवेदनमा उल्लेख भए बमोजिम गुण एवं परिमाण मिले नमिलेको र त्यसको प्रचलित मूल्य खुले नखुलेको,
- सवारी र ढुवानीका साधनको हकमा तिनको नाम, मोडेल, इञ्जिन एवं चेसिस नम्बर, सीसी, गाडीको रंग र भौतिक अवस्था,
- सामान बरामद गरिएको मुचुल्का संलग्न भए नभएको,
- पक्राउ परेको मालसामान सामान्य निरीक्षणको क्रममा फेला पारिएको हो या कुनै सूचनाको आधारमा बिशेष निगरानी एवं सक्रियताबाट पक्राउ गरिएको हो,
- सुराकी या कमिशनको माग गरिए नगरिएको । सुराकीको माग गरिएकोमा उक्त सुराकी यस कार्यविधिमा उल्लेख गरिए बमोजिम रीत पूर्वकको र सुराकीको बिबरण गोप्यताको दृष्टिकोणले खाम बन्दी गरी कार्यालय प्रमुखले आफैले राख्ने, लिने गर्नु पर्दछ । मुद्दाको फाइलसाथ राख्नु हुँदैन ।

प्रतिबेदनको ब्यहोरा एवं तत्काल पेश भएको सवुद प्रमाणबाट ऐन बमोजिम कारवाही गर्नु पर्ने अवस्था देखिएमा मुद्दा हेर्ने अधिकारीले आदेश गरी उक्त मुद्दा दर्ता गर्ने किताव (रजिष्टर) मा दर्ता गरी फाइल खडा गरी उक्त फाइलको बाहिरपट्टि भन्सार कार्यालयको नाम, प्रतिवेदकको नामथर (धेरै प्रतिवेदक भएमा एउटाको नाम लेखी समेत भन्ने), अभियुक्तको नाम थर ठेगाना, मुद्दाको नम्बर, एंव साल, मुद्दाको नाम र विगो, मुद्दा दर्ता गरिएको मिति अनिवार्य रूपले उल्लेख गर्नु पर्दछ । मुद्दा दर्ता भई फाइल खडा गरेपछि मुद्दैपिच्छे मुलुकी ऐन अदालती वन्दोवस्त २१ नं. बमोजिम तायदाती फारामको नमूना बमोजिम फाइलमा रहेका र रहने कागजातमा दाखिला मितिका नम्बरसँग कागजपिच्छे नम्बर चढाई फाराममा दर्ता गरी सहीछाप गरी फाइल साथ राख्नु पर्दछ । प्रतिबेदनसाथ दाखिला भएको सामान गोदाममा राख्दा मुद्दाको नम्बर र मिति समेत उल्लेख गरी राख्नु पर्दछ । भन्सार कार्यालयमै पक्राउ परेको सामान बाहेक अन्य सामानको भरपाइ गरिदिनु पर्दछ ।

६.५ <u>दरपीठ गर्ने</u> :

प्रतिबेदनमा उल्लिखित आधार र तत्काल पेश भएका सवुद प्रमाणबाट मात्र चोरी पैठारी या चोरी निकासीमा कारवाही गर्न सकिने अवस्था नदेखिएमा वा आफ्नो अधिकार क्षेत्र बाहिरको देखिएमा प्रतिबेदनको पीठमा यो यति कारणले मुद्दा दर्ता हुन नसक्ने भनी ब्यहोरा लेखी मुद्दा हेर्ने अधिकारीले सहीछाप गरी कार्यालयको छाप लगाई भरपाइ लिई फिर्ता (दरपिठ) गरिदिनु पर्दछ ।

६.६ खानतलासी:

भन्सार सम्बन्धी मुद्दामा मालसामान बरामद गर्दा अनिवार्य रूपमा बरामदी मुचुल्का खडा गरेको हुनु पर्दछ । भन्सार ऐन, २०६४ को दफा ३६ मा कसैले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी वा चोरी पैठारी गरी ल्याएको छ वा चोरी निकासी गरी लिई जान लागेको छ वा प्रतिबन्धित मालवस्तु निकासी वा पैठारी गरेको छ वा गर्न लागेको छ भनी विश्वास गर्नुपर्ने मनासिव आधार वा कारण भएमा वा शङ्का लागेमा भन्सार कार्यालयको जुनसुकै कर्मचारीले त्यस्तो ब्यक्ति वा जुनसुकै साधनलाई रोक्का गर्न र त्यस्तो ब्यक्ति वा त्यस्तो सवारी साधनको तलासी लिन सक्नेछ भन्ने ब्यवस्था छ ।

त्यसैगरी भन्सार अधिकृत वा सो प्रयोजनको लागि तोकिएको कर्मचारीबाहेक अरू कुनै कर्मचारीले दफा ३६ बमोजिमको तलासी लिन चाहेकोमा सम्बन्धित ब्यक्तिले त्यस्तो तलासी लिनुभन्दा अगाडि आफूलाई भन्सार अधिकृतसमक्ष पेश गराउन माग गर्न सक्ने र त्यस्तो माग गरेकोमा सम्बन्धित कर्मचारीले कुनै ढिला सुस्ती नगरी निजलाई भन्सार अधिकृतसमक्ष पेश गर्नु पर्ने ब्यवस्था सो ऐनको दफा ३७ मा उल्लेख गरिएको छ । सोही दफामा उल्लेख भए बमोजिम आफूसमक्ष पेश भएको ब्यक्तिको तलासी लिनु पर्ने मनासिव आधार देखेमा भन्सार अधिकृतले निजको तलासी आफै लिन वा आफू मातहतका कर्मचारीलाई लिन लगाउनेछ त्यस्तो आधार नदेखेमा निजलाई तुरून्त छोडिदिनुपर्ने ब्यवस्था भएकाले भन्सारका कर्मचारी र भन्सार अधिकृतले उपर्युक्त कानूनी ब्यवस्था वाध्यात्मक रूपमा पालना गर्नुपर्दछ ।

माथि उल्लेख भए बमोजिम तलासी लिंदा भन्सार महसुल लाग्ने वा भन्सार ऐनबमोजिम घोषणा गरी पैठारी वा निकासी गर्नुपर्ने मालवस्तु बरामद भएकोमा भन्सार अधिकृतले तलासी लिएको ब्यक्तिलाई सो मालवस्तुको प्रज्ञापनपत्र र भन्सार महसुल लाग्ने मालवस्तु भए महसुल तिरेको निस्सा पेश गर्न आदेश दिने र निजले

त्यस्तो प्रज्ञापनपत्र वा निस्सा पेश गर्न नसकेमा चोरी पैठारी वा चोरी निकासी गरेको मानिने व्यवस्था ऐनको दफा ३८ मा भएकाले सोही अनुसार कारवाही अघि बढाउनु पर्दछ ।

कसैले भन्सार महसुल छली वा चोरी पैठारी गरी ल्याएको मालवस्तु कुनै घर, भवन, गोदाम वा अन्य कुनै पनि ठाउँमा लुकाएको वा राखेको छ भन्ने विश्वास वा शङ्का गर्नुपर्ने मनासिव कारण भएमा भन्सार विभागका महानिर्देशक वा सम्बन्धित भन्सार अधिकृतले त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिन वा लिन लगाउन आदेश दिन सक्ने गरी भन्सार ऐनको दफा ३९ ले अधिकार प्रदान गरेको छ । तर यसरी खानतलासी लिनुपर्दा कारण सहितको निर्णय गरेर मात्र खानतलासी लिनुपर्दछ ।

खानतलासीका लागि खटिने कर्मचारीले खानतलासी लिन लागेको घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिनुअघि सो घर, भवन, गोदाम वा ठाउँको धनी वा सो घर, भवन, गोदाम वा ठाउँमा तत्काल वसोवास गरिरहेका व्यक्तिलाई त्यसरी खानतलासी लिनुपरेको कारण समेत खोली सूचना दिनुपर्दछ । त्यस्तो धनी वा व्यक्तिले त्यस्तो सूचना बुझ्न नमानेमा सो सूचनाको एकप्रति त्यस्तो घर, भवन, गोदाम वा ठाउँको सबैले देख्ने स्थानमा टाँसी त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिनु पर्दछ ।

खानतलासी लिनका लागि कुनै व्यक्तिले वाधाविरोध गरेमा खानतलासी लिन खटिएका कर्मचारीले खानतलासी लिनुपर्ने घर, भवन, गोदाम वा अन्य कुनै ठाउँमा बसिरहेका व्यक्तिलाई हट्ने सूचना र मौका दिनुपर्दछ । यसरी हट्ने सूचना र मौका दिँदा दिँदै पनि निजहरू नहटेमा त्यस्तो कर्मचारीले सुरक्षा निकायको सहयोगमा आवश्यक बल समेत प्रयोग गरी खानतलासी लिनुपर्ने घर, भवन, गोदाम वा ठाउँको वाहिरी वा भित्री ढोका झ्याल वा छेस्कीनी खोली वा फोरी सूर्योदयदेखि सूर्यास्तभित्र कुनै पनि समयमा खानतलासी लिन सक्नेछ । यसरी खानतलासी लिंदा खानतलासी लिने कर्मचारीले उपलब्ध भएसम्म सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडा अध्यक्ष वा वडा सदस्य वा कुनै कार्यालयको कर्मचारी वा घर धनी वा निजको प्रतिनिधि वा सोह्र वर्ष उमेर पुगेको कुनै व्यक्तिलाई साक्षी राखी तलासी लिनु पर्दछ । त्यस्तो साक्षी बस्ने मानिस फेला नपरेमा वा निजले साक्षी

बस्न इन्कार गरेमा सोही ब्यहोराको कैफियत जनाई तलासी लिने कर्मचारीले सहीछाप गर्नु पर्दछ ।

६.७ बरामदी मुचुल्का र मालवस्तु दाखिलाः

बुँदा ५.५ बमोजिम खानतलासी लिंदा भन्सार छली वा चोरी पैठारी गरी ल्याएका मालवस्तु बरामद भएमा त्यसरी खानतलासी लिने कर्मचारीले त्यस्ता मालवस्तु आफ्नो कव्जामा लिई त्यस्ता मालवस्तुको विवरण खोलिएको फेहरिस्त तयार गरी सोको एकप्रति खानतलासी लिएको घर, भवन, गोदाम वा सो ठाउँको सम्बन्धित व्यक्तिलाई तत्काल बुझाइदिनु पर्दछ । सम्बन्धित व्यक्तिले बुझ्न नमानेमा वा बुझाउन नसकिएमा दुईजना साक्षीको रोहवरमा मुचुल्का गरी टाँस गरेमा पनि सम्बन्धित व्यक्तिलाई बुझाएसरह मानिने कानूनी ब्यवस्था छ ।

उक्त कार्य सम्पन्न भएपछि बरामद भएका मालवस्तु तथा मालवस्तुको फेहरिस्त त्यस्तो कर्मचारीले सम्बन्धित भन्सार अधिकृतसमक्ष दाखिला गर्नुपर्दछ र त्यसरी दाखिला भएपछि भन्सार अधिकृतले तलका प्रकरणमा उल्लेख भएबमोजिम कारबाई प्रारम्भ गर्नुपर्दछ ।

६.८ हकदावीको सूचना प्रकाशन गर्नेः

भन्सार अधिकृतले माथि उल्लेख गरिएबमोजिम मालवस्तु आफूसमक्ष पेश हुन आएपछि अभियुक्त बिना बेवारिसे अवस्थामा मालवस्तु दाखिला हुन आएको भए त्यस्तो मालवस्तुका सम्बन्धमा कसैको हक लाग्ने भए आफ्नो सबुत प्रमाणसहित बाटाको म्याद बाहेक ७ दिनभित्र आउनु भनी कार्यालयको सूचना पाटीमा सूचना प्रकाशन गरी त्यस्तो सूचना सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला विकास समितिको कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र उद्योग वाणिज्य संघको कार्यालयमा समेत टाँस गर्न पठाउनु पर्नेछ । भन्सार नियमावली, २०६४ को नियम ५३क मा यस सम्बन्धी व्यवस्था गरिएको छ । म्यादभित्र कसैले प्रमाणसहित दावी गर्न आएमा प्रमाणको मूल्यांकन गरी वयान लिई आवश्यक निर्णय गर्नुपर्दछ र म्यादभित्र कसैले दावी नगरेमा वा म्याद नघाई दावी गर्न आएमा पनि दावी नपरेसरह मानी मालवस्तु जफत गर्नुपर्दछ ।

तर मालवस्तु सहित चोरी निकासी वा चोरी पैठारीको अभियोगमा मानिससमेत दाखिला हुन आएकोमा भने हकदावीको सूचना प्रकाशन गर्नु पर्दैन र

तल उल्लेख गरिएबमोजिम अभियुक्तको वयान लिई कारवाई अघि बढाउनु पर्दछ । फरार अभियुक्तको हकमा म्याद जारी गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा तल **प्रकरण ६.१२ मा** उल्लेख गरिएको छ ।

६.९ **अभियुक्तको वयानः**

कुनै पनि अपराधको अभियोग लागेको व्यक्तिलाई सजाय गर्नुअघि निजलाई सफाइ र प्रतिरक्षा गर्ने मौका दिनु प्रकितिक न्यायको सिद्धान्त हो । त्यसैले भन्सार सम्बन्धी अपराधमा पक्राउ परेको अभियुक्तको पनि बयान लिनु पर्दछ । अभियुक्तको बयान गराउँदा सुरूमा कहाँ कस्को समक्ष बयान लिइएको हो सो खुल्ने गरी कार्यालयको नाम, मुद्दा हेर्ने अधिकारीको नाम, अभियुक्तको नाम थर लेख्न लगाई त्यसपछि कसूरसँग सम्बन्धित प्रश्न र निजले दिएको जवाफ, निजले पेश गर्न चाहेको सवुद प्रमाणको उल्लेख गराउनु पर्दछ । त्यस्तो बयानमा बयान गर्ने अभियुक्तको सहीछापको साथै मुद्दा हेर्ने अधिकारीले समेत सहीछाप गरी राख्नु पर्दछ । बयान लिंदा मुलुकी ऐन अदालती बन्दोवस्तको महल १५२ को नमूनाका आवश्यक सन्दर्भलाई आधार लिन सकिन्छ ।

बयान लिंदा अभियुक्तउपर लागेको अभियोगको सवै कुरा सुनाई त्यसको अर्थ बुझाई आवश्यक र सान्दर्भिक प्रश्न सोधी जवाफ लिनु पर्दछ । यसको मतलब बयान लिनेले अभियुक्तसँग तपाइले यो मितिमा यस ठाउमा यस किसिमबाट यो कारणले यस किसिमको कसूर गरेकोले यो सजांय गरी पाउँ भनी अभियोग लगाई प्रतिबेदन परेको, सो कुराको पुष्टिको लागि यो यो प्रमाण पेश हुन आएको तथा यो कसूर प्रमाणित भएमा तपाइलाई यो सजाय हुन्छ भनी मुद्दा हेर्ने अधिकारीले बयान लिंदा स्पष्ट रूपमा संझाउनु पर्दछ । अभियुक्तबाट कुनै मालसामान वरामद भएकोमा वयान गराउदा उक्त सामान देखाई यो सामान तपाँइबाट वरामद भएको हो होईन भन्ने सोधी सनाखत गराउनु पर्दछ । यसको अर्थ अभियुक्तलाई आफ्नो बचाउ गर्ने पर्याप्त मौका दिई निजका बिरूद्धको प्रत्येक कुराको खण्डन गर्ने अवसर प्रदान गर्नु हो ।

बयान गराउने अवस्थामा अभियुक्तले कुनै कानूनी सल्लाह लिन चाहेमा निजले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन दिनु पर्दछ । यसरी सल्लाह लिन पाउने सबै नागरिकको संविधान प्रदत्त मौलिक अधिकारको कुरा भएकाले यस्तो अवसरबाट अभियुक्तलाई वञ्चित गर्न हुँदैन ।

पक्राउ परेको अभियुक्तलाई बयान नगराई २४ घण्टाभन्दा बढी हिरासतमा राख्न हुदैन र अभियुक्तको बयान सकेसम्म एकै पटकमा सिध्याउनु पर्दछ । एकपटक वयान लिएपछि पुनः सोही विषयमा अर्को वयान लिन हुदैन । पहिले वयान गराउदा कुनै महत्वपूर्ण कुरा खुलाउन छुटेको देखिएमा र पछि प्राप्त थप प्रमाणका आधारमा थप कुरा सोध्नुपरेमा सोही कुरा मात्र थप बयान गराई सोध्न सकिन्छ । मुलुकी ऐन, अदालती बन्दोवस्तको १३३ नं. मा झगडियासँग हाकिमले सोध्नु परेको मनासिव माफिकको कुरा जहिलेसुकै सोधी कागज गराए पनि हुन्छ भनिएको छ ।

६.१० हिरासतमा राख्ने वा धरौटी लिई छाड्नेः

अभियुक्तको बयान लिने काम समाप्त भएपछि निज तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएमा भन्सार अधिकृतले निजलाई भन्सार ऐन बमोजिम हुनसक्ने कैद र जरिवानावापतको रकम र बिगोसमेत असुल गर्नु पर्नेमा कायम हुन सक्ने बिगो वरावरको रकम समेतको नगद धरौटी लिई तोकिदिएको समय र स्थानमा हाजिर हुने गरी छाड्न सक्नेछ । कैद बापतको धरौटी लिंदा एक दिन कैद बराबर ५० रूपैंयाका दरले लिनु पर्दछ । माग भएको नगद धरौटी पेश गर्न नसकेमा निजलाई त्यस्तो नगद धरौटी भन्सार कार्यालयमा दाखिला नगरेसम्म हिरासतमा नै राख्नु पर्दछ । तर त्यस्तो व्यक्तिलाई नगद धरौटीमा छाड्दा निजले प्रमाण लोप गर्न सक्ने आधार देखिएमा भन्सार अधिकृतले कारण खोली त्यस्तो व्यक्तिको धरौटी स्वीकार नगरी थुनामा नै राखेर कारवाई अगाडि बढाउन सक्दछ । यसरी हिरासतमा राख्नु परेमा वा थुनामा नै राखी कारवाई गर्नुपरेमा निजलाई कानून बमोजिम हुने कैदको अधिकतम् अवधिभन्दा बढी हिरासत वा थुनामा राख्न हुँदैन । यस सम्बन्धी व्यवस्था भन्सार ऐन, २०६४ को दफा ४१ मा उल्लेख गरिएको छ ।

कुनैपनि अभियुक्तलाई थुनामा राख्दा, थुनामा राखिएको अभियुक्तलाई छाड्दा वा कुनै अभियुक्तसँग नगद धरौटी लिंदा मुद्दा हुने अधिकारीले कारण सहितको लिखित निर्णय गर्नुपर्दछ । त्यस्तो निर्णयमा थुनामा वस्नु पर्ने अवधि उल्लेख हुनु पर्दछ । थुनामा राखिएको अभियुक्तलाई छाड्दा पनि निजलाई के कति कारण र सवुद प्रमाणको आधारमा छाड्नु परेको हो, थुनामा राख्दा वा धरौटी लिंदाका अवस्थाको प्रमाण र पछि थप बुझिएको प्रमाणबाट थुनामा राखिएको अभियुक्तको सम्बन्धमा के कति अन्तर पऱ्यो सवै स्पष्ट खुलाई निर्णय गर्नु पर्दछ ।

अभियुक्तलाई थुनामा राख्न पठाउँदा थुनुवा पुर्जी अनिबार्य रूपले दिनु पर्दछ । उक्त थुनुवा पुर्जीमा निजमाथि लागेको अभियोग र कुन कानूनको कुन दफा अनुसार थुनामा राखिएको हो सो कुरा उल्लेख गर्नुपर्दछ । थुनामा राख्न पठाउँदा कारागार वा प्रहरी कार्यालय कुन ठाउँमा पठाएको हो तहाँ बुझाई थुनुवा बुझिलिएको भरपाई लिई फाइलसाथ राख्नु पर्दछ । थुनामा राख्न पठाइएको पत्रमा निजको पूरा नाम, थर, वतन र हुलिया समेत उल्लेख गरी कुन मुद्दामा कुन मितिको आदेशले थुनामा राख्न परेको हो भन्ने कुरा खुलाई भन्सार कार्यालयको कर्मचारी र प्रहरी सुरक्षासाथ पठाउनु पदर्छ ।

पुर्पक्षका लागि अभियुक्तलाई हिरासतमा राख्दा र हिरासतबाट छाड्दा भन्सार कार्यालयले निम्न बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्दछः

<u>**पुर्पक्षका लागि हिरासतमा रहेका अभियुक्तहरूको विवरण**</u>

सि.नं.	मुद्दा नम्बर र दर्ता मिति	अभियुक्तको नाम थर, ठेगाना, उमेर, लिङ्ग र हुलिया	हिरासतमा राखिएको सुरू मिति	हिरासतमा राख्नुपरेको कारण	हुनसक्ने अधिकतम् कैदको हद	हिरासतबाट छाडिएको मिति र छाडेको कारण	कैफियत

माथि उल्लेख भएको ढाँचामा विवरण राख्नका लागि छुट्टै अभिलेख किताब तयार गर्नुपर्दछ । यस्तो अभिलेख कार्यालय प्रमुखले समय समयमा अध्ययन गरी कानूनले राख्न पाउनेभन्दा बढी अवधि हिरासतमा रहन नपाउने गरी समयमै सो व्यक्तिका सम्बन्धमा आवश्यक निर्णय लिइहाल्नु पर्दछ । कार्यालयको कार्य ब्यस्तताले हिरासतमा रहेको ब्यक्तिको सम्बन्धमा ध्यान नदिई आवश्यकताभन्दा बढी अवधि कुनै ब्यक्तिले हिरासतमा रहनु परेमा ठूलो समस्या सिर्जना हुने र कार्यालयले क्षतिपूर्ति दिनुपर्ने अवस्था पर्नसक्छ । तसर्थ यसतर्फ कार्यालय प्रमुख विशेष सतर्क रहनु पर्दछ । उल्लिखित अभिलेखले यस्तो सतर्कता अपनाउन सहयोग पुग्दछ ।

अभियुक्तसँग जमानत माग्दा नगद धरौटी मात्र लिन सकिने ब्यवस्था कानूनमा हुँदा नगद धरौटी बाहेक अरू प्रकारको जमानत स्वीकार गर्नु हुँदैन ।

भन्सार ऐन, २०६४ को दफा ४१ मा नगद धरौटी बाहेक अरू प्रकारका जमानत लिनसक्ने व्यवस्था नभएको र भन्सार सम्बन्धी काम कारवाइको प्रसंगमा भन्सार ऐन, २०६४ विशेष ऐन भएकोले विशेष ऐनमा स्पष्ट उल्लेख भएको (धरौटी लिनुपर्दा नगद धरौटी लिने) व्यवस्था विपरीत हुने गरी अरू सामान्य ऐन (मुलुकी ऐन) को व्यवस्था आकर्षित नहुने भएकाले नगद धरौटी बाहेक अन्य जमानत ग्रहण गर्नु हुँदैन ।

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अन्तरगत चलेको मुद्दामा थुनछेकको आदेश गर्दा मुलुकी ऐन अ.बं ११८ नं. बमोजिम गर्नु पर्दछ । मुलुकी ऐन अ.बं ११८ लाई समग्र हेर्दा थुनछेक आदेश सम्बन्धमा ३ वटा अवस्था उल्लेख गरेको छ । पहिलो अवस्था अभियुक्तलाई थुनामै राखेर मुद्दा हेर्नु पर्ने, दोस्रो धरौटी वा जमानत माग गर्न सक्ने, तेस्रो धरौट वा जमानत बेगर तारीखमा राख्ने । मुद्दाको प्रकृति एवं गंभीरतालाई हेरी उपर्युक्त आदेशमध्ये कुनै एउटा आदेश गर्नु पर्दछ । निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अन्तरगत चलेको मुद्दामा भने सोही ऐन आकर्षित हुने भएकाले मुलुकी ऐन बमोजिम कसूरको प्रकृति अनुसार नगद धरौटी वा अन्य जमानत लिएर समेत छाड्न सकिन्छ ।

विदेशी नागरिकलाई थुनामा राख्ने बिषयमा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ११८ नम्बरको देहाय ४ मा नेपाल अधिराज्यमा स्थायी बसोवास नभएको कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट ६ महिना या सोभन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको कसुरदार हो भन्ने बिश्वास गर्ने मनासिव आधार भएमा निजलाई थुनामा राखी पुर्पक्ष गर्नु पर्ने बाध्यात्मक व्यवस्था गरिएको छ । भन्सार ऐन, २०६४ को दफा ४१ मा विदेशीको सम्बन्धमा यस्तो कुनै बिशेष व्यवस्था नगरेकोले यस ऐन अन्तरगत चलेको मुद्दामा ६ महिना वा सोभन्दा बढी कैद हुनसक्ने अवस्था भएकोमा विदेशी नागरिकलाई धरौटी वा जमानतमा छाड्न सकिने देखिदैन ।

विदेशी नागरिकका सम्बन्धमा अध्यागमन सम्बन्धी कानून पनि लागू हुने भएकोले धरौटी वा जमानतमा छाड्दा अध्यागमन बिभागलाई समेत जानकारी दिनुपर्दछ । विदेशी नागरिकले कुनै मुद्दामा भएको दण्ड जरिवाना पूरा गरी कैद वा हिरासतबाट मुक्त भएको अवस्थामा पनि उक्त अभियुक्तलाई त्यसै नछोडी

अध्यागमन बिभागमा बुझाइदिनु पर्दछ । विदेशी नागरिकलाई हिरासतमा लिएको कुराको जानकारी परराष्ट्र मन्त्रालयमा पनि पठाउनु पर्दछ ।

धरौटी वा जमानत लिँदा कार्यालयबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा धरौटी जफत हुने शर्त उल्लेख गरी कागज गराउनु पर्छ । मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ११८ नम्बर बमोजिम जमानत लिंदा जमानतको अंक तोकी सो बमोजिमको सम्पत्ति जमानत लिनु पर्दछ । जमानत दिनु पर्ने व्यक्तिले आफ्नै सम्पत्ति जमानत दिएको भए कार्यालयबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा निजको अरू कुनै सम्पत्तिबाट असुल गर्ने शर्त उल्लेख गरी निजको कागज गराउनु पर्दछ । निजको लागि अरू कसैले आफ्नो सम्पत्ति जमानत दिएको भए कार्यालयबाट तोकिएको समय र स्थानमा निजलाई उपस्थित नगराएमा जमानतको रकम सो जमानत रहेको सम्पत्ति वा जमानी हुने व्यक्तिको अरू कुनै सम्पत्तिबाट असुल गर्ने शर्त गराई जमानी हुने व्यक्तिको कागज गराउनु पर्दछ । स्मरणीय कुरा के छ भने भन्सार ऐन अन्तर्गत चलेको मुद्दामा भने नगद धरौटी बाहेक अन्य जमानत लिन हुँदैन । माथि अन्य जमानत लिने कुरा निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अन्तरगत चलेको मुद्दाका हकमा मात्र लागू हुन्छ ।

६.११ जमानी सम्बन्धी कार्यविधिः

भन्सार ऐन बमोजिम चलेको मुद्दामा जमानतस्वरूप नगद धरौटी मात्र लिनुपर्ने कुरा माथि उल्लेख भइसकेको छ । निकासी पैठारी (नियन्त्रण) ऐन अन्तर्गत चलेको मुद्दाको हकमा अरू प्रकारको जमानत पनि लिन सकिने भएकाले अरू जमानत लिनु परेको अवस्थामा तल उल्लेख भएका कुराहरूलाई ध्यानमा राखी जमानत लिनु पर्दछ ।

६.११.१ **जमानीका किसिमः** मुलुकी ऐन, जमानी गर्नेको महलमा निम्न बमोजिम ३ किसिमको जमानीको व्यवस्था गरिएको छः

१) हाजिर जमानी ।

२) धन जमानी ।

३) जेथा जमानी ।

६.११.२ **हाजिर जमानी**: कुनै मुद्दाको पुर्पक्षको निमित्त कानून बमोजिम थुनामा राख्नु पर्ने व्यक्तिलाई कार्यालय वा अदालतले तोकेको समय र स्थानमा हाजिर गराउने छु भनी अर्को पत्यारको मानिसले गरिदिने कागजलाई हाजिर जमानी पत्र र त्यस्तो जमानी हुने मानिसलाई हाजिर जमानी भनिन्छ ।

६.११.३ **धन जमानी**: नगदी वा जिन्सी धन सम्बन्धी कुरामा अभियुक्तबाट असुलउपर नभएजति धन म बुझाउँला भनी अर्को पत्यारको मानिसले कार्यालय वा अदालतलाई गरिदिने कागजलाई धन जमानी पत्र र यस्तो जमानी हुने व्यक्तिलाई धन जमानी भनिन्छ ।

६.११.४ **जेथा जमानी**: अभियुक्तले तिर्नु बुझाउनु पर्ने रकम नबुझाएमा मेरो फलानो जाय जेथाबाट असुल गरी लिनु भनी कार्यालयमा आफैं उपस्थित भएर जेथा लेखाई दिएमा त्यस्तो कागजलाई जेथा जमानीपत्र र त्यस्तो मानिसलाई जेथा जमानी भनिन्छ ।

६.११.५ **जमानी लिंदा ध्यान दिनुपर्ने कुराहरू:**

- आवश्यक जाँचबुझ गरी नेपाल सरकारलाई नोक्सानी नहुने गरी जमानीको जायजेथाबाट उठ्ने ठहरेका माथवर (विश्वासिलो) मानिसलाई जमानी लिनु पर्दछ ।
- जमानी लिँदा जमानी दिन हुने फलानालाई जमानी दिन पाउँ भन्ने व्यहोराको दरखास्त जमानीबाट लेखाई जमानी र सो दरखास्त जमानी लिने कार्यालयमा प्रस्तुत भएको हुनु पर्दछ ।
- जेथा जमानी लिंदा सो जेथाको आधिकारिक निकायबाट मूल्य खुलेको कागजात समेत लिनु पर्दछ ।
- उपर्युक्त जेथाको मूल्याङ्कन वास्तविकतामा आधारित छ छैन भन्ने कुरामा आवश्यक जाँचबुझ गरी असुलउपर गर्नुपर्ने रकम असुलउपर गर्दा नेपाल सरकारलाई नोक्सान नहुने गरी लिनु पर्दछ ।
- जेथाजमानी लेखाई लिएकोमा सो जेथाजमानी लेखाई लिने कार्यालयले फलानाले यो यति वापत जमानी लेखाई दिएको यो यति जेथा भन्ने सबै कुरा खोली सो जेथा कसैलाई बेच बिखन गर्न या अरू कुनै प्रकारले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राखिदिनको लागि रजिष्ट्रेशन गर्ने, दाखिल खारिज गर्ने, मालपोत

असुल गर्ने र त्यस वापत लिलाम बिक्री गर्ने समेतका सम्बन्धित कार्यालयहरूलाई रोक्का पुर्जी लेखी पठाउनु पर्दछ ।

- सोह्र बर्ष उमेर नपुगेका मानिसलाई जमानी लिन हुदैन ।
- जमानीको कागज लेखाउदा जमानी दिने र जमानी हुने दुबैलाई राखेर कागज गराउँनु पर्दछ ।
- जमानी पत्रको कागज गराउँदा मुलुकी ऐन कागज जाँचको महलको ८ नम्बर बमोजिम दुवै हातका बुढी औंलाको ल्याप्चे र लेख्न जान्नेको हस्ताक्षरको सहीछाप समेत गर्ने गराउने गर्नु पर्दछ ।

६.१२ फरार अभियुक्तका नाममा म्याद जारी गर्ने :

भन्सार कार्यालयमा दर्ता भएको कुनै मुद्दामा अभियुक्त फरार रहेको र मालसामान मात्र पक्राउ परी दाखिला भएको हुन्छ । कुनै मुद्दामा अभियुक्तको नाम, थर, वतन थाहा पाई पक्राउ गर्न नसकिएको र कुनैमा अभियुक्त को हो भन्ने पत्ता नलागेको वेवारिसी मालवस्तु पक्राउ गरी दाखिला भएको हुन्छ ।

बेवारिसी मालवस्तुका सम्बन्धमा हकदावीको सूचना प्रकाशन गर्नुपर्ने कुरा माथि **प्रकरण ६.८ मा** उल्लेख भइसकेको छ ।

अभियुक्तको नाम थर वतन खुलेको तर तत्काल पक्राउ नपरी फरार भएकोमा त्यस्तो फरार अभियुक्तलाई पछि पक्रन सकिने व्यवस्था भन्सार ऐन, २०६४ को दफा ४२ मा गरेको पाइन्छ । ऐनको सो व्यवस्था निम्न बमोजिम छः

४२. फरार व्यक्तिलाई पछि पक्रन हुनेः यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गर्ने व्यक्तिलाई कसूर गर्दाकै बखत पक्रन नसकिएमा वा पक्राउ गरिएको भएपनि निज फरार भएमा भन्सार अधिकृतले वा निजले अधिकार दिएको कर्मचारीले वा सो कार्यका लागि खटिएको कर्मचारीले निजलाई जुनसुकै वखत पक्राउ गर्न सक्नेछ । त्यसरी पक्रिएको व्यक्तिउपर कसूर गरेका वखत पक्रिएसरह कारबाई हुनेछ ।

मौकामा पक्राउ नपरेका फरार अभियुक्तका नाममा म्याद जारी गर्दा बाटाका म्यादबाहेक १५ दिनको अवधि तोकी म्याद जारी गर्नुपर्ने व्यवस्था भन्सार नियमावली, २०६४ को नियम ५३ मा उल्लेख भएको र यस्तो म्याद थाम्न नपाउने व्यवस्था भन्सार ऐन, २०६४ को दफा ८१ ले गरेको छ । तसर्थ बाटाका म्याद

बाहेक १५ दिनभित्र उपस्थित नभै सो समय गुजारी उपस्थित हुन आए पनि थप म्याद पाउन सक्ने वा म्याद थाम्ने व्यवस्था नभएकाले अभियुक्त उपस्थित नभएको मानी ऐन बमोजिम मालवस्तु जफत गरी कुन अभियोगमा प्रतिवेदन पेश भएको हो सो कसूर गरेको मानी दण्ड सजायँ गर्नुपर्दछ ।

उपर्युक्त बमोजिम अभियुक्तका नाममा म्याद पठाउँदा भन्सार नियमावली, २०६४ को अनुसूची-१० बमोजिमको ढाँचामा जारी गर्नुपर्ने व्यवस्था सोही नियमावलीको नियम ५३ मा उल्लेख भएकोले सो ढाँचा बमोजिम नै म्याद जारी गर्नुपर्दछ । सोको नमूना निम्न बमोजिम छः

श्री .... भन्सार कार्यालयबाट ....का नाममा जारी भएको म्याद

भन्सार ऐन, २०६४ अन्तर्गतको कसूरको कारवाहीको सिलसिलामा तपाईसँग केही कुरा बुझ्नुपर्ने भएकाले बाटाको म्यादबाहेक पन्ध्र दिनभित्र कार्यालय समयमा यस कार्यालयमा हाजिर हुन आउनु होला । सो म्यादभित्र आए तपाईको ब्यहोरा बुझी र नआई म्याद गुजारी बसे कानूनबमोजिम निर्णय हुनेछ । पछि तपाईको उजुर लाग्ने छैन । यो म्याद थमाउन पाइने छैन ।

इति सम्बत..........साल .... महिना......गते रोज......शुभम् ।

माथि उल्लेख भए बमोजिमको म्याद पठाउने सम्बन्धी कार्यविधि भन्सार नियमावली, २०६४ को नियम ५२ मा सविस्तार उल्लेख गरिएको हुँदा सोही प्रक्रिया अवलम्बन गरी म्याद जारी गर्नुपर्दछ । सो नियम ५२ तल उल्लेख गरिएको छः

५२. <u>म्याद जारी गर्ने कार्यविधिः</u> (१) ऐन अन्तर्गतको कसूरको सिलसिलामा भन्सार अधिकृत वा निजले अधिकार प्रदान गरेको भन्सार कार्यालयको अन्य अधिकृतले सम्बन्धित ब्यक्तिका नाममा ऐनको दफा ८१ को उपदफा (१) बमोजिम सुरू म्याद जारी गर्दा बाटोको म्यादबाहेक पन्ध्र दिनको अवधि तोकी अनुसूची- १० बमोजिमको ढाँचामा जारी गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्दा सम्बन्धित ब्यक्ति वा निजका एकाघर परिवारका उमेर पुगेका कुनै सदस्यलाई बुझाई तामेल गर्नु पर्नेछ । सम्बन्धित ब्यक्ति वा निजको एकाघर परिवारको उमेर पुगेको कुनै सदस्य फेला नपरेमा वा फेला परे पनि म्याद बुझिलिन इन्कार गरेमा सोही ब्यहोरा जनाई स्थानीय दुईजना ब्यक्तिलाई रोहवरमा राखी सम्बन्धित ब्यक्तिको घर वा डेराको ढोकामा म्याद टाँस गरिदिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्न जाने कर्मचारीले सम्बन्धित व्यक्तिको घर डेरा पत्ता नलागेमा सोही व्यहोरा जनाई सम्बन्धित स्थानीय निकायको कुनै सदस्य वा प्रतिनिधि वा कुनै दुईजना स्थानीय व्यक्तिलाई रोहवरमा राखी त्यस्तो म्याद गाउँ विकास समितिको हकमा सम्बन्धित गाउँ विकास समितिको कार्यालयमा र नगरपालिकाको हकमा सम्बन्धित व्यक्तिको घर वा डेरा भएको वडाको वडा कार्यालयमा र त्यस्तो वडा कार्यालय नभएको अवस्थामा सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ र सो बमोजिम म्याद टाँस भएपछि त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(४) कुनै फर्म, कम्पनी वा संगठित संस्थाको नाममा जारी भएको म्याद तामेल गर्दा त्यस्तो फर्म, कम्पनी वा संगठित संस्थाको सञ्चालक वा व्यवस्थापक वा त्यस्तो संस्थाको प्रमुख व्यक्ति वा त्यस्तो संगठित संस्थाको अधिकारप्राप्त अधिकारीलाई म्याद बुझाइदिनु पर्नेछ । त्यस्तो व्यक्ति फेला नपरेमा वा फेला परे पनि म्याद बुझिलिन इन्कार गरेमा सोही व्यहोरा जनाई स्थानीय दुईजना व्यक्तिलाई रोहवरमा राखी त्यस्तो संगठित संस्थाको कार्यालयको ढोकामा म्याद टाँस गरिदिनु पर्नेछ र यसरी टाँस भएपछि त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको नाममा जारी भएको म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगानामा हुलाकमार्फत रजिष्ट्रि गरी पठाएमा वा त्यस्तो व्यक्तिको टेलीफ्याक्समा वा विद्युतीय ठेगानामा पठाएमा त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(६) उपनियम (२), (३) वा (४) बमोजिम म्याद तामेल गर्न जाने कर्मचारीले बाटोको म्यादबाहेक तीन दिनभित्र म्याद तामेल गर्नु पर्नेछ ।

(७) उपनियम (२), (३), (४) वा (५) बमोजिम म्याद तामेल हुन नसकेको प्रतिवेदन पर्न आएमा सो म्याद रेडियो, टेलीभिजन, विभाग वा सम्बन्धित भन्सार कार्यालयको वेवसाइट जस्ता विद्युतीय सञ्चार माध्यममा प्रसारण वा प्रकाशन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रपत्रिकामा प्रकाशन गरेर म्याद तामेल गर्न सकिनेछ । त्यसरी सूचना प्रसारण वा प्रकाशन भएको अवस्थामा त्यस्तो सूचना प्रकाशन भएका मितिले पाँचौं दिनपछि सम्बन्धित व्यक्तिको नाममा यस नियमावली बमोजिम रीतपूर्वक म्याद तामेल भएको मानिनेछ ।

(८) उपनियम (७) बमोजिम म्याद तामेल गर्दा लागेको खर्च भन्सार कार्यालयले सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरी लिनेछ ।

६.१३ **प्रमाण र साक्षी बुझ्ने:**

मुद्दामा प्राप्त हुने सवुद प्रमाणहरूको मूल्याङ्कन एवं बिश्लेषण गरी मुद्दाको निर्णय गर्नुपर्ने भएकोले मुद्दाको निर्णय गर्ने अधिकारीले कस्तो मुद्दामा कस्तो प्रमाण बुझ्नु हुन्छ र कस्तो प्रमाण बुझ्न पर्दैन भन्ने जानकारी राख्नु पर्दछ । प्रमाण ऐन, २०३१ ले मुद्दामा कस्तो कुराको प्रमाण बुझ्नु पर्दछ र कस्तो कुराको प्रमाण बुझ्नु पर्दैन भन्ने बिषयमा उल्लेख गरेको छ । उक्त ऐनको दफा ३ मा मुद्दामा ठहर गर्नु पर्ने कुरा र त्यस्तो कुरासँग सम्बद्ध कुराको मात्र प्रमाण बुझ्न हुन्छ भनिएको छ । सम्बद्ध कुरा भन्नाले मुद्दामा ठहर गर्नु पर्ने कुरालाई प्रमाणित या खण्डन गर्न सहायता हुने कुरालाई संझनु पर्दछ । मुद्दाको कुनै पक्षले व्यक्त गरेको कुनै कुरा अर्को पक्षले लिखित रूपमा स्वीकार गरेमा सो स्वीकार गरेको कुरा र कार्यालयले स्वयं जानकारी लिने कुराको बिषयमा प्रमाण बुझ्नु पर्दैन । भन्सार सम्बन्धी मुद्दाहरूमा प्रतिबेदनमा लगाइएको अभियोग अभियुक्तले बयान गर्दा स्वीकार गरेमा त्यस सम्बन्धी थप प्रमाण बुझ्नु पर्दैन । त्यसैगरी नेपालको भौगोलिक स्थिति, नेपालको संविधान र कानून, नेपाल राजपत्रमा प्रकाशित सूचनाहरू कार्यालयले स्वयं जानकारी लिने कुराहरू भएकोले यिनका सम्बन्धमा पनि प्रमाण बुझ्नु पर्दैन ।

कार्यालयबाट बुझिने प्रमाणले अभियुक्तलाई लागेको अभियोगको बिषयमा प्रत्यक्ष प्रभाव पार्ने भएकोले प्रत्येक प्रमाण बुझ्दा आदेश गरी अभियुक्तलाई अनिवार्य रूपमा रोहबरमा राख्नु पर्दछ र प्रमाण बुझ्ने भनी गरिएको आदेशको जानकारी पनि अभियुक्तलाई दिनुपर्दछ । मुद्दामा सवुद प्रमाणहरू प्रतिवेदकले प्रतिबेदनसाथ र अभियुक्तले बयान गर्दाकै अवस्थामा पेश गर्ने या बयानमै यो यस्तो प्रमाण बुझिपाउँ भनी उल्लेख गर्नु पर्दछ । कार्यालयले आदेश दिएकोमा वाहेक अभियुक्तले अरू समयमा पेश गरेको प्रमाण लिनु हुदैन ।

अभियुक्तले बयानमा मेरो यो यो साक्षी बुझी पाउँ भनी उल्लेख गरेकोमा त्यस्ता साक्षी बुझ्नु पर्ने अवस्था देखिएमा त्यस्ता साक्षीलाई फलाना दिन कार्यालयमा उपस्थित गराउनु भनी अभियुक्तलाई लिखित जानकारी गराउनु पर्दछ । अभियुक्तले मैले उपस्थित गराउन सक्तिन भनी समाह्वान जारी गर्दा लाग्ने दस्तुर दाखिला गरेकोमा कार्यालयबाटै झिकाई बुझनु पर्दछ । सो बमोजिम उपस्थित

गराउन नसकेको वा कार्यालयबाट बुझ्न हुने गरी समाह्वान दस्तुर पनि नबुझाएमा सामान्यतया त्यस्तो साक्षी बुझ्न हुदैन । तर नेपाल सरकार वादी भइ चलेको फौजदारी मुद्दामा नबुझी नहुने साक्षीका सम्बन्धमा समाह्वान जारी गरी बुझ्न हुने व्यवस्था अ.बं ११५ नं.मा गरिएको छ ।

साक्षीको नाउँमा जारी गरिने समाह्वान भनेको त्यस्तो साक्षीलाई उपस्थित हुनका लागि पठाउने सूचना हो । यस्तो सूचना पठाउँदा भन्सार नियमावली, २०६४ को नियम ५३ मा उल्लेख भए बमोजिम पठाउनु पर्दछ । उक्त नियम ५३ तल उधृत गरिएको छः

५३. सूचना जारी गर्ने कार्यविधिः ऐनको दफा ८२ बमोजिम भन्सार कार्यालयको काम कारबाहीसँग सरोकार भएको वा हुनसक्ने व्यक्तिका नाममा सूचना जारी गर्दा बाटाको म्यादबाहेक सात दिनको म्याद दिई नियम ५२ को उपनियम (२), (३), (४), (५), (६) र (७) बमोजिम जारी गर्नु पर्नेछ ।

तर यस नियमबमोजिम जारी भएको सूचनाका सम्बन्धमा नियम ५२ को उपनियम (८) लागू हुने छैन ।

कुनै पनि मुद्दामा कस्तो व्यक्ति साक्षी हुन सक्छ भन्ने बिषयमा प्रमाण ऐन, २०३१ को दफा ३८ मा उल्लेख छ । जस अनुसार कलिलो उमेर, अतिवृद्ध अवस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तिसंगत जवाफ दिन नसक्ने भनी कार्यालयले ठहऱ्याएको व्यक्ति बाहेक मतियार लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्ने व्यवस्था छ ।

साक्षी बकाउँदा आफूले देखे जाने वा सुनेको कुरा इमानदारीपूर्वक बयान गरूला भन्ने व्यहोराको सपथ लिन लगाई बकाउनु पर्दछ । साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहवरमा बकाउनु पर्दछ । एउटा साक्षीले बकेको कुरा अर्को साक्षीले सुन्न नपाउने प्रबन्ध गर्नुपर्दछ । साक्षीको बकपत्रमा मुद्दाका पक्षहरूको पनि सहीछाप गराउनु पर्दछ । कुनै पक्षले सहीछाप नगरे मुद्दा हेर्ने अधिकारीले सो व्यहोरा जनाईआफ्नो सहीछाप गर्नु पर्दछ ।

कुनै साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले निजसँग सोधपुछ गर्नसक्ने र अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्ने व्यवस्था मिलाउनु

पर्दछ । अर्को पक्षले जिरह गरिसकेपछि जुन पक्षको साक्षी हो सो पक्षले सो साक्षीसँग पुनः सोधपुछ गर्न सक्छ, आफ्नो साक्षीसँग सोधपुछ या पुनः सोधपुछ गर्दा जवाफ सुझाउने सूचक प्रस्न सोध्न अर्को पक्षले आपत्ति गरेमा नपाउने तर कार्यालयले अनुमति दिएमा पाइने व्यवस्था प्रमाण ऐन, २०३१ ले गरेको छ ।

साक्षी बकाउँदा जुन पक्षको हो सो पक्षले सोधपुछ नगरी कार्यालयबाटै सोधपुछ गरी पाउँ भनी लिखित दरखास्त दिएमा कार्यालयबाट सोधपुछ गरी बकपत्र गराउनु, पर्दछ । कुनै साक्षीलाई अनावश्यक रूपमा बेइजत गर्ने या झिज्याउने किसिमका प्रश्न सोध्न वा सोध्न दिन हुँदैन । कार्यालयले मुद्दामा आवश्यक देखेको जुनसुकै प्रश्न पनि सोध्न सक्दछ ।

६.१४ <u>वारिस राख्न नपाउने</u>:

भन्सार ऐन, २०६४ लागू हुनुअघि प्रचलनमा रहेको भन्सार ऐन, २०१९ को दफा ३२ मा अभियुक्तले निजउपर लागेको अभियोग ठहर भएमा निजलाई हुन सक्ने बिगो दण्डको लाग्ने रकम धरौटी राखेर मात्र वारिस लिनुपर्ने ब्यहोरा उल्लेख थियो । तर सो ऐनलाई प्रतिस्थापन गरी हाल प्रचलनमा रहेको भन्सार ऐन, २०६४ मा भन्सार सम्बन्धी मुद्दामा अभियुक्तले वारिस राख्न पाउने अवस्था अहिले छैन ।

६.१५ <u>तारीख सम्बन्धी व्यवस्था</u> :

भन्सार सम्बन्धी मुद्दाहरू प्रशासनिक एवं अर्ध न्यायिक प्रकृतिका भएकोले थप कुरा बुझ्न नपर्नेमा जो सँग जे बुझ्नु पर्छ बुझिसकेपछि तारीख दिने जस्ता लामा प्रक्रिया नअपनाई तत्काल निर्णय गर्नु पर्दछ । थप कुरा बुझ्न पर्ने र तत्काल निर्णय गर्न नसकिने अवस्थामा मात्र केही दिन तारेखमा राखी प्रमाण बुझ्न उपयुक्त हुन्छ । भन्सार ऐन, २०६४ को दफा ८१ मा सो ऐन अन्तर्गत दर्ता भएको मुद्दा भन्सार अधिकृतले सामान्यतया तीन महिनाभित्र किनारा गर्नु पर्ने र सो म्यादभित्र किनारा गर्न नसकेमा सोको कारण खुलाई महानिर्देशकलाई जानकारी दिनुपर्ने भन्ने उल्लेख भएकोले पनि यस सम्बन्धी मुद्दा चाँडै टुङ्गो लगाउनु पर्ने ऐनको मनसाय भएको देखिन्छ ।

भन्सार ऐन, २०६४ तथा निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ मा धरौटी वा जमानतमा तारीखमा रहेको ब्यक्तिले तारीख गुजारे के हुने भन्ने ब्यवस्था नभएकोले यसमा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ५९ नम्बरकै ब्यवस्था आकर्षित हुन्छ ।

कुनै मुद्दामा तारीखमा रहेको व्यक्तिले आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा तोकिएको तारीखमा हाजिर हुन नसकी तारीख गुजारेमा एकैपटक या ३ पटकसम्म गरी बढीमा ३० दिन सम्मको गुज्रेको तारीख थाम्न सक्दछ । यसको लागि निजले के कारणले तारीख गुज्रन गएको हो सो कारण खुलाई गुज्रेको तारीख थामीपाउँ भनी निवेदन दिनु पर्दछ र कारण मनासिव देखेमा उपर्युक्त बमोजिम निवेदनको शीरमा मुद्दा हेर्ने अधिकारीले आदेश लेखी तारीख थामी दिनुपर्दछ ।

तारीख दिनु पर्नेलाई तारीख दिँदा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ४९ नं.को नमूना बमोजिमको तारीख पर्चा लेखी शीरमा कार्यालयको छाप लगाई यो काम गर्नलाई यस समयमा यस कार्यालयमा वा फलाना ठाउँमा हाजिर हुन आउनु भनी तारीख तोकी तारीखपिच्छे सो तारीख तोक्ने कर्मचारीले दस्तखत गरी तारीख पाउनेलाई सो पर्चा दिई सो ब्यहोराको तारीख भरपाइ गराई फाइलसाथ राख्नु पर्दछ । यसरी तारीख तोक्दा बिदाको दिन पारी तोक्न हुदैन । तर तारीख तोकिएको दिनमा कुनै बिदा पर्न गएमा बिदापछि कार्यालय खुलेको पहिलो दिनमा हाजिर भएमा त्यस्तो तारीख गुज्रेको मानिदैन ।

कस्तो कस्तो अवस्थामा तारीख गुज्रन सक्दैन भन्ने बिषयमा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको नम्बर ५४, ५७, ५८ र ६२ नम्बरमा गरिएको व्यवस्थालाई पनि मध्यनजर राख्नु पर्दछ । ५४ नं. मा मुद्दामा हाजिर हुने मानिस कुनै कार्यालयबाट थुनिए वा कैद परेमा, ५७ नं.मा तारीखमा हाजिर हुनु पर्ने सरकारी कर्मचारीले घर बिदा पाई गएमा, ५८ नं.मा म्याद तारीखमा हाजिर हुनुपर्ने सरकारी कर्मचारी सरकारी काममा खटिएमा र ६२ नं.मा म्याद तारीखमा हाजिर हुने व्यक्तिको कोही मरी क्रिया बस्नु परेमा, म्याद तारीखमा हाजिर हुनु पर्ने स्वास्नी मानिस सुत्केरी भई म्याद तारीख गुज्रेकोमा, तारीखमा हाजिर हुनु पर्ने व्यक्ति मरी वा बौलाहा वा बेपत्ता भई म्याद तारीख गुज्रेमा, खोलो पहिरो वा हिउँले बाटो बन्द भई म्याद तारीख गुज्रेमा बिशेष व्यवस्था गरिएकोछ । सो अवस्थामा सोही बमोजिमको प्रमाण दाखिला गराई तारीख थामी दिनुपर्दछ ।

६.१६ मुद्दाको निर्णयः

कुनै पनि मुद्दामा मुद्दा हेर्ने अधिकार प्राप्त अधिकारीले अभियुक्तलाई दोषी प्रमाणित गरेको वा सफाइ दिएको आदेश नै निर्णय या फैसला हो । भन्सार कार्यालय अर्धन्यायिक निकाय भएकोले यी कार्यालयहरूबाट गरिने मुद्दाहरूको

निर्णयलाई फैसला शव्द प्रयोग गर्नुभन्दा निर्णय भन्न बढी उपयुक्त हुन्छ। फैसला र निर्णयको अर्थ एउटै भएता पनि मुद्दाको सबै फैसला निर्णय हुन्छ तर सबै निर्णय फैसला नहुन पनि सक्छ, अर्थात् मुद्दाको रोहमा बाहेक अन्य प्रशासनिक प्रकृतिका निर्णयहरू पनि हुन सक्छन्।

भन्सार सम्बन्धी मुद्दाको निर्णय सामान्यतया प्रतिवेदन दर्ता भएको तीन महिनाभित्र गर्नुपर्ने भन्ने भन्सार ऐन, २०६४ को दफा ८१ मा उल्लेख भएको हुँदा सो अवधिभित्रै कारवाई सकेर मुद्दाको अन्तिम निर्णय गर्नुपर्दछ। यदि कुनै कारणले सो म्यादभित्र टुङ्गो लगाउन नसकेमा सोको कारण खुलाई महानिर्देशकलाई जानकारी दिनु पर्ने भन्ने समेत सोही दफामा उल्लेख भएकोले दर्ता भएका मितिले तीन महिनाभित्र निर्णय हुन नसकेका मुद्दाहरूको विवरण तीन महिनाभित्र निर्णय हुन नसकेको कारण समेत उल्लेख गरी महानिर्देशक समक्ष प्रस्तुत गर्नु पर्दछ।

६.१६.१ मुद्दा निर्णय गर्दा ध्यान दिनु पर्ने कुरा

- मुद्दामा बुझ्नु पर्ने प्रमाण बुझी सकेपछि आवश्यक देखिएमा मुद्दाको छलफल गर्न तारीख तोक्नुपर्छ।
- उक्त दिन हाजिर भएसम्मका अभियुक्तलाई छलफलमा राख्नु पर्दछ।
- पुर्पक्ष निमित्त अभियुक्त थुनामा रहेको भए त्यस्तो छलफल हुने दिनको अग्रिम सूचना दिई उक्त दिन निर्णय गर्ने अधिकारीसमक्ष निजलाई उपस्थित गराउनु पर्दछ।
- अभियुक्तले कुनै लिखित बहश पेश गर्न चाहेमा सो समेत लिई फाइलसाथ राख्नु पर्दछ।
- विवादको बिषयमा छलफल गर्ने अर्थात् प्रतिबेदनमा लगाइएको अभियोग र अभियुक्तले गरेको स्वीकारोक्ति एवं इन्कारीको बिषय एवं सवुद प्रमाणको बिषयमा छलफल गर्नु पर्दछ।
- अभियुक्तलाई दिइने सजाय वा सफाई सुनाई सो निर्णय उसै दिन राय किताबमा लेख्नुपर्दछ।
- यस्तो निर्णय लेख्ने राय किताबमा निर्णय गर्ने अधिकारी एवं उपस्थित अभियुक्तको समेत सहीछाप गराउनु पर्दछ।
- राय कितावमा निर्णय लेखिसकेपछि यथाशीघ्र निर्णयको पूर्ण पाठ लेखी फाइलसाथ राख्नु पर्दछ।

- निर्णय लेख्दा निम्न कुराहरू स्पष्टसाथ खुलाई प्रकरण छुट्याई लेख्नु पर्दछ:
  - मुद्दाको संक्षिप्त ब्यहोरा ।
  - लगाइएको अभियोग र अभियुक्तको बयानका बिषयमा कुरा नमिली इन्साफ गरी ठहऱ्याउनु पर्ने कुरा ।
  - मुद्दामा कुनै अभियुक्त वा कानून ब्यवसायीले बहस गरेको भए सो बहसको मुख्य मुख्य बुँदाहरू ।
  - मुद्दाका सम्बन्धमा भएको ठहर, कसूरदारलाई तोकिएको दण्ड सजाय तथा त्यसको आधार तथा तत्सम्बन्धी कानूनहरू ।
  - सुराकी या प्रतिबेदकहरूले कमिशन पाउने नपाउने बिषय ।
  - सुरू निर्णय लेख्ने नमूना मुलुकी ऐन, अदालती बन्दोबस्तको १८९ नं. मा दिइएकोछ । भन्सार कार्यालयले मुद्दाका सम्बन्धमा गर्ने निर्णय हुबहु सोही बमोजिमको ढाँचामा गर्नुपर्छ भन्ने त छैन तर सन्दर्भको रूपमा सो नमूनाको अध्ययन गरी भन्सार कार्यालयको नाम, मुद्दा हेर्ने भन्सार अधिकृत वा प्रमुख भन्सार अधिकृतको नाम, मुद्दा कुन सालको कति दर्ता नम्बरको हो सो कुरा र मुद्दाको नाम (जस्तै चोरी निकासी, चोरी पैठारी, मनाही मालवस्तु पैठारी आदि) निर्णयको शीर्ष भागमा नै उल्लेख गर्नुपर्दछ । भन्सार कार्यालयले हेर्ने मुद्दामा बादी नेपाल सरकार नै हुने भएकाले प्रतिवेदकको नाम ठेगाना उल्लेख गरी फलानाको प्रतिवेदनले बादी नेपाल सरकार भनेर उल्लेख गर्नुपर्दछ । त्यसैगरी अभियुक्त भएको मुद्दामा निजको नाउँ, थर ठेगाना, साक्षी, प्रमाण कागज उल्लेख गरी बीचमा कार्यालयबाट बुझेको भन्ने लेखी त्यसमा साक्षी सरजमिन कागज जे जे बुझेको छ सो कुरा लेख्नु पर्दछ । त्यसपछि कुन ऐन अन्तरगत उक्त मुद्दा त्यस कार्यालयको अधिकार क्षेत्रभित्र पर्दछ सो कुरा छोटकरीमा लेखी त्यसपछि मुद्दाको तथ्यमा प्रवेश गर्नु पर्दछ । मुद्दाको तथ्यमा प्रवेश गर्दा सर्वप्रथम प्रतिबेदनको ब्यहोरा, अभियुक्तले कार्यालयमा गरेको बयान, बुझिएका साक्षी सर्जमिनको बकपत्र आदिको संक्षिप्त सार मुद्दाको संक्षिप्त ब्यहोरा भन्ने खण्डमा उल्लेख गर्नुपर्दछ । अर्थात् सो सारबाट अपराधको प्रकृति कस्तो छ, कस्तो अभियोग लगाइएको छ, र सो अभियोगलाई अभियुक्तले

स्वीकार या इन्कार के गरेको छ भन्ने कुरा स्पष्ट बुझिने हुनुपर्दछ । सो खण्डमा तथ्य प्रस्तुत गर्दा प्रस्तुतीकरण स्पष्ट बुझिने रोचक भाषामा छोटो सारयुक्त तर पर्याप्त हुनु पर्दछ ।

- मुद्दाको तथ्य उल्लेख गरिसकेपछि प्रमाणको सम्बन्धमा छलफल या बिबेचना गर्नुअघि प्रतिबेदकको अभियोग वा प्रतिबेदक र अभियुक्तको जिकिरको तथ्यभित्र सीमित रही मुद्दामा कुन कुन प्रश्नमा निर्णय गर्ने हो भन्ने कुरा निर्णय गर्ने अधिकारीले उल्लेख गर्नु पर्दछ ।
- निर्णय गर्दा निर्णयको निष्कर्षमा पुग्न कुन कुन तत्वले सहयोग गऱ्यो भन्ने कुरा उल्लेख गर्नु पर्दछ ।
- कारण नदिई निर्णय गर्नु हुदैन ।
- अभियुक्त दोषी नै हो भन्ने निष्कर्ष निकाल्न सहायक हुने सवुद प्रमाणहरू भन्सार कार्यालयले के के प्राप्त गऱ्यो भन्ने कुरा पुनरावेदन सुन्ने निकायलाई जानकारी हुनेगरी निर्णयको कारणहरू स्पष्ट रूपमा उल्लेख गर्नु पर्दछ ।
- गरिएको निर्णय अन्दाज वा सम्भावित सिद्धान्तको आधारमा नभई प्रमाणमा आधारित हुनु पर्दछ ।
- फौज्दारी मुद्दामा आफ्नो दावी प्रमाणित गर्ने भार अभियोग लगाउने पक्षमा रहन्छ । अभियुक्तले आफ्नो प्रतिरक्षाको लागि सत्य कुरा भनेन वा असंभव कुराको जिकिर गर्छ भन्ने आधारमा मात्र अभियुक्तलाई दोषी कायम गर्न हुदैन ।
- न्याय गर्ने मात्र होइन न्याय परेको जस्तो देखिनु पनि पर्दछ । न्याय परेको जस्तो देखिनु ब्यवहारिक रूपमा नभई कानून र न्याय संगत रूपमा हुनु पर्दछ । मुद्दा हेर्ने अधिकारीले कानून र न्यायको विलकूल पालना गरेको छ र निजले सो मुद्दा पूर्ण रूपमा बुझेर निर्णय गरेको छ, मनोमानी निर्णय दिएको होइन भन्ने कुरा स्पष्ट हुने गरी कारण सहितको निर्णय गर्नु अत्यावश्यक हुन्छ ।
- मुद्दा हेर्ने अधिकारीले निर्णयमा एकपल्ट दस्तखत गरिसकेपछि पुनः ब्याख्या गर्ने उद्देश्य वा अन्य कुनै तरहले पनि निर्णय परिवर्तन गर्न वा पुरक बूँदा थप्न हुदैन । न्याय प्रशासन ऐन,

२०४८ को दफा १९ को उपदफा (२) मा भनिएकोछ- "यो ऐन वा प्रचलित कानूनमा अन्यथा ब्यवस्था भएकोमा बाहेक एक पटक कुनै अदालत, निकाय वा अधिकारीले निर्णय गरिसकेको मुद्दा पुनः सोही अदालत, निकाय वा अधिकारीले हेर्न वा इन्साफमा फरक पर्ने गरी त्यसमा कुनै संशोधन गर्नु हुदैन । तर लेखाइमा वा टाइपमा हुन गएको भूल छुट्टै पर्चा गरी सच्याउन सकिनेछ" ।

- मुद्दाको सुरू निर्णयलाई सामान्यतः २ खण्डमा बाडिन्छ पहिलो राय खण्ड र दोस्रो तपसिल खण्ड । मुद्दाको तपसिल खण्डमा राय खण्डमा लेखिएका कुराहरू कायान्वयन गर्ने बिषयमा उल्लेख गरिएको हुनु पर्दछ । तपसील खण्डमा सामान्यतया निम्न कुरा उल्लेख गरिएको हुनु पर्दछ :
  - दण्ड सजाय गरिएकोमा सो असूल गर्ने तरिका ।
  - अभियुक्तलाई पुनरावेदनको सूचना दिन पर्ने नपर्ने बिषय ।
  - मुद्दामा कागजातको नक्कल दिने बिषय ।
  - फाइल पुनरावेदन तहमा पठाउने या अभिलेखमा सुरक्षित राख्ने बिषय । निर्णयमा पुच्छार र प्रत्येक पानाको शीर एवं पुछारमा निर्णय गर्ने अधिकारीले दस्तखत गर्नुपर्दछ । अन्त्यमा इति सम्बत लेखी साल, महिना, गते र बार उल्लेख गर्नु पर्दछ । राय किताबमा जुन दिन निर्णय लेखिएको छ, पछि फाइलसाथ राख्ने निर्णय लेख्दा पनि सोही मितिनै लेख्नु पर्दछ ।

६.१६.२ दण्ड सजाय तोक्दा ध्यान दिनुपर्ने कुरा

भन्सार कार्यालयले हेर्ने मुद्दा भन्सार ऐन, २०६४ र निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ बमोजिम हेर्ने हो । अभियुक्त भएको मुद्दामा कैद तथा जरिवानाको सजाय तोक्नुपर्ने अवस्था पर्दछ । यस्तो अवस्थामा निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ बमोजिम चलेको मुद्दा भएमा सो ऐनको दफा ५ बमोजिम सजाय तोक्नु पर्दछ । सो ऐनको दफा ५ मा निम्न बमोजिमको सजायको उल्लेख छः

५. **दण्ड सजाय**: १) यो ऐन वा यस ऐन अन्तरगतको सूचीत आदेश बमोजिम नियन्त्रण वा मनाही गरिएको वस्तु वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निकासी वा पैठारी गर्न जारी गरिएको इजाजतपत्रमा तोकिएको वस्तु वा त्यसको मूल्य वा परिमाणमा मनासिब कारण बिना फरक पारी कसैले कुनै वस्तु निकासी वा पैठारी गरेमा त्यसरी निकासी वा पैठारी गरेको वस्तु जफत गरी निजलाई सो वस्तुको मूल्य बराबर जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) उपदफा (१) बमोजिम सजाय हुने कार्यमा सहयोग पुऱ्याउने व्यक्तिलाई सोही उपदफामा उल्लिखित सजायको आधा सजाय हुनेछ ।

उल्लिखित ऐनमा भएको व्यवस्था अनुसार सो ऐन अन्तर्गतको कसूरमा मुख्य कसूरदारलाई जरिवाना गर्दा मालवस्तुको मूल्य बरावर गर्नु पर्दछ । मालवस्तुको मूल्यभन्दा घटी वा बढी जरिवाना तोक्न हुँदैन । त्यसै गरी कैदको सजाय गर्नुपरेमा अधिकतम् एक वर्षसम्म गर्न सक्ने ऐनले व्यवस्था गरेको छ । यसको अर्थ कसूरको मात्रा हेरेर एक दिनदेखि एक वर्षसम्म कैद गर्न सकिन्छ । निर्णयकर्ताले यसरी कैद तोक्दा मिल्दोजुल्दो मात्राको कसूर गर्ने सबै कसूरदारलाई मिल्दो जुल्दो हदको कैद तोक्नु पर्दछ अर्थात् समान प्रकृतिको कसूर गरेको एउटै वा फरक फरक मुद्दामा कसैलाई कम र कसैलाई बढी हुने गरी कैद तोक्नु हुँदैन । तर पटके कसूर गरेकोमा पहिलो पटक त्यति नै मात्राको कसूर गरेको कसूरदारको तुलनामा दोस्रो वा तेस्रो पटक कसूर गर्नेलाई सोही अनुसार बढी कैद गर्नु न्यायोचित हुन्छ ।

भन्सार ऐन, २०६४ अन्तर्गत चलेको मुद्दामा सोही ऐनको दफा ५७ देखि ५९ सम्म उल्लेख भएका दण्ड सजाय आवश्यकता अनुसार तोक्नु पर्दछ । उक्त दफाहरूमा निम्न बमोजिमको व्यवस्था छः

५७. **दण्ड सजाय**: (१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाटमात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी सो

मालवस्तुको बिगोबमोजिमको जरिवाना वा देहायबमोजिमको कैद वा दुवै सजाय गर्न सक्नेछ :-

(क) पच्चीस हजारदेखि एक लाख रूपैयाँसम्मको बिगोमा दुई महिनासम्म,

(ख) एक लाखदेखि बढी पाँच लाख रूपैयाँसम्मको बिगोमा दुई महिनादेखि छ महिनासम्म,

(ग) पाँच लाखभन्दा बढी पच्चीस लाख रूपैयाँसम्मको बिगोमा चार महिनादेखि एक वर्षसम्म,

(घ) पच्चीस लाखभन्दा बढी पचास लाख रूपैयाँसम्मको बिगोमा आठ महिनादेखि दुई वर्षसम्म,

(ङ) पचास लाखभन्दा बढी एक करोड रूपैयाँसम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म,

(च) एक करोड रूपैयाँभन्दा बढी बिगोमा दुई वर्षदेखि पाँच वर्षसम्म ।

(२) उपदफा (१) बमोजिम जफत हुने मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो साधनको धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने भन्सार अधिकृतले त्यस्तो सवारी साधन जफत गरी निजलाई एक वर्षसम्म कैद गर्न सक्नेछ । सवारी साधनको धनीको सहमति वा जानकारीबिना सवारी चालकले जानाजानी त्यस्तो मालवस्तु ढुवानी गर्न सो सवारी साधन प्रयोग गरेको रहेछ भने त्यस्तो चालकलाई भन्सार अधिकृतले पाँच हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्न मद्दत गर्ने वा दुरूत्साहन दिने व्यक्तिलाई भन्सार अधिकृतले कसूरदारलाई सरह सजाय गर्न सक्नेछ ।

(४) कसैले चोरी निकासी वा चोरी पैठारीको मालवस्तु लुकाएमा वा जानाजानी राखेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी निजलाई दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) कुनै निकासीकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तर सही भए पनि परिमाण घटी गरी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यसरी परिमाण घटी घोषणा गरिएजति मालवस्तुको मूल्यको शतप्रतिशत जरिवाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(६) कुनै निकासीकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर एवं परिमाण सही भएपनि उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यस्तो मालवस्तुमा लाग्ने महसुल बराबरको रकम जरिवाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(७) कुनै निकासीकर्ता वा भन्सार एजेन्टले निकासी हुने मालवस्तुको वास्तविक परिमाणभन्दा बढी परिमाण घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यसरी बढी घोषणा गरिएजति मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिवाना गरी सो ब्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गरी जाँचपास गर्न सक्नेछ ।

(८) कुनै निकासीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तरमध्ये सबै वा कुनै विवरण फरक पारी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी त्यस्तो मालवस्तुको धनीलाई बिगोबमोजिम जरिवाना गर्न सक्नेछ ।

(९) पैठारीकर्ता वा भन्सार एजेन्टले एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित

मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तरमध्ये सबै वा कुनै कुरा फरक पारी घोषणा गरेमा वा कुनै मालवस्तु घोषणा नै नगरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यस्तो मालवस्तुको मूल्य बरावर जरिवाना गरी सो मालवस्तु जफत गर्न वा निजबाट सो मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिवाना र लाग्ने महसुल असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(१०) कसैले भन्सार कार्यालयमा जालसाजी, किर्ते वा नक्कली कागजात पेश गरी महसुल वा राजस्वमा हानि नोक्सानी पुऱ्याएमा वा पुऱ्याउन प्रयत्न गरेमा त्यसरी हानि नोक्सानी पुऱ्याएको वा पुऱ्याउने प्रयत्न गरेको महसुल वा राजस्व रकमको दुई सय प्रतिशत जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय भन्सार अधिकृतले गर्न सक्नेछ र सरकारी कागजात किर्ते गरेकोमा प्रचलित कानून बमोजिम कारवाइ गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष पठाउनु पर्नेछ ।

(११) कुनै मालवस्तु धनीले वा निजको एजेन्टले मालवस्तु चोरी गर्ने वा सो मालवस्तुमा नोक्सानी पुऱ्याउने मनसायले कुनै भन्सार गोदाम वा सो गोदाममा रहेको मालवस्तु कुनै प्रकारले खोलेमा भन्सार अधिकृतले निजलाई पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(१२) कसैले भन्सार गोदाममा रहेको मालवस्तु भन्सार कार्यालयको स्वीकृतिवेगर गोदामबाट हटाएमा वा लगेमा भन्सार अधिकृतले निजलाई बिगोबमोजिम जरिवाना र छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१३) कसैले भन्सार कार्यालयको कार्यसम्पादनमा प्रयोग गरिएको प्रज्ञापनपत्र वा लिखतको खास कुरो भुट्ठो हो भनी जानाजानी लेखेमा, सहीछाप गरेमा वा प्रयोग गरेमा वा भन्सार कार्यालयको कार्यसम्पादनमा भन्सार अधिकृतले सही गरेको वा छाप

लगाएको लिखत, लाहा वा सीलछाप, दस्तखत वा अरू कुनै चिन्ह वा संकेतलाई किर्ते गरेमा वा बदलेमा वा नष्ट गरेमा भन्सार अधिकृतले निजलाई पाँचहजार रूपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ र सरकारी कागजात किर्ते गरेकोमा प्रचलित कानून बमोजिम कारवाइ गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष पठाउनु पर्नेछ ।

(१४) भन्सार गोदाममा रहेका मालवस्तु जिम्मा रहेको कर्मचारी वा व्यक्तिले त्यस्तो मालवस्तु लापरवाहीपूर्वक हराएमा वा जानाजानी नोक्सानी गरेमा भन्सार अधिकृतले निजबाट सो मालवस्तुको मूल्य र लाग्ने महसुल असुल गरी निजलाई पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(१५) अनधिकृत कर्मचारीले भन्सार गोदाममा रहेको मालवस्तु हटाएमा वा हटाउने आदेश दिएमा भन्सार अधिकृतले निजलाई पाँचहजार रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१६) दफा ७० बमोजिम पुनरावलोकन गर्दा मालवस्तुको धनीले नक्कली बिल बीजक वा कागजात पेश गरेको कारणले भन्सार महसुलमा फरक पर्न गएको देखिएमा भन्सार अधिकृतले निजलाई भन्सार कार्यालयबाट छुटाई लगेको मालवस्तुको बिगोको दुई सय प्रतिशत जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१७) कसैले यस दफामा लेखिएकोदेखि बाहेक यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कार्य गरेमा भन्सार अधिकृतले निजलाई पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

५८. <u>बाधा बिरोध गर्नेलाई सजाय हुने</u> : कुनै व्यक्तिले भन्सार अधिकृत वा भन्सार कार्यालयको कर्मचारीलाई यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमले दिएको अधिकार प्रयोग गर्न जानाजानी बाधा अवरोध पुऱ्याएमा भन्सार अधिकृतले त्यस्तो व्यक्ति सरकारी कर्मचारी भएमा पाँच हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म

कैद वा दुवै सजाय र अन्य व्यक्ति भए छ महिनासम्म कैद वा एक हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ ।

५९. **भन्सार एजेन्टलाई सजाय हुने**: (१) दफा ५७ को उपदफा (५), (६), (७), (८) र (९) बमोजिमको कार्य गर्ने भन्सार एजेन्टलाई भन्सार अधिकृतले तीन हजार रूपैयाँदेखि दश हजार रूपैयासम्म जरिवाना वा एक महिनादेखि छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(२) भन्सार एजेन्टलाई उपदफा (१) बमोजिम सजाय गरिएको कारणलेमात्र यस दफाबमोजिम मालवस्तुको धनीलाई हुने दण्ड सजाय वा जरिवानाबाट उन्मुक्ति भएको मानिने छैन ।

भन्सार ऐन, २०६४ को उल्लिखित दफाहरूमा उल्लेख भएको दण्ड सजायको प्रावधानलाई मुद्दाको निर्णय गर्दाका बखत मनन गर्नु पर्दछ । चोरी पैठारी वा चोरी निकासी गरेको ठहर भएको अवस्थामा सम्बन्धित मालवस्तु जफत गर्नुपर्ने वाध्यात्मक अवस्था छ, यसमा कुनै तजविज हुँदैन । मालवस्तु जफत गर्ने निर्णय गरेर जरिवाना गर्नुपर्दा मालवस्तुको विगोको आधारमा अर्थात् बिगो रकम बराबर जरिवाना गर्नुपर्ने पनि वाध्यात्मक अवस्था नै हो । विगोभन्दा फरक अंक जरिवाना तोक्न मिल्दैन । कैदको हकमा भने ऐनको दफा ५७ को उपदफा (१) को विभिन्न खण्डहरूमा उल्लेख भएको कुरालाई ध्यानमा राखी विगोका आधारमा कैद तोक्न सकिन्छ । उदाहरणका लागि रू.२४५००।- विगो भएको मालवस्तु चोरी पैठारी गरेको रहेछ भने त्यति विगोमा कैद गर्ने ऐनमा व्यवस्था नभएकाले कैद गर्नु हुँदैन । पच्चीस हजार रूपैया वा सोभन्दा बढी बिगो भएकोमा मात्र कैद गर्न सकिन्छ । पच्चीस हजार रूपैयाभन्दा कम बिगो भएको मुद्दामा कैदको सजाय नहुने भएकाले त्यस्तो मुद्दामा अभियुक्तसँग धरौटी माग गर्नुपर्दा पनि कैद बापतको धरौटी माग गर्नु हुँदैन ।

बिगोका आधारमा कैद गर्ने ऐनमा व्यवस्था भएकाले कैदको अधिकतम् हद र न्यूनतम हदलाई पनि बिगोको अधिकतम् हद र न्यूनतम हदसँग मिलान गर्ने गरी निर्णय गर्दा न्यायोचित हुन्छ । जस्तै एउटा व्यक्तिले एकलाख दश हजार रूपैया बिगो भएका मालवस्तु चोरी पैठारी गरेको छ र अर्को कुनै व्यक्तिले चारलाख पचासहजार बिगो भएको मालवस्तु चोरी

पैठारी गरेको छ भने दुवै मुद्दामा बिगोको रकम ऐनको दफा ५७ को उपदफा (१) को खण्ड (ख) बमोजिमको हुन्छ । सो खण्डमा दुई महिनादेखि छ महिनासम्म कैद हुनसक्ने प्रावधान रहेको छ । प्रस्तुत उदाहरणमा दुईवटा मुद्दामा ऐन बमोजिम एकै प्रकारको कैदको हद उल्लेख भए पनि बिगो रकम फरक फरक भएकाले फरक फरक कैद तोक्नु उपयुक्त हुन्छ । पहिलोमा विगो कम भएकाले कम नै कैद र दोस्रोमा बिगो बढी भएकाले बढी (दुई महिनादेखि छ महिनासम्मको हदभित्र रहेर) कैद तोक्नु न्यायोचित हुने भएकाले यसै सिद्धान्तलाई अवलम्बन गर्दा निर्णय त्रुटिरहित हुन्छ । त्यसैगरी मिल्दोजुल्दो बिगो रकम भएका मुद्दामा पनि पहिलो पटक कसूर गर्नेलाई कम र पटके कसूरदारलाई कारण खुलाएर बढी कैद गर्नु उपयुक्त हुन्छ ।

भन्सार कार्यालयले सजाय तोक्दा कैदको सजाय समेत तोक्न सक्ने भएकाले त्यसरी कैदको सजाय तोकिएका व्यक्तिहरूको निम्न बमोजिमको ढाँचामा छुट्टै किताब खडा गरी अभिलेख राख्नुपर्दछ ।

कैदको सजाय पाएका व्यक्तिहरूको अभिलेख

सि.नं.	मुद्दा नम्बर र दर्ता मिति	कैदीको नाम थर, ठेगाना, उमेर, लिङ्ग र हुलिया	थुनामा राखिएको सुरू मिति	थुनामा राख्नुपरेको कारण	निर्णय मिति र तोकिएको कैद अवधि	कैद भुक्तान हुने मिति	कैफियत

उपरोक्त अभिलेखबाट कैदमा रहेको व्यक्तिका सम्बन्धमा जानकारी हुने र कैद मुक्त गर्नुपर्ने दिनको जानकारी सरल रूपमा लिन सकिने भएकाले कैद सम्बन्धी विषयको व्यवस्थापन गर्न सजिलो हुन्छ । यस्तो अभिलेख कार्यालय प्रमुखले नियमित रूपमा हेरी तत्सम्बन्धमा यथा समयमा आवश्यक निर्णय लिनुपर्दछ ।

६.१७ निर्णय कार्यान्ब्यनः

मुद्दाको निर्णय भइसकेपछि सोको कार्यान्वयन पक्षमा पनि उत्तिकै ध्यान दिनुपर्दछ । भन्सार सम्बन्धी अपराधका मुद्दाहरूमा मुद्दाको निर्णय भईसकेपछि त्यस्को कार्यान्वयन गर्न निम्न बमोजिम गर्नु पर्दछः

(१) मुद्दाको निर्णय भएको दिन अभियुक्त कार्यालयमा उपस्थित भएकोमा निजलाई सो निर्णय सुनाएर निर्णयमा चित्त नबुझे ३५ दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने जानकारी गराई सो निर्णय सुनेको कागज गराई फाइल साथ राख्नु पर्दछ ।

(२) अभियुक्त अनुपस्थित रहेकोमा निर्णय भएको ३ दिनभित्र यो मुद्दामा यो कुरा ठहरेको हुनाले तपाइलाई यस्तो सजाय भएको छ भन्ने र पुनरावेदन लाग्ने भए सो ब्यहोरा समेत उल्लेख गरी अभियुक्तको नाममा म्याद जारी गर्नु पर्दछ । भन्सार सम्बन्धी मुद्दाको पुनरावेदन सम्बन्धित क्षेत्रको राजस्व न्यायाधिकरणमा लाग्ने भएकोले सुरू कारवाही र किनारा गर्ने अधिकारीले गरेको निर्णय सुनिपाएको या त्यसको सूचना तामेल भएको ३५ दिनभित्र पुनरावेदन गर्नु पर्ने भएकोले अभियुक्तका नाममा पुनरावेदन म्याद जारी गर्दा ३५ दिने म्याद जारी गर्नु पर्दछ । निर्णय सुन्ने दिन अभियुक्त कार्यालयमा उपस्थित हुने इच्छा ब्यक्त नगरी थुनामै रहेकोमा पनि यस्तो म्याद कारागार शाखामार्फत दिनुपर्दछ ।

(३) सजाय तोकी निर्णय गर्दा सजाय पाउने अभियुक्त हाजिर रहेकोमा सम्बन्धित कार्यालयले निजलाई तत्कालै पक्राउ गरी निर्णयबमोजिमको जरिवाना असुल गरी कैद तोकिएको भएमा कैद गर्न सम्बन्धित कारागार कार्यालयमा पत्र लेखी पत्रसाथ पठाउनु पर्दछ । सो गर्दा जरिवाना मात्र तोकिएकोमा जरिवाना बुझाएमा बुझी छाडिदिनु पर्दछ । जरिवाना नतिरेमा जरिवाना बापत समेत कैद गर्नुपर्ने भएकोले कैद गर्न पठाउनु पर्दछ । जरिवाना बापतको कैद गर्नुपर्दा मुलुकी ऐन, दण्ड सजायको महलको ३८ नम्बरमा उल्लेख भए बमोजिम निम्न अनुसार गर्नुपर्दछः

- कैद वा जरिवाना दुवै सजाय भएकोमा जरिवाना नतिरेबापतको कैद ठेक्नु पर्दा चार वर्षभन्दा बढी अवधिको कैद ठेक्नु हुँदैन । तर

नावालकलाई जरिवाना नतिरेबापतको कैद ठेक्नु पर्दा उमेर पुगेको व्यक्तिलाई हुने कैदको आधामा नबढ्ने गरी कैद ठेक्नु पर्छ ।

- कैद वा जरिवानामध्ये कुनै वा दुवै सजाय हुन सक्ने अपराधमा जरिवाना मात्रको सजाय भएकोमा सो जरिवाना नतिरे बापतको कैदको सजाय ठेक्नुपर्दा सो अपराधमा हुन सक्ने कैदको उपल्लो हदको आधाभन्दा बढी नहुने अवधिसम्मको मात्र कैद ठेक्नुपर्छ ।
- जरिवानाको मात्र सजाय हुने अपराधमा जरिवानाको सजाय भएकोमा सो जरिवाना नतिरे बापतको कैदको सजाय ठेक्नु पर्दा दुई वर्षभन्दा बढी नहुने अवधिसम्मको मात्र कैद ठेक्नु पर्छ ।

तर कसूरदार ठहरिएको व्यक्तिले पुनरावेदन गर्ने भएमा पुनरावेदन खण्डमा उल्लेख भए बमोजिम गर्नुपर्दछ ।

(४) निर्णय गर्दा हाजिर नभएको अभियुक्तलाई लागेको दण्ड जरिवानाका बिषयमा भने आफ्नो कार्यालयमा लगत कसी कानून बमोजिम असुलउपर गर्नुपर्दछ । यस्तो लगत प्रत्येक आ.ब.मा अद्यावधिक गर्नु पर्दछ । अर्थात् असुलउपर हुन बाँकी कैद र जरिवाना प्रत्येक वर्ष जिम्मेवारी सार्दै ल्याउनु पर्दछ ।

(५) भन्सार सम्बन्धी मुद्दामा कुनै अभियुक्तसँग कैद बापतको धरौटी लिँदा एक दिन कैद बरावर पचास रूपैंयाँका दरले लिनुपर्ने व्यवस्था भन्सार ऐन, २०६४ को दफा ४१ को उपदफा (५) मा भएकाले जरिवाना वापत कैद ठेक्नु पर्दा एक दिनको ५० रूपैयाका दरले कैद ठेक्नु पर्दछ । तर यस्तो कैद ठेक्दा मुलुकी ऐन, दण्ड सजायको महलको ३८ नं. मा (माथि बुँदा नं. ३ बमोजिम) उल्लेख भएकोभन्दा बढी हुने गरी कैद ठेक्नु हुदैन ।

(६) कुनै अभियुक्त जरिवाना नतिरी सो वापत मात्र कैदमा रहेकोमा पछि केही समय कैद बसी जरिवाना दाखिला गर्न ल्यायो भने बुझी निजले जरिवाना वापत कैद बसेको दिन १ को ५०। रूपैयाका दरले कट्टा गरी बाँकी जरिवाना मात्र असुल गर्नुपर्दछ ।

७) पुनरावेदन गरेवापत अभियुक्तलाई थप कैद तथा जरिवाना भई आएमा समेत थपिएको कैद तथा जरिवानाको हकमा समेत मुलुकी ऐन, दण्ड

सजायको महलको ३८ नं. मा उल्लिखित व्यवस्थालाई ध्यानमा राखी सो हद नबढ्ने गरी मात्र कैद ठेक्नु पर्दछ ।

८) अभियुक्तलाई कैद ठेकी पठाउँदा कैदी पुर्जी दिनु पर्दछ । उक्त पुर्जीमा कुन मुद्दामा के वापत के कति कैद बस्नु पर्ने हो सो समेत उल्लेख गर्नु पर्दछ । मुद्दा निर्णय भएपछि कैद या जरिवानावापत कैद ठेकी पठाउँदा अभियुक्त जुन कारागारमा छ सोही ठाउँमा पठाइदिनु पर्दछ । कैद भुक्तान भएपछि कारागारले कैदबाट छाड्दा कैद ठेकी पठाउने कार्यालयमा अनिवार्य जानकारी दिनु पर्ने ब्यहोरा उल्लेख गरेर पठाउनु पर्दछ ।

९) सजाय पाउने कसूरदार हाजिर नरहेको भए गिरफ्तार गर्न भन्सार कार्यालयले सम्बन्धित प्रहरी कार्यालयलाई पत्राचार गर्नु पर्दछ । यसरी लेखी पठाएकोमा सम्बन्धित प्रहरी कार्यालयले सजाय पाउने कसूरदारलाई खोज तलास गरी पक्री अड्डामा दाखिल गर्नु पर्ने कुरा मुलुकी ऐन, दण्ड सजायको महलको २३ नम्बरमा उल्लेख गरिएको छ ।

१०) प्रत्येक मुद्दा हेर्ने अधिकारीले उक्त कार्यालयको आदेशले कतिजना मानिस पुर्पक्षको निमित्त थुनामा छन्, कतिजना उक्त कार्यालयको निर्णय बमोजिम कैदमा छन् भन्ने विवरण प्रष्ट देखिने गरी थुनुवा र कैदीको लगत खडा गरी राख्नु पर्दछ । यस्तो लगतको नमूना यसै परिच्छेदमा अगाडि नै दिइसकिएको छ ।

६.१८ <u>पुनरावेदन सम्बन्धी व्यवस्था</u> :

भन्सार अधिकृतले गर्ने मुद्दाको निर्णयउपर चित्त नबुझ्ने ब्यक्तिले निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने ब्यवस्था छ । यसरी पुनरावेदन गर्दा निजलाई लागेको दण्ड जरिवानाको रकम सम्बन्धित भन्सार कार्यालयमा धरौटी राखेर मात्र पुनरावेदन गर्नसक्ने ब्यहोरा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ मा उल्लेख छ । ऐनको सो ब्यवस्था निम्न बमोजिम छः

९. **पुनरावेदन सम्बन्धमा धरौटी राख्ने र म्यादः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरण वा पुनरावेदन अदालतमा पुनरावेदन गर्दा देहायबमोजिम धरौटी नराखी पुनरावेदन लाग्नेछैनः-

(क) कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यसरी निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा,

(ख) भन्सार महसुल वा अन्तःशुल्क निर्धारण भएकोमा निर्धारित भन्सार महसुल वा अन्तःशुल्कको रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा दुवै रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा ।

भन्सार कार्यालयले चोरी निकासी वा चोरी पैठारी सम्बन्धी मुद्दामा गरेको निर्णय बमोजिम सजाय तोकिएको कसूरदार व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न चाहेमा लागेको महसुल वा जरिवानाबो रकम धरौटी राखेर मात्र पुनरावेदन गर्न पाउने कुरा राजस्व न्यायाधिकरण ऐनमा उल्लेख भएपनि कैदका सम्बन्धमा सो ऐनमा उल्लेख नभएकाले कैदको हकमा के गर्ने भन्ने विषयमा मुलुकी ऐनलाई सन्दर्भका रूपमा लिनुपर्ने हुन्छ । सो ऐनको अदालती बन्दोबस्तको महलको १९४ नम्बरमा कैदको सजाय पाउने कसूरदार ठहरिएको व्यक्तिलाई सो फैसलाउपर पुनरावेदन गर्न बढीमा ३ वर्षसम्म कैदको सजाय भएकोमा र पुर्पक्षका लागि थुनामा बस्नु नपर्ने मुद्दा भएमा वा नबसेको भएमा पुनरावेदन गर्ने म्याद सम्मलाई सो अड्डाले धरौटी वा जमानीमा छाड्न सक्ने र यसरी धरौटी वा जमानीमा राख्दा सुरू अड्डामा पुर्पक्षको लागि धरौटी वा जमानीमा रहेकोमा अड्डाको तजबीजले सो धरौटी वा जमानीको बढीमा पच्चीस प्रतिशतसम्म थप धरौटी वा जमानी लिनु पर्ने ब्यहोरा उल्लेख भएको छ । तर भन्सार ऐन, २०६४ बमोजिमको मुद्दाका हकमा नगद धरौटी बाहेक अन्य जमानत स्वीकार गर्न नसकिने भएकाले मुलुकी ऐनको उल्लिखित व्यवस्था बमोजिम गर्दा धरौटी वा जमानी भन्नाले नगद धरौटीलाई मात्र मानेर भन्सार कार्यालयले कार्यसम्पादन गर्नुपर्दछ अर्थात् नगद बाहेक अरू किसिमका जमानी लिन हुँदैन ।

भन्सार कार्यालयको निर्णयबमोजिम कैदको सजाय तोकिएको व्यक्तिलाई पुनरावेदन गर्न चाहेमा सामान्य अवस्थामा माथि उल्लेख गरिए अनुसार धरौटीमा छाड्न सक्ने व्यवस्था भएपनि निम्न अवस्थामा कार्यालयले धरौटी लिन इन्कार गर्न सक्ने र यसरी धरौटी लिन इन्कार गर्दा सो कुराको आधार खुलाई पर्चा खडा गर्नुपर्ने

व्यवस्था समेत मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १९४ नम्बरमा उल्लेख गरिएकाले भन्सार कार्यालयले सोही आधारमा मुद्दाको अवस्था र प्रकृति अनुसार काम गर्नुपर्दछ ।

- धरौटी वा जमानीमा छाड्दा सजाय पाएको व्यक्ति भागी जाने संभावना भएकोमा,
- निजले सबूद प्रमाणमा हस्तक्षेप गर्ने संभावना भएकोमा,
- निजले अरू अपराध गर्ने संभावना भएकोमा,
- एक वर्षभन्दा बढी कैदको सजाय पाएकोमा ।

अतः उपर्युक्त अवस्थामा भन्सार कार्यालयले पर्चा खडा गरी धरौटी नलिई थुनामा नै राखेर पुनरावेदन गर्न लगाउनु पर्दछ ।

भन्सार कार्यालयहरूबाट दोषी ठहरी सोउपर पुनरावेदन गरेका अभियुक्तले राजस्व न्यायाधिकरणबाट सफाइ पाएको या भन्सार कार्यालयको निर्णय बदर या केही उल्टी भएकोमा भन्सार कार्यालयलाई चित्त नबुझेमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ को देहायमा उल्लिखत कुनै प्रश्नमा प्रत्यक्ष कानूनी त्रुटि भई न्यायाधिकरणको निर्णय पूर्ण या आंशिक रूपमा उल्टिने देखी सर्वोच्च अदालतले आफूसमक्ष पुनरावेदन गर्न अनुमति दिएको अवस्थामा न्यायाधिकरणको फैसला या अन्तिम आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्दछ । ती प्रश्नहरू हुन् :

१) अधिकार क्षेत्रको प्रश्न,

२) बुझ्नु पर्ने प्रमाण नबुझेको या बुझ्न नहुने प्रमाण बुझेको प्रश्न,

३) बाध्यात्मक रूपमा पालन गर्नुपर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न,

४) गम्भीर कानूनी त्रुटि सम्बन्धी प्रश्न ।

कार्यालय प्रमुखलाई उपर्युक्त अवस्था बिद्यमान रहेको लागेमा निर्णय भएको जानकारी प्राप्त भएको मितिले ३५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत सर्वोच्च अदालतमा पुनरावेदन सरहको निबेदन दिनु पर्दछ । पुनरावेदनको अनुमति पाएमा त्यही निवेदन नै पुनरावेदनमा दर्ता हुन्छ ।

भन्सार कार्यालयले गरेको निर्णयउपर राजस्व न्यायाधिकरणमा परेका मुद्दामा सरकारी वकील मार्फत बहस पैरवी एवं प्रतिरक्षा गरिने भएकोले मुद्दाको कागजातको प्रतिलिपि उपलब्ध गराई सरकारी पक्षको प्रतिरक्षा गर्न मुद्दाको यथार्थ बस्तुस्थिति सरकारी वकिललाई बताई बहस पैरवीमा सहयोग र मद्दत गर्नु पर्दछ ।

६.१९ कागजातको नक्कल दिने ब्यवस्थाः

भन्सार कार्यालयमा रहेको कुनै प्रमाणपत्र, बिल वा अन्य कागजातको प्रतिलिपि लिन चाहने सरोकारवाला ब्यक्तिले तोकिएबमोजिमको दस्तुर संलग्न गरी निवेदन दिन सक्ने ब्यवस्था भन्सार ऐन, २०६४ को दफा ७८ मा उल्लेख भएको र भन्सार नियमावली, २०६४ को नियम ५९ मा त्यसरी प्रतिलिपि उपलब्ध गराउँदा एक पृष्ठको पाँच रूपैया दस्तुर लाग्ने कुरा उल्लेख भएकाले सो बमोजिम दस्तुर लिई प्रतिलिपि दिनु पर्दछ । हाल फोटोकपिको प्रचलन रहेकोले मुद्दासँग सम्बन्धित कागजातको प्रतिलिपि पाउँ भन्ने सरोकारवाला ब्यक्तिको निवेदन परेपछि कार्यालय आफैले फोटोकपि गराई उपलब्ध गराउनु उपयुक्त हुन्छ । थुनामा परेका अभियुक्तले कागजातको प्रतिलिपि पाउँ भनी आफू थुनिएको अड्डामा दरखास्त दिएमा पनि सो अड्डाले सो बमोजिमको नक्कल उपलब्ध गराउन भन्सार कार्यालयमा लेखी पठाउन सक्ने भएकाले सो बमोजिम लेखी आएमा पनि भन्सार कार्यालयले त्यस्तो कागजातको प्रतिलिपि प्रमाणित गरी निवेदक थुनामा रहेको अड्डामा पठाइदिनु पर्दछ ।

प्रतिलिपि दिने सम्बन्धमा भन्सार नियमावलीको नियम ५९ को ब्यवस्था निम्न बमोजिम भएकाले सो बमोजिम रीत पुर्‍याएर मात्र प्रतिलिपि दिनु पर्दछ ।

५९. **सरोकारवाला ब्यक्तिलाई कागजातको प्रतिलिपि दिने सम्बन्धी कार्यविधिः** (१) भन्सार कार्यालयमा भएका कुनै कागजातको सरोकारवाला ब्यक्तिले भन्सार अधिकृतसमक्ष निवेदन दिई प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा आफूले माग गरेको कागजातको स्पष्ट पहिचान हुने विवरण र सो कागजात कुन प्रयोजनका लागि आवश्यक परेको हो र आफू कसरी सरोकारवाला ब्यक्ति हो भन्ने आधारसमेत निवेदकले खुलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त हुन आएपछि भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी निवेदनको ब्यहोरा मनासिव देखेमा निवेदन आफूसमक्ष प्राप्त भएको तीन दिनभित्र त्यस्तो कागजातको प्रतिलिपि तयार गर्न लगाई उपनियम (४) बमोजिम दस्तुर लिई निवेदकलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम कागजातको प्रतिलिपि दिँदा एक पृष्ठको पाँच रूपैया दस्तुर लाग्नेछ । यस्तो रकम भन्सार अधिकृतले सम्बन्धित ब्यक्तिबाट असुल गरी राजस्व खातामा आम्दानी बाँध्न वा सो रकम बरावरको हुलाक टिकट टाँस्न लगाई सोमा भन्सार कार्यालयको छाप लगाइदिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम दस्तुर लिँदा नगद असुल गरी आम्दानी बाँधेको वा टिकट रद्द गरेको ब्यहोरा निवेदकलाई उपलब्ध गराउने कागजातमा उल्लेख गर्नु पर्नेछ ।

६.२० **विविध** :

प्रत्येक मुद्दामा फाइलपिच्छे मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको २१ नं बमोजिमको तायादाती फाराममा उक्त फाइलमा दाखिला हुन आउने कागजातहरू दाखिला मितिको क्रमले नम्बर चढाई फाराममा उक्त नम्बर उल्लेख गरी प्रमाणित गरी राख्नुपर्दछ । उक्त फारामलाई ३ भागमा वांडिएको छ । पहिलो महल अर्थात् कहिल्यै नसडाउने महलमा प्रतिबेदन, अभियुक्तको बयान, अभियुक्तको नाममा तामेल भएको म्याद, मुद्दाको निर्णय जस्ता अति महत्वपूर्ण कागजातहरू, दोस्रो महल अर्थात् ५ बर्षपछि सडाउनेमा आदेश पत्र, बरामदी मुचुल्का, साछीको वकपत्र, सर्जमिन मुचुल्का, नगदी रसिद एवं अन्य मुद्दाका प्रमाणका कागजातहरू, र तेस्रो महल अर्थात् १ बर्षपछि सडाउनेमा तारीख भरपाइ, साछीको नामको तामेली समाह्वान, र अन्य सामान्य पत्राचारका कागजातहरू चढाउनु पर्दछ ।

मुद्दाको अन्तिम किनारा लागेपछि महल २ मा सम्बन्धित ब्यक्तिलाई फिर्ता दिनु पर्ने कुनै सक्कल कागजात भए सो फिर्ता दिई फाराममा जनाई बाँकी कागजात ५ बर्षपछि र महल ३ मा उल्लिखीत कागजात १ बर्ष पछि सडाउनु पर्दछ ।

मुद्दाको सम्बन्धमा पुनरावेदन हेर्ने निकायले सक्कल फाइल मागेका बखत सो को सम्पूर्ण फोटोकपि गरी राखी सक्कल फाइल अड्डाकै कर्मचारीद्वारा बुझाउन पठाई बुझाएको भरपाइ फाइलसाथ राख्नु पर्दछ । अन्य निर्णयका फाइलहरू नासिन बिग्रन नपाउने गरी दर्ता भएको साल र मुद्दाको नम्बरसँग क्रम मिलाई सुरक्षित राख्नु पर्दछ ।

परिच्छेद-७
मालवस्तु जफत र लिलाम सम्बन्धी व्यवस्था

७.१ मालवस्तु जफत हुने अवस्था र जफत हुने मालवस्तु:

भन्सार कार्यालयले प्रचलित कानून बमोजिम निम्न अवस्थामा निम्न बमोजिमका मालवस्तु जफत गर्न सक्दछ:

- पैठारी हुन आएको मालवस्तु प्राविधिक जाँच गर्दा स्वास्थ्य वा वातावरणलाई हानि पुऱ्याउने वा प्रतिकूल असर पार्ने देखिएमा सम्बन्धित पैठारीकर्तालाई सो मालवस्तु विदेशको निकासीकर्ताकहाँ फिर्ता पठाउन आदेश दिनुपर्ने र निजले फिर्ता नपठाएमा त्यस्तो मालवस्तु जफत हुन सक्दछ । यसरी जफत भएको मालवस्तु प्रयोगयोग्य नहुने भएकाले लिलाम बिक्री नगरी सडाउनु वा नष्ट गर्नु पर्दछ । त्यसरी सडाउन वा नष्ट गर्न लाग्ने वा लागेको खर्च सम्बन्धित पैठारीकर्ताबाट असुल गर्नु पर्ने कानूनी व्यवस्था छ । यस प्रकारको अवस्था भन्सार ऐन, २०६४ को दफा ३० मा उल्लेख गरिएको छ ।
- भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (ङ) र (च) मा परिभाषा गरिएबमोजिमका चोरी निकासी वा चोरी पैठारी गरेका मालवस्तु तथा त्यस्ता मालवस्तु ढुवानी गर्न ढुवानी साधनको धनीको सहमति वा जानकारीमा प्रयोग भएको ढुवानी साधन समेत जफत गर्नु पर्ने व्यवस्था छ ।
- भन्सार ऐन, २०६४ को दफा ४७ को उपदफा (२) मा भन्सारमा रहेको मालवस्तु सम्बन्धित मालवस्तुधनीले तोकिएको अवधिभित्र छुटाउनु पर्नेछ भन्ने उल्लेख भएको र भन्सार नियमावली, २०६४ को नियम ३२ ले त्यस्तो अवधि सामान्यतया ९० दिन हुने ब्यहोरा उल्लेख गरेको छ । सो अवधिभित्र भन्सार कार्यालयबाट जाँचपास नगराई राखेका मालवस्तुका सम्बन्धमा सम्बन्धित मालवस्तुधनीलाई सात दिनको सार्वजनिक सूचना दिनुपर्ने र सो सूचनाको म्यादभित्र पनि मालवस्तु छुटाई नलगेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गर्ने व्यवस्था ऐनको दफा ४७ को उपदफा (५) मा उल्लेख भएकाले त्यस प्रकारका मालवस्तु जफत हुने मालवस्तुमा पर्दछन् ।
- भन्सार ऐनको दफा ६८ मा प्रचलित कानूनबमोजिम कुनै व्यक्तिले प्राप्त गरेको पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्तिउपरको

अधिकार उल्लङ्घन गरी कसैले कुनै मालवस्तु पैठारी वा निकासी गर्न लागेमा सराकोरवाला ब्यक्तिले त्यस्तो निकासी वा पैठारी रोक्का गर्न प्रमाणसहित सम्बन्धित भन्सार अधिकृतसमक्ष निवेदन दिन सक्ने, त्यस्तो निवेदन परेमा सम्बन्धित भन्सार अधिकृतले त्यस्तो मालवस्तु भन्सार कार्यालयमा रोक्का राखी सो सम्बन्धमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष लेखी पठाउनु पर्ने, त्यसरी लेखी आएमा त्यस्तो निकाय वा अधिकारीले सो सम्बन्धमा प्रचलित कानूनबमोजिम कारबाई टुङ्गो लगाई भन्सार कार्यालयलाई जानकारी दिनुपर्ने तथा त्यस्तो निकाय वा अधिकारीले प्रचलित कानूनबमोजिम कारबाई गर्दा त्यस्तो मालवस्तु जफत हुने ठहर गरेमा भन्सार अधिकृतले सो मालवस्तु त्यस्तो निकाय वा अधिकारीसमक्ष बुझाई दिनु पर्ने भन्ने उल्लेख भएको हुँदा यस्तो अवस्थामा पनि मालवस्तु जफत हुन सक्दछ । तर यसरी मालवस्तु जफत गर्ने निर्णय भन्सार अधिकृतले गर्ने नभई सम्बन्धित निकाय वा पदाधिकारीले गर्ने र सोको जानकारी भन्सार कार्यालयलाई दिने भएकाले भन्सार अधिकृतले त्यस्तो मालवस्तु नै सोही निकाय वा अधिकारीकहाँ बुझाइदिनु पर्दछ । यसरी मालवस्तु हस्तान्तरण गरी भरपाई लिई राखेपछि यस प्रसङ्गमा भन्सार कार्यालयको जिम्मेवारी पूरा हुन्छ ।

- भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी २०६५ साल कार्तिक १ गतेदेखि लागू हुने गरी अर्थ मन्त्रालयले निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचना, २०६५ प्रकाशित गरेको छ । सो सूचनाको दफा १ को उपदफा (१) को खण्ड (झ) मा नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई नेपाल फर्कदा १.१५ लिटरसम्मको एक बोतलसम्म मात्र मदिरा ल्याउन पाउने र सोभन्दा बढी मदिरा ल्याएमा त्यस्तो बढी भए जति परिमाण जफत हुने कुरा उल्लेख गरिएको छ । तसर्थ विदेशमा गई फर्केका नेपाली नागरिकले १.१५ लिटरभन्दा बढी वा एक बोतलभन्दा बढी मदिरा ल्याएको अवस्थामा त्यस्तो बढी भए जति परिमाण जफत गर्नुपर्दछ ।
- निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचना, २०६५ मा उडानमा गएका वायु सेवाका क्रु मेम्बरले आफ्नो प्रयोगमा ल्याएका निजी सामान बाहेक कुनै पनि सामान ल्याउन नपाउने र ल्याएमा जफत हुने भन्ने उल्लेख भएकाले वायु सेवाका क्रु मेम्बर अर्थात् पाइलट, एअर होस्टेस, फ्लाइट एटेन्डेन्ट आदिले

निजहरूका निजी प्रयोगका सामान्य सरसामान बाहेक अरू सामान लिई आएमा त्यस्ता मालवस्तु जफत गर्नुपर्दछ ।

- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ५ मा नेपाल सरकारले प्रकाशित गरेको सूचीत आदेश बमोजिम नियन्त्रण वा मनाही गरिएको वस्तु वा उक्त ऐन अन्तर्गत बनेको नियम बमोजिम निकासी वा पैठारी गर्न जारी गरिएको इजाजतपत्रमा तोकिएको वस्तु वा त्यसको मूल्य वा परिमाणमा मनासिब कारण बिना फरक पारी कसैले कुनै वस्तु निकासी वा पैठारी गरेमा त्यसरी निकासी वा पैठारी गरेको वस्तु जफत हुने भन्ने उल्लेख भएको छ । नेपाल सरकारले प्रकाशित गरेको सूचित आदेश भन्नाले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिति २०६६।७।१६ मा प्रकाशन गरी हाल कार्यान्व्यनमा रहेको सूचनालाई बुझ्नु पर्दछ । तसर्थ सो सूचनाले निकासी वा पैठारी गर्न प्रतिबन्ध लगाएका मालवस्तु निकासी वा पैठारी हुन आएमा, सो ऐन वा सो अन्तर्गत बनेको नियमावली अनुसार परिमाण वा मूल्य तोकेर निकासी वा पैठारी गर्न अनुमति दिएका मालवस्तुभन्दा बढी मूल्य र परिमाणका मालवस्तु पैठारी हुन आएमा वा इजाजतपत्रमा तोकिएको मूल्य वा परिमाणभन्दा बढीका मालवस्तु मनासिव कारण बिना पैठारी हुन आएमा त्यस प्रकारका मालवस्तु समेत भन्सार अधिकृतले जफत गर्नुपर्दछ ।
- भन्सार ऐन, २०६४ को दफा ३९ मा सो ऐन बमोजिम कुनै मालवस्तु जफत हुने निर्णय भएमा त्यस्ता मालवस्तुसँग सम्बन्धित देहायका मालवस्तुसमेत जफत हुने भन्ने उल्लेख गरिएको छः-

(क) मालवस्तु प्याक गर्न वा ढुवानी गर्न प्रयोग भएका पार्सल, प्याकेट वा आधानपात्रहरू (कन्टेनर्स),

(ख) मालवस्तु ढुवानी गर्न प्रयोग गरिएका रेल, हवाइजहाजबाहेक रिक्सा, टाङ्गा, जनावर लगायत सबै किसिमका सवारी साधनहरू,

(ग) खण्ड (ख) बमोजिमका सवारी साधनमा राखेका कपडा, फर्निचर, विद्युतीय सामान र अरू सामग्रीहरू ।

अतः माथि उल्लेख भए बमोजिम भन्सार ऐन बमोजिम जफत हुने मालवस्तु प्याक गरिएका प्याकिङ्ग सामग्री, ढुवानी गर्न प्रयोग भएका रिक्सा,

टाँगा, जनावर लगायत सबै किसिमका सवारी साधनहरू र त्यस्ता सवारी साधनमा रहेका वा सवारी साधनमा जडित कपडा, फर्निचर, विद्युतीय सामान र अरू सामग्रीहरू समेत जफत गर्नुपर्दछ । तर जफत हुने मालवस्तु ढुवानी गर्न प्रयोग भएका रेल र हवाइजहाज चाहिं जफत गर्न मिल्दैन ।

भन्सार ऐन, २०६४ बमोजिम मालवस्तु जफत गरिएकोमा त्यसरी जफत गरिएको सूचना भन्सार अधिकृतले सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनुपर्ने व्यवस्था सो ऐनको दफा ४८ मा उल्लेख भएकाले ऐन बमोजिम मालवस्तु जफत गरिएकोमा सोको सूचना सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनुपर्दछ ।

७.२ मालवस्तु लिलाम सम्बन्धी कार्यविधि:

७.२.१ लिलाम हुने मालवस्तु:

भन्सार कार्यालयले सामान्यतया निम्न बमोजिमका मालवस्तु लिलाम गर्नु पर्ने हुन्छ:

- भन्सार अधिकृतको निर्णयबाट जफत गरिएका मालवस्तु,
- भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१५) बमोजिम न्यून बीजकीकरण गरी पैठारी गरिएका कारणले भन्सार कार्यालयले खरिद गरेका मालवस्तु,
- भन्सार ऐन, २०६४ को दफा ७ बमोजिम कुनै पैठारीकर्ताले भन्सार कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी भन्सार कार्यालयमै छाडेका मालवस्तु,
- कसैले भन्सार कार्यालयमा बुझाउनुपर्ने महसुल, जरिवाना वा अन्य रकम नबुझाएमा जुनसुकै भन्सार कार्यालयमा रहेको निजको जुनसुकै मालवस्तु ।

तर उल्लिखित मालवस्तु नेपाल सरकारले आफैले प्रयोग गर्ने भनी निर्णय गरेको अवस्थामा लिलाम गर्नु पर्दैन र त्यस्तो निर्णय नभएको अवस्थामा मात्र त्यस्ता मालवस्तु प्रक्रिया पूरा गरी लिलाम गर्नु पर्दछ । त्यसै गरी भन्सार ऐन तथा नियमावलीमा सडाउने वा नष्ट

गर्नुपर्ने भनी उल्लेख भएका मालवस्तु लिलाम नगरी सोही बमोजिम गर्नुपर्दछ ।

- कार्यालयको प्रयोगमा रहेका र कार्यालयको जिन्सी अभिलेखमा आम्दानी बाँधिएका तर पुराना भै प्रयोग गर्न अनुपयुक्त भएका मालवस्तु ।

७.२.२ लिलाम बिक्री गर्ने प्रक्रियाः

कार्यालयको प्रयोगमा रहेका र कार्यालयको जिन्सी अभिलेखमा आम्दानी बाँधिएका तर पुराना भै प्रयोग गर्न अनुपयुक्त भएका मालवस्तु लिलाम गर्दा आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ७ मा उल्लेख गरिएको प्रक्रिया बमोजिम र सो बाहेक लिलाम हुने अन्य मालवस्तु भन्सार नियमावली, २०६६ को परिच्छेद ७ मा उल्लेख भएको प्रक्रिया बमोजिम लिलाम बिक्री गर्नुपर्दछ ।

७.२.३ भन्सार नियमावली बमोजिम लिलाम गर्ने प्रक्रियाः

माथि ६.२.१ मा भन्सार कार्यालयले लिलाम गर्नुपर्ने भनी उल्लेख गरिएका मालवस्तुमध्ये कार्यालयको प्रयोगमा रहेका र कार्यालयको जिन्सी अभिलेखमा आम्दानी बाँधिएका तर पुराना भई प्रयोग गर्न अनुपयुक्त भएका मालवस्तु बाहेक अन्य मालवस्तु लिलाम बिक्री गर्दा भन्सार नियमावली, २०६६ को परिच्छेद ७ मा उल्लेख भएको प्रक्रिया बमोजिम गर्नुपर्दछ । सो व्यवस्था बमोजिम लिलाम बिक्री गर्दा निम्न प्रक्रिया अपनाई लिलाम बिक्री गर्नुपर्दछ ।

७.२.३.१ लिखित आदेश गर्नुपर्नेः

भन्सार कार्यालयले कुनै मालवस्तु लिलाम गर्नका लागि सर्वप्रथम भन्सार अधिकृतले सो मालवस्तु लिलाम गर्ने सम्बन्धमा लिखित आदेश गर्नुपर्दछ । त्यसपछि मात्र लिलामी सम्बन्धी अन्य कारवाइ अघि बढाउनु पर्दछ । चोरी निकासी वा चोरी पैठारी सम्बन्धी मुद्दासँग सम्बन्धित मालवस्तुका हकमा सो मुद्दाको निर्णय गर्दाका वखत नै मालवस्तु जफत गर्ने निर्णयसँगै लिलाम गर्ने आदेश गर्न सकिन्छ । भन्सार कार्यालयहरूले गर्दै आएको प्रचलन पनि यही नै हो । अरू

कारणले जफत भएका मालवस्तुका हकमा जफत गर्ने निर्णयमात्र भएको रहेछ भने सो मालवस्तु लिलाम गर्नुपरेमा सबैभन्दा पहिले भन्सार अधिकृतले लिलाम गर्नका लागि लिखित आदेश गर्नु पर्दछ । भन्सार नियमावलीमा भन्सार अधिकृतले लिखित आदेश गर्नुपर्ने भन्ने उल्लेख भएको सन्दर्भमा कुनै भन्सार कार्यालयमा एकजनाभन्दा बढी भन्सार अधिकृत भएको अवस्थामा सो कार्यालयको प्रमुखले मात्र त्यस्तो आदेश गर्नुपर्दछ ।

७.२.३.२ **मूल्याङ्कन गर्नुपर्नेः**

लिलाम गर्ने प्रयोजनका लागि कुनै पनि मालवस्तुको न्यूनतम मूल्य कायम गर्नु आवश्यक हुन्छ । लिलाम गर्दा सो मूल्यभन्दा घटी नहुने गरी सबैभन्दा बढी मूल्यमा लिलाम गर्नुपर्दछ । यसरी न्यूनतम मूल्य कायम गर्दा सवारी साधन, भारी यन्त्र उपकरण र ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तुका हकमा भन्सार नियमावलीको नियम ५४ बमोजिमको समितिले कायम गरेको न्यूनतम मूल्यलाई कायम गर्ने भन्ने भन्सार नियमावलीको नियम ३४ मा उल्लेख भएकाले सवारी साधन, भारी यन्त्र उपकरण र न्यून बीजकीकरण भएका कारणले ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तुको न्यूनतम मूल्य कायम गर्नका लागि भन्सार कार्यालयको प्रमुखले उल्लिखित समितिको बैठक बोलाई मालवस्तुको भौतिक परीक्षण समेत गराई मूल्य निर्धारण गराउनु पर्दछ । सोबाहेक अन्य मालवस्तुको हकमा भन्सार कार्यालयमा मालवस्तु दाखिला हुँदाका वखत उल्लेख भएको मूल्य अर्थात् प्रतिवेदनमा उल्लेख भएको मूल्यलाई नै न्यूनतम मूल्य मानेर लिलाम गर्नुपर्दछ । तर पहिलोपटक कायम भएको न्यूनतम मूल्यमा दुईपटकसम्म लिलाम गर्दा पनि लिलाम हुन नसकी पुनः मूल्याङ्कन गर्नु परेमा भने सबै प्रकारका मालवस्तुको मूल्याङ्कन सोही समितिबाट गराउनु पर्दछ ।

भन्सार नियमावलीको नियम ५४ मा उल्लेख भएको उक्त मूल्याङ्कन समितिको संरचना निम्न बमोजिमको छः

(क)	भन्सार कार्यालयको प्रमुख वा निजको अनुपस्थितिमा निजको कार्य गर्ने गरी तोकिएको व्यक्ति	- संयोजक
(ख)	सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि	- सदस्य
(ग)	सम्बन्धित उद्योग वाणिज्य संघको प्रतिनिधि	- सदस्य
(घ)	सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि	- सदस्य
(ङ)	सवारी र ढुवानी साधनको हकमा मेकानिकल प्राविधिक	- सदस्य

माथि खण्ड (क) मा भन्सार कार्यालयको प्रमुख वा निजको अनुपस्थितिमा निजको कार्य गर्ने गरी तोकिएको व्यक्ति समितिको संयोजक रहने उल्लेख भएकाले भन्सार प्रमुख नभएको अवस्थामा का.मु. वा निमित्त कार्यालय प्रमुखले समेत संयोजकका रूपमा काम गर्न सक्ने भएकाले दरबन्दी बमोजिमको कार्यालय प्रमुख नभएको अवस्थामा पनि मूल्याङ्कन समितिको बैठक राखी मालवस्तुको मूल्याङ्कन गर्न बाधा पर्दैन ।

७.२.३.३ सूचना प्रकाशित गर्नुपर्ने :

भन्सार कार्यालयबाट मालवस्तु लिलाम गर्नका लागि सूचना प्रकाशित गर्दा लिलाम हुने मालवस्तुको प्रकृति अनुसार बोलपत्र माग गरेर वा स्थानीय रूपमा सूचना प्रकाशित गरेर गर्न सकिन्छ । एकलाख रूपैयाँभन्दा बढी न्यूनतम मूल्य भएका सवारी साधन वा भारी यन्त्र उपकरण लिलाम बिक्री गर्नका लागि अनिवार्य रूपमा बोलपत्र माग गरी बोलपत्रको माध्यमद्वारा लिलाम गर्नुपर्दछ र सो बाहेक अन्य मालवस्तु लिलाम गर्दा स्थानीय

रूपमा सूचना प्रकाशन गरेर सिलबन्दी दरभाउपत्र माग गरेर वा खुला बोलकबोलद्वारा लिलाम गर्न सकिन्छ । बोलपत्र माग गर्दा पहिलोपटक भए २१ दिनको र स्थानीय सूचना प्रकाशन गरी लिलाम गर्दा पहिलोपटक भए १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्दछ ।

पहिलोपटक सूचना प्रकाशित गर्दा लिलाम हुन नसकी दोस्रोपटकदेखि सूचना प्रकाशित गर्दा बोलपत्र वा स्थानीय सूचना जे भए पनि सात दिनको म्याद दिई सूचना प्रकाशित गर्नुपर्दछ ।

७.२.३.४ **बहुमूल्य खनिज पदार्थका सम्बन्धमा विशेष ब्यवस्थाः**

भन्सार कार्यालयले जफत गरेका वा भन्सार कार्यालयबाट छुटाई नलगी नेपाल सरकारको हुन आएका सुन, चाँदी, हिरा, जवाहरात जस्ता अमूल्य खनिजपदार्थ वा यसबाट बनेका गहना तथा अन्य वस्तुहरू सुरूमा नै लिलाम गर्नु हुँदैन । यस्ता मालवस्तुहरू सर्वप्रथम नेपाल राष्ट्र बैङ्कमा दाखिला गर्न पठाई प्रचलित मूल्यबमोजिम सो बैङ्कलाई बिक्री गर्नु पर्दछ । नेपाल राष्ट्र बैङ्कले खरिद नगरेमा वा आंशिक रूपमा मात्र खरिद गरी बाँकी रहेमा त्यस्ता वस्तुहरू भन्सार विभागको स्वीकृत लिई प्रकरण ६.२.२.२ मा उल्लेख भएबमोजिमको समितिबाट न्यूनतम मूल्य निर्धारण गराई सो मूल्यका आधारमा एकलाख रूपैयाँसम्म मूल्यको भएमा डाँक बढाबढद्वारा र एकलाख रूपैयाँभन्दा बढी मूल्यको भएमा बोलपत्रको माध्यमद्वारा लिलाम गर्नु पर्दछ ।

७.२.३.५ **बोलपत्र प्रकाशित गर्दा ध्यान दिनुपर्ने कुराः**

एकलाख रूपैयाभन्दा बढी न्यूनतम मूल्य कायम भएका सवारी साधन वा भारी यन्त्र उपकरण लिलाम बिक्री गर्दा अनिवार्य रूपमा बोलपत्र माग गरिएको सूचना प्रकाशित गरी सिलबन्दी बोलपत्रका आधारमा लिलाम गर्नु पर्ने कुरा उल्लेख गरिसकिएको छ । यसरी बोलपत्र माग गर्दा निम्न विषयहरूमा ध्यान दिनु पर्दछः

- राष्ट्रियस्तरका दैनिक पत्र पत्रिकामा कम्तीमा एकपटक सूचना प्रकाशित गर्नुपर्दछ ।
- पहिलोपटक सूचना प्रकाशित गरिएको भए एक्काइस दिन र दोस्रो पटकदेखि भए सात दिनको म्याद दिई सूचना प्रकाशित गर्नुपर्दछ ।
- दोस्रो पटक वा सोभन्दा पनि बढीपटकको सूचना भएमा अघिल्ला सूचना अनुसार लिलाम हुन नसकेकाले पुनः सूचना प्रकाशन गरिएको हो भन्ने ब्यहोरा सूचनामा उल्लेख गर्नुपर्दछ ।
- बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने कार्य सम्बन्धित भन्सार कार्यालयमा नै गर्ने ब्यवस्था मिलाई सूचना प्रकाशित भएकै दिनदेखि बोलपत्र फाराम बिक्री गर्न सक्ने प्रवन्ध मिलाउनु पर्दछ ।

७.२.३.६ बोलपत्रको सूचनामा उल्लेख हुनुपर्ने कुराहरू:

भन्सार नियमावली, २०६४ को नियम ३५ मा लिलामी कार्यका लागि प्रकाशित हुने बोलपत्रको सूचनामा समावेश हुनुपर्ने विषयहरूको उल्लेख गरिएको छ । जस अनुसार बोलपत्रको सूचनामा नै निम्न कुराहरू उल्लेख गर्नुपर्दछ:

- सवारी साधन वा ढुवानी साधन लिलाम गर्नुपर्ने भएमा त्यस्तो साधनको विवरण, इञ्जीन नम्बर, चेसिस नम्बर र उत्पादन वर्ष,
- उत्पादन भएको मितिले बीस वर्ष नाघेका वा इञ्जिन नम्बर वा चेसिस नम्बर वा उत्पादन वर्ष नखुलेका वा खुलाउन नसकिएका सवारी साधनका सम्बन्धमा लिलाम पश्चात् पुनः सवारी साधनका रूपमा दर्ता हुन नसक्ने कुरा अर्थात् कवाडीको रूपमा मात्र लिलाम हुने कुरा,
- न्यूनतम मूल्य,
- वोलपत्र पठाउने तरिका र वोलपत्रवापत लाग्ने दस्तुर,

- वोलपत्र खोल्ने समय, मिति र स्थान,

- वोलपत्र साथ आफूले कवुल गरेको अङ्कको दश प्रतिशतले हुने रकम दाखिला गर्नुपर्ने बैङ्कखाताको विवरण र सो खातामा रकम दाखिला गरेको सक्कल भौचर संलग्न हुनु पर्ने कुरा,

- लिलाम अङ्कमा कुनै कर, शुल्क आदि लाग्ने भए सो कुरा,

  (उदाहरणका लागि हालको कानूनी व्यवस्था बमोजिम आफूले कबोल गरेको अङ्कको १३ प्रतिशत मूल्य अभिवृद्धि कर थप गरी बुझाउनु पर्ने व्यहोरा उल्लेख गर्नुपर्दछ । पछि प्रचलित कानूनमा भन्सार कार्यालयबाट मालवस्तु लिलाम गर्दा अन्य कुनै कर शुल्क आदि लाग्ने व्यवस्था भएमा सो समेत सूचनामा उल्लेख गर्नुपर्दछ) ।

- लिलाम सकार गरेको मालवस्तु उठाई लैजानु पर्ने अवधि ।

  - लिलाम स्वीकृत भएपछि बाँकी रकम सातदिनभित्र बुझाई मालवस्तु उठाई लैजानका लागि लिलाम सकार गर्ने व्यक्तिलाई सूचना दिनुपर्ने भन्ने व्यहोरा भन्सार नियमावलीको नियम ३६ को उपनियम (३) मा उल्लेख भएकाले बोलपत्रको सूचनामा लिलाम स्वीकृत भएको जानकारी पाएको सातदिनभित्र बााकी रकम बुझाई मालवस्तु उठाइ लैजानु पर्ने कुरा उल्लेख गर्नुपर्दछ ।

- इच्छुक व्यक्तिले लिलाम बिक्री हुने मालवस्तु हेर्न वा अवलोकन गर्न सक्ने स्थान र समय,

- सूचनामा खुलाउन आवश्यक देखिएका अन्य कुराहरू ।

७.२.३.७ स्थानीय सूचना प्रकाशित गर्दा ध्यान दिनुपर्ने कुराः

एकलाख रूपैयाँभन्दा बढी न्यूनतम मूल्य भएका सवारी साधन वा भारी यन्त्र उपकरणबाहेक अन्य मालवस्तु लिलाम गर्दा स्थानीय रूपमा नै सूचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्र वा

खुला बोलकबोल आह्वान गर्नु पर्नेछ । यस्तो सूचना प्रकाशित गर्दा निम्न कुराहरूमा ध्यान दिनु पर्दछ:

- पहिलोपटक सूचना प्रकाशित गर्दा पन्ध्र दिनको र दोस्रोपटक देखिको सूचना भए सात दिनको म्याद दिई सूचना प्रकाशित गर्नुपर्दछ ।
- त्यस्तो सूचना कार्यालयको सूचना पाटीमा टाँस गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला विकास समितिको कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र उद्योग वाणिज्य संघको कार्यालयमासमेत टाँस गर्न पठाउनु पर्नेछ ।
- दोस्रो पटक वा सोभन्दा पनि बढीपटकको सूचना भएमा अघिल्ला सूचना अनुसार लिलाम हुन नसकेकाले पुनः सूचना प्रकाशन गरिएको हो भन्ने ब्यहोरा सूचनामा उल्लेख गर्नुपर्दछ ।
- सिलबन्दी दरभाउपत्रद्वारा लिलाम गर्ने गरी सूचना प्रकाशन गरेको भए दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने कार्य सम्बन्धित भन्सार कार्यालयमा नै गर्ने व्यवस्था मिलाई सूचना प्रकाशित भएकै दिनदेखि दरभाउपत्र फाराम बिक्री गर्न सक्ने प्रवन्ध मिलाउनु पर्दछ ।

७.२.३.८ स्थानीय सूचनामा उल्लेख हुनुपर्ने कुराहरू:

भन्सार नियमावली, २०६४ को नियम ३५ मा लिलामी कार्यका लागि स्थानीय रूपमा सूचना प्रकाशित गर्दा त्यस्तो सूचनामा समावेश हुनुपर्ने विषयहरूको उल्लेख गरिएको छ । जस अनुसार सो सूचनामा नै निम्न कुराहरू उल्लेख गर्नुपर्दछ:

- सवारी साधन वा ढुवानी साधन लिलाम हुने भएमा त्यस्तो साधनको विवरण, इन्जीन नम्बर, चेसिस नम्बर र उत्पादन वर्ष,

- उत्पादन भएको मितिले बीस वर्ष नाघेका वा इञ्जीन नम्बर वा चेसिस नम्बर वा उत्पादन वर्ष नखुलेका वा खुलाउन नसकिएका सवारी साधनका सम्बन्धमा लिलाम पश्चात् पुनः सवारी साधनका रूपमा दर्ता हुन नसक्ने अर्थात् कवाडीको रूपमा लिलाम हुने कुरा,
- न्यूनतम मूल्य,
- लिलाम अङ्कमा कुनै कर, शुल्क आदि लाग्ने भए सो कुरा (बोलपत्रको सूचनाका सम्बन्धमा माथि उल्लेख गरिए बमोजिम)
- लिलाम सकार गरेको मालवस्तु उठाई लैजानु पर्ने अवधि, (बोलपत्रको सूचनाका सम्बन्धमा माथि उल्लेख गरिए बमोजिम)
- इच्छुक व्यक्तिले लिलाम बिक्री हुने मालवस्तु हेर्न वा अवलोकन गर्न सक्ने स्थान र समय,
- सवारी साधन बाहेक अन्य मालवस्तुको हकमा त्यस्तो मालवस्तुको विवरण,
- सिलबन्दी दरभाउपत्र आह्वान गरेकोमा त्यस्तो सिलबन्दी दरभाउपत्र पठाउने तरिका, सिलबन्दी दरभाउपत्रवापत लाग्ने दस्तुर, सिलबन्दी दरभाउपत्र खोल्ने स्थान, समय र मिति,
- खुला बोलकबोल आह्वान गरेकोमा बोलकबोलद्वारा लिलाम बढाबढ हुने स्थान तथा सुरू र अन्त्य हुने समय र मिति,
- न्यूनतम मूल्यबाट नै लिलाम बढाबढ सुरू हुने कुरा,
- लिलाम सकार गर्न बोलकबोल सुरू गर्नुअघि नै न्यूनतम मूल्यको दश प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्ने कुरा र कबोल अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने कुरा ।
- सूचनामा नै उल्लेख गर्न आवश्यक देखिएका अन्य कुराहरू ।

७.२.३.९ **पुनः लिलाम बिक्री गर्ने अवस्थाः**

कुनै मालवस्तु लिलाम गर्नका लागि पहिलोपटक सूचना प्रकाशित गर्दा लिलाम हुन नसकेमा त्यस्तो मालवस्तु लिलाम गर्नका लागि पुनः सूचना प्रकाशन गर्नुपर्दछ । यसरी दोस्रो पटक सूचना प्रकाशित गर्दा पनि माथि उल्लेख भए बमोजिमको प्रक्रिया पूरा गर्नु पर्दछ । तर म्याद भने सातदिनको मात्र दिए पुग्दछ । दोस्रो पटक सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेमा त्यस्तो मालवस्तुको भन्सार नियमावलीको नियम ५४ मा उल्लेख भएको मूल्याङ्कन समितिबाट पुनः मूल्याङ्कन गराई संशोधित न्यूनतम मूल्य कायम गराई सो मूल्यका आधारमा माथि उल्लेख गरिए बमोजिम सूचना प्रकाशित गरी लिलाम गर्नुपर्दछ । यसरी पुनः मूल्याङ्कन गरिएको मूल्यमा पनि लिलाम बढाबढ हुन नसकेमा भन्सार अधिकृतले सम्बन्धित जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रोहवरमा मूल्याङ्कन गरी सिधै बिक्री गर्न सक्ने व्यवस्था भन्सार नियमावलीको नियम ३६ को उपनियम (६) मा उल्लेख गरिएको छ । यसरी जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रोहवरमा मूल्याङ्कन गरी सिधै बिक्री गर्नु परेमा निम्न अनुसार गर्नुपर्दछः

- लिलाम हुने मालवस्तुको विवरण तथा लिलाम हुने स्थान, मिति र समय उल्लेख गरी स्थानीय रूपमा सात दिनको म्याद दिई सूचना प्रकाशित गर्ने,
- सो सूचनामा पटक पटक लिलामको सूचना प्रकाशित गर्दा पनि लिलाम हुन नसकेको ब्यहोरा उल्लेख गर्ने,
- त्यस्तो मालवस्तुको न्यूनतम मूल्य कायम नभएको हुँदा बढाबढमा जे जति मूल्य प्राप्त हुन्छ सोही मूल्यमा कानून बमोजिम लाग्ने कर, शुल्क आदि थप गरी लिलाम गरिने ब्यहोरा उल्लेख गर्ने,
- लिलाम हुने स्थान, मिति र समयमा जिल्ला प्रशासन तथा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि र भन्सार

कार्यालयको प्रमुख समेतको रोहवरमा बसी लिलाम बढाबढ गराउने,

- लिलामी मुचुल्काको शीरोभागमा **“भन्सार नियमावली, २०६४ को नियम ३६ को उपनियम** (६) **बमोजिम लिलाम गरिएको मुचुल्का**” भन्ने ब्यहोरा उल्लेख गरी मुचुल्का तयार पार्ने,
- त्यस्तो लिलामी मुचुल्कामा रोहवरमा बस्ने प्रतिनिधि तथा भन्सार कार्यालयको प्रमुखको दस्तखत गराउने ।

७.२.३.१० मालवस्तु नष्ट गरी लगत कट्टा गर्ने अवस्थाः

यस अघि उल्लेख गरिए बमोजिम न्यूनतम मूल्य कायम गरी दुईपटक लिलाम गर्ने सूचना प्रकाशित गर्दा लिलाम हुन नसकेको र त्यसपछि पुनः मूल्याङ्कन गरी संशोधित न्यूनतम मूल्य कायम गरी लिलामीको सूचना प्रकाशित गर्दा पनि लिलाम हुन नसकेको र त्यसपछि पुनः जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधिका रोहवरमा प्रकरण ६.२.२.६ बमोजिम लिलाम गर्न खोज्दा पनि लिलाम हुन नसकेको अवस्थामा त्यस्ता मालवस्तको लगत कट्टा गरेर नष्ट गर्नुपर्दछ । यसरी लगत कट्टा गर्नुपरेको अवस्थामा सोको कारण खुलाई लगत कट्टा गर्नुपर्ने मालवस्तुको मुद्दा नम्बर, मालवस्तु पक्राउ परी भन्सार कार्यालयमा दाखिला भएको मिति, पहिलो पटक कायम भएको न्यूनतम मूल्य, संशोधित न्यूनतम मूल्य, लिलाम गर्नका लागि सूचना प्रकाशित गरिएको पटक (कति पटक) तथा अन्य आवश्यक कुनै कुरा उल्लेख गर्नुपर्ने भए सो समेत उल्लेख गरी भन्सार नियमावली, २०६४ को नियम ३६ को उपनियम (७) बमोजिम लगत कट्टा गर्न स्वीकृतिका लागि भन्सार विभागका महानिर्देशक समक्ष लेखी पठाउनुपर्दछ र महानिर्देशकको स्वीकृति प्राप्त भएपछि त्यस्तो स्वीकृतिको निर्णय मिति तथा स्वीकृतिपत्रको ब्यहोरा समेत उल्लेख गरी कार्यालय प्रमुखले लगत कट्टा गरिएको ब्यहोरा लिखित रूपमा उल्लेख गरी सम्बन्धित मुद्दाको फाईलसाथ राख्नु पर्दछ ।

लिलाम हुन नसकेका मालवस्तुको लगत कट्टा गर्ने कार्य भईसकेपछि भन्सार कार्यालयलले भन्सार नियमावलीको नियम २५ बमोजिम जिल्ला प्रशासन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय वा नजिकको सरकारी कार्यालयमध्ये कुनै दुईवटा कार्यालयका प्रतिनिधि, उपलब्ध भएसम्म स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि र भन्सार अधिकृतको रोहवरमा मुचुल्का खडा गरी सार्वजनिक रूपले त्यस्तो मालवस्तु भन्सार कार्यालयबाट हटाउने वा नष्ट गर्ने कार्य सम्पन्न गरी सोको जानकारी भन्सार विभागलाई दिनु पर्दछ ।

७.२.३.११ मालवस्तु तुरून्त लिलाम बिक्री गर्ने अवस्थाः

भन्सार कार्यालयले जफत गरेका वा न्यूनबीजकीकरण भई आएको कारणले ऐनको दफा १५ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएका मालवस्तुमध्ये निम्न अवस्थाका मालवस्तु लिलाम बिक्री गर्नका लागि माथि उल्लेख भएको समयावधि दिइरहन नपर्ने र त्यस्ता मालवस्तु लिलाम गर्दा भन्सार अधिकृतले कार्यालयको सूचनापाटीमा सूचना टाँस गरी त्यस्तो मालवस्तु आफूकहाँ दाखिला भएको दिन वा दाखिला भएको भोलिपल्ट लिलाम गर्न सक्ने ब्यवस्था भन्सार नियमावली, २०६४ को नियम ३६ को उपनियम (१२) ले गरेको छ :

(क) सड्ने, गल्ने वा पुरानो भई मूल्य घट्न जाने अवस्थाको मालवस्तु,

(ख) उपभोग्य मिति तीन महिनाभन्दा कम भएको मालवस्तु,

(ग) वा गोदाम वा स्थानको अभावले सुरक्षित राख्न नसकिने अवस्थाको मालवस्तु,

(घ) जीवजन्तु ।

अतः उपर्युक्त प्रकृतिका मालवस्तु लिलाम बिक्री गर्नु परेमा माथि बुँदा ६.२.१.५ मा उल्लेख गरिए बमोजिमका विषयहरू समावेश भएको (न्यूनतम मूल्यबाट नै लिलाम बढाबढ सुरू हुने कुरा बाहेक) सूचना कार्यालयको सूचना पाटीमा प्रकाशन गरी लिलाम गर्न सकिन्छ । उल्लिखित मालवस्तु लिलाम गर्दा न्यूनतम मूल्यभन्दा बढी रकममा डाँक बढाबढ नभए पनि लिलाम स्वीकृत गर्न बाधा पर्दैन । अर्थात् उल्लिखित वस्तुहरूलाई माथि उल्लेख गरे बमोजिम तुरून्त बढाबढ गर्दा लिलाम गर्दा जे जति अधिकतम् मूल्य प्राप्त हुन्छ सोही मूल्यको लिलाम भन्सार अधिकृतले स्वीकृत गर्न सक्ने ब्यवस्था भन्सार नियमावलीको नियम ३६ को उपनियम (१२) मा उल्लेख भएको हुँदा न्यूनतम मूल्यभन्दा बढी नै मूल्य प्राप्त भएमा मात्र लिलाम स्वीकृत

गर्नुपर्ने वाध्यता यस अवस्थामा रहँदैन । उदाहरणका लागि रू.५०,०००।- न्यूनतम मूल्य उल्लेख गरी चोरी निकासीको अभियोगमा गाई, गोरू जस्ता जीवित जनावर वा चोरी पैठारीको अभियोगमा उपभोग गर्न मिल्ने अवधि दुई महिना मात्र बाँकी भएको कुनै खाद्य पदार्थ भन्सार कार्यालयमा दाखिला भई लिलाम गर्नु परेमा त्यस्तो मालवस्तु तुरून्त लिलाम गर्दा बढाबढमा रू.३००००।- रूपैयाभन्दा बढी कबोल नभएमा पनि सोही रू.३००००।- को लिलाम स्वीकृत गर्न बाधा पर्दैन ।

७.२.३.१२ लिलाम बिक्री सम्बन्धी विशेष ब्यवस्थाः

(क) <u>वार्ताद्वारा बिक्री गर्न सकिने ब्यवस्था:</u> लिलाम सम्बन्धमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेशनल ट्रेडिङ्ग लिमिटेड, साल्ट ट्रेडिङ्ग कर्पोरेशन, साझा भण्डार लि., तारा गाउँ विकास समिति वा सहकारी संस्थाले भन्सारबाट लिलाम बिक्री गरिने मालवस्तु खरिद गर्न चाहेमा भन्सार नियमावलीको नियम ५४ मा उल्लेख भएको समितिबाट कायम भएको न्यूनतम मूल्यमा कम नहुने गरी वार्ताद्वारा न्यूनतम मूल्य वा सोभन्दा बढी मूल्यमा भन्सार अधिकृतले सिधै बिक्री गर्न सक्ने ब्यवस्था भन्सार नियमावली, २०६४ को नियम ३६ को उपनियम (११) मा उल्लेख भएकाले भन्सार कार्यालयले लिलाम गर्नुपर्ने अवस्थाका मालवस्तु खुला रूपमा लिलाम नगरी उल्लिखित संस्थाहरूलाई सोही बमोजिम बिक्री गर्न सक्दछ ।

(ख) <u>इजाजतपत्रवालालाई मात्र लिलाम गर्नुपर्ने ब्यवस्था:</u> त्यसै गरी अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानूनबमोजिम इजाजत लिएर मात्र बिक्री गर्न पाउने मालवस्तु लिलाम बिक्री गर्दा त्यस्तो इजाजतवाला ब्यक्तिलाई मात्र लिलाम बिक्री गर्नु पर्ने ब्यवस्था भन्सार नियमावलीको नियम ३६ को उपनियम (१०) मा उल्लेख भएकाले इजाजत लिएर मात्र बिक्री गर्न पाउने भनी प्रचलित कानूनले उल्लेख

गरेका मालवस्तुहरू लिलाम गर्नुपर्दा त्यस्तो मालवस्तु बिक्री गर्नका लागि इजाजत पाएका ब्यक्तिहरूका बीचमा मात्र प्रतिस्पर्धा गराई लिलाम गर्नुपर्दछ । उदाहरणका लागि मदिरा बिक्री गर्नका लागि अन्तःशुल्कको इजाजत आवश्यक पर्ने कानूनी ब्यवस्था छ । भन्सार कार्यालयले जफत गरेका र उपभोग गर्न योग्य ठहरिएका मदिरा लिलाम गर्नु पर्दा अन्तःशुल्कबाट मदिरा बिक्री गर्ने अनुमतीपत्र प्राप्त गरेका ब्यक्तिहरूका बीचमा मात्र प्रतिस्पर्धा गराई लिलाम गर्नु पर्दछ । यस्तो अवस्थामा लिलामीको सूचना प्रकाशन गर्दा नै सम्बन्धित निकायबाट इजाजतपत्र प्राप्त गरेका ब्यक्तिहरूले मात्र लिलाम बढाबढमा सहभागी हुन पाउने ब्यहोरा समेत सो सूचनामा उल्लेख गरिदिनु पर्दछ ।

(ग) पत्रु बनाएर मात्र लिलाम गर्नुपर्ने ब्यवस्था: त्यसरी नै उत्पादन भएको मितिले बीस वर्ष नाघेका सवारी साधन वा इञ्जीन नम्बर वा चेसिस नम्बर वा उत्पादन वर्ष नखुलेका वा खुलाउन नसकिएका सवारी साधन लिलाम गर्दा लिलाम सकार गर्ने ब्यक्तिकै खर्चमा पुनः सवारी साधनको रूपमा प्रयोगमा आउन नसक्ने गरी पत्रु बनाई सो ब्यहोरा प्रज्ञापनपत्रमा नै उल्लेख गरी लिलाम गर्नुपर्दछ । यस सम्बन्धी ब्यवस्था भन्सार नियमावलीको नियम ३६ को उपनियम (८) मा उल्लेख भएको छ ।

(घ) ढुवानी साधनको लिलाम सम्बन्धी ब्यवस्था: भन्सार कार्यालयमा दाखिला हुन आएका चोरी पैठारी वा चोरी निकासी गरेको मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सुरक्षित राख्ने स्थानको अभाव भएर वा संरक्षण गर्न नसकिने कारणले भन्सार कार्यालयमा राखिरहन उपयुक्त नदेखिएमा सम्बन्धित भन्सार अधिकृतले भन्सार नियमावलीको नियम ५४ बमोजिमको समितिबाट त्यस्तो साधनको न्यूनतम मूल्य कायम गराई लिलामीका लागि निर्दिष्ट अरू प्रक्रिया पूरा गरी लिलाम बिक्री गर्न गराउन

सक्ने व्यवस्था भन्सार ऐनको दफा ५० को उपदफा (६) तथा भन्सार नियमावलीको नियम ३५ को उपनियम (५) मा उल्लेख भएको छ । यसको अर्थ के हो भने त्यस्तो ढुवानी साधनमा ढुवानी गरिएको मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेको हो वा होइन भन्ने सम्बन्धमा निर्णय हुनु अगाडि नै पनि त्यस्तो ढुवानी साधन उपर्युक्त बमोजिम लिलाम गर्न सकिन्छ र पछि ढुवानी गरिएको मालवस्तु चोरीको मालवस्तु नठहरी बैध नै ठहरिए पनि ढुवानी साधनको धनीले त्यस्तो साधनको लिलामबाट प्राप्त भएको रकम मात्र फिर्ता पाउँदछ । तर त्यस्तो साधन लिलाम गर्नु अगावै साधनको धनीले कायम भएको न्यूनतम मूल्य र सो मूल्यमा प्रचलित कानूनबमोजिम लाग्ने कर, शुल्क समेत थप गरी हुन आउने रकम नगद रूपैंयाँ धरौटी राखी सो सवारी साधन छुटाई लान निवेदन दिन सक्ने र त्यस्तो निवेदन परेकोमा भन्सार अधिकृतले उक्त धरौटी रकम लिई सो सवारी साधन निजलाई नै फिर्ता दिन सक्ने व्यवस्था भन्सार ऐनको दफा ५० को उपदफा (७) र (८) मा उल्लेख भएकाले त्यस्तो सवारी साधन लिलाम नगरी ऐनको सो प्रावधान बमोजिम धरौटी लिई सवारी धनीलाई फिर्ता दिन सकिन्छ । तर यसरी फिर्ता दिँदा तोकिएको समितिबाट मूल्य कायम नगराई प्रतिवेदनमा उल्लेख भएको मूल्यलाई आधार मानेर दिन हुँदैन र समितिबाट मूल्य कायम गराई सो मूल्यका आधारमा माथि उल्लेख भए बमोजिमको धरौटी दाखिला गराएर मात्र दिनु पर्दछ ।

यसरी धरौटी दाखिला गराई सवारी साधनको धनीलाई सवारी साधन फिर्ता दिएकोमा पछि मुद्दा किनारा हुँदा सो साधन जफत हुने ठहरेमा पनि सवारी साधन नै फिर्ता ल्याई लिलाम गर्नु पर्दैन, लिलामको सट्टा सवारी धनीले पहिले राखेको धरौटी जफत गर्नुपर्दछ । तर सो साधन जफत नहुने ठहरेमा सवारी धनीले पहिले राखेको धरौटी निजलाई नै

फिर्ता गर्नु पर्दछ । यस सम्बन्धी व्यवस्था भन्सार ऐनको दफा ५० को उपदफा (७) र (८) मा उल्लेख गरिएको छ ।

७.२.३.१३ लिलाम स्वीकृत गर्नेः

लिलाम बिक्रीका लागि प्रकाशित गरिएको सूचना बमोजिम पेश हुन आएको बोलपत्र वा सिलबन्दी दरभाउपत्र सोही सूचनामा उल्लिखित मिति, स्थान र समयमा खोली सम्बन्धित भन्सार अधिकृतले कबोल रकमको तुलनात्मक विवरण तयार गर्नु पर्दछ । खुला बोलकबोलद्वारा डाँक बढाबढ भएको अवस्थामा पनि सोको मुचुल्का तयार गर्नु गराउनु पर्दछ । तुलनात्मक विवरण वा मुचुल्का तयार गरेपछि भन्सार कार्यालयको प्रमुखले न्यूनतम मूल्य वा सोभन्दा बढी रकम कबोल गर्ने ब्यक्तिको कबोल अङ्क स्वीकृत गर्नु पर्दछ । न्यूनतम मूल्यभन्दा बढी कवोल गर्ने ब्यक्ति एकभन्दा बढी भएमा सबैभन्दा बढी अङ्क कवोल गर्नेको कबोल अङ्क स्वीकृत गर्नुपर्दछ ।

कबोल अङ्क स्वीकृत भएपछि लिलाम सकार गर्ने ब्यक्तिलाई सात दिनभित्र बाँकी रकम भुक्तानी गरी मालवस्तु उठाई लैजाने सूचना दिनु पर्दछ । यसरी सूचना दिएपछि सो सूचनाको म्यादभित्र बाँकी रकम भुक्तान गरी मालवस्तु उठाई नलगेमा निजको धरौटी जफत गरी न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोस्रो ब्यक्तिलाई सोही ब्यहोराको सूचना पठाउनु पर्दछ । निजले पनि म्यादभित्र मालवस्तु नउठाएमा एवं प्रकारले क्रमशः तेस्रो वा चौथो वा क्रमैसँग अन्य घटिवालाको कबोल अङ्क स्वीकृत गर्न सकिनेछ । यसरी घटीवालाको कबोल अङ्क स्वीकृत गर्दा पनि लिलाम बिक्री हुन नसकेमा सबैको धरौटी जफत गरी पुनः लिलाम गर्नु पर्दछ ।

७.२.४ आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम लिलाम गर्ने प्रक्रियाः

कार्यालयको प्रयोग रहेका र कार्यालयको जिन्सी अभिलेखमा आम्दानी बाँधिएका तर पुराना भई प्रयोग गर्न अनुपयुक्त भएका मालवस्तु लिलाम गर्दा आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ७ मा उल्लेख गरिएको प्रक्रिया बमोजिम लिलाम गर्नुपर्दछ । सो अनुसार लिलाम गर्नका लागि निम्न बमोजिमको प्रक्रिया पूरा गर्नुपर्दछ ।

७.२.४.१ जिन्सी प्रतिवेदन तयार गर्नेः

प्रत्येक भन्सार कार्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफ्नो कार्यालयको जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ । सो प्रतिवेदनमा उललेख भएका सामानमध्ये बेकम्बा भई काम नलाग्ने देखिएका सामानहरू लिलाम गर्नुपर्ने भए कार्यालय प्रमुखले लिलाम गर्ने ठहर गरी लिलामको आदेश दिनु पर्दछ । यसरी लिलाम गर्नुपर्ने सामानमध्ये परल मूल्य खुलेकोमा असी हजार रूपैंयासम्मको र परल मूल्य नखुलेको सामान भए हाल मूल्यांकन भएको मूल्यमा एक लाख रूपैंयासम्म वा दुबै गरी चार लाख रूपैयासम्म आर्थिक प्रशासन शाखा प्रमुख, उपलब्धि संचय अधिकृत, भण्डार अधिकृत वा भण्डार सहायक समेतको राय लिई कार्यालय प्रमुखले एक वर्षभित्र लिलाम बिक्री गर्नुपर्दछ । तर घर जग्गा जस्ता स्थिर सम्पति नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बिना लिलाम बिक्री गर्न हुँदैन ।

७.२.४.२ समिति गठन गरी सिफारिस लिनुपर्नेः

मेशिन, औजार, भारी उपकरण र साइकल बाहेकका अन्य सवारी मर्मत तथा सञ्चालनमा बढी खर्च लाग्ने वा पुरानो मोडेल भएकाले साधन वर्तमान अवस्थामा अनुपयुक्त भएमा माथि उल्लेख भएको मूल्यभन्दा बढी भए पनि कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने ठहऱ्याएमा त्यस्ता मालसामान निम्न समिति गठन गरी सो समितिबाट जाँचबुझ एवं सर्वेक्षण गराई सो समितिको सिफारिसका आधारमा लिलाम गर्नुपर्दछ । यस्तो समिति भन्सार विभागको हकमा बेग्लै र भन्सार कार्यालयको हकमा बेग्लै (तल उल्लेख गरिए बमोजिम) हुने व्यवस्था छ ।

(क) <u>भन्सार कार्यालयमा</u>

भन्सार कार्यालयको प्रमुख वा निजले
तोकेको अधिकृत -अध्यक्ष

सम्बन्धित प्रमुख जिल्ला अधिकारीले तोकेको
अधिकृतस्तरको प्राविधिक प्रतिनिधि -सदस्य

सम्बन्धित को.ले.नि.का. ले तोकेको
अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ख) <u>भन्सार विभागमा</u>

महानिर्देशक वा निजले तोकेको
अधिकारी -अध्यक्ष

महालेखा नियन्त्रक कार्यालयले तोकेको
मालसामानको विशेषज्ञ -सदस्य

महालेखा नियन्त्रक कार्यालयले तोकेको
अधिकृतस्तरको प्रतिनिधि -सदस्य

दश लाख रूपैंयाभन्दा बढी मूल्य पर्ने वा विशेष प्रकारको जिन्सी सामानको हकमा माथि उल्लेख भएको समितिले बढीमा दुईजनासम्म सम्बन्धित विषयका प्राविधिकहरूलाई आमन्त्रण गर्न सक्दछ । उल्लिखित खण्ड (क) बमोजिमको समितिले मूल्य नतोकिएको सामानको हकमा अनुमानित मूल्यसमेत तोकी भन्सार कार्यालयको प्रमुखलाई सिफारिस समेतको प्रतिवेदन दिएपछि परल मूल्य खुलेकोमा दश लाख रूपैंया र परल मूल्य नखुलेकोमा मूल्यांकन गर्दा दुई लाख रूपैंयासम्म र दुबै मिलाएर बाह्र लाख रूपैंयासम्मको मालसामान कार्यालय प्रमुखले लिलाम गर्न सक्दछ ।

७.२.२.३ विभागीय स्वीकृति लिनुपर्नेः

परल मूल्य खुलेकोमा दश लाख रूपैंया र परल मूल्य नखुलेकोमा मूल्यांकन गर्दा दुई लाख रूपैंयासम्म र दुबै मिलाएर बाह्र लाख रूपैंयासम्मको मालसामानभन्दा बढी मूल्यको मालसामान भएमा लिलाम गर्ने स्वीकृतिका लागि सबै ब्यहोरा

खुलाई समितिको प्रतिवेदनका साथ भन्सार कार्यालयको प्रमुखले भन्सार विभागमा लेखी पठाउनु पर्दछ ।

तर बाह्र वर्षभन्दा बढी पुराना र चालू हालतमा नरहेका वा चालू हालतमा ल्याउन सो मालसामानको बजार मूल्यको पच्चीस प्रतिशतभन्दा बढी मर्मत खर्च लाग्ने भएमा कार्यालय प्रमुखले बुँदा ६.२.२.२ **को खण्ड** (क) **मा उल्लिखित समितिको** सिफारिसमा लिलाम बिक्री गर्न सक्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ को उपनियम (१६) मा उल्लेख गरिएकोले यस्तो अवस्थामा विभागीय स्वीकृति आवश्यक पर्दैन ।

भन्सार कार्यालयबाट उपरोक्त बमोजिम लेखी आएपछि भन्सार विभागले सोही प्रस्तावित मूल्यलाई समर्थन गरी लिलामीको स्वीकृति सम्बन्धित भन्सार कार्यालयमा पठाउन सक्दछ । तर कार्यालयबाट प्राप्त प्रतिवेदनमा उल्लिखित मूल्यलाई सोझै समर्थन नगरी पुनः सर्वेक्षण एवं मूल्यांकन गर्नुपर्ने देखेमा भन्सार विभागले निम्न बमोजिमको समिति गठन गरी सर्वेक्षण एवं मूल्यांकन गराउन सक्दछः

महानिर्देशकले तोकेको रा.प. प्रथम श्रेणीको अधिकृत	-अध्यक्ष
सम्बन्धित विषयको इञ्जिनीयर	-सदस्य
सम्बन्धित कार्यालय वा मन्त्रालयको अधिकृतस्तरको प्रतिनिधि	-सदस्य
विभागको आर्थिक प्रशासन शाखाको प्रमुख	-सदस्य
विभागले तोकेको विभागको अधिकृतस्तरको प्रतिनिधि	-सदस्य सचिव

उल्लिखित समितिले सामानको उपयोगिता, सेवा आयु, ह्रासकट्टी, अवशेष मूल्य र बजार मूल्य समेत बिचार गरी मूल्य

कायम गर्नुपर्दछ । ह्रासकट्टी गर्दा आयकर कानून बमोजिमको दरमा गर्नुपर्दछ । भन्सार महसुल नतिरेको सामानको मूल्य कायम गर्नुपरेमा भन्सार महसुल समेत समावेश गरी सोही मूल्यमा ह्रासकट्टी गर्नुपर्दछ । यस समितिको सिफारिस प्राप्त भएपछि भन्सार विभागले लिलाम गर्ने आदेशका साथ सो समितिको सिफारिस प्रतिवेदन सम्बन्धित भन्सार कार्यालयमा पठाइदिनु पर्दछ र सो आदेश प्राप्त भएपछि सम्बन्धित भन्सार कार्यालयले त्यस्तो सामान लिलाम गर्नुपर्छ ।

७.२.२.४ लिलाम गर्ने प्रक्रियाः

लिलाम गर्दा एक लाखसम्म मूल्य भएको सामानको हकमा पन्ध्र दिनको र सोभन्दा बढी मूल्यको सामानको हकमा एक्काइस दिनको म्याद दिई निम्न कुरा खुलाई सूचना प्रकाशन गर्नुपर्दछ ।

- मालसामानको विवरण,
- मालसामानको न्यूनतम मूल्य,
- लिलाम सकार गरेको मालवस्तु उठाई लैजानु पर्ने अवधि,
- इच्छुक व्यक्तिले लिलाम बिक्री हुने मालवस्तु हेर्न वा अवलोकन गर्न सक्ने स्थान र समय,
- सवारी साधन बाहेक अन्य मालवस्तुको हकमा त्यस्तो मालवस्तुको विवरण,
- लिलाम बढाबढ हुने स्थान तथा सुरू र अन्त्य हुने समय र मिति,
- न्यूनतम मूल्यबाट नै लिलाम बढाबढ सुरू हुने कुरा,
- लिलाम सकार गर्न बोलकबोल सुरू गर्नुअघि नै न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्ने कुरा

र कबोल अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने कुरा । तर बोलपत्र माग भएकोमा बोल अंकको दश प्रतिशतले हुने रकम नगद धरौटी वा बैङ्क जमानत राख्नु पर्ने कुरा,

- सूचनामा नै उल्लेख गर्न आवश्यक देखिएका अन्य कुराहरू ।

७.२.२.५ बोलपत्र माग गरी लिलाम गर्नुपर्ने:

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ मा लिलाम बिक्री गर्दा बोलपत्रबाट लिलाम गर्ने प्रक्रिया उल्लेख भएको छ । तर खुला बोलकबोलबाट लिलाम गर्ने प्रक्रियाका विषयमा नियमावली मौन रहेको देखिन्छ । अतः यस नियम बमोजिम लिलाम बिक्री गर्नुपर्दा बोलपत्रको सूचना प्रकाशित गरेर गर्नुपर्दछ । सो नियमावलीको नियम ५८ को उपनियम (११) मा उल्लेख भए अनुसार निम्नानुसार दुई प्रकारले बोलपत्रको सूचना प्रकाशन गर्न सकिन्छ ।

(क) **स्थानीय रूपमा बोलपत्र माग गरेको सूचना प्रकाशित गर्ने:**

परल मूल्य नखुलेकोमा मूल्यांकन गर्दा एक लाख रूपैयासम्म र परल मूल्य खुलेकोमा हाल मूल्यांकन गर्दा तीन लाख रूपैंयासम्म मूल्य कायम हुने मालसामानको लिलाम बिक्री गर्न स्थानीय रूपमा सूचना टाँस गरी गर्न सकिन्छ । यसरी स्थानीय सूचना प्रकाशन गर्दा सम्बन्धित भन्सार कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला विकास समिति तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा बोलपत्र आह्वानको सूचना टाँस गरी लिलाम बिक्री गर्नुपर्दछ ।

(ख) **राष्ट्रियस्तरको पत्र पत्रिकामा सूचना प्रकाशित गर्ने:**

खण्ड (क) मा उल्लेख भएकोभन्दा बढी मूल्य कायम हुने मालसामानको लिलाम बिक्री गर्नका लागि राष्ट्रियस्तरको पत्र पत्रिकामा बोलपत्र आह्वानको सूचना प्रकाशन गरी लिलाम गर्नुपर्दछ ।

बोलपत्र फारामको शुल्कको हकमा एक लाख रूपैंयासम्मको न्यूनतम मूल्य भएको बोलपत्रका लागि रू. तीन सय, एकलाखभन्दा बढी रू. तीनलाख सम्मको न्यूनतम मूल्य भएको बोलपत्रका लागि रू. एक हजार र दशलाख रूपैयाभन्दा बढी न्यूनतम मूल्यको बोलपत्रका लागि दुई हजार रूपैंया तिरी बोलपत्र दाताले कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फाराम खरिद गर्नुपर्ने व्यवस्था आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ को उपनियम (१०) मा उल्लेख गरिएको छ । तसर्थ बोलपत्रद्वारा लिलाम गर्नुपर्ने भएमा सो बमोजिम रकम तिरी सम्बन्धित कार्यालय र भन्सार विभागबाट बोलपत्र फाराम खरिद गर्न सक्ने र दुवै स्थानमा दाखिला गर्न सक्ने व्यहोरा समेत बोलपत्र माग गर्ने सूचनामा नै उल्लेख गर्न उपयुक्त हुन्छ ।

७.२.२.६ पुनः लिलाम गर्ने व्यवस्थाः

पहिलो पटक प्रकाशित सूचना अनुसार मालसामान लिलाम हुन नसकेमा सात दिनको म्याद दिई पुनः लिलाम बिक्रीको कारवाही गर्नुपर्दछ । यसरी दोस्रोपटक पनि लिलाम हुन नसकेमा कायम मूल्यमा नघट्ने गरी सिधै वार्ताद्वारा लिलाम गर्न सकिन्छ । वार्ताद्वारा पनि लिलाम हुन नसकेमा बुँदा ६.२.२.२ मा उल्लेख भए बमोजिमको समितिबाट पुनः मूल्यांकन गरी लिलाम गर्न सकिन्छ । यसरी पुनः मूल्यांकन गरिएको मूल्यमा पनि लिलाम हुन नसकेमा कार्यालय प्रमुखले सम्बन्धित जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रोहबरमा मूल्य कायम गरी भन्सार विभागको स्वीकृति लिई सिधै बिक्री गर्न सकिने र यसरी सिधै बिक्री गर्न खोज्दा समेत बिक्री हुन नसकेमा विभागीय निर्णयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था सो नियमावलीको नियम ५८ को उपनियम (१३) मा उल्लेख गरिएको छ । यस प्रकारले लगत कट्टा गर्नुपर्ने अवस्थामा सबै विवरण खुलाई लगत कट्टा गर्ने स्वीकृतिका लागि भन्सार विभागमा लेखिपठाउनु पर्दछ ।

७.२.२.७ लिलाम स्वीकृत गर्नेः

बोलपत्रहरू प्राप्त भएपछि प्राप्त बोलपत्रहरूको तुलनात्मक विवरण तयार पारी न्यूनतम मूल्यभन्दा बढी कबोल गर्नेमध्ये सबैभन्दा बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत गरी बाँकी रकम भुक्तानी गरी बोलपत्रको सूचनामा उल्लेख गरे बमोजिमको म्यादभित्र सामान उठाई लैजान सम्बन्धित व्यक्तिलाई लिखित सूचना दिनु पर्दछ । सो म्यादभित्र निजले सामान उठाई नलगेमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ को उपनियम (१२) अनुसार निजले राखेको धरौटी जफत गरी सो धरौटी रकमले खाम्नेसम्मको दोस्रो कबोलवालाको बोलपत्र स्वीकृत गर्नुपर्दछ । उदाहरणका लागि रू. दश हजार मूल्य कायम भएको सामान लिलाम गर्ने सूचना प्रकाशित गर्दा पहिलो कबोलवालाले चौध हजार रूपैयाँ कबोल गरेको छ भने निजले एक हजार चार सय रूपैयाँ (कबोल अंकको दश प्रतिशतले) धरौटी राखेको हुन्छ । निजलाई सूचना दिँदा म्यादभित्र सामान नउठाएमा सो धरौटी जफत गरी निजकोभन्दा एक हजार चार सय रूपैंयासम्म कम कबोल गर्ने दोस्रो प्रतिस्पर्धीको बोलपत्र स्वीकृत गर्न सकिन्छ । दोस्रोले पनि सामान नउठाएमा यसै क्रम बमोजिम क्रमशः तेस्रो, चौथो प्रतिस्पर्धीको लिलाम स्वीकृत गर्न सकिन्छ तर यसमा के कुरामा ध्यान दिनु पर्दछ भने स्वीकृत हुने सरोकारवालाले कबोल गरेको रकम पहिलो कबोलवालाको रकममा निजले राखेको धरौटी रकम घटाउदा हुन आउने रकमभन्दा घटी हुन्छ भने त्यस्तो लिलाम स्वीकृत गर्न हुदैन । यस्तो अवस्था परेमा यस अघि उल्लेख गरिएको प्रक्रिया अनुशरण गर्दै पुनः लिलामीको कारवाई गर्नु पर्दछ ।

परिच्छेद - ८
गलत घोषणा सम्बन्धमा गरिने कार्यवाही

८.१ गलत घोषणा भएको मानिने:

"घोषणा" भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले निकासी पैठारी गर्ने मालवस्तुको विवरण प्रज्ञापनपत्रमा उल्लेख गर्ने वा विद्युतीय माध्यमबाट तोकिएबमोजिम सम्प्रेषण गर्ने कार्य सम्झनु पर्दछ भनी भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (घ) मा उल्लेख गरिएको छ । यस प्रकार घोषणा गर्दा मालवस्तुको नाम, परिमाण, संख्या उत्पत्तिको मुलुक, गुणस्तर आदि फरक पारी घोषणा गर्ने कार्यलाई गलत घोषणा मान्नु पर्दछ ।

गलत घोषणा प्राय भन्सार महसुल वा अन्तःशुल्क वा मूल्य अभिवृद्धि कर वा सबै कम गर्ने वा छल्ने वा प्रतिवन्धित मालवस्तु आयात गर्ने मनसायले गरेको देखिन्छ । गलत घोषणामा निम्न क्रियाकलाप हुन सक्ने भएकोले कागजात वा मालवस्तु भौतिक परीक्षण गर्दा विशेष ध्यान दिनु पर्दछ:

- एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्को पदार्थबाट निर्मित भनिएको,
- मालवस्तुको परिमाण, नाम, ब्राण्ड, मोडेल, साइज फरक पारिएको,
- स्पेयर पार्टसहरू आयात गरिएकोमा सिङ्गो वा पूर्ण मालवस्तु भनी घोषणा गरेको ।
- मालवस्तुको गुणस्तर फरक पारी घोषणा गरिएको,
- एउटा देशमा निर्मित मालवस्तुलाई अर्को मुलुकमा बनेको भनी घोषणा गरिएको,
- रासायनिक पदार्थहरूको मिश्रणको अनुपात (Composition) फरक पारेको,
- तयारी मालवस्तुलाई अर्धतयारी वा कच्चा भनी घोषणा गरेको,
- पुरानो मालवस्तुलाई नयाँ वा नयाँ मालवस्तुलाई पुरानो भनी घोषणा गरेको,
- सवारी साधनहरूमा सिट संख्या वा सवारी साधनको प्रकार फरक पारेको,

- मालवस्तुको पूर्ण विवरण घोषणा नगरिएको,
- सिंगो मालवस्तुलाई खोलखाल गरी पार्टसको रूपमा घोषणा गरेको,
- यु.पी. एस. लाई कम्प्यूटर पार्टस भनी घोषणा गरेको,
- ग्राउण्ड पावर इक्वीपमेण्टलाई हवाइजहाजको पार्टपुर्जा भनी घोषणा गरेको ।

मालवस्तुको जाँच गर्दा वा कागजातहरूको परीक्षण गर्दा माथि उल्लिखित कुराहरूमा फरक पारी घोषणा हुने संभावनातर्फ विशेष सतर्क रही मालवस्तु गलत घोषणा भए नभएको तर्फ यकिन गर्नुपर्दछ । माथि उल्लिखित कुनै वा सबै कुरा फरक पारी घोषणा भएको पाइएमा भन्सार अधिकृतले गलत घोषणा भएको मानी भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (५) देखि (९) सम्म उल्लिखित सजाय गर्नु पर्दछ ।

८.२ **गलत घोषणामा गरिने दण्ड सजायः**

भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (५) देखि (९) सम्म गलत घोषणामा दण्ड सजाय गरिने ब्यवस्था गरिएको छ । ती उपदफामा उल्लिखित दण्ड सजाय गर्दा कुन प्रकृतिको गलत घोषणा हो भनी यकिन गर्नुपर्दछ ।

८.२.१ **पैठारीमा गलत घोषणामा हुने सजायः**

(क) उपदफा (५) बमोजिम हुने सजायः

यस उपदफा बमोजिम मालवस्तुको सम्पूर्ण विवरण मिलेको तर जति घोषणा गर्नुपर्ने हो त्यति नगरी कम अर्थात् घटी गरी घोषणा गरेको अवस्थामा जति घटी घोषणा गरेको छ त्यति परिमाणका मालवस्तुको मूल्यको शतप्रतिशत जरिवाना र लाग्ने महसुल असुल गरी जाँचपास गर्नुपर्दछ ।

उदाहरणः कुनै आयातकर्ताले २१ इन्चीको जापानमा निर्मित एउटै मोडेलको सोनी टेलिभिजन ५० वटा आयात गरेकोमा ४० वटा मात्र घोषणा गरेकोमा मालवस्तु जाँच गर्दा ५० वटा देखिएमा घोषणा गरेको १० वटा टेलिभिजनमा मूल्यको शतप्रतिशत जरिवाना तथा लाग्ने महसुल असुल गरिन्छ । यसरी घटी घोषणा गरेकोमा घोषणा

नगरिएको मालवस्तु अर्कै मोडेल, ब्राण्ड वा साइजको वा अन्य कुनै प्रकारले फरक छ भने यो उपदफा आकर्षित हुँदैन ।

(ख) <u>उपदफा (६) बमोजिम हुने सजायः</u>

यस उपदफा बमोजिमको सजाय गर्दा मालवस्तुको सम्पूर्ण विवरण मिलेको तर मालवस्तु जुन देशमा निर्मित वा उत्पादित हो सो बमोजिम घोषणा नगरी अर्कै मुलुकमा निर्मित वा उत्पादित भनी घोषणा गरेकोमा यो उपदफा आकर्षित हुन्छ ।

<u>उदाहरण</u>ः कुनै आयातकर्ताले जापानमा निर्मित टेलिभिजन आयात गरेकोमा प्रज्ञापनपत्रमा चीनमा निर्मित भनी उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेको छ र टेलिभिजनको अन्य सबै विवरण ठीक घोषणा गरेको छ भने यस प्रकार उत्पत्तिको मुलुक मात्र फरक पारी घोषणा गरेमा त्यस्तो मालवस्तुमा लाग्ने महसुल बराबरको रकम जरिवाना र नियमानुसार लाग्ने महसुल असुल गर्नुपर्दछ । मालवस्तुको उत्पत्तिको मुलुक तथा अन्य विवरण समेत फरक पारी घोषणा गरेकोमा यो उपदफा आकर्षित हुदैन ।

८.२.२ **<u>निकासी गर्दा गलत घोषणा गरेकोमा हुने सजाय</u>** :

(क) <u>उपदफा (६) बमोजिम गरिने सजायः</u> यस उपदफा बमोजिमको निकासी हुने मालवस्तु घोषणा गर्दा अरू सबै विवरण ठीकसँग घोषणा गरको तर जुन देशमा निर्मित मालवस्तु हो सो देश घोषणा नगरी अर्कै देश घोषणा गरेको अवस्थामा गरिन्छ ।

<u>उदाहरणः</u> कुनै आयातकर्ताले नेपालबाट गलैंचा निकासी गर्दा भारतमा निर्मित गलैंचालाई नेपालमा उत्पादित गलैंचा भनी घोषणा गरेको वा भारतमा निर्मित मूर्ति वा हस्तकलाका सामानलाई नेपालमा निर्मित भनी घोषणा गरेको अवस्थामा यो दफा प्रयोग हुन्छ । यस उपदफा बमोजिम सजाय गरी मालवस्तु जाँचपास गर्दा दुइ देशबीच भएका सम्झौताको पनि ख्याल गर्नुपर्दछ ।

(ख) <u>उपदफा (७) बमोजिम गरिने सजायः</u> निकासी हुने मालवस्तुमा क्रेडिट सुविधा लिनको लागि वास्तविक निकासी परिमाणभन्दा बढी परिमाणमा घोषणा गर्ने वा कच्चा पदार्थ पैठारी गर्दा पासबूक वा बैङ्क ग्यारेण्टीको सुविधामा आयात गरेकोमा तयारी वस्तु स्वदेशमा

बिक्री गरी पासबूक फुकुवा वा बैङ्क ग्यारेण्टी फुकुवा प्रयोजनको लागि निकासी गर्दा मालवस्तुको परिमाण बढी देखाउने संभावना रहन्छ । यसको अलावा गलत तरिकाले आर्जित सम्पत्ति वा आयकर कम तिर्ने प्रयोजनका लागि निकासीबाट प्राप्त आय बढी देखाउन पनि निकासीमा परिमाण वा मूल्य बढी घोषणा गर्ने प्रवृत्ति रहन्छ ।

परिमाण बढी घोषणा गरेकोमा यस उपदफाले सजाँयको व्यवस्था गरेको भएपनि अस्वभाविक मूल्य घोषणा गरेकोमा सजायको व्यवस्था नदेखिएपनि भन्सार कार्यालयले यसको पुष्ट्याई माग गर्नुपर्दछ । अर्थात् निकासीबाट प्राप्त हुने भुक्तानी सम्बन्धी कागजात वा सम्झौता हेरी निकासी गरिने मालवस्तुको मूल्य वास्तविक रूपमा अस्वभाविक छ छैन भनी यकिन गर्नुपर्दछ ।

यस उपदफा बमोजिम निकासी गर्दा बढी परिमाण घोषणा गरिएकोमा सजाय गर्दा प्रज्ञापनपत्रमा घोषणा गरिएभन्दा जे जति परिमाणमा बढी मालवस्तु घोषणा गरिएको छ, त्यति परिमाणको मूल्यको दुईसय प्रतिशत जरिवाना गरी वास्तविक परिमाण प्रज्ञापनपत्रमा उल्लेख गरी जाँचपास गर्नुपर्दछ ।

उदाहरणः कुनै निकासीकर्ताले १० टन वनस्पति घ्यू निकासी गर्न ल्याएकोमा प्रज्ञापनपत्रमा १५ टन घोषणा गरेको देखिएमा बढी घोषणा गरिएको परिमाण ५ टनमा मूल्यको दुइसय प्रतिशत जरिवाना गरी प्रज्ञापनपत्रमा १० टन मात्र भएको ब्यहोरा जनाई जाँचपास गर्नुपर्दछ । तर यसरी परिमाण बढी देखिएको मालवस्तु घोषणा गरिएको मालवस्तुभन्दा फरक नाम, व्राण्ड वा गुणस्तरको हुनु हुँदैन ।

(ख) उपदफा (८) बमोजिम गरिने सजायः यस उपदफा बमोजिम सजाय गर्दा निकासी गर्न ल्याइएको मालवस्तु र घोषणा गरिएको विवरण अर्थात् नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर फरक परेको अवस्थामा यो उपदफा आकर्षित हुन्छ । यसमा निकासी गरिने मालवस्तुको नाम, नाप, आकार एवं गुणस्तर अर्थात् एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी घोषणा गरिएको

अवस्था विद्यमान हुन्छ । मालवस्तुको नाम मिले पनि गुणस्तर, नाप, आकार फरक परेको अवस्था हुन सक्दछ ।

यसरी गलत घोषणा गरेको मालवस्तु निकासी गर्न नपाउने भएकोले त्यस्तो मालवस्तु जफत गरी मालवस्तु धनीलाई विगोको मूल्य बराबर जरिवाना समेत गर्नुपर्दछ ।

(ग) उपदफा (९) बमोजिम गरिने सजायः यस उपदफा बमोजिम कुनै आयातकर्ताले मालवस्तु पैठारी गर्दा एक प्रकारको मालवस्तुलाई अर्कै मालवस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तरमध्ये सबै वा कुनै कुरा फरक पारी घोषणा गरेको अवस्थामा गरिन्छ । यसका साथै मालवस्तुको भौतिक परीक्षण गर्दा कुनै मालवस्तु घोषणा नै नगरेको फेला पारिएमा पनि यही उपदफा बमोजिम सजाय गरिन्छ । यस प्रकार गलत घोषणा गरिएकोमा त्यस्तो मालवस्तु जफत गरी सो मालवस्तुको मूल्य वरावर जरिवाना गर्न वा त्यस्तो मालवस्तुको मूल्यको २०० प्रतिशत जरिवाना र लाग्ने महसुल असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्न सकिन्छ । यस अन्तर्गत पर्ने गलत घोषणाहरू निम्न उदाहरण बमोजिमका हुन सक्दछन्:

उदाहरण नं.१ः कुनै आयातकर्ताले जापानमा निर्मित २१ इन्चीको एल. सि. डी. सोनी टेलिभिजन पैठारी गरेकोमा घोषणा गर्दा २१ इन्ची रंगीन CRT (Cathod ray tube) टेलिभिजन भनी घोषणा गरेको वा एल सी डी टेलिभिजन भनी घोषणा गरेपनि २१ इन्ची घोषणा नगरी १४ इन्ची भनी घोषणा गरेको वा रंगीन टेलिभिजन पैठारी गरेकोमा श्यामश्वेत अर्थात् Black and White भनी घोषणा गरेको ।

उदाहरण नं.२ः कुनै आयातकर्ताले पोलिष्टर वा नाइलन जस्ता कृत्रिम रेशाबाट निर्मित कपडा पैठारी गरेकोमा १०० प्रतिशत कपासबाट निर्मित (100% cotton fabric) भनी घोषणा गरेको ।

उदाहरण नं.३: कुनै आयातकर्ताले ऊनीबाट निर्मित गलैँचालाई शतप्रतिशत नाइलनबाट बनेको भनी घोषणा गरेको ।

उदाहरण नं४: स्पीरिटबाट उत्पादित मदिरालाई फलफुलको रसबाट बनेको "वाइन" भनी घोाषण गरेको ।

उदाहरण नं.५: कम्पोजिट सोलभेन्टलाई मिनरल टर्पेन्टाइन आयल भनी घोषणा गरेको ।

उदाहरण नं.६: तयारी कपडा पैठारी गर्दा ब्यस्कको कपडा पैठारी गरेकोमा बच्चाको कपडा भनी नाप फरक पारी घोषणा गरेको ।

उदाहरण नं.७: कुनै पैठारीकर्ताले १०० थान जिन्स पाइन्ट भनी घोषणा गरेकोमा भौतिक परीक्षण गर्दा ५० थान कटन पाइन्ट बढी फेला परेको आदि ।

यस प्रकार गलत घोषणामा दण्ड सजाय गर्दा कुन प्रकृतिको गलत घोषणा हो भन्ने कुरा यकिन गरेर सोही बमोजिम सजाँय गर्नुपर्दछ ।

परिच्छेद-९
प्रयोगशाला परीक्षण सम्बन्धी व्यवस्था

९.१ प्रयोगशाला परीक्षणको आवश्यकता:

कुनै पनि माल सामान प्रचलित नियम, कानूनको अधिनमा रही निकासी वा पैठारी गर्न पाउनु आयात वा निर्यातकर्ताको अधिकार हो भने निर्दिष्ट प्रक्रिया पूरा गरी जाँचपास गर्नु भन्सार कर्मचारीको कर्तब्य हो । भन्सारबाट माल सामान जाँचपास गर्दा कतिपय मालवस्तुको सही पहिचानको लागि प्रयोगशालामा परीक्षण गराउनु पर्ने हुन्छ । ऐन नियमले निर्धारित प्रयोशागलामा परीक्षण गराउनु पर्ने गरी तोकेको वाहेकका अन्य सम्पूर्ण नमूनाहरू र शंकास्पद अन्य नमूनाहरूको परीक्षण भन्सार विभाग वा भन्सार कार्यालयका आफ्नै प्रयोगशालामा परीक्षण गरिने भएकोले भन्सारबाट जाँचपास गरिने सामानहरूको प्रयोगशाला परीक्षण गराउन आवश्यक भएमा भन्सार कार्यालयमा आफ्नै प्रयोगशाला भएमा त्यहीबाट र त्यहाँबाट परीक्षण गर्न नसकिने अवस्था भएमा भन्सार विभागमा पठाउनु पर्दछ । निकासी वा पैठारी गरिने वस्तुहरूको यथार्थ वर्गीकरण होस्, गलत घोषणाबाट राजस्व चुहावट हुन नपाओस् र प्रतिबन्धित वस्तुहरू गलत घोषणाका आधारमा निकासी पैठारी हुन नसकुन् भन्ने उद्देश्यले मालवस्तुको प्रयोगशाला परीक्षण गर्ने गरिन्छ । विभागको प्रयोगशालामा परीक्षण गर्न नसकिने वस्तुको परीक्षण अन्य निकायका प्रयोगशालाबाट गराई प्राप्त प्रतिवेदन सम्बन्धित भन्सार कार्यालयमा पठाउने काम भन्सार विभागको विशेषज्ञ (प्रयोगशाला शाखा) बाटै गर्नुपर्दछ ।

९.२ नमूना पठाउँदा ध्यान दिनुपर्ने कुराहरू:

१. भन्सार कार्यालयहरूले मालवस्तुको वर्गीकरण गर्न द्विविधा परेको कारणले नमूना पठाउनु परेमा भन्सार विभागको वस्तु वर्गीकरण सम्बन्धी काम गर्न तोकिएको शाखामा र रासायनिक वस्तु पहिचानका लागि प्रयोगशालामा परीक्षण गरेर मात्र जाँचपास गर्नुपर्ने अवस्थामा सोझै विभागको प्रयोगशाला शाखामा नमूना पठाउनु पर्दछ ।

२ सम्बन्धित आयातकर्ताले मालवस्तुको यकिन किटान गरी प्रज्ञापनपत्र भरी घोषणा गरेपछि मात्र प्रज्ञापनपत्र दर्ता गरी घोषणा गरे बमोजमको सामान हो होइन भन्ने द्विविधा परेमा परीक्षणको लागि पठाउनु पर्दछ ।

३ परीक्षणका लागि नमूना झिक्दा $\sqrt{N_1}+1$ का सूत्र बमोजिम नमूना निकाल्नु पर्दछ । $\sqrt{N_1}+1$ सूत्रमा N ले प्याकिङ मेटेरियल, जस्तै : ड्रम, कन्टेनर र पोका वा कार्टुन को संख्यालाई जनाउँदछ । उदाहरणको लागि १०० ड्रममा आएको कुनै सामानको नमूना झिक्दा $\sqrt{100}+1 = 10+1$ अर्थात् कम्तीमा ११ वटा ड्रमबाट नमूना निकाली पठाउनु पर्दछ ।

४ नमूना निकाल्दा प्रमुख भन्सार अधिकृत वा भन्सार अधिकृतको रोहवरमा निकाली कसको रोहवरमा निकालिएको हो भन्ने व्यहोरा समेत नमूना पठाउने पत्रमा उल्लेख गर्नुपर्दछ ।

५ मालवस्तुको प्रकृति तथा परीक्षणको उद्देश्य अनुसार नमूनाको परिमाण अनुमान गरी पठाउनुपर्दछ । जस्तै- मलखादको नमूना कम्तीमा २०० ग्राम, खाने तेल, सोल्भेन्ट जस्ता तरल पदार्थको नमूना कम्तीमा ५०० मिलिलिटर, औषधिको कच्चापदार्थको नमूना कम्तीमा ५ ग्राम पठाउनु पर्दछ ।

६ नमूना पठाउँदा जलांशको मिश्रण हुन नपाउने गरी पठाउनु पर्दछ ।

७ नमूना पठाउँदा सिलवन्दी गरी सम्भव भएसम्म भन्सार कार्यालयकै कर्मचारीहरूसँग र सम्भव नभएमा छिटो साधनद्वारा पठाउनु पर्दछ । सम्बन्धित आयातकर्ताहरूसँग नमूना पठाउनु हुँदैन ।

८ विस्फोटक पदार्थ वा अन्य कुनै घातक रसायनको नमूना संकलन गर्दा र परीक्षण गर्दा विशेष सावधानी नअपनाए सुरक्षामा असर पर्ने र ज्यानसम्म जानसक्ने अवस्था हुन्छ । अतः यस प्रकारका वस्तुहरूको Handling गर्ने सम्बन्धमा उत्पादक कम्पनीले विशेष निर्देशन उल्लेख गरेको हुन्छ । नमूना संकलन गर्दा सो निर्देशन बमोजिम गर्नुपर्छ र त्यस्तो निर्देशन नमूना परीक्षणका लागि पठाउँदा साथै पठाउनु पर्दछ ।

९.३ परीक्षणको लागि पठाउँदा आवश्यक पर्ने कागजातहरू:

मालवस्तु प्रयोगशाला परीक्षणका लागि पठाउँदा निम्न कागजातहरू नमूना सँगै पठाउनु पर्दछः

- प्रज्ञापनपत्र ।
- बीजक (Invoice) र प्याकिङ्ग लिष्ट ।
- संभव हुने मालवस्तुमा वस्तुको मिश्रण अवयव (Composition) खुल्ने Material specification वा विश्लेषण प्रतिवेदन (Analytical Report) । यस्ता विवरण सम्बन्धित पैठारीकर्ताबाट माग गरी पठाउन सकिन्छ ।
- Trade Name मात्र उल्लेख भई आएकोमा सो वस्तुको Generic वा Chemical Name उल्लेख भएको कागजात ।

९.४ परीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरूः

भन्सार कार्यालयहरूबाट परीक्षणका लागि नमूना प्राप्त हुन आएपछि प्रयोगशालामा परीक्षण गर्ने कर्मचारीले कुन उद्देश्यले वा कुन प्रश्नको निदानका लागि परीक्षण गर्नुपर्ने हो भन्ने तथ्यमा बिचार पुऱ्याई सोही अनुरूप नमूनाका आवश्यक अवयव (Parameter) हरूको परीक्षण गरी छिटो साधनद्वारा जहाँबाट नमूना प्राप्त भएको हो सोही ठाउँमा पठाइदिनु पर्दछ ।

परिच्छेद - १०
बैङ्क जमानत फुकुवा गर्ने प्रक्रिया

१०.१ बैङ्क जमानतमा मालवस्तु पैठारी गर्न सकिने कानूनी व्यवस्था:

भन्सार नियमावली, २०६४ को नियम ९ बमोजिम वण्डेड वेयर हाउसको इजाजतपत्र प्राप्त गरेका उद्योग वा करमुक्त पसल सँचालन गर्न इजाजत लिएका व्यक्तिले वण्डेड वेयर हाउसमा राख्ने गरी आयात गर्ने मालवस्तुहरू बैङ्क जमानतमा पैठारी गर्न सक्दछन् (भन्सार नियमावली, २०६४ को नियम १०) ।

- मिल, मेशिनरी, प्लान्ट, यन्त्र, उपकरणहरू पैठारी गर्दा पूर्ण रूपमा खोलखाल गरी (Complete Knocked Down (CKD) वा अर्ध खोल खाल गरी (Semi Knocked Down (SKD) पैठारी गरेकोमा भन्सार कार्यालयलाई पूर्ण रूपमा मेशिनको सेट हो वा पार्टपुर्जा मात्र हो भनी द्विविधा भएकोमा मिल मेशिनरीमा लाग्ने महसुल तिरी ती अवयवहरू जुन जुन उपशीर्षकबाट वर्गीकरण गर्नुपर्ने हो सोही अनुसारको महसुल वापत बैङ्क जमानत राखी पैठारी गर्न सकिन्छ । (आर्थिक अध्यादेश, २०६७ को अनुसूची-१ को दफा १४ को उपदफा २(ढ), तथा उपदफा (३)(ग)) ।
- हवाई कम्पनीले अन्तर्राष्ट्रिय उडानका लागि आवश्यक पर्ने क्याटरिङ्गका मालवस्तुहरू र इन्फ्लाइट करमुक्त पसलमा बिक्री गर्ने मालवस्तु पैठारी गर्दा सो मालवस्तुमा लाग्ने भन्सार महसुल वापतको रकम धरौटी राखी वा सो वरावरको बैङ्क जमानत राखी पैठारी गर्न पाउँछन् । (भन्सार नियमावली, २०६४ को नियम (११) ।
- नेपालमा द्विपक्षीय वा वहुपक्षीय ऋण वा अनुदानमा संचालित आयोजनाका ठेकेदारहरूले आयोजनाको काम समाप्त भएपछि फिर्ता लैजाने शर्तमा आयात गर्ने यन्त्र उपकरण, औजारहरू एवं सवारी साधनहरू सम्झौतामा उल्लेख भएका बैङ्क जमानतमा पैठारी गर्न सक्दछन् । (आर्थिक अध्यादेश, २०६७ को अनुसूची १ को दफा १३(४)(क)) ।
- विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले पैठारी तथा निकासी गर्ने निम्न मालवस्तुहरू बैङ्क जमानतमा पैठारी गर्न सक्दछ:

- निकासी गर्ने तयारी मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ सहायक कच्चा पदार्थ प्याकिङ्ग सामग्री एवं उत्पादनमा प्रयोग हुने अन्य पदार्थ,

  नेपालमा कपडा उद्योगले उत्पादन गर्ने कपडा निकासीमूलक तयारी पोशाक उद्योगलाई बिक्री गर्ने भएमा सो कपडा उत्पादनको लागि आवश्यक पर्ने धागो पैठारी गर्दा कपडा उद्योग संघको सिफारिसमा सो धागोमा लाग्ने भन्सार महसुल वापतको रकम बराबरको बैङ्क जमानत राखी पैठारी गर्न पाउँछ । (भन्सार नियमावली, २०६४ को नियम ११(२)) ।

- उद्योगको लागि आवश्यक पर्ने प्लाण्ट, मेशिनरी, यन्त्र उपकरण, औजारहरू तथा पार्टपुर्जा र उद्योगको आकार र प्रकृतिको आधारमा तीनवटा सम्म सवारी साधन । (भन्सार ऐन, २०६४ को दफा १२) ।

  नेपाल सरकारले कुनै व्यक्तिलाई कुनै मालवस्तु बैङ्क जमानत सुविधा अन्तर्गत पैठारी गर्न दिन सक्दछ । (भन्सार ऐन, २०६४ को दफा ११(१)) ।

१०.२ बैङ्क जमानत फुकुवा गर्ने प्रक्रिया:

१०.२.१ बैङ्क जमानत फुकुवाको लागि निवेदन दिनुपर्ने:

प्रचलित कानून बमोजिम वा सम्झौता बमोजित बैङ्क जमानतमा आयात गरिएका मालवस्तुहरूको बैङ्क जमानतमा उल्लिखित शर्त अर्थात् जुन प्रयोजनको लागि बैङ्क जमानतमा पैठारी गरिएको सो प्रयोजन समाप्त भई पैठारी गर्दाको अवस्थामा राखिएको शर्त पूरा भएपछि जुन भन्सार कार्यालयमा बैङ्क जमानत राखिएको छ सोही भन्सार कार्यालयमा बैङ्क जमानत फुकुवा गर्न आवश्यक कागजात सहित तोकिएको अवधिभित्रै निवेदन दिनु पर्दछ । यसरी निवेदन दिँदा भन्सार कार्यालयमा पेश गर्नुपर्ने कागजातहरू बैङ्क जमानतको प्रयोजन अनुसार फरक हुन सक्दछन् । निवेदन दिने समयावधि पनि मालवस्तुको पैठारीको प्रयोजन बमोजिम फरक फरक हुन्छ ।

१०.२.२ निकासी गर्ने उद्योगले राखेको बैङ्क जमानत फुकुवा गर्ने:

वण्डेड वेयर हाउसको इजाजत लिएका उद्योगहरूले बबैङ्क जमानतमा पैठारी गरेका कच्चा पदार्थ एवं सहायक कच्चापदार्थ एवं

नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल पैठारी गरेको मितिले एघार महिनाभित्रमा तयारी मालवस्तु बनाई निकासी गरी सोही अवधिभित्रै बैङ्क जमानत फुकुवाको लागि सम्बन्धित भन्सार कार्यालयमा निम्न कागजात सहित निवेदन दिई सक्नु पर्दछ ।

- कच्चा मालवस्तु पैठारी गरेको प्रज्ञापनपत्र, इन्भ्वाइस,
- तयारी मालवस्तु निकासी गरेको प्रज्ञापनपत्र, इन्भ्वाइस
- सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको विदेशी मुद्रा आर्जन गरेको प्रमाण ।
- सम्बन्धित निकायबाट प्रमाणित कच्चा पदार्थ एवं सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) को खपत अनुपातको प्रमाण ।

पैठारी गरेको मितिले एघार महिनाभित्र निकासी गर्न नसकेको अवस्थामा भन्सार विभागले बढीमा ३ महिनाको म्याद थप गरिदिन सक्ने व्यवस्था भएकोले यसरी म्याद थप भएकोमा म्याद थप गरिएको अवधिभित्रै निवेदन दिईसकेको हुनुपर्दछ ।

१०.२.३ **निवेदन एवं संलग्न कागजात जाँचवुझ गर्ने:**

बैङ्क जमानत फुकुवाको लागि निवेदन साथ पेश गरेका कागजातहरू जाँचवुझ गर्दा निम्न कुराहरूमा विशेष ध्यान दिनुपर्दछ:

- कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल पैठारी गरेको मितिले ११ महिनाभित्र म्याद थप भएकोमा सो अवधिभित्र निवेदन दर्ता हुन आएको छ ,छैन ?
- निवेदनमा उक्त उद्योगको आधिकारिक ब्यक्ति वा निजले सो कार्यको लागि नियुक्त गरेको भन्सार एजेन्टले दस्तखत गरेको छ, छैन ?
- निवेदनसाथ संलग्न गरिनु पर्ने कागजातहरू संलग्न गरिएको छ, छैन ?
- निकासी प्रतीतपत्र वा प्रचलित बैकिङ्ग कागजातको माध्यमबाट गरिएको छ छैन ?

- निकासी गरिएको मालवस्तु पैठारी गरिएको कच्चापदार्थ एवं सहायक कच्चा पदार्थमा भन्सारले कायम गरेको मूल्यमा न्यूनतम १० प्रतिशत मूल्य अभिवृद्धि गरी निकासी गरिएको छ, छैन ?

> उदाहरणः
>
> कुनै वनस्पति घ्यू उत्पादन गर्ने उद्योगले कच्चा तेल पैठारी गर्दा प्रति मेट्रिक टन अमेरिकी डलर ५०० भन्सार मूल्य कायम गरिएकोमा निकासी गर्दा सो बाट तयार गरिएको वनस्पति घ्यू न्यूनतम अमेरिकी डलर ५५० एफ.ओ.वी. मूल्यमा निकासी गरिएको हुनुपर्दछ । यस प्रकारको मूल्य अभिवृद्धि गणना गर्दा निम्न सूत्र अनुसार गर्नुपर्दछः
>
> $$\frac{\text{निकासी गरिएको मालवस्तुको एफ ओ वी मूल्य -कच्चा पदार्थको सि आइ एफ भन्सार मूल्य}}{\text{कच्चा पदार्थको सी.आई.एफ. भन्सार मूल्य}} \times १००$$
>
> $$\text{अर्थात्} \frac{५५०-५००}{५००} \times १०० = १०\%$$

- निकासी गरी विदेशी मुद्रा आर्जन गरेको प्रमाणमा कुन मालवस्तु निकासी गरेवापत कति रकम कहाँबाट प्राप्त भएको हो स्पष्ट उल्लेख गरिएको छ, छैन ?

- विदेशी मुद्रा आर्जन गरेको प्रमाणमा सम्बन्धित भन्सार कार्यालयलाई सम्बोधन गरिएको छ, छैन ?

> उदाहरणः
>
> विदेशी मुद्रा आर्जन भएको प्रमाणमा जो जसलाई सम्बद्ध छ भन्ने लेखिएको छ र सम्बन्धित भन्सार कार्यालयलाई सम्बोधन नगरिएकोमा त्यस्तो कागजलाई वैङ्क जमानत फुकुवाको लागि प्रमाणमा लिनु हुँदैन ।

- विदेशी मुद्रा आर्जन गरिएको प्रमाण बैङ्क ग्यारेण्टी फुकुवाको लागि पेश गरिएको निर्यात प्रज्ञापन एवं बीजक बमोजिमको हो वा सोभन्दा अघि वा पछि निकासी भएको मालवस्तु वापत हो, होइन ?

- पैठारी गरिएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थबाट के कति तयारी मालवस्तु बन्न सक्दछ् भन्ने ब्यहोराको खपत अनुपातको प्रमाण उद्योग विभागबाट जारी गरिएको छ, छैन ?

- निकासी गरिएको तयारी मालवस्तु पैठारी गरिएको कच्चा पदार्थ, सहायक कच्चापदार्थ एवं प्याकिङ्ग मेटेरियलको खपत अनुपात (Consumption ratio) अनुसार परिमाण मिल्छ, मिल्दैन ?

- फुकुवा गर्न लागिएको बैङ्क जमानतको म्याद बाँकी छ, छैन ?

१०.२.४ **बैङ्क जमानत फुकुवा गर्नेः** उपर्युक्त बमोजिमको कागजातहरू जाँच गरिसकेपछि सबै शर्तहरू पूरा भई रीत पुगेको देखिएमा बैङ्क जमानत कार्यालय प्रमुखले फुकुवा गर्न निर्णय गरी त्यसको जानकारी सम्बन्धित बैङ्क तथा उद्योगलाई लिखित रूपमा दिनुपर्दछ । पेश भएका कागजातहरू जाँचपास गर्दा रित नपुगेको, तोकिएका शर्तहरू पूरा नभएको अवस्थामा बैङ्क जमानत दिने बैङ्कलाई उक्त बैङ्क जमानतमा उल्लिखित रकम अविलम्व भन्सार कार्यालयको नाममा पठाउन लिखित सूचना दिनु पर्दछ । भन्सार कार्यालयले माग गरेको मितिले १५ दिनभित्र बैङ्क जमानतको रकम नपठाएमा त्यस्ता बैङ्क वा वित्तीय संस्थाको बैङ्क जमानत स्वीकार नगरिने ब्यहोरा समेत त्यस्तो लिखित सूचनामा उल्लेख गर्नुपर्दछ । भन्सार कार्यालयले माग गरेबमोजिमको बैङ्क जमानतको रकम पन्ध्रदिनभित्र नपठाउने बैङ्क वा वित्तीय संस्थाहरूले अन्य उद्योग वा व्यक्तिहरूका पक्षमा जारी गरेका बैङ्क जमानत समेत स्वीकार गर्नु हुँदैन । (भन्सार नियमावली, २०६४ को नियम १७(२)) ।

भन्सार कार्यालयमा बैङ्क जमानत फुकुवाको लागि निवेदन दिँदा निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरू संलग्न गरिए नगरिएको र संलग्न गरिएका कागजातहरूमा पनि रित पुगे नपुगको ब्यहोरा त्यस्तो निवेदन दर्ता हुनु अगाडि नै हेर्नुपर्दछ । यसरी रित नपुगेका कागजातहरूमा यो यस प्रकारले रित पुऱ्याई म्यादभित्र पेश गर्नु भनी सम्झाई बुझाई फिर्ता गरिदिनु पर्दछ । निवेदन दर्ता गरेपछि कार्यालय प्रमुखले १ महिनाभित्र त्यस्तो बैङ्क जमानत फुकुवा गरिसक्नु पर्दछ र फुकुवा हुने नदेखिएमा फुकुवा गर्न नमिल्ने कारण जनाई निर्णय गरी सोको जानकारी पनि निवेदन दर्ता गरिएको १ महिनाभित्रै दिइसक्नु पर्दछ ।

१०.२.५ **बैङ्क जमानत आंशिक फुकुवा गर्न सकिने:** पैठारी गरिएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ पूर्ण रूपमा प्रयोग नभई आंशिक रूपमा प्रयोग भएकोमा जे जति प्रयोग भई समयभित्र तोकिएको शर्त बमोजिम निकासी गरिएको छ सोही अनुपातमा सम्बन्धित उद्योगले राखेको बैङ्क जमानत आँशिक रूपमा फुकुवा गराउन चाहेमा भन्सार कार्यालयले बैङ्क जमानत फुकुवा गरिदिनु पर्दछ । यस प्रकार आंशिक फुकुवा भई बाँकी रहन गएको मालवस्तु पैठारी गरेको मितिले एघार महिनाभित्र तोकिएको शर्त बमोजिम निकासी गरी पुनः बैङ्क जमानत फुकुवाको लागि निवेदन दिएमा बाँकी रहन गएको बैङ्क जमानत फुकुवा गरिदिनु पर्दछ ।

आंशिक रूपमा बैङ्क जमानत फुकुवा गर्ने निवेदन दिँदा बाँकी रहने मालवस्तु समयभित्र निकासी गरिन वा नगरिने के हो निवेदनमा खुलाउन लगाउनु पर्दछ । बाँकी मालवस्तु निकासी नगरिने भएमा वा नगरेमा त्यस्तो मालवस्तु वापत पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशत थपगरी उक्त उद्योगले राखेको बैङ्क जमानतबाट असुल गर्नुपर्दछ । (भन्सार नियमावली, २०६४ को नियम १५(२) र १६(३)) ।

१०.२.६ **करमुक्त पसलको लागि आयात गरिएको मालवस्तुको बैङ्क जमानत फुकुवा गर्ने:** वण्डेडवेयर हाउसको इजाजत लिई करमुक्त पसल सञ्चालन गर्ने स्वीकृति लिएका ब्यक्तिहरूले त्यसरी बैङ्क जमानतमा आयात गरिएको मालवस्तु कूटनीतिक सुविधा वा महसुल सुविधा प्राप्त ब्यक्तिलाई बिक्री गर्ने वा अन्तर्राष्ट्रिय उडानको क्याटरिङ्ग वा त्यस्तो उडानको करमुक्त पसलमा

बिक्रीको लागि सम्बन्धित हवाई कम्पनीलाई बिक्री गर्ने गरी नेपाल सरकारबाट स्वीकृति लिएका हुन्छन् । यसरी पैठारी गरिएको मालवस्तु पैठारी गरेको मितिले कूटनीतीक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई १ वर्षभित्र बिक्री गरिसकेको हुनुपर्दछ ।

१०.२.७ **बैङ्क जमानत फुकुवा गराउन विवरण सहित निवेदन दिनुपर्ने:** करमुक्त पसल सञ्चालनको लागि आयात गरिएको मालवस्तु करमुक्त रूपमा १ (एक) वर्षभित्र कूटनीतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई बिक्री गरिसकेपछि निम्न विवरण खुलाई सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनुपर्दछ:

- मालवस्तु बैङ्क जमानतमा पैठारी गरेको प्रज्ञापनपत्र र इन्भ्वाइस,
- भन्सार विभागबाट उक्त मालवस्तु बैङ्क जमानतमा पैठारी गर्न लिएको स्वीकृतिको प्रतिलिपि,
- करमुक्त पसलबाट बिक्री गर्न परराष्ट्र मन्त्रालय र भन्सार विभागले दिएको कूटनीतीक वा महसुल छुटको सिफारिसको नं. र स्वीकृत भएको मुल्य एवं परिमाण,
- अन्तर्राष्ट्रिय हवाई उडानको लागि बिक्री गरेकोमा हवाई सेवाको नाम र भन्सार विभागले दिएको स्वीकृतिको प्रतिलिपि,
- विदेशी मुद्रामा बिक्री गरिएकोमा सो रकम बैङ्क दाखिला गरेको प्रमाण,
- नियमानुसार लाग्ने महसुल बुझाएकोमा त्यस्तो प्रज्ञापनपत्र र नगदी रसिद ।

१०.२.८ **निवेदन तथा कागजात जाँचबुझ गर्ने:**

उपर्युक्त विवरण बमोजिमका कागजात सहित बैङ्क जमानत फुकुवाको लागि निवेदन पर्न आए पछि सम्बन्धित भन्सार कार्यालयले निम्न कुराहरूमा विशेष ध्यान दिनुपर्दछ:

- भन्सार विभागले स्वीकृति दिएको परिमाण र मूल्य अनुसार पैठारी गरिएको छ, छैन ?
- कूटनीतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई बिक्री गरिएको छ, छैन ?
- बिक्री गरिएको परिमाण तथा मूल्य परराष्ट्र मन्त्रालय एवं भन्सार विभागबाट दिइएको स्वीकृत परिमाण एवं मूल्यसँग भिड्छ, भिड्दैन ?
- पैठारी गरिएको मितिले एक वर्षभित्रै बिक्री गरिएको छ, छैन ?
- विदेशी मुद्रामा बिक्री गरिएकोमा बिक्री गरिएको रकम बैङ्कमा दाखिला गरिएको छ, छैन ?

१०.२.९ बैङ्क जमानत फुकुवा गर्नेः

उपर्युक्त विवरण एवं कागजात सहितको निवेदन तोकिएको समयावधि (पैठारी गरेको मितिले १ वर्ष म्याद थप भएकोमा सो समेतको अवधिभित्र) भित्र प्राप्त भएपछि उपर्युक्त बमोजिम कागजातहरू जाँच गरी शर्तहरू पूरा गरी बिक्री भएको देखिएमा सम्बन्धित भन्सार कार्यालयको प्रमुखले त्यस्तो बैङ्क जमानत अविलम्व फुकुवा गरी सम्बन्धित बैङ्क तथा पैठारीकर्तालाई लिखित जानकारी गराई भन्सार कार्यालयको अभिलेखमा समेत फुकुवा गरिएको निर्णय मिति र रकम जनाई राख्नु पर्दछ ।

१०.२.१० करमुक्त पसलको लागि बैङ्क जमानतमा आयात गरिएको मालवस्तुको महसुल बुझाउन पाउनेः

करमुक्त पसलमा बिक्रीको लागि स्वीकृत लिई आयात गरेको मालवस्तु करमुक्त बिक्री नगरी लाग्ने महसुल बुझाई सामान्य रूपमा (Duty paid) बिक्री गर्नु परेमा पैठारीकर्ताले यसरी महसुल बुझाउन चाहेको मालवस्तुको नाम परिमाण एवं आयात गरेको इन्भ्वाइस सहित भन्सार कार्यालयमा निवेदन दिएमा पैठारी गर्दाको अवस्थामा नियमानुसार लाग्ने महसुल असुल गरी सो वरावरको बैङ्क जमानत

फुकुवा गरिदिनु पर्दछ । मालवस्तु पैठारी गरेको भन्सार कार्यालय र बैङ्क जमानत रहेको भन्सार कार्यालय फरक परेमा महसुल बुझी लिने भन्सार कार्यालयले महसुल असुल भएको विवरण, पैठारी प्रज्ञापनपत्र, इन्भ्वाइस एवं महसुल असुल गरिएको प्रज्ञापनपत्रको प्रमाणित प्रतिलिपि बैङ्क जमानत राख्ने भन्सार कार्यालयमा पठाइदिनु पर्दछ । बैङ्क जमानत रहेका भन्सार कार्यालयले यस प्रकार महसुल बुझाएको विवरण प्राप्त भएपछि सो वरावरको पैठारी गर्दा राखेको बैङ्क जमानत फुकुवा गरिदिनु पर्दछ ।

१०.२.११ **समयावधिभित्र फुकुवा नभएका बैङ्क जमानतको रकम माग गर्ने:**

बैङ्क जमानत रहेका भन्सार कार्यालयहरूले करमुक्त पसलको लागि बैङ्क जमानतमा मालवस्तु आयात गरी पैठारी गरेको मितिले १ वर्ष र म्याद थप भएकोमा सो अवधिभित्र बैङ्क जमानत फुकुवाको लागि निवेदन पेश नगरेमा वा पेश गरेको विवरण शर्त बमोजिम नभई बैङ्क जमानत फुकुवा हुन नसक्ने भएमा यसरी म्याद समाप्त भएको एक महिनाभित्र सम्बन्धित बैङ्कमा बैङ्क जमानत बराबरको रकम माग गरी पठाउनु पर्दछ । भन्सार कार्यालयले रकम माग गरेको १५ दिनभित्र बैङ्क जमानतमा उल्लिखित रकम नपठाउने बैङ्कहरूको बैङ्क जमानत स्वीकार गर्नु हुँदैन ।

१०.२.१२ **कपडा उद्योगको बैङ्क ग्यारेण्टी फुकुवा गर्ने:**

बैङ्क जमानतमा धागो पैठारी गर्ने कपडा उद्योगले उक्त धागोबाट कपडा बनाई धागो पैठारी गरेको मितिले ११ महिनाभित्र वा म्याद थप गरिएकोमा सो म्यादभित्र निम्न कागजातसहित बैङ्क जमानत फुकुवाको लागि सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनुपर्दछ:

- धागो पैठारी गरेको मितिले ११ महिनाभित्र तयारी पोशाक उद्योगलाई न्यूनतम दश प्रतिशत मूल्य अभिवृद्धि गरी बिक्री गरेको प्रमाण,
- कपडा खरिद गर्ने तयारी पोशाक उद्योग र धागो पैठारी गर्ने कपडा उद्योगबीच भएको खरिद बिक्री सम्झौता,
- सम्बन्धित निकायबाट प्रमाणित भएको धागोको खपत अनुपातको प्रमाण,
- कपडा खरिद गर्ने तयारी पोशाक उद्योगको अनुरोधमा जारी गरिएको धागो पैठारी गर्दा राखेको महसुल वापतको बैङ्क जमानत ।

उपर्युक्त बमोजिमका कागजात जाँचबुझ गर्दा शर्त बमोजिम भएको पाइएमा कपडा उद्योगको बैङ्क जमानत फुकुवा गरी सो वापत तयारी

पोशाक उद्योगको बैङ्क जमानत कायम गरी अभिलेखमा जनाई राख्नु पर्दछ । (भन्सार नियमावली, २०६४ को नियम १४(४) र नियम १५)

१०.२.१३ स्वदेशमै कपडा उद्योगसँग कपडा खरिद गर्ने तयारी पोशाक उद्योगको बैङ्क ग्यारेण्टी फुकुवा गर्ने:

तयारी पोशाक उद्योगले नेपालमा बैङ्क जमानतमा धागो पैठारी गरी कपडा बनाउने उद्योगबाट कपडा खरिद गरी तयारी पोशाक बनाई निकासी गरेमा कपडा उद्योगको सट्टा भन्सार कार्यालयमा राखेको बैङ्क जमानत फुकुवा गराउनको लागि कपडा उद्योगबाट कपडा खरिद गरेको ११ महिनाभित्र (म्याद थप भएकोमा सो समेतको अवधिभित्र) तयारी पोशाक बनाई निकासी गरी बैङ्क जमानत फुकुवाको लागि सम्बन्धित भन्सार कार्यालयमा निम्न कागजात संलग्न गरी निवेदन दिनुपर्दछ:

- कपडा उद्योगबाट खरिद गरेको कपडाको मूल्यमा न्यूनतम दश प्रतिशत मूल्य अभिवृद्धि गरी निकासी गरेको प्रज्ञापनपत्र तथा इन्भ्वाइस,
- सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको विदेशी मुद्रा आर्जन गरेको प्रमाण,
- सम्बन्धित निकायबाट प्रमाणित गरिएको खपत अनुपातको विवरण ।

उपर्युक्त बमोजिमका कागजात जाँचवुझ गर्दा तोकिएको शर्तबमोजिम र समयावधि भित्रै निकासी गरेको पाइएमा अविलम्व बैङ्क जमानत फुकुवा गरिदिनु पर्दछ ।

१०.२.१४ मिल, मेशिनरी, प्लान्ट, उपकरणको बैङ्क ग्यारेण्टी फुकुवा गर्ने:

कुनै उद्योगले आफ्नो उद्योगको प्रयोगको लागि आयात गरेका मिल, मेशिनरी, यन्त्र उपकरण आयात गर्दा पूर्ण रूपमा खोलखाल गरी वा अर्ध खोल खाल गरी (CKD or SKD) पैठारी गर्दा भन्सार कार्यालयलाई यसरी पैठारी गरेको मिल, मेशिनरी, यन्त्र उपकरण पूर्ण रूपको हो भन्ने पेश भएका कागजातबाट स्पष्ट भएमा पैठारीकै अवस्थामा त्यस्ता मिल, मेशिनरी यन्त्र उपकरणमा लाग्ने महसुल असुल गरी छाडिदिनु पर्दछ । यस प्रकार पैठारी हुँदा भन्सार कार्यालयलाई द्विविधा भएमा द्विविधा भएको मालवस्तुको दरवन्दी अनुसार लाग्ने महसुल र मिल मेशिनरी यन्त्र उपकरणको पूर्ण

रूपमा पैठारी हुँदा लाग्ने महसुलको फरक रकम बराबर बैङ्क जमानत लिनु पर्दछ । यसरी बैङ्क जमानतमा पैठारी गरेका मिल, मेशिनरी, यन्त्र उपकरणको बैङ्क ग्यारेण्टी फुकुवा गर्दा निम्न प्रक्रिया अवलम्वन गर्नुपर्दछः

- बैङ्क जमानतमा पैठारी गर्न दिँदा प्रज्ञापनपत्रमा उद्योगले कति अवधिभित्र उक्त मिल मेशिनरी उद्योगमा जडान गरिसक्ने हो सो अवधि प्रज्ञापनपत्रमा उल्लेख गरेर मात्र जाँचपास गर्ने,
- प्रज्ञापनपत्रमा उल्लिखित अवधि समाप्त भएको १५ दिनभित्र उक्त उद्योगमा भन्सार कार्यालयको प्रमुखले निरीक्षणको निमित्त कर्मचारी खटाई उद्योगलाई समेत जानकारी दिने,
- निरीक्षण गर्न खटिएको कर्मचारी/कर्मचारीहरूले उद्योगमा जडान गरिएको मिल, मेशिनरी, यन्त्र उपकरण भन्सार दरवन्दीको भाग ८४ को ५ प्रतिशत भन्सार दर भएका हुन् कि होइनन् यकिन गर्ने,
- बैङ्क जमानतमा पैठारी गरिएका मालवस्तु त्यस्ता उद्योगको छाना, तथा वार (फेन्सीङ्ग) मा प्रयोग भएको छ कि ?
- उद्योगको विद्युत आपूर्तिमा पोल ट्रान्सफर्मर आदिमा लगाइएको छ कि ?
- उद्योगमा आपूर्ति गरिने पानीको लागि प्रयोग गरिएको छ कि ?
- उद्योगको झ्याल ढोकामा प्रयोग गरिएको छ कि ?
- आयात गरिएको सम्पूर्ण मालवस्तु मिल, मेशिनरी, यन्त्र उपकरणको अभिन्न अवयव हो, होइन ?
- आयात गरिएको मालवस्तु वारम्वार परिवर्तन गरिरहने पार्टपुर्जाको रूपमा प्रयोग गरिएको छ कि ?

उपर्युक्त बमोजिम विभिन्न दृष्टिकोणबाट निरीक्षण गरेपछि मिल, मेशिनरी, यन्त्र उपकरण ठहर्ने हो होइन सोको यकिन राय साथ निरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

यस प्रकार निरीक्षण प्रतिवेदन प्राप्त भएपछि मिल, मेशिनरी, यन्त्र उपकरण ठहर भएमा बैङ्क जमानत फुकुवा गरी सम्बन्धित बैङ्क तथा

उद्योगलाई लिखित जानकारी दिनु पर्दछ । मिल, मेशिनरी, यन्त्र उपकरण ठहर नभएमा बैङ्क जमानत वरावरको रकम बैङ्क जमानत वा सम्बन्धित उद्योगबाट असुल गर्नुपर्दछ ।

१०.२.१५ आयोजनाले बैङ्क जमानतमा आयात गरेका मालवस्तुको बैङ्क जमानत फुकुवा गर्ने प्रक्रियाः

नेपालमा द्विपक्षीय वा वहुपक्षीय ऋण वा अनुदानमा सञ्चालित आयोजनाहरूले बैङ्क जमानतमा आयात गरेका मिल, मेशिनरी, यन्त्र उपकरण, औजार एवं सवारी साधनहरूको बैङ्क जमानत फुकुवा गर्नका लागि सम्बन्धित आयोजनाको सिफारिस सहित उक्त आयोजना वा आयोजनाको ठेकेदारले निम्न कागजात संलग्न गरी सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछः

- पैठारी गरेको प्रज्ञापन तथा इन्भ्वाइस बैङ्क जमानतमा पैठारी गर्न दिने बारेको भन्सार विभागको पत्रको प्रतिलिपि,
- मालवस्तु फिर्ता पठाएको वा लाग्ने महसुल बुझाएको प्रज्ञापनपत्र एवं रसिद, र
- एउटा भन्सार कार्यालयबाट मालवस्तु पैठारी गरेको अर्को भन्सार कार्यालयबाट फिर्ता पठाएको वा महसुल बुझाएको अवस्थामा उक्त भन्सार कार्यालयको पत्र ।

१०.२.१६ कागजातहरू जाँचवुझ गर्नेः

उपर्युक्त बमोजिम कागजात सहित बैङ्क जमानत फुकुवाको लागि निवेदन पेश भएपछि भन्सार अधिकृतले निम्न विषयहरू जाँचवुझ गर्नुपर्दछः

- आयोजना समाप्त गरिएको मितिले ३ महिनाभित्र बैङ्क जमानतमा आयात गरिएका मालवस्तु फिर्ता गरिएको वा महसुल बुझाइएको छ, छैन ?
- प्रज्ञापनपत्रमा फिर्ता गर्नुपर्ने अवधि तोकिएकोमा सो अवधिभित्र फिर्ता गरिएको वा महसुल बुझाइएको छ, छैन ?

- आयोजनाको म्याद थपिएकोमा त्यसरी थप गरिएको म्यादभित्रै महसुल बुझाएको वा फिर्ता पठाएको छ, छैन ?
- पैठारी प्रज्ञापनपत्रमा उल्लेख गरिए बमोजिमको सामान पूर्ण रूपमा फिर्ता गरिएको वा महसुल बुझाएको छ, छैन ?
- बैङ्क जमानतको म्याद बाँकी छ कि छैन ?

१०.२.१७ **बैङ्क जमानत फुकुवा गर्ने** :

उपर्युक्त बमोजिम कागजात पेश भई जाँचवुझ गर्दा ठीक दुरूस्त देखिएमा बैङ्क जमानत फुकुवा गरी लगतमा जनाई सोको जानकारी सम्बन्धित बैङ्क र आयोजनालाई दिनु पर्दछ ।

१०.३ पासबूक फुकुवा सम्बन्धी कार्यविधिः

१०.३.१ **कच्चा पदार्थ नगदै धरौटीमा पैठारी गर्नेः** आफ्नो उत्पादन प्रतीतपत्रद्वारा वा प्रचलित बैङ्किङ कागजातको माध्यमबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने उद्योगहरू जसले वण्डेड वेयर हाउसको इजाजत लिएका हुँदैनन् त्यस्ता उद्योगहरूले कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल पैठारी गर्दा लाग्ने भन्सार महसुल बरावरको रकम नगद धरौटी राखी पैठारी गर्न पाइने व्यवस्था छ । (आर्थिक अध्यादेश, २०६७ को अनुसूची १ को दफा ११) ।

१०.३.२ नगद धरौटी (पासबूक) फुकुवाको लागि निवेदन दिनुपर्नेः निर्यात गर्ने प्रयोजनको लागि नगद धरौटीमा पासबूकको माध्यमबाट आयात गरेका कच्चा पदार्थबाट तयारी मालवस्तु बनाई एक वर्ष (१२ महिना) भित्र र म्याद थप गरिएकोमा सो अवधिभित्र प्रचलित बैङ्किङ कागजातको माध्यमबाट निकासी गर्नु पर्दछ । अथवा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गरी सक्नु पर्दछ । यस प्रकारको समयावधिभित्रै निकासी गरी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरी निम्न कागजात सहित पासबूक फुकुवाको लागि सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनुपर्दछः

- मालवस्तु पैठारी गरेको प्रज्ञापनपत्र र इन्भ्वाइस,

- मालवस्तु निकासी गरेको प्रज्ञापनपत्र र इन्भ्वाइस,
- उद्योग विभागबाट जारी गरिएको कच्चा पदार्थको खपत अनुपातको प्रमाण,
- विदेशी मुद्रा आर्जन गरेको बैङ्कद्वारा प्रमाणित कागजात,
- स्वदेशमा परिवर्त्य विदेशी मुद्रामा बिक्री गरेकोमा त्यस्तो बिक्री सम्झौता एवं बिक्री बीजक,
- परिवर्त्य विदेशी मुद्रामा बिक्री गरेकोमा त्यसरी बिक्री गरिएको आयोजना नेपाल सरकारबाट पूर्ण वा आंशिक महसुल सुविधा पाएको प्रमाण,
- वस्तु विनिमयको माध्यमबाट निकासी गरेकोमा सो वापत मालवस्तु पैठारी गरेको प्रज्ञापनपत्र नगदी रसिद तथा इन्भ्वाइस,
- कच्चा पदार्थ पैठारी गरेको मितिले १२ महिनाभित्र निकासी गर्न नसकेको वा परिवर्त्य विदेशी मुद्रा स्वदेशमा बिक्री गर्न नसकेको वा समयभित्र निकासी वा बिक्री गरे पनि विदेशी मुद्रा आर्जन गरेको प्रमाण पेश गर्न नसकेकोमा १२ महिनापछि बढीमा ६ महिनाको म्याद थप भएको प्रमाण ।

१०.३.२ **निवेदन एवं कागजातहरू जाँचवुझ गर्ने** :

नगद धरौटी (पासबूक) मा कच्चा पदार्थ आयात गरी तोकिएको शर्त बमोजिम निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिसकेपछि नगद धरौटी फुकुवाको लागि भन्सार कार्यालयमा निवेदन दिन आएपछि भन्सार कार्यालयले निम्न बमोजिम कागजातको जाँचवुझ गर्नुपर्दछः

- निवेदनमा सम्बन्धित उद्योगको आधिकारिक व्यक्ति वा सो कामको लागि भन्सार एजेन्ट नियुक्ति गरेकोमा भन्सार एजेन्टको दस्तखत छ, छैन ?
- निवेदन साथ संलग्न गरिनुपर्ने कागजातहरू संलग्न गरिएको छ, छैन ?
- निवेदन म्यादभित्र दिएको छ, छैन ?

- आयात गर्दा कच्चा पदार्थमा भन्सारले कायम गरेको सि.आई.एफ. मूल्यमा कम्तीमा १० प्रतिशत अभिवृद्धि गरी निकासी गरिएको वा स्वदेशमा बिक्री गरिएको छ, छैन ?
- विदेशी मुद्रा आर्जन गरिएको प्रमाणमा सम्बन्धित भन्सार कार्यालयलाई सम्बोधन गरिएको र कुन मालवस्तु निकासी वा बिक्री गरेवापत विदेशी मुद्रा आर्जन गरिएको हो सो स्पष्ट उल्लेख गरिएको छ, छैन ?
- प्याकिङ्ग मेटेरियल पैठारी गर्दा उद्योग विभागबाट स्वीकृत लिएको छ, छैन ?
- उद्योग विभागबाट जारी गरिएको खपत अनुपातमा तोकिएबमोजिम आयात गरिएको कच्चा पदार्थ र निकासी गरिएको तयारी मालवस्तुको अनुपात मिल्छ, मिल्दैन ?
- कच्चा पदार्थको पैठारी गर्दा भन्सार विभागले तोकेको कुनै एउटा भन्सार कार्यालयबाट मात्र गरिएको छ, छैन ?
- वस्तु विनिमयको माध्यमबाट निकासी गरिएकोमा सो निकासी गरिएको प्रज्ञापनपत्रमा सो ब्यहोरा जनाई निकासी गरिएको छ, छैन ?
- कच्चा पदार्थको पैठारी विवरण र तयारी वस्तुको निकासी विवरण पासबूकमा भरिएको छ, छैन ?
- निकासी गरेको मालवस्तुबाट वस्तु विनिमय अन्तर्गत मालवस्तु आयात गरेकोमा प्रज्ञापनपत्रमा सो ब्यहोरा जनाइएको छ, छैन ?
- वस्तु विनिमय अन्तर्गत मालवस्तु आयात गरिएकोमा आयात गरिएको मूल्य कच्चा पदार्थ पैठारी गर्दा भन्सारले कायम गरेको सि.आई.एफ.मूल्यको कम्तीमा १० प्रतिशत बृद्धि गरिएको छ, छैन ?
- पासबूक फुकुवाको लागि सक्कलै प्रज्ञापनपत्र पेश गरिएको छ, छैन ?
- नगद धरौटी (पासबूक) फुकुवाको लागि निवेदन गरिएको रकम भन्सार कार्यालयको धरौटीमा रहेको छ, छैन ?

१०.३.३ **नगद धरौटी (पासबूक) फुकुवा गर्नेः** उपर्युक्त बमोजिम कागजातहरू जाँच गर्दा सबै दुरूस्त देखिएमा अविलम्व त्यस्तो नगद धरौटी (पासबूक) फुकुवा गरी सम्बन्धित उद्योग र भन्सार कार्यालयको लेखा शाखालाई लिखित जानकारी दिनु पर्दछ । पासबूक फुकुवाको लागि पेश गरिएका सक्कलै प्रज्ञापनपत्रमा नगद धरौटी रकम फुकुवा गरिएको ब्यहोरा जनाई मिति लेखी भन्सार अधिकृतको दस्तखत र छाप लगाई त्यसको प्रतिलिपि सम्बन्धित फाइलसाथ राखी सक्कल प्रज्ञापनपत्र सम्बन्धित उद्योगलाई फिर्ता दिनु पर्दछ । सक्कल प्रज्ञापनपत्र पेश नगरेको अवस्थामा प्रतिलिपि प्रज्ञापनपत्रको आधारमा पासबूक फुकुवा गर्न हुँदैन ।

नगद धरौटी (पासबूक) फुकुवा गरेपछि सो ब्यहोरा पासबूकमा जनाई भन्सार कार्यालयमा रहने पासबूक र उद्योगमा रहने पासबूकमा जनाई दिनु पर्दछ । यस प्रकार फुकुवा भएको रकम त्यस्ता उद्योगले पुनः पैठारी गर्ने कच्चा पदार्थमा तिर्नुपर्ने महसुलमा मिलान गर्न पाउँछ । यसरी फुकुवा गरिएको रकम फुकुवा गरिएको मितिले एक महिनाभित्र पुनः पैठारी गरिएको कच्चा पदार्थमा मिलान हुन नसकेमा त्यस्तो रकम फिर्ता दिनु पर्दछ । धरौटी फुकुवा गरिएको सक्कलै पत्रबाट पुनः पैठारी हुने कच्चा पदार्थमा मिलान गरिएकोमा सक्कलै पत्रमा मिलान भएको रकम, मिति र प्रज्ञापनपत्र नं. लेखी भन्सार अधिकृतले दस्तखत गर्नुपर्दछ ।

परिच्छेद - ११
प्रज्ञापनपत्रको आन्तरिक लेखा परीक्षण

११.१ जाँचपास भएको मालवस्तुको प्रज्ञापनपत्रको पुनरावलोकनः

भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तुको प्रज्ञापनपत्र मालवस्तु जाँचपास भएको मितिले चार वर्षभित्र सम्बन्धित भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनरावलोकन गर्न सक्नेछ भन्ने व्यवस्था भन्सार ऐन, २०६४ को दफा ७० मा गरिएको छ । भन्सार कार्यालयबाट मालवस्तु जाँचपास हुँदा छुट भएको राजस्व प्रज्ञापनपत्र पुनरावलोकन गरी असुल गर्नुपर्दछ ।

भन्सार कार्यालयमा कार्यवोझको आधारमा कुनै भन्सार कार्यालयमा एकै दिनमा धेरै प्रज्ञापनपत्र दर्ता गरिएका हुन सक्दछन् । भन्सार ऐन, २०६४ मा के कति प्रज्ञापनपत्रहरूको पुनरावलोकन गर्नुपर्दछ भन्ने उल्लेख नभएकोले कार्यालयको कार्यवोझ एवं जनशक्तिको आधारमा संभव भएसम्म सबै प्रज्ञापनपत्रहरू पुनरावलोकन गर्नुपर्दछ । यसरी सबै प्रज्ञापनपत्र पुनरावलोकन गर्न संभव नभएमा मालवस्तु/आयातकर्ता/आयात प्रक्रिया आदिको आधारमा भन्सार कार्यालयका प्रमुखले पुनरावलोकन गर्नुपर्ने प्रज्ञापनपत्रहरूको संख्या किटान गरिदिनु पर्दछ । यसरी प्रज्ञापनपत्र संख्या किटान गर्दा कम्तीमा ५० वटा प्रज्ञापनपत्रहरू वा कुल प्रज्ञापनपत्रहरूको १० प्रतिशतमध्ये जुन बढी हुन्छ सो तोक्नु पर्दछ ।

११.२ प्रज्ञापनपत्रहरूको पुनरावलोकन गर्ने समयः

ऐनमा भएको उपर्युक्त व्यवस्था बमोजिम मालवस्तु पैठारी गरेको मितिले ४ वर्षसम्म पुनरावलोकन गर्न सकिने भएतापनि लामो समयसम्म राजस्व छुट हुन जाने र समयमै त्रुटीहरू सच्याउन उपयुक्त हुने भएकोले यसरी पुनरावलोकन गर्दा मालवस्तु जाँचपास गरिएको भोलिपल्ट नै गर्नुपर्दछ ।

११.३ प्रज्ञापनपत्र पुनरावलोकन गर्दा ध्यान दिनुपर्ने विषयहरूः

- कुनै मुलुकमा उत्पादन भई सोही मुलुकबाट आयात गरिने मालवस्तुमा छुट प्रदान गर्दा तोकिएबमोजिमको उत्पत्तिको प्रमाणपत्र पेश गरिएको छ, छैन ?

- बीजक एवं प्याकिङ्ग लिष्टमा उल्लेख भएबमोजिम मालवस्तुको नाम एवं परिमाण प्रज्ञापनपत्रमा घोषणा गरिएको छ, छैन ?
- मालवस्तुको नाम एवं प्रकृति अनुसार भन्सार उपशीर्षक ठीकसँग उल्लेख गरिएको छ, छैन ?
- बीजकमा उल्लिखित परिवर्त्य विदेशी मुद्रा बमोजिम प्रज्ञापनपत्रमा घोषणा गरिएको छ, छैन ?
- परिवर्त्य विदेशी मुद्रालाई नेपाली रूपैयाँमा परिवर्तन गर्दा नेपाल राष्ट्र बैङ्कद्वारा उक्त दिनको लागि तोकिएको दर बमोजिम हिसाव गरिएको छ, छैन ?
- आर्थिक ऐन बमोजिम लाग्ने कर महसुलहरू तोकिएको दर बमोजिम असुल गरिएको छ, छैन ?
- मालवस्तुको मूल्य घटी भएको छ कि ? मूल्य हिसाव गर्दा सबै एकाइहरूको कूल जम्मा मिल्छ, मिल्दैन ?
- भन्सार कार्यालयले कायम गरेको मूल्य बमोजिम महसुल असुल गरिएको छ, छैन ?
- मूल्य निर्धारण के आधारमा गरिएको छ ?
- गलत घोषणा वा न्यून बीजकीकरण गरेकोमा जरिवाना गर्न छुटेको छ कि ?
- भन्सार महसुल वा मूल्य अभिवृद्धि कर छुट दिएकोमा आर्थिक ऐन बमोजिम दिएको छ, छैन ? छुट नपाउनेलाई छुट दिइएको छ कि ?
- भन्सार ऐन, २०६४ को दफा ५७ बमोजिम कुनै जरिवाना वा थप महसुल असुल गर्ने निर्णय भएकोमा सो बमोजिम असुल गरिएको छ, छैन ?
- प्रज्ञापनपत्रमा भर्नुपर्ने सम्पूर्ण विवरण भरिएको छ, छैन ?
- डी.आर.पी. अन्तर्गत पैठारी गरेकोमा भारतीय अन्तःशुल्क रकम हिसाव गरेको, भाडा, वीमा रकममा महसुल लिएको मिल्छ, मिल्दैन ?
- डी.आर.पी. फाराममा त्रुटी भएकोमा पनि भारतीय अन्तःशुल्क कट्टा गरिएको छ कि ?

११.४ पुनरावलोकन गरिएका प्रज्ञापनपत्रको अभिलेख राख्ने:

प्रज्ञापनपत्र पुनरावलोकन गर्ने कर्मचारीहरूले आफूले पुनरावलोकन गरेका प्रज्ञापनपत्रहरूको नम्बर मिति एवं कैफियत देखिएकोमा सो ब्यहोरा समेत जनाई रजिष्टरमा दर्ता गरी प्रमाणित गरी राख्नु पर्दछ ।

११.५ छुट राजस्व अविलम्व असुल गर्ने र गल्ती सच्याउने:

प्रज्ञापनपत्र पुनरावलोकन गर्न राजस्व छुट भएकोमा अविलम्व असुल गर्नुपर्दछ र सच्याउनु पर्ने त्रुटी देखिएकोमा त्यस्ता त्रुटी नदोहोरिने गरी अविलम्व सच्याउन कार्यालय प्रमुख मार्फत सबै कर्मचारीहरू एवं भन्सार एजेन्टलाई जानकारी दिनु पर्दछ । प्रज्ञापनपत्र पुनरावलोकन गर्दा वारम्वार गल्ती दोहोराउने भन्सार एजेन्ट तथा कर्मचारीहरूलाई आवश्यक कारवाही समेत गर्नुपर्दछ ।

परिच्छेद - १२
कागजात धुल्याउने व्यवस्था

सरकारी कागजात धुल्याउने नियमहरू २०२७ ले काम तामेल भएको मितिले एक वर्षपछि धुल्याउने, तीन वर्ष धुल्याउने, पाँचवर्ष पछि धुल्याउने, दश वर्षपछि धुल्याउने, बीस वर्षपछि धुल्याउने र कहिलै नधुल्याउने भनी सरकारी कागजातहरूलाई ६ वर्गमा विभाजन गरेको छ । भन्सार ऐन, २०६४ तथा भन्सार नियमावलीमा भन्सार सम्बन्धी कागजात धुल्याउने विषयमा केही उल्लेख गरिएको छैन । भन्सार ऐन, २०६४ को दफा ७० मा भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तुको प्रज्ञापनपत्र मालवस्तु जाँचपास भएको मितिले चार वर्षभित्र सम्बन्धित भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनरावलोकन गर्न सक्नेछ भन्ने व्यवस्था भएकोले भन्सार प्रज्ञापनपत्र र सोसँग सम्बन्धित कागजातहरू कम्तीमा चारवर्षसम्म सुरक्षित राख्नु पर्दछ ।

सरकारी कागजात धुल्याउने नियमहरू, २०२७ तथा भन्सार ऐन, २०६४ को उपर्युक्त व्यवस्था समेतलाई विचार गरी भन्सार विभाग तथा भन्सार कार्यालयहरू निम्नबमोजिमको कागजातहरू निम्न अवधिमा धुल्याउनु पर्दछः

१२.१. काम तामेल भएको एकवर्ष पछि धुल्याउने कागजातहरू

(क) दैनिक, मासिक तथा अर्ध-वार्षिक प्रतिवेदनहरू,

(ख) विदा सम्बन्धी निवेदनहरू,

(ग) कर्मचारीलाई काज खटाइएका पत्रहरू,

(घ) अन्यत्र कार्यालयबाट प्राप्त सिफारिस पत्रहरू,

(ङ) आर्थिक ऐनको अनुसूची १ को मस्यौदा,

(च) अन्य ऐन नियमका मस्यौदा (ऐन, नियम, प्रकाशित भएपछि),

(छ) आर्थिक ऐनमा समावेश गर्न प्राप्त भएका सुझावहरू,

(ज) कुनै सेवा प्राप्त गर्न सेवाग्राहीले दिएका निवदेनहरू ।

१२.२ <u>काम तामेल भएको ५ वर्षपछि धुल्याउने कागजातहरू</u>

१. सवारी साधन बाहेकका पैठारी सम्बन्धी प्रज्ञापनपत्रहरू र सोसँग सम्बन्धित कागजातहरू,

२. निकासी सम्बन्धी, प्रज्ञापनपत्रहरू र सोसँग सम्बन्धित कागजातहरू,

३. प्रज्ञापनपत्र दर्ता रजिष्टर,

४. कूटनीतिक तथा महसुल सुविधा सम्बन्धी सिफारिसहरू (सवारी साधनको वाहेक),

५. सिटरोल वाहेकका कर्मचारीका नोकरी विवरण गोप्य प्रतिवेदन (कर्मचारी सेवाबाट छुटेको ५ वर्ष व्यतित भएको भए),

६. हाजिरी विदाको अभिलेख राखी हाजिरी रजिष्टर,

७. कर्मचारीहरूको सरूवा र रमाना सम्बन्धी पत्रहरू ।

१२.३ <u>काम तामेल भएको दश वर्षपछि धुल्याउने कागजातहरू:</u>

१. वार्षिक प्रतिवेदन,

२. सवारी साधन पैठारी सम्बन्धी प्रज्ञापनपत्रहरू संलग्न कागजातहरू एवं दर्ता रजिष्टर,

३. नगदी रसिदहरू एवं लेखा सम्बन्धी अन्य कागजातहरू (वेरूजु भएका वाहेक),

४. मुद्दामा भएका निर्णय वाहेकका प्रशासनिक निर्णयहरू एवं आदेशहरू,

५. रकम भुक्तानी लिन वाँकी नभएका डी.आर.पी. इन्भ्वाइसहरू र तत्सम्बन्धी कागजातहरू,

६. आयोजनालाई भन्सार महसुल छुट प्रदान गरिएका निर्णयहरू एवं पत्रहरू (आयोजना समाप्त भएको १० वर्षपछि),

७. सुराकी सम्बन्धी अभिलेख,

८. भन्सार एजेन्ट एवं वण्डेड वेयर हाउसको नवीकरण सम्बन्धी पत्र एवं निर्णयहरू,

९. कूटनीतिक तथा महसुल सुविधामा आयात गरिएको मालवस्तुको अभिलेख,

१०. मुद्दामा निर्णय (आदेश) वाहेकका अन्य कागजातहरू,

११. मूल्याङ्कन पुनरावलोकनको लागि परेका निवेदनहरू र तत्सम्बन्धी कागजातहरू ।

१२.४. <u>कहिल्यै नधुल्याउने कागजातहरू:</u>

१. मुद्दामा भन्सार अधिकृतले गरेको निर्णय एवं पुनरावेदन तहबाट भएको निर्णयहरू,

२. वण्डेड वेयर हाउस एवं भन्सार एजेन्टका इजाजत प्रदान गरिएका निर्णय एवं अभिलेखहरू,

३. विभाग एवं कार्यालयको जग्गाको अभिलेख,

४. मुद्दा दर्ता रजिष्टर एवं निर्णय (राय किताव),

५. कैद ठेकिएको अभिलेख,

६. विदेशी राष्ट्रहरूसँग गरिएका सन्धि सम्झौताहरू,

७. कर्मचारीको सिटरोल,

८. मूल्याङ्कनले पुनरावलोकन समितिले गरेको निर्णय,

९. मुद्दामा प्राप्त गरिएको प्रतिवेदन (जाहेरी),

१०. विभागीय प्रमुख वा कार्यालय प्रमुखले सुरक्षित राख्न उचित सम्झेका अन्य कागजातहरू,

११. कितावको रूपमा प्रकाशित परिपत्र संग्रह निर्णय संग्रह र सालवसाली जारी हुने आर्थिक ऐनहरू,

१२. मालवस्तुको वर्गीकरण सम्बन्धी निर्णयहरू ।

१२.५ <u>कागजात धुल्याउने कार्यविधि:</u>

१२.५.१ <u>कागजात धुल्याउन आदेश दिने:</u> कार्यालय प्रमुखले आफ्नो कर्यालयमा रहेका माथि नं. ४ मा उल्लिखित कागजातबाहेक अन्य कागजातहरू माथि उल्लिखित अवधि नाघेपछि धुल्याउनको लागि त्यस्ता कागजातहरू छुट्याई फेहरिस्त तयार गर्न वर्षमा एकपटक कर्मचारीहरूको टोली बनाई सो कामको जिम्मा दिनु पर्दछ । उक्त टोलीले माथि उल्लिखित समय सीमाको

अधिनमा रही सो वर्ष धुल्याउन उपर्युक्त देखेका कागजातको विवरण तयार गरी धुल्याउने आदेशको लागि कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्दछ र कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गर्नुपर्ने भए गरी त्यस्ता कागजात धुल्याउन आदेश दिनु पर्दछ ।

१२.५.२ धुल्याउने कागजातको अभिलेख राख्ने: धुल्याउने आदेश दिइएका कागजातहरू धुल्याउन भन्दा अगावै सम्बन्धित कार्यालयले निर्धारित ढाँचामा धुल्याउने कागजातको विषय र छोटकरी विवरण लेखी कार्यालय प्रमुखको दस्तखत गराई अभिलेख राख्नु पर्दछ ।

१२.५.३ कागजात धुल्याउँदा नजिकको कार्यालयको प्रतिनिधि राख्ने: यस कार्यविधि बमोजिम धुल्याउने आदेश भएका कागजातहरू धुल्याउन सम्बन्धित कार्यालयले नजिकको कुनै सरकारी कार्यालयको एक प्रतिनिधिको रोहवरमा धुल्याउनु पर्दछ । तर कार्यालय प्रमुख राजपत्रांकित कर्मचारी भएमा नजिकको सरकारी कार्यालयको प्रतिनिधि राख्न आवश्यक पर्नेछैन ।

१२.५.४ धुल्याइएका कागजातहरू लिलाम बिक्री गर्न सकिने: यस कार्यविधि बमोजिम धुल्याइएका कागजातहरू नेपाल सरकारले तोकेको कुनै संस्था वा व्यक्तिलाई बिक्री गर्न वा प्रचलित कानून बमोजिम कार्यालयको प्रमुखले लिलाम गर्न सक्दछ ।

कुनै कार्यालयमा माथि लेखिएको अवधि नाघेका र धुल्याउनु पर्ने कागजातहरू समयमै धुल्याइएको छ, छैन भनी निरीक्षण गर्ने अधिकारीले निरीक्षणको क्रममा हेर्नु पर्दछ र सो ब्यहोरा निरीक्षण प्रतिवेदनमा अनिवार्य रूपमा उल्लेख गर्नुपर्दछ ।

परिच्छेद - १३
बौद्धिक सम्पत्तिको संरक्षण

प्रचलित कानून बमोजिम कुनै ब्यक्तिले प्राप्त गरेको पेटेन्ट, डिजाइन, ट्रेडमार्क प्रतिलिपि अधिकार जस्ता वौद्धिक सम्पत्तिका अधिकारमा हनन् हुने गरी कुनै मालवस्तु निकासी वा पैठारी गर्न लागेमा सरोकारवाला ब्यक्तिले त्यस्तो निकासी वा पैठारी रोक्का गर्न प्रमाण सहित सम्बन्धित भन्सार कार्यालयका भन्सार अधिकृत समक्ष निवेदन दिन सक्दछ (भन्सार ऐन, २०६४ को दफा ६८) ।

यसरी निवेदन प्राप्त हुन आएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु रोक्का राखी सो सम्बन्धमा आवश्यक कारवाहीको निमित्त सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउनु पर्दछ । कारवाही गर्न अधिकार प्राप्त अधिकारीले कारवाही गर्दा त्यस्तो मालवस्तु जफत गर्ने ठहराएमा भन्सार अधिकृतले सो मालवस्तु त्यस्तो निकाय वा अधिकारी समक्ष बुझाइदिनु पर्दछ ।

<u>उदाहरण नं. १</u> नेपालमा NIKE कम्पनीका उत्पादनहरू आयात बिक्री गर्ने कानून बमोजिम दर्ता भएका एजेन्सीले कुनै भन्सार कार्यालयबाट नक्कली NIKE पैठारी गर्न लागेको थाहा पाई सम्बन्धित भन्सार कार्यालयमा उपस्थित भई मालवस्तु रोक्का राखी कारवाही गर्न निवेदन दिन सक्दछ । यसरी निवेदन दिँदा आफू उक्त कम्पनीका उत्पादकको आधिकारिक प्रतिनिधि (एजेन्सी लिएको) भएको प्रमाण समेत संलग्न गरी उक्त मालवस्तु के कारणले नक्कली हो सोको प्रमाण समेत पेश गरेको हुनुपर्दछ । यसरी पेश हुन आएमा भन्सार अधिकृतले जाँचवुझ गरी छानविन गराउनु पर्ने देखिएमा ब्यहोरा उल्लेख गरी नमूना सहित उद्योग विभागमा पठाइदिनु पर्दछ । उद्योग विभागबाट त्यस्तो मालवस्तु जफत गरिएको निर्णय प्राप्त भएमा सो मालवस्तु उद्योग विभागमा पठाई दिनु पर्दछ ।

<u>उदाहरण नं. २</u>: कुनै ब्यक्तिले कसैको प्रकाशित कृतिको प्रकाशन गर्न अधिकार नलिई विदेशबाट सो कृति छपाई गरी भन्सार कार्यालयमा ल्याएको सोको सरोकारवाला ब्यक्तिले जानकारी पाई त्यस्तो कृति रोक्का राखी कारवाही गर्न प्रमाण सहित भन्सार कार्यालयमा निवेदन दिएमा भन्सार अधिकृतले जाँचवुझ गरी छानविन गराउनु पर्ने देखेमा सो ब्यहोरा उल्लेख गरी त्यस्तो कृतिको नमूना सहित कारवाही गर्ने निकाय प्रतिलिपि अधिकार रजिष्टारको कार्यालयमा पठाइदिनु पर्दछ र सो कार्यालयबाट कारवाही भई जफत गर्ने निर्णय प्राप्त भएमा उक्त मालवस्तु उक्त कार्यालयमा पठाइदिनु पर्दछ । वौद्धिक सम्पत्तिको

संरक्षण गर्ने कार्यमा भन्सार प्रशासनको भूमिका अहम् भएकोले भन्सार कार्यालयले व्यक्तिको वौद्धिक सम्पत्तिको संरक्षण हुनेतर्फ पनि ध्यान दिनु पर्दछ ।

परिच्छेद - १४
ट्रान्जिट सुविधा सम्बन्धी ब्यवस्था

१४.१ **नेपालबाट नेपालमै मालवस्तु निकासी पैठारी गर्ने प्रक्रियाः** (**भन्सार निमायवली, २०६४ को नियम** ४) कुनै मालवस्तु नेपालको एक भू-भागबाट अर्को भू-भागमा पठाउनु पर्दा भौगोलिक विकटता एवं बाटो घाटोको असुविधाले गर्दा विदेशको भू-भाग भई पठाउनु पर्ने हुन हुन्छ । यस प्रकार नेपालको एक भागबाट विदेशको बाटो गरी पुनः नेपालमा ल्याउने मालवस्तुको सम्बन्धमा निम्न प्रक्रिया अवलम्वन गर्नुपर्दछः

- नेपालको एक भू-भागबाट विदेशको बाटो गरी पुनः नेपालमै ल्याउने मालवस्तु धनीले त्यस्तो मालवस्तुको साथ प्रज्ञापनपत्र भरी सम्बन्धित भन्सार कार्यलयमा पेश गर्ने,
- प्रज्ञापनपत्रमा उक्त मालवस्तु नेपालको कुन भन्सार कार्यालयबाट पैठारी गर्ने हो, उल्लेख गर्नुपर्ने,
- प्राप्त प्रज्ञापनपत्र उपर जाँचवुझ गर्दा नेपालको बाटोबाट मालवस्तु लैजान सक्ने यातायातको सस्तो र सजिलो साधन तथा सुविधा छ र भन्सार प्रशासनका दृष्टिले पनि नेपालको बाटो प्रयोग गरी मालवस्तु लैजान मनासिव देखिएमा भन्सार कार्यालयका प्रमुखले विदेशको बाटो गरी मालवस्तु लैजान दिनु हुँदैन,
- प्राप्त प्रज्ञापनपत्र उपर जाँचवुझ गर्दा नेपालको बाटोबाट मालवस्तु लैजान सक्ने यातायातको सस्तो र सजिलो साधन तथा सुविधा नभएको र भन्सार प्रशासनका दृष्टिले विदेशको बाटो गरी मालवस्तु लैजान मनासिव देखिएमा भन्सार कार्यालयको प्रमुखले त्यस्तो मालवस्तु पैठारी गर्दा लाग्ने महसुल लिई लगत राखी वा धरौटी भन्सार सेवा दस्तुर लिई त्यस्तो मालवस्तुको विवरण खुलाई भन्सार कार्यालयको सिल लगाई सो मालवस्तु नेपालको कुन भन्सार कार्यालयबाट पुनः नेपालमा आयात गरिने हो सो ब्यहोरा र लाग्ने बाटोम्याद तोकी प्रज्ञापनपत्रमा जनाई एकप्रति प्रज्ञापनपत्र मालवस्तु धनीलाई दिई मालवस्तु लैजान दिनु पर्दछ,

- निकासी गर्न अनुमति दिने भन्सार कार्यालयले जारी गरेको प्रज्ञापनपत्र बमोजिमको मालवस्तु पैठारी हुने भन्सार कार्यालयमा प्राप्त हुन आएमा सबै विवरण भिडाई ठीक देखिएमा उक्त भन्सार कार्यालयले भन्सार सेवा दस्तुर मात्र लिई अरू कुनै कर महसुल नलिई पैठारी गर्न दिनु पर्दछ,

- यस प्रकार विदेशको बाटो भई नेपालको भन्सार कार्यालयमा मालवस्तु पुनः पैठारी भएपछि पैठारी गरिएको प्रज्ञापनपत्र समेत संलग्न गरी ३ (तीन) दिनभित्र निकासी गर्ने भन्सार कार्यालयमा पठाइदिनु पर्दछ,

- निकासी गर्न दिने भन्सार कार्यालयमा उक्त मालवस्तु नेपालमा पैठारी भइसकेको जानकारी प्राप्त भएपछि लगत कट्टा गर्ने वा धरौटी लिएको भएमा फिर्ता दिनु पर्दछ ।

१४.२ **विदेशबाट नेपालको बाटो गरी पुनः सोही मुलुकमा मालवस्तु ल्याउने लैजाने प्रक्रिया** (भन्सार नियमावली, २०६४ को नियम ५):

- विदेशबाट नेपालको बाटो गरी पुनः सोही मुलुकमा मालवस्तु लैजान चाहने मालवस्तु धनीले नेपालको बाटो प्रयोग गर्नुपर्नाको कारण नेपालभित्र पैठारी गर्ने र नेपालबाट निकासी गर्ने भन्सार कार्यालयको नाम, मालवस्तुको विवरण सहित भन्सार विभागमा निवेदन दिनुपर्दछ ।

- प्राप्त निवेदन जाँचवुझ गर्दा नेपालको बाटो प्रयोग गरी मालवस्तु आयात/निर्यात गर्न दिनुपर्ने कारण र अवस्था मनासिव देखिएमा भन्सार विभागले अनुमति दिनु पर्दछ । यसरी अनुमति दिँदा पैठारीको अवस्थामा लाग्ने महसुल धरौटी लिनुपर्ने हो वा लगतमा राखी पैठारी गर्न दिनु पर्ने हो, सो समेत निर्णयमा खुलाउनु पर्नेछ ।

- यस प्रकारको अनुमति प्रदान गर्दा यसरी मालवस्तु निकासी पैठारी गर्ने मुलुकको नेपालमा दूताबास भएमा सिफारिस पत्र माग गर्नुपर्दछ ।

- विभागबाट अनुमति प्राप्त गरेपछि मालवस्तु धनीले विभागले दिएको अनुमतिपत्र र मालवस्तुको प्रज्ञापनपत्र भरी सम्बन्धित भन्सार कार्यालयमा पेश गर्नुपर्दछ । प्रज्ञापनपत्रमा उक्त मालवस्तु नेपालको कुन भन्सार कार्यालयबाट निकासी गर्ने हो सो समेत खुलाउनु पर्दछ ।

- विभागबाट स्वीकृति दिएको पत्र तथा प्रज्ञापनपत्र पेश हुन आएमा सम्बन्धित भन्सार कार्यालयले बढीमा ७ दिनको बाटोको म्याद र निकासी हुने भन्सार कार्यालय तोकी मालवस्तुको ढुवानी साधनमा सिलछाप लगाई भन्सार सेवा दस्तुर मात्र असुल गरी पैठारी गर्न दिनुपर्दछ ।

- यस प्रकार पैठारी गरिएको मालवस्तु र प्रज्ञापनपत्र निकासी गर्ने भन्सार कार्यालयमा प्राप्त भएपछि प्रज्ञापनपत्र एवं मालवस्तु विवरण भिडाई ठीक दुरूस्त देखिएमा निकासी प्रज्ञापनपत्र भर्न लगाई भन्सार सेवा दस्तुर मात्र असुल गरी निकासी गर्न दिनुपर्दछ र यस प्रकार निकासी भएको एकप्रति प्रज्ञापनपत्र तीन दिनभित्र पैठारी गर्ने भन्सार कार्यालयमा पठाउनु पर्दछ ।

- पैठारी गर्न दिएको भन्सार कार्यालयमा यस प्रकार मालवस्तु निकासी भएको जानकारीको प्रज्ञापनपत्र प्राप्त भएमा धरौटी राखेको भए धरौटी फिर्ता दिने र लगत राखेको भए लगत कट्टा गरिदिनु पर्दछ ।

- यस प्रकारको पैठारी गरिएको मालवस्तु तोकिएको म्यादभित्र निकासी नगरिएको वा आंशिक रूपमा मात्र निकासी भएमा धरौटी राखेको भए लाग्ने महसुल धरौटीबाट कट्टा गर्ने र लगतमा छाडिएको भए लाग्ने महसुल असुल गर्नुपर्दछ ।

१४.३ विदेशी मुलुकलाई ट्रान्जिट सुविधा प्रदान गर्ने ब्यवस्थाः

- भन्सार नियमावली, २०६४ को नियम ६ मा विदेशबाट नेपालको बाटो प्रयोग गरी अन्य विदेशी मुलकमा मालवस्तु लैजाने सम्बन्धी ब्यवस्था उल्लेख गरिएको छ । तर वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट जारी गरिएको मिति २०६६।७।१६ को राजपत्रमा ट्रान्जिट सुविधा पर्वतारोहण दललाई मात्र प्रदान गरिने भन्ने उल्लेख भएकोले हाल विदेशी पर्वतारोहरण दलले आफ्नो प्रयोगको लागि ल्याउने लैजाने मालवस्तु वाहेक अन्यलाई यो सुविधा प्रदान गर्न मिल्ने देखिंदैन । यस्तो सुविधा पर्वतारोहरण दललाई प्रदान गर्न वाणिज्य विभागले अनुमति दिने भएकोले सो अनुमति पत्रको आधारमा भन्सार कार्यालयहरूले ट्रान्जिट सुविधा उपलव्ध गराउँदै आएका छन् । यस्तो सुविधा प्रदान गर्दा पैठारी हुने भन्सार कार्यालयले प्रज्ञापनपत्रमा नेपालको कुन मार्गबाट कुन विदेशी मुलुकमा लैजाने हो, बाटो म्याद समेत तोकी मालवस्तु सिलवन्दी गरी प्रज्ञापनपत्रमा जनाई भन्सार सेवा दस्तुर मात्र लिई छाडिदिनु पर्दछ ।

- ट्रान्जिट सुविधा अन्तर्गत आयात गरिएको मालवस्तु निकासी हुने भन्सार कार्यालयमा प्राप्त भएपछि उक्त भन्सार कार्यालयले पैठारी भएको प्रज्ञापनपत्र एवं मालवस्तु वा सो मालवस्तुको ढुवानी साधनमा लगाइएको सीलछाप दुरूस्त भए नभएको हेरी भिडाई निकासी प्रज्ञापनपत्र भर्न लगाई निकासी गर्न दिई निकासी गरिएको एकप्रति प्रज्ञापनपत्र सहित ३ दिनभित्र पैठारी गरिने भन्सार कार्यालयमा पठाउनु पर्दछ ।
- ट्रान्जिट सुविधा अन्तर्गत पैठारी गरिएको मालवस्तु निकासी नभएमा वा आंशिक रूपमा मात्र निकासी भएमा लाग्ने महसुल त्यसरी पर्वतारोहरण दलको जिम्मा लिने नेपालको ट्रेकिङ्ग एजेन्सीसँग अविलम्व असुल उपर गर्नुपर्दछ ।
- ब्यापारिक मालवस्तुलाई ट्रान्जिट सुविधा दिने विषय वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने भएकोले उक्त मन्त्रालयबाट सो सम्बन्धमा तोकिएको कार्यविधि बमोजिम गर्नुपर्नेछ ।

परिच्छेद - १५
भन्सार विन्दु परिवर्तन गरिएको मालवस्तुको जाँचपास गर्ने व्यवस्था

१५.१ आयात प्रतीतपत्रमा भन्सार विन्दु उल्लेख गर्नुपर्ने:

आयात प्रतीतपत खोल्दा आयात गरिने वस्तु जुन भन्सार विन्दुबाट भित्रिने हो सो भन्सार विन्दुको नाम र ठेगाना प्रतीतपत्रमा अनिवार्यरूपले उल्लेख गर्नुपर्नेछ । कथंकदाचित भन्सार विन्दु परिवर्तन गर्नुपर्ने भएमा नेपाल सरकार, वाणिज्य विभागको स्वीकृति लिनु पर्नेछ भन्ने व्यवस्था नेपाल राष्ट्र बैङ्कको इ.प्रा. परिपत्र संख्या ३८१ मा उल्लेख भएको छ ।

१५.२ तेस्रो मुलुकबाट आयात गरेको मालसामानहरूको प्रवेश विन्दु संशोधन सम्बन्धमा मिति २०४८।१।६ को भन्सार विभागको परिपत्र:

“कुनै पनि आयातकर्ताले समुद्रपार (तेस्रो मुलुक)बाट आयात गरेको मालसामानहरूको प्रवेश विन्दु (Entry Point) मा संशोधन हुँदा वाणिज्य बिभागबाट पहिले जारी भएको आयात ईजाजत पत्रमा पहिले तोकिएको प्रवेश बिन्दुको भन्सार कार्यालयमा रहेको सो आयात ईजाजत पत्रको वोधार्थ प्रति हाल संशोधन भई कायम हुन आएको प्रवेश विन्दुको भन्सार कार्यालयमा पठाउनु पर्ने हुँदा यसरी एक भन्सार कार्यालयबाट अर्को भन्सार कार्यालयमा सो आयात इजाजतपत्रको बोधार्थ प्रति पुग्ने समयावधि अगावै आयात ईजाजत पत्रमा संशोधन हुनु वाञ्छनीय हुँदा त्यस्तो समयावधिको बीचार गर्नु आवश्यक देखिन्छ । अर्थात् आयात ईजाजत पत्रमा प्रवेश विन्दु परिवर्तन गरी संशोधन गरिएको रहेछ भने त्यस्तो संशोधन कति पहिले गरिएको हो ? सो आयात ईजाजत पत्र सुरूमा जारी गरिंदा उल्लेख भएको प्रवेश विन्दुको भन्सार कार्यालयमा सोको जानकारी पुगिसकेको छ छैन ? सो भन्सार कार्यालयबाट पहिले जारी भएको आयात इजाजतपत्रको प्रतिलिपि हाल संशोधिन प्रवेश विन्दुको भन्सारमा प्राप्त हुन आइसकेको छ छैन, सो आयात इजाजतपत्रमा भएका अन्य संशोधनहरूको बोधार्थ पत्रहरू पनि प्राप्त भै सकेका छन् छैनन् सबै हेरी भिडाई सबै कुरा मिलेमा मात्र सो आयात इजाजतपत्रबाट सामान जाँच पास गर्न उपयुक्त हुन आउँछ । तर प्रवेश विन्दु परिवर्तन सम्बन्धी भन्सारको प्रति विभिन्न कारणबाट समयमा प्राप्त नहुने पनि हुन सक्दछ । यी सवै

कागजातहरू अपूर्ण रहेमा सो आयात इजाजतपत्र सम्बन्धी कुराहरूको जानकारीको अभाव हुनुकोसाथै प्रवेश विन्दु परिवर्तन गर्नमा आयातकर्ताको के उद्देश्य रहेको छ, भन्सारको अज्ञानताको नाजायज फाइदा लिने नियत रहेको छ कि सो समेत स्पष्ट हुन सक्तैन ।

अतः कुनै पनि आयात इजाजत पत्रको प्रवेश विन्दु परिवर्तन भई नयाँ प्रवेश विन्दु कायम भएको सम्बन्धित निकाय (वाणिज्य बिभाग वा अधिकार प्राप्त अन्य निकाय) को पत्र प्राप्त हुन आएमा पूर्व प्रवेश विन्दुसँग सम्बन्धित भन्सार कार्यालय र भन्सार बिभागसँग समेत सम्पर्क गरेर (फोनबाट मात्र भए पनि) मात्र सो आयात ईजाजत पत्रसँग सम्बन्धित सबै कागजातहरू राम्रोसँग हेरी भिडाइकन मात्र मालसामानहरू भन्सार जाँच पास गर्ने गराउने व्यवस्था मिलाउनु हुन निर्देशानुसार अनुरोध गरेको छु ।"

१५.३ भन्सार विन्दू परिवर्तन बारे मिति २०६१।८।३ को भन्सार विभागको परिपत्रः

"उपरोक्त विषयमा तेश्रो मुलुकबाट प्रतीतपत्रको माध्यमबाट पैठारी हुने व्यापारिक मालवस्तुहरूको पैठारीको सिलसिलामा भन्सार विन्दू परिवर्तन गरिएकोमा अव आईन्दा यस विभागको पूर्व स्वीकृति नलिई त्यस्ता मालवस्तु जाँचपास नगर्न आदेशानुसार अनुरोध गरिएको छ ।"

१५.४ भन्सार विन्दू परिवर्तन गरी आयात गरिएको मालवस्तु जाँचपास गर्दा ध्यान दिनुपर्ने विषयहरूः

- भन्सार विन्दू परिवर्तनको लागि वाणिज्य विभाग र भन्सार विभागको स्वीकृति लिएको छ छैन ? हेर्नुपर्दछ ।
- भन्सार विन्दू परिवर्तन गरी आयात गरिएको मालवस्तु जाँचपास गर्दा भन्सार कार्यालय प्रमुखको रोहवरमा मात्र गर्नुपर्दछ,
- मालवस्तु जाँचपास गर्दा जुन भन्सार कार्यालयबाट विन्दू परिवर्तन गरी ल्याएको हो उक्त भन्सार कार्यालयमा अनिवार्य रूपले सम्पर्क गरी यसभन्दा अगाडि त्यस भन्सार कार्यालयबाट यस प्रकारको मालवस्तु पैठारी भएकोमा उक्त मालवस्तुको मूल्य, उत्पत्तिको मुलुक, वर्गीकरण र परिमाण भिडाउनु पर्दछ । यस प्रकार सम्पर्क नगरी मूल्य एवं वर्गीकरण नभिडाई जाँचपास गर्नु हुँदैन ।

- पहिले प्रतीतपत्र खोलिएको भन्सार कार्यालयमा टेलिफोन सम्पर्कबाट भिडाइएकोमा कोसँग त्यस्तो सूचना लिइएको हो सो समेतको अभिलेख अनिवार्य राख्नु पर्दछ ।
- पहिले प्रतीतपत्र खोलिएको भन्सार कार्यालयभन्दा भन्सार विन्दू परिवर्तन गरिएको भन्सार कार्यालयमा मालवस्तु आयात हुँदा उत्पत्तिको मुलुक, मूल्य, परिमाण, वर्गीकरण फरक भएकोमा सोको जानकारी भन्सार विभागमा तुरून्त दिनुपर्दछ ।

परिच्छेद-१६
जाँचपास पछिको परीक्षण कार्यविधि - २०६६

प्रस्तावना

भन्सार जाँचपासको प्रक्रियालाई सरल, सहज, ब्यवसायमैत्री र झन्झटमुक्त बनाउने उद्देश्यले जाँचपास पछिको परीक्षण गर्ने अवधारणा भन्सार ऐन, २०६४ र भन्सार नियमावली, २०६४ मा अवलम्बन गरिएको हुँदा जाँचपास पछिको परीक्षण कार्यलाई स्पष्ट, सहज, ब्यवस्थित तथा पारदर्शी तुल्याउन वाञ्छनिय भएकोले,

भन्सार विभागले भन्सार नियमावली, २०६४ को नियम २८ (४) बमोजिम यो कार्यबिधि बनाई लागू गरेको छ ।

खण्ड क
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यबिधिको नाम जाँचपास पछिको परीक्षण कार्यबिधि, २०६५ रहेको छ ।

(२) यो कार्यबिधि विभागबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(३) यो कार्यविधि भन्सार जाँचपास परीक्षण कार्यालयले गर्ने सबै परीक्षणहरूमा लागू हुनेछ र सो कार्यमा संलग्न सबै परीक्षकहरूमा लागू हुनेछ ।

२. **परिभाषाः**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "जाँचपास पछिको परीक्षण भन्नाले" ऐनको दफा ३४ र नियमावलीको परिच्छेद ५ बमोजिम गरिएको परीक्षण सम्झनु पर्दछ ।

(ख) "परीक्षण" भन्नाले जाँचपास पछिको परीक्षण सम्झनु पर्दछ ।

(ग) "विभाग" भन्नाले भन्सार विभागलाई सम्झनु पर्दछ ।

(घ) "महानिर्देशक" भन्नाले भन्सार विभागका महानिर्देशक सम्झनु पर्दछ ।

(ङ) “परीक्षक” भन्नाले परीक्षण गर्ने कार्यमा संलग्न प्रमुख भन्सार अधिकृत, जाँचपास परीक्षण कार्यालयका प्रमुख, भन्सार अधिकृत, भन्सार परीक्षक तथा विभागका महानिर्देशक वा निजले तोकेका अधिकृतलाई जनाउने छ ।

(च) “ऐन” भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्दछ ।

(छ) “नियमावली” भन्नाले भन्सार नियमावली, २०६४ सम्झनु पर्दछ ।

(ज) “अधिकृत” भन्नाले भन्सार कार्यालयहरूका भन्सार अधिकृतहरू, भन्सार जाँसपास परीक्षण कार्यालयका भन्सार परीक्षकहरू र ऐनको दफा ३४ को उपदफा १ बमोजिम परीक्षण कार्य गर्नको लागि महानिर्देशकले तोकेको भन्सार विभाग तथा आन्तरिक राजस्व विभागका अधिकारी समेतलाई सम्झनु पर्दछ ।

(झ) “कार्यालय” भन्नाले भन्सार जाँचपास परीक्षण (PCA) कार्यालय सम्झनु पर्दछ । संयुक्त परीक्षण गर्ने प्रयोजनको लागि कार्यालय भन्नाले सम्बन्धित आन्तरिक राजस्व कार्यालय समेतलाई जनाउने छ ।

(ञ) “मालवस्तु भन्नाले परीक्षण गर्नुपर्ने भनी छनौट गरिएको ऐनको दफा २ (ल) बमोजिमको मालवस्तु सम्झनु पर्छ ।

खण्ड ख
कार्यालयको कार्यक्षेत्र, परीक्षणको क्षेत्र, हेर्न सकिने अभिलेखहरू, परीक्षण गर्ने समयावधि र परीक्षण गर्ने पदाधिकारी सम्बन्धी व्यवस्था

३. कार्यालयको कार्यक्षेत्र

(क) जाँचपास पछिको परीक्षण गर्ने प्रयोजनको लागि यसको कार्यक्षेत्र नेपाल भर हुनेछ यसको कार्यालय काठमाण्डौमा रहनेछ ।

४. परीक्षणको क्षेत्र

परीक्षणको क्षेत्र अन्तर्गत पैठारीसँग सम्बन्धित देहाय बमोजिमका ब्यक्ति तथा संस्था पर्नेछन् ।

(क) आयातकर्ताहरू

(ख) भन्सार एजेन्ट

(ग) भण्डारण एजेन्टहरू

(घ) ढुवानीकर्ता

(ङ) थोक विक्रेता

(च) खुद्रा विक्रेता

(छ) मध्यस्थकर्ताहरू

(ज) बैङ्क/वित्तीय संस्था तथा भुक्तानी पठाउने संस्था

(झ) बिमक

(ञ) अन्य सम्बन्धित व्यक्ति तथा निकायहरू ।

५. <u>परीक्षण गर्न सकिने अभिलेख र बिबरणहरू</u>

परीक्षण कार्य गर्दा देहाय बमोजिमका अभिलेख र बिबरणहरू परीक्षण गर्न सकिनेछ । पैठारीकर्ताले यी विवरणहरू तयार गरी परीक्षण गर्ने प्रयोजनका लागि मागेको समयमा उपलब्ध गराउने गरी सुरक्षित राख्नुपर्नेछ । परीक्षण गर्ने प्रयोजनको लागि परीक्षण गर्ने अधिकृतले माग गरेमा निम्न विवरणहरू माग गरेको ७ दिनभित्र उपलब्ध गराउनु पर्नेछ ।

क) पैठारी प्रज्ञापन पत्र, महसुल तिरेको रसिद, खरीद खाता ।

(ख) बिक्री बिजक तथा बिक्री खाता ।

(ग) परिमाण समेत खुलेको मौज्दात विवरण ।

(घ) मालवस्तुको पैठारी र बिक्रीसँग सम्बन्धित बैकिङ्ग अभिलेख ।

(ङ) वासलात तथा नाफा नोक्सान हिसाब, अन्तिम मौज्दात विवरण र सोसँग सम्बन्धित अन्य विवरण ।

(च) पैठारीकर्ताले कारोबारको विवरण कम्प्यूटर प्रणालीमा राखेको भए सो प्रणाली ।

(छ) पैठारी, सञ्चय र बिक्रीसँग सम्बन्धित अन्य कागजात र विवरण ।

(ज) पैठारीकर्ताले आन्तरिक राजस्व कार्यालयमा पेश गरेको कर विवरण र आय विवरण ।

(झ) पैठारीकर्ताको ब्यवसायको क्यास बुक र लेजर ।

(ञ) पैठारीकर्ताको मौज्दातको भौतिक परीक्षण ।

(ट) पैठारीकर्ताको ब्यवसायको नगद प्रवाह विवरण ।

(ठ) पैठारीसँग सम्बन्धित खर्च सम्बन्धी कागजातहरू ।

(ड) Bill of Lading / Airway Bill

(ढ) प्रतीतपत्रको कपी / बैङ्क स्टेटमेन्ट ।

ण) अग्रिम भुक्तानीपत्रको कपी वा भुक्तानी कागजात ।

(त) मालवस्तुको इन्सुरेन्सको कागजात ।

(थ) प्याकिङ्ग लिष्ट ।

(द) आयात र खरिद बिजकहरू ।

(ध) जाँचपास पछिको परीक्षण गर्न लागिएको मालवस्तुको कारोबारसँग सम्बन्धित अन्य कागजातहरू ।

६. <u>परीक्षण गर्ने समयावधिः</u>

परीक्षण गरिने मालबस्तु भन्सार कार्यालयबाट जाँचपास भएको मितिले ४ वर्षभित्र परीक्षण गर्न सकिनेछ ।

खण्ड ग
परीक्षण कार्य गर्ने परीक्षकको अधिकार तथा कर्तब्य

७. <u>परीक्षकको काम कर्तब्य र अधिकारः</u>

परीक्षण गर्ने सिलसिलामा परीक्षकको देहाय बमोजिमको अधिकार र कर्तब्य हुनेछ ।

(क) खण्ड ख को प्रकरण ५ मा उल्लिखित अभिलेख तथा विवरणहरूको परीक्षण गर्ने,

(ख) परीक्षण गर्दा पैठारीकर्ताको कारोवार स्थलमा नै वा कार्यालयमा नै कागजात झिकाई परीक्षण गर्ने,

(ग) परीक्षण कार्यको सिलसिलामा कुनै विषयमा अस्पष्ट भएमा पैठारीकर्तालाई कार्यालयमा बोलाई स्पष्ट पार्न लगाउने । साथै प्रकरण ४ मा उल्लिखित मध्येको कसैलाई बुझ्नु पर्ने भएमा लिखित रूपमा बुझ्ने साथै निजहरूको कुनै कागजात अध्ययन गर्नु पर्ने भएमा सो अध्ययन गर्ने,

(घ) पैठारीकर्ताले घोषणा गरेको मूल्यको परीक्षण गर्ने प्रयोजनका लागि निजले पैठारी गरी बिक्री गरेको मालवस्तुको खुद्रा तहसम्मको कारोबारको अभिलेख परीक्षण गर्ने,

(ङ) परीक्षणको क्रममा आवश्यक देखिएका बैङ्क, वित्तीय संस्था एवं पैठारीकर्ताको कारोबारसँग सम्बन्धित अन्य कुनै ब्यक्ति वा निकायबाट सम्बन्धित पैठारीकर्ता, निजको कारोबार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैङ्क खाता, नाफा नोक्सानको हिसाब, कर विवरण, बिजक र यस्तै अन्य कागजात माग गर्ने,

(च) पैठारीकर्ताले घोषणा गरेको मालवस्तुको मूल्य यथार्थ हो वा होइन भन्ने कुरा निश्चित गर्नका लागि ऐनको दफा १३ मा उल्लेख भए बमोजिमका मूल्यांकनका सबै वा कुनै तरीका अवलम्बन गरी त्यस्तो मालवस्तुको मूल्य कायम गर्ने, घोषणा फरक देखिएमा ऐन बमोजिमको जरिवाना गर्ने,

(छ) पैठारीकर्तासँग पैठारीसँग सम्बन्धित अन्य आवश्यक कागजात र आवश्यक भएमा मालवस्तुको नमूना समेत परीक्षण प्रयोजनको निम्ति माग गर्ने,

(ज) कार्यालयबाट गरिएको परीक्षणबाट देखिएको विवरणको प्रतिवेदन तयार भएको ७ दिन भित्र कारवाही गरी त्यसको प्रगतिको जानकारी विभागमा र कार्यालयमा दिने, प्रतिवेदन कार्यान्वय गर्ने सम्बन्धमा कार्यालयको सहयोग लिने र यसरी सहयोग माग भएमा कार्यालयले समेत सहयोग दिनुपर्ने,

(झ) परीक्षण प्रतिवेदनको प्रतिलिपि पैठारीकर्ताले माग गरेमा कार्यालयबाटै दिने,

(ञ) परीक्षकलाई ऐन अनुसार परीक्षण कार्यको लागि पैठारीकर्ता वा निजका प्रतिनिधिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न

लगाउने सम्बन्धमा प्रचलित कानून बमोजिम सुरू अदालतलाई भए सरहको अधिकार हुनेछ ।

खण्ड घ
परीक्षणका लागि मालवस्तुको छनौट गर्ने आधारहरू

८. **परीक्षणको किसिम** :

परीक्षणको कार्य मुख्यतः २ किसिमबाट गर्न सकिन्छ ।

(क) व्यापारिक फर्मको परीक्षण

(ख) निश्चित मालवस्तुको consignment को परीक्षण

९. **मालवस्तुको छनौट गर्ने आधारहरू** :

परीक्षण गर्दा जोखिम विश्लेषणको आधारमा छनौट गरीएका मालवस्तुहरूको वा पैठारीकर्ताको मात्र परीक्षण गरिनेछ । यसरी मालवस्तु वा पैठारीकर्ताको छनौट गर्दा निम्नमध्ये सबै, केही वा कुनै तथ्यलाई आधार लिई छनौट गरिने छ ।

(क) उच्च महसुल दर लाग्ने मालवस्तु,

(ख) परिमाणात्मक बन्देज भएका मालवस्तु,

(ग) राजस्व जोखिमयुक्त वस्तुहरू,

(घ) पैठारीकर्ताको विश्वसनीयता,

(ङ) सामान उत्पतिको देश,

(च) आयात भएका वस्तुहरूको घोषित मूल्य तथा परिमाण,

(छ) भन्सार विन्दुहरूको परिवर्तन,

(ज) मालवस्तुको घोषणाको प्रकृति,

(झ) सामान चलान भएको देश तथा चलान भएको मिति,

(ञ) विभागका विभिन्न शाखाहरूमा रहेका तथ्याङ्कहरूको विश्लेषणको आधारमा,

(ट) मोडेल र ब्राण्ड अनुसार मूल्य फरक हुने वस्तुहरू,

(ठ) एकाधिकार प्रतिनिधि भएका वस्तुहरू,

(ड) अन्य निकायहरूबाट प्राप्त सूचना एवं जानकारी,

(ढ) विभिन्न स्रोतहरूबाट प्राप्त सूचनाको तुलनात्मक लेखाजोखा,

(ण) सरकारको नीति तथा प्राथमिकता,

(त) अन्य पैठारीकर्तासँगको कारोबारको तुलनात्मक विश्लेषणबाट प्राप्त निष्कर्ष,

(थ) परीक्षकले जोखिम महसुस गरेका अन्य आधारहरू,

(द) वस्तुको घोषित मूल्यभन्दा विमा र भाडा वापत रकम बढी घोषणा भएका माल वस्तुहरू,

(ध) विज्ञापन खर्च र प्रशासनिक खर्च बढी देखिएका वस्तुहरू,

(न) आन्तरिक राजस्व विभाग र आन्तरिक राजस्व कार्यालयहरूबाट पूर्ण कर परीक्षणको लागि छनौट गर्दा लिइने आधारहरू,

(प) भन्सार कार्यालयहरूमा लागू भएको छनौट प्रणाली (Selectivity module) बाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको विश्लेषणबाट प्राप्त नतिजा ,

(फ) मुल्यको आधारमा प्रमुख आयातकर्ताहरू ।

खण्ड ङ
परीक्षण कार्य सम्पादन गर्ने प्रकृया

१०. <u>जाँचपास परीक्षणको लागि छनौट कार्य</u>

(क) कार्यालयले विभागसँगको समन्वयमा वर्षभरि परीक्षण गर्नु पर्ने पैठारीकर्ताहरूको सूची बनाउनेछ । यसरी सूची बनाउँदा विभागले तोकेको लक्ष्यलाई ध्यानमा राखी बनाउनुपर्नेछ ।

(ख) विभागले बर्षभरि परीक्षण गर्नुपर्ने पैठारीकर्ताहरूको छनौट सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ वा छनौट गर्ने प्रक्रिया र मापदण्ड सम्बन्धमा कार्यालयलाई आवश्यक मार्गदर्शन दिन सक्नेछ ।

(ग) महानिर्देशकले परीक्षण गर्नुपर्ने पैठारीकर्ताहरूको छनौट गरी कार्यालयलाई उपलब्ध गराउन सक्नेछ ।

११. <u>परीक्षण कार्यको तयारी गर्ने</u> :

परीक्षण कार्य गर्नुभन्दा अगाडि बिभाग वा कार्यालयले निम्न अनुसारका कार्यहरू गर्नुपर्दछ ।

(क) कार्यालयले आर्थिक वर्ष भरिमा कतिवटा परीक्षण गर्नुपर्ने हो सोको लक्ष्य निर्धारण विभागबाट लिने र सो लक्ष्यलाई मासिक लक्ष्यमा विभाजन गर्ने,

(ख) कार्यालयले कुन कुन पैठारीकर्ता वा मालवस्तुको परीक्षण कुन क्रममा गर्ने सोको चयन र निर्धारण गर्ने,

(ग) कार्यालय एक्लैले गर्ने र आन्तरिक राजस्व कार्यालय तथा आवश्यकता अनुसार अन्य कार्यालयको सहयोगमा गर्ने परीक्षणहरूको चयन गर्ने र सूची निर्माण गर्ने,

(घ) कार्यालयले परीक्षणको लागी आवश्यक योजना बनाउने । जस्तैः के गर्ने, कहाँ गर्ने, कसले कहिले किन गर्ने, कसरी गर्ने आदि । योजना निर्माण गर्दा कुनै निश्चित पैठारीकर्तालाई ध्यानमा राखी वा पैठारीकर्ताहरूको समुहलाई नै समेटने गरी सामान्य योजना निर्माण गर्न सक्नेछ,

(ङ) परीक्षण कार्यको लागि परीक्षण टिम बनाउने,

(च) परीक्षणको लागि छानिएका मालवस्तुसँग सम्बन्धित आबश्यक सूचना तथा कागजातहरू विभाग र सम्बन्धित भन्सार कार्यालयहरूबाट संकलन गरी अध्ययन गर्ने,

(छ) परीक्षणका लागि छानिएका पैठारीकर्ताहरूलाई परीक्षण गर्ने विषयको जानकारी दिने । यस्तो जानकारी दिँदा निम्न विषयहरू समेट्नु पर्दछः-

(अ) परीक्षण गर्न लागिएको मालवस्तुसँग सम्बन्धित सम्पूर्ण विवरण,

(आ) परीक्षण कार्य कहाँ गर्ने हो सो स्थान,

(इ) परीक्षण कार्य कहिले गर्ने हो सो समय र मिति,

(ई) पैठारीकर्ताले जुटाउनु पर्ने कागजातहरू र विवरणहरू,

(उ) अन्य आवश्यक देखिएका विषयहरू ।

१२. <u>परीक्षण कार्यको सञ्चालन</u>

(अ) परीक्षकले परीक्षण गर्दा निम्न अनुसार कार्यहरू गर्नुपर्दछ:

(क) पैठारीकर्तासँग कारोबारको विषयमा छलफल तथा अन्तरकृया गर्ने,

(ख) पैठारीकर्ताको कारोबार स्थलमा गई वा परीक्षकको कार्यालयमा नै पैठारी सम्बन्धी सम्पूर्ण विवरणहरू मगाई परीक्षण गर्ने,

(ग) पैठारीकर्तासँग आवश्यक कागजात वा अभिलेख माग गर्ने,

(घ) कागजातबाट स्पष्ट हुन नसकिएका विषयमा वा थप जानकारीको लागि सोधपुछ गर्ने वा बयान लिने,

(ङ) निजको लेखा प्रणालीको अध्ययन गर्ने,

(च) Consignment सँग सम्बन्धित सम्पूर्ण कागजातको परीक्षण गर्ने,

(छ) आवश्यक देखिएमा गोदाममा गई भौतिक परीक्षण गर्ने,

(ज) खुद्रा मूल्य र थोक मूल्यको जानकारी लिने,

(झ) लागत मूल्य, थोक मूल्य र खुद्रा मूल्य बीचमा तुलना गर्ने,

(ञ) आवश्यक देखिएमा खुद्रा तहसम्मको परीक्षण गर्ने,

(ट) आवश्यक देखिएमा पैठारीसँग सम्बन्धित अन्य निकायहरू तथा व्यक्तिहरूबाट कारोबारसँग सम्बन्धित विवरण माग गर्ने ।

(आ) परीक्षण गर्दा हेर्नुपर्ने विषयहरू:

(क) पैठारीकर्ताले ऐन तथा नियमहरूको पूर्ण पालना गरेको छ, छैन ?

(ख) पैठारीकर्ताले आफ्नो खरीद खातामा देखाएको खरीद मूल्य र कार्यालयमा घोषणा गरे अनुसारको मूल्यमा एकरूपता छ, छैन ?

(ग) पैठारीकर्ताले भन्सार विन्दुसम्म ल्याउँदा लाग्ने खर्चहरू वापत कार्यालयमा देखाएको रकम र अभिलेखमा देखाएको रकममा एकरूपता छ, छैन ?

(घ) कार्यालयमा घोषणा गरेको सामानको परिमाण र पैठारीकर्ताको स्टक खातामा उल्लेख गरेको वस्तुको परिमाण मिल्छ, मिल्दैन ?

(ङ) मालवस्तुको नापमा एकरूपता कायम छ, छैन ? जस्तैः भन्सार कार्यालयमा कुनै सामान केजीमा घोषणा गरी आफ्नो स्टक खातामा मिटरमा वा गोटामा अभिलेखबद्ध गर्ने तथा बिजक पनि मिटरमा नै जारी गर्ने जस्ता कार्यहरू भएको देखिन आएमा यस बारेमा थप छानविन गरी यकिन गर्ने ।

(च) मालवस्तु पैठारी गर्दा मालवस्तुको सम्पुर्ण विवरण खुलाइ स्पष्ट घोषणा गरेको छ, छैन सो हेर्ने,

मालवस्तुको स्पष्ट रूपमा प्रकृति, ब्राण्ड, मोडेल, क्षमता, गुणस्तर, मूल्य आदि नखुलाई पैठारी गरेको छ भने कस्ता प्रकृतिका सामान पैठारी भएको हो यकिन गर्नु पर्दछ । मालवस्तुको विवरण स्पष्ट नखुलाइएको अवस्थामा ऐन नियमानुसारको जरिवाना गरेको छ, छैन हेर्नुपर्दछ,

(छ) उत्पत्तिको देश सही छ, छैन सो हेर्ने ।

जस्तैः विभिन्न देशमा उत्पत्ति भएका श्रृङ्गार सामाग्री पैठारी भएको भएता पनि Country of Origin मा कुन कुन सामान कुन कुन देशमा बनेको हो नछुट्याइ एकमुष्ट देश उल्लेख गरेको हुन सक्दछ ।

(ज) प्रतीतपत्रका शर्तहरू के के छन र शर्त अनुसार मालवस्तु आयात भएको छ, छैन सो हेर्ने,

(झ) Bill of Lading / Airway Bill मा उल्लेख गरेको मालवस्तुको विवरण अनुसार बिजक, प्याकिङ्ग लिष्टमा उल्लेख भएको छ, छैन अध्ययन गर्ने,

(ञ) मालवस्तुको घोषित मुल्य र सो को बिमा गरिएको मूल्यको बिचमा सामञ्जस्यता छ, छैन हेर्ने,

त्यहाँ पनि केही कैफियत हुन सक्ने भएकोले त्यस्तो के कारणले भएको हो सो को निक्यौंल गर्नुपर्दछ ।

(ट) मालवस्तु एउटै प्रकृतिको भनेर घोषणा गरी आयात गरेको तर आफ्नो मौज्दात खातामा विभिन्न प्रकृतिको भनि फरक फरक मूल्य उल्लेख गरी विवरण राखेको अवस्था छ, छैन अध्ययन गर्ने । छ भने त्यहाँ पनि केही कैफियत हुन सक्ने भएकोले त्यस्तो के कारणले भएको हो सो को निक्यौंल गर्नुपर्दछ,

(ठ) प्याकिङ्ग लिष्टबाट पनि सामानको प्रकृति खुल्ने भएकोले यसलाई पनि विशेष ध्यान दिने साथै सामानको प्याकिङ्गको प्रकृतिको पनि विश्लेषण गर्ने,

(ड) पैठारीकर्ताले बिक्री बिजकहरूबाट सामान के कतिमा बेचेको छ र आफ्नो बिक्री खातामा कसरी अभिलेखबद्ध गरेको छ सो हेर्ने,

(ढ) मालवस्तु सहि तरिकाले वर्गिकरण गरी भन्सार दरबन्दी लगाएको छ, छैन सोको यकिन गर्ने,

(ण) विद्यमान ऐन कानूनले असुल गर्नुपर्ने भनी तोकेका कर तथा शुल्कहरू असुल भएको छ, छैन सो समेत यकिन गर्ने,

(त) पैठारीकर्ताले खरीद मूल्य र बिक्री मूल्य बीचको अन्तरबाट प्राप्त नाफा अनुसार आन्तरिक राजस्व कार्यालयमा कर विवरण बुझाएको छ छैन सो परीक्षण गर्ने । पैठारीकर्ताले आफ्नो नाफा वापत बढी मार्जिन परीक्षणको क्रममा देखाउने तर कम रकमको कर तिरेको छ भने त्यसलाई मान्यता दिनु हुँदैन,

(थ) पैठारीकर्ताको नगद प्रवाह विवरण, बैङ्क खाता, लेजर जस्ता अभिलेखहरूको परीक्षण गर्ने,

(द) मालवस्तुको उत्पत्ति भएको मुलुक, चलान भएको मुलुक र बिजक बनेको मुलुक समेतको यकिन गर्ने,

(ध) मालवस्तुको बिजक बनेको मिति, सिपमेन्ट भएको मिति र भन्सार कार्यालयमा आइपुगेको मितिको समेत विश्लेषण गर्ने,

(न) पैठारीकर्ताले पैठारी गरी ल्याएको लागत मूल्य र निजले बेचेको थोक मूल्य बीच तुलना गर्ने ।

लागत मूल्य निम्न अनुसार निकाल्न सकिन्छ ।

पैठारीकर्ताले भन्सार विन्दुमा घोषणा गरेको प्रति एकाइ मूल्य	×××××
भन्सार विन्दुमा तिरेको भन्सार महसुल	×××××
भन्सार विन्दुमा तिरेको स्थानीय विकास शुल्क	×××××
भन्सार विन्दुमा तिरेको अन्य करहरू (मू.अ.कर बाहेक)	×××××
भन्सार कार्यालयमा भएको लोड अनलोडिङ्ग लगायतका अन्य खर्चहरू	×××××
भन्सार विन्दुसम्मको कूल लागत	**×××××**
गोदामसम्म ल्याउँदाको ढुवानी भाडा	×××××
गोदामसम्म ल्याउदाको बीमा तथा अन्य खर्चहरू	×××××
गोदामसम्म ल्याउँदाको लागत	**×××××**
गोदाम भाडा	×××××
बैङ्क ब्याज र अन्य कमिशन	×××××
बिक्री वितरणका लागि लाग्ने सम्पूर्ण खर्चहरू (प्रवर्द्धन खर्च समेत)	×××××
प्रति एकाइ कूल लागत	×××××

लागत मूल्यमा पैठारीकर्ताको नाफा प्रतिशत जोडेपछि थोक मूल्य निस्कन्छ । यस्तो मूल्य निकालेपछि लागत मूल्यसँग तुलना गर्नुपर्दछ । निजले देखाएको मार्जिन बराबर आयकर तिरेको छ छैन सोको परीक्षण गर्नुपर्दछ ।

(प) पैठारीकर्ताले बेचेको प्रकृतिको सामानको बजारमा खुद्रा तहसम्म पुगी खुद्रा मूल्यको जानकारी लिने ।
यस्तो जानकारी पैठारीकर्ताले बिजकमा उल्लेख गरेका क्रेताहरूको फर्म मगाई लिँदा पैठारीकर्ताले बिक्री गरेको सामान नै हुनसक्छ । यसरी बजारमा थोक मूल्य, लागत मूल्य र खुद्रा मूल्यको बीचमा

ठूलो भिन्नता पाइएमा न्यून बिजकीकरण गरी सामान आयात भएको हुन सक्ने भएकोले यथार्थ कारोबार मूल्य पहिचान गर्न ऐनको दफा १३ को उपदफा १० बमोजिम Deductive Value Method अपनाएर गणना गरेमा यथार्थ कारोबार मूल्य पत्ता लगाउन सकिन्छ । Deductive Value Method बाट निम्न अनुसारको प्रकिया बाट कारोबार मूल्य गणना गर्न सकिन्छ ।

मालवस्तुको प्रति एकाइ खुद्रा मूल्य (मू.अ.कर बाहेक)	×××××
खुद्रा विक्रेताको नाफा र बिक्रीका लागि लाग्ने खर्चहरू	(××××××)
थोक मूल्य	×××××
थोक बिक्रेताको नाफा तथा बिक्री वितरणका लागि लाग्ने खर्चहरू	(××××××)
पैठारीकर्ताको बिक्री मूल्य	×××××
पैठारीकर्ताको नाफा	(××××××)
बैङ्क ब्याज तथा कमिशन	(××××××)
पैठारीकर्ताको बिक्री वितरण सम्बन्धी लाग्ने सम्पूर्ण खर्चहरू	(××××××)
गोदामसम्म ल्याउँदाको ढुवानी खर्च लगायत अन्य खर्चहरू	(××××××)
भन्सार विन्दुसम्मको कूल लागत	×××××
भन्सारमा लोड अनलोडिङ्ग तथा अन्य खर्चहरू	(××××××)
भन्सार बिन्दुमा तिरेको करहरू (मु.अ.कर बाहेक)	(××××××)
प्रति एकाइ कारोबार मूल्य	×××××

यस्तो मूल्य पत्ता लगाउनको लागि खुद्रा विक्रेता, थोक विक्रेता लगायत सम्बन्धित निकायहरूको अभिलेखहरू निरीक्षण गरिनुको साथै बैङ्क, वित्तीय संस्था लगायत निकायहरूसँगबाट आवश्यक विवरण मगाउन पनि सकिन्छ ।

(फ) पैठारीकर्ताको यथार्थ कारोबार मूल्य निश्चित गर्नको लागि परीक्षणको क्रममा ऐनको दफा १३ मा उल्लेख भए बमोजिमका मूल्यांकनका सबै वा कुनै तरीका अवलम्बन गर्ने ।

(ब) परीक्षकले परीक्षण गर्ने सिलसिलामा आवश्यक देखेका अन्य विषयहरू अवलम्बन गर्ने ।

१३. परीक्षण प्रतिवेदनको तयारीः

परीक्षण प्रतिवेदनको लागि परीक्षकले निम्न बमोजिमको कार्य गर्नुपर्नेछ ।

(क) परीक्षणबाट देखिएका कैफियतहरूको सुची बनाउने,

(ख) परीक्षण कार्यमा देखिएका कैफियत सम्बन्धमा पैठारीकर्तासँग छलफल गर्ने र आवश्यक देखिएमा लिखित रूपमा कैफियत देखिएका विषयमा छलफल गरी प्रमाण समेत माग गर्ने,

(ग) पैठारीकर्तालाई कैफियत देखिएका विषयमा जानकारी दिँदा के के कैफियत देखियो र सो वापत निजलाई के कस्तो सजाय गरिन लागेको हो सो समेतको जानकारी दिने,

(घ) परीक्षणको क्रममा ऐन अनुसार असुल गर्नुपर्ने देखिएको रकम र जरिवाना गर्नुपर्ने देखिएको रकमको यकिन गर्ने,

(ङ) आफ्नो माथिल्लो पदाधिकारीसँग परीक्षणबाट देखिएका विषयहरूमा छलफल गरी निर्णयमा पुग्ने,

(च) अनुसूची १ मा देखाएको नमूनाको आधारमा प्रतिवेदन तयार गर्ने,

(छ) निर्णय भएपछि कैफियत देखिएका विषयहरूको कार्यान्वयन गर्ने ।

१४. परीक्षण प्रतिवेदनमा उल्लेख हुनुपर्ने विषयहरू :

परीक्षण प्रतिवेदनमा निम्न बमोजिमका विषयहरू समेटेर प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(क) पैठारीकर्ताको विवरण,

(ख) परीक्षण सम्बन्धी Consignment को विषयवस्तु,

(ग) परीक्षण सम्बन्धी अन्य विवरणहरू,

(घ) मूल्य घोषणा सम्बन्धी विवरण,

(ङ) परीक्षणबाट देखिएका विषयहरू । जस्तै :-

(अ) घोषणा सम्बन्धि विवरण ।

(आ) एकाइ मूल्यमा भएका फरकहरू,

(इ) विनिमय दर फरक सम्बन्धी विषयहरू,

(ई) घोषणामा फरक वर्गीकरण भएका विषयहरू,

(उ) कारोबार खर्चमा फरक भएका विषयहरू,

(ऊ) विद्यमान ऐन कानूनको कार्यान्वयन नभएका विषयहरू,

(ए) अन्य आवश्यक देखिएका विषयहरू ।

(च) रकम असुल गर्नुपर्ने विषयहरू,

(छ) परीक्षण कार्य सम्पादन गर्न सुधार गर्नुपर्ने देखिएका विषयहरू,

(ज) व्यापारिक छल सम्बन्धी अन्य विषयहरू,

(झ) अन्य आवश्यक देखिएका विषयहरू ।

१५. परीक्षण प्रतिवेदनको कार्यान्वयन तथा अनुगमन :

परीक्षण प्रतिवेदनको कार्यान्वयन तथा अनुगमनको लागि निम्न बमोजिमको कार्य गर्न सकिनेछः-

(क) **कार्यान्वयनः**

(अ) परीक्षण प्रतिवेदनको आधारमा पैठारीकर्ताबाट थप राजस्व वा जरिवाना दाखिला गर्नुपर्ने देखिएमा उक्त निर्णय हुनु नपर्ने कुनै ठोस प्रमाण वा आधार भए सफाई सबुद प्रमाण पेश गर्न अनुसूची २ बमोजिमको १५ दिनको सूचना दिने ।

(आ) बुँदा (अ) अनुसार प्रदान भएको सूचना बमोजिम ठोस प्रमाण प्राप्त भएमा सोको परीक्षण गरी वा प्राप्त प्रमाण अपुरो वा आधारहीन भएमा सोही बमोजिम अन्तिम निर्णयका लागि पर्चा तयार गर्ने ।

(इ) ३५ दिन भित्र महसुल दाखिलाको लागि अनुसूची ३ बमोजिमको महशुल निर्धारण आदेश जारी गर्ने ।

(ख) **अनुगमन गर्ने:**

(अ) दाखिला गर्नुपर्ने रकम निर्धारित समयमा दाखिला गरे/नगरेको अनुगमन गर्ने,

(आ) जाँचपासपछिको परीक्षणबाट असुल उपर गर्न आवश्यक ठहर भएको रकम दाखिला गर्न पैठारीकर्ताले अटेर गरेमा विभाग समेतको सहयोग लिई कारोवार रोक्का राख्ने, आन्तरिक राजस्व कार्यालय, भन्सार कार्यालय लगायत अन्य सम्बन्धित निकायमा पत्राचार गर्ने र यसरी रोक्का राख्न लेखी आएमा भन्सार कार्यालयहरूले रोक्का राख्नु पर्ने ।

(ग) **प्रतिबेदन कार्य:**

(अ) कार्यालयबाट भएको जाचपास सम्बन्धी प्रतिवेदन प्रत्येक महिना समाप्त भएको ५ दिनभित्र बिभागमा पठाउने,

(आ) लागत मूल्य र बिक्री मूल्यबीच अस्वभाविक अन्तर देखिएमा आन्तरिक राजस्व कार्यालयलाई समेत जानकारी दिने ।

(घ) **पुनरावेदन**

(अ) निर्णय उपर चित्त नबुझेमा ३५ दिनभित्र राजस्व न्यायाधिकरणमा जान सक्ने,

(आ) कार्यालयले मुद्दा दायरको पत्र प्राप्त भएको मितिले ३५ दिनभित्र प्रतिरक्षाको लागि जानुपर्ने,

(इ) पैठारीकर्ताले प्रतिबेदनको प्रतिलिपि माग गरेमा उपलब्ध गराउने ।

खण्ड च
संयुक्त रूपमा परीक्षण गर्न सकिने

१६. संयुक्त रूपमा परीक्षण गर्न सकिने :

परीक्षणको कार्यलाई सहज तथा प्रभावकारी बनाउन आबश्यक रणनीति तयार गर्न, परीक्षण कार्यको समन्वय गर्न र सो कार्यको लागि गठित टोलीलाई

आवश्यक निर्देशन दिन केन्द्रमा निम्न अनुसारको जाँचपास पछिको समन्वय समिति गठन हुनेछ ।

संयोजक - महानिर्देशक, भन्सार विभाग

सदस्य - उप-महानिर्देशक, भन्सार विभाग

सदस्य - उप-महानिर्देशक, आन्तरिक राजस्व विभाग

सदस्य - निर्देशक, मूल्यांकन तथा पुनरावलोकन शाखा, भन्सार विभाग

सदस्य सचिव - कार्यालय प्रमुख, भन्सार जाँचपास परीक्षण कार्यालय ।

यस समितिका कार्यहरू निम्न बमोजिम हुनेछन्:-

(क) परीक्षण गर्ने प्रयोजनका लागि आवश्यक देखिएका विषयमा समन्वय गर्ने,
(ख) परीक्षण कार्यको आबश्यक रणनीति तय गर्ने,
(ग) जाँचपास पछिको परीक्षण टोलीलाई परीक्षण कार्यको लागि आवश्यक निर्देशन दिने,
(घ) परीक्षण कार्य गर्दा परिआएका समस्याहरूको निराकरण गर्ने,
(ङ) परीक्षण कार्य गर्दा अन्य निकायहरूसँग समन्वय गर्नु परेको अवस्थामा समन्वय गर्ने,
(च) प्रत्येक महिना समाप्त भएको ७ गतेभित्रमा बैठक बसी परीक्षण टोलीले सम्पन्न गरेका परीक्षण कार्यको समीक्षा गर्ने,
(छ) जिल्लास्थित कार्यालयहरूलाई परीक्षण कार्य सम्पादन गर्न आवश्यक निर्देशन दिने, ती कार्यालयहरूको परीक्षण कार्यको अनुगमन तथा मूल्यांकन गर्ने र परीक्षण कार्य गर्दा देखिएका समस्याहरूको निराकरणको लागि पहल गर्ने,
(ज) कार्यालयबाट परीक्षण कार्य सम्पादन भएपश्चात् प्राप्त प्रतिवेदनको अध्ययन, विश्लेषण तथा मूल्यांकन गर्ने,
(झ) परीक्षण कार्यबिधिमा समयानुकूल संशोधन र परिमार्जनका विषयमा सिफारिस गर्ने,
(ञ) समितिको बैठकमा आबश्यकतानुसार अन्य निकायका बिशेषज्ञ र प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

१७. **संयुक्त परीक्षण टोली :**

संयुक्तरूपमा सम्पन्न गरिने परीक्षण कार्य सम्पन्न गर्नको लागि निम्न अनुसारको संयुक्त परीक्षण टोली रहनेछ ।

भन्सार जाँचपास परीक्षण कार्यालको प्रमुख	- १
भन्सार परीक्षक	- १
सम्बन्धित आन्तरिक राजस्व कार्यालयको कर अधिकृत	- १

भन्सार कार्यालको प्रमुखले परीक्षण गर्नको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयको प्रमुखसँग समन्वय गरी माथि उल्लेख गरे अनुसार संयुक्त परीक्षण टोली गठन गरी सोको जानकारी भन्सार विभागलाई दिनुपर्नेछ। उक्त टोलीले निम्न अनुसार परीक्षण कार्य गर्नुपर्नेछः-

(क) महानिर्देशकले परीक्षण गर्नुपर्ने भनी छनौट गरेर पठाएको मालवस्तु वा पैठारीकर्ता तथा विभागसँगको समन्वयमा कार्यालयको प्रमुखले परीक्षण गर्नुपर्ने भनी छनौट गरेका मालवस्तु वा पैठारीकर्ताको न्यूनतम परीक्षण गर्नुपर्ने वार्षिक लक्ष्य बमोजिम परीक्षण गर्नुपर्नेछ,

(ख) कार्यालयले प्रत्येक महिना लक्ष्य बमोजिमको परीक्षण कार्य सम्पन्न गरी सोको जानकारी विभागमा पठाउनु पर्नेछ,

(ग) परीक्षण कार्य गर्दा कुनै समस्या आएमा विभागसँग समन्वय गरेर सम्पन्न गर्नुपर्नेछ ।

खण्ड छ
विविध

१८. **अन्य कार्यालय र सरोकारवालासँग समन्वय र सूचना आदान प्रदान गर्ने**

(क) परीक्षण कार्यका लागि आवश्यक सूचना संकलन गर्ने कार्यमा भन्सार कार्यालय, आन्तरिक राजस्व कार्यालय, राजस्व अनुसन्धान विभाग र अन्य सम्बद्ध निकायसँग सूचना माग गर्न सकिनेछ ।

(ख) परीक्षणको क्रममा प्राप्त सूचनाहरू भन्सार कार्यालय, आन्तरिक राजस्व कार्यालय, राजस्व अनुसन्धान विभागका साथै अन्य कार्यालयसँग आदान प्रदान गर्न सकिनेछ ।

(ग) भन्सार कार्यालय, आन्तरिक राजस्व कार्यालय, राजस्व अनुसन्धान विभागका साथै अन्य जुनसुकै कार्यालयसँग भएको परीक्षणका लागि आवश्यक जानकारी माग गर्न सकिनेछ ।

(घ) परीक्षणको विविध पक्षमा भन्सार एजेन्ट, पैठारीकर्ता, विक्रेता आदिसँग अर्न्तक्रिया गर्न सकिनेछ ।

(ङ) परीक्षणको महत्व, आवश्यकता, जोखिम आदि विषयमा भन्सार एजेन्ट, विक्रेता, पैठारीकर्तालाई उपलब्ध गराई सहजीकरण गर्नका लागि कार्यक्रम तय गरी कार्यान्वयन गर्न सकिनेछ ।

१९. आवश्यक सहयोग लिन सक्नेः

(क) परीक्षण कार्यको सिलसिलामा कुनै सहयोग आवश्यक भएमा अर्थ मन्त्रालय, राजस्व अनुसन्धान विभाग र अन्य निकायहरूसँग कार्यालयले सहयोग लिन सक्नेछ ।

(ख) परीक्षणको क्रममा कुनै क्षेत्रको विशेषज्ञताको आवश्यकता देखिएमा सो विषयसँग सम्बन्धित विशेषज्ञको सेवा करारमा लिन सकिनेछ ।

२०. कार्यबिधिमा थपघट गर्न सक्ने :

विभागले आवश्यक देखेका विषयहरूलाई यस कार्यबिधिमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

अनुसूची-१

परीक्षण प्रतिवेदनको नमूना

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग

भन्सार जाँसपास परीक्षण कार्यालय

जाँचपास पछिको परीक्षणको प्रतिवेदन

भन्सार ऐन, २०६४ को परिच्छेद - ८ को दफा ३४ बमोजिम गरिएको जाँचपास पछिको परीक्षण प्रतिवेदन :

१. आयातकर्ताको विवरण

नाम :	स्थायी लेखा नं. :
ठेगाना :	पो.ब. नं.
टेलिफोन नं :	फ्याक्स नं. :
दर्ता मिति :	दर्ता मितिः
दर्ता भएको कार्यालय :	इमेल ठेगाना :
कारोवारको छोटकरी विवरण	
स्वामित्वको प्रकारः	

२. प्रोप्राईटर/संचालक/ब्यवस्थापक/जिम्मेवार ब्यक्तिको विवरण :

पद	नाम	फोन नं.	मोवाइल
१.			
२.			

३. भन्सार एजेन्टको विवरण :

नाम :		**इजाजतपत्र नं.**	
ठेगाना :		पो.ब. नं.	
टेलिफोन नं :		इमेल ठेगाना :	
फ्याक्स नं. :			

४. **परीक्षणको किसिम**

५. **शाखा/उपशाखाको विवरण :**

६. **लेखा प्रणाली(जस्तै मेनुअल, कम्प्युटर आदि)**

७. **PCA क्रममा सम्पर्क राखिएको व्यक्ति :**

नामः	पदः	फो.न.

८. **लेखा परीक्षक :**

नाम :		स्थायी ले.न.	
ठेगाना :		इमेल ठेगाना :	
टेलिफोन नं :		ब्य.प्र.प.नं.	
फ्याक्स नं. :		श्रेणी	

९. **परीक्षणको विषय वस्तुको विवरण**

क)	आयात प्रज्ञापनपत्र दर्ता नम्बर :
ख)	आयात भएको मिति :
ग)	आयात गरिएको भन्सार कार्यालय :
घ)	सिपमेण्ट भएको मुलुक र सिपमेण्ट मिति :
ङ)	प्रतीतपत्र नम्बर, मिति :
	सम्बन्धित बैङ्कको नाम ठेगाना :
च)	प्रतीतपत्र खोलिएको रकम र मुद्रा :
छ)	आपूर्तिको सर्त : CIF/FOB/CNF
ज)	आपुर्तिकर्ताको नाम ठेगाना :
झ)	बीजक नम्बर र मिति :
ञ)	सामानको मुख्य विवरण :
ट)	कूल बीजक मूल्य र मुद्रा :

ठ)	सामान पुगेको स्थल :

१०. **परीक्षणको प्रारम्भिक विवरण**

क) परीक्षण गरिएको स्थान र मिति :

ख) परीक्षण गरिएको वस्तुको परिमाण/संख्या :

अ) प्रज्ञापनपत्रमा उल्लिखित सम्पूर्ण वस्तुको :

आ) कुनै एउटा मात्र वस्तुको ☐ (नाम खुलाउने) :

इ) आंशिक रूपमा केही वस्तुको ☐ (नाम खुलाउने) :

ग) आयात-विवरण खरीद खातामा आम्दानी बाँधेको छ / छैन ।

घ) बिक्री - विवरण बिक्री खातामा चढाएको छ / छैन ।

११. **खरीदबिक्री सम्बन्धी विवरण :**

क. मू.अ.कर विवरण अनुसार :

विवरण	परिमाण	रकम	विवरण	परिमाण	रकम
सुरू मौज्दात			बिक्री		
खरिद			अन्तिम मौज्दात		

ख. आय विवरण अनुसार :

विवरण	परिमाण	रकम	विवरण	परिमाण	रकम
सुरू मौज्दात			बिक्री		
खरिद			अन्तिम मौज्दात		

१२. **मूल्य सम्बन्धी विवरण**

(क)

१.	वस्तुको विवरण		
२.	परिमाण		

(ख)

३.	सि.आई.एफ. कलकत्तासम्मको मूल्य		

४.	कलकत्तादेखि भन्सार विन्दुसम्मको खर्च		
५.	पार्टीले धोषणा गरेको मूल्य		
६.	भन्सारले कायम गरेको मूल्य		
७.	भ्याट वाहेक भन्सार विन्दुसम्मको कूल लागत (बीजक अनुसार प्रति एकाइ)		
८.	भन्सार विन्दुसम्मको प्रति एकाइ लागत		
९.	भन्सार विन्दुबाट थोक बिक्रीको लागि लागेको र लाग्ने अन्य सम्पूर्ण खर्चहरू (प्रति एकाइ)		
१०.	कूल लागत प्रति एकाइ (बीजकलाई आधार मान्दा)		
११.	थोक बिक्री मूल्य (प्रति एकाइ)		
१२.	खुद्रा बिक्री मूल्य (प्रति एकाइ)		

(ग)

१३.	प्रतिशत परिवर्तन (१० को तुलनामा ११)		
१४.	प्रतिशत परिवर्तन (१० को तुलनामा १२)		
१५.	प्रतिशत परिवर्तन (११ को तुलनामा १२)		

१३. **छलफल तथा प्राप्त प्रमाण पत्र हेरिएको हिसाव किताब, खाता र बिक्री बिल सम्बन्धी विवरण:**

भन्सार ऐन, २०६४ को परिचछेद ८ को दफा ३४ बमोजिम यस विभाग वा कार्यालयको मिति २०६../ / को निर्णय अनुसार जाँचपास पछिको परीक्षण गर्न छनौट भएको प्रस्तुत फर्मको निम्न अनुसारका कागजातहरू परीक्षण तथा अध्ययन गरियो ।

(क)	आयात प्रज्ञापन पत्र
(ख)	Proforma Invoice
(ग)	Bill of Lading / Airway Bill

(घ)	Insurance सम्बन्धी कागजात
(ङ)	LC कपी
(च)	ढुवानी भाडाको बिल
(छ)	निजको Costing विवरण
(ज)	खरीद खाता
(भ,)	बिक्री खाता
(ञ)	स्टक खाता
(ट)	बिक्री बिजकहरू
(ठ)	प्याकिङ्ग लिष्ट

(ड) गत आ.व.को वासलात तथा नाफा नोक्सान हिसाब र सोसँग सम्बन्धित विवरण :

(ढ) उल्लिखित पैठारीको सम्बन्धमा पैठारीकर्ताको तर्फबाट यस विभाग वा कार्यालयमा मिति . . . . .मा प्रष्ट पारेको र दिनु भएको बयानको बिबरणः

१४ **परीक्षणको क्रममा देखिएका कैफियतहरू :**

माथि सि.नं. ५ मा उल्लिखित कागजातहरू तथा पैठारीकर्ताको तर्फबाट . . . . ले दिनुभएको बयान समेत अध्ययन गर्दा प्रस्तुत Consignment सम्बन्धमा निम्न अनुसार भएको देखिन्छ ।

(क) . . . . . .

(ख) . . . .

१५. **परीक्षकको निस्कर्ष तथा राय :**

परीक्षण गर्ने अधिकृतहरूको दस्तखत

नाम :	नाम :
दर्जाः भन्सार परीक्षक	दर्जा : भन्सार परीक्षक
मिति :	मिति :

स्वीकृत गर्ने

दस्तखत :
नाम :
दर्जा : कार्यालय प्रमुख
मिति :

परिच्छेद- १७
आशिकुडा प्रणाली सम्बन्धी व्यवस्था

१७.१ आशिकुडा प्रणाली सञ्चालन कार्यविधिः

१. सूचना प्रविधि तथा तथ्याङ्क सम्बन्धी सम्पूर्ण कार्यहरू सम्पन्न गर्नका लागि प्रत्येक भन्सार कार्यालयमा सूचना प्रविधि तथा तथ्याङ्क शाखा रहनेछ । सूचना प्रविधि सम्बन्धी उपकरणहरूको रेखदेख, मर्मत तथा सम्भार गर्ने गराउने, आशिकुडा प्रणाली सन्चालन गर्ने गराउने तथा अनुगमन गर्ने प्रमुख दायित्व सूचना प्रविधि तथा तथ्याङ्क शाखाको प्रमुख वा तोकिएका अधिकृत/कर्मचारीको हुनेछ ।

२. आशिकुडा प्रणालीमा कम्प्यूटर प्रयोगकर्ताहरूले (कर्मचारी/एजेन्ट वा प्रतिनिधि) अनिवार्यरूपमा तोकिएको ढाँचामा फाराम भरी सूचना प्रविधि तथा तथ्याङ्क शाखाबाट आफ्नो User name र Password लिनु पर्नेछ । कुनै कारणवश User Account बन्द गर्नु पर्ने भएमा अनिवार्यरूपमा लिखित निवेदन सूचना प्रविधि तथा तथ्याङ्क शाखालाई दिई Account बन्द गराउनु पर्नेछ ।

३. आशिकुडा प्रणाली सञ्चालनका लागि सूचना प्रविधि तथा तथ्याङ्क शाखाले देहाय बमोजिमको अतिरिक्त आवश्यकता अनुसार User Group बनाई सो अनुरूप System मा Access दिनु पर्नेछ । यदि कुनै नयाँ User Group बनाउनु पर्ने भएमा सो बनाई सोको कारण सहितको जानकारी सूचना तथा प्रविधि शाखा, भन्सार विभागलाई दिनु पर्नेछ ।

User Group को प्रकार	**प्रयोगकर्ता**
Super User	Computer Officer/ Section In charge
\BRK	Agent
\CHQ,Company update	Computer Operator
\CBR, Customs Officer	Customs Officer
\CBR, IT StaffMod	IT Staff
\ACC, Account	IT Staff
\CBR, Data Entry etc.	IT Staff

४. आशिकुडा प्रणालीमा दर्ता भइसकेको कुनै प्रज्ञापनपत्र सच्याउन (Modification) वा रद्द (Cancellation) गर्न परेमा तोकिएको ढाँचामा सम्बन्धित भन्सार एजेन्टले सूचना प्रविधि तथा तथ्याङ्क शाखामा निवेदन दिनु पर्नेछ । सो अनुसार दिइएको निवेदन उपर देहाय बमोजिम गर्नु पर्नेछः

- **प्रज्ञापनपत्र सच्याउने (Modification)**: प्रज्ञापनपत्रमा भरिएका विवरणहरू सच्याउने हकमा उक्त विवरण सच्याउनु पर्ने पर्याप्त कारण सहित यकिन गरी अधिकार प्राप्त अधिकृतको आदेशानुसार राजश्व र विवरणमा फरक नपर्ने गरी सामान्य गल्तिहरू मात्र सच्याउनु पर्नेछ । तर राजश्वमा फरक पर्ने गरी मूल्यांकन वा वर्गीकरण वा परिमाण फरक पर्ने गरी गरिएको घोषणा सिधै नसच्याई भन्सार ऐन वा आर्थिक ऐनको पालना गरेर मात्र सच्याउनु पर्नेछ ।
- **प्रज्ञापनपत्र रद्द गर्ने (Cancellation)**: आशिकुडा प्रणालीमा दर्ता भईसकेको प्रज्ञापनपत्र रद्द गर्ने हकमा उक्त प्रज्ञापनपत्र रद्द गर्नु पर्ने पर्याप्त कारण सहित यकिन गरी अधिकार प्राप्त अधिकृतको आदेशानुसार मात्र रद्द गर्नु पर्नेछ ।

यसरी आशिकुडा प्रणालीमा दर्ता भईसकेको प्रज्ञापनपत्र सच्याउने वा रद्द गर्ने कार्य सम्पन्न भई सकेपछि कार्यालयमा सोको अभिलेख राखी सूचना प्रविधि तथा तथ्याङ्क शाखा, भन्सार विभागमा सात दिनभित्र सो सम्बन्धी विवरण अनिवार्यरूपमा पठाउनु पर्नेछ ।

५. आशिकुडा प्रणालीमा प्रज्ञापनपत्रको दोहोरो प्रविष्टी गर्ने र प्रविष्टी गरेपछि एसेसमेण्ट नगरी छाड्ने कार्यको जवाफदेहिता यसको गाम्भिर्यतालाई ध्यानमा राखी जाँचपास गर्न तोकिएको भन्सार अधिकृत र सम्बन्धित एजेन्टको संयुक्तरूपमा हुनेछ । यसरी वाँकी रहेको प्रज्ञापनपत्रको राजश्व तत्काल भन्सार अधिकृतले असुल उपर गराउनु पर्नेछ । एसेसमेण्ट हुन वाँकी तथा एसेस्मेन्ट भईसकेर Payment हुन बाँकी रहेका अथवा जाँचपास हुन वाँकी रहेका प्रज्ञापन पत्रहरूको विवरण सूचना प्रविधि तथा तथ्याङ्क शाखाले दैनिकरूपमा भन्सार कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रत्येक सात दिनमा सूचना प्रविधि तथा तथ्याङ्क शाखा, भन्सार विभागमा पठाउनु पर्नेछ ।

६. आशिकुडा प्रणालीमा वैदेशिक मुद्रा विनिमय दर, एजेन्ट, आयात निर्यात गर्ने कम्पनी आदि विवरण अद्यावधिक गर्ने कार्य सूचना प्रविधि तथा तथ्याङ्क शाखाको अधिकार प्राप्त कर्मचारीले आवश्यक कागजातहरूको आधारमा यकिन गरेर मात्र गर्नु पर्नेछ । एजेन्ट, आयात निर्यात गर्ने कम्पनी आदिको अद्यावधिक गरिएको विवरण प्रत्येक महिना सूचना प्रविधि तथा तथ्याङ्क शाखा, भन्सार विभागमा पठाउनु पर्नेछ ।

७. आशिकुडा प्रणालीमा Security Maintain गर्नका लागि सूचना प्रविधि तथा तथ्याङ्क शाखा प्रमुखले देहाय बमोजिम User Level बनाई सो अनुसार आवश्यक User Right प्रदान गर्नु पर्नेछः

- System Administrator:- Computer Officer/Section Incharge – whole system care.
- Database Administrator:- Computer Officer/IT Staff – Data Quality, Report Generation etc.
- ASYCUDA User:- Those (Broker/IT Staff) who uses ASYCUDA Software on client for lodgment of BPP.
- ASYCUDA Assessment Officer:- Customs Officer/ Assessment Officer – With normal modification right.

८. आशिकुडा प्रणालीमा प्रविष्टी भएका विवरणहरूको आधारमा प्रज्ञापनपत्रको एसेसमेण्ट गर्ने कार्य भन्सार अधिकृत वा तोकिएको अधिकृतबाट मात्र हुनेछ र निजलाई उक्त प्रज्ञापनपत्रको विवरण सम्बन्धमा शंका लागेमा निरीक्षण गर्ने/जाँचपास रोक्का गर्ने वा, नियतवस गलत विवरण भरी जाँचपास गर्ने प्रयास गरेको देखिएमा प्रचलित कानून बमोजिम जरिवाना गर्ने अधिकार हुनेछ ।

९. आशिकुडा प्रणाली निर्वाधरूपमा सञ्चालन गर्न कार्यालयमा एउटा Live Database Server र एउटा Backup Database Server दुरूस्त तयारी अवस्थामा राख्नु पर्नेछ । सूचना प्रविधि तथा तथ्याङ्क शाखाले आशिकुडा डाटावेस सर्भर Access गर्दा आवश्यक सुरक्षाका उपायहरू अवलम्वन गर्नु पर्नेछ । Data Extraction कार्य Live Server बाट सकभर नगरी Backup Server मार्फत निश्चित Terminal बाट गर्नु पर्नेछ ।

१०. एजेन्ट तथा सरोकारवालाहरूलाई प्रज्ञापनपत्र सम्बन्धी विवरण आशिकुडा प्रणालीमा प्रविष्टी गर्ने समय कार्यालय प्रमुखको समन्वयमा सूचना प्रविधि तथा तथ्याङ्क शाखाद्वारा तोकिए बमोजिम हुनेछ ।

११. आशिकुडा प्रणालीमा भएका कार्यहरूको सम्बन्धित कार्यालयले प्रत्येक पन्ध्र दिनमा System Audit गरी भन्सार विभागमा अनिवार्य रूपमा प्रतिवेदन पेश गर्नु पर्नेछ र भन्सार विभागको सूचना प्रविधि तथा तथ्याङ्क शाखाको अधिकृतस्तरका कर्मचारीले पनि प्रत्येक तीन महिनामा आशिकुडा प्रणाली कार्यान्वयन भएका सवै भन्सार कार्यालयहरूको System Audit गरी सो सम्बन्धमा आवश्यक राय सुझाव सहितको प्रतिवेदन महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ । System Audit फाराम भन्सार विभागबाट तोकिए बमोजिम हुनेछ ।

१२. आवश्यक Rule (National Procedure etc.) हरूमा एकरूपता कायम गर्न भन्सार विभागबाट तयार/अद्यावधिक गरी उपलब्ध गराइने छ । भन्सारसँग सम्बन्धित ऐनमा स्पष्ट व्यवस्था भएको तर Asycuda प्रणालीमा सो व्यवस्था नभएको देखिएमा र तत्काल Rule बनाउनु वा संशोधन गर्नु पर्ने भएमा भन्सार विभागको सूचना प्रविधि तथा तथ्याङ्क शाखासँग समन्वय गरी सम्बन्धित कार्यालयको सूचना प्रविधि तथा तथ्याङ्क शाखा प्रमुखले Rule सच्याउन वा बनाउन सक्नेछ र सोको अभिलेख राखी छिटो साधनद्वारा सूचना प्रविधि तथा तथ्याङ्क शाखा, भन्सार विभागलाई जानकारी दिनु पर्नेछ । Rule आदिको अभ्यास वा परीक्षण गर्नु परेमा Test Server मा मात्र गर्नु पर्नेछ ।

१३. आशिकुडा प्रणालीमा प्रविष्टी भएका सूचनाहरू दैनिकरूपमा Backup गरी सुरक्षितरूपमा अन्य Computer, Pen Drive, Portable Hard Disk, CD आदिमा भण्डारण गर्नु पर्नेछ ।

१४. सूचना प्रविधि तथा तथ्याङ्क शाखाले आशिकुडा प्रणालीमा प्रविष्टी भएका विवरणहरूको गुणस्तर एवं स्तरियता प्रत्येक पन्ध्र दिनमा परीक्षण एवं अनुगमन गरी सोको प्रतिवेदन कार्यालय प्रमुख समक्ष र सूचना प्रविधि तथा तथ्याङ्क शाखा, भन्सार विभागमा पठाउनु पर्नेछ साथै विभिन्न मन्त्रालय, भन्सार विभाग लगायत विभिन्न संघसंस्था एवं सरोकारवाला निकायहरूले

माग गरेका विवरणहरू तथ्याङ्क ऐन, २०१५ को अधिनमा रही उपलब्ध गराउनु पर्नेछ ।

१५. सूचना प्रविधि तथा तथ्याङ्क शाखा सम्बद्ध कर्मचारीहरूले आफ्नो कार्य विवरण बमोजिम तोकिएका कार्यहरू जिम्मेवारीपूर्वक सम्पन्न गर्नु पर्नेछ र सो शाखा सम्बद्ध कर्मचारीको खटन पटन र यस कार्यविधिमा उल्लेख भएको कार्यको जिम्मेवारी कार्यालय प्रमुखले शाखा प्रमुखको समन्वयमा तोक्नुपर्नेछ ।

१७.२ **ब्रोकर मोड्यूल कार्यान्वयन व्यवस्था (STANDARD OPERATING PROCEDURE (SOP) for Broker Module)**

आशिकुडा प्रणालीका विभिन्न मोड्यूलहरूमध्ये ब्रोकर मोड्यूल एक महत्वपूर्ण मोड्यूल हो । यस मोड्यूलले भन्सार एजेन्ट वा निजका आधिकारिक प्रतिनिधिलाई प्रज्ञापनपत्र आशिकुडामा प्रविष्टी गरी दर्ता गर्ने सुविधा उपलब्ध गराएको हुन्छ । आशिकुडा प्रणालीको ब्रोकर मोड्यूल लागू भएका भन्सार कार्यालयहरूमा ब्रोकर मोड्यूल कार्यान्वयन गर्दा देहायबमोजिमका कार्यविधि र चरणहरू अवलम्वन गर्नु पर्दछ ।

- भन्सार एजेण्टहरूले User Name र Password लिन आवश्यक प्रमाणपत्र तथा कागजातहरू पेश गरी आवेदन दिएमा भन्सार कार्यालयले अभिलेख राखी User Name र Password जारी गरिदिनु पर्दछ ।
- प्रज्ञापन Entry गर्न भन्सार कार्यालयले छुट्टै स्थान र कम्प्यूटरहरूको साथै ASYCUDA को Broker Module (MODBRK) उपलव्ध गराउनुपर्नेछ ।
- Broker Module प्रयोगकर्ताले ब्यक्तिगत दर्ता रजिष्टर खडा गरी सोमा प्रज्ञापनपत्र दर्ता गरी दर्ता नम्बर प्रज्ञापनपत्रको ७ नं. कोष्ठको सन्दर्भ नम्बर कोष्ठ (Declarant Reference Number Box) मा प्रविष्टी गर्नु पर्नेछ । भन्सार कार्यालयमा म्यानुएल रजिष्ट्रेसन (प्रज्ञापन दर्ता) गरिने छैन ।
- Broker Module प्रयोगकर्ताले कम्प्यूटरमा Broker Module प्रथम पटक चलाउँदा Server-Login गरी आफुले प्राप्त गरेको Password "Server-> Change Password" मेनुबाट अनिवार्य रूपमा परिवर्तन गर्नु पर्छ ।

नोट :– प्रज्ञापनपत्र प्रविष्टी गर्न नजान्ने भन्सार एजेन्टले आफ्नो प्रतिनिधि वा कर्मचारी नियुक्त गरी प्रज्ञापनपत्र प्रविष्टी गराउन सक्नेछ र Public Terminal

को उपयोग गरी भन्सार प्रज्ञापनपत्र भरी प्रिन्ट गरी हस्ताक्षर गरी भन्सार कार्यालयमा पेश गर्न सक्नेछ । Public Terminal मा कार्य गर्ने कर्मचारीहरूको व्यवस्था सरोकारवाला संघसस्थाहरूले गर्न सक्नेछन् । तर, Broker Module प्रयोगकर्तालाई दिइएको आफ्नो Password अरू कसैले दुरूपयोग गरेमा भन्सार एजेन्ट स्वयं जिम्मेवार हुनु पर्नेछ ।

- Broker Module प्रयोगकर्ताले आफ्नो User Name र Password ले मात्र System मा Login गर्न पाउनेछन् ।
- यदि Password बिर्सिएमा सम्बन्धित भन्सार एजेण्टले तुरून्त सम्बन्धित भन्सार कार्यालयमा सम्पर्क राखी नयाँ Password को लागि निवेदन दिनु पर्नेछ । र यसरी निवेदन प्राप्त हुन आएमा जाँचबुझ गरी ठीक देखिएमा भन्सार कार्यालयले नयाँ Password जारी गरिदिनु पर्नेछ ।
- भन्सार कार्यालयले एउटा भन्सार कार्यालयमा एक भन्सार एजेण्ट र सो एजेण्टको प्रतिनिधि एक जना गरी जम्मा दुई जनाका लागि मात्र User Name र Password उपलब्ध गराउने छ ।
- यदि यस प्रणालीमा कुनै पनि कारणबस समस्या उत्पन्न भई User Name र Password ले काम गर्न नसकेको अवस्थामा सम्बन्धित भन्सार कार्यालयबाट पुनः नयाँ User Name र Password प्रदान गर्नु पर्नेछ ।
- Broker Module प्रयोगकर्ताले आफ्नो प्रज्ञापनपत्र Entry गरिसकेपछि कम्प्युटर Login लाई Logoff गर्नु पर्नेछ ।
- कुनै एक एजेन्टले Login गरी काम गरिराखेको Computer मा दोस्रो Agent ले Entry गर्नु हुदैन । यदि Entry गर्नु परेमा पहिलो Agent ले Logoff गरिसकेपछि मात्र आफ्नो नामबाट Login गरी Entry गर्न दिनु पर्नेछ ।
- Broker Module प्रयोगकर्ताले कागजात अनुसारको सही विवरण अनिवार्य रूपले प्रज्ञापन पत्रको सम्बन्धित कोष्ठकमा Entry गर्नु पर्नेछ ।
- Broker Module प्रयोगकर्ताले प्रविष्टी गरेको प्रज्ञापनपत्रलाई पछि सर्भरमा पठाउने गरी Local Store गर्न सक्नेछन् ।
- प्रज्ञापनपत्र प्रविष्टी गरिसकेपछि अन्तिममा Action मेनुमा गई Local Check गरी Local Validity Check OK भएपछि फेरी सोही मेनुको Check मा गई क्लिक गरी Validity Check गर्नु पर्दछ र सो OK भएमा मात्र Register गर्न सकिनेछ ।

- Register गरेको प्रज्ञापन पत्र लाई Action-Printout-Declaration-SAD मेनुमा गई अनिवार्य रूपमा २ प्रति प्रिन्ट गरी जाँचपास प्रकृयाको लागि पेश गर्नुपर्नेछ ।
- पेश गरेको प्रज्ञापन पत्र र संलग्न कागजातहरूको आधारमा भन्सार अधिकृत/एसेसमेण्ट अफिसरले जाँचपासको कार्यविधि अवलम्वन गरी जाँचपास गर्नेछन् ।
- भन्सार कार्यालयले दर्ता भएका निकासी र पैठारी प्रज्ञापनपत्रहरूको अलग अलग सिलसिलेवार अभिलेख आशिकुडा प्रणालीबाट दैनिक मुद्रण गरी राख्नु पर्नेछ । यसरी प्रणालीबाट जारी गरिने अभिलेखमा आशिकुडा प्रणालीको सिलसिलेवार रजिष्टेशन नम्बर, निकासी पैठारीकर्ताको नाम, मूल्य, महसुल, नगदी रसिद नम्बर अनिवार्य उल्लेख हुनु पर्नेछ । आशिकुडा प्रणालीमा दर्ता भएका तर जाँचपास नभएका प्रज्ञापनपत्रहरूको हकमा सो प्रज्ञापनपत्र जाँचपास भएपछि प्राप्तहुन आउने नगदी रसिद नम्बरलाई सम्बन्धित प्रज्ञापनपत्रको अभिलेखको नगदी रसिद नम्बर उल्लेख गर्ने स्थानमा हस्तलिखित ढंगले उल्लेख गर्नु पर्नेछ ।

  भन्सार एजेण्ट प्रयोग नगरी स्वयं घोषणा गर्ने ब्यक्तिहरूले Public Terminal को प्रयोग गरी २ प्रति प्रज्ञापनपत्र प्रिन्ट गरी घोषणाकर्ताले हस्ताक्षर गरी भन्सार कार्यालयमा पेश गर्न सक्नेछन् । भन्सार एजेण्ट प्रयोग नगरी स्वयं घोषणा गर्ने ब्यक्तिहरूले Public Terminal मा प्रज्ञापनपत्र प्रविष्टी गर्ने कार्यको ब्यवस्था भन्सार कार्यालयले मिलाउनु पर्नेछ ।

१७.३ छनौट मोड्यूल कार्यान्वयनको ब्यवस्थाः

आशिकुडा प्रणालीका विभिन्न मोड्यूलहरूमध्ये छनौट मोड्यूल (Selectivity Module) पनि एक अर्को महत्वपूर्ण मोड्यूल हो, जसको माध्यमबाट कम्प्युटर प्रणालीले कम्प्यूटर सर्भरमा दर्ता (Registered) गरिएको प्रज्ञापनपत्रलाई ४ प्रकारले छनौट गर्दछ । यी छनौटका ४ प्रकारहरूमा भौतिक परीक्षण गरी जाँचपास गर्ने (रातो मार्ग -Red Lane), कागजातमात्र जाँच गरी जाँचपास गर्ने (पहेलो मार्ग-Yellow Lane), जाँचपासपछि परीक्षण गर्ने गरी जाँचपास गर्ने (निलो मार्ग- Blue Lane) र माथि उल्लिखित कुनै पनि प्रक्रिया अवलम्वन नगरी घोषणाकर्ताको घोषणा कै आधारमा जाँचपास गर्ने (हरियो मार्ग- Green Lane) प्रकारहरू पर्दछन् ।

उक्त मोड्यूलले जोखिमका आधारमा प्रज्ञापनपत्रहरूलाई विभाजित गर्दछ र सोही आधारमा जाँचपास गर्नुपर्दछ ।

छनौट प्रणालीलाई कार्यान्वयन गर्न छनौट प्रणाली कार्यविधि, २०६६ लागू गरिएको छ, छनौट प्रणाली कार्यान्वयन गर्दा सो कार्यविधिको अक्षरशः पालना गर्नु पर्दछ ।

छनौट प्रणाली लागू भएका भन्सार कार्यालयहरूले जाँचपासका देहायका चरणहरू अनुरूपको कार्य प्रक्रिया अवलम्वन गरी छनौट प्रणालीको कार्यान्वयन गर्नु पर्दछ :-

१. भन्सार एजेन्टले आशिकुडा प्रणालीको ब्रोकर मोड्युल (MODBRK) माध्यमबाट विवरणहरू प्रविष्ट गरी भन्सार प्रज्ञापनपत्र कम्प्यूटर सर्भरमा दर्ता (Registered) गर्नु पर्दछ । प्रणालीमा दर्ता भएको प्रज्ञापनपत्रलाई मुद्रण (Print) गरी भन्सार कार्यविधिले तोकेका कागजातहरू संलग्न राखी भन्सार कार्यालयको कागजातको प्रारम्भिक चेकजाँच गर्ने एकाइ (Initial Verifier Unit) मा पेश गर्नु पर्दछ ।

२. कागजातको प्रारम्भिक चेकजाँच गर्ने एकाइले देहायका विवरणहरूको चेकजाँच गर्नु पर्दछ:-
   क) भन्सार कार्यविधि, परिपत्र, निर्दशनले तोकेका सवै कागजात संलग्न छन्, छैनन् ?
   ख) प्रज्ञापनपत्रमा भन्सार एजेन्ट वा निकासी/पैठारीकर्ताले हस्ताक्षर गरेको छ, छैन ?
   ग) प्रज्ञापनपत्र पूर्ण रूपमा भरिएको छ, छैन ?
   घ) प्रज्ञापनपत्रका विवरणहरू संलग्न कागजातसँग मेलखाने छन्, छैनन्?

३. कागजातको प्रारम्भिक चेक जाँच गर्ने एकाइमा खटिएका कर्मचारीले पेश गरिएको प्रज्ञापनपत्र र कागजात ठीक दुरूस्त देखेमा प्रज्ञापनपत्रमा हस्ताक्षर गरी एसेसमेन्ट गर्ने कक्षमा प्रज्ञापनपत्र सहित सवै कागजात पठाउनु पर्दछ ।

४. एसेसमेन्ट गर्न खटिएका भन्सार अधिकृत वा तोकिएका अधिकृतले आशिकुडा प्रणालीमा सम्बन्धित प्रज्ञापनपत्र खोली सवै विवरण रूजु गरी ठीक भएमा मात्र उक्त प्रज्ञापनपत्र एसेसमेन्ट गर्नु पर्दछ ।

५. आशिकुडा प्रणालीमा प्रज्ञापनपत्र छनौट देहायका २ वटा अवस्थाहरूमध्ये कुनै एक अवस्थामा गर्ने गरिन्छ । सोही अनुसार छनौट मोड्यूल मिलाइएको हुन्छ ।

(क) रकम पहिले तिर्ने अवस्थाको प्रक्रिया (Selectivity after Payment)

(ख) रकम पछि तिर्ने अवस्थाको प्रक्रिया (Selectivity before Payment)

यी दुबै अवस्थामा अपनाउनु पर्ने कार्यविधि देहाय बमोजिम हुनेछः-

क) रकम पहिले तिर्ने अवस्थाको प्रक्रिया (Selectivity after Payment)

- निकासी/पैठारीकर्ताले घोषणा गरे बमोजिम रकम दाखिला गरेपछि छनौट प्रणाली प्रयोग गरी प्रज्ञापनपत्र छनौट गर्ने अवस्था अवलम्बन गरेका भन्सार कार्यालयहरूमा भन्सार अधिकृत वा तोकिएका अधिकृतले एसेसमेन्ट गर्नु पर्दछ ।

- एसेसमेन्ट गरेको प्रज्ञापनपत्र अनुसारको महसुल दाखिला गरी प्राप्त रसिद सहित पेश भएका प्रज्ञापनपत्रको छनौट गर्न मोडसेड (MODSHD) मोड्यूल प्रयोग गर्नु पर्दछ र यसै अवस्थामा आशिकुडा प्रणालीले माथि उल्लिखित ४ प्रकारहरूमध्ये कुनै एक प्रकारको विधिबाट जाँचपास गर्न निर्देशन दिन्छ र आशिकुडा प्रणालीले दिएको निर्देशन अनुसारको विधि प्रयोग गरी जाँचपास सम्पन्न गर्नु पर्दछ ।

- उल्लिखित निर्देशन अनुसार जाँचपास गर्दा भौतिक परीक्षण गर्नु पर्ने वा कागजात जाँच गरेर जाँचपास गर्नु पर्ने निर्देशन दिएको अवस्थामा मोडसेडमा कार्यरत कर्मचारीले जाँचकीको तोक लगाएर प्रक्रिया अघि बढाउनु पर्नेछ । आशिकुडा प्रणालीबाटै जाँचकी तोकिने व्यवस्था लागू गरिएको भए प्रणालीले तोकेको जाँचकीबाटै भौतिक परीक्षण वा कागजात जाँच गराउनु पर्ने हुन्छ ।

- भौतिक परीक्षण वा कागजात जाँच गर्दा कुनै त्रुटी नभेटिएमा मोडसेड (MODSHD) बाटै प्रज्ञापनपत्रलाई आशिकुडा प्रणालीमा उल्लिखित हरियो मार्गमा पठाएर मालवस्तुलाई जाँचपास गरिन्छ ।

- भौतिक परीक्षण वा कागजात जाँच गर्दा कुनै त्रुटी भेटिएमा परीक्षण टिप्पणी (Inspection Note) लेखी अख्तियार प्राप्त अधिकृतले प्रज्ञापनपत्र संशोधन गरी नयाँ प्रज्ञापनपत्र जारी गर्नु पर्दछ । यसरी संशोधित प्रज्ञापनपत्रमा अधिकृतले हस्ताक्षर गरी प्रणालीको प्रज्ञापनपत्रलाई प्रणालीमा उल्लिखित हरियो मार्गमा पठाएर फरक रकम दाखिला गराउन महसुल संकलन गर्ने कक्षमा कागजात फिर्ता पठाउनु पर्दछ ।
- महसुल संकलन गर्ने कक्षमा कार्यरत कर्मचारीले थप महसुल लिई नगदी रसिद जारी गर्नु पर्दछ । सोही नगदी रसिद संलग्न गरी अधिकृतले हस्ताक्षर गरेपछि प्रज्ञापनपत्रको दोश्रोप्रति र नगदी रसिद निकासी पैठारीकर्तालाई दिनु पर्दछ । सो कागजातका आधारमा मालवस्तु भन्सार क्षेत्रबाट लैजान अनुमति दिनु पर्दछ ।
- जाँचपास पछि परीक्षण गर्ने मार्गमा वा हरियो मार्गमा छनौटमा परेका प्रज्ञापनपत्रहरूको हकमा प्रज्ञापनपत्रसहित कागजातहरू सोझै महसुल संकलन गर्ने कक्षमा पठाउनु पर्दछ । महसुल संकलन गर्ने कक्षमा कार्यरत कर्मचारीले महसुल लिई नगदी रसिद जारी गर्नु पर्दछ । सोही नगदी रसिद संलग्न गरी अधिकृतले हस्ताक्षर गरेपछि प्रज्ञापनपत्रको दोश्रो प्रति र नगदी रसिद निकासी पैठारीकर्तालाई दिनु पर्दछ । सो कागजातका आधारमा मालवस्तु भन्सार क्षेत्रबाट लैजान अनुमति दिनु पर्दछ ।
- हरियो मार्गबाट जाँचपास भएका प्रज्ञापनपत्रलाई भोलिपल्ट वा सुविधा अनुसार आ. ले. प. अनिवार्य रूपमा गर्नु पर्दछ ।
- निलो मार्गबाट जाँचपास भएका प्रज्ञापनपत्रलाई PCA गराई, PCA पश्चात् मात्र हरियो मार्गमा पठाई PCA गर्नु पर्ने सूचीबाट हटाउनु पर्दछ ।

ख) **रकम पछि तिर्ने अवस्थाको प्रक्रिया (Selectivity before Payment)**

- यो अवस्था अन्तरगत जाँचपास हुने गरी तोकिएको भन्सार कार्यालयहरूमा एसेसमेन्ट गर्ने भन्सार अधिकृत वा तोकिएको अधिकृतले

एसेसमेन्ट गर्दाको अवस्थामा आशिकुडा प्रणालीले माथि उल्लिखित ४ प्रकारका विधिमध्ये कुनै एक प्रकारको विधिबाट जाँचपास गर्न निर्देशन दिनेछ र आशिकुडा प्रणालीले दिएको निर्देशन अनुसारको विधि अपनाई जाँचपास सम्पन्न गर्नु पर्दछ।

- भौतिक परीक्षण वा कागजात जाँच गर्दा कुनै त्रुटी नभेटिएमा प्रज्ञापनपत्रलाई तोकिएका भन्सार अधिकृतले MODCBR प्रयोग गरी Re-route गरी हरियो मार्गमा पठाउनु पर्दछ । यसरी आशिकुडा प्रणालीबाट हरियो मार्गमा पठाइएको प्रज्ञापनपत्र सहितको कागजात नगद दाखिला गर्ने कक्षमा पठाउनु पर्दछ र तोकिएको महसुल संकलन गरी नगदी रसिद जारी गर्नु पर्दछ । सोही नगदी रसिद संलग्न गरी अधिकृतले हस्ताक्षर गरेपछि प्रज्ञापनपत्रको दोश्रो प्रति र नगदी रसिद निकासी पैठारीकर्तालाई दिनु पर्दछ । सो कागजातका आधारमा मालवस्तु भन्सार क्षेत्रबाट लैजान अनुमति दिनु पर्दछ ।
- भौतिक परीक्षण वा कागजात जाँच गर्दा कुनै त्रुटी भेटिएमा परीक्षण टिप्पणी (Inspection Note) लेखी अख्तियार प्राप्त अधिकृतले प्रज्ञापनपत्र संशोधन गरी प्रणालीमा पुनः Assessment पश्चात् नयाँ प्रज्ञापनपत्र जारी गर्नु पर्दछ । यसरी संशोधित प्रज्ञापनपत्रमा सम्बन्धित अधिकृतले हस्ताक्षर गरी प्रणालीको प्रज्ञापनपत्रलाई प्रणालीमा उल्लिखित हरियोमार्गमा पठाएर फरक रकम दाखिला गराउन प्रज्ञापनपत्र सहितका कागजात महसुल संकलन गर्ने कक्षमा पठाउनु पर्दछ र तोकिएको महसुल संकलन गरी नगदी रसिद जारी गर्नु पर्दछ । सोही नगदी रसिद संलग्न गरी अधिकृतले हस्ताक्षर गरेपछि प्रज्ञापनपत्रको दोश्रो प्रति र नगदी रसिद निकासी पैठारीकर्तालाई दिनु पर्दछ । सो कागजातका आधारमा मालवस्तु भन्सार क्षेत्रबाट लैजान अनुमति दिनु पर्दछ ।
- जाँचपास पछि परीक्षण गर्ने मार्गमा वा हरियो मार्गमा छनौटमा परेका प्रज्ञापनपत्रहरूको हकमा प्रज्ञापनपत्रसहित कागजातहरू सोझै महसुल संकलन गर्ने कक्षमा पठाउनु पर्दछ । महसुल संकलन गर्ने कक्षमा कार्यरत कर्मचारीले महसुल लिई नगदी रसिद जारी गर्नु पर्दछ । सोही नगदी रसिद संलग्न गरी अधिकृतले हस्ताक्षर गरेपछि प्रज्ञापनपत्रको दोश्रो प्रति र नगदी रसिद निकासी पैठारीकर्तालाई दिनु पर्दछ । सो

कागजातका आधारमा मालवस्तु भन्सार क्षेत्रबाट लैजान अनुमति दिनु पर्दछ ।

- हरियो मार्गबाट जाँचपास भएका प्रज्ञापनपत्रलाई भोलिपल्ट वा सुविधा अनुसार आ. ले. प. अनिवार्य रूपमा गर्नु पर्दछ ।

परिच्छेद - १८
वण्डेड वेयर हाउसको इजाजतपत्र जारी गर्ने र नवीकरण सम्बन्धी व्यवस्था

१८.१ **वण्डेड वेयर हाउसको इजाजत लिन सक्ने व्यवस्थाः**

भन्सार नियमावली, २०६४ को नियम ९ मा भएको व्यवस्था अनुसार देहायका उद्योग वा व्यक्तिले वण्डेड वेयर हाउसको इजाजत पत्र पाउन सक्ने व्यवस्था छ ।

(क) विदेशमा तयारी पोशाक निकासी गर्ने उद्योग,

(ख) आफ्नो उत्पादन तेस्रो मुलुकमा निकासी गर्ने उद्योग,

(ग) आफ्नो उत्पादनको न्यूनतम पचास प्रतिशत भारतमा निकासी गर्ने उद्योग,

(घ) नेपाल सरकारबाट स्वीकृति प्राप्त गरेको करमुक्त पसलबाट बिक्री गर्नका लागि मालवस्तु पैठारी गर्ने व्यक्ति ।

१८.२ **वण्डेड वेयर हाउसको इजाजत पत्र लिनको लागि निवेदन दिनुपर्नेः**

नियमावलीमा भएको उपर्युक्त व्यवस्था बमोजिम वण्डेड वेयर हाउसको इजाजतपत्र लिन चाहने व्यक्तिले विभागमा दिनुपर्ने निवेदन र संलग्न गर्नुपर्ने कागजातहरू देहायमा उल्लेख गरिएको छः

>L eG;f/ ljefu, ldltM

ljifoM aG8]8 j]o/ xfp;sf] ;'ljwf kfpmF .

dxf]bo,

d]/f]÷xfd|f] lgDg plNnlvt pBf]u eG;f/ lgodfjnL, @)^$ sf] lgod (adf]lhd aG8]8 j]o/ xfp;sf] ;'ljwf kfpg of]Uo ePsfn] ;f] ;'ljwf pknAw u/fOlbgx'g o;} lgj]bgsf] v08 !$ df plNnlvt sfuhftx¿ ;+nUg u/L of] lgj]bg k]z u/]sf] 5' .

!= pBf]usf] gfdM

@= pBf]usf] 7]ufgfM

#= kfg gDa/M

$= pBf]usf] k|d'v AolQmsf] gfd / pBf]u;Fusf] ;DaGwM

%= pBf]u btf{ gDa/ / ldltM

^= pBf]u btf{ ePsf] lgsfoM

&= pBf]u ;~rfngdf cfPsf] ldltM

*= aG8]8 j]o/ xfp; /xg] :yfgM

(= pTkfbg x'g] dfnj:t'M

!)= ljb]zdf lgsf;L x'g] dfnj:t'M

!!= lgsf;L ug{ rfx]sf] d'n'sM

!@= s'n pTkfbg dWo] ljb]zdf lgsf;L ug{ rfx]sf] pTkfbgsf] c+z - k|ltztdf_ M

!#= ljut Ps jif{sf] cjlwdf ePsf] k|dfl0ft sf/f]jf/ d"No - d"=c=s/ afx]ssf] g]kfnL ¿k}+ofdf_

-s_ s'n laqmL d"NoM === === === -v_ :jb]zdf ePsf] laqmL d"NoM === === ===

-u_ ljb]zdf lgsf;L ePsf] d"NoM === === ===

!$= o; lgj]bgsf ;fydf ;+nUg ul/Psf sfuhftx¿ -k]z ul/Psf sfuhftdf lrGx nufpg' kg]{_

-s_ pBf]u btf{sf] k|df0fkqsf] k|ltlnlk

-v_ kfg btf{sf] k|df0fkqsf] k|ltlnlk

-u_ cfos/ tyf d"=c=s/ ljj/0f k]z u/]sf] k|df0fsf] k|ltlnlk

-3_ j]o/ xfp;sf] gSzf -gu/kflnsfdf eP ;f] sfof{noaf6 kf; ePsf] x'g'kg]{_ sf] k|ltlnlk

-ª_ ef8fsf] ;+emf}tfkq -j]o/ xfp; ef8fdf lnPsf] eP_

-r_ pBf]un] lgj]bsnfO{ lbPsf] clVtof/L

-5_ t];|f] d'n'sdf cfkm\gf] pTkfbg lgsf;L ug]{ jf s'n pTkfbgsf] sDtLdf krf; k|ltzt ef/tdf lgsf;L ug]{

Aoxf]/fsf] sa'lnotgfdf -;~rfngdf cfPsf] Psjif{ gk'u]sf] pBf]un] dfq_

-h_ cGo===

dfly pNn]v ePsf] ljj/0f ;a} 7Ls 5 . km/s 7x/] aG8]8 j]o/ xfp;sf] ;'ljwf vf/]h u/L sfg"g adf]lhd sf/jfO{ ePdf d]/f] d~h'/ 5 .

lgj]bssf] gfdM

pBf]u;Fusf] ;DaGwM

b:tvtM

dltM

१८.३ **विभागले निरीक्षण गर्नुपर्नेः**

वण्डेड वेयर हाउसको इजाजत लिनको लागि भन्सार विभागमा निवेदन प्राप्त भएपछि भन्सार विभागबाट वण्डेड वेयर हाउसको निरीक्षण गर्नको लागि एकजना अधिकृतको नेतृत्वमा कम्तीमा २ जना कर्मचारी खटाई पठाउनु पर्नेछ । यसरी खटिएर जाने निरीक्षण टोलीले निम्न विवरण सहितको प्रतिवेदन निरीक्षण सम्पन्न भएको मितिले ७ (सात) दिनभित्र भन्सार विभागमा पेश गर्नुपर्नेछ ।

(क) वण्डेड वेयर हाउसको अवस्थिति, बनावट/तला र क्षमता,

(ख) मेशिनरी औजार एवं भौतिक पूर्वाधारहरू,

(ग) जनशक्तिको विवरण,

(घ) निरीक्षणको क्रममा देखिएका अन्य कुराहरू ।

१८.४ **वण्डेड वेयर हाउसको इजाजत पत्र जारी गर्नेः**

भन्सार विभागले खटाएको निरीक्षण टोलीको प्रतिवेदन एवं निवेदकको निवेदनमा उल्लिखित विवरणको जाँचवुझ गरी वण्डेड वेयर हाउसको इजाजत पत्र दिन उपयुक्त देखिएमा भन्सार विभागले निरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले १५ दिनभित्र निर्णय गरी भन्सार नियमावली, २०६४ को नियम ९ बमोजिम लाग्ने इजाजतपत्र दस्तुर असुल गरी एक आर्थिक वर्षसम्म मान्य हुने गरी इजाजत पत्र दिनु पर्दछ । वण्डेड वेयर हाउसको इजाजतपत्रको नमूना देहायमा उल्लेख गरिएको छ ।

g]kfn ;/sf/

cy{ dGqfno

eG;f/ ljefu

j08]8 j]o/ xfp;sf] Ohfhtkq

Ohfhtkq ;+VofM

Ohfhtkq k|bfg ug]{ lg0f{o ldltM

Ohfhtkq k|bfg ul/Psf] ldltM

lgDg ljj/0fsf] pBf]u÷kmd{÷sDkgLnfO{ eG;f/ lgodfjnL, @)^$ sf] lgod !@ df plNnlvt zt{x¿ kfngf ug]{ / ;f]xL lgodfjnLsf] lgod !) df plNnlvt ;'ljwfx¿ pkef]u ug{ kfpg] u/L ;f]xL lgodfjnLsf] lgod (adf]lhd of] Ohfhtkq k|bfg ul/Psf] 5 .

Ohfhtkq kfpg]sf] gfdM

7]ufgfM

:yfoL n]vf gDa/M

pBf]u÷kmd{÷sDkgL btf{ gDa/M

pBf]u÷kmd{÷sDkgL btf{ ePsf] lgsfoM

pBf]u÷kmd{÷sDkgLsf] k|d'v AolQmsf] gfd / x}l;otM

k}7f/L ug]{ dfnj:t'M

lgsf;L÷laqmL ug]{ dfnj:t'M

j]o/ xfp; /x]sf] :yfgM

j]o/ xfp;sf] IfdtfM

zfvf clws[t

-of] Ohfhtkq eG;f/ lgodfjnL, @)^$ sf] lgod (adf]lhd o;} Ohfhtkqsf] k[i7efudf gjLs/0f u/fpg' kg]{5_

१८.५ **वण्डेड वेयर हाउसको इजाजत लिएका उद्योग वा व्यक्तिको अभिलेख अद्यावधिक गर्ने:**

भन्सार विभागले वण्डेड वेयर हाउसको इजाजतपत्र जारी गरेपछि प्रत्येक उद्योग वा व्यक्तिको छुट्टाछुट्टै फायल खडा गरी अभिलेख राख्ने र सोको विवरण कम्प्यूटरमा समेत राख्नु पर्दछ । कुनै उद्योग वा व्यक्तिलाई वण्डेड वेयर हाउसको इजाजत पत्र जारी गरेपछि सोको जानकारी भन्सार विभागले प्रत्येक भन्सार कार्यालयलाई दिनु पर्दछ ।

१८.६ **वण्डेड वेयर हाउसको इजाजत पत्रको नवीकरण गराउनु पर्ने:**

भन्सार नियमावली, २०६४ को नियम ९ को उपनियम (४) मा वण्डेड वेयर हाउसको इजाजतपत्रको अवधि एक आर्थिक वर्षको लागि कायम हुने व्यवस्था छ । नियमावलीको यस व्यवस्था बमोजिम वण्डेड वेयर हाउसको इजाजत पत्र प्रत्येक आर्थिक वर्षमा नवीकरण गराउनु पर्दछ । यसरी नवीकरण नगराएको इजाजतपत्रबाट बैङ्क जमानतको सुविधा प्रदान गर्नु हुँदैन । किनकि भन्सार इजाजतपत्र नवीकरण नगरेको अवधिमा वण्डेड वेयर हाउसको इजाजतपत्रवालाले वण्डेड वेयर हाउसको सुविधा उद्योग गर्न पाउने छैन भन्ने व्यवस्था भन्सार नियमावली, २०६४ को नियम ९ को उपनियम (६) मा यस सम्बन्धमा स्पष्ट उल्लेख छ ।

१८.७ **वण्डेड वेयर हाउसको इजाजतपत्रको नवीकरणको लागि निवेदन दिनुपर्ने:**

वण्डेड वेयर हाउसको इजाजतपत्र प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष सुरू हुनु अगावै भन्सार विभागबाट इजाजतपत्र नवीकरण गराउनु पर्दछ । यसरी नवीकरणको लागि दिने निवेदन र संलग्न गर्नुपर्ने कागजातहरू देहायमा उल्लेख गरिएको छ :

ljifoM aG8]8 j]o/ xfp;sf] Ohfhtkq gjLs/0f ul/kfpmF .

dxf]bo,

d]/f] ÷ xfd|f] lgDg plNnlvt pBf]un] aG8]8 j]o/ xfp;sf] Ohfhtkq k|fKt u/L ;f] ;'ljwf pkef]u ul//x]sf] / ;f] Ohfhtkq axfn/xg] Dofb cf= j= ÷ df ;dfKt x'g] ePsfn] cf= j= ÷ ;Ddsf nflu Ohfhtkq gjLs/0f ul/kfpg eG;f/ lgodfjnL, @)^$ sf] lgod (sf] pklgod -$_ adf]lhd tf]lsPsf] Dofbleq o;} lgj]bgsf] v08 !% df plNnlvt sfuhftx¿ ;+nUg u/L of] lgj]bg k]z u/]sf] 5' .

!= pBf]usf] gfdM

@= Ohfhtkq gDa/ / k|fKt u/]sf] ldltM

#= pBf]usf] 7]ufgfM

$= kfg gDa/M

%= pBf]usf] k|d'v AolQmsf] gfd / pBf]u;Fusf] ;DaGwM

^= pBf]u btf{ gDa/ / ldltM

&= pBf]u btf{ ePsf] lgsfoM

*= pBf]u ;~rfngdf cfPsf] ldltM

(= aG8]8 j]o/ xfp; /xg] :yfgM

!)= pTkfbg u/]sf] dfnj:t'M

!!= ljb]zdf lgsf;L u/]sf] dfnj:t'M

!@= lgsf;L ul/Psf] d'n'sM

!#= s'n pTkfbg dWo] rfn' cf=j= df xfn;Dd ljb]zdf lgsf;L u/]sf] pTkfbgsf] c+z -k|ltztdf_ M

!$= ljut Ps jif{sf] cjlwdf ePsf] k|dfl0ft sf/f]jf/ d"No - d"=c=s/ afx]ssf] g]kfnL ¿k}+ofdf_

-o; v08df plNnlvt ljj/0fnfO{ k|dfl0ft ug]{ sfuhft ;+nUg ug'{kg]{_

-s_ s'n laqmL d"NoM === === === -v_ :jb]zdf ePsf] laqmL d"NoM === === ===

-u_ ljb]zdf lgsf;L ePsf] d"NoM === === ===

- ef/tdf lgsf;L ePsf] d"NoM
- t];|f] d'n'sdf lgsf;L ePsf] d"NoM

!%= o; lgj]bgsf ;fydf ;+nUg ul/Psf sfuhftx¿ -k]z ul/Psf sfuhftdf lrGx nufpg' kg]{_

-s_ pBf]u btf{ tyf kfg btf{sf] k|df0fkqsf] k|ltlnlk

-v_ ljut Ps jif{sf] k}7f/L tyf lgsf;L k|1fkgkq / ljb]zL d'b|f k|flKtsf] k|df0fsf] k|ltlnlk

-u_ cfos/ tyf d"=c=s/ ljj/0f k]z u/]sf] k|df0fsf] k|ltlnlk

-3_ pBf]un] lgj]bsnfO{ lbPsf] clVtof/L
-ª_ jG8]8 j]o/ xfp;sf] Ohfhtkqsf] k|ltlnlk
-r_ cGo===

dfly pNn]v ePsf] ljj/0f ;a} 7Ls 5 . km/s 7x/] aG8]8 j]o/ xfp;sf] ;'ljwf vf/]h u/L sfg"g adf]lhd sf/jfO{ ePdf d]/f] d~h'/ 5 .

lgj]bssf] gfdM
pBf]u;Fusf] ;DaGwM
b:tvtM
ldltM

१८.८ **वण्डेड वेयर हाउसको इजाजतपत्र नवीकरण गरिदिनेः**

वण्डेड वेयर हाउसको नवीकरणको लागि माथि १३.७ मा उल्लिखित कागजात सहित निवेदन प्राप्त भएपछि विभागले भन्सार नियमावली, २०६४ को नियम ९ बमोजिमको नवीकरण दस्तुर लिई इजाजतपत्र नवीकरण गरिदिनु पर्दछ ।

१८.९ **वण्डेड वेयर हाउसको इजाजतपत्र नवीकरण भएको जानकारी दिनेः**

विभागले वण्डेड वेयर हाउसको इजाजतपत्र नवीकरण गरेपछि सोको अभिलेख विभागमा अद्यावधिक गरी सबै भन्सार कार्यालयहरूमा अविलम्व जानकारी दिनुपर्दछ ।

१८.१० **म्याद नाघेको वण्डेड वेयर हाउसको इजाजतपत्र नवीकरण गर्ने व्यवस्थाः**

प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष सुरू हुनु अगावै वण्डेड वेयर हाउसको इजाजत पत्र नवीकरण नगरेका इजाजत पत्रवालाले प्रत्येक आर्थिक वर्षको लागि थप रू.३,०००।- तिरी इजाजतपत्र नवीकरण गराउन सक्ने भएकोले वण्डेड वेयर हाउसको इजाजतपत्र नवीकरण नगराएको कारणले खारेज हुँदैन । म्याद नाघेको बैङ्क जमानत नवीकरण गराउन निवेदन दिएपछि विभागले नवीकरण नगरिएको अवधिमा कुनै भन्सार कार्यालयबाट बैङ्क जमानतको सुविधा लिए नलिएको यकिन गरेर मात्र नवीकरण सम्बन्धी कारवाही गर्नुपर्दछ । वण्डेड वेयर हाउसको इजाजत नलिएको अवधिमा बैङ्क जमानतको सुविधा लिएको देखिएमा पैठारी गर्दा नियमानुसार लाग्ने कर महसुल तुरून्त असुल गरेर मात्र नवीकरण गरिदिनु पर्दछ ।

परिच्छेद - १९
भन्सार एजेन्टको इजाजतपत्र नवीकरण सम्बन्धी व्यवस्था

१९.१ भन्सार एजेन्टको इजाजतपत्र नवीकरण गर्न निवेदन दिनुपर्नेः

भन्सार नियमावली, २०६४ को नियम ३७ बमोजिम दिइएको भन्सार एजेन्टको इजाजतपत्र एक आर्थिक वर्षको लागि कायम रहने भएकोले प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष सुरू हुनु अगावै नवीकरण दस्तुरवापत तीन हजार रूपैयाँ तिरी देहायको ढाँचामा उल्लिखित कागजात संलग्न गरी विभागमा निवेदन दिनुपर्दछ ।

>L eG;f/ ljefu÷=== === === === === eG;f/ sfof{no
ldltM

ljifoM eG;f/ Ph]G6sf] Ohfhtkq gjLs/0f ul/kfpmF .

dxf]bo,

d}n]÷xfdLn] lgDg plNnlvt ljj/0fsf] eG;f/ Ph]G6sf] Ohfhtkq k|fKt u/]sf] / ;f] Ohfhtkqsf] cjlw cfly{s jif{ ÷ ;Dd dfq jxfn /xg] ePsf]n] cfly{s jif{ ÷ ;Ddsf nflu ;f] Ohfhtkq gjLs/0f ul/kfpg eG;f/ lgodfjnL, @)^$ sf] lgod #& sf] pklgod -^_ adf]lhd o;} lgj]bgsf] v08 ^ df plNnlvt sfuhftx¿ ;+nUg u/L of] lgj]bg k]z u/]sf] 5' .

!= eG;f/ Ph]G6sf] gfd, 7]ufgfM

@= Ohfhtkq gDa/ / k|fKt u/]sf] ldltM

#= kfg gDa/M

$= eG;f/ Ph]G6sf] ¿kdf sfdsfh ug]{ AolQmsf] gfdM

%= lgj]bgsf] ldlt;Dd sfod eG;f/ Ph]G6 lgo'lQm ug]{ Aofkfl/s kmd{sf] ;+VofM

^= o; lgj]bgsf ;fydf ;+nUg ul/Psf sfuhftx¿ -*k]z ul/Psf sfuhftdf lrGx nufpg' kg]*{_

-s_ eG;f/ Ph]G6sf] Ohfhtkqsf] k|ltlnlk

-v_ cfos/ ljj/0f k]z u/]sf] k|df0fsf] k|ltlnlk

-u_ gjLs/0f cjlwe/ axfn /xg] a}+s hdfgt -a}+s hdfgt /fv]sf]df_

-3_ gubL /l;b jf a}+s ef}r/ -gub w/f}6L /fv]sf]df_

-ª_ cGo===

dfly pNn]v ePsf] ljj/0f ;a} 7Ls 5 . km/s 7x/] eG;f/ Ph]G6sf] Ohfhtkq /2 u/L sfg"g adf]lhd sf/jfO{ ePdf d]/f] d~h'/ 5 .

eG;f/ Ph]G6sf] gfdM
b:tvtM
ldltM

१९.२ भन्सार एजेन्टको इजाजतपत्रको नवीकरण गर्नेः

माथि १४.१ मा उल्लिखित अवधि र कागजात सहित निवेदन प्राप्त भएपछि जाँचवुझ गरी विभागले नवीकरण गरिएको अवधि तोकी इजाजतपत्र नवीकरण गरिदिनु पर्दछ ।

१९.३ एक वर्षभित्र थप दस्तुर तिरी नवीकरण गराउन सकिनेः

कुनै भन्सार एजेन्टले प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष सुरूहुनु अगावै आफ्नो इजाजतपत्र नवीकरण गराउन नसकेमा उक्त आर्थिक वर्ष समाप्त भएको मितिले १ वर्षभित्र थप रू.३,०००।- तिरी नवीकरण गराउन सक्ने भएकोले म्याद समाप्त भएको एक वर्षभित्र नवीकरणको लागि नं. १४.१ मा उल्लिखित कागजात सहित विभागमा निवेदन दिनुपर्दछ । यसरी निवेदन प्राप्त भएपछि भन्सार विभागले त्यस्तो इजाजतपत्रको अवधि तोकी नवीकरण गरिदिनुपर्दछ ।

१९.४ तीन आर्थिक वर्षका लागि एकपटक नवीकरण गर्न सकिनेः

कुनै भन्सार एजेन्टले आफ्नो इजातजपत्र एकै पटकमा तीन आर्थिक वर्षको लागि नवीकरण गराउन चाहेमा तीन वर्षको नवीकरण दस्तुर एकै पटक तिरी नवीकरण गराउन सक्ने व्यवस्था भन्सार नियमावली, २०६४ को नियम ३७ मा गरेकोले यसरी नवीकरण गराउँदा बैङ्क जमानत पनि तीन आर्थिक वर्षसम्म मान्य रहने गरी जारी गरिएको हुनुपर्दछ ।

१९.५ म्यादभित्र नवीकरण नगरिएमा इजाजतपत्र स्वतः रद्द हुनेः

भन्सार एजेन्टको इजाजतपत्र प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष सुरू हुनु अगावै नवीकरण गराइसक्नु पर्दछ । उक्त अवधिभित्र नवीकरण नगरेमा म्याद समाप्त भएको एक वर्षभित्र थप दस्तुर तिरी नवीकरण गर्न सकिन्छ । म्याद समाप्त भएको एक वर्षभित्र पनि नवीकरण नगरिएमा इजाजतपत्र स्वतः रद्द हुने हुनाले सो अवधिपछि त्यस्ता इजाजतपत्रहरू रद्द गरी सोको जानकारी भन्सार विभागले सबै भन्सार कार्यालय र सम्बन्धित एजेन्टलाई समेत अनिवार्य रूपमा दिनुपर्दछ ।

१९.६. <u>नवीकरण नगरिएको अवधिमा काम गर्न नपाइने</u>:

कुनै भन्सार एजेन्टको इजाजतपत्रको म्याद समाप्त भएपछि सोको नवीकरण नभएसम्मको अवधिमा भन्सार एजेन्टको हैसियतले कुनै काम गर्न पाइदैन । सो कुरा भन्सार कार्यालयहरूले मालवस्तु जाँचपास गर्न भन्सार एजेन्टको इजाजतपत्र अद्यावधिक भए नभएको र सो सम्बन्धमा भन्सार विभागबाट जानकारी प्राप्त भए नभएको सम्बन्धमा यकिन गरेर मात्र भन्सार एजेन्टलाई काम गर्न दिनुपर्दछ ।

परिच्छेद - २०
तथ्याङ्क सम्प्रेषण

२०.१ निकासी पैठारी सम्बन्धी तथ्याङ्क सम्प्रेषणः

नेपालको बैदेशिक व्यापारको सम्पूर्ण अभिलेख भन्सार कार्यालयमा नै हुने भएकाले भन्सार कार्यालयले तयार गर्ने तथ्याङ्कको धेरै ठूलो महत्व छ । मुलुकको व्यापार सन्तुलनको अवस्था बारे जानकारी लिन, महसुल दरमा आवश्यक परिवर्तन गर्न वा निकासी पैठारी सम्बन्धी नीति तयार गर्न यिनै तथ्याङ्कलाई आधार लिइने भएकाले भन्सार कार्यालयहरूले तथ्याङ्क तयार गर्दा त्रुटी नहोस् भन्ने कुरामा विशेष ध्यान दिनु पर्दछ ।

भन्सार कार्यालयहरूले विभागबाट तोकिएको ढाँचामा प्रयेत्क महिनाको तथ्याङ्क सो महिना समाप्त भएको सातदिनभित्र भन्सार विभागमा पठाउनु पर्दछ । यस्तो विवरण पठाउँदा कम्प्युटर सुविधा भएका भन्सार कार्यालयहरूले डिजिटल फर्म्याटमा र कम्प्युटर सुविधा नभएका कार्यालयहरूले Hard Copy तयार गरी पठाउनु पर्दछ ।

२०.१.१ तथ्याङ्क पठाउँदा ध्यान दिनु पर्ने कुराः

उस्तै खालका एकभन्दा बढी बस्तुहरूलाई समूहिकृत गरी तथ्याङ्क तयार गर्नु हुँदैन र संभव भएसम्म हरेक अलग बस्तुको अलग्गै पहिचान खुल्ने गरी तयार गर्नुपर्दछ ।

वस्तुगत विवरण पठाउँदा हार्मोनाइज्ड वस्तु वर्गीकरणको उपशीर्षक उल्लेख गरेर पठाउनु पर्दछ । अर्थात् हरेक वस्तुको वस्तुगत तथ्याङ्कमा ८ अंकको कोड नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्दछ । वस्तुको शीर्षक मात्र अर्थात् चार अंकको मात्र कोड राखेर पठाउनु हुँदैन ।

तथ्याङ्क तयार गर्दा वस्तुको परिमाण, मूल्य तथा महसुल मिलेको छ छैन, परिमाणसँग मेल खाने किसिमको मूल्य छ छैन, मूल्य र महसुल दरका आधारमा महसुल रकम मेल खान्छ खाँदैन जस्ता कुराहरू राम्ररी जाँच गरेर मात्र पठाउनु पर्दछ । परिमाण, मूल्य र महसुलका बीचमा अस्वाभाविक

सम्बन्ध भएको पाइएमा पुनः सोको जाँच गरेर तथ्याङ्क यथार्थ हो भन्ने कुरा निश्चित गरेर मात्र पठाउनु पर्दछ ।

भन्सार कार्यालयहरूले भन्सार विभागमा निम्न बमोजिमका विवरणहरू नियमित रूपमा पठाउनु पर्दछः

(क) दैनिक राजस्व विवरण,

(ख) मासिक राजस्व (मास्केवारी),

(ग) मासिक बस्तुगत तथ्याङ्क विवरण (निकासी तथा पैठारीको अलग अलग),

(घ) बार्षिक राजस्व विवरण,

(ङ) वार्षिक वस्तुगत विवरण (निकासी तथा पैठारीको अलग अलग) ।

दैनिक राजस्व विवरण पठाउँदा प्रत्येक दिनको विवरण भोलिपल्ट दिनको ११ बजेभित्र विभागमा फ्याक्स गरेर पठाउनु पर्दछ । कुनै कारणले फ्याक्स गर्न नसकिएमा टेलिफोनबाट टिपाउनु पर्दछ । मासिक राजस्व मास्केवारी महिना समाप्त भएको तीनदिनभित्र कार्यालबाट चलान गरिसक्नुपर्दछ भने मासिक बस्तुगत तथ्याङ्क विवरण आशिकुडा लागू भएका कार्यालयहरूले महिना समाप्त भएको तीन दिनभित्र र अन्य कार्यालयहरूले महिना समाप्त भएको सात दिनभित्र पठाइसक्नु पर्दछ । वार्षिक राजस्व विवरण आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र र वार्षिक वस्तुगत विवरण आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र पठाइसक्नु पर्दछ । मासिक तथा वार्षिक वस्तुगत विवरण पठाउँदा आशिकुडा लागू भएका भन्सार कार्यालयहरूले सो प्रणालीबाट नै Raw Data (कोरा तथ्याङ्क) तयार गरी इलेक्ट्रोनिक माध्यमबाट पठाउनु पर्दछ भने आशिकुडा लागू नभएका भन्सार कार्यालयहरूले तोकिएको नमूना बमोजिम Hard Copy वा Soft Copy तयार गरी पठाउनु पर्दछ ।

माथि उल्लेख भएबमोजिमका विवरणहरू तल दिइएको नमूना अनुसार पठाउनु पर्दछ :

(क) <u>दैनिक राजस्व विवरणको नमूना</u>

नेपाल सरकार
अर्थ मन्त्रालय, भन्सार विभाग

--------------भन्सार कार्यालय

दैनिक राजस्व असुली बिबरण

सि.नं.	**राजस्वको विवरण**	**मिति.../../..** गतेसम्मको असुली	**मिति../../..** गतेको असुली	**मिति./../.** गतेसम्मको
असुली				
१.	निकासी महसुल	०	०	०
२.	पैठारी महसुल	०	०	०
३.	कृषि सुधार शुल्क	०	०	०
४.	भन्सारको विविध आय			
	क. भन्सार सेवा दस्तुर			
	१. निकासी	०	०	०
	२. पैठारी	०	०	०
	ख. विविध आय			
५.	अन्य आय	०	० ०	
	सि.नं. १ देखि ५ सम्मको	**०**	**०**	**०**
६.	विशेष शुल्क	०	०	०
७.	अन्त:शुल्क	०	०	०
८.	स्थानीय विकास शुल्क	०	०	०
९.	मूल्य अभिवृद्धि कर	०	०	०
१०.	सडक सुधार शुल्क	०	०	०
११.	करतर्फको अन्य आय	०	०	०
	सि.नं. ६ देखि ११ सम्मको जम्मा	**०**	**०**	**०**
कुल जम्मा		**०**	**०**	**०**

(ख) मासिक राजस्व (मास्केवारी)को नमूना

नेपाल सरकार
भन्सार विभाग, अर्थ मन्त्रालय

.... भन्सार कार्यालय,

राजस्व मास्केबारी

यस कार्यालय र अर्न्तगतका छोटी भन्सार कार्यालय समेतको २०.. साल .... महिनामा असुली भएको राजस्वको विवरण

संकेत	राजस्व शीर्षक	गत महिना सम्मको असुली	यस महिनाको असुली	यस महिना सम्मको असुली
१.१.१.४०	**१. निकासी महसुल (जम्मा)**			
	क. भारत तर्फको			
	ख. समुन्द्रपार तर्फको			
	२. पैठारी महसुल (जम्मा)			
१.१.१.१०	२.१ क. भारत पैठारी (लोकल)			
१.१.१.३०	ख. भारत पैठारी (डि.आर.पी.)			
१.१.१.१०	ग. भारत पैठारी (इनबण्ड)			
१.१.१.१०	घ. भारत पैठारी (बण्डेड स्टक)			
१.१.१.१०	२.२ समुन्द्रपार पैठारी			
१.१.१.७०	**३. कृषि सुधार शुल्क**			
१.१.१.६०	**४. भन्सारको विविध आय (जम्मा)**			
	क. निकासी भन्सार सेवा दस्तुर			
	ख. पैठारी भन्सार सेवा दस्तुर			
	ग. विविध			
१.१.१.९०	अन्य आय			
१.१.१२.२०	**५. विशेष शुल्क**			
१.१.२.२७	**६. पैठारी अन्तःशुल्क**			
	७ मूल्य अभिवृद्धि कर			
	८. स्थानीय विकास शुल्क			
१.१.५.४२	**९. सडक सुधार शुल्क**			
	१०. अन्य कर (आय कर समेत)			
	जम्मा कर शुल्क			
	कुल जम्मा			

(ग१) मासिक बस्तुगत तथ्याङ्क विवरण (पैठारी) को नमूना

आ.व. २० /....... महिनाको वस्तुगत विवरण

सि.नं.	सामानको नाम	वर्गीकरण उपशीर्षक	दर	एकाइ १	परिमाण १	एकाइ २	परिमाण २	मूल्य (CIF)	भन्सार महसुल	मू.अ. कर	पै.से. दस्तुर	अन्य कर	जम्मा

(ग२) मासिक बस्तुगत तथ्याङ्क विवरण (निकासी) को नमूना

आ.व. २० ।   .... महिनाको वस्तुगत विवरण

सि.नं.	सामानको नाम	वर्गीकरण उपशीर्षक	दर	एकाइ १	परिमाण १	एकाइ २	परिमाण २	मूल्य (**FOB**)	भन्सार महसुल	नि.से. दस्तुर	अन्य कर	जम्मा

(घ) बार्षिक राजस्व विवरणको नमूना

नेपाल सरकार

भन्सार विभाग, अर्थ मन्त्रालय

.... भन्सार कार्यालय,

राजस्व असुलीको विवरण

यस कार्यालय र अर्न्तगतका छोटी भन्सार कार्यालय समेतको आ.व. २०..   मा असुली भएको राजस्वको विवरण

संकेत	राजस्व शीर्षक	गत आ.व. को असुली	यस आ.व. को असुली
१.१.१.४०	**१. निकासी महसुल (जम्मा)**		
	क. भारत तर्फको		
	ख. समुद्रपार तर्फको		
	२. पैठारी महसुल (जम्मा)		
१.१.१.१०	२.१ क. भारत पैठारी (लोकल)		
१.१.१.३०	ख. भारत पैठारी (डि.आर.पी.)		
१.१.१.१०	ग. भारत पैठारी (इनबण्ड)		
१.१.१.१०	घ. भारत पैठारी (बण्डेड स्टक)		
१.१.१.१०	२.२ समुन्द्रपार पैठारी		
१ १ १ ७०	**३. कृषि सुधार शुल्क**		
१.१.१.६०	**४. भन्सारको विविध आय (जम्मा)**		
	क. निकासी भन्सार सेवा दस्तुर		
	ख. पैठारी भन्सार सेवा दस्तुर		
	ग. विविध		
१.१.१.९०	अन्य आय		
१.१.१२.२०	**५. विशेष शुल्क**		
१.१.२.२७	**६. पैठारी अन्तःशुल्क**		
	७ मूल्य अभिवृद्धि कर		
	८. स्थानीय विकास शुल्क		
१.१.५.४२	**९. सडक सुधार शुल्क**		
	१०. अन्य कर (आय कर समेत)		
	जम्मा कर शुल्क		

कुल जम्मा

(ङ१) वार्षिक बस्तुगत तथ्याङ्क विवरण (पैठारी) को नमूना

आ.व. २० ।   को वस्तुगत विवरण

सि.नं.	सामानको नाम	वर्गीकरण उपशीर्षक	दर	एकाइ १	परिमाण १	एकाइ २	परिमाण २	मूल्य (CIF)	भन्सार महसुल	मू.अ. कर	पै.से. दस्तुर	अन्य कर	जम्मा

(ङ२) <u>वार्षिक बस्तुगत तथ्याङ्क विवरण (निकासी) को नमूना</u>

आ.व. २० ।   को वस्तुगत विवरण

सि.नं.	सामानको नाम	वर्गीकरण उपशीर्षक	दर	एकाइ १	परिमाण १	एकाइ २	परिमाण २	मूल्य (FOB)	भन्सार महसुल	नि.से. दस्तुर	अन्य कर	जम्मा

२०.२ इन्टेलिजेन्स सम्बन्धी तथ्याङ्क सम्प्रेषण

भन्सार प्रशासनका लागि भन्सारसँग सम्बन्धित विभिन्न सूचनाहरूको आवश्यकता पर्दछ । यस प्रकारका सूचनाहरू संकलन गरी विभागले इन्टेलिजेन्स सम्बन्धी डेटावेश तयार गरी सोलाई अद्यावधिक गर्ने कार्य सुरू गरिसकेको छ । यसका लागि आवश्यक सूचनाको प्रमुख स्रोत भन्सार कार्यालयहरू नै हुने भएकाले सो प्रयोजनका लागि तोकिएका सूचनाहरू तोकिएको ढाँचामा तोकिएको समयभित्र सबै भन्सार कार्यालयहरूले निम्न बमोजिमका विवरणहरू विभागलाई उपलब्ध गराउनु पर्दछः-

(१) चोरी निकासी पैठारी गर्दा पक्राउ गरी जफत गरिएका मालवस्तुको विवरण,

(२) जफत गरिएका मालवस्तुको लिलाम सम्बन्धी विवरण,

(३) चोरी निकासी पैठारीको कसूरमा गरिएको जरिवाना सम्बन्धी विवरण,

(४) गलत घोषणा सम्बन्धी विवरण,

(५) न्यून बीजकीकरण सम्बन्धी विवरण,

(६) न्यून बीजकीकरणका मालवस्तु खरिद सम्बन्धी विवरण,

(७) जाँचपास पछिको परीक्षण सम्बन्धी विवरण ।

माथि उल्लेख भएबमोजिमका विवरणहरू हरेक महिनाको सो महिना समाप्त भएको सातदिनभित्र सबै कार्यालयहरूले निम्न बमोजिमको ढाँचामा भन्सार विभागमा पठाउनु पर्दछ ।

भन्सार कार्यालयः

(१) <u>चोरी निकासी पैठारी गर्दा पक्राउ गरी जफत गरिएका मालवस्तुको विवरण</u>

सि.नं.	अभियोग❶	सामानको विवरण	हार्मोनाइज्ड कोड	सामानको मूल्य	महसुल दर	सामानको परिमाण	ढुवानी साधन❷	पक्राउ मिति	पक्राउ गर्ने निकाय	पक्राउ गरेको स्थान	अभियुक्तको नाम, ठेगाना	कैफियत

❶ अभियोग महलमा चोरी निकासी वा चोरी पैठारी के हो सो उल्लेख गर्ने

❷ चोरी निकासी वा चोरी पैठारीमा प्रयोग भएको ढुवानी साधन उल्लेख गर्दा दर्ता नं (प्लेट नं.) भएमा सो समेत उल्लेख गर्ने ।

भन्सार कार्यालयः

(२) जफत गरिएका मालवस्तुको लिलाम सम्बन्धी विवरण

सि.नं.	सामानको विवरण	हार्मोनाइज्ड कोड	सामानको मूल्य	लिलामी मूल्य❶	सामानको परिमाण	लिलामी मिति	सकार गर्नेको नाम, ठेगाना	कैफियत

❶ लिलामी मूल्यमा कबोल अंक उल्लेख गर्ने

भन्सार कार्यालयः

(३) चोरी निकासी पैठारीको कसूरमा गरिएको जरिवाना सम्बन्धी विवरण

सि.नं.	फर्म वा व्यक्तिको नाम	पान नं	सामानको विवरण	हार्मोनाइज्ड कोड	कसूरको किसिम❶	जरिवाना रकम	कैद अवधि	फैसला मिति	कैफियत

❶ कसूरको किसिममा चोरी निकासी वा चोरी पैठारी के हो सो उल्लेख गर्ने

भन्सार कार्यालयः

(४) गलत घोषणा सम्बन्धी विवरण

सि.नं.	फर्म वा व्यक्तिको नाम	पान नं	भन्सार एजेन्ट नं.	सामानको विवरण	हार्मोनाइज्ड कोड	महसुल दर	गलत घोषणाको किसिम❶	अतिरिक्त महसुल ❷	कारवाई मिति	कैफियत

❶ गलत घोषणाको किसिममा न्यून बीजकीकरण बाहेकका अन्य गलत घोषणा (जस्तैः परिमाण फरक, मालवस्तु फरक, साइज फरक, गुणस्तर फरक आदि) के हो सो उल्लेख गर्ने

❷ अतिरिक्त महसुलमा गलत घोषणा गरे बापत ऐन बमोजिम असुल गरिएको थप महसुल वा जरिवानाको रकम (नियमित भन्सार महसुल बाहेक) उल्लेख गर्ने

भन्सार कार्यालय:

(५) न्यून बीजकीकरण सम्बन्धी विवरण

सि.नं.	फर्म वा व्यक्तिको नाम	पान नं	भन्सार एजेन्ट नं.	सामानको विवरण	हार्मोनाइज्ड कोड	महसुल दर	मूल्य वृद्धि प्रतिशत❶	अतिरिक्त महसुल❷	कारवाई मिति	कैफियत

❶ मूल्य वृद्धि प्रतिशतमा घोषित मूल्यमा कति प्रतिशत बृद्धि भएको हो सो प्रतिशत उल्लेख गर्ने

❷ अतिरिक्त महसुलमा न्यून बीजकीकरण गरे बापत ऐन बमोजिम असुल गरिएको थप महसुल वा जरिवानाको रकम (नियमित भन्सार महसुल बाहेक) उल्लेख गर्ने

भन्सार कार्यालयः

(६) न्यून बीजकीकरणको मालवस्तु खरिद सम्बन्धी विवरण

सि.नं.	फर्म वा व्यक्तिको नाम	पान नं	भन्सार एजेन्ट नं.	सामानको विवरण	हार्मोनाइज्ड कोड	महसुल दर	घोषित मूल्य	खरिद मूल्य	खरिद मिति	कैफियत

कार्यालयको नामः

(७) जाँचपास पछिको परीक्षण सम्बन्धी विवरण

सि.नं.	फर्म वा ब्यक्तिको नाम	पान नं	भन्सार एजेन्ट नं.	सामानको विवरण	हार्मोनाइज्ड कोड	महसुल दर	प्राप्त नतीजा❶	निर्धारित अतिरिक्त महसुल रकम	परीक्षण मिति	पैठारी भन्सार कार्यालय	कैफियत

❶ प्राप्त नतीजामा परीक्षण गर्दा पाइएको अनियमितता वा कैफियत उल्लेख गर्ने

२१.१ भन्सार ऐन, २०६४

भन्सार सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः भन्सार प्रशासनलाई व्यवस्थित, पारदर्शी एवं उत्तरदायी बनाई अन्तर्राष्ट्रिय व्यापारलाई सुरक्षित एवं सहज बनाउन भन्सार सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

परिच्छेद-१
प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "भन्सार ऐन, २०६४" रहेको छ ।

(२) यो दफा तुरून्त प्रारम्भ हुनेछ र अन्य दफाहरू नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"करमुक्त पसल"** भन्नाले बैङ्क जमानत सुविधामा पैठारी गरिएका मालवस्तु कूटनीतिक सुविधा वा महसुल सुविधा प्राप्त व्यक्तिलाई बिक्री गर्न वा अन्तर्राष्ट्रिय उडानको क्याटरिङ्ग वा त्यस्तो उडानको करमुक्त पसलमा बिक्रीको लागि सम्बन्धित हवाई कम्पनीलाई बिक्री गर्न नेपाल सरकारले स्वीकृति दिएको पसल सम्झनु पर्छ ।

(ख) **"कारोवार मूल्य"** भन्नाले पैठारीकर्ताले पैठारी गरेको मालवस्तुको विक्रेतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वास्तविक रूपमा भुक्तानी गरेको वा भुक्तानी गर्नुपर्ने रकममा त्यस्तो मालवस्तु नेपालको सीमासम्म ल्याउँदा लागेको वा लाग्न सक्ने भाडा, बीमा तथा अन्य सम्बद्ध खर्च जोडी हुन आउने कूल रकम सम्झनु पर्छ ।

(ग) **"कूटनीतिक सुविधा"** भन्नाले कुनै मालवस्तु जाँच नगरी, महसुल नलिई लगतमात्र राखी निकासी वा पैठारी गर्न दिइने सुविधा वा सहुलियत सम्झनु पर्छ ।

(घ) **"घोषणा"** भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तुको विवरण प्रज्ञापनपत्रमा उल्लेख गर्ने वा विद्युतीय माध्यमबाट तोकिएबमोजिम सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) **"चोरी निकासी"** भन्नाले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी, लुकाई छिपाई वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भए पनि यस ऐनबमोजिम घोषणा नगरी नेपालवाहिर लैजाने कार्य सम्झनु पर्छ ।

(च) **"चोरी पैठारी"** भन्नाले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी, लुकाई छिपाई वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भए पनि यस ऐनबमोजिम घोषणा नगरी नेपालभित्र ल्याउने कार्य सम्झनु पर्छ ।

(छ) **"जाँच"** भन्नाले निकासी वा पैठारी गरिने मालवस्तु घोषणा गरिएबमोजिम छ छैन भनी यकिन गर्न भन्सार कार्यालयले त्यस्तो मालवस्तु वा सो मालवस्तु सम्बन्धी कागजात वा दुवैको परीक्षण गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले विदेशी मुलुकबाट नेपालभित्र प्रवेश गर्ने वा नेपालबाट विदेशी मुलुकमा प्रस्थान गर्ने यात्रुको शरीरको तलासी र एक्स रे गर्ने कार्य समेतलाई जनाउंछ ।

(ज) **"जाँचपास"** भन्नाले भन्सार अधिकृतले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम भन्सार कार्यालयबाट कुनै मालवस्तु निकासी वा पैठारी गर्न वा उठाई लैजान दिएको अनुमति सम्झनु पर्छ ।

(झ) **"जाँचपास पछिको परीक्षण"** भन्नाले दफा ३४ बमोजिमको परीक्षण सम्झनु पर्छ ।

(ञ) **"तोकिएको"** वा **"तोकिएबमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ट) **"निकासी"** भन्नाले नेपालबाट विदेशी मुलुकमा मालवस्तु पठाउने काम सम्झनु पर्छ ।

(ठ) **"प्रज्ञापनपत्र"** भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तुको विवरण घोषणा गर्ने फाराम सम्झनु पर्छ ।

(ड) **"पैठारी"** भन्नाले विदेशी मुलुकबाट नेपालभित्र मालवस्तु ल्याउने काम सम्झनु पर्छ ।

(ढ) **"बण्डेड वेयर हाउस"** भन्नाले विदेशमा निकासी गरिने वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थ वा सहायक कच्चापदार्थ वा करमुक्त पसलमा बिक्री गरिने मालवस्तु बैङ्क

जमानत सुविधामा पैठारी गरी राख्न विभागबाट इजाजत प्राप्त गोदाम सम्झनु पर्छ ।

(ण) **"बैङ्क"** भन्नाले प्रचलित कानूनबमोजिम बैकिङ्ग कारोवार गर्न इजाजत प्राप्त बाणिज्य बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ ।

(त) **"बैंङ्क जमानत"** भन्नाले कुनै निकासीकर्ता वा पैठारीकर्ताले मालवस्तु निकासी वा पैठारी गर्दा बुझाउनु पर्ने महसुल निजले नबुझाएमा आफूले तिरिदिने गरी बैङ्कले भन्सार कार्यालयलाई दिने जमानत सम्झनु पर्छ ।

(थ) **"बैंङ्क जमानत सुविधा"** भन्नाले कुनै निकासीकर्ता वा पैठारीकर्तालाई बैङ्क जमानतको आधारमा मालवस्तु निकासी वा पैठारी गर्न पाउने गरी प्रदान गरिएको सुविधा सम्झनु पर्छ ।

(द) **"भन्सार अधिकृत"** भन्नाले प्रमुख भन्सार प्रशासक, प्रमुख भन्सार अधिकृत वा भन्सार अधिकृत सम्झनु पर्छ र सो शब्दले छोटी भन्सार कार्यालयको प्रमुख र दफा ८४ बमोजिम अर्थ मन्त्रालयले तोकेको अधिकारी समेतलाई जनाउँछ ।

(ध) **"भन्सार एजेन्ट"** भन्नाले दफा ५१ बमोजिम इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(न) **"भन्सार कार्यालय"** भन्नाले नेपाल सरकारले दफा ४ बमोजिम स्थापना गरेको भन्सार कार्यालय सम्झनु पर्छ र सो शब्दले त्यस्तो भन्सार कार्यालय परिसर र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य क्षेत्र समेतलाई जनाउँछ ।

(प) **"भन्सार गोदाम"** भन्नाले निकासी वा पैठारी गरिने मालवस्तु राख्नको लागि भन्सार कार्यालयमा बनाइएको घर, भवन, छाप्रो वा अन्य यस्तै संरचना वा कुनै स्थान सम्झनु पर्छ ।

(फ) **"भन्सार महसुल"** भन्नाले निकासी वा पैठारी गरिने मालवस्तुमा कानूनबमोजिम लाग्ने भन्सार महसुल सम्झनु पर्छ ।

(ब) **"भन्सार मूल्य"** भन्नाले भन्सार महसुल निर्धारण गर्ने प्रयोजनको लागि निकासी वा पैठारी गरिने मालवस्तुको दफा १३ वा १६ बमोजिम निर्धारण गरिएको मूल्य सम्झनु पर्छ ।

(भ) **"भन्सार क्षेत्र"** भन्नाले नेपाल सरकारले दफा ३ बमोजिम तोकिदिएको भन्सार क्षेत्र सम्झनु पर्छ ।

(म) **“महसुल”** भन्नाले निकासी वा पैठारी गरिने मालवस्तुमा कानूनबमोजिम लाग्ने सबै कर, शुल्क र दस्तुर सम्झनु पर्छ र सो शब्दले भन्सार महसुल समेतलाई जनाउँछ ।

(य) **“महसुल सुविधा”** भन्नाले कुनै मालवस्तु महसुल नलिई, जाँच गरी वा नगरी लगतमात्र राखी निकासी वा पैठारी गर्न दिइने सुविधा सम्झनु पर्छ ।

(र) **“महानिर्देशक”** भन्नाले भन्सार विभागको महानिर्देशक सम्झनु पर्छ ।

(ल) **“मालवस्तु”** भन्नाले मुद्रा लगायत जुनसुकै प्रकारको चल वस्तु वा सम्पत्ति सम्झनु पर्छ ।

(व) **“ब्यक्ति”** भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ र सो शब्दले कानूनबमोजिम दर्ता भएको कुनै कम्पनी, संगठित संस्था र फर्म समेतलाई जनाउँछ ।

(श) **“विभाग”** भन्नाले भन्सार विभाग सम्झनु पर्छ ।

(ष) **“विलम्ब शुल्क (डेमरेज)”** भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले भन्सार कार्यालयले सञ्चालन गरेको भन्सार गोदाममा राखेको मालवस्तु तोकिएको म्यादभित्र नउठाएमा नेपाल सरकारलाई तिर्नुपर्ने शुल्क सम्झनु पर्छ ।

(स) **”सवारी साधन”** भन्नाले यात्रा गर्न वा मालवस्तु ओसार पसार गर्न प्रयोग हुने वा भएको जुनसुकै साधन सम्झनु पर्छ ।

परिच्छेद-२
भन्सार क्षेत्र तथा भन्सार कार्यालय सम्बन्धी व्यवस्था

३. **भन्सार क्षेत्र तथा बाटो तोक्न सक्ने**: (१) भन्सार सम्बन्धी कानूनको प्रशासन गर्ने तथा यस ऐनबमोजिम भन्सार महसुल सङ्कलन गर्ने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालको कुनै क्षेत्रलाई भन्सार क्षेत्रको रूपमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको भन्सार क्षेत्रबाट नेपालभित्र पैठारी हुने वा नेपालबाट निकासी हुने बाटो नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोक्न सक्नेछ ।

(३) नेपालभित्र पैठारी हुने वा नेपालबाट निकासी हुने मालवस्तु उपदफा (२) बमोजिमको बाटोबाटमात्र निकासी वा पैठारी गर्नु पर्नेछ ।

(४) उपदफा (३) को अधीनमा रही कुनै खास प्रकृतिका मालवस्तुहरूलाई कुनै खास भन्सार कार्यालयबाटमात्र निकासी वा पैठारी गर्न सक्ने गरी महानिर्देशकले तोकिदिन सक्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि तोकिएबमोजिमका मालवस्तु वा तोकिएबमोजिमका मूल्यसम्मका मालवस्तु छोटी भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न सक्ने गरी महानिर्देशकले तोक्न सक्नेछ ।

४. **भन्सार कार्यालयको स्थापना**: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै भन्सार क्षेत्रमा भन्सार कार्यालय वा छोटी भन्सार कार्यालय स्थापना गर्न सक्नेछ ।

परिच्छेद-३
भन्सार महसुल सम्बन्धी व्यवस्था

५. **भन्सार महसुल लाग्ने**: यस ऐन वा प्रचलित कानूनबमोजिम भन्सार महसुल छुट भएकोमा बाहेक निकासी वा पैठारी हुने प्रत्येक मालवस्तुमा भन्सार महसुल लाग्नेछ ।

६. **निकासी भएको मालवस्तु पुनः पैठारी गरेमा महसुल लाग्ने**: (१) कसैले नेपालमा उत्पादन वा तयार भई निकासी भएको मालवस्तु पुनः पैठारी गरेमा त्यस्ता मालवस्तुमा विदेशी मुलुकमा उत्पादन वा तयार भएका त्यस्तै प्रकारका वा त्यतिनै मूल्य पर्ने मालवस्तु पैठारी गरे सरह महसुल लाग्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायबमोजिम फिर्ता आएको मालवस्तुमा भन्सार महसुल लाग्ने छैनः-

(क) हुलाक मार्फत पुलिन्दाबाट निकासी भई गएको तर सम्बन्धित व्यक्तिलाई बुझाउन नसकी फिर्ता आएको, वा

(ख) भन्सार कार्यालयबाट जाँचपास भइसकेपछि वा विदेशमा पुगिसकेपछि सम्बन्धित व्यक्तिले लिन अस्वीकार गरी फिर्ता आएको, वा

(ग) दुर्घटना वा प्राकृतिक प्रकोपमा परी गुणस्तर कायम रहन नसकी फिर्ता आएको ।

(३) उपदफा (१) बमोजिम फिर्ता आएको मालवस्तुको कच्चापदार्थ र सहायक कच्चापदार्थ पैठारी गर्दा महसुल नतिरी पैठारी भएको रहेछ भने त्यस्तो मालवस्तुको परिमाणमा लागेको कच्चापदार्थ र सहायक कच्चापदार्थको महसुल समेत असुल गरिनेछ ।

७ **भन्सार कार्यालयमा छाडेका मालवस्तुमा महसुल नलाग्ने:** (१) कुनै पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तु भन्सार कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी भन्सार कार्यालयमै छाड्न निवेदन दिएमा त्यस्तो मालवस्तुमा महसुल लाग्नेछैन ।

(२) उपदफा (१) बमोजिम छाडिएको मालवस्तु नेपाल सरकारले आफै प्रयोग गर्न वा यस ऐनबमोजिम लिलाम बिक्री गर्न सक्नेछ ।

तर त्यस्तो मालवस्तु प्रयोगमा आउन नसक्ने वा लिलाम बिक्री समेत हुन नसक्ने अवस्थाको रहेछ भने त्यस्तो मालवस्तु भन्सार अधिकृतले भन्सार कार्यालयबाट तोकिएबमोजिम हटाउँन वा नष्ट गर्न सक्नेछ र त्यसरी हटाउँन वा नष्ट गर्न लाग्ने खर्च सम्बन्धित पैठारीकर्ताबाटै असुल उपर गरिनेछ ।

८. **महसुल निर्धारणको आधार मितिः** (१) निकासी वा पैठारी हुने मालवस्तुको महसुल सो मालवस्तुको प्रज्ञापनपत्र भन्सार कार्यालयमा दर्ता भएको मितिमा कायम रहेको महसुल दरबमोजिम निर्धारण गरिने छ ।

तर, मालवस्तु भन्सार कार्यालयमा आईपुग्नु अगावै प्रज्ञापनपत्र भन्सार कार्यालयमा दर्ता भएको रहेछ भने त्यस्तो मालवस्तु सो कार्यालयमा आइपुगेको मितिमा कायम रहेको महसुल दरबमोजिम महसुल निर्धारण गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका मालवस्तुको महसुल देहायबमोजिमको आधारमा निर्धारण गरिनेछ :-

(क) कूटनीतिक सुविधा, महसुल सुविधा वा आंशिक वा पूर्ण महसुल छुटमा पैठारी भएका मालवस्तुको हकमा त्यस्तो मालवस्तुको महसुल बुझाउने मितिमा कायम रहेको महसुल दर बमोजिम,

(ख) बैङ्क जमानत सुविधा अन्तर्गत पैठारी भएका मालवस्तुको हकमा त्यस्तो मालवस्तु जाँचपास भएको मितिमा कायम रहेको महसुल दरबमोजिम ।

परिच्छेद-४
भन्सार महसुल सुविधा, छुट तथा अन्य सुविधा सम्बन्धी व्यवस्था

९. **कूटनीतिक सुविधा, महसुल सुविधा र भन्सार महसुल छुटः** (१) नेपाल सरकार पक्ष भएको द्विपक्षीय वा बहुपक्षीय सन्धि वा सम्झौताबमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिनुपर्ने निकाय, पदाधिकारी वा व्यक्तिलाई नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसको आधारमा तोकिएबमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिइनेछ ।

(२) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको व्यक्ति वा निकायले पैठारी गर्ने सोही सूचनामा तोकिएबमोजिमका मालवस्तुमा कूटनीतिक सुविधा वा महसुल सुविधा दिन सक्नेछ ।

(३) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएका मालवस्तुमा पूर्ण वा आंशिक रूपमा भन्सार महसुल छुट दिन सक्नेछ ।

(४) वैदेशिक ऋृण वा अनुदान सहयोगमा संचालन गरिने आयोजनाको लागि त्यस्ता आयोजना वा त्यस्तो आयोजनाको ठेकेदारका नाममा पैठारी हुने मालवस्तुमा नेपाल सरकारले पूर्ण वा आंशिक रूपमा भन्सार महसुल छुट दिन सक्नेछ ।

(५) अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडानमा उपयोग गर्ने इन्धन, हवाइजहाजको इन्जिन, पार्टपुर्जा, यन्त्र उपकरण, उडानमा खपत हुने खाद्य सामग्री, मदिरा, बियर एवं हल्का पेय पदार्थमा नेपाल सरकारले पूर्ण वा आंशिक रूपमा भन्सार महसुल छुट दिन सक्नेछ ।

(६) नेपालको कुनै भागबाट विदेशको बाटो गरी पुनः नेपालभित्र ल्याइने मालवस्तुको सम्बन्धमा महसुल सुविधा दिने व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(७) विदेशबाट नेपालको बाटो गरी पुनः विदेश पठाइने मालवस्तुमा महसुल सुविधा दिने व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०. **बण्डेड वेयर हाउसको सुविधा प्रदान गर्न सक्नेः** बण्डेड वेयर हाउसको सुविधा लिन चाहने व्यक्तिलाई नेपाल सरकारले बण्डेड वेयर हाउसको सुविधा दिन उपयुक्त देखेमा तोकिएबमोजिमको शर्तका अधीनमा रही बण्डेड वेयर हाउस सञ्चालन गर्ने गरी तोकिएबमोजिम सुविधा दिन सक्नेछ ।

११. **बैंक जमानत सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा प्रदान गर्न सक्नेः** (१) नेपाल सरकारले कुनै व्यक्तिलाई कुनै मालवस्तु बैङ्क जमानत सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा तोकिएबमोजिम प्रदान गर्न सक्नेछ ।

(२) कुनै उद्योगले मालवस्तु तयार गरी निकासी गर्ने प्रयोजनको लागि पैठारी गर्ने कच्चापदार्थ वा सहायक कच्चापदार्थ वा करमुक्त पसल सञ्चालनको लागि पैठारी हुने मालवस्तु तोकिएको शर्तबमोजिम बैङ्क जमानत सुविधा अन्तर्गत पैठारी गर्ने सुविधा नेपाल सरकारले तोकिएबमोजिम प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पैठारी गर्ने सुविधा प्रदान गर्दा, सम्बन्धित भन्सार कार्यालयले त्यसरी पैठारी गर्दा लाग्ने महसुलको अतिरिक्त उपदफा (२) बमोजिमको शर्त

उलङ्घन गरेमा निजलाई लाग्नसक्ने अन्य कुनै महसुल, शुल्क वा हुन सक्ने जरिबाना रकम समेतको बैंक जमानत लिनुपर्नेछ ।

१२. **विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले पैठारी तथा निकासी गर्ने मालवस्तुमा नेपाल सरकारले भन्सार महसुल छुट तथा अन्य सुविधा दिने:** (१) विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले पैठारी तथा निकासी गर्ने देहायका मालवस्तुमा नेपाल सरकारले बैङ्क जमानतमा भन्सार महसुल छुट तथा अन्य सुविधा प्रदान गर्नेछः-

(क) निकासी गर्ने तयारी मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामग्री एवं उत्पादनमा प्रयोग हुने अन्य पदार्थ ,

(ख) उद्योगको लागि आवश्यक पर्ने प्लान्ट, मेशिनरी, यन्त्र उपकरण, औजारहरू तथा पार्टपुर्जा र उद्योगको आकार र प्रकृतिको आधारमा तीनवटासम्म सवारी साधन ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "विशेष आर्थिक क्षेत्र" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष आर्थिक क्षेत्र भनी तोकिदिएको क्षेत्रलाई जनाउँछ ।

(२) कुनै पैठारीकर्ताले पैठारी गरेको मालवस्तु विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगलाई तोकिएबमोजिम बिक्री गरेमा निजले त्यस्तो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरेको रहेछ भने भन्सार कार्यालयले निजलाई त्यस्तो भन्सार महसुल तोकिएबमोजिम फिर्ता दिनेछ ।

(३) विशेष आर्थिक क्षेत्रबाहिर रहेको कुनै उद्योगले उत्पादन गरेको तयारी मालवस्तु विशेष आर्थिक क्षेत्रभित्र अवस्थित उद्योगलाई बिक्री गरेमा सो बिक्रीलाई निकासी गरेसरह मानी निकासी गर्दा पाएसरहको भन्सार महसुल तथा अन्य सुविधा प्रदान गरिनेछ ।

(४) विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले भन्सार महसुल छुटमा पैठारी भएका कच्चा पदार्थबाट तयार भएका मालवस्तु सम्बन्धित उद्योगले नेपालमा खपत गर्नेगरी बिक्री गरेमा त्यस्तो मालवस्तुमा प्रयोग भएको कच्चा पदार्थमा लाग्ने महसुल बुझाएपछिमात्र त्यस्तो मालवस्तु विशेष आर्थिक क्षेत्रबाहिर लैजान दिइनेछ ।

(५) विशेष आर्थिक क्षेत्रमा रहेको उद्योगले विशेष आर्थिक क्षेत्रभित्र वा बाहिर कसैलाई महसुल छुटमा आयात गरेको मालवस्तुको स्वामित्व हस्तान्तरण गर्ने सम्बन्धमा

प्रक्रिया तोकी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेशको पालना गर्नु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

परिच्छेद-५
भन्सार मूल्य निर्धारण सम्बन्धी व्यवस्था

१३. **पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्ने आधारः** (१) पैठारी हुने मालवस्तुको भन्सार मूल्य निर्धारण गर्दा विश्व व्यापार संगठनको भन्सार महसुल तथा व्यापार सम्बन्धी सामान्य सम्झौता (जनरल एग्रिमेन्ट अन टेरिफ्स एण्ड ट्रेड) १९९४ को धारा ७ कार्यान्वयन गर्नको लागि सम्पन्न भएको सम्झौतामा उल्लिखित भन्सार मूल्याङ्कन सम्बन्धी नियमहरू, अनुसूची र व्याख्या अवलम्बन गरिनेछ ।

(२) पैठारी गरिने मालवस्तुको भन्सार मूल्य उपदफा (१) को अधीनमा रही त्यस्तो मालवस्तुको कारोवार मूल्यको आधारमा निर्धारण गरिनेछ ।

(३) पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तुको मूल्य प्रमाणित गर्ने विवरण तथा कागजात संलग्न गरी कारोवार मूल्य घोषणा गर्नुपर्नेछ ।

(४) पैठारीकर्ताले उपदफा (३) बमोजिम घोषणा गरेको कारोवार मूल्य उपदफा (१) अनुरूपको भएमा भन्सार अधिकृतले त्यस्तो कारोवार मूल्यको आधारमा मालवस्तुको भन्सार मूल्य निर्धारण गर्नेछ । त्यस्तो कारोवार मूल्यमा भाडा, बीमा तथा अन्य सम्वद्ध खर्च समावेश भएको नदेखिएमा भन्सार अधिकृतले सोका लागि लाग्न सक्ने अनुमानित रकम जोडी कारोवार मूल्य निर्धारण गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अनुमानित रकम कायम गर्ने आधार महानिर्देशकले तोक्न सक्नेछ ।

(६) पैठारीकर्ताले उपदफा (३) बमोजिम घोषणा गरेको मूल्य शङ्कास्पद छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा भन्सार अधिकृतले निजसंग त्यस्तो मूल्य वास्तविक कारोवार मूल्य हो भनी प्रमाणित गर्ने थप कागजात वा प्रमाण लिखित रूपमा माग गर्न सक्नेछ । त्यसरी माग भएका कागजात उपलव्ध गराउने जिम्मेवारी त्यस्तो पैठारीकर्ताको हुनेछ ।

(७) पैठारीकर्ताले उपदफा (३) बमोजिम घोषणा गरेको कारोवार मूल्य वा पेश गरेको बिल, बीजक र कागजातका आधारमा कुनै मालवस्तुको भन्सार मूल्य निर्धारण हुन नसकेमा त्यसको कारण सहितको सूचना भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई दिनु पर्नेछ ।

(८) उपदफा (२) बमोजिम कारोवार मूल्यका आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य त्यस्तो मालवस्तु पैठारी हुनुभन्दा पहिले नेपालमा पैठारी भइसकेको समरूपको मालवस्तु (आइडेण्टिकल गुड्स) को कारोवार मूल्यको आधारमा निर्धारण गरिनेछ ।

<u>**स्पष्टीकरण**</u> यस दफाको प्रयोजनको लागि “समरूपका मालवस्तु (आइडेण्टिकल गुड्स)” भन्नाले बनौट, गुण, प्रकृति र विशेषता लगायत सम्पूर्ण कुरा एकै किसिमको भएको मालवस्तु सम्झनु पर्छ ।

(९) उपदफा (८) बमोजिम समरूपको मालवस्तुको कारोवार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य नेपालमा पहिले पैठारी भएको मिल्दोजुल्दो मालवस्तु (सिमिलर गुड्स) को कारोवार मूल्यको आधारमा निर्धारण गरिनेछ ।

<u>**स्पष्टीकरण**</u>: यस दफाको प्रयोजनको लागि “मिल्दोजुल्दो मालवस्तु (सिमिलर गुड्स)” भन्नाले सबै कुरामा उस्तै नभएका तर उस्तै बनौट सामग्रीको अंश र उस्तै उस्तै विशेषता भएको कारणले गर्दा उस्तै काम गर्न सक्ने र व्यापारिक रूपमा साटफेर हुन सक्ने मालवस्तु सम्झनु पर्छ ।

(१०) उपदफा (९) बमोजिम मिल्दोजुल्दो मालवस्तुको कारोवार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तु अघि नै नेपालमा पैठारी भई बजारमा पैठारीकर्तासंग असम्बन्धित व्यक्तिलाई बिक्री भएको रहेछ भने त्यसरी बिक्री भएको अधिकतम् इकाइको प्रति इकाइ बिक्री मूल्यमा नेपालमा लागेको कर, महसुल, अन्य सम्वद्ध खर्च र मुनाफा कटाई (डिडक्टिभ भ्यालु मेथड अनुसार) त्यस्तो मालवस्तुको भन्सार मूल्य निर्धारण गरिनेछ ।

(११) उपदफा (१०) बमोजिम भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तु उत्पादन वा निर्माण गर्न लागेको खर्च र सो मालवस्तु पैठारीकर्तालाई बिक्री गर्दा विक्रेताले लिएको वा लिन सक्ने मुनाफा समेत गणना गरी (कम्प्युटेड भ्यालु मेथड अनुसार) भन्सार मूल्य निर्धारण गरिनेछ ।

(१२) उपदफा (११) बमोजिम भन्सार मूल्य निर्धारण गर्न नसकिएमा भन्सार अधिकृतले उपदफा (२), (८), (९), (१०) र (११) विपरीत नहुने गरी मनासिव आधारमा त्यस्तो मालवस्तुको भन्सार मूल्य निर्धारण गर्नेछ ।

(१३) उपदफा (१०) र (११) मा जुनसुकै कुरा लेखिएको भएतापनि पैठारीकर्ताले उपदफा (१०) भन्दा पहिले उपदफा (११) को प्रक्रिया अवलम्बन गरी भन्सार मूल्य

निर्धारण गरिदिनका लागि अनुरोध गरेमा भन्सार अधिकृतले उपदफा (११) बमोजिम भन्सार मूल्य निर्धारण गर्न सक्नेछ ।

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यक्तिगत प्रयोजनको लागि गुण्टा, झिटी, भारी आदेश अन्तर्गत पैठारी भएको मालवस्तु वा बिदेशी मुलुकबाट उपहार वा नमूना स्वरूप प्राप्त गरी पैठारी भएको मालवस्तुको कारोवार मूल्य खुलाउन नसक्ने कारण जनाई सो मालवस्तुका धनीले मूल्याङ्कन गरिदिन निवेदन दिएमा र सो व्यहोरा भन्सार अधिकृतलाई उपयुक्त लागेमा निजले त्यस्तो मालवस्तुको मनासिव भन्सार मूल्य निर्धारण गर्न सक्नेछ ।

(१५) पैठारीकर्ताले उपदफा (३) बमोजिम घोषणा गरेको मूल्य यस दफाबमोजिम भन्सार अधिकृतले निर्धारण गरेको भन्सार मूल्यभन्दा घटी भएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुका सम्बन्धमा देहायबमोजिम गर्न सक्नेछः-

(क) त्यसरी घटी भएको जति मूल्यमा पचास प्रतिशत थप भन्सार महसुल असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्ने, वा

(ख) महानिर्देशकको पूर्व स्वीकृति लिई, त्यसरी घोषित मूल्यमा पाँच प्रतिशत रकम थप गर्दा हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिने गरी त्यस्तो मालवस्तु खरीद गर्ने गराउने ।

(१६) यस दफाबमोजिम मालवस्तुको भन्सार मूल्य कायम गर्दा सामान्यतः विदेशी मुद्रामा गरिने छ । पैठारीको अवस्थामा महसुल बुझाउनु पर्ने मालवस्तुको मूल्याङ्कन विदेशी मुद्रामा भएकोमा सोको नेपाली रूपैयाँमा परिवर्तन गर्दा मालवस्तु जाँचपास हुँदाका दिन नेपाल राष्ट्र बैङ्कबाट तोकिएको विदेशी मुद्राको बिक्रीदरको आधारमा गरिनेछ । नेपाल राष्ट्र बैङ्कबाट विनिमय दर नतोकिएको विदेशी मुद्राको हकमा सो विदेशी मुद्रालाई अमेरिकी डलरमा परिवर्तन गर्दा हुने अमेरिकी डलरको बिक्री दरको आधारमा गरिनेछ ।

तर कूटनीतिक सुविधा, महसुल सुविधा वा पूर्ण वा आंशिक महसुल छुटमा पहिले पैठारी भई पछि महसुल बुझाउने मालवस्तुको भन्सार मूल्यलाई नेपाली रूपैयाँमा परिवर्तन गर्दा बाँकी महसुल बुझाउने दिनमा नेपाल राष्ट्र बैङ्कबाट तोकिएको विदेशी मुद्राको बिक्रीदरको आधारमा गरिनेछ ।

१४. **अस्थायी रूपमा भन्सार मूल्य निर्धारण गर्न सक्ने** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा भन्सार अधिकृतले पैठारी भएको मालवस्तुको मनासिव अस्थायी भन्सार मूल्य दफा १३ को अधीनमा रही निर्धारण गर्न सक्नेछ :-

(क) पैठारीकर्ताले मनासिव कारण देखाई मालवस्तुको मूल्याङ्कनको लागि आवश्यक पर्ने कागजात तथा अन्य जानकारी तत्काल उपलब्ध गराउन नसक्ने व्यहोराको निवेदन दिएमा,

(ख) मालवस्तुको प्रयोगशाला परीक्षण वा अन्य जाँच गरेपछिमात्र भन्सार मूल्य निर्धारण गर्नुपर्ने वा गर्न सकिने भएमा वा पैठारीकर्ताले उपलब्ध गराएको कागजात र जानकारीका सम्बन्धमा थप जाँचबुझ गर्नुपर्ने देखिएमा ।

(२) उपदफा (१) बमोजिम अस्थायी भन्सार मूल्य निर्धारण भएपछि पैठारीकर्ताले त्यस्तो मालवस्तुमा लाग्ने महसुल धरौटीमा राखी मालवस्तु छुटाउन चाहेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जाँचपास गरिदिनेछ ।

(३) उपदफा (१) बमोजिम अस्थायी मूल्य निर्धारण भएको मितिले तीस दिनभित्र भन्सार अधिकृतले सो मालवस्तुको भन्सार मूल्य दफा १३ बमोजिम निर्धारण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्धारण भएको भन्सार मूल्य उपदफा (१) बमोजिम निर्धारण भएको अस्थायी भन्सार मूल्यभन्दा बढी भएमा भन्सार कार्यालयले त्यसरी बढी भएजति मूल्यमा लाग्ने महसुल त्यस्तो पैठारीकर्ताबाट असुल उपर गर्नुपर्नेछ र घटी भएमा बढी असुल भएको महसुल निजलाई फिर्ता दिनु पर्नेछ ।

१५. भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको अनुमानित रकम कायम गरिदिन सक्नेः (१) कुनै पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा लागेको भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको कागजात आफ्नो काबु वाहिरको परिस्थिति परी तत्काल पेश गर्न नसक्ने भएमा सोको कारण खुलाई त्यस्तो भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको अनुमानित रकम कायम गरिदिनका लागि भन्सार अधिकृतसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको कारोवार मूल्यमा समावेश हुन सक्ने भाडा, बीमा वा अन्य सम्बद्ध खर्चबापतको अनुमानित रकम कायम गरिदिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम भाडा, बीमा वा अन्य सम्बद्ध खर्चको अनुमानित रकम कायम भएको मितिले नब्बे दिनभित्र सम्बन्धित पैठारीकर्ताले सो मालवस्तुको वास्तविक भाडा, बीमा तथा अन्य सम्बद्ध खर्च सम्बन्धी कागजात प्रमाण पेश गर्नुपर्नेछ । त्यसरी पेश गरेको कागजात प्रमाणमा उल्लेख भएको रकम उपदफा (२) बमोजिम कायम भएको अनुमानित रकमभन्दा बढी भएमा त्यस्तो बढी रकममा लाग्ने महसुल निजले बुझाउनु पर्नेछ र घटी भएमा लाग्ने महसुल कटाई बाँकी रकम भन्सार कार्यालयले निजलाई फिर्ता गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र सम्बन्धित पैठारीकर्ताले प्रमाण कागजात पेश नगरेमा वा अन्यथा प्रमाणित नभएमा भन्सार अधिकृतबाट उपदफा (२) बमोजिम कायम भएको अनुमानित रकमलाई नै त्यस्तो भाडा, बीमा र अन्य सम्बद्ध खर्चको अन्तिम रकम मानिनेछ ।

१६. **निकासी गरिने मालवस्तुको भन्सार मूल्य निर्धारणः** (१) निकासीकर्ताले घोषणा गरेको बीजक मूल्य नै निकासी गरिने मालवस्तुको भन्सार मूल्य हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले आवश्यक ठानेमा निकासी हुने कुनै खास प्रकृतिका मालवस्तुको छुट्टै भन्सार मूल्य नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गर्न सक्नेछ । त्यसरी छुट्टै भन्सार मूल्य निर्धारण भएकोमा निकासीकर्ताले घोषणा गरेको बीजक मूल्य र नेपाल सरकारले त्यसरी निर्धारण गरेको भन्सार मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्यलाई त्यस्तो मालवस्तुको भन्सार मूल्य मानिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमको भन्सार मूल्य फ्री अन बोर्ड (एफ.ओ.बी.) मूल्य हुनेछ ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "एफ.ओ.बी. मूल्य" भन्नाले निकासी गरिने मालवस्तुको कारखाना मूल्य र त्यस्तो मालवस्तु नेपालको सम्बन्धित भन्सार कार्यालयसम्म ल्याउँदा लाग्ने लागतसमेत जोडिएको मूल्य सम्झनु पर्छ ।

(४) यस दफाबमोजिम मालवस्तुको मूल्य कायम गर्दा विदेशी मुद्रामा गरिनेछ । त्यस्तो विदेशी मुद्रालाई नेपाली रूपैयाँमा परिवर्तन गर्दा मालवस्तु जाँचपास हुने दिनमा नेपाल राष्ट्र बैङ्कबाट तोकिएको विदेशी मुद्राको खरिद दरको आधारमा गरिनेछ ।

परिच्छेद-६
प्रज्ञापनपत्र, जाँच तथा जाँचपास सम्बन्धी व्यवस्था

१७. **विवरण पेश गर्नुपर्नेः** निकासी वा पैठारी हुने मालवस्तु ढुवानी गर्ने सवारी साधनको चालकले त्यस्तो सवारी साधन भन्सार कार्यालयमा प्रवेश गर्नुअघि सो साधनमा रहेको मालवस्तुको तोकिएबमोजिमको विवरण भन्सार कार्यालयमा दिनुपर्नेछ ।

१८. **प्रज्ञापनपत्र भरी पेश गर्नुपर्नेः** (१) मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले तोकिएबमोजिमको कागजात संलग्न गरी प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृतसमक्ष पेश गर्नु पर्नेछ ।

तर, नेपालबाट वाहिर जाने र विदेशी मुलुकबाट नेपालभित्र आउने यात्रुको साथमा रहेको गुण्टा, भिटी भारीमा रहेका मालवस्तुमध्ये नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भन्सार महसुल नलाग्ने भनी तोकेको मालवस्तुको प्रज्ञापनपत्र भर्न आवश्यक हुनेछैन ।

(२) काबूबाहिरको परिस्थिति परी वा अन्य कुनै मनासिव कारणले उपदफा (१) बमोजिमको कुनै कागजात प्रज्ञापनपत्रसाथ पेश गर्न नसकिने भएमा त्यस्तो परिस्थिति वा कारण खुलाई त्यस्तो कागजात पछि पेश गर्ने अनुमतिको लागि सम्बन्धित व्यक्तिले भन्सार अधिकृतसमक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको निवेदन जाँचवुझ गर्दा त्यस्तो परिस्थिति वा कारण मनासिव देखिएमा सम्बन्धित भन्सार अधिकृतले त्यस्तो कागजात पेश गर्ने अवधि तोकिदिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम कागजात पेश गर्ने अवधि तोक्दा भन्सार अधिकृतले कुनै शर्त तोक्न वा सुरक्षणबापत मनासिव धरौटी माग गर्न सक्नेछ ।

१९. **प्रज्ञापनपत्र जाँच गर्ने** : (१) दफा १८ बमोजिम प्रज्ञापनपत्र पेश भएपछि सम्बन्धित भन्सार अधिकृतले सो प्रज्ञापनपत्रमा घोषित मालवस्तु कानूनबमोजिम पैठारी वा निकासी गर्न पाइने मालवस्तु हो वा होइन भन्ने सम्बन्धमा जाँच गर्नुपर्नेछ । त्यसरी जाँच गर्दा भन्सार अधिकृतले आवश्यकता अनुसार सम्बन्धित मालवस्तुको भौतिक जाँच गर्न वा गर्न लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा त्यस्तो मालवस्तु निकासी वा पैठारी गर्न नपाइने वा प्रतिवन्धित भएको पाइएमा प्रचलित कानूनबमोजिम अनुसन्धान वा कारवाईका लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष पठाउनु पर्नेछ ।

२०. **मालवस्तुको जाँच गर्ने** : (१) दफा १९ बमोजिमको जाँच गर्दा सम्बन्धित मालवस्तु निकासी वा पैठारी गर्न पाइने देखिएमा भन्सार अधिकृतले परिच्छेद-७ बमोजिम त्यस्तो मालवस्तु जाँच गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि छनौट प्रणाली अनुसार त्यस्तो मालवस्तु जाँच गर्न नपर्ने देखिएमा भन्सार अधिकृतले सम्बद्ध कागजातमात्र जाँच गर्न सक्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "छनौट प्रणाली" भन्नाले राजस्व, व्यापार, मालवस्तु वा अन्य क्रियाकलापको जोखिमलाई विचार गरी कुनै मालवस्तु जाँच गरी वा

नगरी वा कागजातमात्र जाँच गरी मालवस्तु जाँचपास गर्न सकिने गरी विभागले निर्धारण गरेको प्रणाली सम्झनु पर्छ ।

२१. **मूल्याङ्कन गर्नुपर्ने**: दफा २० बमोजिम मालवस्तु वा कागजात जाँच गरेपछि भन्सार अधिकृतले पैठारी हुने मालवस्तुको भन्सार मूल्य दफा १३ बमोजिम र निकासी हुने मालवस्तुको भन्सार मूल्य दफा १६ बमोजिम निर्धारण गर्नेछ ।

२२ **महसुल निर्धारण गर्ने** : दफा २१ बमोजिम भन्सार मूल्य निर्धारण भएपछि भन्सार अधिकृतले सो मालवस्तुमा लाग्ने महसुल निर्धारण गर्नेछ ।

२३. **मालवस्तु जाँचपास गर्ने**: महसुल बुझाउन नपर्ने गरी प्रचलित कानूनबमोजिम छुट वा सुविधा दिइएकोमा बाहेक दफा २२ बमोजिम निर्धारण भएको महसुल लिएरमात्र भन्सार अधिकृतले मालवस्तु जाँचपास गर्नेछ ।

२४ **मालवस्तु भन्सार कार्यालयमा आइपुग्नुअघि महसुल निर्धारण गर्न सकिने**: (१) कुनै पैठारीकर्ताले पैठारी गर्ने मालवस्तु सम्बन्धित भन्सार कार्यालयमा आइपुग्नुअघि सो मालवस्तुमा लाग्ने महसुल बुझाउन चाहेमा सोको लागि सो मालवस्तु सम्बन्धी दफा १८ बमोजिमको कागजात संलग्न गरी प्रज्ञापनपत्र भरी भन्सार अधिकृतसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गर्दा त्यसरी महसुल लिन मनासिव देखिएमा भन्सार अधिकृतले दफा २२ बमोजिम महसुल निर्धारण गरिदिन सक्नेछ । त्यसरी निर्धारण भएको महसुल पैठारीकर्ताले भन्सार कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्धारण भएको महसुल दर वा परिवर्त्य विदेशी मुद्राको विनिमय दर महसुल बुझाएको दिन र मालवस्तु जाँचपास हुँदाको दिनमा फरक पर्न गएमा मालवस्तु जाँचपास हुँदाको दिन कायम रहेको दर लागू हुनेछ ।

(४) जुन मालवस्तुका सम्बन्धमा उपदफा (२) बमोजिम महसुल बुझाई सकिएको हो सो मालवस्तु भन्सार कार्यालयमा आइपुगेपछि सो कार्यालयले त्यस्तो मालवस्तुको आवश्यक प्रक्रिया प्राथमिकतासाथ पूरा गरी त्यस्तो मालवस्तु जाँचपास गरिदिनु पर्नेछ ।

२५. **निकासी वा पैठारी गर्न सकिने** : (१) निकासी वा पैठारी गरिने मालवस्तुको निकासीकर्ता वा पैठारीकर्ता वा निजको भन्सार एजेन्टले दफा २३ बमोजिम महसुल बुझाएको प्रज्ञापनपत्र वा रसिद प्राप्त गरेपछि र दफा १८ को उपदफा (१) को प्रतिबन्धात्मक

वाक्याँशमा उल्लिखित मालवस्तुको हकमा भन्सार अधिकृतले जाँच गरी वा गराई लैजाने अनुमति दिएपछिमात्र त्यस्तो मालवस्तु निकासी वा पैठारी गर्न सक्नेछ ।

(२) कसैले विद्युतीय माध्यमबाट सफ्टवेयर निकासी गरेकोमा निकासी सम्बन्धी सम्झौता, बीजक र सम्बन्धित पैठारीकर्ताबाट भुक्तानी प्राप्त भएको प्रमाण समेतको आधारमा नेपाल राष्ट्र बैङ्कले प्रमाणित गरेपछिमात्र त्यस्तो सफ्टवेयर निकासी भएको मानिनेछ ।

२६. **निस्सा, प्रमाण वा रसिद माग गर्न सक्ने**: (१) कुनै व्यक्तिले कुनै मालवस्तु पैठारी गरी ल्याएको हो वा निकासी गर्न लागेको हो र भन्सार महसुल तिरेको छैन भनी विश्वास गर्नुपर्ने मनासिव कारण भएमा वा भन्सार महसुल नतिरेको थाहा पाएमा भन्सार कार्यालयको कुनै कर्मचारीले त्यस्तो व्यक्तिबाट सो मालवस्तुको भन्सार महसुल तिरेको प्रमाण वा भन्सार महसुल नलाग्ने भए सोही व्यहोराको निस्सा माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको प्रमाण वा निस्सा त्यस्तो व्यक्तिले त्यस्तो कर्मचारीलाई देखाउनु पर्नेछ । निजले त्यस्तो प्रमाण वा निस्सा पेश गर्न नसकेमा वा पेश गरेको निस्सामा लेखिएबमोजिमको मालवस्तु नभई फरक मालवस्तु देखिन आएमा त्यस्तो कर्मचारीले त्यस्तो मालवस्तु र व्यक्ति भन्सार अधिकृतसमक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएपछि भन्सार अधिकृतले त्यस्तो मालवस्तु रोक्का गर्न आदेश दिन सक्नेछ र पेश भएको व्यक्तिलाई चोरी निकासी वा पैठारीको कसूरमा कारबाई चलाउनेछ ।

२७. **प्रज्ञापनपत्रको ढाँचा** : प्रज्ञापनपत्रको ढाँचा तोकिएबमोजिम हुनेछ ।

परिच्छेद -७
मालवस्तुको जाँच सम्बन्धी व्यवस्था

२८ **भारी वा पोका खोल्न र जाँच्न सक्ने**: (१) भन्सार अधिकृतले निकासी वा पैठारी हुने जुनसुकै मालवस्तुको भारी वा पोका एक एक गरी वा बीच बीचमा छड्के गरी वा केही प्रतिशतमात्र खोल्न र जाँच्न वा आफू मातहतका कुनै कर्मचारीलाई त्यसरी खोल्न र जाँच्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा जीवित जनावर, छिटो नाश हुन सक्ने वस्तुहरू र भन्सार अधिकृतले आवश्यक ठानेका अन्य मालवस्तु पहिले जाँच गर्नुपर्नेछ ।

(३) भन्सार अधिकृत वा निज मातहतको कर्मचारीले मालवस्तुको भारी वा पोका उपदफा (१) बमोजिम खोले जाँचेकोमा त्यसरी जाँचेको तरिका र अदतको स्पष्ट विवरण प्रज्ञापनपत्रमा उल्लेख गर्नुपर्नेछ ।

(४) यस दफाबमोजिम जाँच भएको वा नभएको भारी वा पोकाका सम्बन्धमा शङ्का लागेमा वा सो सम्बन्धमा कुनै सूचना प्राप्त भएमा भन्सार अधिकृतले त्यस्तो भारी वा पोका जाँच नै नभएको भए जाँचबुझ गराउन वा जाँच भईसकेको भए पुनः जाँचबुझ गर्न आफू मातहतका कर्मचारीलाई आदेश दिन सक्नेछ ।

(५) निकासीकर्ता वा पैठारीकर्ताले आफ्नो उपस्थितिमा मालवस्तु जाँच गराउन चाहेमा सोको जानकारी लिखित रूपमा भन्सार अधिकृतलाई दिनुपर्नेछ । त्यसरी जानकारी दिएकोमा भन्सार अधिकृतले त्यस्तो निकासीकर्ता वा पैठारीकर्ताको उपस्थितिमा मालवस्तुको जाँच गर्न वा गराउन सक्नेछ ।

तर भन्सार अधिकृतले तोकेको समयमा निज उपस्थित नभएमा निजको अनुपस्थितिमा नै मालवस्तुको जाँच गर्न वाधा पर्नेछैन ।

(६) भन्सार अधिकृतले यस दफाबमोजिम मालवस्तु जाँच गर्दा वा गराउँदा पैठारीकर्ताले गरेको घोषणाका आधारमा लाग्ने महसुल असुल गरेरमात्र मालवस्तुको जाँच गर्न वा गराउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम जाँच गर्दा निकासीकर्ता वा पैठारीकर्ता वा निजको एजेन्टले गरेको घोषणा वा प्रज्ञापनपत्रसाथ संलग्न गरेको कागजातमा उल्लिखित विवरणबमोजिमको मालवस्तु नभई फरक परेमा त्यस्तो मालवस्तुको जाँच गर्नुअगाडि नै महसुल असुल भएको रहेछ भने पैठारीकर्ताले त्यस्तो महसुल फिर्ता वा लाग्ने महसुलमा मिलान गर्न पाउने छैन ।

(८) एकपटक जाँचपास भएको मालवस्तु निकासीकर्ता वा पैठारीकर्ताले भन्सार क्षेत्रबाट उठाई लैजानुअघि वा भन्सार क्षेत्रबाहिर लगिसकेपछि महानिर्देशकले खटाएको कुनै अधिकृत कर्मचारी वा सम्बन्धित भन्सार कार्यालयको भन्सार अधिकृतले पुनः पूरा वा आंशिक रूपमा जाँच गर्न वा गराउन सक्नेछ । त्यसरी जाँच गर्दा सोको कारणका बारेमा महानिर्देशक वा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई जानकारी दिनुपर्नेछ ।

२९. **जाँच गरेसरह हुने** : दफा २८ बमोजिम भारी वा पोका जाँच गर्दा सो भारी वा पोकामा पेश भएको बिल बीजक, अन्य कागजात वा विवरणबमोजिम मालवस्तु भएमा जाँच नगरिएका अन्य भारी वा पोकाभित्रका मालवस्तु पनि जाँच गरेको मानिनेछ ।

३०. **मालवस्तुको विशेष परीक्षण गर्न सकिने**: (१) कुनै मालवस्तु स्वास्थ्य वा वातावरणको दृष्टिकोणले विशेष रूपमा परीक्षण गर्नुपर्ने देखिएमा भन्सार अधिकृतले सम्बन्धित निकाय वा प्रयोगशालाबाट त्यस्तो मालवस्तुको परीक्षण गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि भन्सार अधिकृतले त्यस्तो मालवस्तुको नमूना भारी वा पोकाबाट झिकी सम्बन्धित निकाय वा प्रयोगशालामा पठाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम परीक्षणको लागि पठाइएको मालवस्तु सम्बन्धित निकाय वा प्रयोगशालाले यथाशीघ्र परीक्षण गरी सोको नतिजा यथाशीघ्र भन्सार कार्यालयमा पठाइ दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम परीक्षण गर्दा सो मालवस्तुले स्वास्थ्य वा वातावरणलाई हानि पुऱ्याउने वा प्रतिकूल असर पार्ने देखिएमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई त्यस्तो मालवस्तु विदेशी मुलुकको सम्बन्धित निकासीकर्तालाई तोकिएबमोजिम फिर्ता पठाउने आदेश दिनेछ।

तर भन्सार अधिकृतले त्यसरी आदेश दिनुअघि निज पैठारीकर्ताबाट त्यस्तो मालवस्तुको लागि भुक्तानी गरेको बिदेशी मुद्रा फिर्ता ल्याएको प्रमाण पेश गर्न लगाउन वा त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याउने कबुलियतनामा पेश गर्न लगाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम दिइएको आदेशबमोजिम सम्बन्धित पैठारीकर्ताले त्यस्तो मालवस्तु फिर्ता नपठाएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी तोकिएबमोजिम सडाउन वा नष्ट गर्न सक्नेछ र त्यसरी सडाउन वा नष्ट गर्न लाग्ने वा लागेको खर्च सम्बन्धित पैठारीकर्ताबाट असुल गर्नेछ।

३१. **सम्बन्धित स्थानमा गई मालवस्तु जाँच गर्न सकिने**: (१) कुनै निकासीकर्ताले आफूले निकासी गर्ने मालवस्तु त्यस्तो मालवस्तुको उत्पादनस्थल वा गोदाममा गई जाँच गरिदिन भन्सार अधिकृतसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार मालवस्तु जाँच गर्न मनासिव देखिएमा भन्सार अधिकृतले तोकिएबमोजिमको शुल्क लिई त्यस्तो उत्पादनस्थल वा गोदाममा आफै गई वा आफू मातहतका कर्मचारीलाई पठाई मालवस्तु जाँच गर्न वा गराउन सक्नेछ।

(३) कुनै पैठारीकर्ताले आफूले पैठारी गरी ल्याएको मालवस्तु भन्सार क्षेत्रभन्दा बाहिर जाँच गरिदिन तोकिएको कागजात संलग्न गरी प्रज्ञापनपत्र भरी भन्सार अधिकृतसमक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन जाँचवुझ गर्दा त्यसरी जाँच गर्न मनासिव देखिएमा महानिर्देशकको पूर्व स्वीकृति लिई भन्सार अधिकृतले तोकिएको शुल्क असुल गरी भन्सार क्षेत्रभन्दा वाहिर आफै गई वा आफू मातहतका कर्मचारीलाई पठाई मालवस्तुको जाँच गर्न वा गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम मालवस्तु जाँच गर्नुअघि भन्सार अधिकृतले पैठारीकर्ताले घोषणा गरेको भन्सार मूल्य अनुसार सो मालवस्तुमा लाग्ने महसुलमा पचास प्रतिशत महसुल थप गरी हुन आउने रकम धरौटी लिनुपर्नेछ । भन्सार कार्यालयले त्यस्तो धरौटी रकम सो मालवस्तुमा लाग्ने भन्सार महसुलभन्दा बढी भएमा त्यसरी बढी भएजति रकम पैठारीकर्तालाई फिर्ता दिनुपर्नेछ र कम भएमा त्यस्तो कम रकम पैठारीकर्ताबाट असुल गर्नुपर्नेछ ।

३२. <u>ढुवानी गर्ने साधनमा सिलवन्दी गर्न सकिने</u>: भन्सार कार्यालयबाट मालवस्तु जाँचपास भएपछि त्यस्तो मालवस्तु जुन साधनबाट ढुवानी गरिने हो सोही साधनमा राखी त्यस्तो साधनमा भन्सार कार्यालयले सीलछाप लगाउन सक्नेछ ।

३३. <u>स्वीकृति नलिई खोल्न, हेर्न र जाँच्न नपाउने</u>: भन्सार कार्यालयबाट जाँचपास भएका मालवस्तु र त्यस्तो मालवस्तु ढुवानी गरिरहेको साधन राजस्व चुहावट सम्बन्धी प्रचलित कानूनबमोजिम अनुसन्धान गर्न अधिकारप्राप्त अधिकारी बाहेक अर्थ मन्त्रालय वा महानिर्देशकको पूर्व स्वीकृति नलिई अन्य निकायले खोल्न हेर्न र जाँच्न पाउनेछैन ।

परिच्छेद-८

<u>जाँचपास पछिको परीक्षण, खानतलासी तथा पक्राउ सम्बन्धी व्यवस्था</u>

३४. <u>जाँचपासपछि परीक्षण गर्न सकिने</u>: (१) भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तु पैठारीकर्ताले घोषणा गरेबमोजिमको मालवस्तु हो वा होइन वा पैठारीकर्ताले गरेको घोषणा अनुरूप भए वा नभएको यकिन गर्न महानिर्देशक वा भन्सार अधिकृतले कुनै पैठारीकर्ताको मालवस्तु खरिद, पैठारी वा बिक्री सम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैङ्क अभिलेख, कम्प्यूटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षण गर्दा पैठारीकर्ताले पैठारी गरेका मालवस्तु निजले घोषणा गरेकोभन्दा भिन्न मालवस्तु पाइएमा वा निजले गरेको घोषणा अनुरूप नभएको देखिएमा वा कारोवार मूल्य वा मालवस्तुको परिमाण घटी घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा भन्सार अधिकृतले त्यसरी घटी भएको मूल्य वा परिमाणमा पैठारी हुँदाका बखत लाग्ने महसुल निजबाट तत्काल

असुल गरी घटी कारोवार मूल्य वा परिमाण घोषणा गरेबापत निजलाई यस ऐनबमोजिम कारबाई गर्नेछ ।

(३) उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको वर्गीकरणको उपशीर्षक फरक परेको कारणले कम महसुल असुल भएको देखिएमा त्यस्तो कम महसुल रकम सम्बन्धित भन्सार कार्यालयले पैठारीकर्ताबाट तत्काल असुल गर्नेछ ।

(४) यस दफाबमोजिमको परीक्षण मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म गर्न सकिनेछ ।

३५ **मालवस्तु तथा व्यक्ति भन्सार अधिकृतसमक्ष पेश गर्नुपर्ने**: कुनै व्यक्तिले दफा ३ बमोजिम तोकिएको बाटोबाट नलगी वा चोरी, छली मालवस्तु निकासी वा पैठारी गरेको वा गर्न लागेको भन्सार कार्यालयको कर्मचारीले वा महानिर्देशकले खटाएको कुनै अधिकारीले फेला पारेमा निजले त्यस्तो मालवस्तु र सो मालवस्तु लिई जाने व्यक्ति तथा सवारी साधन पक्राउ गरी भन्सार अधिकृतसमक्ष पेश गर्नु पर्नेछ । त्यसरी पेश हुन आएको मालवस्तु, व्यक्ति र सवारी साधनउपर भन्सार अधिकृतले चोरी निकासी वा चोरी पैठारीको कसूरमा कारबाई चलाउनेछ ।

३६. **शङ्का लागेमा वा आधार भएमा तलासी गर्ने** कसैले भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी वा चोरी पैठारी गरी ल्याएको छ वा चोरी निकासी गरी लिई जान लागेको छ वा प्रतिबन्धित मालवस्तु निकासी वा पैठारी गरेको छ वा गर्न लागेको छ भनी विश्वास गर्नुपर्ने मनासिव आधार वा कारण भएमा वा शङ्का लागेमा भन्सार कार्यालयको जुनसुकै कर्मचारीले त्यस्तो व्यक्ति वा जुनसुकै साधनलाई रोक्का गर्न र त्यस्तो व्यक्ति वा त्यस्तो सवारी साधनको तलासी लिन सक्नेछ ।

३७. **तलासी लिइने व्यक्तिले तलासी हुनुभन्दा अगाडि आफूलाई भन्सार अधिकृत छेउ पेश गराउन माग गर्न सक्ने**: (१) भन्सार अधिकृत वा सो प्रयोजनको लागि तोकिएको कर्मचारीबाहेक अरू कुनै कर्मचारीले दफा ३६ बमोजिमको तलासी लिन चाहेकोमा सम्बन्धित व्यक्तिले त्यस्तो तलासी लिनुभन्दा अगाडि आफूलाई भन्सार अधिकृतसमक्ष पेश गराउन माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भन्सार अधिकृतसमक्ष पेश गराउन माग भएकोमा सम्बन्धित भन्सार कार्यालयका कर्मचारीले कुनै ढिला सुस्ती नगरी निजलाई भन्सार अधिकृतसमक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश गरिएको व्यक्तिको तलासी लिनु पर्ने मनासिव आधार देखेमा भन्सार अधिकृतले निजको तलासी आफै लिन वा आफू मातहतका कर्मचारीलाई लिन लगाउनेछ र त्यस्तो आधार नदेखेमा निजलाई तुरून्त छोडिदिनेछ ।

३८. **चोरी पैठारी वा चोरी निकासी गरेको मानिने**: दफा ३६ वा ३९ बमोजिम तलासी लिंदा भन्सार महसुल लाग्ने वा यस ऐनबमोजिम घोषणा गरी पैठारी वा निकासी गर्नुपर्ने मालवस्तु बरामद भएकोमा भन्सार अधिकृतले तलासी लिएको व्यक्तिलाई सो मालवस्तुको प्रज्ञापनपत्र र भन्सार महसुल लाग्ने मालवस्तु भए महसुल तिरेको निस्सा पेश गर्न आदेश दिनेछ । निजले त्यस्तो प्रज्ञापनपत्र वा निस्सा पेश गर्न नसकेमा चोरी पैठारी वा चोरी निकासी गरेको मानिनेछ ।

३९. **घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिने** : (१) कसैले भन्सार महसुल छली वा चोरी पैठारी गरी ल्याएको मालवस्तु कुनै घर, भवन, गोदाम वा अन्य कुनै पनि ठाउँमा लुकाएको वा राखेको छ भन्ने विश्वास वा शङ्का गर्नुपर्ने मनासिव कारण भएमा महानिर्देशकले वा सम्बन्धित भन्सार अधिकृतले कारण सहितको निर्णय गरी त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिन वा लिन लगाउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश पाउने कर्मचारीले त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिनुअघि सो घर, भवन, गोदाम वा ठाउँको धनी वा सो घर, भवन, गोदाम वा ठाउँमा तत्काल वसोवास गरिरहेका ब्यक्तिलाई त्यसरी खानतलासी लिनुपरेको कारण समेत खोली सूचना दिनुपर्नेछ । त्यस्तो धनी वा ब्यक्तिले त्यस्तो सूचना बुझ्न नमानेमा सो सूचनाको एक प्रति त्यस्तो घर, भवन, गोदाम वा ठाउँको सबैले देख्ने स्थानमा टांसी दिनुपर्नेछ र त्यसरी सूचना टाँस भएपछि सम्बन्धित धनी वा ब्यक्तिले खानतलासीको सूचना रीतपूर्वक पाएको मानिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित धनी वा व्यक्तिलाई सूचना दिएपछि निजले खानतलासी लिन खटिएका कर्मचारीलाई त्यस्तो घर, भवन, गोदाम वा ठाउँको खानतलासी लिन दिनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम खानतलासी लिन कुनै ब्यक्तिले वाधाविरोध गरेमा खानतलासी लिन खटिएका कर्मचारीले खानतलासी लिनुपर्ने घर, भवन, गोदाम वा अन्य कुनै ठाउँमा वसिरहेका ब्यक्तिलाई हट्ने सूचना र मौका दिनुपर्नेछ । यसरी हट्ने सूचना र मौका दिंदा दिंदै पनि निजहरू नहटेमा त्यस्तो कर्मचारीले सुरक्षा निकायको सहयोगमा आवश्यक बल समेत प्रयोग गरी खानतलासी लिनुपर्ने घर, भवन, गोदाम वा ठाउँको वाहिरी वा भित्री ढोका झ्याल वा छेस्कीनी खोली वा फोरी सूर्योदयदेखि सूर्यास्तभित्र कुनै पनि समयमा खानतलासी लिन सक्नेछ ।

(५) यस दफाबमोजिम खान तलासी लिंदा खान तलासी लिने कर्मचारीले उपलब्ध भएसम्म सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडा अध्यक्ष वा वडा सदस्य वा कुनै कार्यालयको कर्मचारी वा घर धनी वा निजको प्रतिनिधि वा सोह्र वर्ष उमेर पुगेको कुनै व्यक्तिलाई साक्षी राखी तलासी लिनु पर्नेछ । त्यस्तो साक्षी बस्ने

मानिस फेला नपरेमा वा निजले साक्षी बस्न इन्कार गरेमा सोही व्यहोराको कैफियत जनाई तलासी लिने कर्मचारीले सहीछाप गर्नु पर्नेछ ।

(६) यस दफाबमोजिम खानतलासी लिंदा भन्सार छली वा चोरी पैठारी गरी ल्याएका मालवस्तु बरामद भएमा त्यसरी खानतलासी लिने कर्मचारीले त्यस्ता मालवस्तु आफ्नो कब्जामा लिई त्यस्ता मालवस्तुको विवरण खोलिएको फेहरिस्त तयार गरी सोको एक प्रति खानतलासी लिएको घर, भवन, गोदाम वा सो ठाउँको सम्बन्धित व्यक्तिलाई तत्काल बुझाई दिनु पर्नेछ । सम्बन्धित व्यक्तिले बुझ्न नमानेमा वा बुझाउन नसकिएमा दुई जना साक्षीको रोहवरमा मुचुल्का गरी टाँस गर्नुपर्नेछ । यसरी टाँस गरिएकोमा सम्बन्धित व्यक्तिलाई बुझाएसरह मानिनेछ ।

(७) उपदफा (६) बमोजिमका मालवस्तु तथा फेहरिस्त त्यस्तो कर्मचारीले सम्बन्धित भन्सार अधिकृतसमक्ष दाखिला गर्नुपर्ने छ र त्यसरी दाखिला भएपछि भन्सार अधिकृतले यस ऐनबमोजिम कारबाई गर्नेछ ।

४०. **पक्राउ गर्न सक्ने** : (१) दफा ३६ वा ३९ बमोजिम तलासी लिंदा कुनै व्यक्तिले यस ऐन अन्तर्गतको कसूर गरेको देखिन आएमा निजलाई त्यस्तो तलासी लिने कर्मचारीले पक्राउ गर्न वा गर्न लगाउन सक्नेछ ।

(२) कुनै व्यक्तिले चोरी निकासी वा चोरी पैठारी गर्न लागेको वा यस ऐनको विपरीत हुने कुनै काम गर्न लागेको वा गरेको छ भनी विश्वास वा शङ्का गर्नुपर्ने मनासिव आधार वा कारण भएमा सम्बन्धित भन्सार अधिकृत वा निजबाट अधिकार प्राप्त भन्सार कार्यालयका अरू कर्मचारीले निजलाई जुनसुकै सवारी साधन वा ठाउँमा पक्रन वा पक्राउ गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पक्राउ गरिएको व्यक्तिलाई बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र भन्सार अधिकृतसमक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएको व्यक्तिलाई भन्सार अधिकृतले तुरून्त कानूनी कारबाई चलाउनु पर्नेछ । त्यसरी कारबाई नचलाई चौबीस घण्टाभन्दा बढी अवधिसम्म हिरासतमा राख्न पाइने छैन ।

४१. **नगद धरौटीमा छाड्न वा हिरासतमा राख्न सकिने**: (१) दफा ४० को उपदफा (३) बमोजिम पेश भएको व्यक्ति तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएमा भन्सार अधिकृतले निजलाई यस ऐनबमोजिम हुनसक्ने कैद र जरिवानावापतको रकम र बिगोसमेत असुल गर्नु पर्नेमा कायम हुन सक्ने बिगो वरावरको रकम समेतको नगद धरौटी लिई तोकिदिएको समय र स्थानमा हाजिर हुने गरी छाड्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको नगद धरौटी पेश गर्न नसक्ने व्यक्तिलाई त्यस्तो नगद धरौटी भन्सार कार्यालयमा दाखिला नगरेसम्म निजलाई हिरासतमा राखिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो व्यक्तिलाई नगद धरौटीमा छाड्दा निजले प्रमाण लोप गर्न सक्ने आधार देखिएमा भन्सार अधिकृतले कारण खोली त्यस्तो व्यक्तिलाई थुनामा राखी कारवाई अगाडि बढाउन सक्नेछ ।

(४) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो व्यक्तिलाई हिरासतमा राख्दा निजलाई यस ऐनबमोजिम हुने कैदको अधिकतम् अवधिभन्दा बढी हिरासतमा राखिनेछैन ।

(५) उपदफा (१) बमोजिम दण्डबापतको धरौटी लिंदा एक दिन कैद बरावर पचास रूपैंयाँका दरले लिनु पर्नेछ ।

४२. **फरार व्यक्तिलाई पछि पक्रन हुने**: यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य गर्ने व्यक्तिलाई कसूर गर्दाकै बखत पक्रन नसकिएमा वा पक्राउ गरिएको भएपनि निज फरार भएमा भन्सार अधिकृतले वा निजले अधिकार दिएको कर्मचारीले वा सो कार्यका लागि खटिएको कर्मचारीले निजलाई जुनसुकै वखत पक्राउ गर्न सक्नेछ । त्यसरी पक्रिएको व्यक्तिउपर कसूर गरेका वखत पक्रिएसरह कारबाई हुनेछ ।

४३. **अधिकतम् वल प्रयोग गर्न सक्ने**: (१) कसैले दफा ३ बमोजिम तोकिएको बाटोबाहेक अन्यत्रबाट मालवस्तु निकासी वा पैठारी गर्न लागेमा भन्सार अधिकृत वा निजबाट अधिकार प्राप्त भन्सार कार्यालयका कर्मचारी वा अधिकार प्राप्त सरकारी कर्मचारीले निजलाई रोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्न खोज्दा निजले त्यस्तो अधिकृत वा कर्मचारीलाई हुलहुज्जत वा जोरजुलुम गरेमा भन्सार अधिकृत वा त्यस्तो कर्मचारीले निजलाई त्यसो नगर्न सम्झाउनु बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्झाउदा बुझाउंदा पनि निजले हुलहुज्जत वा जोरजुलुम गरेमा भन्सार अधिकृत वा त्यस्तो कर्मचारीले निजलाई पक्राउ गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पक्राउ गर्न खोज्दा निजले जोरजुलुम गरेमा वा भाग्न उम्कन खोजेमा र तत्काल पक्राउ गर्न नसकिने अवस्था भएमा आफ्नो रक्षा र कर्तव्यको पालनाको निम्ति त्यस्तो भन्सार अधिकृत वा अधिकारप्राप्त अधिकारीको आदेशले घटनास्थलमा सुरक्षाको लागि खटिएका कर्मचारीले त्यस्तो घटना रोक्न पहिले

हवाइ फायर गर्ने र त्यसो गर्दा पनि स्थिति नियन्त्रण नभए वा हुलहुज्जत गर्ने व्यक्तिसंग समेत हतियार भएमा कम क्षति हुने गरी गोली समेत चलाउन सक्नेछ ।

(५) दफा ३ अन्तर्गत तोकिएको बाटो गरी सवारी साधनबाट आवत जावत गर्ने कुनै व्यक्तिलाई भन्सार कार्यालयको कर्मचारीले त्यस्तो सवारी साधनसमेत रोक्न वा रोक्न लगाउन आदेश दिन सक्नेछ । त्यस्तो आदेश नमानी हुलहुज्जत वा जोरजुलुम गरी त्यस्तो सवारी साधन नजँचाई भगाउने प्रयत्न गरेमा वा भगाएमा त्यस्तो सवारी साधनको पाङ्ग्रामा भन्सार अधिकृतको आदेशले भन्सारमा सुरक्षाको निमित्त खटिएका कर्मचारीले कम क्षति हुने गरी गोली चलाउन सक्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिम गोली चलाउनु परेको अवस्थामा सो कुराको जानकारी भन्सार अधिकृत वा अधिकारप्राप्त अधिकारीले छिटो साधनद्वारा महा निर्देशक तथा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई दिनुपर्नेछ ।

परिच्छेद -९
मालवस्तु कब्जा, जफत तथा लिलाम बिक्री सम्बन्धी व्यवस्था

४४. **जफत हुने मालवस्तु कब्जामा लिन सक्ने** : यस ऐनबमोजिम जफत हुने मालवस्तु देखेमा वा पत्ता लागेमा भन्सार अधिकृतले वा निजबाट अधिकारप्राप्त भन्सार कार्यालयका कर्मचारीले वा नेपाल सरकारबाट अधिकारप्राप्त कर्मचारीले जुनसुकै ठाउँमा र जहिले सुकै पनि त्यस्तो मालवस्तु कब्जामा लिन सक्नेछ ।

४५. **कब्जामा लिएको निस्सा दिनुपर्ने** : दफा ४४ बमोजिम मालवस्तु कब्जामा लिनेले त्यसरी मालवस्तु कब्जामा लिनु परेको कारण र कब्जामा लिएको मालवस्तुको विवरण खोलिएको फेहरिस्त सहितको निस्सा मालवस्तु कब्जा गरेको वढीमा तीन दिनभित्र सम्बन्धित मालवस्तु धनीलाई दिनुपर्नेछ ।

४६. **मालवस्तु बुझाउनु पर्ने** (१) यस ऐनबमोजिम भन्सार कार्यालयको कुनै कर्मचारी वा अन्य निकायले दफा ४४ बमोजिम कब्जामा लिएको मालवस्तु र दफा ४५ बमोजिमको फेहरिस्तको एकप्रति यथाशीघ्र भन्सार अधिकृतसमक्ष बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मालवस्तु दाखिला भएपछि भन्सार अधिकृतले त्यस्तो मालवस्तु यस ऐनबमोजिम कब्जा गर्नुपर्ने हो वा होइन भन्ने कुराको जाँचबुझ गर्नुपर्नेछ । त्यसरी जाँचबुझ गर्दा त्यस्तो मालवस्तु विनाकारण कब्जामा लिएको वा कब्जामा लिनु नपर्ने देखिएमा निजले तुरून्त त्यस्तो मालवस्तुको धनीलाई सो मालवस्तु फिर्ता दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा मालवस्तु जफत हुने देखिएमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुका सम्बन्धमा यस ऐनबमोजिमको कारबाई चलाउनु पर्नेछ ।

४७. <u>जफत भएको र भन्सारबाट नछुटाएको मालवस्तु नेपाल सरकारको हुने</u>: (१) यस ऐनबमोजिम जफत गरिएको मालवस्तु नेपाल सरकारको हुनेछ ।

(२) भन्सारमा रहेको मालवस्तु सम्बन्धित मालवस्तुधनीले तोकिएको अवधिभित्र छुटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र छुटाई नलगेको मालवस्तु छुटाइ लैजान सम्बन्धित भन्सार कार्यालयले सात दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको सूचना प्रकाशन भएपछि सम्बन्धित मालवस्तुको धनीले उपदफा (२) को अवधिभित्र मालवस्तु छुटाई लैजान नसकेको मनासिव कारण सहितको निवेदन भन्सार कार्यालयमा दिएमा र त्यस्तो कारण मनासिव देखिएमा भन्सार अधिकृतले लाग्ने महसुल लिई त्यस्तो मालवस्तु छुटाई लैजान निजलाई अनुमति दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको सूचना प्रकाशन गर्दा पनि भन्सार कार्यालयबाट छुटाई नलगेको मालवस्तु सम्बन्धित भन्सार अधिकृतले जफत गर्नेछ र त्यस्तो मालवस्तु नेपाल सरकारको हुनेछ ।

४८. <u>जफत गरेको सूचना दिनु पर्ने</u> : यस ऐनबमोजिम मालवस्तु जफत गरिएकोमा भन्सार अधिकृतले सोको जानकारी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनेछ ।

४९. <u>जफत गर्नुपर्ने मालवस्तु</u> : यस ऐनबमोजिम कुनै मालवस्तु जफत हुने निर्णय भएमा त्यस्ता मालवस्तुसंग सम्बन्धित देहायका मालवस्तुसमेत जफत हुनेछन्:-

(क) मालवस्तु प्याक गर्न वा ढुवानी गर्न प्रयोग भएका पार्सल, प्याकेट वा आधानपात्रहरू (कन्टेनर्स),

(ख) मालवस्तु ढुवानी गर्न प्रयोग गरिएका रेल, हवाइजहाजबाहेक रिक्सा, टांगा, जनावर लगायत सबै किसिमका सवारी साधनहरू,

(ग) खण्ड (ख) बमोजिमका सवारी साधनमा राखेका कपडा, फर्निचर, विद्युतीय सामान र अरू सामग्रीहरू ।

५०. <u>लिलाम बिक्री गर्न सक्ने</u> : (१) यस ऐन बमोजिम जफत भएका मालवस्तु नेपाल सरकारले आफैले प्रयोग गरेकोमा बाहेक सम्बन्धित भन्सार अधिकृतले तोकिएबमोजिम लिलाम बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि जफत भई भन्सार कार्यालयबाट छुटाई नलगी नेपाल सरकारको हुन आएको सुन, चांदी, जवाहरात वा प्रचलित कानूनबमोजिम इजाजत लिईमात्र बिक्री गर्न पाइने मालवस्तु वा अमूल्य खनिज पदार्थहरूको लिलाम बिक्री वा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(३) यस ऐनबमोजिम कब्जा भएका मालवस्तु सड्ने, गल्ने वा पुरानो भई मूल्य घट्न जाने वा गोदाम वा स्थानको अभावले राख्न बाधा पर्न लागेमा वा जीवजन्तु रहेछ भने भन्सार अधिकृतले त्यस्तो मालवस्तु तोकिएबमोजिम तुरून्त लिलाम गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको लिलाम बिक्रीबाट प्राप्त रकम भन्सार कार्यालयले धरौटी खातामा आम्दानी बाध्नु पर्नेछ ।

(५) उपदफा (१), (२) वा (३) बमोजिम लिलाम बिक्री भएको मालवस्तु पछि मालधनीलाई फिर्ता दिनु पर्ने ठहरेमा त्यस्तो लिलाम बिक्रीबाट प्राप्त हुन आएको रकममात्र निजलाई फिर्ता दिइनेछ ।

तर त्यस्तो रकममा कुनै कर, शुल्क वा अन्य दस्तुर वा रकम लाग्ने रहेछ भने त्यस्तो कर, शुल्क, दस्तुर र रकम कटाएर बाँकी रहेको रकममात्र निजले पाउँनेछ ।

(६) भन्सार कार्यालयमा दाखिला हुन आएको चोरी पैठारी वा चोरी निकासी गरेको मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन स्थानाभाव वा संरक्षण गर्न नसकिने कारणले सो कार्यालयमा राखिराख्न उपयुक्त नदेखिएमा सम्बन्धित भन्सार अधिकृतले तोकिएको समितिबाट त्यस्तो साधनको मूल्य कायम गराई सो मूल्यमा तोकिएबमोजिम लिलाम बिक्री गर्न गराउन सक्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो सवारी साधनको धनीले उपदफा (६) बमोजिम कायम भएको मूल्य तथा सो मूल्यमा प्रचलित कानूनबमोजिम लाग्ने कर, शुल्क समेत थप गरी हुन आउने रकम नगद रूपैयाँ धरौटी राखी सो सवारी साधन छुटाई लान निवेदन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम निवेदन परेकोमा भन्सार अधिकृतले त्यस्तो धरौटी रकम लिई सो सवारी साधन निजलाई नै फिर्ता दिन सक्नेछ र त्यसउपर कारवाई र किनारा हुँदा सो सवारी साधन जफत हुने ठहरेमा भन्सार कार्यालयले सवारी साधनको धनीले त्यसरी राखेको धरौटी रकम सदरस्याहा गरी सो सवारी साधन सवारी साधनको धनीलाई नै दिन सक्नेछ । त्यस्तो सवारी साधन जफत नहुने भई सवारी साधनको धनीले फिर्ता पाउने निर्णय भएमा निजले राखेको धरौटी रकम तोकिएबमोजिम फिर्ता दिइनेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनबमोजिम लिलाम बिक्री हुन नसकेको वा कुनै किसिमले प्रयोगमा ल्याउन नसकिने मालवस्तु भन्सार अधिकृतले तोकिएबमोजिम सडाउन, गलाउन वा नष्ट गर्न सक्नेछ ।

परिच्छेद -१०
भन्सार एजेन्ट सम्बन्धी व्यवस्था

५१. **भन्सार एजेन्टको इजाजतपत्र सम्बन्धी व्यवस्थाः** (१) निकासी वा पैठारी हुने मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसंग सम्बन्धित कामको लागि निकासी वा पैठारीकर्ताको भन्सार एजेन्ट वा प्रतिनिधिको रूपमा काम गर्न चाहने व्यक्तिले विभाग वा भन्सार कार्यालयबाट भन्सार एजेन्टको इजाजतपत्र लिनु पर्नेछ ।

(२) भन्सार एजेन्टको इजाजतपत्र सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

५२. **भन्सार एजेन्ट नियुक्त गर्न सक्नेः** कुनै निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तु आफैले नछुटाई भन्सार एजेन्ट मार्फत छुटाउन चाहेमा वा भन्सार कार्यालयसंग सम्बन्धित कुनै कार्य आफैले नगरी भन्सार एजेन्ट मार्फत गराउन चाहेमा निजले तोकिएबमोजिम भन्सार एजेन्ट नियुक्त गर्न सक्नेछ ।

५३. **भन्सार एजेन्ट मालवस्तुको धनी मानिने** : कुनै मालवस्तुको धनीले सो मालवस्तु भन्सार कार्यालयबाट छुटाउनको लागि वा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिमको अन्य कार्य गर्नको लागि कुनै व्यक्तिलाई आफ्नो भन्सार एजेन्ट नियुक्ति गरेमा त्यस्तो भन्सार एजेन्ट सो प्रयोजनको लागि सो मालवस्तुको धनी सरह मानिनेछ ।

५४. **भन्सार एजेन्ट जिम्मेवार हुने** : दफा ५२ बमोजिम नियुक्त भएको भन्सार एजेन्टले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरी मालवस्तुको धनीलाई हानि नोक्सानी पुऱ्याएमा निजले सो नोक्सानी बरावरको रकम त्यस्तो मालवस्तुको धनीलाई तोकिएबमोजिम तिर्नु पर्नेछ ।

५५. **इजाजतपत्र निलम्बन र रद्द हुन सक्ने** : (१) दफा ५९ बमोजिम जरिवाना भएको वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतको कुनै काम गर्ने भन्सार एजेन्टलाई भन्सार अधिकृतले एक महिनादेखि छ महिनासम्म निलम्बन गर्न सक्नेछ ।

(२) भन्सार एजेन्टले उपदफा (१) बमोजिमको काम तेस्रो पटक पनि गरेमा भन्सार अधिकृतले निजको इजाजत्रपत्र रद्द गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निलम्बन गर्नु वा उपदफा (२) बमोजिम इजाजतपत्र रद्द गर्नुअघि सम्बन्धित भन्सार अधिकृतले त्यस्तो भन्सार एजेन्टलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम निलम्बन भएकोमा त्यस्तो निलम्बन अवधिभर निजले भन्सार सम्बन्धी कुनै काम गर्न र उपदफा (२) बमोजिम इजाजतपत्र रद्द गरिएको भन्सार एजेन्टले पुनः भन्सार एजेन्टको इजाजतपत्र प्राप्त गर्न सक्नेछैन ।

५६. **निवेदन दिन सक्ने** : भन्सार अधिकृतले दफा ५५ बमोजिम भन्सार एजेन्टको इजाजतपत्र निलम्बन वा रद्द गर्ने वा निजलाई जरिवाना गर्ने गरी निर्णय गरेकोमा सो निर्णयउपर चित्त नबुझ्ने भन्सार एजेन्टले त्यस्तो निर्णय भएको मितिले पैंतीस दिनभित्र महानिर्देशकसमक्ष निवेदन दिन सक्नेछ । त्यस्तो निवेदनउपर महानिर्देशकले सामान्यतया तीस दिनभित्र निर्णय दिनुपर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

परिच्छेद-११
दण्ड सजाय

५७. **दण्ड सजाय** : (१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा वा खास बाटोबाटमात्र निकासी वा पैठारी गर्न पाउने गरी दफा ३ बमोजिम बाटो तोकिएकोमा सो बाटो बाहेक अन्यत्रबाट निकासी वा पैठारी गरेमा वा गर्ने प्रयत्न गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी सो मालवस्तुको बिगोबमोजिमको जरिवाना वा देहायबमोजिमको कैद वा दुवै सजाय गर्न सक्नेछ :-

(क) पच्चीस हजारदेखि एक लाख रूपैयाँसम्मको बिगोमा दुई महिनासम्म,

(ख) एक लाखदेखि बढी पाँच लाख रूपैयाँसम्मको बिगोमा दुई महिनादेखि छ महिनासम्म,

(ग) पाँच लाखभन्दा बढी पच्चीस लाख रूपैयाँसम्मको बिगोमा चार महिनादेखि एक वर्षसम्म,

(घ) पच्चीस लाखभन्दा बढी पचास लाख रूपैयाँसम्मको बिगोमा आठ महिनादेखि दुई वर्षसम्म,

(ङ) पचास लाखभन्दा बढी एक करोड रूपैयाँसम्मको बिगोमा एक वर्षदेखि तीन वर्षसम्म,

(च) एक करोड रूपैयाँभन्दा बढी बिगोमा दुई वर्षदेखि पाँच वर्षसम्म ।

(२) उपदफा (१) बमोजिम जफत हुने मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन सो साधनको धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने भन्सार अधिकृतले त्यस्तो सवारी साधन जफत गरी निजलाई एक वर्षसम्म कैद गर्न सक्नेछ । सवारी साधनको धनीको सहमति वा जानकारी बिना सवारी चालकले जानाजानी त्यस्तो मालवस्तु ढुवानी गर्न सो सवारी साधन प्रयोग गरेको रहेछ भने त्यस्तो चालकलाई भन्सार अधिकृतले पाँच हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्न मद्दत गर्ने वा दुरूत्साहन दिने व्यक्तिलाई भन्सार अधिकृतले कसूरदारलाई सरह सजाय गर्न सक्नेछ ।

(४) कसैले चोरी निकासी वा चोरी पैठारीको मालवस्तु लुकाएमा वा जानाजानी राखेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी निजलाई दश हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) कुनै निकासीकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तर सही भए पनि परिमाण घटी गरी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यसरी परिमाण घटी घोषणा गरिएजति मालवस्तुको मूल्यको शतप्रतिशत जरिवाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(६) कुनै निकासीकर्ता, पैठारीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर एवं परिमाण सही भएपनि उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यस्तो मालवस्तुमा लाग्ने महसुल बराबरको रकम जरिवाना र लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(७) कुनै निकासीकर्ता वा भन्सार एजेन्टले निकासी हुने मालवस्तुको वास्तविक परिमाणभन्दा बढी परिमाण घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यसरी बढी घोषणा गरिएजति मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिवाना गरी सो व्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गरी जाँचपास गर्न सक्नेछ ।

(८) कुनै निकासीकर्ता वा भन्सार एजेन्टले मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर मध्ये सबै वा कुनै विवरण फरक पारी घोषणा गरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तु जफत गरी त्यस्तो मालवस्तुको धनीलाई बिगोबमोजिम जरिवाना गर्न सक्नेछ ।

(९) पैठारीकर्ता वा भन्सार एजेन्टले एउटा मालवस्तुलाई अर्कै मालवस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित मालवस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित मालवस्तु भनी वा मालवस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तरमध्ये सबै वा कुनै कुरा फरक पारी घोषणा गरेमा वा कुनै मालवस्तु घोषणा नै नगरेमा भन्सार अधिकृतले त्यस्तो मालवस्तुको धनीलाई त्यस्तो मालवस्तुको मूल्य बरावर जरिवाना गरी सो मालवस्तु जफत गर्न वा निजबाट सो मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिवाना र लाग्ने महसुल असुल गरी त्यस्तो मालवस्तु जाँचपास गर्न सक्नेछ ।

(१०) कसैले भन्सार कार्यालयमा जालसाजी, किर्ते वा नक्कली कागजात पेश गरी महसुल वा राजस्वमा हानि नोक्सानी पुऱ्याएमा वा पुऱ्याउन प्रयत्न गरेमा त्यसरी हानि नोक्सानी पुऱ्याएको वा पुऱ्याउने प्रयत्न गरेको महसुल वा राजस्व रकमको दुई सय प्रतिशत जरिवाना वा छ महिनादेखि एक वर्षसम्म कैद वा दुवै सजाय भन्सार अधिकृतले गर्न सक्नेछ र सरकारी कागजात किर्ते गरेकोमा प्रचलित कानून बमोजिम कारवाइ गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष पठाउनु पर्नेछ ।

(११) कुनै मालवस्तु धनीले वा निजको एजेन्टले मालवस्तु चोरी गर्ने वा सो मालवस्तुमा नोक्सानी पुऱ्याउने मनसायले कुनै भन्सार गोदाम वा सो गोदाममा रहेको मालवस्तु कुनै प्रकारले खोलेमा भन्सार अधिकृतले निजलाई पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(१२) कसैले भन्सार गोदाममा रहेको मालवस्तु भन्सार कार्यालयको स्वीकृतिवेगर गोदामबाट हटाएमा वा लगेमा भन्सार अधिकृतले निजलाई बिगोबमोजिम जरिवाना र छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१३) कसैले भन्सार कार्यालयको कार्यसम्पादनमा प्रयोग गरिएको प्रज्ञापनपत्र वा लिखतको खास कुरो झुट्टो हो भनी जानाजानी लेखेमा, सहीछाप गरेमा वा प्रयोग गरेमा वा भन्सार कार्यालयको कार्यसम्पादनमा भन्सार अधिकृतले सही गरेको वा छाप लगाएको लिखत, लाहा वा सीलछाप, दस्तखत वा अरू कुनै चिन्ह वा संकेतलाई किर्ते गरेमा वा बदलेमा वा नष्ट गरेमा भन्सार अधिकृतले निजलाई पाँचहजार रूपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ र सरकारी कागजात किर्ते गरेकोमा प्रचलित कानून बमोजिम कारवाइ गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष पठाउनु पर्नेछ ।

(१४) भन्सार गोदाममा रहेका मालवस्तु जिम्मा रहेको कर्मचारी वा व्यक्तिले त्यस्तो मालवस्तु लापरवाहीपूर्वक हराएमा वा जानाजानी नोक्सानी गरेमा भन्सार

अधिकृतले निजबाट सो मालवस्तुको मूल्य र लाग्ने महसुल असुल गरी निजलाई पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(१५) अनधिकृत कर्मचारीले भन्सार गोदाममा रहेको मालवस्तु हटाएमा वा हटाउने आदेश दिएमा भन्सार अधिकृतले निजलाई पाँचहजार रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१६) दफा ७० बमोजिम पुनरावलोकन गर्दा मालवस्तुको धनीले नक्कली बिल बीजक वा कागजात पेश गरेको कारणले भन्सार महसुलमा फरक पर्न गएको देखिएमा भन्सार अधिकृतले निजलाई भन्सार कार्यालयबाट छुटाई लगेको मालवस्तुको बिगोको दुई सय प्रतिशत जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(१७) कसैले यस दफामा लेखिएकोदेखि बाहेक यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत कार्य गरेमा भन्सार अधिकृतले निजलाई पाँच हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

५८. **बाधा बिरोध गर्नेलाई सजाय हुने**: कुनै व्यक्तिले भन्सार अधिकृत वा भन्सार कार्यालयको कर्मचारीलाई यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमले दिएको अधिकार प्रयोग गर्न जानाजानी बाधा अवरोध पुऱ्याएमा भन्सार अधिकृतले त्यस्तो व्यक्ति सरकारी कर्मचारी भएमा पाँच हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय र अन्य व्यक्ति भए छ महिनासम्म कैद वा एक हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ ।

५९. **भन्सार एजेन्टलाई सजाय हुने**: (१) दफा ५७ को उपदफा (५), (६), (७), (८) र (९) बमोजिमको कार्य गर्ने भन्सार एजेन्टलाई भन्सार अधिकृतले तीन हजार रूपैयाँदेखि दश हजार रूपैयासम्म जरिवाना वा एक महिनादेखि छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(२) भन्सार एजेन्टलाई उपदफा (१) बमोजिम सजाय गरिएको कारणलेमात्र यस दफाबमोजिम मालवस्तुको धनीलाई हुने दण्ड सजाय वा जरिवानाबाट उन्मुक्ति भएको मानिने छैन ।

६० **प्रचलित कानूनबमोजिम सजाय हुने**: यस ऐन अन्तर्गतको कुनै कसूर वा कार्य प्रचलित कानूनबमोजिम दण्डनीय हुने रहेछ भने त्यस्तो कानूनबमोजिम समेत कारबाही र सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

परिच्छेद - १२
पुनरावलोकन तथा पुनरावेदन सम्बन्धी व्यवस्था

६१. **मूल्याङ्कन पुनरावलोकन समिति सम्बन्धी व्यवस्थाः** (१) भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको निर्णय वा आदेशउपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि त्यस्तो निर्णय वा आदेश भएको मितिले पन्ध्र दिनभित्र उपदफा (२) बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिसमक्ष तोकिएबमोजिम निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि नेपाल सरकारले देहायबमोजिमको मूल्याङ्कन पुनरावलोकन समिति गठन गर्नेछ :

(क) राजस्व प्रशासन सम्बन्धी ज्ञान र अनुभव भएको निजामती सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - अध्यक्ष

(ख) भन्सार प्रशासन सम्बन्धमा राजपत्राङ्कित पदमा कम्तीमा तीन वर्षको अनुभवप्राप्त कम्तीमा रा.प. द्वितीय श्रेणीको वहालवाला ब्यक्ति वा सोही अनुभव प्राप्त गरी सोही श्रेणीको पदबाट अवकास प्राप्त व्यक्ति एक जना - सदस्य

(ग) अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा राजपत्रांङ्कित पदमा कम्तीमा तीन वर्षको अनुभवप्राप्त कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको वहालवाला व्यक्ति एक जना - सदस्य

(३) उपदफा (२) बमोजिमको मूल्याङ्कन पुनरावलोकन समितिको अध्यक्ष र सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि मूल्याङ्कन पुनरावलोकन समितिका अध्यक्ष वा सदस्यको कार्य क्षमताको अभाव भएमा वा निजले आफ्नो पद अनुकुलको आचरण नगरेमा वा इमान्दारीपूर्वक काम नगरेमा नेपाल सरकारले सफाई पेश गर्ने मौका दिई जुनसुकै बखत निजलाई सो पदबाट हटाउन सक्नेछ ।

(५) मूल्याङ्कन पुनरावलोकन समितिले यस दफाबमोजिम पुनरावलोकन गर्दा भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको भन्सार मूल्याङ्कन ठीक भए नभएको सम्बन्धमा जाँचबुझ गरी भन्सार अधिकृतले गरेको मूल्याङ्कनलाई नै कायम गर्न, बदर

गर्न वा त्यस्ता मालवस्तुको यस ऐनबमोजिम मूल्याङ्कन गरिदिन सक्नेछ । मूल्याङ्कन पुनरावलोकन समितिले त्यसरी मूल्याङ्कन कायम गर्दा, बदर गर्दा वा मूल्याङ्कन गर्दा स्पष्ट कारण र आधार समेत खुलाउनु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिको अन्य काम, कर्तव्य, अधिकार, कार्यविधि र सो समितिका अध्यक्ष तथा सदस्यको पारिश्रमिक एवं सेवाका शर्त तोकिएबमोजिम हुनेछन् ।

(७) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले त्यस्तो निवेदन दिनुअघि भन्सार अधिकृतले दफा १३ बमोजिम गरेको मूल्याङ्कन अनुसार लाग्ने महसुल रकम भन्सार कार्यालयमा धरौटी राख्नु पर्नेछ ।

६२. **पुनरावेदनः** (१) दफा १३ बमोजिमको निर्णय वा आदेशबाहेक यस ऐनबमोजिम भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार महसुल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णय वा दफा ६१ बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले त्यसरी भन्सार महसुल निर्धारण भएको वा दण्ड सजाय दिएको वा निर्णय भएको मितिले पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले जुन निर्णय वा आदेशका बिरूद्ध पुनरावेदन गर्ने हो सो निर्णय वा आदेशबमोजिम लाग्ने महसुल र दण्ड जरिवानाको रकम सम्बन्धित भन्सार कार्यालयमा बुझाई वा धरौटी राखी पुनरावेदन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको सात दिनभित्र त्यस्तो पुनरावेदनको प्रतिलिपि सम्बन्धित भन्सार कार्यालयलाई दिनु पर्नेछ ।

(४) दफा ६१ बमोजिम गठित मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयमा चित्त नबुझेमा भन्सार अधिकृतले त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

परिच्छेद-१३
कर्मचारीलाई हुने सजाय सम्बन्धी व्यवस्था

६३. **उजुरी दिन सकिने** :(१) भन्सार अधिकृत वा भन्सार कार्यालयको कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेको वा राजस्वमा हानि पुऱ्याएको वा निकासीकर्ता वा पैठारीकर्तालाई बदनियतपूर्वक दुःख दिने नियतलेमात्र कुनै काम

गरेको छ भन्ने कुरामा विश्वास गर्नुपर्ने मनासिव कारण भएमा भन्सार अधिकृतको हकमा महानिर्देशकसमक्ष र भन्सार कार्यालयको कर्मचारीको हकमा भन्सार अधिकृतसमक्ष उजुरी दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीउपर महानिर्देशक वा भन्सार अधिकृतले छानबिन गरी सोको जानकारी निवेदकलाई दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको छानबिनबाट भन्सार अधिकृत वा भन्सार कार्यालयको कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गतको नियमावली विपरीतको कुनै काम गरेको वा राजस्वमा हानि नोक्सानी पुऱ्याएको वा निकासीकर्ता वा पैठारीकर्तालाई बदनियतपूर्वक दुःख दिने नियतले काम गरेको पाइएमा त्यस्तो भन्सार अधिकृतलाई महानिर्देशकले र भन्सार कार्यालयका कर्मचारीलाई भन्सार अधिकृतले विभागीय कारबाई प्रारम्भ गरी प्रचलित कानूनबमोजिम भ्रष्टाचार मानिने कार्य भएको पाइएमा सम्बन्धित अधिकारी समक्ष बुझाउनु पर्नेछ।

६४. **कारबाईको सूचना र हद म्याद**: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमअनुसार भन्ने सम्झी गरेका र कुनै कामको सम्बन्धमा भन्सार अधिकृत वा अरू कर्मचारीउपर मुद्दा चलाउने कारण र वादी हुनेको र निजको वारेस भए वारेसको नाम र ठेगाना खोली लिखित सूचना त्यस्तो भन्सार अधिकृत वा कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्टर गरी पठाएको र त्यसको एकप्रति नक्कल महानिर्देशकमा पेश गरेको दुई महिना ननाघी मुद्दा चल्न सक्नेछैन।

६५. **कर्मचारीलाई सजाय** : (१) भन्सार सम्बन्धी काम गर्ने कुनै निजामती कर्मचारीलाई प्रचलित निजामती सेवा ऐन तथा नियमावलीबमोजिम विभागीय कारबाई चलाइएकोमा सो ऐन तथा नियमावलीमा तोकिएको सजायमात्र अपर्याप्त भयो भन्ने अख्तियारवालालाई लागेमा सो सजायमाथि सो ऐन तथा नियमावलीमा तोकिएको अख्तियारवालाले देहायका कामबाट कसैलाई भएको नोक्सानी सबै वा केही निज कर्मचारीको जायजातबाट असुल उपर गरी भराउने आदेश दिनसमेत सक्नेछ।

(क) यस ऐनको व्यवस्था जानाजानी उल्लङ्घन गरेको, वा

(ख) नेपाल सरकारलाई हानि नोक्सानी हुने गरी कुनै काम जानाजानी वा बदनियतपूर्वक गरेको, वा

(ग) कुनै मालवस्तुको सम्बन्धमा असल नियतले यस ऐनबमोजिम आफ्नो ओहदाको कर्तव्य पालन गरेकोमाबाहेक ओहदाको हैसियतले आफूले जाने बुझेको कुनै विवरण आफ्नो वा अन्य कसैको फाइदाको लागि वा कसैलाई

नोक्सान पार्ने नियतले प्रकाश गरेमा वा आफूलाई सुम्पेको गोप्य राख्नुपर्ने काम कुरा कसैलाई देखाएमा वा कसैलाई दिएमा ।

(२) यस ऐनबमोजिम अख्तियारवालाले दिएको आदेशउपर सम्बन्धित कर्मचारीले प्रचलित निजामती सेवा ऐन तथा नियमावली अनुसारको अख्तियारवालासमक्ष पुनरावेदन दिन सक्नेछ र त्यस्तो अख्तियारवालाले सोही ऐन तथा नियमावलीबमोजिम पुनरावेदनको किनारा गर्नेछ ।

(३) यस दफाबमोजिम भएको जरिवाना असुल गर्दा अख्तियारवालाले अदालती दण्ड जरिवाना असुल गर्ने सम्बन्धी प्रचलित कानूनको प्रयोग गरी सोहीबमोजिम असुल उपर गर्न सक्नेछ ।

(४) यस दफामा लेखिएको कुनै कुराले पनि कसूर गर्ने कर्मचारीउपर अदालती कारबाई चलाउन सकिने प्रचलित कानूनको व्यवस्थामा कुनै बाधा पारेको मानिनेछैन ।

तर अदालती कारबाई चलिसकेपछि यस दफाबमोजिम कारबाई चलाइने छैन ।

६६. **असल नियतले गरेको काम कारबाईप्रति जवाफदेही नहुने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै भन्सार कर्मचारीले आफ्नो कर्तव्यपालनको सिलसिलामा असल नियतले गरेको काम कारवाइप्रति निज व्यक्तिगत रूपमा जवाफदेही हुनेछैन ।

६७. **निरीक्षण गर्नुपर्ने:** (१) महानिर्देशकले गरेको काम कारबाईका सम्बन्धमा अर्थ मन्त्रालयले र भन्सार अधिकृतले गरेको काम कारबाईका सम्बन्धमा विभागले वर्षमा एकपटक निरीक्षण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा अन्य कुराका अतिरिक्त निकासी वा पैठारी भएको मालवस्तुको महसुल वास्तविक रूपमा असुल उपर भए नभएको, दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षण गरे नगरेको, दफा ७० बमोजिम प्रज्ञापनपत्र पुनरावलोकन गरे नगरेको, लिलाम बिक्री गर्नुपर्ने मालवस्तु समयमा लिलाम बिक्री गरे नगरेको, छुट भएको राजस्व रकम यथाशीघ्र असुल गरे नगरेको समेत निरीक्षण गरी सोको प्रतिवेदन मन्त्रालयले निरीक्षण गरेको भए मन्त्रिपरिषद् र विभागले निरीक्षण गरेको भए अर्थ मन्त्रालयसमक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि मन्त्रिपरिषद्ले अर्थ मन्त्रालयलाई र अर्थ मन्त्रालयले विभागलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको निर्देशन पालना भयो भएन भन्ने सम्बन्धमा अर्थ मन्त्रालयले अनुगमन गर्नेछ र उपदफा (२) बमोजिम मन्त्रिपरिषद्मा पेश गर्ने प्रतिवेदनमा सो सम्बन्धी कुरा समेत उल्लेख गर्नेछ ।

परिच्छेद-१४
विविध

६८. **बौद्धिक सम्पत्तिउपरको अधिकार उल्लङ्घन गरी निकासी वा पैठारी हुन लागेको मालवस्तु रोक्का गर्न निवेदन दिन सक्ने** : (१) प्रचलित कानूनबमोजिम कुनै व्यक्तिले प्राप्त गरेको पेटेण्ट, डिजाइन, ट्रेडमार्क, प्रतिलिपि अधिकार जस्ता बौद्धिक सम्पत्तिउपरको अधिकार उल्लङ्घन गरी कसैले कुनै मालवस्तु पैठारी वा निकासी गर्न लागेमा सराकोरवाला व्यक्तिले त्यस्तो निकासी वा पैठारी रोक्का गर्न प्रमाणसहित सम्बन्धित भन्सार अधिकृतसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सम्बन्धित भन्सार अधिकृतले त्यस्तो मालवस्तु भन्सार कार्यालयमा रोक्का राखी सो सम्बन्धमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारीसमक्ष लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखिआएमा त्यस्तो निकाय वा अधिकारीले सो सम्बन्धमा प्रचलित कानूनबमोजिम कारबाई टुङ्गो लगाई भन्सार कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निकाय वा अधिकारीले प्रचलित कानूनबमोजिम कारबाई गर्दा त्यस्ता मालवस्तु जफत हुने ठहर गरेमा भन्सार अधिकृतले सो मालवस्तु त्यस्तो निकाय वा अधिकारीसमक्ष बुझाई दिनु पर्नेछ ।

६९. **भन्सार कार्यालय वा गोदाममा रोक्का रहेका मालवस्तुको क्षतिपूर्ति** : (१) भन्सार कार्यालय वा गोदाममा रहेका मालवस्तु भन्सार कार्यालय वा गोदामले क्षति नहुने गरी सुरक्षित रूपमा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका मालवस्तु चोरिएमा, हराएमा वा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणले वा मालवस्तु राख्ने वा उठाउने क्रममा स्वाभाविक रूपमा हुन सक्ने टुटफुटबाहेक अन्य कुनै कारणबाट नष्ट भएमा, क्षति भएमा वा क्षति गरिएमा भन्सार कार्यालय वा सो गोदाम सञ्चालन गर्ने निकायबाट सो मालवस्तुको धनीले त्यस्तो मालवस्तुको क्षतिपूर्ति तोकिएबमोजिम भराई लिन पाउनेछ ।

तर, त्यस्तो मालवस्तुमा निजको हक स्थापित नभई निजले क्षतिपूर्तिको दावी गर्नसक्ने छैन ।

७०. **पुनरावलोकन गर्न सक्ने**: (१) भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तुको प्रज्ञापनपत्र मालवस्तु जाँचपास भएको मितिले चार वर्षभित्र सम्बन्धित भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनरावलोकन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावलोकन गर्दा असुल गर्नुपर्ने महसुल असुल गर्न छुट भएको देखिएमा त्यस्तो मालवस्तुको धनीबाट त्यसरी छुट भएको महसुल सरकारी वाँकी सरह असुलउपर गरिनेछ ।

७१. **चोरी निकासी वा पैठारी पक्राउ गर्ने वा सुराक दिने व्यक्तिलाई पुरस्कार दिने**: (१) कसैले कुनै मालवस्तु चोरी निकासी वा पैठारी गर्न लागेको वा गरेको कुराको सुराक दिने वा त्यस्तो मालवस्तु पक्राउ गरी भन्सार कार्यालयमा दाखिला गर्ने कर्मचारी वा व्यक्तिलाई त्यस्तो कार्य प्रमाणित हुन आएमा तोकिएबमोजिम पुरस्कार दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार सम्बन्धित भन्सार कार्यालयले त्यस्तो चोरी निकासी वा पैठारी भएको मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट दिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले त्यस्तो मालवस्तु कुनै सरकारी निकायलाई प्रयोग गर्न दिने निर्णय गरेमा सो निकायले तोकिएको समितिबाट सो मालवस्तुको मूल्य निर्धारण गराई सो मूल्यको आधारमा उपदफा (१) बमोजिमको पुरस्कारको रकम सम्बन्धित भन्सार कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ र भन्सार कार्यालयले सो रकम सुराकी र पक्राउ गर्ने सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ ।

(४) भन्सार कार्यालयले उपदफा (१) बमोजिम चोरी निकासी वा पैठारीको सुराक दिने सुराकीको नाम, थर र विवरण गोप्य राख्नु पर्नेछ ।

(५) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनबमोजिमको सुराकीको नाम, थर र विवरण कानूनबमोजिम अनुसन्धान गर्ने निकायले अनुसन्धानको सिलसिलामा वा अदालतबाट माग भएकोमाबाहेक कुनै व्यक्ति वा निकायलाई उपलब्ध गराउन भन्सार अधिकृत वाध्य हुनेछैन र सुराकी दिएको कारणलेमात्र निजलाई कुनै अदालत, निकाय वा कार्यालयमा उपस्थित हुन वाध्य गरिनेछैन ।

(६) सुराकी प्रतिवेदन लिने तथा पुरस्कार वितरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

७२. **विलम्व शुल्क (डेमरेज) लाग्ने** : (१) भन्सार कार्यालयले सञ्चालन गरेको भन्सार गोदाममा रहेका मालवस्तुहरू त्यस्तो मालवस्तुको धनीले तोकिएको म्यादभित्र जाँचपास गराई नलगेमा तोकिएबमोजिमको विलम्व शुल्क (डेमरेज) लाग्नेछ ।

तर, मालवस्तुको मूल्याङ्कन गर्न, वर्गीकरण गर्न वा अन्य कुनै कारणले भन्सार अधिकृतलाई द्विविधा भई जाँचपास हुन नसकेका मालवस्तुको विलम्व शुल्क (डेमरेज) लाग्नेछैन ।

(२) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भएतापनि कुनै मालवस्तुमा लागेको विलम्व शुल्क (डेमरेज) कुनै खास परिस्थिति वा अवस्था सिर्जना भएका कारणले मिनाहा दिनुपर्ने मनासिव कारण भएमा तोकिएको अधिकारीले तोकिएबमोजिम आंशिक वा पूर्णरूपले मिनाहा दिन सक्नेछ ।

७३. **जरिवाना नतिरेसम्म मालवस्तु उठाउन नपाउने**: कुनै मालवस्तुको सम्बन्धमा सो मालवस्तुको धनीलाई यस ऐनबमोजिम जरिवाना वा बढी महसुल लागेमा सो जरिवाना वा बढी महसुल नतिरेसम्म निजले त्यस्तो मालवस्तु भन्सार कार्यालयबाट उठाउन पाउनेछैन ।

७४. **छुट रकम वा जरिवाना तिर्नुपर्ने**: (१) यस ऐन वा प्रचलित कानूनबमोजिम कुनै व्यक्तिले भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल, जरिवाना वा अन्य कुनै रकम कुनै मालवस्तुको मूल्याङ्कन वा वर्गीकरण गर्दा वा गणितीय भूल वा अन्य कुनै कारणले छुट भएको कुरा पछिबाट देखिन आएमा त्यसरी छुट भएको रकम त्यस्तो भन्सार कार्यालयले निजबाट तुरून्त असुल उपर गर्नेछ ।

(२) सम्बन्धित व्यक्तिले उपदफा (१) बमोजिमको रकम नबुझाएमा सो कार्यालयले निजको कारोवार रोक्का राखी सोही कार्यालय वा अन्य भन्सार कार्यालयमा रहेको निजको जुनसुकै मालवस्तु तोकिएबमोजिम लिलाम गरी वा गर्न लगाई सो रकम असुल उपर गर्नेछ ।

(३) उपदफा (२) बमोजिम लिलाम गर्दा वा गर्न लगाउदा प्राप्त भएको रकमबाट समेत उपदफा (१) बमोजिमको महसुल रकम वा जरिवाना असुल उपर हुन नसकेमा सो महसुल वा जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

७५. **भन्सार महसुल वा जरिवाना फिर्ता दिने** : (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्दा कानूनबमोजिम लाग्नेभन्दा बढी भन्सार महसुल बुझाएको रहेछ भने सम्बन्धित भन्सार कार्यालयले निजलाई त्यस्तो बढी भन्सार महसुल तोकिएबमोजिम फिर्ता दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा भन्सार महसुल फिर्ता हुनेछैन :

(क) मालवस्तु छुटाएको साठी दिनभित्र त्यस्तो महसुल फिर्ता लिन सम्बन्धित भन्सार कार्यालयमा निवेदन नदिएमा, वा

(ख) फिर्ताको लागि दावी गरिएको अङ्क पाँचसय रूपैयाँभन्दा कम भएमा ।

(३) भन्सार अधिकृतले असुल गरेको महसुल वा जरिवानाउपर यस ऐनबमोजिम परेको पुनरावेदनउपर निर्णय हुँदा त्यसरी असुल भएको सबै वा केही महसुल वा जरिवाना नलाग्ने गरी निर्णय भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सो निर्णयउपर थप पुनरावेदन नलाग्ने अवस्थामा वा अनुमति प्राप्त नहुने भनी सम्बन्धित अदालतबाट निर्णय भएपछिमात्र भन्सार अधिकृतले सम्बन्धित व्यक्तिलाई त्यस्तो भन्सार महसुल वा जरिवाना फिर्ता दिनेछ ।

७६. **मालवस्तुको धनी वा एजेन्टमा जिम्मेवारी रहने**: (१) भन्सार कार्यालयबाट दफा २८ वा २९ बमोजिम जाँच गरी दफा २३ बमोजिम जाँचपास गरिएको मालवस्तु पछि अधिकार प्राप्त अधिकारीले भन्सार क्षेत्रभित्र वा बाहिर खोली जाँच गर्दा पैठारीकर्ताले पेश गरेको बिल, बीजक अन्य कागजात वा विवरणसंग भारी वा पोकाभित्रको मालवस्तु वा अदत फरक देखिएमा सोको जिम्मेवारी मालवस्तुको धनी वा निजको एजेन्टमा रहनेछ ।

(२) कुनै मालवस्तु कानूनबमोजिम पैठारी गरी ल्याएको हो वा सो मालवस्तुमा कानूनबमोजिम लाग्ने महसुल तिरेको छ भन्ने कुराको भन्सार अधिकृतलाई चित्त बुझ्ने गरी प्रमाण दाखिल गर्ने उत्तरदायित्व सो मालवस्तु साथमा राख्ने व्यक्तिको हुनेछ ।

७७. **मालधनीले खर्च ब्यहोर्नु पर्ने** : मालवस्तुहरू बोक्ने, जाँच्न र खोल्नको लागि उचित ठाउँमा पुऱ्याउने, यन्त्रमा राख्ने र झिक्ने, खोल्ने, छुट्याउने र मालवस्तुको वा सो मालवस्तु रहेको कन्टेनर, बाकस, झोला, प्याकेट, बोरा वा यस्तै अन्य प्याकिङ्ग सामग्रीमा चिन्ह लगाउने आदि काम मालवस्तुधनीले आफ्नै खर्चमा गर्नु पर्नेछ ।

७८. **प्रतिलिपि दिन सकिने**: (१) भन्सार कार्यालयमा रहेको कुनै प्रमाणपत्र, बिल वा अन्य कागजातको प्रतिलिपि लिन चाहने सरोकारवाला व्यक्तिले तोकिएबमोजिमको दस्तुर संलग्न गरी निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन जाँचबुझ गरी निवेदकलाई त्यस्तो बिल वा कागजातको प्रतिलिपि सम्बन्धित भन्सार अधिकृतले दिन सक्नेछ ।

७९. **पैठारी भएको मालवस्तुको प्रमाणपत्र दिने** : विदेशमा बिक्री कर वा अन्य कुनै कर लाग्ने मालवस्तु पैठारी गर्ने व्यक्तिले त्यस सम्बन्धी प्रमाणपत्र लिनको लागि सम्बन्धित भन्सार

कार्यालयमा दरखास्त दिएमा भन्सार अधिकृतले निवेदकबाट तोकिएबमोजिम दस्तुर लिई निवेदकलाई तोकिएबमोजिमको ढाँचामा प्रमाणपत्र दिन सक्नेछ ।

८०. **जानकारी माग गर्न सक्ने** : (१) पैठारीकर्ताले आफूले पैठारी गरेको मालवस्तुको भन्सार मूल्य निर्धारण गर्न भन्सार कार्यालयले अवलम्बन गरेको आधारका सम्बन्धमा सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिई जानकारी माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा सो कार्यालयले निजलाई त्यस्तो जानकारी सात दिनभित्र दिनु पर्नेछ ।

८१. **म्याद जारी तथा कारवाई र किनारा** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएतापनि यस ऐन अन्तर्गतको कसूरको सिलसिलामा भन्सार अधिकृत वा निजले अधिकार प्रदान गरेको भन्सार कार्यालयको अन्य अधिकृत कर्मचारीले सम्बन्धित व्यक्तिका नाममा शुरू म्याद जारी गर्दा तोकिएबमोजिम जारी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको म्याद थमाउन पाइने छैन ।

(३) यस ऐन बमोजिम दर्ता भएको मुद्दा भन्सार अधिकृतले सामान्यतया तीन महिनाभित्र किनारा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र किनारा गर्न नसकेमा सोको कारण खुलाई महानिर्देशकलाई जानकारी दिनु पर्नेछ ।

८२. **सूचना जारी गर्ने तरीका**: यस ऐन र यस अन्तर्गत बनेको नियममा छुट्टै व्यवस्था भएकोमाबाहेक भन्सार कार्यालयको काम कारबाईसंग सरोकार भएको वा हुनसक्ने व्यक्तिको नाममा सो कार्यालयले व्यक्तिगत वा सार्वजनिक सूचना जारी गर्दा सात दिनको अवधि दिई तोकिएबमोजिम सूचना जारी गर्नु पर्नेछ ।

८३. **अधिकार प्रत्यायोजन गर्न सक्ने**: (१) नेपाल सरकारले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफूले पाएको सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी महानिर्देशक वा सो सूचनामा तोकिएको अरू कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस ऐनबमोजिम महानिर्देशकले आफूलाई प्राप्त भएको अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार आफ्नो मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८४. **अर्थ मन्त्रालयले अधिकारी तोकी अधिकार सुम्पन सक्ने**: यस ऐन अन्तर्गत भन्सार अधिकृतलाई भएको सबै वा केही अधिकार अर्थ मन्त्रालयले कुनै अधिकारीलाई सुम्पन सक्नेछ ।

८५. **अर्थ मन्त्रालयले कुनै अधिकारीलाई तोक्न सक्ने**: (१) भन्सार अधिकृत वा अन्य कर्मचारी समेत मिली यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गर्न लागेको वा गरिरहेको वा गरेको छ भन्ने उजूरी परेमा अर्थ मन्त्रालयले सो काम सम्बन्धी कारबाई गर्न अर्को भन्सार अधिकृत वा अन्य अधिकारीलाई तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अधिकारीले त्यस्तो कारबाई यस ऐनबमोजिम गर्नु पर्नेछ।

८६. **अदालतलाई भए सरहको अधिकार हुने**: यस ऐनको प्रयोजनका लागि भन्सार अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने र मुद्दाको पुर्पक्ष गर्ने सम्बन्धमा प्रचलित कानूनबमोजिम शुरू अदालतलाई भए सरहको अधिकार हुनेछ।

८७. **सहयोग र मद्दत दिने कर्तव्य** : भन्सार अधिकृत वा अरू कर्मचारीले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम आफ्नो कर्तव्य पालन र अधिकार प्रयोग गर्दा प्रहरी तथा अन्य सरकारी कर्मचारीसंग कुनै प्रकारको सहयोग वा मद्दत माग गरेमा त्यस्तो सहयोग वा मद्दत दिनु त्यस्तो प्रहरी वा कर्मचारीको कर्तव्य हुनेछ।

८८. **अन्य निकायले हस्तक्षेप गर्न नहुने** : निकासी वा पैठारीको लागि भन्सार कार्यालयभित्र रहेको मालवस्तु सो कार्यालयबाट जाँचपास भई भन्सार क्षेत्रबाट नहटाइएसम्म सो मालवस्तुका सम्बन्धमा कुनै अधिकारी वा निकायले कुनै प्रकारको हस्तक्षेप गर्न हुँदैन।

८९. **मालवस्तुको शीर्षक वा उपशीर्षक तोक्ने अधिकार** : (१) भन्सार महसुल निर्धारण गर्दा कुनै मालवस्तु हार्मोनाइज्ड् पद्धतिको कुन शीर्षक वा उपशीर्षकमा पर्छ भन्ने कुरामा द्विविधा उत्पन्न भएमा भन्सार अधिकृतले सो मालवस्तुलाई महानिर्देशकले तोकिदिएबमोजिमको शीर्षक वा उपशीर्षकमा वर्गीकरण गर्नुपर्नेछ।

(२) कुनै निकासीकर्ता वा पैठारीकर्ताले मालवस्तु निकासी वा पैठारी हुनुपूर्व नै त्यस्तो मालवस्तुको वस्तु वर्गीकरणको शीर्षक वा उपशीर्षक तोकिदिनको लागि सम्बन्धित विषयको विशेषज्ञसमेत रहेको तोकिएको समितिसमक्ष निवेदन दिएमा सो समितिले मालवस्तुको नमूना समेत जाँची त्यस्तो मालवस्तुको शीर्षक वा उपशीर्षक तोकिदिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम महानिर्देशकले र उपदफा (२) बमोजिम समितिले शीर्षक वा उपशीर्षक तोक्दा विश्व भन्सार सङ्गठनको हार्मोनाइज्ड् सिष्टमको आधिकारिक प्रतिलाई आधार लिई तोक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम मालवस्तुको शीर्षक वा उपशीर्षक तोक्ने प्रयोजनको लागि सम्बन्धित विशेषज्ञ वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायको राय लिन सकिनेछ ।

(५) उपदफा (२) बमोजिमको समितिको, अन्य काम तथा बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

९०. **आदेश जारी गर्न सक्ने**: यस ऐन कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ हटाउनको लागि अर्थ मन्त्रालयले यस ऐनको प्रतिकूल नहुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न सक्नेछ ।

९१. **कारबाही गर्ने अधिकार**: भन्सार क्षेत्रबाहेक अन्यत्रबाट भन्सार महसुल छली मालवस्तु ल्याउन लागेका बखत कसैले पक्राउ गरी यस ऐन अनुसार कारबाहीका लागि पेश गरेमा सोउपर कारवाई गर्ने अधिकार महानिर्देशक वा निजले खटाएको अधिकारीलाई हुनेछ ।

९२. **नियम बनाउने अधिकार**: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले निकासी वा पैठारी हुने मालवस्तुका सम्बन्धमा उत्पत्तिको नियम बनाउन सक्नेछ ।

९३. **निर्देशिका बनाउन सक्ने अधिकार**: विभागले यस ऐन वा यस अन्तर्गत बनेको नियमको अधीनमा रही भन्सार कार्यालयबाट मालवस्तुको मूल्याङ्कन गर्ने प्रक्रिया, मालवस्तुको जाँचपास गर्ने प्रक्रिया तथा मालवस्तु लिलाम गर्ने सम्बन्धमा निर्देशिका बनाउन सक्नेछ ।

९४. **खारेजी तथा बचाउ**: (१) भन्सार ऐन, २०१९ खारेज गरिएको छ ।

(२) भन्सार ऐन, २०१९ बमोजिम स्थापना भएको भन्सार विभाग तथा भन्सार कार्यालयहरू यसै ऐन बमोजिम स्थापना भएको मानिनेछन् ।

(३) भन्सार ऐन, २०१९ अन्तर्गत भएका कामकारबाईहरू यसै ऐन बमोजिम भए गरेका मानिनेछन् ।

२१.२ भन्सार नियमावली, २०६४

भन्सार नियमावली, २०६४

(दोश्रो संशोधनसमेत मिलाइएको)

लागू	२०६५।१।१५
पहिलो संशोधन	२०६५।१०।२७
दास्रो संशोधन	२०६६।३।२९

भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरूको नाम "भन्सार नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्छ ।

(ख) "तेस्रो मुलुक" भन्नाले भारत बाहेकका अन्य विदेशी मुलुक सम्झनु पर्छ ।

(ग) "मूल्याङ्कन पुनरावलोकन समिति" भन्नाले ऐनको दफा ६१ को उपदफा (२) बमोजिम गठित समिति सम्झनु पर्छ ।

(घ) "मालवस्तुधनी" भन्नाले निकासी वा पैठारी हुने जुनसुकै मालवस्तुको धनी सम्झनु पर्छ ।

परिच्छेद-२
भन्सार महसुल सुविधा, छुट तथा अन्य सुविधासम्बन्धी व्यवस्था

३. **कूटनीतिक सुविधा वा महसुल सुविधा दिन सकिनेः** (१) ऐनको दफा ९ को उपदफा (१) बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा पाउने निकाय, पदाधिकारी वा व्यक्तिले त्यस्तो सुविधा लिनका लागि सुविधा लिन खोजेको मालवस्तुको विवरण, मूल्य र परिमाणसमेत उल्लेख गरी परराष्ट्र मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गर्दा कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्ने देखिएमा परराष्ट्र मन्त्रालयले अनुसूची-१ बमोजिमको ढाँचामा दुई प्रति सिफारिस फाराम भरी विभागमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सिफारिस फाराम प्राप्त भएपछि विभागले एक प्रति सिफारिस फाराम सम्बन्धित भन्सार कार्यालय वा करमुक्त पसलमा कार्यान्वयनका लागि पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सिफारिस फाराम प्राप्त भएपछि सम्बन्धित भन्सार कार्यालय वा करमुक्त पसलले सो सिफारिसबमोजिम सम्बन्धित निकाय, पदाधिकारी वा व्यक्तिलाई कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिएको विवरण सम्बन्धित भन्सार कार्यालय वा करमुक्त पसलले विभागमा पठाउनु पर्नेछ र सो विवरणको एक प्रति अभिलेखका लागि आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

(६) यस नियमको प्रयोजनको लागि परराष्ट्र मन्त्रालयले कूटनीतिक सुविधा वा महसुल सुविधाको सिफारिस गर्ने फाराममा दस्तखत गर्ने आधिकारिक व्यक्तिको दस्तखतको नमूना अग्रिम रूपमा विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

४. **नेपालको कुनै भागबाट विदेशको बाटो गरी पुनः नेपालभित्र ल्याउने मालवस्तुको महसुल सुविधा सम्बन्धी व्यवस्था** : (१) नेपालको कुनै भागबाट विदेशको बाटो गरी पुनः नेपालभित्र कुनै मालवस्तु ल्याउन चाहने मालवस्तुधनीले मालवस्तुकासाथ प्रज्ञापनपत्र भरी सम्बन्धित भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ । त्यस्तो प्रज्ञापनपत्रमा सो मालवस्तु पुनः कुन भन्सार कार्यालयबाट नेपालभित्र ल्याइने हो सोसमेत स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रज्ञापनपत्रउपर जाँचबुझ गर्दा नेपालको बाटोबाट मालवस्तु लैजान सक्ने यातायातको सस्तो र सजिलो साधन तथा सुविधा छ र भन्सार प्रशासनका दृष्टिले पनि नेपालको बाटो प्रयोग गरी मालवस्तु लैजान मनासिव देखिएमा भन्सार कार्यालयको प्रमुखले विदेशको बाटो गरी मालवस्तु लैजान स्वीकृति दिनेछैन ।

(३) उपनियम (१) बमोजिम प्राप्त प्रज्ञापनपत्रउपर जाँचबुझ गर्दा नेपालको बाटोबाट मालवस्तु लैजान सक्ने यातायातको सस्तो र सजिलो साधन तथा सुविधा नभएको र भन्सार प्रशासनका दृष्टिले विदेशको बाटो गरी मालवस्तु लैजान मनासिब देखिएमा भन्सार कार्यालयको प्रमुखले त्यस्तो मालवस्तुमा लाग्ने भन्सार महसुलको लगत राखी वा भन्सार महसुल धरौटी लिई त्यस्तो मालवस्तुको विवरण खुलाई भन्सार कार्यालयको सील लगाई सो मालवस्तु नेपालको कुनै भागबाट विदेशको बाटो प्रयोग गरी पुनः नेपालभित्र ल्याउने गरी निर्दिष्ट स्थानमा पुऱ्याउन लाग्ने बाटाको म्याद तोकी सोही व्यहोरा प्रज्ञापनपत्रमा खुलाई एक प्रति प्रज्ञापनपत्र मालवस्तुधनीलाई दिई त्यस्तो मालवस्तु लैजान अनुमति दिनु पर्नेछ ।

(४) कुनै विदेशी मुलुकमा पैठारी गर्न निषेध गरिएका मालवस्तु त्यो मुलुकको बाटो गरी नेपालको एक भागबाट अर्को भागमा ल्याउन परेमा नेपाल र सो मुलुक बीच पारवहन सम्बन्धमा कुनै सन्धि वा सम्झौता भएको रहेछ भने मालवस्तुधनीले त्यस्तो सन्धि वा सम्झौता अन्तर्गतको स्वीकृत कार्य प्रणालीको रीत पुऱ्याई लैजानु पर्नेछ ।

(५) निकासी गर्न अनुमति दिने भन्सार कार्यालयले उपनियम (३) बमोजिम दिएको प्रज्ञापनपत्र र सोबमोजिमको मालवस्तु तथा ढुवानी सम्बन्धी कागजात पैठारी हुने भन्सार कार्यालयमा पेश हुन आएमा र सबै विवरण भिडाउँदा ठीक देखिएमा सो भन्सार कार्यालयले भन्सार महसुल नलिई सोही व्यहोरा प्रज्ञापनपत्रमा जनाई त्यस्तो मालवस्तु पैठारी गर्न अनुमति दिनेछ र सो प्रज्ञापनपत्रको एक प्रति संलग्न गरी निकासी गर्न अनुमति दिने भन्सार कार्यालयलाई तीन दिनभित्र जानकारी पठाइदिनु पर्नेछ ।

तर निकासी गर्न अनुमति दिएको भन्सार कार्यालयले दिएको प्रज्ञापनपत्र मालवस्तु पैठारी हुने भन्सार कार्यालयमा दाखिला नभएमा पैठारी वापतको महसुल धरौटी लिएर मात्र मालवस्तु पैठारी गर्न दिनु पर्नेछ ।

(६) निकासी गर्न अनुमति दिने भन्सार कार्यालयले उपनियम (५) बमोजिम जानकारी प्राप्त भै धरौटी फिर्ता वा लगत कट्टा गरिदिन हुने अवस्था देखेमा धरौटी फिर्ता वा लगत कट्टा गरिदिनु पर्नेछ ।

तर निकासी गर्न अनुमति दिइएको मालवस्तु आंशिक रूपमा मात्र पैठारी भएको देखिएमा पैठारी नभएको मालवस्तुको लाग्ने भन्सार महसुल धरौटी रकमबाट कट्टा गरी असुलउपर गर्नु पर्नेछ । कुनै मालवस्तुको लाग्ने महसुलको लगत राखी मालवस्तु छाडेको भए सो महसुल सात दिनभित्र असुलउपर गर्नु पर्नेछ ।

५. **विदेशबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा लैजाने मालवस्तुको महसुल सुविधासम्बन्धी व्यवस्था** : (१) विदेशी मुलुकबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा कुनै मालवस्तु लैजान चाहने मालवस्तुधनीले नेपालको बाटो प्रयोग गर्नु पर्ने कारण, नेपालभित्र पैठारी गर्ने र नेपालबाट निकासी गर्ने भन्सार कार्यालयको नाम र मालवस्तुको विवरणसहित विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा विभागले त्यस्तो मालवस्तु विदेशबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा लैजान अनुमति प्रदान गर्नेछ । यसरी अनुमति प्रदान गर्नुअघि विभागले सम्बन्धित मुलुकको नेपालस्थित दूतावास वा कूटनीतिक नियोगको सिफारिस पत्र माग गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमति प्राप्त गरेपछि मालवस्तुधनीले त्यस्तो अनुमति संलग्न गरी मालवस्तुकासाथ प्रज्ञापनपत्र भरी सम्बन्धित भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ । यस्तो प्रज्ञापनपत्रमा सो मालवस्तु कुन भन्सार कार्यालयबाट पुनः विदेशमा निकासी गर्ने हो सो कुरासमेत स्पष्ट रूपमा खुलाउन पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रज्ञापनपत्र प्राप्त हुन आएमा सम्बन्धित भन्सार कार्यालयले त्यस्तो मालवस्तुको विवरण खुलाई आफ्नो कार्यालयको सील लगाई सो मालवस्तु विदेशी मुलुकको कुनै भागबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा लैजाने गरी निर्दिष्ट स्थानमा पुर्‍याउन बढीमा सात दिनको बाटाको म्याद तोकी सोही व्यहोरा प्रज्ञापनपत्रमा खुलाई एक प्रति प्रज्ञापनपत्र मालवस्तुधनीलाई दिई विभागको अनुमतिबमोजिम मालवस्तु लैजान दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम दिएको प्रज्ञापनपत्र र सोबमोजिमको मालवस्तु तथा ढुवानीसम्बन्धी कागजात निकासी हुने भन्सार कार्यालयमा पेश हुन आएमा र सबै विवरण भिडाउँदा ठीक देखिएमा सो भन्सार कार्यालयले भन्सार महसुल नलिई सोही व्यहोरा प्रज्ञापनपत्रमा जनाई त्यस्तो मालवस्तु निकासी गर्न अनुमति दिनेछ र सो प्रज्ञापनपत्रको एक प्रति संलग्न गरी पैठारी गर्ने भन्सार कार्यालयलाई तीन दिनभित्र जानकारी पठाइदिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम जानकारी प्राप्त भएपछि पैठारी गर्न दिएको भन्सार कार्यालयले मालवस्तु धनीबाट पहिले धरौटी लिएको भए सो धरौटी फिर्ता दिनु पर्नेछ ।

तर पहिले पैठारी भएको मालवस्तु आंशिक रूपमा मात्र निकासी भएको पाइएमा निकासी नभएजति मालवस्तुमा लाग्ने महसुल धरौटी राखेको भए धरौटीबाट कट्टा गरी असुल उपर गर्नु पर्नेछ र मालवस्तुमा लाग्ने महसुल धरौटी नराखेको भए सम्बन्धित व्यक्तिबाट असुल गर्नु पर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा पैठारी गर्न निषेध गरिएका मालवस्तु विदेशबाट नेपालको बाटो प्रयोग गरी सोही मुलुकको अर्को भागमा लैजाँदा नेपाल सरकार र सम्बन्धित मुलुकको सरकारका बीच कुनै द्विपक्षीय सन्धि वा सम्झौता भएको रहेछ भने त्यस्तो सन्धि वा सम्झौताका प्रावधानहरू पूरा गर्नु पर्नेछ ।

६. **विदेशबाट नेपालको बाटो प्रयोग गरी अन्य विदेशी मुलुकमा मालवस्तु लैजाने सम्बन्धी व्यवस्था :** (१) विदेशबाट नेपालको बाटो प्रयोग गरी अर्को कुनै विदेशी मुलुकमा मालवस्तु लैजाने प्रयोजनका लागि प्रयोग हुने भन्सार कार्यालयहरू विभागले तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विदेशबाट नेपालको बाटो प्रयोग गरी अर्को कुनै विदेशी मुलुकमा मालवस्तु लैजान चाहने मालवस्तुधनीले मालवस्तुकासाथ विभागले तोकेको ढाँचामा चार प्रति फाराम तथा प्रज्ञापनपत्र भरी सम्बन्धित भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त फाराम र प्रज्ञापनपत्र उपर आवश्यक जाँचबुझ गर्दा सम्बन्धित भन्सार कार्यालयले प्रतिबन्धित मालवस्तु भएको नदेखिएमा नेपाल सरकारले तोकेबमोजिमको सेवा शुल्क लिई मालवस्तु रहेको बन्द कन्टेनरमा सील लगाई प्राप्त फारामहरू प्रमाणित गरी एक प्रति फाराम मालवस्तुधनीलाई दिई एक प्रति फाराम अभिलेखका लागि आफ्नो कार्यालयमा राखी दुई प्रति फाराम निकासी गर्ने भन्सार कार्यालयमा पठाई नेपालको बाटो प्रयोग गरी अर्को विदेशी मुलुकमा लैजान पन्ध्र दिनसम्मको बाटाको म्याद दिई अनुमति दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पैठारी गर्न अनुमति दिइएको मालवस्तु निकासी हुने भन्सार कार्यालयमा प्राप्त हुन आएमा सो कार्यालयले उपनियम (२) बमोजिमको फाराम प्रमाणित गरी त्यस्तो मालवस्तु निकासी गर्न अनुमति दिनेछ र सो फारामको एकप्रति पैठारी गर्ने भन्सार कार्यालयमा पठाई दिनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम नेपालको बाटो प्रयोग गरी अर्को विदेशी मुलुकमा निर्धारित म्यादभित्र लैजान नसकेमा सोको कारण खुलाई निकासी गर्ने म्याद थप गर्न मालवस्तुधनीले विभागमा निवेदन दिन सक्नेछ । त्यसरी प्राप्त निवेदन उपर जाँचबुझ गर्दा कारण मनासिव लागेमा विभागले मनासिव म्याद थप गरिदिन सक्नेछ ।

(६) उपनियम (३) बमोजिम पैठारी भएको मालवस्तु विदेशी मुलुकमा निर्धारित समयभित्र निकासी नगरी नेपालभित्रै बिक्री वा उपयोग गरेमा त्यस्तो मालवस्तुमा लाग्ने महसुल र शत प्रतिशत थप महसुलसमेत मालवस्तुधनीबाट असुल गरिनेछ ।

(७) यस नियमबमोजिम विदेशबाट नेपालको बाटो प्रयोग गरी अन्य विदेशी मुलुकमा मालवस्तु लैजाँदा बन्द कन्टेनरको प्रयोग गर्नु पर्नेछ ।

७. **मर्मत गर्नका लागि मालवस्तु लैजाने र ल्याउने सम्बन्धी व्यवस्था :** (१) कुनै मालवस्तु मर्मतका लागि नेपालबाट विदेशमा लैजाँदा वा मर्मत गरी विदेशबाट ल्याउँदा सो मालवस्तुको भएसम्मको नम्बर, साइज र स्पेशिफिकेशनसमेतको पूरा विवरण प्रज्ञापनपत्रमा भरी भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रज्ञापनपत्र प्राप्त हुन आएमा भन्सार अधिकृतले सो मालवस्तु हवाईजहाज वा हेलिकोप्टर वा तिनका पार्टपूर्जा भएमा मूल्यको शून्य दशमलव पाँच प्रतिशत र अन्य मालवस्तु भएमा मूल्यको पाँच प्रतिशत धरौटी लिई लैजान दिन सक्नेछ ।

(३) मर्मत गर्न विदेश निकासी गरेको मालवस्तु तीन महिनाभित्र फर्काई ल्याउनु पर्नेछ र सो म्यादभित्र फर्काइ ल्याएपछि मर्मत गर्दा लागेको खर्चबमोजिमको मूल्य र पार्टपूर्जा फेरिएको

भए सो वापतको मूल्यलाई भन्सार मूल्य मानी धरौटी राखेको रकमबाट सो महसुल कट्टा गरी बाँकी धरौटी फिर्ता दिइनेछ ।

(४) उपनियम (३) मा उल्लिखित म्यादभित्र मर्मत गरी ल्याउने समय अपुग भएमा सो कुराको प्रमाणसहित भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ र भन्सार अधिकृतले मनासिव ठहराएमा तीन महिनामा नबढाई म्याद थप गरिदिन सक्नेछ । यसरी थप भएको म्यादसमेत नपुग हुने भएमा भन्सार अधिकृतले म्याद थप्नु पर्ने आधार र कारणसहित स्वीकृतिका लागि महानिर्देशक समक्ष लेखी पठाउनु पर्नेछ र महानिर्देशकले म्याद थप गरिदिने स्वीकृति दिएकोमा सोहीबमोजिम भन्सार अधिकृतले म्याद थप गर्न सक्नेछ ।

(५) यस नियमबमोजिम मर्मतको लागि विदेश निकासी गरिएका मालवस्तु उपनियम (३) र (४) मा उल्लिखित म्यादभित्र फिर्ता नल्याई सो अवधिपछि फिर्ता ल्याएमा पहिले राखिएको धरौटी जफत गरी नयाँ मालवस्तु पैठारी गरेसरह महसुल असुल गरिनेछ ।

(६) कुनै मालवस्तु मर्मत गर्नका लागि विदेशबाट नेपालमा ल्याउन वा मर्मत गरी नेपालबाट लैजानु परेमा सो मालवस्तुधनीले मालवस्तुको भएसम्मको नम्बर, साइज र स्पेशिफिकेशनसमेतको पूरा विवरण प्रज्ञापनपत्रमा भरी भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्रज्ञापनपत्र प्राप्त हुन आएमा भन्सार अधिकृतले सो मालवस्तुमा पैठारी गर्दा लाग्ने महसुल धरौटी लिई छ महिनाभित्र मर्मत गरी फिर्ता लैजाने व्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गर्न लगाई जाँचपास गर्न सक्नेछ ।

(८) उपनियम (७) बमोजिम पैठारी भएको मालवस्तु पैठारी भएको मितिले छ महिनाभित्र मर्मत गरी निकासी गरेमा र मर्मत खर्च वापतको रकम भुक्तानी भएको प्रमाण पेश गरेमा पैठारी गर्दा राखेको धरौटी फिर्ता दिइनेछ । सो म्यादभित्र फिर्ता नलगेमा वा पैठारी गर्दा उल्लेख गरेको मालवस्तुको विवरणसँग निकासी गर्न ल्याएको मालवस्तुको विवरण नमिलेमा वा मर्मत खर्च वापतको रकम भुक्तानी गरेको प्रमाण पेश नभएमा त्यस्तो मालवस्तु र पैठारी गर्दा राखेको धरौटी जफत गरिनेछ ।

(९) हवाई सेवा सञ्चालन गर्ने गरी दर्ता भएको हवाई कम्पनीले हवाईजहाज वा हेलिकोप्टरको इन्जिन मर्मत गर्नु पर्ने भई त्यस्तो इन्जिन मर्मत गर्न लाग्ने अवधिको लागि विदेशबाट भाडामा इन्जिन पैठारी गर्नु परेमा लाग्ने भन्सार महसुल बराबरको बैङ्क जमानत भन्सार कार्यालयमा राखी बढीमा छ महिनासम्मको लागि पैठारी गर्न सक्नेछन् । सो अवधिभित्र त्यस्ता इन्जिनहरू फिर्ता लगेमा बैङ्क जमानत फुकुवा गरिनेछ र सो अवधिभित्र फिर्ता नलगेमा नियमित पैठारी गरेसरह महसुल असुल गरिनेछ ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक नियोगले कुनै मालवस्तु मर्मत गर्न निकासी गर्दा र मर्मत गरी पैठारी गर्दा सोको अभिलेख मात्र राखी धरौटी नलिई निकासी र पैठारी गर्न दिइनेछ ।

८. **निकासी वा पैठारी भएको मालवस्तु पुनः निकासी वा पैठारी गर्नेसम्बन्धी व्यवस्थाः** (१) नेपालभित्र पैठारी भएको मालवस्तु जुन उद्देश्यको लागि पैठारी गरेको हो सो उद्देश्य परिपूर्ति हुन नसकेको वा प्रयोगशाला परीक्षणबाट गुणस्तरहीन ठहरिएकोले त्यस्तो मालवस्तुको शोधभर्ना स्वरूप सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्ने वा सो वापत विदेशी मुद्रा भुक्तानी भैसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा भन्सार कार्यालयको प्रमुखले त्यस्तो मालवस्तु पैठारी भएको वा भन्सार कार्यालयमा आइपुगेको मितिले नब्बे दिनभित्र महसुल नलिई फिर्ता लैजान दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मालवस्तु फिर्ता भएकोमा त्यसरी फिर्ता भएको मितिले छ महिनाभित्र शोधभर्नास्वरूप सोही प्रकारको अर्को मालवस्तु पैठारी नगरेमा वा त्यस्तो मालवस्तु पहिले पैठारी गर्दा विदेशी मुद्रा भुक्तानी भैसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता नल्याएमा सम्बन्धित भन्सार अधिकृतले प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम फिर्ता पठाउनु पर्ने मालवस्तु फिर्ता गर्नु अगावै विदेशको आपूर्तिकर्ताले सोको शोधभर्ना स्वरूप सोही प्रकारको अर्को मालवस्तु पठाएको रहेछ भने पैठारीकर्ताको निवेदन र पेश भएका कागजातबाट त्यस्तो मालवस्तु शोधभर्ना स्वरूप पैठारी भएको देखिएमा लाग्ने महसुल लिई भन्सार अधिकृतले जाँचपास गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम शोधभर्नास्वरूप मालवस्तु पैठारी भैसकेपछि पहिले पैठारी भएको मालवस्तु उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ता पठाउदा भन्सार महसुल लाग्नेछैन र पहिले पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए त्यस्तो भन्सार महसुल फिर्ता दिइनेछ ।

तर उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ता नपठाई सो अवधिपछि फिर्ता पठाएमा सो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए पनि त्यस्तो भन्सार महसुल फिर्ता दिइने छैन ।

(५) नेपालभित्र वा विदेशी मुलुकमा लाग्ने हाटबजार, मेला वा प्रदर्शनीमा बिक्री वितरण वा प्रदर्शनका निमित्त कुनै मालवस्तु पैठारी वा निकासी गर्नु परेमा मालवस्तुधनीले पैठारी वा निकासीको प्रयोजन खुलाई प्रज्ञापनपत्रमा उल्लिखित मालवस्तु भन्सार कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम पैठारी वा निकासी हुने मालवस्तुमा लाग्ने महसुल धरौटी लिइनेछ ।

(७) हाटवजार, मेला वा प्रदर्शनीमा बिक्री वितरण गर्न पैठारी वा निकासी गरिएको मालवस्तु हाटबजारको हकमा भोलिपल्ट र मेला वा प्रदर्शनीको हकमा त्यस्तो मेला वा प्रदर्शनी समाप्त भएको मितिले बाटाको म्यादवाहेक तीस दिनभित्र पुनः पैठारी वा निकासी गर्न भन्सार कार्यालयमा दाखिला गरेमा भन्सार कार्यालयले पुनः पैठारी वा निकासी नभएको मालवस्तुमा लाग्ने महसुल धरौटी रहेको रकम मध्येबाट कटाई बाँकी धरौटी रकम मालवस्तु धनीलाई फिर्ता गर्नु पर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको सार्वजनिक संस्था वा कूटनीतिक नियोगको सिफारिसमा यस नियमबमोजिम मालवस्तु निकासी वा पैठारी गर्दा भन्सार अधिकृतले अभिलेख मात्र राखी लाग्ने महसुल नलिई निकासी वा पैठारी गर्न दिन सक्नेछ । निकासी भएको मालवस्तु विदेशमा नै खपत भएको वा पैठारी भएको मालवस्तु नेपालभित्र खपत भएको अवस्थामा त्यस्तो खपत भएको मालवस्तुमा लाग्ने महसुल सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ताबाट असुल गरिनेछ ।

(९) यस नियमबमोजिम मालवस्तु पैठारी गर्दा र निकासी गर्दा एउटै भन्सार कार्यालयबाट गर्नु पर्नेछ ।

(१०) उपनियम (९) बमोजिम एउटै भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न नसकिने अवस्था भएमा कारण खोली सम्बन्धित व्यक्तिले विभागमा निवेदन दिन सक्नेछ । त्यस्तो निवेदनमा उल्लेख भएको कारण मनासिब देखिएमा विभागले कुनै अर्को भन्सार कार्यालयबाटसमेत यस नियमको प्रयोजनका लागि त्यस्तो मालवस्तु निकासी वा पैठारी गर्न अनुमति दिन सक्नेछ ।

(११) कुनै मालवस्तु पैठारी हुँदा सो मालवस्तुको उपयोग र परिवहनका लागि त्यस्तो मालवस्तुसँगै आपूर्ति हुने, बारम्बार प्रयोगमा आउने र मालवस्तुको प्रयोग गर्दासम्म खालि गर्न नसकिने किसिमको आधानपात्र (कन्टेनर) पछि निकासी हुने शर्तमा पैठारी गर्दा लाग्ने महसुल वापत सो रकम बराबरको बैङ्क जमानत लिई प्रज्ञापनपत्रमा निकासी हुने अवधि तोकी महसुल नलिई पैठारी गर्न भन्सार अधिकृतले अनुमति दिन सक्नेछ । यसरी बैङ्क जमानत राखी पैठारी भएका आधानपात्र प्रज्ञापनपत्रमा तोकिएको म्यादभित्र निकासी नभएमा लाग्ने महसुल बैङ्क जमानतबाट असुल गरिनेछ ।

तर त्यस्तो आधानपात्रभित्र रहेको मालवस्तु उपभोग गर्ने व्यक्तिले सो आधानपात्रबाट अन्य आधानपात्रमा खन्याई उपभोग गर्न सकिने रहेछ भने त्यस्तो मालवस्तुको आधानपात्रमा यस नियमबमोजिमको सुविधा प्रदान गरिने छैन ।

(१२) कुनै उद्योगले स्वप्रयोजनको लागि उपनियम (११) बमोजिमको खाली आधानपात्रमा मालवस्तु भरी ल्याउनको लागि त्यस्तो आधानपात्र निकासी गर्न चाहेमा सो व्यहोरा खुलाई भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(१३) उपनियम (१२) बमोजिम निवेदन प्राप्त हुन आएमा सम्बन्धित भन्सार अधिकृतले त्यस्तो खाली आधानपात्रको मूल्यको पाँच प्रतिशतले हुने रकम नगद धरौटी वा सो रकम बराबरको कम्तीमा छ महिनाको बैङ्क जमानत लिई तीन महिनासम्मको म्याद दिई सो म्यादभित्र त्यस्तो आधानपात्रमा मालवस्तु भरी पुनः पैठारी गर्ने शर्तमा त्यस्तो आधानपात्र निकासी गर्न अनुमति दिनु पर्नेछ ।

(१४) कुनै कारणले उपनियम (१३) बमोजिमको म्यादभित्र त्यस्तो आधानपात्र पुनः पैठारी गर्न नसकेको कारण सहित सम्बन्धित उद्योगले म्याद थपका लागि निवेदन दिएमा र

त्यस्तो निवेदन जाँचबुझ गर्दा निवेदनको व्यहोरा मनासिब देखिएमा सम्बन्धित भन्सार कार्यालयको प्रमुखले बढीमा एक महिनाको म्याद थप गरिदिन सक्नेछ ।

(१५) उपनियम (१४) बमोजिमको म्यादभित्र सम्बन्धित उद्योगले त्यस्तो आधानपात्रमा मालवस्तु भरी पुनः पैठारी गरेमा भन्सार अधिकृतले सो मालवस्तुमा लाग्ने महसुल असुल गरी उपनियम (१३) बमोजिम त्यस्तो उद्योगले नगद धरौटी राखेको भए त्यस्तो धरौटी फिर्ता दिनेछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए त्यस्तो जमानत फुकुवा गर्नेछ ।

(१६) उपनियम (१४) बमोजिमको म्यादभित्र सम्बन्धित उद्योगले त्यस्तो आधानपात्र पुनः पैठारी गरी नल्याएमा भन्सार अधिकृतले त्यस्तो उद्योगले राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्नेछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गर्नु पर्नेछ । त्यस्तो आधानपात्र त्यस्तो म्याद नाघे पछि पुनः पैठारी गरी ल्याएको भएमा भन्सार अधिकृतले त्यस्तो उद्योगले राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्नेछ र नगद धरौटी नराखी बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गरी आधानपात्रमा ल्याएको मालवस्तुमा लाग्ने महसुल लिई जाँचपास गर्न सक्नेछ ।

(१७) कुनै पैठारीकर्ताले आफूले पैठारी गरेको बस वा ट्रकको चेसिस पैठारी गरेको मितिले तीन महिनाभित्र बडी बनाउनको लागि निकासी गर्न चाहेमा त्यस्तो चेसिस पैठारी गर्दाको प्रज्ञापनपत्र संलग्न गरी भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(१८) उपनियम (१७) बमोजिम निवेदन प्राप्त हुन आएमा भन्सार अधिकृतले बस वा ट्रकको चेसिसको मूल्यको पाँच प्रतिशतले हुने रकम नगद धरौटी वा सो बराबरको बैङ्क जमानत लिई छ महिनाको म्याद दिई बडी बनाई पुनः पैठारी गर्ने शर्तमा निकासी गर्न अनुमति दिनु पर्नेछ ।

(१९) उपनियम (१८) बमोजिम निकासी भएको बस वा ट्रकको चेसिसबाट छ महिनाभित्र बडी बनाई पुनः पैठारी गरेमा भन्सार अधिकृतले बडी बनाई ल्याउँदा लागेको मूल्यमा लाग्ने महसुल असुल गरी पैठारीकर्ताले नगद धरौटी रकम राखेको भए त्यस्तो नगद धरौटी फिर्ता दिनेछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए त्यस्तो बैङ्क जमानत फुकुवा गर्नेछ ।

(२०) उपनियम (१८) बमोजिमको म्यादभित्र पैठारीकर्ताले त्यस्तो बस वा ट्रकको बडी बनाई पुनः पैठारी गरी नल्याएमा भन्सार अधिकृतले निजले राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्नेछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गर्नु पर्नेछ । त्यस्तो बस वा ट्रकको चेसिस यस नियम बमोजिमको म्याद नाघे पछि पुनः पैठारी गरी ल्याएकोमा भन्सार अधिकृतले निजले राखेको नगद धरौटी राजस्व खातामा जम्मा गर्नु पर्नेछ र नगद धरौटीको सट्टा बैङ्क जमानत राखेको भए सम्बन्धित बैङ्क वा वित्तीय संस्थाबाट त्यस्तो रकम असुल गरी बस वा ट्रकको बडी बनाई ल्याउँदा लागेको मूल्यमा लाग्ने महसुल असुल गरी जाँचपास गर्न सक्नेछ ।

परिच्छेद-३
<u>बण्डेड वेयर हाउस, बैङ्क जमानत र विशेष आर्थिक क्षेत्रसम्बन्धी व्यवस्था</u>

९. **बण्डेड वेयर हाउसको इजाजतपत्रसम्बन्धी व्यवस्थाः** (१) बण्डेड वेयर हाउसको सुविधा लिन चाहने देहायका उद्योग वा व्यक्तिले इजाजतपत्रको लागि विभाग समक्ष निवेदन दिनु पर्नेछ :-

(क) विदेशमा तयारी पोशाक निकासी गर्ने उद्योग,

(ख) आफ्नो उत्पादन तेस्रो मुलुकमा निकासी गर्ने उद्योग,

(ग) खण्ड (क) मा उल्लिखित उद्योगबाहेक आफ्नो उत्पादनको न्यूनतम पचास प्रतिशत भारतमा निकासी गर्ने उद्योग ,

(घ) नेपाल सरकारबाट स्वीकृति प्राप्त गरेको करमुक्त पसलबाट बिक्री गर्नका लागि मालवस्तु पैठारी गर्ने व्यक्ति ।

(२) उपनियम (१) बमोजिम निवेदन दिने उद्योगले सोही उपनियमको खण्ड (क), (ख) वा (ग) बमोजिमको उद्योग हो भन्ने कुराको प्रमाणसमेत पेश गर्नु पर्नेछ ।

तर सञ्चालनमा आएको एक वर्ष पूरा नगरेको उद्योगले बण्डेड वेयर हाउसको इजाजतपत्र लिन चाहेमा निकासी योजना र आफ्नो उत्पादन विदेशमा निकासी गर्ने वा उत्पादनको न्यूनतम पचास प्रतिशत भारतमा निकासी गर्ने शर्तसहितको कबुलियतनामा पेश गरेमा सो प्रमाण पेश गर्नुपर्ने छैन ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर आवश्यक जाँचबुझ गर्दा बण्डेड वेयर हाउसको इजाजतपत्र दिन मनासिव देखिएमा विभागले इजाजतपत्र दस्तुरवापत छ हजार रूपैया लिई निवेदकलाई इजाजतपत्र दिन सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ । यस्तो इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले प्रत्येक आर्थिक वर्षका लागि सो आर्थिक वर्ष शुरू हुनु अगावै नवीकरण दस्तुरवापत तीन हजार रूपैंयाँ तिरी विभागबाट त्यस्तो इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम इजाजतपत्र नवीकरण गराउन नसक्ने इजाजतपत्रवालाले प्रत्येक आर्थिक वर्षका लागि तीन हजार रूपैयाँ थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र नवीकरण नगरेको अवधिमा बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले बण्डेड वेयर हाउसको सुविधा उपभोग गर्न पाउने छैन ।

१०. **<u>बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले प्राप्त गर्ने सुविधा:</u>** (१) नियम ९ बमोजिम बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले निकासी गरिने वा स्वदेशमा नै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थ वा सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलसमेत) मा लाग्ने महसुलवापत बैङ्क जमानत दिई पैठारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बैङ्क जमानत दिंदा पैठारी गरिने मालवस्तुमा लाग्ने भन्सार महसुल, सोको पच्चीस प्रतिशतले हुने थप रकम हिसाब गरी हुन आउने रकम बराबरको बैङ्क जमानत दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दिइने बैङ्क जमानतको अवधि छ महिनादेखि एक वर्षसम्मको हुनु पर्नेछ । छ महिनाको बैङ्क जमानत दिएकोमा पछि म्याद थप गर्नु परेमा बढीमा छ महिनासम्म थप गर्न सकिनेछ ।

तर नियम १३ बमोजिम म्याद थप गरिएकोमा बैङ्क जमानतको म्यादसमेत सोहीबमोजिम थप गर्नु पर्नेछ ।

(४) नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलको हकमा उद्योग विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी बण्डेड वेयर हाउसको सुविधा दिन सिफारिस गरेको अवस्थामा मात्र यस नियमबमोजिम सुविधा दिइनेछ ।

(५) बण्डेड वेयर हाउसको इजाजतपत्र प्राप्त गरी करमुक्त पसल सञ्चालन गर्न स्वीकृतिप्राप्त व्यक्तिले त्यस्तो करमुक्त पसलबाट बिक्री गर्नको लागि पैठारी गर्ने मालवस्तुमा लाग्ने महसुल बराबरको रकमको बैङ्क जमानत राखी पैठारी गर्न पाउनेछ । यसरी मालवस्तु पैठारी गर्दा विभागबाट त्यस्तो मालवस्तु र परिमाणको स्वीकृति लिनु पर्नेछ ।

(५क) उपनियम (५) बमोजिम पैठारी गर्ने मालवस्तु मध्ये मदिरा र चुरोट नेपाल सरकार, परराष्ट्र मन्त्रालयले नियम ३ को उपनियम (२) बमोजिम गरेको सिफारिसको आधारमा विभागबाट कूटनीतिक तथा महसुल सुविधा दिन तोकिएको व्यक्ति वा निकायलाई मात्र बिक्री गर्न पाउनेछ ।

(६) बण्डेड वेयर हाउसको इजाजतपत्रप्राप्त उद्योगले आफ्नो उत्पादन खरिद गर्ने विदेशी क्रेतासँग गरेको सम्झौताअनुसार वाणिज्य विभागको सिफारिसमा बाइ ब्याक सम्झौता अन्तर्गत प्रतीतपत्रबिना विदेशस्थित क्रेताले बिना मूल्य पठाएको कच्चापदार्थ एवं सहायक कच्चापदार्थ पैठारी गरी सोबाट तयारी वस्तु बनाई उत्पादन प्रक्रियामा लागेको खर्च र मुनाफा मात्र भुक्तानी लिने गरी सोही क्रेतालाई वा वाणिज्य विभागको सिफारिसबमोजिम अन्य व्यक्तिलाई निकासी गर्ने भएमा त्यस्तो कच्चापदार्थ एवं सहायक

कच्चापदार्थ पैठारी गर्दा लाग्ने भन्सार महसुल वापतको रकम बराबरको बैङ्क जमानत दिई पैठारी गर्न पाउनेछ ।

(७) उपनियम (६) बमोजिम मालवस्तु पैठारी गर्दा पैठारीकर्ताले पैठारीकै अवस्थामा वाणिज्य विभागले तोकेको शर्त र प्रक्रिया पूरा गरी प्रतीतपत्रबिना पैठारी गर्न दिन सो विभागले भन्सार कार्यालयका नाममा दिएको सिफारिसपत्र, विदेशी क्रेतासँग गरेको सम्झौता र बिनामूल्यको तर भन्सार प्रयोजनका लागि मूल्य खुलाइएको बीजकसमेत प्रज्ञापनपत्र साथ संलग्न गर्नु पर्नेछ ।

(८) यस नियमबमोजिम बैङ्क जमानत दिंदा प्रचलित कानूनबमोजिम बैङ्क जमानत जारी गर्न पाउने बैङ्क वा वित्तीय संस्थाले जारी गरेको बैङ्क जमानत दिनु पर्नेछ ।

११. **धरौटी वा बैङ्क जमानत राखी मालवस्तु पैठारी गर्ने सम्बन्धी विशेष व्यवस्थाः** (१) हवाई कम्पनीले अन्तर्राष्ट्रिय उडानका लागि आवश्यक पर्ने क्याटरिङ्गका मालवस्तु र इन्फ्लाइट करमुक्त पसलमा बिक्री गर्ने मालवस्तु पैठारी गर्दा सो मालवस्तुमा लाग्ने भन्सार महसुल वापतको रकम धरौटी राखी वा सो बराबरको बैङ्क जमानत राखी पैठारी गर्न पाउनेछ । त्यस्तो हवाई कम्पनीले त्यस्तो मालवस्तु आफैले पैठारी नगरी बण्डेड वेयर हाउस वा करमुक्त पसलबाट खरिद गर्न चाहेमा विभागले तोकेको बण्डेड वेयर हाउस वा करमुक्त पसलबाट खरिद गर्न सक्नेछ ।

(२) नेपालका कपडा उद्योगले उत्पादन गर्ने कपडा निकासी मुलक तयारी पोशाक उद्योगलाई बिक्री गर्ने भएमा सो कपडा उत्पादनका लागि आवश्यक पर्ने धागो पैठारी गर्दा कपडा उद्योग संघको सिफारिसमा सो धागोमा लाग्ने भन्सार महसुल वापतको रकम बराबरको बैङ्क जमानत राखी पैठारी गर्न पाउनेछ ।

१२. **बण्डेड वेयर हाउसको सुविधाप्राप्त उद्योग वा व्यक्तिले पालन गर्नुपर्ने शर्तहरूः** (१) बण्डेड वेयर हाउसको सुविधाप्राप्त उद्योगले आफ्नो उत्पादन निकासी गर्दा प्रतीतपत्र वा प्रचलित बैङ्किङ कागजातको माध्यमबाट गर्नु पर्नेछ ।

(२) बण्डेड वेयर हाउसको सुविधाप्राप्त उद्योगले पैठारी गरेको कच्चापदार्थ वा सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलसमेत) बाट त्यस्तो मालवस्तु पैठारी भएको मितिले एघार महिनाभित्र तयारी मालवस्तु बनाई निकासी गरिसक्नु पर्नेछ ।

(३) बण्डेड वेयर हाउसको सुविधा लिई नियम १० बमोजिम पैठारी भएको कच्चा पदार्थ एवं सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलसमेत) बाट तयारी मालवस्तु बनाई निकासी गर्दा भन्सार कार्यालयले कायम गरेको मूल्यको न्यूनतम दस प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको मूल्य अभिवृद्धिको प्रतिशत गणना गर्दा निकासी भएको मालवस्तुको एफ.ओ.बी. मूल्यबाट त्यस्तो मालवस्तु उत्पादन गर्न प्रयोग भएको नियम १० बमोजिम मालवस्तु पैठारी गर्दा भन्सारले कायम गरेको मूल्य घटाई हुन आउने अङ्कलाई त्यस्तो मालवस्तु उत्पादन गर्न प्रयोग भएको मालवस्तु पैठारी गर्दा भन्सारले कायम गरेको मूल्यले भाग गर्दा आउने अङ्कलाई १०० ले गुणा गरी निकालिनेछ ।

(५) बण्डेड वेयर हाउसको सुविधाप्राप्त व्यक्तिले करमुक्त पसलबाट बिक्री गर्नका लागि पैठारी गरेको मालवस्तु पैठारी गरेको मितिले एकवर्षभित्र करमुक्त पसलबाट बिक्री गरिसक्नु पर्नेछ ।

(६) नियम ११ को उपनियम (२) बमोजिम धागो पैठारी गर्ने कपडा उद्योगले आफूले पैठारी गरेको धागोबाट कपडा बनाई पैठारी गरेको मितिले एघार महिनाभित्र तयारी पोशाक उद्योगलाई बिक्री गरिसक्नु पर्नेछ ।

१३. **म्याद थप गर्न सक्ने**: नियम १२ को उपनियम (२), (५) र (६) बमोजिमको अवधिभित्र निकासी वा बिक्री गर्न नसकी सम्बन्धित व्यक्तिले कारणसहित म्याद थप गर्न निवेदन दिएमा र त्यस्तो कारण मनासिव देखिएमा विभागले बढीमा तीन महिनाको म्याद थप गरिदिन सक्नेछ ।

१४. **बैङ्क जमानत र धरौटी फुकुवाका लागि निवेदन दिनु पर्ने**: (१) बण्डेड वेयर हाउसको सुविधा प्राप्त उद्योगले नियम १२ को अवधिभित्र वा नियम १३ बमोजिम म्याद थप भएकोमा सो अवधिभित्र आफूले राखेको बैङ्क जमानत फुकुवा गर्नका लागि देहायका कागजात संलग्न गरी बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) नियम १० बमोजिम मालवस्तु पैठारी गरेको प्रमाण,

(ख) तयारी मालवस्तु निकासी गरेको प्रमाण,

(ग) सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको विदेशी मुद्रा आर्जन गरेको प्रमाण,

(घ) सम्बन्धित निकायबाट प्रमाणित कच्चापदार्थ एवं सहायक कच्चापदार्थ (प्याकिङ्ग मेटेरियलसमेत) को खपत अनुपातको प्रमाण ।

(२) बण्डेड वेयर हाउसको सुविधा अन्तर्गत करमुक्त पसलबाट बिक्री गर्न मालवस्तु पैठारी गर्ने व्यक्तिले पैठारी गरेको मालवस्तु नियम १२ को उपनियम (५) बमोजिमको अवधिभित्र वा नियम १३ बमोजिम म्याद थप भएकोमा सो अवधिभित्र करमुक्त पसलबाट बिक्री गरेको प्रमाण संलग्न गरी आफूले राखेको बैङ्क जमानत वा धरौटी फुकुवा गर्नका लागि बैङ्क जमानत वा धरौटी राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) नियम ११ को उपनियम (१) बमोजिम बैङ्क जमानत वा धरौटीमा मालवस्तु पैठारी गर्ने हवाई कम्पनीले आफूले राखेको बैङ्क जमानत वा धरौटी फुकुवा गर्नका लागि आफूले पैठारी गरेको मालवस्तु अन्तर्राष्ट्रिय उडानमा खर्च भएको प्रमाण संलग्न गरी बैङ्क जमानत वा नगद धरौटी राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) नियम ११ को उपनियम (२) बमोजिम बैङ्क जमानतमा धागो पैठारी गर्ने उद्योगले उक्त धागोबाट कपडा बनाई धागो पैठारी गरेको मितिले एघार महिनाभित्र तयारी पोशाक उद्योगलाई न्यूनतम दस प्रतिशत मूल्य अभिवृद्ध गरी बिक्री गरेको प्रमाण, उक्त कपडा खरिद गर्ने तयारी पोशाक उद्योग र धागो पैठारी गर्ने कपडा उद्योगबीच भएको खरिद बिक्री सम्झौता, सम्बन्धित निकायबाट प्रमाणित भएको धागोको खपत अनुपातको प्रमाण र कपडा खरिद गर्ने तयारी पोशाक उद्योगको अनुरोधमा जारी गरिएको धागो पैठारी गर्दा लागेको महसुल वापतको बैङ्क जमानत संलग्न गरी आफूले राखेको बैङ्क जमानत फुकुवा गर्नका लागि बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४क) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि धागो पैठारी गर्ने उद्योगले सो धागोबाट कपडा बनाई तयारी पोशाक उद्योगलाई बिक्री गरेपछि पनि आफूले राखेको बैंक जमानत फुकुवा नगराई त्यस्तो तयारी पोशाक उद्योगले तयारी पोशाक निकासी गरेपछि मात्र बैंक जमानत फुकुवा गराउन चाहेमा उपनियम (४) मा उल्लिखित कागजातको अतिरिक्त कपडा खरिद गर्ने तयारी पोशाक उद्योगले सो कपडाबाट तयारी पोशाक बनाई न्यूनतम दश प्रतिशत मूल्य अभिवृद्धि गरी निकासी गरेको प्रमाण, सम्बन्धित निकायबाट प्रमाणित भएको कपडाको खपत अनुपातको प्रमाण र सम्बन्धित बैङ्कले प्रमाणित गरेको निकासी गर्ने उद्योगले विदेशी मुद्रा आर्जन गरेको प्रमाण संलग्न गरी धागो पैठारी गरेको मितिले बाइस महिनाभित्र बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(५) नियम ११ को उपनियम (२) बमोजिम बैङ्क जमानतमा धागो पैठारी गर्ने उद्योगबाट कपडा खरिद गर्ने निकासी मूलक तयारी पोशाक उद्योगले उपनियम (४) बमोजिम धागो पैठारी गर्ने उद्योगले राखेको बैङ्क जमानत फुकुवा गर्न भन्सार कार्यालयमा पेश गरेको बैङ्क जमानत फुकुवा गर्नका लागि धागो पैठारी गर्ने कपडा उद्योगबाट खरिद गरेको कपडाबाट खरिद गरेको मितिले एघार महिनाभित्र तयारी पोशाक बनाई न्यूनतम दस प्रतिशत मूल्य अभिवृद्धि गरी निकासी गरेको प्रमाण, सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको विदेशी मुद्रा आर्जन गरेको प्रमाण र सम्बन्धित निकायबाट प्रमाणित भएको कपडाको खपत अनुपातको प्रमाण संलग्न गरी बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(६) नियम १० को उपनियम (६) बमोजिम मालवस्तु पैठारी गर्दा राखेको बैङ्क जमानत फकुवा गर्नका लागि नियम १२ को उपनियम (५) बमोजिमको अवधिभित्र वा नियम १३ बमोजिम म्याद थप भएकोमा सो अवधिभित्र वाणिज्य विभागले तोकेबमोजिम मूल्य अभिवृद्धि गरी तयारी मालवस्तु बनाई निकासी गरेको प्रमाण, सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको अभिवृद्धि गरेको मूल्य बराबरको विदेशी मुद्रा आर्जन गरेको प्रमाण र सम्बन्धित निकायबाट प्रमाणित

भएको कच्चापदार्थ एवं सहायक कच्चापदार्थको खपत अनुपातको प्रमाण संलग्न गरी बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निकासीकर्ताले निर्धारित अवधिभित्र सबै प्रक्रिया पूरा गरी मालवस्तु निकासी गरिसकेको तर विदेशी मुद्रा आर्जन गरेको प्रमाण मात्र पेश गर्न नसकी त्यस्तो प्रमाण पेश गर्नका लागि मनासिब कारणसहित म्याद थपको लागि निवेदन दिएमा विभागले बढीमा तीन महिनासम्मको म्याद थप गरिदिन सक्नेछ ।

१५. बैङ्क जमानत र धरौटी फुकुवा गर्ने: (१) नियम १४ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निवेदकले सो नियममा उल्लेख भएका सम्पूर्ण शर्त र प्रक्रिया पूरा गरेको देखिएमा सम्बन्धित भन्सार कार्यालयले एक महिनाभित्र बैङ्क जमानत वा धरौटी फुकुवा गर्नु पर्नेछ ।

(२) बण्डेड वेयर हाउसको सुविधा लिई पैठारी गरेको मालवस्तु निकासी भएको मालवस्तुमा आंशिक रूपमा मात्र प्रयोग भएको वा करमुक्त पसलबाट निर्धारित म्यादभित्र आंशिक रूपमा मात्र बिक्री भएको वा नियम ११ को उपनियम (२) बमोजिम पैठारी भएको धागो निकासी मूलक तयारी कपडा उद्योगलाई बिक्री गरेको कपडामा आंशिक रूपमा मात्र प्रयोग भएको वा निकासी मूलक तयारी कपडा उद्योगले त्यसरी स्थानीय रूपमा खरिद गरेको कपडा निकासी भएको तयारी कपडामा आंशिक रूपमा मात्र प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएजति मालवस्तुमा लाग्ने महसुल वापतको बैङ्क जमानत वा धरौटी मात्र फुकुवा गरिनेछ ।

१६. बैङ्क जमानतबाट महसुल असुल गर्ने र धरौटी सदरस्याहा गर्ने: (१) नियम १० वा ११ बमोजिम मालवस्तु पैठारी गर्ने व्यक्तिले नियम १२ मा उल्लेख भएका शर्तहरू पालन नगरेमा र नियम १४ बमोजिम निवेदन नदिएमा त्यस्ता व्यक्तिले बैङ्क जमानत राखेको रहेछ भने बैङ्क जमानतबाट लाग्ने महसुल असुल गरिनेछ र धरौटी राखेको रहेछ भने लाग्ने महसुल धरौटी रकमबाट सदरस्याहा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम बैङ्क जमानतबाट महसुल असुल गर्दा पैठारी भएको मालवस्तुमा पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशत थप गरी भन्सार महसुल असुल गरिनेछ ।

(३) नियम १५ को उपनियम (२) बमोजिम आंशिक रूपमा मात्र मालवस्तु प्रयोग भएकोमा प्रयोग नभएजति मालवस्तुमा पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशतसमेत थप गरी भन्सार महसुल पैठारीकर्ताले राखेको बैङ्क जमानतबाट असुल गरिनेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धरौटीबाट सदरस्याहा गरी महसुल असुल गर्दा वा करमुक्त पसलले निर्धारित म्यादभित्र मालवस्तु बिक्री नगरेको कारणले बैङ्क जमानत वा धरौटीबाट महसुल असुल गर्दा भन्सार महसुल मात्र असुल गरिनेछ ।

१७. <u>भन्सार कार्यालयले माग गरेको बैङ्क जमानतको रकम भुक्तानी गर्नु पर्ने:</u> (१) भन्सार कार्यालयको पक्षमा जारी भएको बैङ्क जमानत बराबरको रकम सम्बन्धित भन्सार कार्यालयले माग गरेमा त्यस्तो बैङ्क जमानत जारी गर्ने बैङ्क वा वित्तीय संस्थाले पन्ध्र दिनभित्र सम्बन्धित भन्सार कार्यालयको नाममा भुक्तानी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम भुक्तानी नगर्ने बैङ्क वा वित्तीय संस्थाबाट जारी भएको बैङ्क जमानत त्यस्तो भुक्तानी प्राप्त नभएसम्म भन्सार कार्यालयले स्वीकार गर्न हुदैन ।

(३) भन्सार कार्यालयको पक्षमा जारी गरिएको बैङ्क जमानत सम्बन्धित भन्सार कार्यालयबाट फुकुवा भएको लिखित जानकारी प्राप्त नभएसम्म बैङ्क जमानत जारी गर्ने बैङ्क तथा वित्तीय संस्थाले त्यस्तो बैङ्क जमानत बमोजिमको रकम सम्बन्धित भन्सार कार्यालयलाई बुझाउने दायित्वबाट उन्मुक्ति पाएको मानिने छैन ।

१८. <u>विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगलाई मालवस्तु बिक्री गर्ने र भन्सार महसुल फिर्ता दिने व्यवस्था:</u> (१) कुनै पैठारीकर्ताले पैठारी गरेको मालवस्तु विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगलाई विभागको पूर्व स्वीकृति लिई बिक्री गरेमा निजले त्यस्तो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरेको रहेछ भने त्यस्तो भन्सार महसुल फिर्ता पाउनका लागि मालवस्तु बिक्री गरेको साठी दिनभित्र देहायका प्रमाण कागजात संलग्न गरी त्यस्तो मालवस्तु जुन भन्सार कार्यालयबाट पैठारी गरेको हो सोही कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) मालवस्तु पैठारी गर्दाको बीजक, प्रज्ञापनपत्र र नगदी रसिद,

(ख) खरिदकर्ता उद्योग र विक्रेता पैठारीकर्ताबीच त्यस्तो मालवस्तु खरिद बिक्री गर्ने सम्बन्धमा भएको सम्झौतापत्र,

(ग) मालवस्तु बिक्री गरेको बीजक,

(घ) खरिदकर्ता उद्योगले त्यस्तो मालवस्तु खरिद गरेको देखिने खरिद खाताको प्रमाणित प्रतिलिपि,

(ङ) खरिदकर्ता उद्योगबाट भुक्तानी प्राप्त गरेको प्रमाण,

(च) खरिदकर्ता उद्योग वा बिक्रेताका तर्फबाट सम्बन्धित भन्सार कार्यालयका नाममा जारी भएको त्यस्तो मालवस्तुमा लागेको महसुल बराबरको बैङ्क जमानत ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार कार्यालयको प्रमुखले आवश्यक जाँचबुझ गरी महसुल फिर्ता दिनु पर्ने देखिएमा निवेदन परेका मितिले तीस दिनभित्र निवेदकलाई पूर्ण वा आंशिक रूपमा महसुल फिर्ता दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदकले माग गरेको रकम पूर्ण वा आशिक रूपमा फिर्ता दिनु नपर्ने देखिएमा कारण खोली निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम बिक्री गरेको मालवस्तु प्रयोग गरी विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले तयारी मालवस्तु बनाई निकासी गरेको प्रमाण र विदेशी मुद्रा प्राप्त गरेको प्रमाण पेश गरेपछि उपनियम (१) को खण्ड (च) बमोजिमको बैङ्क जमानत फुकुवा गरिनेछ ।

(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिक्रेताले आफ्नो पैठारी मूल्यमा भन्सार महसुलसमेत समावेश गरी त्यस्तो मालवस्तु बिक्री गरेको रहेछ भने पैठारी गर्दा तिरेको भन्सार महसुल फिर्ता दिइने छैन ।

परिच्छेद-४
प्रज्ञापनपत्र र मालवस्तु जाँच गर्ने र प्रयोगमा नआउने मालवस्तु नष्ट गर्ने सम्बन्धी व्यवस्था

१९. **विद्युतीय माध्यमबाट विवरण सम्प्रेषण गर्न सक्ने**: (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले आफूले निकासी वा पैठारी गर्ने मालवस्तुको घोषणा विद्युतीय माध्यमद्वारा सम्बन्धित भन्सार अधिकृतसमक्ष सम्प्रेषण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण सम्प्रेषण गर्ने कार्यविधि विभागले तोकेबमोजिम हुनेछ ।

२०. **सवारी चालकले दिनु पर्ने विवरण** : ऐनको दफा १७ बमोजिम सवारी साधनको चालकले सो साधनमा रहेको मालवस्तुको विवरण दिंदा अनुसूची-२ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

२१. **प्रज्ञापनपत्रसाथ संलग्न गर्नु पर्ने कागजात**: (१) ऐनको दफा १८ बमोजिम मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृतसमक्ष पेश गर्दा देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) तेस्रो मुलुकबाट मालवस्तु पैठारी गर्दा,-

(१) भुक्तानी प्रक्रियासम्बन्धी बैङ्किङ कागजात,

(२) बीजक (इन्भ्वाइस),

(३) प्याकिङ्ग लिष्ट,

(४) बिल अफ लेडिङ्ग वा एयरवे बिल,

(५) उत्पत्तिको प्रमाणपत्र,

(६) विदेशी विनिमय नियन्त्रण (वि.वि.नि.) फाराम,

(७) भारतमा ट्रान्जिट भई पैठारी गरिने मालवस्तुको हकमा भन्सार पारवहनसम्बन्धी कागजात,

(८) हवाई मार्गबाट पैठारी हुनेमा सम्बन्धित एयरलाइन्सको डेलिभरी अर्डर,

(९) भन्सार कार्यालयमा कुनै टर्मिनल सञ्चालक भएकोमा त्यस्तो टर्मिनल सञ्चालकले जारी गरेको डेलिभरी अर्डर,

(१०) प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात ।

(ख) भारतबाट मालवस्तु पैठारी गर्दा,-

(१) बीजक (इन्भ्वाइस),

(२) प्याकिङ्ग लिष्ट,

(३) प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात,

(४) इनबन्ड अन्तर्गत पैठारी गर्दा उपखण्ड (१), (२) र (३) का अतिरिक्त नेपाल इन्भ्वाइस (इनवण्ड फाराम), बि.वि.नि. फाराम, भुक्तानी प्रक्रियासम्बन्धी बैङ्किङ कागजात र सोमा उल्लेख भएबमोजिमका कागजातहरू,

(५) "ड्युटी रिफन्डेबल प्रोसिजर (डी.आर.पी.) अन्तर्गत पैठारी गर्दा उपखण्ड (१), (२) र (३) का अतिरिक्त नेपाल इन्भ्वाइस (डी. आर.पी. फाराम) ।

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "इनबन्ड" भन्नाले नेपाल राष्ट्र बैङ्कले तोकेको प्रक्रिया अनुसार विदेशी मुद्रा भुक्तानी गरी भारतबाट पैठारी गर्ने प्रक्रिया सम्झनु पर्छ र "ड्युटी रिफन्डेबल प्रोसिजर (डी.आर.पी.)" भन्नाले नेपाल र भारतबीच भएको वाणिज्य सन्धिअनुसार भारतबाट नेपालमा पैठारी हुने मालवस्तुमा भारतमा लागेको अन्तःशुल्क वापतको रकम भन्सार महसुलबाट घटाउन पाउने गरी पैठारी गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(ग) निकासी गर्दा,-

(क) बीजक (इन्भ्वाइस),

(ख) प्याकिङ्ग लिष्ट,

(ग) उत्पत्तिको प्रमाणपत्र,

(घ) तेस्रो मुलुकमा निकासी हुनेमा भुक्तानी प्रक्रियासम्बन्धी बैङ्किङ कागजात,

(ङ) प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै फर्म वा उद्योगले पहिलो पटक मालवस्तु निकासी वा पैठारी गर्न लागेको भए फर्मको हकमा फर्म दर्ताको प्रमाणपत्र, उद्योगको हकमा उद्योग दर्ताको प्रमाणपत्र र त्यस्तो फर्म वा उद्योगको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिसमेत पेश गर्नु पर्नेछ ।

२२. **प्रज्ञापनपत्रको ढाँचाः** प्रज्ञापनपत्रको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

२३. **मालवस्तु फिर्ता पठाउन सकिनेः** (१) ऐनको दफा ३० को उपदफा (४) बमोजिम मालवस्तु फिर्ता पठाउनु पर्ने भएमा त्यस्तो मालवस्तु पैठारी गर्ने व्यक्तिले मालवस्तुको बीजक, प्रतीतपत्र खोली पैठारी भएको भए प्रतीतपत्र, बिल अफ लेडिङ वा एअर वे बिल र प्याकिङ लिष्टको प्रतिलिपि संलग्न गरी भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ । मालवस्तुको प्रकृति अनुसार अन्य कागजात आवश्यक पर्ने देखेमा भन्सार अधिकृतले पैठारीसँग सम्बन्धित अन्य कागजातसमेत पैठारीकर्तालाई पेश गर्न लगाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले सो सम्बन्धमा सम्पूर्ण व्यहोरा र आफ्नो रायसमेत उल्लेख गरी महानिर्देशकसमक्ष लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखिआएको विषयका सम्बन्धमा महानिर्देशकले जाँचबुझ गर्दा त्यस्तो मालवस्तु फिर्ता लैजान दिने मनासिव देखेमा फिर्ता लैजान आदेश दिन गरी भन्सार अधिकृतलाई अनुमति दिन सक्नेछ । यस्तो अनुमति प्राप्त भएपछि भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई त्यस्तो मालवस्तु तीस दिनभित्र विदेशस्थित निकासीकर्तालाई फिर्ता पठाउन आदेश दिनेछ ।

(४) उपनियम (३) बमोजिम अनुमति दिंदा त्यस्तो मालवस्तु पैठारी गर्दा भुक्तानी गरेको विदेशी मुद्रा फिर्ता ल्याउने गरी भन्सार अधिकृतले मनासिव अवधि तोकी सम्बन्धित पैठारीकर्तालाई कबुलियत गराउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र विदेशी मुद्रा फिर्ता ल्याएको प्रमाण सम्बन्धित भन्सार कार्यालयमा पेश नगरेमा त्यस्तो पैठारीकर्तालाई विदेशी मुद्रा अपचलनमा प्रचलित कानूनबमोजिम कारबाही गर्नका लागि भन्सार कार्यालयले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

२४. **सम्बन्धित स्थानमा गई मालवस्तु जाँच गर्ने सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा ३१ बमोजिम कुनै निकासीकर्ताले निकासी गर्ने मालवस्तु त्यस्तो मालवस्तुको उत्पादनस्थल वा गोदाममा गई

जाँच गरिदिन वा कुनै पैठारीकर्ताले पैठारी गरी ल्याएको मालवस्तु भन्सार क्षेत्रभन्दा बाहिर गई जाँच गरिदिन प्रज्ञापनपत्र भरी नियम २१ मा उल्लिखित कागजात संलग्न गरी भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निवेदन अनुसार निकासी गर्ने मालवस्तु त्यस्तो मालवस्तुको उत्पादनस्थल वा गोदाममा गई जाँच गर्दा वा पैठारी गरी ल्याएको मालवस्तु भन्सार क्षेत्रभन्दा बाहिर गई जाँच गर्दा प्रति कन्साइन्मेन्ट एकहजार रूपैयाँ शुल्क लाग्नेछ ।

(३) उपनियम (२) बमोजिम निकासी हुने मालवस्तु जाँच गरेपछि जाँच गर्ने कर्मचारीले त्यस्तो मालवस्तु आफ्नै रोहबरमा ढुवानीको साधनमा राख्न लगाई बन्द गरी सील लगाउनु पर्नेछ र मालवस्तु निकासी हुँदाका बखत भन्सार कार्यालयले उक्त सील दुरूस्त छ छैन यकिन गरेर मात्र निकासी गर्न दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम भन्सार क्षेत्रभन्दाबाहिर गई जाँच गर्न खटिएको कर्मचारीले सो प्रयोजनका निमित्त यातायातको साधन प्रयोग गर्नु पर्ने भएमा सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ताले त्यस्तो साधनको व्यवस्था गर्नु पर्नेछ ।

२५. <u>प्रयोगमा नआउने मालवस्तु हटाउने वा नष्ट गर्ने सम्बन्धी व्यवस्थाः</u> (१) देहायबमोजिमका मालवस्तु भन्सार कार्यालयबाट हटाउन वा नष्ट गर्न परेमा भन्सार कार्यालयको प्रमुखले सोको कारण र हटाउने वा नष्ट गर्ने तरिकासमेत उल्लेख गरी लिखित निर्णय गर्नुपर्नेछ :-

(क) ऐनको दफा ७ बमोजिम कुनै पैठारीकर्ताले आफूले पैठारी गरी भन्सार कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी छोडेको प्रयोगमा आउन नसक्ने वा लिलाम बिक्रीसमेत हुन नसक्ने अवस्थाको मालवस्तु,

(ख) ऐनको दफा ३० बमोजिम विशेष परीक्षण गर्दा स्वास्थ्य वा वातावरणलाई हानि पुऱ्याउने वा प्रतिकूल असर पार्ने देखिई भन्सार अधिकृतले विदेशी मुलुकको सम्बन्धित निकासीकर्तालाई फिर्ता गर्न दिएको आदेशबमोजिम सम्बन्धित पैठारीकर्ताले फिर्ता नपठाएको मालवस्तु ,

(ग) लिलाम बिक्री हुन नसकेको वा कुनै किसिमले प्रयोगमा ल्याउन नसकिने अवस्थाको भई ऐनको दफा ५० को उपदफा (९) बमोजिम भन्सार कार्यालयबाट सडाउन, गलाउन वा नष्ट गर्न परेको मालवस्तु ।

(२) उपनियम (१) बमोजिम निर्णय भएपछि जिल्ला प्रशासन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय वा नजिकको सरकारी कार्यालय मध्ये कुनै दुई वटा कार्यालयका प्रतिनिधि, उपलब्ध भएसम्म स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि र भन्सार अधिकृतको रोहवरमा मुचुल्का खडा गरी सार्वजनिक रूपले त्यस्तो मालवस्तु भन्सार कार्यालयबाट हटाउने वा नष्ट गर्ने कार्य सम्बन्धित भन्सार कार्यालयले गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम त्यस्तो मालवस्तु हटाउने वा नष्ट गर्ने कार्य पूरा भएपछि भन्सार कार्यालयको प्रमुखले सो व्यहोरा प्रमाणित गरी त्यस्तो मालवस्तुलाई कार्यालयको लगतबाट कट्टा गरी सोको जानकारी विभागलाई दिनु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जनस्वास्थ्य वा वातावरणलाई प्रतिकूल असर पर्ने मालवस्तु वा विषादी वा भारी यन्त्र उपकरण वा सवारी साधन नष्ट गर्दा विभागले तोकेबमोजिम गर्नु पर्नेछ ।

परिच्छेद-५
जाँचपासपछिको परीक्षणसम्बन्धी व्यवस्था

२६. **पैठारीकर्ताले कागजात सुरक्षित राख्नु पर्ने**: ऐनको दफा ३४ बमोजिम जाँचपासपछिको परीक्षण गर्ने प्रयोजनका लागि पैठारीकर्ताले आफूले पैठारी गरेका मालवस्तुसँग सम्बन्धित देहायबमोजिमका विवरण एवं कागजात तयार गरी त्यस्तो मालवस्तु जाँचपास भएका मितिले चार वर्षसम्म सुरक्षित राख्नु पर्नेछः-

(क) पैठारी प्रज्ञापनपत्र, महसुल तिरेको रसिद र खरिदखाता,

(ख) बिक्री बीजक तथा बिक्रीखाता,

(ग) परिमाणसमेत खुलेको मौज्दात विवरण,

(घ) मालवस्तुको पैठारी र बिक्रीसँग सम्बन्धित बैङ्किङ अभिलेख,

(ङ) वासलात तथा नाफा नोक्सान हिसाब र सोसँग सम्बन्धित अन्य विवरण,

(च) आफ्नो कारोवारको विवरण कम्प्युटर प्रणालीमा राखेको भए सो प्रणाली,

(छ) पैठारी, सञ्चय र बिक्रीसँग सम्बन्धित अन्य कागजात र विवरण ।

२७. **जाँचपासपछिको परीक्षणसम्बन्धी अन्य व्यवस्था**: (१) ऐनको दफा ३४ को उपदफा (२) को प्रयोजनका लागि भन्सार कार्यालयमा पैठारीकर्ताले घोषणा गरेको मालवस्तुको मूल्य यथार्थ हो वा होइन भन्ने कुरा निश्चित गर्नका लागि ऐनको दफा १३ मा उल्लेख भएबमोजिमका मूल्याङ्कनका सबै वा कुनै तरिका अवलम्बन गरी त्यस्तो मालवस्तुको मूल्य कायम गर्न सकिनेछ ।

(२) ऐनको दफा ३४ को उपदफा (२) को प्रयोजनका लागि भन्सार कार्यालयमा पैठारीकर्ताले घोषणा गरेको मालवस्तुको परिमाण घटी घोषणा गरिएको हो वा होइन भन्ने यकिन गर्नका लागि पैठारीकर्ताको मौज्दातको भौतिक परीक्षण गर्न सकिनेछ ।

(३) पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा भन्सार कार्यालयमा घोषणा गरेको मूल्यको सत्यता परीक्षण गर्ने प्रयोजनका लागि निजले पैठारी गरी बिक्री गरेको मालवस्तुको खुद्रा तहसम्मको कारोवारको अभिलेख परीक्षण गर्न सकिनेछ ।

(४) जाँचपासपछिको परीक्षण गर्दा महानिर्देशक वा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई सम्भव भएसम्म सो परीक्षण गर्ने मिति र समय तोकी अग्रिम सूचना दिनु पर्नेछ ।

२८. **कागजात माग गर्न सक्ने:** (१) जाँचपासपछिको परीक्षण गर्ने महानिर्देशक वा भन्सार अधिकृतले सो प्रयोजनका लागि आवश्यक देखेमा बैङ्क, वित्तीय संस्था एवं पैठारीकर्ताको कारोवारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित पैठारीकर्ता, निजको कारोवार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैङ्क खाता, नाफा नोक्सानको हिसाव, कर विवरण, बीजक र यस्तै अन्य आवश्यक कागजात माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरेको कागजात उपलब्ध गराउनु सम्बन्धित बैक वा वित्तीय संस्था वा अन्य निकायको कर्तव्य हुनेछ ।

(४) विभागले जाँचपास पछिको परीक्षण कार्यलाई व्यवस्थित र सरलीकृत गर्न ऐन र यस नियमावली प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

परिच्छेद-६
न्यून बीजकीकरण भई पैठारी भएको मालवस्तु खरिदसम्बन्धी व्यवस्था

२९. **न्यून बीजकीकरण भई पैठारी भएको मालबस्तु खरिद गर्ने सम्बन्धी व्यवस्था :** (१) ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य भन्सार अधिकृतले निर्धारण गरेको मूल्यभन्दा घटी भई भन्सार अधिकृतले महानिर्देशकको पूर्व स्वीकृति लिई त्यस्तो मालवस्तुको पैठारीकर्ताले घोषणा गरेको मूल्यमा पाँच प्रतिशत थप गर्दा हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिई त्यस्तो मालवस्तु खरिद गर्ने प्रयोजनको निमित्त नेपाल सरकारले एउटा कोष खडा गर्न सक्नेछ । सो कोषमा रहेको रकम फ्रिज हुने छैन ।

(२) उपनियम (१) बमोजिमको कोषमा अर्थ मन्त्रालयले ताकेबमोजिमको रकम रहनेछ ।

(३) उपनियम (१) बमोजिमको कोषको सञ्चालन र व्यवस्थापन गर्नको निमित्त देहायका पदाधिकारीहरू रहेको एक समिति रहनेछ :-

(क) महानिर्देशक –अध्यक्ष

(ख) विभागको मूल्याङ्कनसम्बन्धी विषय हेर्ने शाखाको निर्देशक –सदस्य

(ग) विभागको लेखा प्रमुख —सदस्य सचिव

(४) उपनियम (३) बमोजिमको समितिले आफ्नो कार्यबिधि आफै व्यवस्थित गर्नेछ ।

३०. **खरिद गरिएको मालवस्तु लिलाम गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिने** : (१) नियम २९ बमोजिमको कोषको रकमबाट खरिद गरिएको मालवस्तु परिच्छेद-७ बमोजिम लिलाम बिक्री गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम सरकारी प्रयोगमा ल्याइएको मालवस्तु खरिद गर्दा कोषबाट झिकिएको रकम नेपाल सरकारले तुरून्त शोधभर्ना गर्नु पर्नेछ ।

३१. **पैठारीकर्तालाई जानकारी दिनु पर्ने** : नियम २९ बमोजिमको कोषको रकमबाट मालवस्तु खरिद गर्नु परेमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई वा निजको भन्सार एजेन्टलाई सो कुराको लिखित सूचना अनुसूची-४ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

परिच्छेद - ७
मालवस्तु जफत र लिलाम बिक्रीसम्बन्धी व्यवस्था

३२. **भन्सार गोदाममा रहेका मालवस्तु छुटाउनु पर्ने** : (१) भन्सार गोदाममा रहेको मालवस्तु त्यस्तो गोदाममा दाखिला भएको मितिले ९० दिनभित्र सम्बन्धित मालवस्तु धनीले जाँचपास गराई छुटाउनु पर्नेछ ।

तर कुनै मालवस्तु स्वास्थ्यका लागि हानिकारक, छिटो नाश हुने, भन्सार गोदाममा राखिरहन उपयुक्त नहुने वा स्थानको अभावले गर्दा सो म्यादसम्म राखिरहन नसकिने अवस्थाको भएमा भन्सार कार्यालयको प्रमुखले सो म्याद समाप्त हुनु अगावै पनि त्यस्तो मालवस्तु जाँचपास गराई लैजान मनासिव समय दिई मालवस्तुधनीलाई सूचना दिन सक्नेछ । यस्तो सूचनाको म्यादभित्र मालवस्तुधनीले मालवस्तु जाँचपास गराई नलगेमा भन्सार कार्यालयको प्रमुखले ऐनको दफा ४७ बमोजिमको कारबाही चलाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र जाँचपास गराई नलगेका मालवस्तुको विवरण त्यस्ता मालवस्तु अन्य व्यक्तिबाट सञ्चालित भन्सार गोदाममा रहेका भए त्यस्तो गोदामको संचालकले अबिलम्ब सम्बन्धित भन्सार कार्यालयमा पठाउनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमको विवरण प्राप्त भएपछि भन्सार कार्यालयको प्रमुखले ऐनको दफा ४७ बमोजिम अबिलम्ब कारबाही चलाउनु पर्नेछ ।

३३. **लिखित आदेश बिना लिलाम बिक्री गर्न नहुनेः** भन्सार अधिकृतको लिखित आदेश बिना ऐनबमोजिम जफत भएका वा ऐनको दफा ७४ को उपदफा (२) बमोजिम लिलाम गर्नु पर्ने कुनै पनि मालवस्तु लिलाम बिक्री गर्न हुँदैन ।

३४. **न्यूनतम मूल्य कायम गर्नु पर्ने:** (१) कुनै मालवस्तु लिलाम बिक्री गर्नु पर्ने भएमा सो प्रयोजनका लागि भन्सार अधिकृतले सो मालवस्तुको न्यूनतम मूल्य कायम गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम न्यूनतम मूल्य कायम गर्दा सवारी साधन, भारी यन्त्र उपकरण र ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तुका हकमा नियम ५४ बमोजिमको समितिले कायम गरेको न्यूनतम मूल्यलाई र सोबाहेक अन्य मालवस्तुको हकमा भन्सार कार्यालयमा मालवस्तु दाखिला हुँदाका वखत उल्लेख भएको मूल्यलाई न्यूनतम मूल्य कायम गर्नुपर्नेछ ।

३५. **लिलाम बिक्री गर्ने कार्यविधि:** (१) एकलाख रूपैयाँभन्दा बढी न्यूनतम मूल्य भएका सवारी साधन वा भारी यन्त्र उपकरण लिलाम बिक्री गर्न भन्सार कार्यालयले एक्काईस दिनको म्याद दिई देहायका कुराहरूसमेत खुलाई राष्ट्रियस्तरका दैनिक पत्रपत्रिकामा सूचना प्रकाशन गरी वोलपत्र आह्वान गर्नु पर्नेछ :-

(क) सवारी साधन वा ढुवानी साधनको विवरण, इन्जीन नम्बर, चेसिस नम्बर र उत्पादन वर्ष,

(ख) उत्पादन भएको मितिले बीस वर्ष नाघेका वा इञ्जिन नम्बर वा चेसिस नम्बर वा उत्पादन वर्ष नखुलेका वा खुलाउन नसकिएका सवारी साधनका सम्बन्धमा लिलाम पश्चात् पुनः सवारी साधनका रूपमा दर्ता हुन नसक्ने कुरा,

(ग) न्यूनतम मूल्य,

(घ) वोलपत्र पठाउने तरिका, वोलपत्रवापत लाग्ने दस्तुर, वोलपत्र खोल्ने समय, मिति र स्थान, वोलपत्र साथ आफूले कवुल गरेको अङ्कको दश प्रतिशतले हुने रकम दाखिला गर्नुपर्ने बैङ्कखाताको विवरण र सो खातामा रकम दाखिला गरेको सक्कल भौचर संलग्न हुनु पर्ने कुरा,

(ङ) लिलाम अङ्कमा कुनै कर, शुल्क आदि लाग्ने भए सो कुरा,

(च) लिलाम सकार गरेको मालवस्तु उठाइ लैजानु पर्ने अवधि,

(छ) इच्छुक व्यक्तिले लिलाम बिक्री हुने मालवस्तु हेर्न वा अवलोकन गर्न सक्ने स्थान र समय,

(ज) अन्य आवश्यक कुराहरू ।

(२) उपनियम (१) मा उल्लिखित मालवस्तुबाहेक अन्य मालवस्तु लिलाम बिक्री गर्न पन्ध्र दिनको म्याद दिई देहायका कुराहरूसमेत खुलाई सम्बन्धित भन्सार कार्यालयको सूचना पाटीमा सूचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्र वा खुला बोलकबोल आह्वान गर्नु पर्नेछ ।

त्यस्तो सूचना सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला विकास समितिको कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र उद्योग वाणिज्य संघको कार्यालयमासमेत टाँस गर्न पठाउनु पर्नेछ :-

(क) उपनियम (१) को खण्ड (क), (ख), (ग), (ङ) (च) (छ) र (ज) मा उल्लिखित कुरा,

(ख) मालवस्तुको विवरण,

(ग) सिलबन्दी दरभाउपत्र आह्वान गरेकोमा त्यस्तो सिलबन्दी दरभाउपत्र पठाउने तरिका, सिलबन्दी दरभाउपत्रवापत लाग्ने दस्तुर, सिलबन्दी दरभाउपत्र खोल्ने स्थान, समय र मिति

(घ) खुला बोलकबोल आह्वान गरेकोमा बोलकबोलद्वारा लिलाम बढाबढ हुने स्थान तथा शुरू र अन्त्य हुने समय र मिति,

(ङ) न्यूनतम मूल्यबाट नै लिलाम बढाबढ शुरू हुने कुरा,

(च) लिलाम सकार गर्न बोलकबोल शुरू गर्नुअघि नै न्यूनतम मूल्यको दश प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्ने कुरा र कबोल अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने कुरा ।

(३) उपनियम (१) वा (२) बमोजिम बोलपत्र वा सिलबन्दी दरभाउपत्र माग गर्दा बोलपत्र वा सिलबन्दी दरभाउपत्र खरिद र दाखिलासम्बन्धी कार्य सम्बन्धित भन्सार कार्यालयमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम प्रकाशित सूचना अनुसार बोलपत्र वा दरभाउपत्र पेश गर्ने व्यक्तिले न्यूनतम मूल्यमा नघट्ने गरी आफूले कबोल गरेको रकमको दश प्रतिशतले हुने रकम भन्सार कार्यालयले तोकेको बैङ्कखातामा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।

(५) भन्सार कार्यालयमा दाखिला हुन आएका चोरी पैठारी वा चोरी निकासी गरेको मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन स्थानको अभाव वा संरक्षण गर्न नसकिने कारणले सो कार्यालयमा राखिरहन उपयुक्त नदेखिएमा सम्बन्धित भन्सार अधिकृतले नियम ५४ बमोजिमको समितिबाट त्यस्तो साधनको न्यूनतम मूल्य कायम गराई यस परिच्छेदको प्रक्रिया पूरा गरी लिलाम बिक्री गर्न गराउन सक्नेछ ।

३६. **लिलाम स्वीकृत गर्ने वा पुन लिलाम बिक्री गर्ने:** (१) नियम ३५ बमोजिम पेश हुन आएको बोलपत्र वा सिलबन्दी दरभाउपत्र सोही सूचनामा उल्लिखित स्थान र समयमा खोली

सम्बन्धित भन्सार अधिकृतले कबोल रकमको तुलनात्मक विवरण वा खुला बोलकबोलद्वारा डाक बढाबढ भएकोमा सोको मुचुल्का तयार गर्नु गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको तुलनात्मक विवरण वा मुचुल्काका आधारमा न्यूनतम मूल्य वा सोभन्दा बढी रकम कबोल गर्ने व्यक्तिको कबोल अङ्क स्वीकृत गर्नु पर्नेछ । न्यूनतम मूल्यभन्दा बढी कवोल गर्ने व्यक्ति एकभन्दा बढी भएमा सबैभन्दा बढी अङ्क कवोल गर्नेको कबोल अङ्क स्वीकृत गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम कबोल अङ्क स्वीकृत भएपछि लिलाम सकार गर्ने व्यक्तिलाई सात दिनभित्र बाँकी रकम भुक्तानी गरी मालवस्तु उठाई लैजाने सूचना दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको म्यादभित्र बाँकी रकम भुक्तान गरी मालवस्तु उठाई नलगेमा निजको धरौटी जफत गरी न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोस्रो, तेस्रो वा चौथो घटिवालाको कबोल अङ्क स्वीकृत गर्न सकिनेछ । यसरी घटीवालाको कबोल अङ्क स्वीकृत गर्दा पनि लिलाम बिक्री हुन नसकेमा धरौटी जफत गरी पुनः लिलाम गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम पुनः लिलाम बिक्री गनुपर्ने भएमा दोस्रो पटक बोलपत्र, सिलबन्दी दरभाउपत्र वा बोलकबोलको सूचना प्रकाशन गर्दा सात दिनको म्याद दिई सूचना प्रकाशन गर्न सकिनेछ ।

(६) उपनियम (५) बमोजिम दोस्रो पटक सूचना प्रकाशित गर्दा पनि न्यूनतम मूल्यमा कसैले लिलाम सकार गर्न नआएमा नियम ५४ बमोजिमको समितिबाट पुनः मूल्याङ्कन गराई संशोधित न्यूनतम मूल्य कायम गरी नियम ३५ बमोजिम सूचना प्रकाशन गरी लिलाम बढाबढ गराउनु पर्नेछ । यसरी पुनः मूल्याङ्कन गरिएको मूल्यमा पनि लिलाम बढाबढ हुन नसकेमा भन्सार अधिकृतले सम्बन्धित जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रोहवरमा मूल्याङ्कन गरी सिधै बिक्री गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिमसमेत लिलाम हुन नसकेका मालवस्तुको हकमा महानिर्देशकको स्वीकृति लिई त्यस्तो मालवस्तुको लगत कट्टा गरी नियम २५ बमोजिम नष्ट गर्नु पर्नेछ ।

(८) उत्पादन भएको मितिले बीस वर्ष नाघेका सवारी साधन वा इन्जिन नम्बर वा चेसिस नम्बर वा उत्पादन वर्ष नखुलेका वा खुलाउन नसकिएका सवारी साधन लिलाम गर्दा लिलाम सकार गर्ने व्यक्तिकै खर्चमा पुनः सवारी साधनको रूपमा प्रयोगमा आउन नसक्ने गरी पत्रु बनाई सो व्यहोरा प्रज्ञापनपत्रमा नै उल्लेख गरी लिलाम गर्नुपर्नेछ ।

(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जफत भई वा भन्सार कार्यालयबाट छुटाई नलगी नेपाल सरकारको हुन आएको सुन, चांदी, हिरा, जवाहरात, अमूल्य खनिजपदार्थ वा यसबाट वनेका गहना तथा अन्य वस्तुहरू नेपाल राष्ट्र बैंकले खरिद गर्ने भएमा सो बैंकमा दाखिला गर्न पठाई प्रचलित मूल्यबमोजिम बिक्री गर्नु पर्नेछ । नेपाल राष्ट्र वैंकले खरिद नगरेमा वा आंशिक रूपमा मात्र खरिद गरी बाँकी रहेमा त्यस्ता वस्तुहरू विभागको स्वीकृत लिई यस नियमावलीबमोजिम कायम भएको मूल्यका आधारमा एकलाख रूपैयाँसम्म मूल्यको भएमा डाँक वढावढद्वारा र एकलाख रूपैयाँभन्दा बढी मूल्यको भएमा बोलपत्रको माध्यमद्वारा यस नियमावलीबमोजिम लिलाम गर्नु पर्नेछ ।

(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम इजाजत लिएर मात्र बिक्री गर्न पाउने मालवस्तु लिलाम बिक्री गर्दा त्यस्तो इजाजतवाला व्यक्तिलाई मात्र लिलाम बिक्री गर्नु पर्नेछ ।

(११) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेशनल ट्रेडिङ्ग लिमिटेड, साल्ट ट्रेडिङ्ग कर्पोरेशन, साझा भण्डार लि., तारा गाउँ विकास समिति वा सहकारी संस्थाले भन्सारबाट लिलाम बिक्री गरिने मालवस्तु खरिद गर्न चाहेमा यस नियम बमोजिम कायम भएको न्यूनतम मूल्यमा कम नहुने गरी वार्ताद्वारा न्यूनतम मूल्य वा सोभन्दा बढी मूल्यमा भन्सार अधिकृतले सिधै बिक्री गर्न सक्नेछ ।

(१२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनबमोजिम कब्जा वा जफत गरिएका वा ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तु मध्ये सड्ने, गल्ने वा पुरानो भई मूल्य घट्न जाने वा उपभोग्य मिति तीन महिनाभन्दा कम भएका मालवस्तु वा गोदाम वा स्थानको अभावले सुरक्षित राख्न नसकिने अवस्थाका मालवस्तु वा जीवजन्तु रहेछ भने भन्सार अधिकृतले कार्यालयको सूचनापाटीमा सूचना टाँस गरी त्यस्तो मालवस्तु आफूकहां दाखिला भएको दिन वा भोलिपल्ट लिलाम गर्न सक्नेछ । यस उपनियम बमोजिम मालवस्तु लिलाम गर्दा लिलाम बढाबढमा जे जति अधिकतम् मूल्य प्राप्त हुन्छ सोही मूल्यको लिलाम भन्सार अधिकृतले स्वीकृत गर्न सक्नेछ ।

(१३) कुनै भन्सार कार्यालयमा भन्सार अधिकृतको दरवन्दी नै नभएको कारणले यस नियमबमोजिम मालवस्तु लिलामसम्बन्धी कारवाही गर्न बाधा पुगेमा यस सम्बन्धमा महानिर्देशकले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

<u>स्पष्टीकरण:</u> यस परिच्छेदको प्रयोजनका लागि "भन्सार अधिकृत" भन्नाले राजपत्राङ्कित श्रेणीको भन्सार कार्यालयको प्रमुख वा निजको अनुपस्थितिमा निजको निमित्त भै काम गर्ने निजको मातहातको कर्मचारीलाई जनाउँछ ।

परिच्छेद-८
भन्सार एजेन्टसम्बन्धी व्यवस्था

३७. **भन्सार एजेन्टको इजाजपत्रसम्बन्धी व्यवस्थाः** (१) भन्सार एजेन्ट नियुक्ति गर्नका लागि विभागले समय समयमा सार्वजनिक सूचना प्रकाशन गरी भन्सार एजेन्टको इजाजतपत्र लिन इच्छुक व्यक्तिका लागि दरखास्त माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि भन्सार एजेन्टको इजाजतपत्र लिन चाहने देहायको योग्यता पुगेको व्यक्तिले विभागले तोकेको दस्तुर संलग्न गरी विभाग वा भन्सार कार्यालयमा अनुसूची-५ बमोजिमको ढाँचामा दरखास्त दिन सक्नेछः-

(क) २१ वर्ष उमेर पुगेको,

(ख) कम्तीमा प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण गरेको वा सोसरहको शैक्षिक योग्यता हासिल गरेको,

(ग) नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने रकम बाँकी नभएको,

(घ) कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार प्रमाणित नभएको ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि संवत् २०६५ साल वैशाख १४ गतेसम्म कुनै भन्सार एजेन्टको प्रतिनिधि नियुक्त भई विगत दुई वर्षदेखि भन्सार एजेन्टको प्रतिनिधिको रूपमा काम गरेको व्यक्तिलाई सम्बन्धित भन्सार कार्यालयको प्रमुखले कार्यालयको अभिलेखको आधारमा सो व्यहोरा प्रमाणित गरेमा त्यस्तो व्यक्तिलाई भन्सार एजेन्टको इजाजतपत्रको लागि दरखास्त दिन उपनियम (२) को खण्ड (ख) को योग्यता आवश्यक पर्ने छैन ।

(४) विभागले लिखित परीक्षा तथा अर्न्तवार्ताको माध्यमद्वारा दरखास्तवाला मध्येबाट भन्सार एजेन्टको इजाजतपत्र दिन उपयुक्त व्यक्तिहरूको छनोट गर्नेछ ।

(५) उपनियम (४) बमोजिम छनोट भएको व्यक्तिसँग भन्सार एजेण्टको इजाजतपत्र दस्तुर वापत तीन हजार रूपैंयाँ र धरौटी वापत तीन लाख रूपैंयाँ नगद वा सो रकम बराबरको बैङ्क जमानत लिई विभागमा दरखास्त दिनेको हकमा विभागले र भन्सार कार्यालयमा दरखास्त दिनेको हकमा सम्बन्धित भन्सार कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भन्सार एजेन्टको इजाजतपत्र दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम दिइएको भन्सार एजेन्टको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ । यस्तो इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले प्रत्येक आर्थिक वर्षका लागि सो आर्थिक वर्ष शुरू हुनु अगावै नवीकरण दस्तुर वापत तीनहजार रूपैंयाँ तिरी देहायका कागजात संलग्न गरी त्यस्तो

इजाजतपत्र नवीकरण गराउनका लागि इजाजतपत्र दिने अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) आयकर तिरेको प्रमाण,

(ख) बैङ्क जमानत राखी भन्सार एजेण्टको इजाजतपत्र लिएको भए त्यस्तो इजाजतपत्र नवीकरण गराउन चाहेको अवधिसम्म म्याद भएको बैङ्क जमानत,

तर भन्सार एजेन्टको इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले तीन आर्थिक वर्षको निमित्त एकैपटक नवीकरण गराउन चाहेमा तीन आर्थिक वर्षको नवीकरण दस्तुर एकमुष्ठ तिरेर नवीकरण गराउन सक्नेछ

(७) उपनियम (६) बमोजिमको म्यादभित्र भन्सार एजेण्टको इजाजतपत्र नवीकरण गराउन नसक्ने इजाजतपत्रवालाले म्याद समाप्त भएको मितिले एक वर्षभित्र तीनहजार रूपैयाँ थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ । सो थप म्यादभित्रसमेत नवीकरण नगराउने भन्सार एजेन्टको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(८) उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि भन्सार एजेण्टको इजाजतपत्र नवीकरण नगरेको अवधिमा भन्सार एजेन्टको हैसियतले कुनै काम गर्न पाइनेछैन ।

(९) भन्सार एजेन्टको इजाजतपत्रवालाले सामान्यतया भन्सार कार्यालयमा आफै उपस्थित भई काम गर्नु पर्नेछ । कुनै कारणवश आफै उपस्थित भै काम गर्न नसक्ने भएमा उपनियम (२) बमोजिम योग्यता पुगेको एक जना व्यक्तिलाई आफ्नो प्रतिनिधिको रूपमा नियुक्ति गर्नका लागि निजले भन्सार कार्यालयको प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(१०) उपनियम (९) बमोजिम निवेदन प्राप्त भएमा भन्सार कार्यालयको प्रमुखले भन्सार एजेन्ट र निजले प्रतिनिधि नियुक्त गर्न खोजेको व्यक्तिलाई उपस्थित गराई आवश्यक जाँचबुझ गरी त्यस्तो प्रतिनिधि नियुक्ति गर्न भन्सार एजेन्टलाई अनुमति दिन सक्नेछ । यसरी अनुमति प्राप्त गरेपछि भन्सार एजेन्टले त्यस्तो प्रतिनिधिलाई कुनै एउटा भन्सार कार्यालयमा मात्र आफ्नो तर्फबाट कामकाज गर्न पाउने गरी भन्सार कार्यालय तोकी प्रतिनिधि नियुक्त गरी सो नियुक्तिपत्र भन्सार कार्यालयको प्रमुखबाट प्रमाणित गराउनु पर्नेछ ।

(११) उपनियम (१०) बमोजिम भन्सार एजेन्टले एक जना प्रतिनिधि नियुक्त गर्दा उपनियम (५) बमोजिमको धरौटी वा बैंङ्क जमानतको आवश्यकता पर्ने छैन । भन्सार एजेन्टले एकजनाभन्दा बढी प्रतिनिधि नियुक्ति गर्नु पर्ने भएमा एउटा भन्सार कार्यालयमा एकजनामा नबढ्ने गरी उपनियम (१०) को अधीनमा रही उपनियम (२) बमोजिम योग्यता पुगेको प्रतिनिधि नियुक्त गर्न सक्नेछ । त्यसरी प्रतिनिधि नियुक्ति गर्नु पर्ने भएमा त्यस्तो प्रतिनिधि

नियुक्त गर्नका लागि भन्सार एजेन्टले उपनियम (५) बमोजिमको थप धरौटी वा बैङ्क जमानत राखेपछि मात्र भन्सार कार्यालयको प्रमुखले प्रतिनिधि नियुक्ति गर्न अनुमति दिन सक्नेछ ।

तर उपनियम (१०) बमोजिम प्रतिनिधि नियुक्त गरेको भन्सार कार्यालयमा यस नियम बमोजिम अर्को प्रतिनिधि नियुक्त गर्न पाइने छैन ।

(१२) यस नियमबमोजिम भन्सार एजेन्टको प्रतिनिधि नियुक्त भएको व्यक्तिले एउटा भन्सार कार्यालयमा मात्र भन्सार एजेन्टको प्रतिनिधिको रूपमा काम गर्न पाउनेछ ।

(१३) उपनियम (१०) वा (११) बमोजिम नियुक्त भन्सार एजेन्टको प्रतिनिधिले गरेका भन्सार सम्बन्धी काम कारबाहीको सम्पूर्ण जिम्मेवारी निजलाई नियुक्त गर्ने भन्सार एजेन्टमा रहनेछ ।

(१४) ऐन तथा यस नियमावलीको विपरीत नहुने गरी भन्सार एजेन्टको स्तर, आचारसंहिता, परीक्षा सञ्चालन प्रक्रिया, पाठ्यक्रम र भन्सार एजेन्टसम्बन्धी अन्य कुराका सम्बन्धमा विभागले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(१५) संवत् २०६४ साल वैशाख १४ गते अघि दिइएको भन्सार एजेन्टको इजाजतपत्र यसै नियमावली बमोजिम दिइएको मानिनेछ ।

(१६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संवत् २०६४ साल वैशाख १४ गतेसम्म विगत दुई वर्षदेखि कुनै भन्सार एजेन्टको प्रतिनिधि नियुक्त भई भन्सार एजेन्टको प्रतिनिधिको रूपमा काम गरिरहेको व्यक्तिलाई सम्बन्धित भन्सार कार्यालयको प्रमुखले कार्यालयको अभिलेखको आधारमा सो व्यहोरा प्रमाणित गरेमा त्यस्तो व्यक्तिलाई उपनियम (१०) वा (११) बमोजिम प्रतिनिधि नियुक्त गर्न उपनियम (२) को खण्ड (ख) को योग्यता आवश्यक पर्ने छैन ।

३८. **भन्सार एजेन्ट नियुक्त गर्न सक्ने**: (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले भन्सार कार्यालयमा आफै उपस्थित भई मालवस्तु जाँचपास गर्न वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्यहरू गर्न सक्नेछ ।

(२) निकासीकर्ता वा पैठारीकर्ता कुनै सरकारी निकाय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था वा निकाय रहेछ भने त्यस्तो संस्था वा निकायको संचालक समिति वा कार्यकारी प्रमुख वा प्रशासकीय प्रमुखले निर्णय गरी तोकेको सोही संस्था वा निकायको बहालवाला कर्मचारीले भन्सार कार्यालयमा उपस्थित भै मालवस्तु जाँचपास गर्न वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्न सक्नेछ ।

(३) निकासीकर्ता वा पैठारीकर्ता प्रचलित कानून बमोजिम दर्ता भएको कुनै फर्म, कम्पनी, संगठित संस्था वा निकाय रहेछ भने त्यस्तो फर्म, कम्पनी, संगठित संस्था वा निकायको सञ्चालक वा साझेदार वा कार्यकारी प्रमुख वा प्रशासकीय प्रमुख वा कार्यकारी प्रमुखले तोकेको सो फर्म, कम्पनी, संगठित संस्था वा निकायको अधिकृतस्तरको कर्मचारी

प्रतिनिधिले भन्सार कार्यालयमा उपस्थित भई मालवस्तु जाँचपास गर्न वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्न सक्नेछ ।

(४) कुनै निकासीकर्ता वा पैठारीकर्ताले भन्सार एजेन्टमार्फत मालवस्तु जाँचपास गराउन वा भन्सार कार्यालयसँग सम्बन्धित कार्य गराउन चाहेमा भन्सार एजेन्टलाई अनुसूची-७ बमोजिमको ढाँचामा नियुक्तिपत्र दिई भन्सार एजेन्ट नियुक्त गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम भन्सार एजेन्ट नियुक्ति गरेकोमा निकासीकर्ता वा पैठारीकर्ताले त्यस्तो नियुक्तिपत्रका साथमा नवीकरण भएको भन्सार एजेन्टको इजाजतपत्र, एजेन्टको नियुक्तिपत्रमा दस्तखत गर्ने व्यक्ति आधिकारिक निकासीकर्ता वा पैठारीकर्ता भएको कुराको पुष्टि गर्ने प्रमाण, फर्म, कम्पनी, संगठित संस्था वा निकायको हकमा दर्ताको प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिसमेत आफ्नो मालवस्तु निकासी वा पैठारी हुने भन्सार कार्यालयको प्रमुखलाई आफूले नियुक्त गरेको भन्सार एजेन्टमार्फत उपलब्ध गराउनु पर्नेछ । यस्ता प्रमाणपत्रको आधिकारिकता जाँच गर्न आवश्यक देखिएमा भन्सार कार्यालयको प्रमुखले सक्कल प्रमाणपत्र माग गर्न सक्नेछ

तर,

(क) कुनै निकासीकर्ता वा पैठारीकर्ताले सोही भन्सार कार्यालयमा सोही भन्सार एजेन्टलाई पुनः नियुक्त गर्नु परेमा यस नियममा उल्लिखित कागजातमध्ये नवीकरण गर्नु नपर्ने प्रकृतिका कागजात पुनः पेश गर्नु पर्ने छैन ।

(ख) निकासीकर्ता वा पैठारीकर्ता प्राकृतिक व्यक्ति भएमा निजले भन्सार एजेन्ट नियुक्तिपत्रका साथमा नवीकरण भएको भन्सार एजेन्टको इजाजतपत्र, नागरिकताको प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रमाणपत्र लिने कर्तव्य भएको व्यक्ति भए सो प्रमाणपत्रको प्रमाणित प्रतिलिपि मात्र उपलब्ध गराए पुग्नेछ ।

(६) उपनियम (५) बमोजिमको नियुक्तिपत्र र सो साथ संलग्न कागजात सम्बन्धित भन्सार एजेन्टले आफूलाई नियुक्त गर्ने निकासीकर्ता वा पैठारीकर्ताको मालवस्तु निकासी वा पैठारी हुने भन्सार कार्यालयको प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम पेश हुन आएको भन्सार एजेन्टको नियुक्ति पत्र र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा निकासीकर्ता वा पैठारीकर्ताले नियुक्ति गरेको भन्सार एजेन्टलाई भन्सार सम्बन्धी काम गर्न दिन हुने देखिएमा भन्सार कार्यालयको प्रमुखले सो नियुक्तिपत्रमा भन्सार एजेन्टलाई आवश्यक विवरण भर्न लगाई दस्तखत गराई त्यस्तो नियुक्तिपत्र अभिलेख राखी प्रमाणित गरिदिनु पर्नेछ ।

(८) उपनियम (६) बमोजिम पेश हुन आएको भन्सार एजेन्टको नियुक्तिपत्र र सो साथ संलग्न कागजात जाँचबुझ गर्दा निकासीकर्ता वा पैठारीकर्ताले नियुक्त गरेको भन्सार एजेन्टलाई भन्सार सम्बन्धी काम गर्न दिन हुने नदेखिएमा भन्सार कार्यालयको प्रमुखले त्यस्तो नियुक्तिपत्र

रद्द गरी सोको लिखित जानकारी सोही भन्सार एजेन्टमार्फत सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनु पर्नेछ ।

(९) यो नियमावली प्रारम्भ हुनुअघि नियुक्ति भएको भन्सार एजेन्टले यो नियमावली प्रारम्भ भएको मितिले तीस दिनभित्र उपनियम (५), (६) र (७) बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ । यस्तो प्रक्रिया पूरा नगरेमा निजले भन्सार एजेन्टको रूपमा काम गर्न पाउने छैन ।

३९. **भन्सार एजेन्टलाई तालिम दिनेः** भन्सार एजेन्टको इजाजतपत्र प्राप्त गरी भन्सार एजेन्टको रूपमा सेवा प्रारम्भ गरिनसकेका तथा इजाजतपत्र प्राप्त गरी भन्सार एजेन्टको रूपमा सेवा प्रदान गरिरहेका भन्सार एजेन्टहरूका लागि विभागले समय समयमा आफै वा अन्य कुनै संस्था वा निकायमार्फत तालिम प्रदान गर्न सक्नेछ ।

४०. **भन्सार एजेन्टको इजाजतपत्र रद्द हुनेः** भन्सार एजेन्टको इजाजतपत्र देहायको अवस्थामा रद्द हुन सक्नेछः-

(क) झुठा विवरण वा कागजात पेश गरी भन्सार एजेन्टको इजाजतपत्र प्राप्त गरेमा,

(ख) कुनै अदालतबाट फौजदारी अभियोगमा दोषी प्रमाणित भएमा ।

परिच्छेद-९
मूल्याङ्कन पुनरावलोकनसम्बन्धी व्यवस्था

४१. **मूल्याङ्कन पुनरावलोकनका लागि निवेदन दिन सक्ने** : भन्सार अधिकृतले ऐनको दफा १३ बमोजिम गरेको निर्णय वा आदेशउपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि मूल्याङ्कन पुनरावलोकन समितिसमक्ष अनुसूची- ८ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ । यसरी निवेदन दिएकोमा त्यस्तो निवेदनको प्रतिलिपि निवेदन दिएको सात दिनभित्र सम्बन्धित भन्सार कार्यालयमासमेत दिनुपर्नेछ ।

४२. **मूल्याङ्कन पुनरावलोकन समितिका अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकारः** (१) मूल्याङ्कन पुनरावलोकन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) निवेदकले पेश गरेको प्रमाण बुझ्ने,

(ख) भन्सार अधिकृतले गरेको निर्णयलाई सदर गर्ने वा सो निर्णय बदर गरी तत्सम्बन्धमा भन्सार अधिकृतले गर्ने निर्णय आफै गर्ने,

(ग) निवेदकबाट थप प्रमाण वा कागजात दाखिला गराउने,

(घ) मालवस्तुको मूल्याङ्कनका लागि आवश्यक पर्ने सूचना संकलन गर्ने ।

(२) मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयको जानकारी निर्णय भएका मितिले सात दिनभित्र निवेदक, विभाग र सम्बन्धित भन्सार कार्यालयलाई दिनु पर्नेछ ।

(३) मूल्याङ्कन पुनरावलोकन समितिले गरेको काम कारबाहीको मासिक प्रतिवेदन महिना भुक्तान भएको सात दिनभित्र अर्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

४३. **मूल्याङ्कन पुनरावलोकन समितिको कार्यविधिः** (१) मूल्याङ्कन पुनरावलोकन समितिको अधिकार क्षेत्रको प्रयोग तीनै जना सदस्यले सामूहिक रूपमा गर्ने छन् र बहुमतको राय मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय मानिनेछ ।

(२) मूल्याङ्कन पुनरावलोकन समितिले मूल्याङ्कन पुनरावलोकनका लागि परेको निवेदनमाथि अन्तिम निर्णय दिंदा अध्यक्षसहित दुवै जना सदस्यको उपस्थिति आवश्यक पर्नेछ ।

४४. **निवेदन किनारा लगाउनु पर्ने अवधिः** मूल्याङ्कन पुनरावलोकन समितिले निवेदन दर्ता भएको मितिले नब्बे दिनभित्र त्यस्तो निवेदनको अन्तिम किनारा लगाउनु पर्नेछ ।

४५. **मूल्याङ्कन पुनरावलोकन समितिका अध्यक्ष तथा सदस्यहरूको पारिश्रमिकः** (१) मूल्याङ्कन पुनरावलोकन समितिको अध्यक्षले प्रति महिना आठ हजार रूपैंया र सदस्यले प्रति महिना छ हजार रूपैंया भत्ता पाउनेछ ।

(२) मूल्याङ्कन पुनरावलोकन समितिको कुनै सदस्य वहालवाला निजामती कर्मचारी नभएमा निजले उपनियम (१) बमोजिमको भत्ताका अतिरिक्त प्रति महिना नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीको शुरू तलव स्केल बराबरको रकम पारिश्रमिक पाउनेछ ।

४६. **अर्थ मन्त्रालयले आवश्यक व्यवस्था गर्नेः** मूल्याङ्कन पुनरावलोकन समितिको लागि कार्यालय, भौतिक सुविधा र कर्मचारीहरूको व्यवस्था अर्थ मन्त्रालयले गर्नेछ ।

परिच्छेद-१०
सुराकी र पुरस्कारसम्बन्धी व्यवस्था

४७. **पुरस्कारसम्बन्धी व्यवस्थाः** (१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गर्न लागेमा वा गरेमा पक्राउ गर्ने वा त्यसरी चोरी निकासी वा चोरी पैठारी गर्न लागेको सुराकी दिने व्यक्तिलाई सो मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेको वा गर्न लागेको प्रमाणित हुन आएमा त्यस्तो मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट मुद्धाको अन्तिम किनारा भएपछि देहायबमोजिमपुरस्कार दिइनेछ :-

(क) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको सुराकी दिनेलाई पन्ध्र प्रतिशत,

(ख) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु मानिससहित पक्री पेश गरेकोमा तीस प्रतिशत,

तर,

त्यस्तो मालवस्तु सुन, चांदी वा जवाहिरात भएमा बीस प्रतिशत ।

(ग) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु मात्र पक्री पेश गरेकोमा बीस प्रतिशत।

(२) यस नियमबमोजिम कुनै कर्मचारीलाई सुराकी वापतको पुरस्कार दिंदा भन्सार कार्यालयले भुक्तानी गरेको भरपाईका साथमा निजको परिचय पत्रको प्रतिलिपि अनिवार्य रूपमा राख्नु पर्नेछ । सुराकी वापतको पुस्कार प्राप्त गर्ने व्यक्ति कर्मचारी नभई अन्य ब्यक्ति भएमा भरपाइका साथमा निजको परिचय खुल्ने प्रमाणको प्रतिलिपि अनिवार्य रूपमा राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पुरस्कार पाउने व्यक्ति एकभन्दा बढी भएमा यस नियमावलीबमोजिम पुरस्कारवापत पाउने रकम दामासाहीले दिइनेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली विपरीत प्राप्त हुन आएको सुराकीलाई पुरस्कार दिइने छैन ।

स्पष्टीकरण: यस नियमको प्रयोजनका लागि "मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकम" भन्नाले मालवस्तु लिलाम बिक्री गर्दा लिलामी मूल्यमा प्रचलित कानूनबमोजिम जोडिने अन्य कर शुल्क आदि समावेश नभएको मालवस्तुको लिलामी मूल्य वा बिक्री मूल्य वापतको रकमलाई जनाउँछ ।

४८. **सुराकी प्रतिवेदन वा सूचनासम्बन्धी व्यवस्था** : (१) चोरी निकासी वा चोरी पैठारीको सुराकी सम्बन्धी प्रतिवेदन वा सूचना मालवस्तु पक्राउ पर्नुअगावै प्राप्त भएको हुनुपर्नेछ । मालवस्तु पक्राउ भैसकेपछि प्राप्त हुने सुराकी प्रतिवेदन वा सूचनालाई मान्यता दिइने छैन ।

(२) सुराकी प्रतिवेदन वा सूचना सम्बन्धित भन्सार कार्यालयको प्रमुख वा महानिर्देशकलाई दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम सुराकी प्रतिवेदन वा सूचना प्राप्त हुन आएमा महानिर्देशकले तत्काल आफ्नै हस्ताक्षरले सोको अभिलेख राखी भन्सार कार्यालयको प्रमुखलाई मौखिक वा लिखित रूपमा जानकारी दिनु पर्नेछ । भन्सार कार्यालयको प्रमुखले सुराकी प्रतिवेदन वा सूचना सोझै वा महानिर्देशकमार्फत प्राप्त गरेमा प्राप्त हुनासाथ गोप्य रूपमा छुट्टै रजिष्टरमा मिति र समय जनाई आफ्नै हस्ताक्षरले दर्ता गरी राख्नुपर्नेछ । महानिर्देशकबाहेक अन्य व्यक्तिबाट प्राप्त हुन आएको सुराकी प्रतिवेदन वा सूचनाको हकमा यस उपनियमबमोजिम दर्ता गरी अबिलम्व महानिर्देशकलाई जानकारी गराउनु पर्नेछ ।

(४) महानिर्देशकले उपनियम (३) बमोजिम प्राप्त भएको जानकारीको मिति र समयसमेत जनाई गोप्य रूपमा अभिलेख राख्नुपर्नेछ ।

(५) मालवस्तु पक्राउ पर्नुअगावै एउटै विषयमा दुई वा दुईभन्दा बढी सुराकी प्रतिवेदन वा सूचना प्राप्त भएमा पहिले प्राप्त भएको प्रतिवेदन वा सूचनालाई मान्यता दिई त्यसपछि प्राप्त सूचनालाई भन्सार कार्यालयको प्रमुखले कैफियत जनाई राखिदिनु पर्नेछ ।

(६) सुराकी दिने व्यक्तिले आफ्नो वास्तविक नाम नदिई कुनै काल्पनिक नामबाट पनि सुराकी दिन सक्नेछ । त्यस्तो काल्पनिक नामबाट सुराकी दिएको अवस्थामा त्यस्तो सुराकीको वास्तविक नाम एवं निजको स्पष्ट पहिचान हुने प्रमाणहरू (नागरिकताको प्रमाणपत्र वा परिचय पत्र वा राहदानी) को प्रतिलिपि सुराकीले भन्सार कार्यालयको प्रमुखलाई तुरून्तै उपलब्ध गराउनुपर्नेछ । त्यस्तो प्रमाण प्राप्त गरेपछि भन्सार कार्यालयको प्रमुखले प्रमाणित गरी उक्त प्रतिलिपिमा सुराकी दर्ता नं. र मिति उल्लेख गरी खामभित्र राखी खामबाहिर सुराकी रजिष्टरको दर्ता नम्बर र मिति मात्र उल्लेख गरी सो खामलाई सिलबन्दी गरी राख्नुपर्नेछ ।

४९. **सुराकी दिंदा खुलाउनु पर्ने विवरणः** (१) हवाइ जहाजबाट हुने चोरी निकासी वा चोरी पैठारीको सुराकी दिंदा देहायको विवरण खोलिएको हुनुपर्नेछ :-

(क) हवाइ जहाजको उडान नं. र समय,

(ख) चोरी निकासी वा चोरी पैठारी गर्ने व्यक्तिको सम्भव भएसम्म नाम, नभए निजको हुलिया र मालवस्तु लुकाई छिपाई ल्याउने तरिका,

(ग) हवाई जहाजभित्र लुकाई छिपाई ल्याएकोमा त्यसरी लुकाई छिपाई राखिएको स्थान,

(घ) कार्गोभित्र लुकाई छिपाई ल्याएकोमा सो कार्गोको एयर वे बिल नं. वा मालवस्तुको नाम र मालवस्तुधनीको नाम, मालवस्तु लुकाई छिपाई ल्याएको तरिका एवं मालवस्तु रहेको स्थान ।

(२) स्थलमार्गबाट हुने चोरी निकासी वा चोरी पैठारीको सुराकी दिंदा देहायको विवरण खोलिएको हुनु पर्नेछः-

(क) मालवस्तु ढुवानी गर्ने साधन भएमा सोको किसिम र नम्बर भएकोमा त्यस्तो नम्बर,

(ख) चोरी निकासी वा चोरी पैठारी हुन लागेको मालवस्तुको नाम,

(ग) चोरी निकासी वा चोरी पैठारी हुन लागेको स्थान, मिति र समय,

(घ) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु अन्य कुनै मालवस्तुभित्र लुकाई छिपाई लैजान लागेकोमा कुन मालवस्तुभित्र कसरी लुकाई छिपाई लैजान लागेको छ भन्ने कुरा ।

(३) चोरी निकासी वा चोरी पैठारी प्रतिवेदन वा सूचना महानिर्देशक वा सम्बन्धित भन्सार कार्यालयको प्रमुखसमक्ष उपस्थित भई दिन समयको अभाव वा अन्य कारणले सम्भव

नभएमा टेलिफोन वा फ्याक्स वा इ-मेल वा अन्य कुनै छिटो संचार माध्यमबाट पनि पठाउन सकिनेछ । यस्तो सूचना प्राप्त हुनासाथ भन्सार कार्यालयको प्रमुखले अबिलम्ब सुराकी सम्बन्धी रजिष्टरमा दर्ता गरी मालवस्तु पक्राउ गर्ने सम्बन्धमा कारबाही गर्नु पर्नेछ । पछि सम्बन्धित व्यक्तिबाट निजको वास्तविक पहिचान हुने प्रमाण माग गरी उपनियम (६) बमोजिम सिलबन्दी गरी सुराकी रजिष्टरको दर्ता नम्बर खामबाहिर उल्लेख गरी राख्नु पर्नेछ । यस्तो सूचना महानिर्देशकलाई प्राप्त भएकोमा आफूले अभिलेख राखी अबिलम्व आवश्यक कारबाहीको लागि सम्बन्धित भन्सार कार्यालयको प्रमुखकहाँ पठाइदिनु पर्नेछ ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनका लागि “भन्सार कार्यालयको प्रमुख” भन्नाले भन्सार कार्यालयको प्रमुख अनुपस्थित भएमा निजको निमित्त भई काम गर्ने भन्सार कार्यालयको कर्मचारीलाईसमेत जनाउँछ ।

परिच्छेद-११
बिलम्व शुल्क (डेमरेज) सम्बन्धी व्यवस्था

५०. **बिलम्व शुल्क (डेमरेज) सम्बन्धी व्यवस्था** : (१) भन्सार कार्यालयले सञ्चालन गरेको भन्सार गोदाममा मालवस्तु दाखिला भएका मितिले सात दिनसम्म बिलम्वशुल्क (डेमरेज) लाग्नेछैन ।

(२) उपनियम (१) मा तोकिएको अवधिभित्र मालवस्तु जाँचपास गराई नलगेमा आठौं दिनदेखि मालवस्तुको भन्सार मूल्यभन्दा बढी नहुने गरी अनुसूची- ९ बमोजिमको दरले बिलम्वशुल्क (डेमरेज) लाग्नेछ ।

५१. **बिलम्व शुल्क (डेमरेज) मिनाहा दिने सम्बन्धी कार्यविधि:** (१) नियम ५० बमोजिम लागेको बिलम्व शुल्क (डेमरेज) कुनै खास परिस्थिति वा अवस्था सिर्जना भएको कारणले मिनाहा पाउनुपर्ने भनी मालवस्तुधनीले स्पष्ट कारण खोली आफूसँग भएका आधार प्रमाणसमेत संलग्न गरी भन्सार कार्यालयको प्रमुखसमक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार कार्यालयको प्रमुखले आवश्यक जाँचबुझ गरी आंशिक वा पूर्णरूपमा मिनाहा दिनु पर्ने देखिएमा मिनाहा दिनुपर्ने स्पष्ट कारण खोली लिखित निर्णय गरी उपनियम (३) र (६) का अधीनमा रही मिनाहा दिन सक्नेछ ।

(३) यस नियमबमोजिम बिलम्व शुल्क (डेमरेज) मिनाहा दिंदा देहायको अधिकारीले देहायबमोजिमको रकमसम्म मिनाहा गर्न सक्नेछः-

(क) राजपत्र अनङ्कित कर्मचारी कार्यालय प्रमुख हुने भन्सार कार्यालयको प्रमुखले पच्चीसहजार रूपैयाँसम्म,

(ख) राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख हुने भन्सार कार्यालयको प्रमुखले एकलाख रूपैयाँसम्म,

(ग) राजपत्राङ्कित प्रथम वा द्वितीय श्रेणीको कार्यालय प्रमुख हुने भन्सार कार्यालयको प्रमुखले तीनलाख रूपैयाँसम्म ।

(४) उपनियम (३) बमोजिम भन्सार कार्यालयको प्रमुखले आफैले मिनाहा दिनसक्ने हदभन्दा बढी रकम मिनाहा दिनुपर्ने अवस्था देखिएमा भन्सार कार्यालयको प्रमुखले मिनाहा दिने सम्बन्धमा आफ्नो स्पष्ट राय उल्लेख गरी उपनियम (१) बमोजिमको निवेदनसमेतका कागजात संलग्न गरी महानिर्देशकसमक्ष पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम आफूसमक्ष प्राप्त हुन आएका कागजात उपर जाँचबुझ गर्दा मिनाहा दिनुपर्ने देखिएमा महानिर्देशकले सम्बन्धित कार्यालय प्रमुखलाई त्यस्तो रकम पूर्ण वा आंशिक रूपमा मिनाहा दिन स्वीकृति दिन सक्नेछ ।

(६) उपनियम (४) बमोजिम महानिर्देशकको स्वीकृति प्राप्त भएपछि सम्बन्धित कार्यालय प्रमुखले स्वीकृति प्राप्त भएबमोजिमको रकम मिनाहा दिन सक्नेछ ।

परिच्छेद-१२
सूचना तथा म्याद जारी गर्ने सम्बन्धी व्यवस्था

५२. **म्याद जारी गर्ने कार्यविधिः** (१) ऐन अन्तर्गतको कसूरको सिलसिलामा भन्सार अधिकृत वा निजले अधिकार प्रदान गरेको भन्सार कार्यालयको अन्य अधिकृतले सम्बन्धित व्यक्तिका नाममा ऐनको दफा ८१ को उपदफा (१) बमोजिम शुरू म्याद जारी गर्दा बाटोको म्यादबाहेक पन्ध्र दिनको अवधि तोकी अनुसूची- १० बमोजिमको ढाँचामा जारी गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्दा सम्बन्धित व्यक्ति वा निजका एकाघर परिवारका उमेर पुगेका कुनै सदस्यलाई बुझाई तामेल गर्नु पर्नेछ । सम्बन्धित व्यक्ति वा निजको एकाघर परिवारको उमेर पुगेको कुनै सदस्य फेला नपरेमा वा फेला परे पनि म्याद बुझिलिन इन्कार गरेमा सोही व्यहोरा जनाई स्थानीय दुईजना व्यक्तिलाई रोहवरमा राखी सम्बन्धित व्यक्तिको घर वा डेराको ढोकामा म्याद टाँस गरिदिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्न जाने कर्मचारीले सम्बन्धित व्यक्तिको घर डेरा पत्ता नलागेमा सोही व्यहोरा जनाई सम्बन्धित स्थानीय निकायको कुनै सदस्य वा प्रतिनिधि वा कुनै दुईजना स्थानीय व्यक्तिलाई रोहवरमा राखी त्यस्तो म्याद गाउँ विकास समितिको हकमा सम्बन्धित गाउँ विकास समितिको कार्यालयमा र नगरपालिकाको हकमा सम्बन्धित व्यक्तिको घर वा डेरा भएको वडाको वडा कार्यालयमा र त्यस्तो वडा कार्यालय नभएको अवस्थामा सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ र सोबमोजिम म्याद टाँस भएपछि त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(४) कुनै फर्म, कम्पनी वा संगठित संस्थाको नाममा जारी भएको म्याद तामेल गर्दा त्यतो फर्म, कम्पनी वा संगठित संस्थाको सञ्चालक वा व्यवस्थापक वा त्यस्तो संस्थाको प्रमुख व्यक्ति वा त्यस्तो संगठित संस्थाको अधिकारप्राप्त अधिकारीलाई म्याद बुझाइदिनु पर्नेछ ।

त्यस्तोव्यक्ति फेला नपरेमा वा फेला परे पनि म्याद बुझिलिन इन्कार गरेमा सोही व्यहोरा जनाई स्थानीय दुईजना व्यक्तिलाई रोहवरमा राखी त्यस्तो संगठित संस्थाको कार्यालयको ढोकामा म्याद टाँस गरिदिनु पर्नेछ र यसरी टाँस भएपछि त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको नाममा जारी भएको म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगानामा हुलाकमार्फत रजिष्ट्रि गरी पठाएमा वा त्यस्तो व्यक्तिको टेलीफ्याक्समा वा विद्युतीय ठेगानामा पठाएमा त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(६) उपनियम (२), (३) वा (४) बमोजिम म्याद तामेल गर्न जाने कर्मचारीले बाटोको म्यादबाहेक तीन दिनभित्र म्याद तामेल गर्नु पर्नेछ ।

(७) उपनियम (२), (३), (४) वा (५) बमोजिम म्याद तामेल हुन नसकेको प्रतिवेदन पर्न आएमा सो म्याद रेडियो, टेलीभिजन, विभाग वा सम्बन्धित भन्सार कार्यालयको वेवसाइट जस्ता विद्युतीय सञ्चार माध्यममा प्रशारण वा प्रकाशन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रपत्रिकामा प्रकाशन गरेर म्याद तामेल गर्न सकिनेछ । त्यसरी सूचना प्रशारण वा प्रकाशन भएको अवस्थामा त्यस्तो सूचना प्रकाशन भएका मितिले पाँचौं दिनपछि सम्बन्धित व्यक्तिको नाममा यस नियमावलीबमोजिम रीतपूर्वक म्याद तामेल भएको मानिनेछ ।

(८) उपनियम (७) बमोजिम म्याद तामेल गर्दा लागेको खर्च भन्सार कार्यालयले सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरि लिनेछ ।

५३. सूचना जारी गर्ने कार्यविधिः ऐनको दफा ८२ बमोजिम भन्सार कार्यालयको काम कारबाहीसँग सरोकार भएको वा हुनसक्ने व्यक्तिका नाममा सूचना जारी गर्दा बाटाको म्यादबाहेक सात दिनको म्याद दिई नियम ५२ को उपनियम (२), (३), (४), (५), (६) र (७) बमोजिम जारी गर्नु पर्नेछ ।

तर यस नियमबमोजिम जारी भएको सूचनाका सम्बन्धमा नियम ५२ को उपनियम (८) लागू हुने छैन ।

५३क. हक दावीको सूचना प्रकाशन गर्नु पर्नेः (१) ऐनको दफा ४६ बमोजिम दाखिला भएको मालवस्तुको धनी पत्ता नलागेको अवस्थामा त्यस्तो मालवस्तु जफत गर्नुअघि भन्सार अधिकृतले त्यस्तो मालवस्तुमा कसैको हक लाग्ने भए आफ्नो दावी प्रस्तुत गर्न बाटाको म्यादबाहेक सात दिनभित्र प्रमाणसहित उपस्थित हुन सम्बन्धित भन्सार कार्यालयको सूचना पाटीमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला विकास समितिको कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र उद्योग वाणिज्य संघको कार्यालयमा समेत टाँस गर्न पठाउनु पर्नेछ ।

परिच्छेद-१३
विविध

५४. मूल्याङ्कन समितिको व्यवस्थाः (१) भन्सार कार्यालयमा दाखिला भएका सवारी तथा ढुवानीका साधन, यस नियमावलीबमोजिम लिलाम बिक्री गर्नुपर्ने मालवस्तु तथा ऐनको दफा ७१ को उपदफा (३) बमोजिमको मालवस्तुको मूल्याङ्कन गर्ने प्रयोजनका निमित्त देहायबमोजिमको एक मूल्याङ्कन समिति रहनेछ :-

(क) भन्सार कार्यालयको प्रमुख वा निजको अनुपस्थितिमा निजको कार्य गर्ने गरी तोकिएको व्यक्ति -संयोजक

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि -सदस्य

(ङ) सवारी र ढुवानी साधनको हकमा मेकानिकल प्राविधिक -सदस्य

(२) उपनियम (१) बमोजिमको समितिले मालवस्तुको मूल्य कायम गर्दा मालवस्तुको भौतिक अवस्था, स्थानीय माग, उपयोगिता, प्रयोग गर्न सकिने अवधि, ह्रासकट्टी, अवशेष मूल्य र बजार मूल्यसमेत विचार गर्नु पर्नेछ । ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तुको मूल्य कायम गर्दा सो मालवस्तु खरिद गर्दा भुक्तानी गरिएको मूल्य, सो मालवस्तु पैठारी गर्दा लाग्ने भन्सार महसुल र सो मालवस्तुको बजार मूल्यसमेत बिचार गरी मूल्य कायम गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको मूल्याङ्कन समितिले आवश्यक ठानेमा अन्य व्यक्तिलाईसमेत समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठकमा संयोजक र अन्य दुई जना सदस्यको उपस्थिति भएमा गणपूरक संख्या पुगेको मानिने छ र बहुमतको निर्णय मान्य हुनेछ ।

(५) यस नियमबमोजिम समितिको बैठकमा सहभागी हुने व्यक्तिलाई अर्थ मन्त्रालयले तोकेबमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ ।

५५. धरौटी रकम फिर्ता दिने प्रक्रियाः (१) ऐन तथा यस नियमावलीबमोजिम कुनै व्यक्तिले भन्सार कार्यालयमा राखेको धरौटी फिर्ता लिनका लागि त्यस्तो धरौटीको प्रयोजन समाप्त भएको एक वर्षभित्र धरौटी फिर्ता पाउनुपर्ने कारण र फिर्ता पाउनुपर्ने रकमसमेत उल्लेख गरी भन्सार

अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ । यस्तो निवेदनका साथमा भन्सार कार्यालयमा धरौटी राखेको निस्सा र धरौटी फिर्ता हुनुपर्ने कुनै आधार प्रमाण भए सोसमेत संलग्न गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले सात दिनभित्र निवेदकको मागबमोजिम धरौटी रकम फिर्ता दिनुपर्ने हो होइन भन्ने निर्णय गरी धरौटी फिर्ता दिनुपर्ने देखिएमा निर्णय भएका मितिले तीन दिनभित्र फिर्ता दिनु पर्नेछ । यदि धरौटी रकम फिर्ता दिनुपर्ने नभएमा निवेदकलाई कारणसहितको लिखित जानकारी दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ताको लागि निवेदन नपरेका धरौटी रकमको फेहरिस्त तयार गरी भन्सार अधिकृतले निर्णय गरेर पछि प्रमाण पुऱ्याई फिर्ता माग्न आएमा फिर्ता दिने गरी प्रत्येक आर्थिक वर्षको अन्त्यमा त्यस्तो धरौटी रकम राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

५६. **मालवस्तुको क्षतिपूर्ति** : (१) ऐनको दफा ६९ बमोजिमको क्षतिपूर्ति माग गर्ने मालवस्तुधनीले त्यस्तो क्षतिपूर्ति प्राप्त गर्नका लागि भन्सार कार्यालय वा गोदाम सञ्चालन गर्ने व्यक्तिसमक्ष आफूले क्षतिपूर्ति पाउनुपर्ने स्पष्ट कारण खुलाई आधार प्रमाणसमेत संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी क्षतिपूर्ति दिनुपर्ने देखिएमा लिखित निर्णय गरी जुन मालवस्तुका सम्बन्धमा क्षतिपूर्ति माग गरिएको हो सो मालवस्तुको बीजकमा उल्लिखित मूल्यमा पाँच प्रतिशत थप गरी हुन आउने रकम क्षतिपूर्ति स्वरूप मालवस्तु धनीलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) पैठारी गर्ने उद्देश्यले अन्य व्यक्तिबाट सञ्चालित भन्सार गोदाममा राखिएका मालवस्तुका सम्बन्धमा उपनियम (२) बमोजिम गोदाम सञ्चालन गर्ने व्यक्तिले क्षतिपूर्ति उपलब्ध गराएको अवस्थामा त्यस्तो मालवस्तु पैठारी गर्दा लाग्ने भन्सार महसुल बराबरको रकम गोदाम सञ्चालकले उपनियम (२) बमोजिम क्षतिपूर्ति उपलब्ध गराएका मितिले सात दिनभित्र सम्बन्धित भन्सार कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

५७. **जरिवाना वा छुट रकम असुल गर्ने सम्बन्धी कार्यविधि:** (१) भन्सार कार्यालयमा निकासीकर्ता वा पैठारीकर्ताले तिर्नु वुझाउनु पर्ने महसुल गणितीय भूलबाट वा वस्तु वर्गीकरण शीर्षक वा उपशीर्षक फरक परेर वा अन्य कुनै कारणले छुट भएको पछि देखिएमा वा निजले बुझाउनुपर्ने कुनै जरिवानाको रकम बुझाउन बांकी भएमा भन्सार अधिकृतले त्यस्तो जानकारी पाएपछि जरिवाना वा छुट भएको महसुल दाखिला गर्न सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता वा निजको भन्सार एजेन्टलाई अबिलम्ब लिखित सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त गर्ने व्यक्तिले यस्तो सूचना पाएको पन्ध्र दिनभित्र त्यस्तो रकम भन्सार कार्यालयमा बुझाउनु पर्नेछ । त्यस्तो रकम तिर्न बुझाउन नपर्ने वा पहिले नै बुझाइसकेको भए सोही व्यहोराको जानकारी र सोको वस्तुगत आधार प्रमाणसमेत सूचना पाएको पन्ध्र दिनभित्र भन्सार अधिकृतसमक्ष पेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम रकम तिर्न बुझाउन नपर्ने वा पहिले नै बुझाइसकेको जानकारी प्रमाणसहित प्राप्त भएमा भन्सार अधिकृतले जाँचबुझ गरी व्यहोरा सत्य भएमा त्यस्तो रकम तिर्न नपर्ने जानकारी निवेदकलाई गराउने छ र निवेदकको व्यहोरा र प्राप्त प्रमाण मनासिव नभएमा उक्त रकम दाखिला गर्न पुनः सात दिनको म्याद दिई सूचना गर्नुपर्नेछ । यस्तो सूचना पाएपछि सम्बन्धित व्यक्तिले म्यादभित्र त्यस्तो रकम दाखिला गर्नुपर्नेछ । यसरी छुट भएको महसुल म्यादभित्र नबुझाउने व्यक्तिको जुनसुकै भन्सार कार्यालयबाट हुने कारोवार रोक्का गर्न वा जुनसुकै सरकारी कार्यालयमा रहेको निजको सम्पत्तिबाट असुलउपर गर्न सकिनेछ ।

(४) जरिवाना वा छुट महसुल बुझाउन यस नियम बमोजिम सम्बन्धित भन्सार एजेन्टलाई सूचना गरेकोमा निजले सो सूचना तुरून्तै सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई उपलब्ध गराई निधारित म्यादभित्र त्यस्तो महसुल रकम दाखिला गर्नु गराउनु र त्यस्तो जरिवाना वा छुट महसुल असुल गर्ने प्रयोजनका लागि आवश्यक परेमा सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई भन्सार कार्यालयमा उपस्थित गराउन सहयोग गर्नु सो भन्सार एजेन्टको कर्तव्य हुनेछ ।

(५) उपनियम (३) बमोजिम जरिवाना वा छुट महसुल असुल हुन नसकेमा त्यस्तो बांकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(६) कुनै निकासीकर्ता वा पैठारीकर्ताबाट छुट महसुल असुल गर्न बाँकी रहेकोमा यस नियमबमोजिम म्यादभित्र दाखिल नगरेको तथ्य जानकारी हुँदाहुदै भन्सार कार्यालयको प्रमुखको आदेशबिना निजको मालवस्तु जाँचपास गर्ने भन्सार कर्मचारीलाई प्रचलित कानूनबमोजिम विभागीय सजाय हुनेछ ।

५८. बढी असुली भएको भन्सार महसुल वा जरिवाना फिर्ता दिइने: (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले मालवस्तु निकासी वा पैठारी गर्दा प्रचलित कानूनबमोजिम तिर्नु बुझाउनु पर्नेभन्दा बढी भन्सार महसुल वा जरिवाना असुल भएको रहेछ भने त्यसरी बढी असुल भएको रकम फिर्ता पाउन सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी फिर्ता दिनुपर्ने ठहऱ्याए जति रकम फिर्ता दिनुपर्ने स्पष्ट कारण खोली लिखित निर्णय गरी त्यसरी बढी असुल भएको रकम सम्बन्धित व्यक्तिलाई निवेदन प्राप्त भएका मितिले पन्ध्र दिनभित्र फिर्ता दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम रकम फिर्ता दिएकोमा फिर्ता दिनुको कारणसहित सोको जानकारी तुरून्त महानिर्देशकलाई दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निवेदकको मागबमोजिमको रकम निजलाई फिर्ता दिनुपर्ने नदेखिएमा निवेदकलाई निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र सोको लिखित जानकारी दिनु पर्नेछ ।

५९. **सरोकारवाला व्यक्तिलाई कागजातको प्रतिलिपि दिने सम्बन्धी कार्यविधि:** (१) भन्सार कार्यालयमा भएका कुनै कागजातको सरोकारवाला व्यक्तिले भन्सार अधिकृतसमक्ष निवेदन दिई प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा आफूले माग गरेको कागजातको स्पष्ट पहिचान हुने विवरण र सो कागजात कुन प्रयोजनका लागि आवश्यक परेको हो र आफू कसरी सरोकारवाला व्यक्ति हो भन्ने आधारसमेत निवेदकले खुलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त हुन आएपछि भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी निवेदनको व्यहोरा मनासिव देखेमा निवेदन आफूसमक्ष प्राप्त भएको तीन दिनभित्र त्यस्तो कागजातको प्रतिलिपि तयार गर्न लगाई उपनियम (४) बमोजिम दस्तुर लिई निवेदकलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम कागजातको प्रतिलिपि दिंदा एक पृष्ठको पाँच रूपैया दस्तुर लाग्नेछ । यस्तो रकम भन्सार अधिकृतले सम्बन्धित व्यक्तिबाट असुल गरी राजस्व खातामा आम्दानी बाँध्न वा सो रकम बरावरको हुलाक टिकट टांस्न लगाई सोमा भन्सार कार्यालयको छाप लगाइदिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम दस्तुर लिंदा नगद असुल गरी आम्दानी बाँधेको वा टिकट रद्द गरेको व्यहोरा निवेदकलाई उपलब्ध गराउने कागजातमा उल्लेख गर्नु पर्नेछ ।

६०. **पैठारी भएको मालवस्तुको प्रमाणपत्र दिने सम्बन्धी कार्यविधि:** (१) विदेशमा बिक्री कर वा अन्य कुनै कर लाग्ने मालवस्तु पैठारी गर्ने व्यक्तिले त्यसरी पैठारी गरेको प्रमाणपत्र लिनको लागि सम्बन्धित भन्सार कार्यालयमा पैठारी गरेको प्रमाणसमेत संलग्न गरी दरखास्त दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो मालवस्तु पैठारी भएको पाइएमा अनुसूची- ११ बमोजिमको ढांचामा निवेदकलाई प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रमाणपत्र दिंदा प्रति प्रमाणपत्रको पाँच रूपैया दस्तुर लाग्नेछ । यस्तो रकम भन्सार अधिकृतले सम्बन्धित व्यक्तिबाट असुल गरी राजस्व खातामा आम्दानी बांध्न वा सो रकम बरावरको हुलाक टिकट टांस्न लगाई सोमा भन्सार कार्यालयको छाप लगाइदिन सक्नेछ ।

(४) यस नियमबमोजिम प्रमाणपत्र माग गर्ने व्यक्तिले जुन मालवस्तुका लागि प्रमाणपत्र माग गरेको हो सो मालवस्तु पैठारी भएका मितिले पन्ध्र दिनभित्र दरखास्त नदिएमा त्यस्तो प्रमाणपत्र दिइने छैन । एउटै बीजकबाट पैठारी हुने मालवस्तु एकै पटक पैठारी नभई पटक पटक गरी पैठारी भएकोमा अन्तिम पटक पैठारी भएको मितिलाई नै पैठारी भएको मिति मानिनेछ ।

६०क. **निजी प्रयोगका वा निजी गुण्टा, झिटी भारी आदेश अन्तर्गत ल्याउन पाउने मालवस्तुका सम्बन्धमा विशेष व्यवस्था** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पैठारीकर्ताले आफ्नो निजी प्रयोगका मालवस्तु पैठारी गर्दा वा कुनै यात्रुले आफ्नो निजी गुण्टा, झिटी भारी आदेश अन्तर्गत ल्याउन पाउने मालवस्तु पैठारी गर्दा अनुसूची-१०क. बमोजिमको ढाँचामा संक्षिप्त प्रज्ञापनपत्र भरी त्यस्तो मालवस्तु ल्याउन पाउनेछ ।

६१. **मालवस्तुको शीर्षक वा उपशीर्षक तोक्ने अधिकार**: (१) ऐनको दफा ८९ को उपदफा (२) बमोजिम मालवस्तुको वस्तु वर्गीकरण शीर्षक वा उपशीर्षक तोक्ने र महानिर्देशकलाई वस्तु वर्गीकरणसमबन्धमा सल्लाह दिने प्रयोजनका लागि विभागमा देहायबमोजिमको एक समिति रहनेछः-

(क) विभागको उपमहानिर्देशक वा महानिर्देशकले तोकेको विभागको निर्देशक - संयोजक

(ख) महानिर्देशकले तोकेको विशेषज्ञ - सदस्य

(ग) संयोजकले तोकेको वस्तु वर्गीकरणसम्बन्धी कार्य गर्ने विभागको शाखा अधिकृत -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिको बैठक संयोजकले तोकेको मिति र समयमा बस्नेछ ।

(३) संयोजकसमेत सबै सदस्यको उपस्थितिमा मात्र समितिको बैठक बस्नेछ ।

(४) समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ ।

(५) समितिले गरेको निर्णयको जानकारी निर्णय भएका मितिले तीन दिनभित्र सदस्य सचिवले निवेदकलाई दिनु पर्नेछ ।

६२. **छोटी भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न सकिने** : (१) छोटी भन्सार कार्यालयबाट देहायबमोजिमका मालवस्तु निकासी वा पैठारी गर्न सकिने छः-

(क) पैठारीतर्फ अनुसूची -१२ मा उल्लिखित छोटी भन्सार कार्यालयबाहेक अन्य छोटी भन्सार कार्यालयको हकमा पाँचहजार रूपैयाँसम्म मूल्यका मालवस्तु,

तर महानिर्देशकको स्वीकृति लिई पैठारी गर्नेबाहेक कुनै पनि प्रकारका यन्त्रचालित सवारी साधनको स्थायी वा अस्थायी रूपमा पैठारी गर्न पाइनेछैन ।

(ख) निकासीतर्फ अप्रशोधित कृषि उत्पादन तथा नेपालका स्थानीय प्राकृतिक उत्पादन ।

(२) यस नियमबमोजिम मालवस्तु निकासी वा पैठारी गर्दा सीमावर्ती विदेशी मुलुकबाहेक अन्य विदेशी मुलुकमा निकासी गर्न वा सीमावर्ती विदेशी मुलुकबाहेक अन्य विदेशी मुलुकबाट पैठारी गर्न सकिने छैन ।

(३) छोटी भन्सार कार्यालयबाट हुने निकासी वा पैठारीलाई व्यवस्थित गर्न महानिर्देशकले कार्यविधि वनाई लागू गर्न सक्नेछ ।

६३. **निजी क्षेत्रले भन्सार गोदाम सञ्चालन गर्नसक्ने:** (१) नेपाल सरकारको स्वीकृति लिई कुनै व्यक्तिले निकासी वा पैठारी गरिने मालवस्तु राख्नको लागि भन्सार कार्यालयमा भन्सार गोदाम बनाई सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गोदाम सञ्चालन गर्ने व्यक्तिले त्यस्तो गोदाममा मालवस्तु राख्ने मालवस्तुधनीबाट नेपाल सरकारको पूर्वस्वीकृति लिई निर्धारण गरिएबमोजिम भाडा असुल गर्न सक्नेछन् ।

६४. **निजी क्षेत्रले सञ्चालन गरेको भन्सार गोदाम संचालकको दायित्व:** भन्सार कार्यालयबाहेक अन्य व्यक्तिले सञ्चालन गरेको भन्सार गोदामको संचालकको दायित्व देहायबमोजिम हुनेछ :-

(क) गोदाममा रहेको मालवस्तुको सुरक्षाको व्यवस्था गर्ने,

(ख) गोदाममा रहेको मालवस्तुको विवरण खुलाई अद्यावधिक अभिलेख राख्ने,

(ग) भन्सार कार्यालयले भन्सार गोदाममा नराख्न भनी आदेश दिएका मालवस्तु नराख्ने,

(घ) भन्सार कार्यालयको पूर्व स्वीकृतिबिना गोदामबाट मालवस्तु नझिक्ने,

(ङ) भन्सार जाँचपासका लागि एकपटक गोदामबाट झिकिसकेका मालवस्तु भन्सार अधिकृतको स्वीकृति नलिई पुनः गोदाममा नराख्ने,

(च) भन्सार कार्यालयको आदेशबिना गोदाममा रहेको वा रहन आउने मालवस्तु नखोल्ने वा खोल्न नपाउने व्यवस्था गर्ने,

(छ) गोदाममा रहेका मालवस्तु हराए वा नासिए वा कुनै प्रकारले नोक्सानी भएमा भन्सार कार्यालयलाई जानकारी दिने,

(ज) गोदाममा नब्बे दिनभन्दा बढी अवधि मालवस्तु रहेकोमा त्यस्तो अवधि समाप्त हुनासाथै सोको जानकारी भन्सार कार्यालयलाई दिने,

(झ) भन्सार अधिकृतले चाहेको जुनसुकैवखत गोदामको निरीक्षण गर्न दिने र निजले मागेको जानकारी तथा विवरण तत्कालै उपलब्ध गराउने,

(ञ) गोदाममा रहेका मालवस्तुको विवरण दैनिक रूपमा भन्सार कार्यालयलाई उपलब्ध गराउने,

(ट) गोदाममा मालवस्तु राख्दा मालवस्तुधनीको स्पष्ट नाम, ठेगाना र भएमा टेलीफोन नम्बर र इमेल ठेगानासमेतको अभिलेख राख्ने ।

६५. **हुलाकमार्फत पैठारी भएको मालवस्तु भन्सार कार्यालयमा दाखिला गर्नुपर्नेः** (१) हुलाकमार्फत कसैको नाममा पुलिन्दाबाट कुनै मालवस्तु आएमा सम्बन्धित हुलाक कार्यालयले पुलिन्दा पाउने व्यक्तिलाई सो कुराको सूचना दिई सो पुलिन्दा नजिकको स्थानीय भन्सार कार्यालयको भन्सार अधिकृतसमक्ष पठाउनु पर्नेछ ।

(२) कसैले नेपालको हुलाकबाट विदेशमा पुलिन्दाद्वारा मालवस्तु निकासी गर्न चाहेमा नजिकको स्थानीय भन्सार कार्यालयको भन्सार अधिकृतबाट जाँचपास गराएको प्रज्ञापनपत्रसाथ ल्याएमा मात्र हुलाकले त्यस्ता पुलिन्दा वुझी चलान गर्नुपर्नेछ ।

६६. **भन्सार कार्यालय खोल्ने र बन्द गर्नेः** (१) भन्सार कार्यालयको प्रमुखले भन्सार कार्यालय खोल्ने र वन्द गर्ने समय तोकी सर्वसाधारणका जानकारीका लागि भन्सार कार्यालयको सूचना पाटीमा सूचना टाँसी दिनु पर्नेछ ।

(२) सेवाग्राहीको सुविधा वा कार्यालयको कार्यबोझका आधारमा कार्यालयको नियमित समयभन्दा अघि वा पछि वा सार्वजनिक विदाका दिनमा वा कार्यालय बन्द रहेको समयमासमेत कामकाज गर्ने गरी भन्सार कार्यालयको प्रमुखले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(३) सेवाग्राहीलाई सुविधा प्रदान गर्न वा निकासी वा पैठारी सम्बन्धी कार्यमा सरलता ल्याउन स्थानीय रूपमा आवश्यक देखिएमा भन्सार कार्यालयको प्रमुखले महानिर्देशकको पूर्व स्वीकृति लिई सार्वजनिक विदा नभएको दिनमा कार्यालय बन्द गर्ने वा सार्वजनिक विदाका दिनमा कार्यालय खोल्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम कार्यालय बन्द वा खोल्ने व्यवस्था गरिएकोमा भन्सार कार्यालयको प्रमुखले सोको सूचना राष्ट्रियस्तरको दैनिक पत्र पत्रिकामा प्रकाशन गरी भन्सार कार्यालयमा समेत टाँस गर्नु पर्नेछ ।

(५) रेल सेवा उपलब्ध सुख्खा बन्दरगाह रहेका भन्सार कार्यालयमा टर्मिनल व्यवस्थापन कम्पनीबाट अनुरोध भै आएमा रेल रोकिरहने अवस्थाबाट लाग्ने विलम्ब शुल्क (डेमरेज) बाट ब्यापारमा अतिरिक्त भार नपार्ने गरी कार्यालय समय अगाडि पछाडि समेत काम गर्ने र रेल छुटाउने प्रबन्ध मिलाउनु पर्नेछ ।

६६क **आंशिक जाँचपास गर्ने व्यवस्थाः** आयातकर्ता/पैठारीकर्ताले पैठारी गरेका सामान वा वस्तु भन्सार क्षेत्रमा रहेका गोदाममा राखी एउटै कन्साइन्मेन्टका सामान आंशिक रूपमा पटक पटक गरी छुटाउन माग गरी निवेदन गरेमा यसरी छुटेका माल वा वस्तुको परिमाणसम्मको भन्सार शुल्क वा महसुल लिई छुटाउने अनुमति दिनु पर्नेछ ।

६७. **<u>अनुसूचीमा थपघट तथा हेरफेर:</u>** अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

६८. **<u>खारेजी र बचाउ:</u>** (१) भन्सार नियमावली, २०२६ खारेज गरिएको छ ।

(२) भन्सार नियमावली, २०२६ बमोजिम भए गरेका कामहरू यसै नियमावलीबमोजिम भए गरेका मानिने छन् ।

अनुसूची-१
(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)
कूटनीतिक सुविधा वा महसुल सुविधा दिन परराष्ट्र मन्त्रालयले सिफारिस गर्ने फारामको ढाँचा
नेपाल सरकार
परराष्ट्र मन्त्रालय

श्री भन्सार विभाग

देहाय बमोजिमको खरिदकर्ता/निकासीकर्ता/पैठारीकर्ताले खरिद/निकासी/पैठारी गर्ने देहायको विवरण भएको मालवस्तुमा कूटनीतिक सुविधा/महसुल सुविधा प्रदान गरिदिनहुन मिति .... को निर्णयानुसार अनुरोध छ ।

खरिदकर्ता/निकासी/पैठारीकर्ताको नाम	मालवस्तुको नाम	परिमाण	मालवस्तु चलान गर्ने/निकासी हुने मुलुक	अनुमानित मूल्य	निकासी/पैठारी हुने भन्सार कार्यालय

दर्ता नं   मन्त्रालयको छाप   सिफारिस गर्ने अधिकृतको

मितिः   दस्तखत

नामः

पद

मिति

भन्सार विभागको प्रयोजनका लागि

श्री ....भन्सार कार्यालय/...................

श्री परराष्ट्र मन्त्रालयबाट सिफारिस भई आएबमोजिमको उपरोक्त मालवस्तुमा कूटनीतिक सुविधा/महसुल सुविधा दिनहुन अनुरोध छ ।

दर्ता नं.   भन्सार विभागको छाप   दस्तखत

मिति   नामः

मिति :

अनुसूची-२

(नियम २० सँग सम्बन्धित)

सवारी साधनको चालकले भन्सार कार्यालयमा दिनुपर्ने विवरणको ढाँचा

श्री .... भन्सार कार्यालय,
...........Customs Office,
................, नेपाल ।
.........., NEPAL

चालकको नामः
Driver's Name:
सवारी दर्ता नम्बरः
Registration No. of Vechicle:
सवारी साधनको किसिमः
Type of Vehicle
कन्टेनर नम्बरः
Container No.:
प्रवेश मितिः
Date of Entry

सि.नं. S.No.	मालवस्तुको नाम Description of goods	परिमाण वा अदत Quantity or no. of package	लोड गरेको स्थान Place of loading

चालकको दस्तखत
Driver's signature

अनुसूची-३

(नियम २२ सँग सम्बन्धित)

प्रज्ञापनपत्रको ढाँचा

अनुसूची-४
(नियम ३१ सँग सम्बन्धित)
<u>मालवस्तु खरिद गर्ने सम्बन्धमा पैठारीकर्तालाई दिने सूचनाको ढाँचा</u>

नेपाल सरकार
अर्थ मन्त्रालय, भन्सार विभाग
............**भन्सार कार्यालय**

मितिः

विषय : मालवस्तु खरिद गर्ने बारे ।

श्री . . . .
. . . .
पान नं. : . . . .

तपाईले पैठारी गरी ल्याउनु भएको देहायबमोजिमको मालवस्तु भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १५ को खण्ड (ख) बमोजिम यस कार्यालयले खरिद गर्ने भएकोले भन्सार नियमावली २०६४ को नियम ३१ बमोजिम तपाईलाई यो सूचना दिइएको छ । तल उल्लिखित रकम यस कार्यालयबाट भुक्तानी लिनु होला ।

खरिद गरिने मालवस्तुको विवरण

१. प्रतीतपत्र नं. र मिति :

२. बीजक नं. र मिति :

३. प्रज्ञापनपत्र दर्ता नं. र मिति :

४. मालवस्तुको विवरण :

५. मालवस्तुको घोषित मूल्य :

६. खरिदवापत भुक्तानी गरिने रकम रू. . . . .. .

भन्सार अधिकृतको दस्तखत

नामः

अनुसूची-५
(नियम ३७ को उपनियम (२) सँग सम्बन्धित)

पासपोर्ट साइजको फोटो

भन्सार एजेन्टको इजाजतपत्र लिनका लागि दिने दरखास्त

दर्ता नम्बर र मितिः [ ] दर्ता गर्ने कार्यालयः [ ]

दरखास्तदाताको नाम थरः(फर्म ⁄ कम्पनीको हकमा मालिकको)ः

बाबु ⁄ आमाको नामः बाजे ⁄ बज्यैको नामः

स्थायी ठेगानाः................अञ्चल................जिल्ला................गा.वि.स. ⁄ न.पा वडा नं.....

अस्थायी ठेगानाः जन्म मितिः नागरिकताः

टेलीफोन नम्बरः टेलीफ्याक्स नम्बरः

इमेल ठेगानाः

फर्म ⁄ कम्पनीको नामः दर्ता मितिः.......... नवीकरणको म्यादः

स्थायी लेखा नम्बरः स्थायी लेखा नम्बर लिएको मितिः

दरखास्तदाताको शैक्षिक योग्यतासम्बन्धी विवरण (फर्म वा कम्पनीको हकमा मालिकको)

सि.नं.	शैक्षिक संस्थाको नाम र ठेगाना	उतीर्ण गरेको परीक्षा	उतीर्ण गरेको वर्ष	श्रेणी

भन्सार नियमावली, २०६४ को नियम नियम ३७ को उपनियम (२) बमोजिमको योग्यता भएकाले यो दरखास्त दिएको छु । मैले माथि उल्लेख गरेको सम्पूर्ण विवरणहरू सत्य छन् । झुठा विवरण दिएको ठहरे प्रचलित कानूनबमोजिम सहन बुझाउन मञ्जुर गर्दछु ।

मितिः ल्याप्चे सहीछाप

दायाँ वायाँ

दरखास्तदाताको हस्ताक्षर

नोटः यो दरखास्तका साथमा शैक्षिक योग्यताका प्रमाणपत्रहरू, नागरिकता वा पासपोर्ट र फर्म वा कम्पनीको हकमा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र फर्म दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरू संलग्न गर्नु पर्नेछ ।

भन्सार एजेन्टको परीक्षाको प्रवेश पत्र

पासपोर्ट साइजको फोटो

दरखास्तदाताको नाम थरः

फर्म ⁄ कम्पनीको नामः

क्रमाङ्कः

परीक्षा केन्द्रः

दस्तखतको नमूना

अनुसूची-६

(नियम ३७ को उपनियम (५) सँग सम्बन्धित)

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग/........भन्सार कार्यालय

निसाना छाप

भन्सार एजेन्टको पासपोर्ट साइजको फोटो

इजाजतपत्र संख्याः

मितिः

<u>भन्सार एजेन्टको इजाजतपत्र</u>

निकासी वा पैठारी हुने मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग सम्बन्धित कामको लागि निकासीकर्ता वा पैठारीकर्ताको भन्सार एजेन्टको रूपमा काम गर्न भन्सार नियमावली, २०६४ को नियम ३७ को उपनियम (५) बमोजिम यो भन्सार एजेन्टको इजाजतपत्र दिइएको छ ।

भन्सार एजेन्टको नाम :

फर्म वा कम्पनी भए भन्सार एजेन्टकोरूपमा काम गर्ने व्यक्तिको नाम थरः

दस्तखतः

स्थायी लेखा नम्बरः

स्थायी ठेगानाः

हालको ठेगानाः

टेलीफोन नंः

टेलीफ्याक्स नंः

इमेल ठेगानाः

<u>इजाजतपत्र जारी गर्नेको</u>

नामः

दर्जाः

दस्तखतः

पृष्ठ भाग

<u>नवीकरणको विवरण</u>

नवीकरण गरेको मिति	नवीकरण दस्तुर	वहाल रहने अवधि	नवीकरण गर्नेको दस्तखत

अनुसूची-७
(नियम ३८ को उपनियम (४) सँग सम्बन्धित)
भन्सार एजेन्टको नियुक्तिपत्रको ढाँचा

नियुक्तिकर्ताके फोटो (फोटोमा समेत पर्नेगरी सही गर्नुपर्ने)

खण्ड (क)

(निकासीकर्ता/पैठारीकर्ताले भर्ने)

भन्सार एजेन्टको फोटो (फोटोमा समेत पर्नेगरी नियुक्तिकर्ताले सही गर्नुपर्ने)

निकासीकर्ता/पैठारीकर्ताको नामः

ठेगानाः

पान नं.

मू.अ.कर दर्ता भएको वा नभएको .... भएको भए दर्ता मितिः

श्री ....भन्सार कार्यालय

विषयः भन्सार एजेन्ट नियुक्त गरेको ।

त्यस भन्सार कार्यालयको बाटो गरी निकासी वा पैठारी हुने मालवस्तुको भन्सार जाँचपास गराउने लगायत भन्सारसँग सम्बन्धित सम्पूर्ण कार्यहरू गर्ने गराउने प्रयोजनका लागि भन्सार एजेन्टको इजाजतप्राप्त देहायबमोजिमको भन्सार एजेन्टलाई देहायको अवधिका लागि/देहायको मालवस्तु जाँचपास गराउन मेरो/हाम्रो एजेन्टको रूपमा भन्सार नियमावली, २०६४ को नियम ३८ को उपनियम (४) बमोजिम नियुक्त गरेको व्यहोरा अनुरोध छ । यस सम्बन्धमा भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली, २०६४ मा भएका व्यवस्थाहरू पूर्ण रूपमा पालना गर्नेछु/छौं । हाम्रो व्यवसायसँग सम्बन्धित दर्ता प्रमाणपत्रहरू र भन्सार एजेन्टको इजाजतपत्रका प्रतिलिपिहरू यसैसाथ संलग्न छन् । आवश्यक परेमा सक्कल समेत पेश गर्नेछु/छौं ।

भन्सार एजेन्टको नामः ....

भन्सार एजेन्ट इजाजतपत्र नम्बरः ....इजाजतपत्र जारी मितिः ....

ठेगानाः ....

भन्सार एजेन्टको रूपमा कार्य गर्ने अवधिः......... देखि .... सम्म

कुनै कन्साइन्मेन्ट मात्र जाँचपास गराउनका लागि : (प्रतीतपत्र नं., मिति, बैंकको नाम, बीजक नं र मिति खुलाउने)

....

निकासीकर्ता/पैठारीकर्ताको दस्तखत मितिः ....फोनः...............

नाम थरः ....ठेगानाः ....

कारोवारसँगको सम्बन्धः..................... इमेलः
(सम्बन्ध पुष्टि हुने प्रमाण संलग्न गर्नु पर्नेछ)

छाप फ्याक्सः........

खण्ड (ख)

(भन्सार एजेन्टले भर्ने)

माथि खण्ड (क) मा उल्लेख भएबमोजिम निकासीकर्ता/पैठारीकर्ताको भन्सार एजेन्टको रूपमा भन्सार ऐन, २०६४ र भन्सार नियमावली, २०६४ का अधीनमा रही कार्य गर्न मञ्जुर गर्दछु । मेरो भन्सार एजेन्ट इजाजतपत्रको प्रतिलिपि संलग्न गरेको छु । आवश्यक परेमा सक्कल समेत प्रस्तुत गर्नेछु:-

भन्सार एजेन्टको नाम:	ठेगाना:
दस्तखत:	फोन नं:
भन्सार एजेन्ट इजाजतपत्र न.:	इजाजतपत्र जारी मिति:
इमेल:	फ्याक्स नं:
छाप	

अनुसूची-८
(नियम ४१ को उपनियम (१) सँग सम्बन्धित)
मूल्याङ्कन पुनरावलोकनका लागि दिने निवेदनको ढाँचा

मितिः

श्री मूल्याङ्कन पुनरावलोकन समिति

विषयः मूल्याङ्कन पुनरावलोकन गरिपाऊँ ।

प्रस्तुत विषयमा निवेदकले पैठारी गरी ल्याएको देहायबमोजिमको मालवस्तुमा .... भन्सार कार्यालयका भन्सार अधिकृतले देहायबमोजिम कायम गरेको भन्सार मूल्यमा मेरो चित्त नबुझेको हुँदा निम्न तथ्य र प्रमाणका आधारमा सो निर्णय पुनरावलोकन गर्न सम्बन्धित प्रज्ञापनपत्र तथा सोसाथ संलग्न गरी भन्सार कार्यालयमा पेश गरेका सम्पूर्ण कागजातहरूको प्रतिलिपि र भन्सार अधिकृतले दिएको लिखित सूचनाको प्रतिलिपि संलग्न गरी यो निवेदन गरेको छु ।

१. आपूर्तिकर्ताको नाम ठेगानाः

२. प्रतीतपत्र/बैङ्क ड्राफ्ट/ टी.टी./ डी.ए.पी. नम्बर र मितिः

३. बीजक नम्बर र मितिः

४. प्रज्ञापनपत्र दर्ता नम्बर र मितिः

५. मालवस्तु जाँचपास भएको मितिः

५. मालवस्तुको विवरण (पूरा स्पेशिफिकेशन खुलाउने)

....

६. घोषित जम्मा मूल्य :

७. भन्सार अधिकृतले कायम गरेको जम्मा मूल्य :

८. घोषित मूल्य पुष्टि गर्ने संलग्न प्रमाण (केही भए उल्लेख गर्ने):

....

९. भन्सार अधिकृतले कायम गरेको भन्सार मूल्यमा चित्त नबुझ्नाको कारण र आधारः
(यो स्थान अपर्याप्त भएमा छुट्टै पाना संलग्न गर्न सकिनेछ ।)

निवेदकको दस्तखत
छाप
नाम
पान नंः

अनुसूची- ९
(नियम ५० को उपनियम (२) सँग सम्बन्धित)
बिलम्ब शुल्क (डेमरेज) को दर

(क) **विमानस्थल भन्सार कार्यालयमा:**

तीस दिनसम्मका लागि प्रति दिनको प्रति के.जि. चालीस पैसा, तीस दिनभन्दा बढी साठी दिनसम्म प्रति दिनको प्रति के.जी. असी पैसा र साठी दिनभन्दा बढीको प्रति दिन प्रति के.जी. एक रूपैंया बीस पैसा ।

(ख) **अन्य भन्सार कार्यालयमा:**

तीस दिनसम्मका लागि प्रति के.जी. प्रति दिन बीस पैसा, तीस दिनभन्दा बढी साठी दिनसम्म प्रति के.जी. प्रति दिन चालीस पैसा र साठी दिनभन्दा बढीको प्रति के.जी. प्रति दिन साठी पैसा ।

स्पष्टीकरण: बिलम्ब शुल्क (डेमरेज) लिने प्रयोजनका लागि तौलको गणना गर्दा एउटा प्रज्ञापनपत्र वा एउटा कन्साइन्मेन्टका सबै मालवस्तुको समष्टीगत तौललाई गणना गर्नु पर्दछ । तौलमा एक किलोग्रामभन्दा कम बाँकी रहेमा एक किलोग्राम मानी गणना गरिनेछ ।

अनुसूची- १०

(नियम ५२ को उपनियम (१) सँग सम्बन्धित)

भन्सार कार्यालयले जारी गर्ने म्यादको ढाँचा

श्री ....भन्सार कार्यालयबाट ....का नाममा जारी भएको म्याद

भन्सार ऐन, २०६४ अन्तर्गतको कसूरको कारवाहीको सिलसिलामा तपाईसँग केही कुरा बुझ्नुपर्ने भएकाले बाटाको म्यादबाहेक पन्ध्र दिनभित्र कार्यालय समयमा यस कार्यालयमा हाजिर हुन आउनु होला । सो म्यादभित्र आए तपाईको व्यहोरा बुझी र नआई म्याद गुजारी बसे कानूनबमोजिम निर्णय हुनेछ । पछि तपाईको उजुर लाग्ने छैन । यो म्याद थमाउन पाइने छैन ।

इति सम्बत...........साल .... महिना......गते रोज......शुभम् ।

अनुसूची-१०क.

(नियम ६०क. सँग सम्बन्धित)

सङ्क्षिप्त प्रज्ञापनपत्रको ढाँचा

नेपाल सरकार

अर्थ मन्त्रालय, भन्सार विभाग

<u>सङ्क्षिप्त प्रज्ञापनपत्र</u>

.........भन्सार कार्यालय (आगमन कक्ष/यात्रु शाखा)

<table>
<tr><td colspan="3">पैठारीकर्ताको नाम थर :
ठेगाना:
बीजक नम्बर र मिति:
कुल बीजक मूल्य :</td><td colspan="3">विनिमय दर :</td><td colspan="3">सङ्क्षिप्त प्रज्ञापनपत्र दर्ता नं:
मिति:</td></tr>
<tr><td>आइटम नम्बर</td><td>मालवस्तुको नाम:</td><td>मालवस्तुको अदत</td><td>परिमाण</td><td>बीजक मूल्य रू:</td><td>कायम मूल्य रू:</td><td>वर्गीकरण उपशीर्षक:</td><td>समदर वा एकीकृत महसुल दर</td><td>महसुल रकम रू.</td></tr>
<tr><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>७</td><td>८</td><td>९</td></tr>
<tr><td>१</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="9">कुल महसुल रू. :
अक्षरेपि :</td></tr>
<tr><td colspan="5">यसमा उल्लिखित विवरण ठीक साँचो हो । सो विवरण झुट्टा वा फरक पारी लेखिएको ठहरिएमा प्रचलित कानूनबमोजिम सजायँ भोग्न मञ्जुर छ । यो सङ्क्षिप्त प्रज्ञापनपत्र व्यापारिक प्रयोजनका लागि प्रयोग गर्ने छैन भनी सही गर्ने मालधनीको :-
दस्तखत :- मिति:</td><td colspan="4">नगदी रसिद नं. र मिति:
जाँचकीको दस्तखत र मिति :
भन्सार अधिकृतको दस्तखत र मिति :</td></tr>
</table>

<u>सङ्क्षिप्त प्रज्ञापनपत्र भर्नुअघि ध्यान दिनुपर्ने कुराहरू</u>

१. यो सङ्क्षिप्त प्रज्ञापनपत्रमा पैठारीकर्ताको नाम, ठेगाना, बीजक भएमा सोको नम्बर र मिति, कुल बीजक मूल्य तथा फारामको महल २ देखि ४ सम्मका विवरणहरू मात्र मालधनीले भरी

फारामको निर्धारित स्थानमा दस्तखत गरी मिति उल्लेख गर्नु पर्नेछ । अन्य महलहरू भन्सार कार्यालयको प्रयोजनका लागि भएकाले मालधनीले भर्नु पर्दैन ।

२. यो सङ्क्षिप्त प्रज्ञापनपत्रबाट निजी प्रयोगका रू ५०००। सम्म भन्सार मूल्य भएका मालवस्तु वा निजी गुण्टा, भिटी भारी सम्बन्धी सूचनामा समदरमा महसुल तिरी ल्याउन पाउने भनी उल्लेख भएका मालवस्तुहरू मात्र पैठारी गर्न सकिनेछ । यसबाट व्यापारिक प्रयोजनका मालवस्तु पैठारी गर्न पाइने छैन र व्यापारिक कारोवारका सम्बन्धमा प्रमाणको रूपमा यसलाई स्वीकार गरिने छैन ।

३. बिमानस्थल भन्सार कार्यालयको आगमन कक्ष वा स्थलमार्ग भन्सार कार्यालयहरूका यात्रु शाखाबाट पैठारी हुने सि.नं. २ मा उल्लेख भए बमोजिमका मालवस्तुहरू पैठारी गर्नका लागि मात्र यो सङ्क्षिप्त प्रज्ञापनपत्र प्रयोग गर्न सकिनेछ ।

४. यो सङ्क्षिप्त प्रज्ञापनपत्र दुई प्रति भरेर पेश गर्नु पर्नेछ ।

अनुसूची- ११
(नियम ६० को उपनियम (२) सँग सम्बन्धित)
पैठारी भएको मालवस्तुको प्रमाणपत्रको ढाँचा

GOVERNMENT OF NEPAL
.... CUSTOMS OFFICE

TO WHOM IT MAY CONCERN

This is to certify that the goods mentioned below have been duly imported into Nepal through this customs office.

Importer's Name and Address :

Importer's PAN Number :

Supplyer's Name and Address :

Description of Goods :

Invoice Number & Date:

Nett Value:

Total Invoice Amount:

Customs Declaration Form (Pragyapan Patra) Regd. Number:

Date of Importation:

Official Seal

Customs officer's signature

Name:

Date:

अनुसूची- १२

(नियम ६२ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

<u>छोटी भन्सार कार्यालयहरूको नामावली</u>

१. भद्रपुर छोटी भन्सार कार्यालय
२. सुठौली छोटी भन्सार कार्यालय
३. पृथ्वीपुर छोटी भन्सार कार्यालय
४. सतीछोटी भन्सार कार्यालय
५. दार्चुला छोटी भन्सार कार्यालय

२१.३ निकासी/पैठारी (नियन्त्रण) ऐन, २०१३

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३

	नेपाल राजपत्रमा प्रकाशित मिति
लालमोहर सदर मिति	२०१३।१०।२२
२०१३।१०।१२	

संशोधन गर्ने ऐन		लालमोहर र प्रकाशन मिति
१.	केहि नेपाल कानून (संशोधन र पुनः व्यस्थापन) ऐन, २०२०	२०२०।११।१६
२.	निकासी पैठारी (नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०२९	२०२९।६।५।५
३.	निकासी पैठारी (नियन्त्रण) (दोश्रो संशोधन) ऐन, २०४६	०४६।६।११
४.	निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३"	२०६३।८।८

२०१३ सालको ऐन नं. १६

निकासी पैठारी मनाही वा नियन्त्रण गर्नको निमित्त बनेको ऐन

[1]निकासी पैठारी मनाही वा नियन्त्रण गर्ने अधिकार व्यवस्थित गरी शान्ति र व्यवस्था कायम राख्न आवश्यक देखिएकोले श्री ५ महाराजधिराजबाट मन्त्रिमण्डलका सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

१. **संक्षिप्त नाम**: यस ऐनको नाम " निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३" रहेकोछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "निकासी" भन्नाले नेपाल राज्यबाहिर मालसामानहरू निकासी गर्ने काम सम्झनु पर्छ ।

---

[1] केही नेपाल कानून (संशोधन र पूनः व्यवस्थापन ऐन, २०२० द्वारा संशोधित ।

(ख) "पैठारी" भन्नाले नेपाल राज्यभित्र मालसामानहरू पैठारी गर्ने काम सम्झनु पर्छ ।

(ग) "सूचित आदेश" भन्नाले नेपाल राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ ।

(घ) "प्रकाशित" भन्नाले नेपाल राजपत्रमा प्रकाशित सम्झनु पर्छ ।

[2] ३. <u>निकासी पैठारी मनाही वा नियन्त्रण गर्ने नेपाल सरकारको अधिकार</u>: (१) देहायको उद्देश्य प्राप्तिको लागि कुनै वस्तुको निकासी वा पैठारीमा मनाही वा नियन्त्रण गर्न आवश्यक छ भन्ने लागेमा नेपाल सरकारले सूचित आदेशद्वारा त्यस्तो वस्तुको निकासी वा पैठारीमा शर्त वा निश्चित अवधि तोकी वा नतोकी मनाही गर्न वा पूर्ण वा परिमाणात्मक बन्देज लगाउन सक्नेछ :-

(क) सुरक्षा सम्बन्धी राष्ट्रिय हितको संरक्षण गर्न,

(ख) सार्वजनिक सदाचार, शिष्टाचार वा नैतिकता कायम राख्न,

(ग) सुन, चाँदी वा त्यस्तै अन्य धातु वा बहुमुल्य जवाहरातको व्यापारलाई व्यवस्थित गर्न,

(घ) मानव, पशु, पंछी वा वनस्पति जीवनको स्वास्थ्यमा प्रतिकूल हुने कार्यबाट संरक्षण गर्न,

(ङ) कारागारका थुनुवा वा कैदीहरूको श्रमबाट उत्पादित वस्तुहरूको पैठारी सम्बन्धमा उचित व्यवस्था गर्न,

(च) कलात्मक, ऐतिहासिक वा पुरातात्विक महत्वका राष्ट्रिय सम्पदाको संरक्षण गर्न,

(छ) लोप हुन सक्ने प्राकृतिक स्रोतको (घरेलु उत्पादन वा उपयोग समेतमा बन्देज गरी) संरक्षणको उचित व्यवस्था गर्न,

(ज) प्रतिस्पर्धात्मक क्षमता हुन सक्ने राष्ट्रिय प्रशोधन उद्योगको लागि आवश्यक पर्ने घरेलु कच्चा पदार्थको उपलब्धतालाई सुनिश्चित गर्न,

(झ) स्थानीयस्तरमा न्यून आपूर्ति भएका वस्तुको प्राप्ति तथा वितरणको लागि उचित व्यवस्था गर्न,

(ञ) विदेशी मुद्राको मौज्दातमा हुन सक्ने गम्भीर ह्रासको अवस्थालाई हटाउने वा रोक्ने वा अत्यन्त न्यून अवस्थामा रहेको विदेशी मुद्राको सञ्चितिमा

---

2 निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधन ।

वृद्धि गर्ने गरी मुलुकको बाह्य वित्तीय स्थिति र भुक्तानी सन्तुलनको सुरक्षा गर्न,

(ट) अत्यावश्यक खाद्य सामग्री वा त्यस्तै प्रकारका अन्य उत्पादनको गम्भीर अभाव हुनबाट रोक्न,

(ठ) अन्तर्राष्ट्रिय व्यापारमा उपभोग्य सामग्रीको वर्गीकरण, स्तर निर्धारण वा बजारीकरणका मापदण्ड कायम गर्न,

(ड) अतिकम विकसित मुलुकको लागि वैदेशिक व्यापारमा प्रदान गरिएका छूट वा सहुलियतको उपभोग गर्न,

(ढ) अप्रत्याशित रूपमा ठूलो मात्रामा पैठारी भएका वस्तुबाट त्यस्तै प्रकृतिका वस्तु उत्पादन गर्ने राष्ट्रिय उद्योगलाई पर्न सक्ने गम्भीर प्रतिकूल असरबाट संरक्षण गर्न,

(ण) पेटेण्ट, ट्रेडमार्क, प्रतिलिपि अधिकार, औद्योगिक डिजायन, भौगोलिक पहिचान (जिओग्राफिकल इण्डिकेशन), गोप्य सूचनाको संरक्षण जस्ता बौद्धिक सम्पत्तिको संरक्षण गर्न,

(त) देशको प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुने खालका नयाँ सीप वा प्रविधियुक्त उद्योगको प्रवर्द्धन वा संरक्षण गर्न,

(थ) अस्वस्थ वा अनधिकृत व्यापारिक क्रियाकलापलाई रोक लगाउन वा अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न,

(द) संयुक्त राष्ट्र संघको बडापत्र तथा नेपाल पक्ष भएको बहुपक्षीय अन्तर्राष्ट्रिय महासन्धि वा द्विपक्षीय सम्झौता कार्यान्वयन गर्न तथा सोबाट सृजित दायित्व पूरा गर्न ।

(२) उपदफा (१) बमोजिम कुनै वस्तुको निकासी वा पैठारीमा लगाएको बन्देज कायम राखिराख्न आवश्यक छैन भन्ने लागेमा नेपाल सरकारले सोको आधार र कारण खुलाई सूचित आदेशद्वारा त्यस्तो बन्देज जुनसुकै बखत हेरफेर गर्न, परिवर्तन गर्न वा हटाउन सक्नेछ ।

४. **नियम बनाउने नेपाल सरकारको अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्नको निमित्त नेपाल सरकारले देहायका विषयहरूमा नियम बनाउन सक्तछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपारी नेपाल सरकारले देहायका विषयहरूमा नियम बनाउन सक्तछः-

(क) निकासी पैठारीको इजाजत पत्र जारी गर्न र इजाजत पत्रको ढाँचा,

(ख) सो इजाजतपत्र प्राप्त गर्न पेश गर्नु पर्ने दरखास्त र प्रमाणहरू,

(ग) इजाजतपत्र दस्तुर,

(घ) इजाजतपत्र प्रदान गर्ने अधिकारीहरू मुकरर गर्ने,

(ङ) इजाजतपत्र पाउनेहरू र इजाजतपत्रको परिमाण निर्धारित गर्ने,

(च) बिना इजाजतपत्र निकासी पैठारी गर्न पाउने सहुलियत प्रदान गर्ने,

(छ) निकासी पैठारी गर्दा इजाजतपत्र देखाउने,

•(ज) इजाजतपत्र बहाल रहने अवधि तोक्ने र अबधि समाप्त भएको इजाजतपत्रको म्याद बढाउने,

•(झ) इजाजतपत्र खारेज गर्न वा स्थगित हुन सक्ने अवस्था,

•(ञ) इजाजतपत्र बमोजिम निकासी पैठारी भएको वस्तुहरूको तोकिएबमोजिमको तथ्याङ्क वा विवरण दाखिला गराउने ।

♦५. **दण्ड सजाय**: (१) यो ऐन वा यस ऐन अन्तरगतको सूचित आदेश बमोजिम नियन्त्रण वा मनाही गरिएको वस्तु वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निकासी वा पैठारी गर्न जारी गरिएको इजाजतपत्रमा तोकिएको वस्तु वा त्यसको मुल्य वा परिमाणमा मनासिब कारण बिना फरक पारी कसैले कुनै वस्तु निकासी वा पैठारी गरेमा त्यसरी निकासी वा पैठारी गरेको वस्तु जफत गरी निजलाई सो वस्तुको मुल्य बराबर जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) उपदफा (१) बमोजिम सजाय हुने कार्यमा सहयोग पुऱ्याउने ब्यक्तिलाई सोही उपदफामा उल्लिखित सजायको आधा सजाय हुनेछ ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक इजाजतपत्र प्राप्त गर्नको लागि कसैले जानीजानी झुट्टा वा किर्ते प्रमाण वा विवरण पेश गरेमा वा जारी भएको इजाजतपत्रमा अनाधिकृत तवरले थपघट वा केरमेट गरेमा वा इजाजतपत्र जारी गर्ने कार्यालयको काम कारवाहीमा बाधा पुऱ्याएमा त्यस्तो ब्याक्तिलाई इजाजतपत्र जारी गर्ने अधिकार प्राप्त अधिकारीले दुई हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

• पहिलो संशोधनद्वारा थप ।

♦ दोस्रो संशोधनद्वारा संशोधित ।

(४) उपदफा (१), (२) र (३) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू बर्खिलाप अन्य कुनै काम कुरा गर्नेलाई इजाजतपत्र जारी गर्ने अधिकार प्राप्त अधिकारीले एक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(५) इजाजतपत्र जारी गर्ने अधिकार प्राप्त अधिकारीले यस दफा बमोजिम सजाय पाउने ब्यक्ति एक वर्षदेखि तीन वर्षको लागि निकासी पैठारी गर्ने इजाजतपत्र जारी नगर्न वा जारी गरिएको इजाजतपत्र रद्द गर्न सक्नेछ ।

≡६. **मुद्दा हेर्ने अधिकार र पुनरावेदन** : दफा ५ को उपदफा (१) र (२) बमोजिमको कसूर सम्बन्धी मुद्दाको शुरू कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित भन्सार अधिकृतलाई हुनेछ र निजको निर्णय उपर चित्त नबुझ्ने ब्यक्तिले पैतिस दिनभित्र राजश्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

∇६क. **जाहेरवालालाई पुरस्कार दिने** : यो ऐन वा यस ऐन अन्तर्गत जारी गरिएको सूचित आदेशको बर्खिलाप कसैले कुनै वस्तुको निकासी वा पैठारी गरेको कुरामा कसैले जाहेर गरी कारवाही चल्दा त्यस्तो काम कुरा गरेको प्रमाणित भएमा सम्बन्धित वस्तुको मोलको सयकडा ≡तीस प्रतिशतले हुने रकम पुरस्कार स्वरूप त्यस्तो जाहेरवालालाई दिइनेछ ।

तर, जाहेर गर्नुपर्ने मुनासिव कारण वा आधार भई कारवाही चलेकोमा बाहेक दुःख दिने वारिस इवी साध्ने नियतले मात्र झुठ्ठा कुराको जाहेर गरेको ठहरेमा त्यस्तो झुठ्ठा कुरा जाहेर गर्ने ब्यक्तिलाई दुई सय रूपैयादेखि पाँच सय रूपैयासम्म जरिवाना हुनेछ ।

७. **असर नपार्ने** : यो ऐन जारी हुनुभन्दा अगावै नेपाल सरकारले कुनै वस्तु वा वस्तुहरूमा लगाइरखेको प्रतिबन्धको खारेजी वा संशोधनको सूचना नभएसम्म कायम रहनेछ ।

८. **खारेजी** : यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरूमा लेखिएका कुराहरूसंग बाझिने जति सबै ऐन सवाल सनद खारेज भएको वा यस ऐनसँग मिल्ने गरी संशोधित भएको मानिनेछ ।

द्रष्टव्य:-निकासी पैठारी (नियन्त्रण) (दोश्रो संशोधन) ऐन, २०४६ को दफा ५ निम्न बमोजिम रहेको छ :- **"५ रूपमान्तर**: मूल ऐनमा प्रयोग भई रहेको "लाइसेन्स" भन्ने शब्दको सट्टा "इजाजतपत्र" भन्ने शब्द राखी रूपान्तरण गरिएको छ ।"

≡ दोस्रो संशोधनद्वारा संशोधित ।

∇ पहिलो संशोधनद्वारा थप ।

२१.४ मिति २०६६।७।१७ को बाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

नेपाल राजपत्र भाग ५, खण्ड ५९, संख्या २८ मिति २०६६।७।१६
भाग-५
नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालयको
सूचना- १

नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका वस्तुको निकासी पैठारीमा देहाय बमोजिम पूर्ण वा परिमाणात्मक वन्देज लगाउने र देहायका वस्तुको निकासी पैठारी गर्दा देहाय बमोजिमका शर्त पालना गर्नुपर्ने गरी यो आदेश जारी गरेको छ ।

१. निकासीका लागि पूर्ण वन्देज लगाएका वस्तुहरू:

(क) पुरातात्विक, ऐतिहासिक तथा धार्मिक महत्वका वस्तुहरू

(१) विदेशी तथा स्वदेशी सिक्का,

(२) देवी-देवताको मूर्ति, ताडपत्र तथा भोजपत्र

(३) पौवा

(ख) अनुसूची १ मा उल्लेख भएबमोजिमका संरक्षित वन्यजन्तु, संरक्षित वन्यजन्तुका आखेटोपहार तथा संकटापन्न वन्यजन्तुहरू ।

(ग) मादक तथा लागू पदार्थहरू :

गाँजा, अफिम, चरेस जस्ता UN Conventon Against Traffic in Narcotic Drugs and Psychotropic Substance, 1988 र Single Convention on Narcotics Drgus, 1961 मा परिभाषा गरिए बमोजिमका मादक तथा लागू पदार्थहरू ।

(घ) विष्फोटक तथा खरखजानाका वस्तुहरू

(१) विष्फोटक पदार्थ र त्यसलाई चाहिने फ्यूज वा फ्यूजको लागि चाहिने वस्तु

(२) जगी खरखजाना तयारीको लागि चाहिने पदार्थहरू

(ङ) <u>औद्योगिक मेशिनरी, पार्टपुर्जा तथा कच्चा पदार्थ</u>

(१) काँचो छाला (ड्राई साल्टेड समेत)

(२) कच्चा ऊन तथा जंगली जीव जन्तुको रौं

(३) औद्योगिक मिल मेशिनरीहरू र सोका पार्टपुर्जाहरू

तर,

(१) कुनै उद्योगले पैठारी आयात गरेको मिल मेशिनरीहरू सो उद्योगको प्रयोगमा नआउने भई अन्य मुलुकमा बिक्री गर्न चाहेमा वा उद्योग नै बन्द गरेमा दुइपक्षीय सन्धीमा प्रतिकूल असर नपर्ने गरी उद्योग विभागको सिफारिसमा निकासी गर्न दिइनेछ ।

(२) कुनै उद्योगले पैठारी गरेको कच्चापदार्थ आफ्नो उत्पादनमा प्रयोग नहुने भई विदेशम बिक्री गर्न चाहेमा दुईपक्षीय सन्धीमा प्रतिकूल असर नपर्ने गरी सम्बन्धित विभागको सिफारिसमा निकासी गर्न दिइनेछ ।

(३) कुनै उद्योगले पैठारी गरेको मिल, मेशिनरी,, कच्चापदार्थ र पार्टपुर्जाहरू सो उद्योगमा प्रयोग नहुने भएको वा गुणस्तर नमिलेको कारणले सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्ने गरी निकासीकर्तालाई नै फिर्ता पठाउनु परेमा सम्बन्धित विभागको सिफारिसमा निकासी गर्न सकिनेछ ।

(च) <u>जैवीक विविधता र वातावरण संरक्षणसंग सम्बन्धित वन पैदावार लगायतका वस्तुहरू</u>

(१) पाँच औले (Dactylorhiza hatagirea) र ओखरको रूखको वोक्रा (Juglans regia)

(२) सम्बन्धित निकायको स्वीकृत वेगर र विना प्रशोधनका देहायका जडीवुटीहरूः-

(क) जटामसी (Nardostachys grandiflora)

(ख) सर्पगन्ध (Rauwolfia serpentina)

(ग) सुगन्धवाल (Valeriana Jatamansi)

(घ) झ्याउ (Lichen spp)

(ङ) तालीस पत्र (Abies spectabilis)

(च) लौठ सुल्ला (Taxus spp)

(छ) सुगन्ध कोकिला (Cinnamomum glaucescens)

(३) देहायका गोलिया तथा चिरान काठः-

(क) साल (Shorea robusta)

(ख) सतिस साल (Dalbergia latifollia)

(ग) विजयसाल (Pterocarpus marsupium)

(घ) ओखर (Juglans regia)

(ङ) जंगली सिसौ

तर आफ्नो निजी जग्गामा उत्पादन गरिएको सिसौं (जंगली सिसौ बाहेक), टिक, युकालिप्टसको गोलिया तथा चिरान काठ जिल्ला वन कार्यालयको सिफारिसमा निकासी गर्न पाइनेछ ।

(४) प्रशोधन नगरिएको शिलाजित (Rock Exudat)

(५) यार्सागुम्वा (Cordyceps sinensis) र कुट्की (Picrorhiza scrophulariifolia) वन विभागको स्वीकृति लिएरमात्र निकासी गर्न पाइनेछ ।

(६) सुनगाभा/जिवन्ती (Orchids), रक्तचन्दन लगायतका CITES अनुसूचीमा सूचीकृत वनस्पतिहरूको हकमा CITES महासन्धीको प्रावधान अनुसार हुनेछ ।

(छ) आपूर्ति तथा वितरणमा उचित व्यवस्था गर्न आवश्यक भएका देहायका पेट्रोलियम पदार्थहरू

(१) पेट्रोल
(२) डिजेल
(३) मट्टितेल
(४) एल. पी. ग्याँस

(५) हवाइ इन्धन (अन्तर्राष्ट्रिय उडानमा संलग्न हुने वायुयानले प्रयोग गर्ने इन्धन वाहेक)।

२. <u>निकासीमा परिमाणात्मक बन्देज लागेका वस्तुहरू</u>

(१) धान
(२) चामल
(३) गहुँ
(४) चिनी (यूरोपेली संघबाट कोटामा प्राप्त हुने वाहेक),
(५) दालजन्य वस्तुहरू (मुसुरो, रहर, मास, भटमास, चना, गहत, खेसरी)।

<u>नोट:</u> देशको आपूर्ति स्थितिलाई मध्यनजर राखी माथि उल्लिखित सूचीमा यस मन्त्रालयले हेरफेर गर्न सक्नेछ।

३. <u>निकासी सम्बन्धी विशेष व्यवस्था:</u>

(क) स्वीकृत बैकिङ्ग प्रणाली अन्तर्गत भुक्तानी हुने गरी अमेरिकी डलर ५,००० मूल्यसम्मको वस्तु र विना भुक्तानी अमेरिकी डलर ५०० मूल्यसम्मको वस्तु हुलाक पुलिन्दाबाट निकासी गर्न सकिनेछ। सोभन्दा बढी मूल्यको निकासीको लागि वाणिज्य विभागबाट इजाजत लिनुपर्नेछ।

(ख) क्षेत्रगत आधारमा कुनै अन्तर्राष्ट्रिय प्रतिष्ठित वस्तु उत्पादक कम्पनीले निर्दिष्ट गरेको क्षेत्रको लागि वितरकको रूपमा तोकिएको नेपाली एजेन्सीले उक्त उत्पादक कम्पनीको वस्तु विना इजाजत सो मुलुकमा निर्यात गर्न पाउनेछ।

(ग) निकासी गर्न प्रतिवन्ध नलागेका वस्तुहरू खुला रूपमा निकासी गर्न दिइनेछ।

(घ) निकासी गर्न कुनै निकायको सिफारिस आवश्यक पर्ने भनी प्रचलित कानूनमा उल्लेख भएकोमा सोही वमोजिम हुनेछ।

४. <u>पैठारीका लागि पूर्ण वन्देज लागेका वस्तुहरू</u>

(क) गाँजा, चरेस, अफिम, मर्फिन जस्ता स्वास्थ्यको निमित्त हानिकारक लागू तथा मादक पदार्थहरू,

(ख) गोमाँस,

(ग) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका हानिकारक एजो रंगहरू,

(घ) प्लाष्टिकका झुत्राहरू र २० माइक्रोनभन्दा कम मोटाइका प्लाष्टिकका झोला तथा शीट (Sheet)।

(ङ) बढी कार्वन फाल्ने Incandescent light bulbs,

(च) अन्य प्रचलित कानून बमोजिम वन्देज गरिएका वस्तुहरू।

५. **इजाजतपत्र वा स्वीकृति पत्रको आधारमा मात्र पैठारी गर्न सकिने वस्तुहरू:**

(क) अनुसूची-२ मा उल्लेख भए बमोजिमका लागू तथा मनोद्दिपक औषधी र सोको सहायक रसायन (गृह मन्त्रालयको सिफारिसमा)

(ख) हातहतियार र विष्फोटक पदार्थहरू (गृह मन्त्रालयको सिफारिसमा) अनुसूची-३ मा उल्लेख भएबमोजिम विष्फोटक पदार्थहरू बनाउन चाहिने आवश्यक सामानहरू, वन्दुक र वन्दुकका गोलीहरू, कागज बाहेकका केपहरू (Capes) र अन्य विष्फोटक पदार्थहरू तथा हातहतियारहरू,

(ग) देहायका रेडियो यन्त्र वाहेक वायरलेस, वाकीटकी, प्रसारण रिसिभर, लिङ्क रेडियो उपकरण जस्ता रेडियो उपकरण र अन्य यस्तै शव्दवाहक, संवादवाहक, दुश्यवाहक, तथ्याङ्कवाहक, रेडियो यन्त्रहरू (सूचना तथा सञ्चार मन्त्रालयको सिफारिसमा)

(१) GSM मोवाइल फोन सेट

(२) WLL टेलिफोन सेट

(३) नेपाल दूरसंचार प्राधिकरणबाट GMPCS को लाइसेन्स प्राप्त सेवा संचालनको स्याटेलाइट नेटवर्कमा आवद्ध हुने स्याटेलाइट टेलिफोन सेट।

(घ) परिमाणात्मक वन्देज लागेको वस्तु: पोस्तादाना

६. **पैठारी सम्बन्धी विशेष व्यवस्था:**

(क) वातावरणमा प्रतिकूल प्रभाव पार्ने पदार्थहरूको पैठरी सम्बन्धमा कुनै आदेश जारी गरेको भए सोही अनुसार हुनेछ।

(ख) देहायका वस्तु समुन्द्रपार मुलुकबाट विना पैठारी इजाजतपत्र तथा विना प्रतीतपत्र वा भुक्तानी वेगर पैठारी गर्न पाइनेछ:

(१) नेपाल सरकारका कार्यालय, सार्वजनिक संस्थान, सामाजिक संस्था वा प्रतिष्ठानले पैठारी गर्ने वस्तुहरू तथा सम्बन्धित मन्त्रालयको सिफारिसमा नेपालमा संचालित आयोजनाको नाममा पैठारी गरिने सम्झौतामा उल्लिखित Bill of Quantity वमोजिमका वस्तुहरू,

(२) कुनै व्यक्ति वा संस्थाले नेपालमा रहेका अशक्त विरामीलाई औषधोपचारको निम्त उपहार स्वरूप पठाएका आकस्मिक औषधीहरू,

(३) प्रसार प्रसारको लागि पठाएका पोष्टर, क्यालेण्डर जस्ता प्रिण्टेड सामग्रीहरू,

(४) कुनै व्यक्तिले विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाको निमन्त्रणा, सभा, सम्मेलन वैठक आदिमा भाग लिई उपहार वा पुरस्कार स्वरूप प्राप्त गरेको अमेरिकी डलर १००० सम्मको वस्तु,

(५) कुनै मित्र राष्ट्र वा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ, संस्था सामाजिक संस्था वा व्यक्तिले सम्बन्धित मन्त्रालयको स्वीकृतिमा नेपालमा नाफा आर्जन गर्ने उद्देश्य नभएका सेवामूलक संघ, संस्थालाई प्रदान गर्ने उपहार, चन्दा, अनुदानका सामानहरू,

(६) संयुक्त/विदेशी लगानीमा संचालित उद्योगले सम्झौता वमोजिम पूँजी लगानी वापत पैठारी गरेका मेशिनरी सामान र कच्चा पदार्थहरू (उद्योग विभागको सिफारिसमा),

(७) नेपालमा संचालन भएका आयोजना तथा संयुक्त/विदेशी लगानीमा सम्झौता अन्तर्गत कार्यरत विदेशी व्यक्ति वा विदेशी लगानीकर्ताले निजी प्रयोजनकालागी पैठारी गरेको सामान (सम्बन्धित मन्त्रालयको सिफारिसमा),

(८) अमेरिकी डलर १,००० सम्मका कुनै कम्पनी वा फर्मको चिन्ह अंङ्कित विज्ञापन, लेवल, स्टीकर र नमूना सामग्रीहरू,

(९) विदेशी कम्पनी, संयुक्त लगानीका कम्पनी वा विदेशी एयरलाइन्सका प्रधान कार्यालयले नेपालस्थित प्रतिनिधि कार्यालय, शाखा कार्यालय वा जनरल सेल्स एजेन्ट (जि.एस.ए.)

जस्ता रजिष्टर्ड फर्महरूलाई कार्यालय संचालनका लागि पठाएका अमेरिकी डलर ५,००० सम्मका कार्यालय सामानहरू,

(१०) कुनै मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थाले आफ्नो प्रयोगका लागि पैठारी गरेका नेपाल सरकार, अर्थ मन्त्रालयले भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिएका सामानहरू ।

७. स्वीकृत बैकिङ्ग प्रणाली अन्तर्गत भुक्तानी हुने गरी अमेरिकी डलर ५००० मूल्यसम्मको वस्तु र विना भुक्तानी अमेरिकी डलर २०० मूल्यसम्मको सामान हुलाक पुलिन्दाबाट पैठारी गर्न सकिनेछ । बैकिङ्ग प्रणाली अन्तर्गत भुक्तानी भई पैठारी भएको सामानको हकमा माथि उल्लिखित मूल्यभन्दा बढी मूल्यको पैठारीका लागि वाणिज्य विभागबाट इजाजत लिनु पर्नेछ । विना भुक्तानी पैठारी भएको सामानको हकमा माथि तोकिएभन्दा बढी मूल्यको वस्तु पैठारी भएमा बढी मूल्य जतिमा शत्प्रतिशत पैठारी इजाजत दस्तुर लिई वाणिज्य विभागले सो वस्तु लैजान स्वीकृति दिन सक्नेछ ।

८. यस सूचनामा अन्यथा उल्लेख भएकोमा वाहेक नेपाल सरकारको स्वीकृति वेगर, इजाजतपत्र अथवा नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति बैकिङ्ग प्रणालीका कागजात वाहेक, कुनै पनि वस्तु सोझै निकासी पैठारी गर्न पाइनेछैन ।

९. पर्वतारोहरण दल वा अध्ययन वा अनुसन्धान दलले पैठारी गर्ने सामानहरू सम्बन्धित मन्त्रालयको सिफारिसमा मात्र पैठारी गर्न पाइनेछ ।

१०. नेपालको बाटो गरी पुनः अर्को मुलुकमा निकासी गर्ने र नेपालको बाटो भई पुनः आफ्नो देशमा फिर्ता लैजाने वस्तुहरूको लागि सम्बन्धित मन्त्रालयको सिफारिसमा वाणिज्य विभागले ट्रान्जिट सुविधा उपलब्ध गराउनेछ र यस्तो सुविधा पर्वतारोहण दलको लागि मात्र दिईनेछ ।

११. यस सूचनामा उल्लेख भएका विषय वाहेक निकासी तथा पैठारीका सम्बन्धमा कुनै द्विविधा परेमा औचित्य हेरी यस मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

१२. प्रचलित नेपाल ऐन, नियम वा नेपाल सरकारको आदेशबाट निकासी पैठारीका लागि वन्देज तथा नियन्त्रण गरिएकोमा सोही अनुसार हुनेछ र नेपाल राष्ट्र बैङ्कबाट निकासी पैठारी सम्बन्धमा प्रचलित ऐन, नियम तथा यस सूचनासंग नवाभिने गरी जारी गरेको आदेश तथा मौद्रिक नीति अनुसार जारी भएका सूचनाको हकमा सोही वमोजिम हुनेछ ।

अनुसूची-१
(प्रकरण १ को खण्ड (ख) संग सम्बन्धित)
संरक्षित वन्यजन्तु, संरक्षित वन्यजस्तुका आखेटोपहार तथा संकटापन्न वन्यजन्तु

१. **संरक्षित वन्यजन्तु**

(क) स्तनधारी जन्य (म्यामल्स)

१.	आसामी रातो बाँदर	▪ (मकाका आसमेन्सीस)
२.	सालक	▪ (म्यानिस क्रसिकडाटा र म्यानिस पेन्टाडक्टाइल)
३.	हिसपिड खरायो	▪ (क्याप्रोलागस हिसपिडस)
४.	सोंस	▪ (प्लाटानिस्टा ग्यन्जेटिका)
५.	ब्वाँसो	▪ (क्यानिस लुपस)
६.	हिमाली रातो भालु	▪ (असर्स अर्क्टस)
७.	हाब्रे (रेड पाण्डा)	▪ (आइलुरस फल्जेन्स)
८.	लिङ्गसाङ	▪ (प्राओनोडन पार्डिकलर)
९.	हुँडार	▪ (हाइना हाइना)
१०.	चरी बाघ (लेपर्ड क्याट)	▪ (फेलिल बेंगालेन्सिस)
११.	लिक्स	▪ (फेलिस लिंक्स)
१२.	ध्वाँसे चितुवा	▪ (निओफेलिस नेवुलोसा)
१३.	बाघ	▪ (पान्थेरा टाइग्रिस)
१४.	हिउँ चितुवा	▪ (पान्थेरा अन्सिय)
१५.	जङ्गली हात्ती	▪ (इलेफस माक्सिमस)
१६.	गैडा	▪ (रायनोसिरिस युनिकर्निस)
१७.	सानोजातको बादेल	▪ (सस सल्मानस)
१८.	कस्तुरी मृग	▪ (मस्चस मस्चिफेरस)
१९.	वाह्रसिंगा	▪ (सरभस ड्भाउसेली)
२०.	गोरबाइसन	▪ (वस गोंरस)
२१.	याक नाक	▪ (वस ग्रनियन्स)
२२.	अर्ना	▪ (बुबालस बुवालिस)
२३.	नायन	▪ (ओभिस आम्मन)

२४. चिरू	▪ (पान्थोलप्स हडसोनी)
२५. कृष्णसार	▪ (एन्टिलोप सर्भिकापा)
२६. चौका	▪ (टेट्राकर्निक क्याड्रिकर्निस)
(ख) **पंक्षी (एभ्स)**	
१) कालो स्टक	▪ (सिकोनिया नाइग्रा)
२) सेतो स्टर्क	▪ (सिकोनिया सिकोनिया)
३) सारस	▪ (ग्रस ग्रस)
४) चीर	▪ (क्याट्रिएस वालिचाई)
५) डाँफे	▪ (लोफोफोरस इम्पिजासन)
६) मोनाल	▪ (ट्रागोपान साटाइरा)
७) खर मुजुर	▪ (युपोडोटिस बेङ्गालेन्सिस)
८) सानो खर मजुर	▪ (साइफिओटाइडस इन्डिका)
९) ठूलो धनेश	▪ (बुसेरस वाइकर्निस)
(ग) **घस्रने जातका जन्तु (रेपटायल्स)**	
१. अजिङ्गर	▪ (पाइथन स्पिसिज)
२ घडियाल गोही	▪ (ग्याभियालिस ग्यान्जेटिकस)
३. सुन गोहोरा	▪ (भारानस फ्लाभेसेन्स)

२. **संरक्षित वन्यजन्तुका आखेटोपहार**

स्पष्टिकरण: यस सूचनाको प्रयोजनको लागि "आखेटोपहार" भन्नाले अति सङ्कटापन्न वा सङ्कटापन्न वन्यजन्तुको मृत शरीर वा शरीरको चिन्न सकिने अवस्थामा रहेको कुनै अंश वा अंग वा शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको समिश्रणबाट बनेको वा तयार भएको कुनै पनि वस्तु सम्झनु पर्छ।

३. **सङ्कटापन्न वन्यजन्तुहरू**

सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धी (Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) को अनुसूची १ मा उल्लिखित देहायका वन्यजन्तुहरू

(क)	**स्तनधारी प्राणी**		
सि.नं.	नेपाली नाम	वैज्ञानिक नाम	अंग्रेजी नाम
१.	हाब्रे	Ailurus fulgens	Red panda
२.	गौरी गाई	Bos gaurus	Gaur
३.	जंगली चौरी	Bos grunniens (mutus)	Wild Yak
४.	ब्वाँसो	Canis lupus	Grey wolf
५.	हिस्पीड खरायो	Caprolagus hispidus	Hispid Hare
६.	बाह्रसिंगे	Cervus duvaucelii	Swamp Deer
७.	हात्ती	Elephas maximus	Asiatic Wild Elephant
८.	चरी वाघ	Felis (Prionailurus) bengalensis	Leopard cat
९.	छिरविरे विरालो	Felis (pardofelis) marmorata	Marble cat
१०.	सुनौलो विरालो	Felis (Catopuma(temmincki	Golden cat
११.	ओंत	Lutra lutra	Otter
१२.	काठे भालु	Melursus Ursinus	Sloth Beer
१३.	कस्तुरी मृग	Moschus chrysogaster	Musk Deer
१४.	घोरल	Naemorhedus goral	Himalayan Goral
१५.	थार	Naemorhedus sumatraensis	Himalayan Serow
१६.	ध्वाँसे चितुवा	Neofelis nebulos	Clouded Leopard
१७.	नायन	Ovis ammon hodgsonii	Great Tibetan sheep

१८.	पाटेवाघ	Panthera tigrisc tigris	Royal Bengal Tiger
१९.	चितुवा	Panthera pardus	comman,Leopard
२०.	हिउँ चितुवा	Uncia Uncia	Snow Leopard
२१.	चिरू	Pantholops hodgsoni	Tibetan Antelope
२२.	सोंस	Platanista gangetica	Gangetica Dolphin
२३.	लिङसाङ	Prionodon pardicolor	Spotted Lingsang
२४.	एक सिङ्गे गैडा	Rhinoceros unicornis	One horned Rhino
२५.	हिमाली कालो भालु	Selenarctos (Ursus) thibetanus	Himalayan Black Bear
२६.	पुड्के बँदेल	Sus Salvanius	Pygmy Hog
२७.	लङ्गुर बाँदर	Semenopithecus entellus	Hanuman Langur
२८.	खैरो भालु	Ursus arctos	Brown Bear
(ख) **पंक्षीहरू**			
सि.नं.	नेपाली नाम	वैज्ञानिक नाम	अंग्रेजी नाम
१.	धनेश	Aceros nipalensis	Rufous Necked Hornbill
२.	हरियो टाउके हाँस	Anas platyrhynchos	Laysan Teal (Mallard)
३.	चील	Aquila heliaca	Imperial Eagle
४.	वुस्टार्ड (गोडावण)	Ardeotis nigriceps	Great Indian Bustard
५.	राज धनेश	Buceros bicornis	Great Pied Hornbill
६.	चीर कालिज	Catreus Wallichii	Cheer pheasant
७.	सेतो गरूड	Ciconia ciconia	White Stork
८.	खर मजुर	Epodotis bengalensis	Bengal Florican
९.	बाज	Falco jugger	Lagger Falco
१०.	बाज	Falco pelegrinoides	Barbary Falco
११.	शाही वाज	Falco peregrinus	Peregrine
१२.	क्याङ्गकुरूङ	Grus nigricollis	Black Necked Crane

१३.	सेतो पुच्छरे चील	Haliaeetus albicilla	White tailed Eagle
१४.	डाँफे	Lophophorus impejanus	Himalayan Monal
१५.	रातो टाउके हाँस	Rhodonessa caryophyllacea	Pink headed Duck
१६.	हिउँ कुखुरा	Tetraogallus tibetanus	Tibetan snowcock
(ग) **सरिसृप (घ्रसने प्राणी)**			
सि.नं.	नेपाली नाम	वैज्ञानिक नाम	अंग्रेजी नाम
१)	कटैया	Aspidetretes gangeticus	Ganges Softshell Turtle
२)	बडहर/कटैया	Aspideretes hurum	Peacock Softshell Turtle
३)	मगर गोही	Crocodylus palustris	Mugger Crocodile
४)	घडियाल गोही	Gavialis gangeticus	Gharial Crocodile
५)	ठोटरी	Kachuga tecta	Indian Roofed Turtle
६)	ठोटरी	Melanchelys tricarinata	Tricarinate Hill turtle
७)	अजिङ्गर	Python molurus	Asiatic rock python
८)	सुन गोहोरो	Varanus flavescens	Golden Monitor Lizard

नोटः CITES को अनुसूची १ मा सूचीकृत वन्यजन्तुहरूको अनुसन्धान, शैक्षिक प्रदर्शन वा चिडियाखानामा राख्ने जस्ता गैर व्यवसायिक प्रयोजनको लागि निकासी वा पैठारी गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको पत्र अनिवार्य हुनेछ ।

४. CITES को अन्य अनुसूचीमा समावेश भएका वन्यजन्तुहरूको निकासी वा पैठारी गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट नियमानुसार दिइएको कागजात पेश गर्नुपर्नेछ ।

अनुसूची - २
(प्रकरण ५ को खण्ड (क) संग सम्बन्धित)
लागु तथा मनोद्दिपक औषधि र सोको सहायक रसायन

(क) **लागु तथा मनोद्दिपक औषधी**

तालिका - १

खण्ड (क)

१.	एसिटोर्फिन
२.	एसिटाइल अल्फा मिथाइन फेन्टालिन
३.	एसिटाइल मिथाडोल
४.	अल्फेन्टानिल
५.	एलाइलप्रोडिन
६.	एफासिटाइल मिथाडोल
७.	अल्फामेप्रोडिन
८.	अल्फामिथाडोल
९.	अल्फामिथाइल फेन्टानिल
१०.	अल्फा मिथाइल थायोफेन्टानिल
११.	अल्फाप्रोडिन
१२.	एनिलेरिडिन
१३.	वेन्जेथिडिन
१४.	बेन्जाइल मर्फिन
१५.	बेटासिटाइल मिथाडोल
१६.	बेटा हाइड्रोक्सीफेन्टानिल
१७.	बेटा हाइड्रोक्सी थ्री मिथाइल फेन्टानिल
१८.	बेटा मेप्रोडिन
१९.	बेटामिटाडोल
२०.	बेजिप्रोडिन
२१.	बेजिट्रामाइड
२२.	क्यानाविस एण्ड क्यानाविस रेजिन
२३.	क्लोनिटाजिन
२४.	कोकालिफ

२५.	कोकेन
२६.	कोडोक्सिम
२७.	कन्सन्टेट अफ पपी स्ट्र
२८.	डेसोमर्फिन
२९.	डेस्ट्रोमोरेमाइड
३०.	डाइ एम्प्रोमाइड
३१.	डइ इथाइल थायाम्बुटिन
३२.	डाइफेनोक्सिन
३३.	डाइहाइड्रो इटोर्फिन
३४.	डाइहाइड्रो मर्फिन
३५.	डाइमिनोक्साडोल
३६.	डाइमिफेस्टानोल
३७.	डाइ मिथाइल थायम्बुटिन
३८.	डाइ अक्साफेटाइल ब्युटाइरेट
३९.	डाइफेनोक्सीलेट
४०.	डाइपिपानोन
४१.	ड्रोटेब्यानोल
४२.	इक्गोनिन
४३.	इथाइलमिथाइल थायम्ब्युटिन
४४.	इटोनिटाजिन
४५.	इटोर्फिन
४६.	इटोक्सीरिडिन
४७.	फेन्टानिल
४८.	फ्यूरेथिडिन
४९.	हिरोइन
५०.	हाइड्रोकोडोन
५१.	हाइड्रोमर्फिनोल
५२.	हाइड्रोमर्फोन
५३.	हाइड्रोक्सीपिथिडिन
५४.	आइसोमिथाडोन
५५.	केटोबेमिडोन

५६.	लेभोमिथोर्फान
५७.	लेभोमोरेमाइड
५८.	लेभोफेनासिल मर्फान
५९.	लेभोर्फानोल
६०.	मेटाजोसिन
६१.	मिथाडोन
६२.	मिथाडोन इन्टरमिडियट
६३.	मिथाइल डेसोर्फिन
६४.	मिथाइल हाइहाइड्रो मर्फिन
६५.	थ्रि मिथाइल थायोफेन्टानिल
६६.	थ्री मिथाइल थायोफेन्टानिल
६७.	मेटोपोन
६८.	मोरेमाइड इन्टरमिडियट
६९.	मर्फेरिडिन
७०.	मर्फिन
७१.	मर्फिन मिथोब्रोमाइड
७२.	मर्फिन यन् अक्साइड
७३.	यम् पि पि पि
७४.	माइरोफिन
७५.	निकोमर्फिन
७६.	नोरासाइडमिथाडोल
७७.	नर्लेभोर्फानोल
७८.	नर्मिथाडोन
७९.	नर्मर्फिन
८०.	नर्पिपानोन
८१.	ओपियम
८२.	अर्क्साकोडोन
८३.	अक्सीमर्फोन
८४.	पारा ल्फयूरोफेन्टानिल
८५.	पि ए पि ए पि
८६.	पिथिडिन

८७.	पिथिडिन इन्टरमिडियट ए
८८.	पिथिडिन इन्टरमिडियट बी
८९.	पिथिडिन इन्टरमिडियट सी
९०.	फोनाडोक्सान
९१.	फेनाम्प्रोमाइड
९२.	फेनाजोसिन
९३.	फेनोमर्फान
९४.	फेनोपेरिडिन
९५.	पिमिनोडिन
९६.	पिरिट्रामाइड
९७.	प्रोहेप्टाजिन
९८.	प्रोपेरिडिन
९९.	रेसिमिथोर्फान
१००.	रेसिमोरामाइड
१०१.	रेसिमर्फान
१०२.	रेमिफेन्टानिल
१०३.	सुफेन्टानिल
१०४.	थेबाकोन
१०५.	थेबेन
१०६.	थायोफेन्टानिल
१०७.	टिलिडिन
१०८.	ट्राईमेपेरिडिन
	खण्ड (ख)
१)	एसिटाईल डाइहाइड्रोकोडिन
२)	कोडिन
३)	डेस्क्ट्रोप्रोपोक्सिफेन
४)	हाइहाइड्रोकोडिन
५)	इथाइल मर्फिन
६)	निकोकोडिन
७)	निकोडाइकोडिन
८)	नर्कोडिन

९)	फल्कोडिन
१०)	प्रोपिराम
	खण्ड (ग)
१)	कोडिन
२)	डाइहाइड्रोकोडिन
३)	इथाइल मर्फिन
४)	निकोडाइकोडिन
५)	नर्कोडिन
६)	फल्कोडिन
	खण्ड (घ)
१)	एसिटोर्फिन
२)	एसिटाइल अल्फ मिथाइल फेन्टानिल
३)	अल्फा मिथाइलथायोफेन्टानिल
४)	बेटा हाइड्रोक्सी थ्री मिथाइल फेन्टानिल
५)	बेटा हाइड्रोक्सीफेन्टानिल
६)	क्यानाबिस एण्ड क्यानाविस रेजिन
७)	डेसो मर्फिन
८)	इटोर्फिन
९)	हिरोइन
१०)	केटोबेमिडोन
११)	थ्री मिथाइल फेन्टानिल
१२)	थ्री मिथाइल थायोफेन्टानिल
१३)	यम् पि पि पि
१४)	पाराल्फ्यूराफेन्टानिल
१५)	पि इ पि ए पि
१६)	थायोफेन्टानिल
१७)	अल्फा मिथाइल फेन्टानिल
तालिका २	
खण्ड (क)	
१)	ब्रोलाम्फीटामिन
२)	क्याथिनोन

३)	इटिसाइक्लीडिन
४)	इटिष्ट्रामिन
५)	लाइसर्जाइड (यल् एस् डी)
६)	साइलोसाइबिन
७)	रोलीसाइक्लीडिन
८)	टेनाम्फीटामिन
९)	टेनोसाइक्लीडिन
१०)	डि इ टी
११)	डि यम् ए
१२)	डि यम् एच पि
१३)	डि यम् टि
१४)	डि ओ इ टी
१५)	यन् हाइड्रोक्सी यम् डि ए
१६)	यम् डि इ
१७)	यम् डि यम् ए
१८)	मेस्कालिन
१९)	मिथ् क्याथिनोन
२०)	फोर मिथाइल एमिनोरेक्स
२१)	यम् यम् डि ए
२२)	फोर एम् टि ए
२३)	प्यारा हेक्साइल
२४)	पि इम् ए
२५)	साइलोसिन
२६)	यस् टि पि (डि ओ यम्)
२७)	टेट्राहाइड्रो क्यानाविनोल
२८)	टि यम् ए
	खण्ड (ख)
१)	एम्फीटामिन
२)	डेक्स एम्फीटामिन
३)	फेनिटाइलिन
४)	मेक्लोक्वालोन

५)	मेट् एम्फीटामिन
६)	मेट् एम्फीटामिन रेसिमेट
७)	मेथाक्वालोन
८)	मिथाइल फेनिडेट
९)	फेन्साइक्लीडिन
१०)	फेन्मीट्राजिन
११)	सेकोवार्विटल
१२)	ड्रोनाविनोल
१३)	जिपेप्रोल
१४)	एमिनेप्टीन
१५)	टु सि वि
	खण्ड (ग)
१)	एमोवार्विटल
२)	व्युप्रेनर्फिन
३)	व्यूटलविटल
४)	क्याथिन
५)	साइक्लोवार्विटल
६)	ल्फुनइट्राजेपाम
७)	ग्लुटेथिमाइड
८)	पेन्टाजोसिन
९)	पेन्टोवार्विटल
	खण्ड (घ)
१)	एलोवार्विटल
२)	अल्प्राजोलम
३)	एम्फीप्रामोन
४)	एमिनोरेक्स
५)	वार्विटल
६)	बेन्जफिटामिन
७)	ब्रोमाजेपाम
८)	ब्रोटिजोलाम
९)	क्यामाजेपाम

१०)	क्लोर्डायाजेपोक्साइड
११)	क्लोबाजाम
१२)	क्लोनाजेपाम
१३)	क्लोराजेपेट
१४)	क्लोटियाजेपाम
१५)	क्लोक्साजोलाम
१६)	डेलोराजेपाम
१७)	डाइजेपाम
१८)	इस्टाजोलाम
१९)	इथ्क्लोर्भिनोल
२०)	इथिनामेट
२१)	इथाइल लोफ्लाजेपेट
२२)	इटिलाम्फेटामिन
२३)	फेन्काम्फामिन
२४)	फेन्प्रोपोरेक्स
२५)	ल्फुडायजेपाम
२६)	ल्फुराजेपाम
२७)	जि एच् वि (गामा हाइड्रोक्सीब्यूटाइरिक एसिड)
२८)	हेलाजेपाम
२९)	हेलोक्साजोलाम
३०)	केटाजोलाम
३१)	लेफिटामिन
३२)	लोप्राजोलाम
३३)	लोराजेपाम
३४)	लोर्मेटाजेपाम
३५)	मिडाजेपाम
३६)	मेफेनोरेक्स
३७)	मेप्रोवामेट
३८)	मेसोकार्व
३९)	मिथाइल फेनोवार्विटल
४०)	मिथिप्रिलोन

४१)	मिडाजोलाम
४२)	निमेटाजेपाम
४३)	नाइट्राजेपाम
४४)	नोर्डाजेपाम
४५)	अक्साजेपाम
४६)	अक्साजोलाम
४७)	फेन्डेमिट्राजिन
४८)	फेनोवार्विटल
४९)	फेन्टर्मिन
५०)	पिनाजेपाम
५१)	पिप्राड्रोल
५२)	प्राजेपाम
५३)	पाइरोभालेरोन
५४)	सेक्ब्यूटावार्विटल
५५)	टेमाजेपाम
५६)	ट्रायाजोलाम
५७)	भिनाइलविटल
५८)	जोल्पीडेम
५९)	व्यूटोबार्विटल

(ख)	**लागू तथा मनोद्विपक पदार्थ उत्पादन गर्न अत्यावश्यक सहायक रसायन**
	तालिका १
सि.नं.	**विवरण**
१.	एसिटिक एनहाईड्राइड
२.	एन-एसिटाईलएन्थ्रानिलिक एसिड
३.	इफेडिन
४.	ईर्गोमेट्रिन
५.	ईर्गोटामाईन
६.	आईसोसफोल
७.	लाइसाजिक एसिड
८.	३,४-- मिथलिनडाइअक्सिफिनाईल १-२ प्रोपेनन्

९.	नरईफेडिन
१०.	१- फिनाइन १-२ प्रपेनन्
११.	पिपरोनल
१२.	पोटासियम परम्याग्नेट
१३.	स्युडोईफेडिन
१४.	सफ्रोल
	तालिका २
१)	एसिटोन
२)	एन्थ्रानिलिक एसिड
३)	ईथाईल एसिड
४)	हाईड्रक्लोराइड एसिड
५)	मिथाईल ईथाइल किटोन (एलईके)
६)	फिनाईल एसिटिक एसिड
७)	पिपरिडन
८)	सल्फ्यूरिक एसिड
९)	टोलिन

अनुसूची - ३
(प्रकरण ५ को खण्ड (ख) संग सम्बन्धित)
विष्फोटक पदार्थ र विष्फोटक पदार्थहरू बनाउन चाहिने आवश्यक सामानहरू

A	
1.	Acremite (Like ANFO)
2.	Akaradite I (Diphenyl urea)
3.	Akaradite II (Methydiphenylurea)
4.	Akaradite III (Ethyl dipheneyl urea)
5.	Aluminium powder
6.	Amatex (mixture of TNT ammonium nitrate and RDS)
7.	Amato (mix. of ammonium nitrate & TNT in various composition mostly 80 & 20)
8.	Ammonium Azide
9.	Ammonium Nitrate
10.	Ammonoium Perchlorate
11.	Ammonium Picrate
12.	ANFO
B	
13.	Baranol
14.	Baratol
15.	Barium Chlorate
16.	Barium perchlorate
17.	BEAF [1,2-bis(2,2-difluora-2-nitroacetoxyethane)]
18.	Black powder
19.	Blasting caps
20.	BTNEN [bis (trinitroethyl) nitramine]
21.	BTTN [1,2,4 butanetriol trinitrate)
22.	Bulk salutes
23.	Butanetriol Trinitrate
24.	Butyl tetryl
C	
25.	Carbamite (Centradte I)
26.	Carbene
27.	Centralit I (Diethyldiphenyl urea

28.	Centralit II (Diethyldiphenyl urea)
29.	Composition A (mix. of Hexogen & wax in various composition)
30.	Composition B (Hextol, Hexolite; composition of RDX & TNT)
31.	Copper acetylide
32.	Cordite (mix. of Nitroglycerine & NC for gun propellant)
33.	Cyanuric Triazide
34.	Cyclonite [RDX]
35.	Cyclotetramethylenetetranitramine [HMX]
36.	Cyclotol (mix. of RDX & TNT in compositions 50:50 & 70:30 - composition B)
37.	Cyclotrimethylene Trinitrosamine
D	
38.	DBX (mix. of Hexogen, ammonium nitrate, TNT & Al. Powder in 21:21:40:18)
39.	Detonating Cords
40.	Detonators
41.	Diaminephthalate
42.	Diaminotrinitrobenzene (DATB)
43.	Diazodinitrophenol (DDNP)
44.	Dibutylphthalate
45.	Diehyleneglycol Dinitrate (DEGDN)
46.	Diglycerol Tetra Nitrate (Tetranitrodieglyceren)
47.	Dinitrodiephenylamine
48.	Dinitroethyleneura
49.	Dinitroglycerine [glycerol dinitrate]
50.	Dinitronaphthalene
51.	Dinitroorthocresol
52.	Dinitrophenol
53.	Dinitrophenolates
54.	Dinitrophenyl hydrazine
55.	Dinitroresorcinol
56.	Dinitropentano nitrile (DNPD)
57.	Dinitrophenoxiethylnitrate
58.	Dinitrophenylhydrazine
59.	Dinitrsobenzene
60.	Dinitrotoluene (DNT)

61.	Dioxyethylnitramine Dinitrate (Dina)
62.	Dipentaerythrol Hexanitrate
63.	Diphenylamine
64.	Diphenyleurathene
65.	Dipicramide
66.	Dipicrylamine
67.	Dynamite
<u>E</u>	
68.	Ednatol
69.	Erythrol Tetra nitrate
70.	Ethanolamine Dinitrate
71.	Ethriol Trinitrate
72.	Ethylene Diamine Dinitrate (EDDN)
73.	Ethylenedinitramine (EDNA)
74.	Ethy4, 4-dinitropentanoate (EDNP)
75.	Ethylene glycol dinitrate (EGDN)
76.	Ethylphenolurethane
77.	Ethylpierate (2,4,6 - Trinitrophenetol)
78.	Ethyltreyl (2, 4, 6-trinitrophenylethylnitramine)
<u>F</u>	
79.	Fulminate of mercrury
80.	Fulminate of silver
81.	Fulminate of gold
82.	Fulminate of mercury
83.	Fulminate of platinum
84.	Fulminating silver
<u>G</u>	
85.	Gelatins
86.	Gelatinized nitrocellulose
87.	Glycerol Acetate Dinitrate
88.	Glycerol Dinitrate
89.	Graphite
90.	Guanidine Nitrate
91.	Guanidine Per chlorate

92.	Guanidine Picrate
93.	Gun Cotton
94.	Gun Powder
H	
95.	HBX (mixture of TNT, Hexogen & AL Powder)
96.	Hexamethylenetetramine, Dinitrate
97.	Hexamethylenetriperoxidediamine
98.	Hexanite
99.	Hexanitrozaobenzene
100.	2, 4, 6, 2', 4', 6' - Hexanitrodiphenyl
101.	2, 4, 6, 2', 4', 6' - Hexanitrodiphenylamine
102.	2, 4, 6, 2', 4', 6' - Hexanitrodiphenyloxide
103.	2, 4, 6, 2', 4', 6' - Hexanitrodiphenylsulphide
104.	Hexanitroethane
105.	Hexanitrostilbene
106.	Hexogen (Cyclo.1,3,5- trimethylene 2,4, 6- trinitramine; RDX)
107.	Hexolites
108.	Homocyclonite (HMX; name for Octogene)
109.	Hydrazine Nitrate
110.	Hydrazine Per chlorate
111.	Hydrazoic acid
L	
112.	Lead Acetylsalicylate
113.	Lead azide
114.	Lead Ethylhexoate
115.	Lead mannite
116.	Lead mononitroresorcinate
117.	Lead picrate
118.	Lead styphnate
M	
119.	Mannitol hex nitrate
120.	Mercury Fulminate
121.	Mercury tartrate
122.	Metadinitrobenzene

123.	Methyl 4,4-dinitropentanoate (MDNP)
124.	Methyl Nitrate
125.	Methylphenylurethane
126.	Metirl Trinitrate
127.	Minol-2[40% TNT, 40% ammonium nitrate, 20% aluminum)
128.	Monoethanolamine nitrate (MEAN)
N	
129.	Nitrocellulose
130.	Nitrogen trichloride
131.	Nitroglycerine
132.	Nitroglycide
133.	Nitro glycol (ethylene glycol dinitrate)
134.	Nitrogunadine (Picrite)
135.	Nitrolsobutylglycerol Trinitrate)
136.	Nitro methane
137.	Nitro paraffin
138.	Nitro starch
139.	Nitro urea
140.	Nonel
O	
141.	Octogen (HMX)
142.	Octol (mix.of HMX & TNT in 77:23)
P	
143.	PBX (Plastic Bonded Explosive)
144.	Pentaerythrol Trinitrate
145.	PETN (pentaerythrol tetra nitrate)
146.	Pentolite
147.	Picramic Acid
148.	Picramide
149.	Picratol
150.	Picric Acid
151.	Picrite (nitro guanidine)
152.	PLX (95% intro methane, 5% ethylenediamine)
153.	Polypropylene glycol

154.	Potassium dinitrobenzofurozane
155.	Potassion Chlorate
156.	Potassium nitroaminotetrazole
157.	Potassium per chlorate
158.	Potassium Nitrate
159.	Pyrotechnic compositions
160.	PYX [2,6- bis(picrylamino)] 3,5- dinitropyridine
R	
161.	RDX (cyclonite, hexogen, T4)
S	
162.	Safety Fuses
163.	Silver acetylide
164.	Silver azide
165.	Silver Fulminate
166.	Silver Styphnate
167.	Silver tetrazene
168.	Sulrried explosive mixtures
169.	Smokeless powder
170.	Sodatol
171.	Sodium amatol
172.	Sodium azide
173.	Sodium Nitrate
174.	Sodium picramate
175.	Styphnic Acid
176.	Sulfur
T	
177.	Tacot (Tetranitrodibenzo-1, 3a, 4, 6a-tetraza-pentalene)
178.	Tetramethylammonium Nitrate
179.	2,3, 4, 6- Tetranitroaniline (TNA)
180.	Tetranitrocarbazole
181.	Tetranitromethane
182.	Tetraintrophthalene
183.	Tetrazene (Tetracene, Tetrazine, 1 (5-tetrazolyl)-4- guanyl trtrazene hydrate)
184.	Tetryl

185.	Tetrytol
186.	Torpex
187.	Triaminoguanidine Nitrate
188.	Triaminitrinitrobenzene (TATB)
189.	Tricycloacetone Peroxide
190.	Triethyleneglycol Dinitrate
191.	Trimethylamine Nitrate
192.	Trimetholollethane Trinitrate (TMETN)
193.	Trimonite
194.	Trinitroaniline (Picramide)
195.	Trinitroanisol (methylpicrate)
196.	1,3,5- Trinitrobenzene
197.	Trinitrochlorobenzene (Pidrylchloride)
198.	Trinitrobenzoic Acid
199.	2,4,6- Trinitrocresol
200.	Trinitro-meta-cresol
201.	Trinitromethane
202.	Trinitronapthalene
203.	Trinitrophenetol
204.	Trinitrophenoxethylnitrate
205.	Trinitrophlorogulcinol
206.	Trinitroresorcinol
207.	2,4,6- trinitrotoluene (TNT)
208.	Trinitroxylene
209.	Tritonal
U	
210	Urea Nitrate

नोटः

(१) माथिको विवरणमा उल्लिखित Explosives and Chemicals पूर्ण रूपमा नभएर साधारण (Generalised) रूपमा प्रस्तुत गरिएको छ ।

(२) उल्लिखित Explosives and Chemicals अन्य Trade Name हरूबाट समेत हुन सक्नेछ ।

देहायका सूचनाहरू खारेज गरिएका छन्ः

(क) खण्ड ४२, संख्या ३३, मिति २०४९।८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना १ र ३ ,

(ख) खण्ड ४३, संख्या ३३ मिति २०५०।८।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ग) खण्ड ४४, संख्या १७, मिति २०५१।४।२४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(घ) खण्ड ४४, संख्या १९, मिति २०५१।५।६ को को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना १, २,३,

(ङ) खण्ड ४५, संख्या ४६, मिति २०५२।११।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(च) खण्ड ४६, संख्या १०, मिति २०५३।३।३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(छ) खण्ड ४६, अतिरिक्ताङ्क १७ (अ+१), मिति २०५३।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ज) खण्ड ४७, संख्या १८, मिति २०५४।४।२७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

झ) खण्ड ४८, अतिरिक्ताङ्क (२२ क+१), मिति २०५५।३।८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ञ) खण्ड ४८, संख्या १२, मिति२०५५।३।२२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ट) खण्ड ४८, अतिरिक्ताङ्क २५(ख), मिति २०५५।३।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ठ) खण्ड ४८, संख्या २०, मिति २०५५।५।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना १,

(ड) खण्ड ४८, संख्या २४, मिति २०५५।६।१२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ढ) खण्ड ४८, संख्या २५, मिति २०५५।६।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(ण) खण्ड ४९, संख्या ४, मिति २०५६।१।२७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना,

(त) खण्ड ५०, संख्या २८, मिति २०५७।७।१४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना १ र २,

(थ) खण्ड ३०, संख्या ३९, मिति २०५७।१०।२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(द) खण्ड ५२, संख्या १९, मिति २०५९।५।३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ध) खण्ड ५२, संख्या ३५, मिति २०५९।९।१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(न) खण्ड ५३, संख्या २६, मिति २०६०।६।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(प) खण्ड ५३, संख्या ३०, मिति २०६०।७।२४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना. १ र २,

(फ) खण्ड ५३, संख्या ५०, मिति २०६०।१२।१६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ब) खण्ड ५५, अतिरिक्ताङ्क ७२(ग), मिति २०६२।११।४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(भ) खण्ड ५८, अतिरिक्ताङ्क २, मिति २०६५।१।१८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(म) खण्ड ५९, अतिरिक्ताङ्क १८, मिति २०६६।४।१६ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित यस मन्त्रालयको सूचना ।

सूचना २

नेपाल सरकारले निकासी पैठारी नियमहरू २०३४ को नियम ८ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी देहायका मालवस्तुहरू पैठारी गर्दा लाग्ने पैठारी इजाजत दस्तुर र सोही नियमहरूको नियम ९ को उपनियम (३) ले दिएको अधिकार प्रयोग गरी पैठारी इजाजतपत्रमा उल्लिखित कुनै व्यहोरा संशोधन गर्दा लाग्ने दस्तुर देहायबमोजिम तोकेको छः-

१. पैठारी इजाजतपत्र लिएर मात्र पैठारी गर्न पाइने मालवस्तुहरूको हकमा पैठारी इजाजतपत्र जारी गर्दा कुनै पनि निकायको सिफारिस आवश्यक नपर्ने भएमा रू.५०००।- (पाँच हजार) इजाजत दस्तुर लाग्नेछ । इजाजतपत्र लिन नपर्ने भएतापनि मालवस्तुहरू पैठारी गर्न वाणिज्य विभागबाट सिफारिस वा स्वीकृति लिंदा समेत सोही वमोजिमको दस्तुर लाग्नेछ ।

२. एक वा एकभन्दा बढी निकायको सिफारिस आवश्यक पर्ने मालवस्तुको लागि पैठारी इजाजतपत्र जारी गर्दा रू.१०,०००।- (दश हजार) इजाजत दस्तुर लाग्नेछ । इजाजतपत्र लिन नपर्ने भएतापनि एक वा एकभन्दा बढी निकायको सिफारिसमा वाणिज्य विभागबाट सिफारिस वा स्वीकृति लिंदा समेत सोही वमोजिमको दस्तुर लाग्नेछ ।

३. माथि प्रकरण १ र २ मा जुनसुकै कुरा लेखिएको भएतापनि पैठारी भएको मालवस्तुबाट उत्पादित तयारी सामान निकासी हुनेको हकमा त्यस्ता तयारी मलवस्तुको किसिम, परिमाण र समयावधि समेत तोकी यस मन्त्रालयले यस्तो दस्तुरमा छुट दिन सक्नेछ ।

४. माथि प्रकरण १, २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि रू.२०,०००।- (विस हजार) सम्मको पैठारीमा पैठारी इजाजतपत्र दस्तुर लाग्नेछैन ।

५. माथि प्रकरण १,२, ३ र ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि व्यक्तिगत प्रयोजनको लागि पैठारी हुने मालवस्तुको हकमा देहाय बमोजिम दस्तुर लाग्नेछः

(क) विदेशी नागरिकले पैठारी गरेको वा विदेशमा कार्यरत रहेको नेपाली नागरिकले निजले आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको चालिस प्रतिशतसम्मको पैठारीमा रू.२०,०००।- (बीस हजार) भन्दा बढी मुल्यमा रू.५,०००।- (पाँच हजार) पैठारी इजाजत दस्तुर लाग्नेछ ।

(ख) माथि खण्ड (क) को प्रयोजनको लागि वर्षमा एकपटक मात्र पैठारी गर्न सकिने गरी व्यक्तिगत प्रयोजनको निमित्त देहायबमोजिमका मालवस्तुहरू तोकिएका छन्:-

१. रू.२०,०००।- (बीस हजार) सम्मको मोटर वा मोटरसाइकलको पार्टस,

२. क्यामेरा (मुभी, डिजिटल तथा भिडियो क्यामेरा समेत) एक थान,

३. प्रोजेक्टर एक थान,

४. सिलाई बुनाइ मेशिन एक थान,

५. भिडियो डेक, म्युजिक सिष्टम तथा अन्य मनोरन्जनात्मक श्रव्यदृष्य सामग्री र त्यसको एसेसोरिज एक एक थान,

६. कम्प्यूटर (प्रिन्टर, मनिटर, किवोर्ड तथा ल्यापटप समेत) एक एक थान,

७. साइकल एक थान,

८. वाइनाकुल एक थान,

९. टापराईटर एक थान,

१०. म्यूजिकल सामग्री एक थान,

११. फिसिङ रड एक थान,

१२. लाइफ ज्याकेट एक थान,

१३. सेफ्टी क्याप एक थान,

१४. रबर वोट एक थान,

१५. वन्दुक र गोलीहरू (गृह मन्त्रालयबाट सिफारिस भएको संख्या अनुसार इजाजतपत्र लिनुपर्ने),

१६. फ्याक्स मेशिन, टेलिफोन, मोवाइल सेट एक एक थान,

१७. यु.एस.डलर ५०० सम्मका घरायसी प्रयोजनका सामग्रीहरू,

१८. यु.एस.डलर ५०० सम्मका पुस्तक तथा इलेक्ट्रोनिक पाठ्यसामग्री,

१९. उपर्युक्त सामानहरूका अतिरिक्त झिटी गुण्टा भारी आदेशमा उल्लिखित वस्तु पैठारी गर्न पाइनेछ ।

६. माथि प्रकरण ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले व्यक्तिगत प्रयोजनको निमित्त सोही प्रकरणो खण्ड (क) वमोजिम विदेशमा कार्यरत नेपाली नागरिकले आर्जन गरेको परिवर्त्य विदेशी मुद्राको चालिस प्रतिशतभन्दा बढीमूल्यको मालवस्तु पैठारी गर्दा वा सोही प्रकरणको खण्ड (ख) मा उल्लेख भएभन्दा बढी मालवस्तु पैठारी गर्दा त्यसरी बढी पैठारी गर्न लागिएको मालवस्तुको मूल्य वरावरको शतप्रतिशत इजाजत दस्तुर लाग्नेछ ।

७. व्यक्तिगत प्रयोजनका निमित्त मालवस्तु पैठारी गर्ने व्यक्तिले निज विदेशबाट फर्केको ६ महिनाभित्र निवेदन दिई इजाजतपत्र लिइसक्नु पर्नेछ ।

८. यस मन्त्रालयबाट निकासी पैठारी सम्बन्धमा जारी भएका सूचनाहरूमा अन्यथा उल्लेख भएकोमा वाहेक इजाजतपत्र, प्रतीतपत्र वा स्वीकृत बैकिङ्ग प्रणाली अनुसार परिवर्त्य विदेशी मुद्रा भुक्तानीको आधारमा पैठारी हुनुपर्नेमा विना इजाजतपत्र वा प्रतीतपत्र वेगर वा परिवर्त्य विदेशी मुद्रा भुक्तानी वेगर पैठारी भएका मालवस्तुको लागि मालवस्तुको मूल्य वरावर इजाजत दस्तुर लाग्नेछ ।

९. पैठारी इजाजतपत्रमा उल्लिखित कुनै व्यहोरा संशोधन गर्दा रू.१,०००।- (एक हजार) दस्तुर लाग्नेछ ।

देहायका सूचनाहरू खारेज गरिएका छन्:-

(क) खण्ड ४२, संख्या ३३, मिति २०४९,८।१५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना २,

(ख) खण्ड ५१, अतिरिक्ताङ्क ५७, मिति २०५८।९।६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना,

(ग) खण्ड ५७, अतिरिक्ताङ्क ४०, मिति २०६४।१०।७ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित तत्कालिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना ।

आज्ञाले,
पुरूषोत्तम ओझा
नेपाल सरकारको सचिव

२१.५ निजी गुण्टा भिटी भारी सम्बन्धी अर्थ मन्त्रालयको २०६५।७।१ को सूचना

नेपाल सरकार
अर्थ मन्त्रालयको
निजी गुण्टा, भिटी भारी सम्बन्धी सूचना

नेपाल सरकारले भन्सार ऐन, २०६४ को दफा ९ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कुनै यात्रुले आफ्नो निजी गुण्टा, भिटी भारीमा आफूसँग ल्याएको वा लगेको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको वा पठाएको (अनएकम्पनिड) माल सामानमा लाग्ने भन्सार महसुल सम्बन्धमा मिति २०६५ साल कार्तिक १ गतेदेखि लागू हुने गरी देहाय बमोजिमको "निजी गुण्टा, भिटी भारी" सम्बन्धी यो सूचना प्रकाशित गरेको छ । कुनै यात्रुले भन्सारमा घोषणा नगरी कुनै सामान लुकाई छिपाई ल्याएमा वा ल्याउने लैजाने प्रयत्न गरेमा त्यस्ता सामान जफत गरी प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

परिच्छेद-१
नेपाली यात्रुका लागि

१. **बिदेशबाट फर्केका नेपाली यात्रुका सम्बन्धमा**: (१) नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई नेपाल फर्कदा व्यक्तिगत प्रयोगका देहायमा उल्लिखित सबै वा कुनै मालसामान ल्याउँदा भन्सार महसुल पूर्ण छुट हुनेछः

(क) लुगाफाटा, बरबिछ्यौना, घर गृहस्थीका पुराना सामानहरू,

(ख) औषधी उपचार गराई फर्केका विरामीले ल्याएका औषधीहरू,

(ग) शारीरिक अशक्त यात्रुले सहाराको रूपमा प्रयोग गरेका सामान,

(घ) सुन तथा सुनको गहना पचास ग्रामसम्म, चाँदी तथा चाँदीको गहना पाँचसय ग्रामसम्म र तीस हजार रूपैयाँ मूल्यसम्मको जवाहरात जडित साथमा ल्याएको गहना गुरिया,

(ङ) घडी, स्टिल क्यामरा, भिडियो क्यामरा, सेलुलर मोवाइल फोन, पेन ड्राइभ एक एक थान,

(च) बच्चा राख्ने पेराम्बुलेटर र ट्राइसाइकल एक एक थान,

(छ) पेशागत यात्रुले प्रयोग गरी ल्याएको सामान्य प्रकारका सामानहरू एक एक थान (जस्तैः डाक्टरका लागि ब्लड प्रेसर नाप्ने सामान्य यन्त्र, स्टेथेस्कोप, खेलाडीको खेलकुद सम्बन्धी सामान जस्तै फुटबल, भलिबल, बैडमिन्टन सेट, गवैयाको सामान्य बाजा जस्तै- गितार हार्मोनियम, तबला, जस्ता सामानहरू) ।

(ज) चार किलोग्रामसम्म खाद्य परिकार ।

(झ) मदिरा १.१५ लिटरसम्मको बोतल एक ।

तर यात्रुले ल्याउन पाउने आफ्नो निजी व्यवहारका खण्ड (झ) मा उल्लिखित सामान बाहेक यस उपदफामा उल्लिखित अन्य सामानहरू कुनै यात्रुले माथि लेखिएभन्दा बढी संख्या वा परिमाणमा ल्याएमा त्यस्ता यात्रुको अवस्था, परिवार संख्या, बसेको मुलुक र समयावधि समेतलाई ध्यानमा राखी भन्सार कार्यालयका प्रमुखले औचित्य हेरी स्वीकृति दिन सक्नेछ । खण्ड (झ) मा उल्लिखित मदिरा तोकिएभन्दा वढी परिमाणमा ल्याएमा वढी परिमाण जति जफत हुनेछ ।

(२) नेपालमा स्थायी बसोबास गर्ने नेपाली नागरिक विदेशमा गई नेपाल फर्कदा व्यक्तिगत प्रयोजनका देहायमा उल्लिखित सबै वा कुनै मालसामान प्रचलित आर्थिक ऐन बमोजिम समदरमा लाग्ने महसुल तिरी ल्याउन पाउने छन् । यस्ता मालसामान आफू आउनु अघि वा पछि चलान गरेको भएमा आफू नेपाल प्रवेश गरेको मितिले तीन महिनाभित्र भन्सार गोदाममा दाखिल भैसकेको हुनु पर्नेछ ।

(क) टेलिभिजन, म्यूजिक सिष्टम, रेफ्रिजरेटर, वासिङ्ग मेशिन, पंखा, रेडियो, सि.डि. प्लेयर, भि.सि.डि. प्लेयर, डि.भि.डी. प्लेयर, भिडियो क्यामरा र कम्प्युटर एक एक सेट ।

(ख) शरीरमा लगाउने लुगाफाटा, जुत्ता, कष्मेटिक्स आदि बढीमा पन्ध्र थान ।

(ग) घरायसी प्रयोगका सामान्य किसिमका उपकरण (मिक्सर, जुसर, सिलाइ मेशिन, ग्यासटेबुल, इस्त्री, राइस कुकर जस्ता) दुई/दुई थान ।

(घ) दश किलोग्राम सम्म खाद्य परिकार ।

(ङ) व्यवसायिक पेशामा लागेका (डाक्टर, इन्जिनियर जस्ता) यात्रुको दक्षता वृद्धिको लागि आवश्यक पर्ने सामान दुई/दुई थान ।

(च) खण्ड (क) देखि (ङ) सम्मका सामान बाहेक नितान्त घर व्यवहारमा आवश्यक पर्ने सामान बढीमा दुई दुई थान ।

तर यात्रुले ल्याउन पाउने आफ्नो निजी व्यवहारका यस उपदफामा उल्लिखित सामानहरू कुनै यात्रुले माथि लेखिएभन्दा बढी संख्या वा परिमाणमा ल्याएमा त्यस्ता यात्रुको अवस्था, परिवार संख्या, बसेको मुलुक र समयावधि समेतलाई ध्यानमा राखी भन्सार कार्यालयका प्रमुखले औचित्य हेरी लाग्ने समदरको महसुल लिई जाँचपास गर्ने स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा छ महिनाभन्दा बढी अवधि बिताई फर्केका यात्रुले आफू पुगेको ठाउँबाट उपदफा (२) बमोजिमका सामान आफूसाथ ल्याएमा वा आफू आउनुभन्दा अघि वा पछि पठाएमा निम्न बमोजिमको मूल्यसम्ममा लाग्ने भन्सार महसुल पूर्ण रूपमा छुट दिइनेछ र त्यस्तो मालसामानको प्रज्ञापनपत्र नभराई छुट्टै अभिलेख राखी जाँचपास गर्न सकिनेछ । छुट सीमाभन्दा बढी मूल्यको सामान भएमा बढी मूल्यमा प्रचलित आर्थिक ऐन बमोजिम समदरमा भन्सार महसुल लाग्नेछ ।

(क) छ महिनाभन्दा बढी एक वर्षसम्म विदेशमा बसी फर्केमा पाँच हजार रूपैयाँसम्म,

(ख) एक वर्षभन्दा बढी जतिसुकै अवधि विदेशमा बसी फर्केमा दश हजार रूपैयाँसम्म,

(४) सोह्र वर्षभन्दा कम उमेरका यात्रुले उपदफा (३) बमोजिमको छुट सीमाको पचास प्रतिशत मात्र सुविधा पाउनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुरामा देहाय वमोजिम हुनेछः

(क) भारत तथा चीनको स्वशासित क्षेत्र तिव्बत वाहेक अन्य विदेशी मुलुकमा छ महिनाभन्दा बढी अवधि व्यतित गरी फर्केका नेपाली यात्रुले आफ्नो साथमा ल्याएको एक सेट कम्प्युटरमा भन्सार महसुल छुट हुनेछ ।

(ख) विदेशमा बसेका नेपाली यात्रुहरूले आफूले प्रयोग गरेका लत्ता कपडाहरू हुलाक पुलिन्दाबाट पठाउँदा त्यस्तो लत्ता कपडामा भन्सार महसुल छुट हुनेछ ।

(ग) विदेशमा बसेका व्यक्तिले नेपालस्थित आफन्त वा परिवारका सदस्यलाई उपदफा (२) बमोजिमका सामानमध्ये अमेरिकी डलर दुईसय पचाससम्मको सामान पठाएमा प्रमाण हेरी लाग्ने समदरमा भन्सार महसुल लगाई जाँचपास गर्न सकिनेछ ।

(घ) विदेशमा छ महिना वा सोभन्दा बढी समय बसी फर्किने नेपाली यात्रुलाई तीनसय पचास ग्रामसम्म सुन र एक किलोग्रामसम्म चाँदी (गरगहना समेत) लाग्ने महसुल लिई साथमा ल्याउन दिइनेछ ।

(ङ) चुरोट दुइसय खिल्लीसम्म वा सिगार पचास खिल्लीसम्म दरवन्दी बमोजिम लाग्ने महसुल लिई पैठारी गर्न दिइनेछ । यसमा तोकिएको परिमाणभन्दा वढी चुरोट वा सिगार ल्याएमा त्यस्तो बढी परिमाणमा लाग्ने भन्सार महसुलमा शतप्रतिशत थप भन्सार महसुल समेत असुल गरी जाँचपास गर्न सकिनेछ ।

(च) कुनै नेपाली नागरिकको विदेशको बसाईमा मृत्यु भएको भन्ने प्रमाणित भएमा निज र निजको परिवारको निजी प्रयोगका पुराना सबै किसिमका सामानहरू (सवारी साधन बाहेक) स्वदेशमा फिर्ता ल्याउँदा सम्पूर्ण महसुल छुट हुनेछ ।

(छ) भारतीय सेना वा प्रहरीबाट सेवानिवृत्त भई निवृत्तभरण पाउने गरी स्वदेश फर्कंदा निवृत्त भएको कागजात पेश गरेमा एक पटकको लागि तीस हजार रूपैंयासम्मको निजी प्रयोगका घरायसी सामानहरू (सवारी साधन, हात हतियार, खरखजाना एवं अन्य प्रतिवन्धित सामानहरू बाहेक) ल्याएमा सम्पूर्ण महसुल छुट हुनेछ ।

(ज) सेमिनार, अध्ययन, अनुसन्धान तथा शोधकार्यको लागि विदेश ओहोरदोहोर गर्ने नेपाली नागरिकले आफ्नो साथमा ल्याउने लैजाने एक थान कम्प्यूटर आवश्यक प्रमाण हेरी कुनै महसुल नलिई ल्याउन लैजान दिइनेछ ।

(झ) वाणिज्य मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यक्तिगत प्रयोजनको लागि पैठारी गर्न पाउने भनी तोकेको तर यस सूचनामा उल्लेख नभएका मालसामानहरू कुनै यात्रुले पैठारी गरेमा लाग्ने महसुल

लिई त्यस्तो सामान जाँचपास गरिनेछ । तर त्यस्तो सामानका हकमा दफा १ को उपदफा (३) बमोजिम मूल्य छुट सुविधा दिइने छैन ।

(ञ) विदेशबाट फर्केका यात्रुले ल्याएको सामान अन्य व्यक्तिको नाममा जम्मा गर्न वा नामसारी गरी छुटाउन पाइने छैन ।

(ट) यो सूचनामा भएको व्यवस्थाका सम्बन्धमा कुनै द्विविधा परेमा भन्सार विभागका महानिर्देशकको निर्णय अन्तिम हुनेछ ।

२. **क्रु मेम्बरका सम्बन्धमा:** उडानमा गएका वायु सेवाका क्रु मेम्बरले आफ्नो प्रयोगमा ल्याएका निजी सामान बाहेक **कुनै पनि** सामान ल्याउन पाउने छैन । ल्याएमा जफत हुनेछ ।

३. **बिदेश जाने नेपाली यात्रुका सम्बन्धमा:** (१) यात्रुले विदेश जाँदा आफ्नो प्रयोगका लागि दफा १ को उपदफा (१) बमोजिमका सामानमध्ये सबै वा कुनै सामान लैजान पाउनेछ । यस्तो सामानमा भन्सार महसुल छुट हुनेछ ।

(२) नेपाली नागरिक विदेश जाँदा सौगातको रूपमा नेपालमा उत्पादन भएका पच्चीस हजार रूपैंया मूल्यसम्मका मालसामान (मनाही वा नियन्त्रित मालसामान बाहेक) कुनै महसुल नलगाई लैजान दिइनेछ ।

तर मूल्य अभिवृद्धि कर लाग्ने सामानमा कर बीजक तथा मूल्य अभिवृद्धि कर नलाग्ने सामानमा स्थायी लेखा नम्बर भएको बीजक पेश गरेमा यस उपदफा वमोजिमको मूल्यको सीमा वन्देज लागू हुने छैन ।

(३) एयरलाइन्सले यात्रुलाई साथै लैजान दिने तौलसम्मको नेपाली बजारमा खरिद गरिएका सामानहरू (मनाही वा नियन्त्रित सामान बाहेक) लैजान चाहेमा तोकिएको कागजातहरू पेश गरी तोकिए बमोजिमको शुल्क र महसुल तिरी लैजान पाउनेछ । यसरी सामान लैजाँदा अग्रिम भुक्तानीको प्रमाण वा प्रतीतपत्र आवश्यक पर्ने छैन ।

४. **सिमानामा ओहोरदोहोर गर्ने व्यक्तिका लागि:** सिमानामा ओहोरदोहोर गर्ने व्यक्तिहरूलाई यस सूचनामा उल्लेख भएका कुनै पनि सुविधाहरू दिइने छैन ।

तर एकसय रूपैयाँ मूल्यसम्मका निजी प्रयोगका मालसामान साथै ल्याए वा लगेमा भन्सार प्रमुखले औचित्य हेरी महसुल नलिइ छाड्न सक्नेछ ।

परिच्छेद-२
विदेशी यात्रुका लागि

५. अन्तर्राष्ट्रिय हवाई उडानबाट आउने जाने विदेशी यात्रुहरूको लागि: (१) अन्तर्राष्ट्रिय हवाई उडानबाट आउने जाने विदेशी यात्रुहरूले पछि फिर्ता ल्याउने वा लैजाने शर्तमा निजी प्रयोगका चलनचल्तीमा ल्याएका देहायका पुराना सामान ल्याउंदा वा लैजांदा महसुल छुट हुनेछः

(क) बाइनाकुलर (दूरविन) गोटा एक ।

(ख) भिडियो क्यामरा गोटा एक, स्टिल क्यामरा गोटा एक ।

(ग) पोर्टेबुल म्युजिक सिष्टम एक सेट र सोमा प्रयोग हुने सी.डी., टेप जस्ता रेकर्डेड मिडियाहरू दश थान ।

(घ) लुगाफाटाहरू, बरबिछ्यौना, कसन तसन, घर गृहस्थीका पुराना सामानहरू ।

(ङ) पेराम्बुलेटर गोटा एक, ट्राइसाइकल एक ।

(च) साइकल एक ।

(छ) घडी एक ।

(ज) सेलुलर मोवाइल फोन एक ।

(झ) निम्न बमोजिमका पेशाकर्मीले आफूले चलनचल्तीमा ल्याएका निम्न बमोजिमका उपकरणहरू:

(१) कर्मीले काम गर्नको निमित्त ल्याएको ज्यावल बढीमा एक सेट ।

(२) डाक्टर वा वैद्यले काम गर्नको निमित्त ल्याएको सामान्य किसिमको यन्त्र, औजारहरू र औषधीहरू तथा सम्बन्धित विशेषज्ञले प्रयोग गर्ने आवश्यकीय सामानहरू ।

(३) गवैयाको गाना बजानाको यन्त्र एवं गाना बजाना सम्बन्धी आवश्यक सामान ।

(४) खेलाडीको खेलको सामान ।

(५) माछा मार्ने रड ।

(२) उपदफा (१) मा उल्लिखित मालसामान बाहेक विदेशी पर्यटकले ल्याउने लैजाने सामानहरू भन्सार प्रमुखले औचित्य हेरी बिना महसुल वा कानून बमोजिम लाग्ने महसुल लिई ल्याउन लैजान दिन सक्नेछ।

(३) पासपोर्ट लिई आउने जाने विदेशी यात्रुहरूले ल्याउने देहायको मालसामानमा भन्सार महसुल लाग्ने छैनः

(क) मदिरा १.१५ लिटरसम्मको बोतल एक वा वियर बाह्र क्यानसम्म।

(ख) चुरोट दुइसय खिल्ली, सिगार पचास खिल्ली, टोबाको दुइसय पचास ग्रामसम्म।

(ग) स्टिल क्यामराको फिल्म पन्ध्र गोटा र मुभी क्यामराको फिल्म बाह्र गोटासम्म।

(घ) एक हजार रूपैंयाँ मूल्यसम्मका औषधी (नेपालमा पैठारी मनाही भएका औषधीहरू बाहेक)।

(ङ) एक हजार रूपैंयाँ मूल्यसम्मका खानेकुराहरू (टिन प्याक समेत)।

(च) एक हजार रूपैंयाँ मूल्यसम्मका ताजा फलफूल।

(४) विदेशी यात्रुले नेपालबाट लैजान सक्ने सौगातको हकमा निजले नेपालमा विदेशी मुद्रा सटही सम्बन्धी कारोवार गर्ने बैंक वा त्यस्तो विदेशी मुद्रा सटही गर्न तोकिएको अधिकृत डिलरसँग विदेशी मुद्रा सटही गरेको प्रमाणित हदसम्म नेपाली बजारमा खरिद गरिएका मालसामान बिना इजाजत पत्र (निकासीमा बन्देज लागेको बाहेक) लैजान वा पठाउन सक्नेछ।

(५) विदेशी यात्रुले उपदफा (४) मा तोकिएका मालसामानका अतिरिक्त नेपालमा उत्पादन भएका वा नेपाली बजारमा खरिद गरिएका मूल्य पच्चीस हजार रूपैयाँसम्मका मालसामानहरू (निकासीमा वन्देज लगाएका वाहेक) आफूसाथ लैजान वा पठाउन सक्नेछ।

तर मूल्य अभिवृद्धि कर लाग्ने सामानमा कर बीजक तथा मूल्य अभिवृद्धि कर नलाग्ने सामानमा स्थायी लेखा नम्बर भएको बीजक पेश गरेमा यस उपदफा वमोजिमको मूल्यको सीमा बन्देज लागू हुने छैन।

६. **खारेजी**: नेपाल राजपत्र भाग ३, खण्ड ५५, अतिरिक्ताङ्क २५(ख), मिति २०६२ साल साउन १ गते प्रकाशित यस मन्त्रालयको सूचना, नेपाल राजपत्र भाग ३, खण्ड ५५, अतिरिक्ताङ्क ६५, मिति २०६२ माघ १ गते प्रकाशित यस मन्त्रालयको सूचना ३ र नेपाल राजपत्र भाग ५, खण्ड ५८, संख्या १८ मिति २०६५ साल साउन २७ गते प्रकाशित यस मन्त्रालयको सूचना २ खारेज गरिएको छ।